# आधुनिक नेपाली उपन्यासमा मधेसी प्रतिनिधित्व

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत डिनको कार्यालयबाट नेपाली विषयमा

विद्यावारिधि उपाधिका लागि

प्रस्तुत

## शोधप्रबन्ध


**शोधकर्ता**

चतुर्भुजलाल दास केवरत

विद्यावारिधि दर्ता नं. २३४/२०७६

त्रि.वि. दर्ता नं. ४७६०७-८८

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर,

काठमाडौँ



२०८२/सन् २०२६

## शोधप्रबन्ध समितिको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधि हासिल गर्ने प्रयोजनका लागि श्री चतुर्भुजलाल दास केवरतले *आधुनिक नेपाली उपन्यासमा मधेसी प्रतिनिधित्व* शीर्षकको प्रस्तुत शोधप्रबन्ध हाम्रा सुपरिवेक्षणमा तयार पार्नु भएको हो । प्रस्तुत शोधप्रबन्धमा आन्तरिक मूल्याङ्कनकर्ता विषयविशेषज्ञहरूबाट लिखित रूपमा प्राप्त भएका सुझावहरूको परिमार्जन तथा पूर्वमौखिक परीक्षामा उठाइएका प्रश्नहरूलाई समायोजन गरिएको छ । यसका साथै प्रस्तुत शोधप्रबन्धमा बाह्य मूल्याङ्कनकर्ता विषयविशेषज्ञहरूबाट लिखित रूपमा प्राप्त सुझावहरूलाई समेत समावेश गरी परिमार्जन गरिएकाले उहाँको यो शोध सन्तोषजनक रहेको छ । अतः हामी यसको आवश्यक मूल्याङ्कनप्रक्रिया अगाडि बढाउनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीन कार्यालयसमक्ष सिफारिस गर्दछौँ ।

**शोधप्रबन्ध समिति**

...............................

सहप्रा.डा. रजनी ढकाल

**शोधनिर्देशक**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ

............................

प्रा.डा. जगदीश चन्द्र भण्डारी

**सहशोधनिर्देशक**

पाटन संयुक्त क्याम्पस

त्रिभुवन विश्वविद्यालय,

कीर्तिपुर, काठमाडौँ

**मिति** : २०८२ चैत्र २२ गते

**प्रतिबद्धतापत्र**

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत, डिनको कार्यालयबाट विद्यावारिधि उपाधिका निमित्त तयार पारिएको प्रस्तुत *आधुनिक नेपाली उपन्यासमा मधेसी प्रतिनिधित्व* शीर्षकको यो शोधप्रबन्ध मैले शोधनिर्देशकका निर्देशनमा रही सम्पन्न गरेको पूर्णतः मौलिक कार्य हो । मैले यस शोधप्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र म तिनका प्रति पनि कृतज्ञ छु । मैले प्रस्तुत शोधमा उपयोग गरेका सम्पूर्ण सामग्रीलाई यस शोधप्रबन्धको अन्त्यमा सन्दर्भ सामग्रीसूचीअन्तर्गत सूचीबद्ध गरेको छु । यस शोधप्रबन्धमा अभिव्यक्त निष्कर्षलाई मैले यसअघि कहीँ पनि कुनै उपाधि वा अन्य कुनै पनि प्रयोजनार्थ प्रस्तुत गरेको छैन । मैले यस शोधप्रबन्धको कुनै पनि पाठ अथवा अंश पुस्तक वा पुस्तकको अंशका रूपमा प्रकाशित गराएको छैन । मैले यहाँ प्रस्तुत गरेका उपर्युक्त प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्णतः जिम्मेवार हुनेछु ।

................................

चतुर्भुजलाल दास केवरत

**शोधार्थी**

**मिति** : २०८२ चैत्र २० गते

## कृतज्ञताज्ञापन

*आधुनिक नेपाली उपन्यासमा मधेसी प्रतिनिधित्व* शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले आदरणीय गुरुआमा सहप्रा. डा.रजनी ढकालको कुशल निर्देशनमा तयार गर्ने अवसर प्राप्त गरेको छु । अत्यन्त व्यस्तताका बिचबाट अमूल्य समय निकाल्दै पनि सहजता र स्नेहका साथ यस शोधकार्यलाई पूर्णता प्राप्त गराउनु भएकोमा म उहाँप्रति कृतज्ञता अर्पण गर्दछु । प्रस्तुत शोधकार्यका सहशोधनिर्देशक आदरणीय गुरु प्रा.डा. जगदीश चन्द्र भण्डारीका प्राज्ञिक सल्लाह तथा सुझाव मेरा लागि सदैव स्मरणीय रहने छ । यस शोधकार्यलाई पूर्णता दिनमा उहाँले सहृदयतापूर्वक प्रदान गुर्नभएको हौसला,साथ र सहयोगप्रति म हार्दिक कृतज्ञता अर्पण गर्दछु

नेपाली साहित्यमा 'मधेसी समुदाय'का बारेमा वस्तुपरक अनुसन्धान नभएकाले यस्तो विषयमा अनुसन्धान गर्न उत्प्रेरित गर्नुका साथै प्रस्तुत अनुसन्धानको शीर्षक चयनदेखि लामोसमयसम्म शोधनिर्देशक भएर प्राज्ञिक मार्ग निर्देशन गर्नुभएका दिवंगत गुरुदेव प्रा.डा. ताराकान्त पाण्डेयप्रति आभारसहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै गुरुआमा श्रीमती शीला योगीको सहज र सहयोगी व्यवहारप्रति हार्दिक आभारी छु ।

विद्यावारिधिको शोधकार्य चाँडै सम्पन्न गर्नका लागि प्रोत्साहित गर्नुहुने केन्द्रीय नेपाली विभागका विभागीय प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपाने ज्यूप्रति आभार व्यक्त गर्दछु । प्राज्ञिक विश्लेषणका लागि सदा उत्प्रेरित एवम् मार्गनिर्देश गर्नुहुने समादरणीय गुरुहरू प्रा.डा. दयाराम श्रेष्ठ, प्रा. केशव सुवेदी, प्रा.डा. महादेव अवस्थी, प्रा.डा.देवीप्रसाद गौतम, प्रा.डा. रमेशप्रसाद भट्टराई, प्रा.डा. लक्ष्मणप्रसाद गौतम, प्रा.डा. नारायणप्रसाद गड्तौलाप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । मलाई सहज रूपले अनुसन्धान गर्न सधैँ उत्प्रेरणा दिनुहुने त्रि.वि.मानविकी तथा सामाजिक शास्त्र सङ्कायका  डिन प्रा.डा. दुविनन्द ढकाल, सहायक डिन सहप्रा.डा. खोमराज खरेल, सहायक डिन सहप्रा. वामदेव अधिकारी, सहायक डिन सहप्रा. डा.चिरञ्जीवी आचार्य र पूर्व सहायक डिन सहप्रा.डा.गोविन्द शर्माप्रति हार्दिक आभार व्यक्त गर्दछु । अनुसन्धानकार्यलाई छिटो सक्नका लागि सदैव अभिप्रेरित गर्नुहुने श्रद्धेय सहप्रा.डा. नेत्रमणि सुवेदी, सहप्रा.डा. दुर्गाबहादुर घर्ती, सहप्रा.डा. गोपाल गैरे ज्यूहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु । तलबी विदाको सुविधाका लागि आवश्यक समयमै सिफारिस गरी सहयोग गर्नुहुने पाटन संयुक्त क्याम्पस, पाटनढोकाका आदरणीय क्याम्पस

प्रमुख सहप्रा.डा. लक्ष्मण सिंह कुँवर तथा यस क्याम्पसको स्नातकोत्तर नेपाली कार्यक्रमका विभागीय प्रमुख प्रा.डा .धर्मराज अधिकारी र प्रशासन शाखाका दाजु खेमराज मँग्रातीलगायत सबैप्रति आभार व्यक्त गर्दछु । डिन कार्यालयका कर्मचारी अनिता खनाल, ओमनाथ दाहाल र मित्र सम्रित तन्डुकारलाई हार्दिक धन्यवाद दिन्छु ।

मैले सहायक सामग्री प्राप्त गरेका त्रि.वि.केन्द्रीय पुस्तकालय, केन्द्रीय नेपाली विभागको पुस्तकालय, पाटन संयुक्त क्याम्पस, पाटनढोकाको पुस्तकालय र नेपाल प्रज्ञा-प्रतिष्ठानको पुस्तकालय परिवारका कर्मचारीका उदारमना सहयोगप्रति कृतज्ञ छु । केन्द्रीय नेपाली विभागका महेश तिवारी र नीलुफर बञ्जराप्रति आभार व्यक्त गर्दछु । दुर्लभ पुस्तकहरू उपलब्ध गराएर सहयोग गर्नु भएका मधेसी आयोगका माननीय सदस्य श्रीमती आभासेतु सिंहप्रति आभारी छु

म विदाका बेलामा घर जाँदा विद्यावारिधिको अनुसन्धानका बारेमा चासो राखी चाँडै सम्पन्न गर्न सुझाव तथा आशीर्वाद दिनुहुने आमाबुबा नन्देश्वरी देवी केवरत र अधरचन्द्र दास केवरत, ठुल्दाइ श्यामप्रसाद दास केवरतप्रति कृतज्ञ छु । मैले नेपाली विषयमा दर्शनाचार्य तहको अध्ययन सकेपछि चाँडै विद्यावारिधि उपाधि हासिल गर्नुपर्छ भनी हौसला प्रदान गर्नुहुने सानो बुबा महेन्द्रलाल दास केवरत र माहिला दाजु सुनीलकुमार दास केवरतप्रति आभार व्यक्त गर्दछु ।

काठमाडौँमा कार्य व्यस्तताका वावजुद पनि मेरा अध्ययनका निम्ति अनुकूल वातावरण मिलाइदिने अर्धाङ्गिनी हेमन्ती केवरतको सहयोगका लागि आभारी छु । बराबर चासो राख्ने बहिनी ज्वाइँ सुकनप्रसाद दास केवरत जेठान दाइहरू दीपेन्द्रकुमार दास केवरत, हिरानन्द दास केवरत, भाइ मुरारीप्रसाद केवरत, प्रजापति दास केवरत, विजयप्रसाद दास केवरत र भान्जा अजयकुमार दास, नीतीश केवरतप्रति आभार व्यक्त गर्दछु । घरमा पटक पटक तपाइँको विद्यावारिधि कहिले पूरा हुन्छ भनी जिज्ञासा राख्ने परिवारका बालसदस्यहरू छोरी कृतिका दास, सापेक्षा कुमारी दास, किविका दास, छोरा भास्कर केवरत, भतिजाहरू निरमान केवरत, नीरज केवरत र आदित्य अनि अनिशलाई धन्यवाद दिन चाहन्छु ।

चतुर्भुजलाल दास केवरत

**शोधार्थी**

## शोधसार

प्रस्तुत शोध *आधुनिक नेपाली उपन्यासमा मधेसी प्रतिनिधित्व* शीर्षकको विश्लेषणमा केन्द्रित छ । आधुनिक नेपाली उपन्यासको आरम्भ *रूपमती* (वि.सं.१९९१) भए पनि दौलत विक्रम विष्टको *एक पालुवा अनेकौँ याम* (वि.सं. २०२६) उपन्यासदेखि मधेस र मधेसी विषयवस्तुको प्रयोग भई क्रमशः विकसित हुँदै आएको छ । वि.सं. २०३७ को जनमतसङ्ग्रहसँगै नेपाली जनमानसमा राजनीतिक चेतनाको प्रखर रूपमा विकास भएको हो र उक्त चेतनाको प्रखर प्रभाव मधेसी समुदायमा पनि पर्न गएको हो । यस समयपछि प्रकाशित कृतिहरूमा मधेसी समुदायका सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक सन्दर्भहरूको सघन र सचेत प्रस्तुति भएको छ । यस अध्ययनमा स्टुआर्ट हलद्वारा प्रतिपादित प्रतिनिधित्व सिद्धान्तलाई आधार मानी पाठपरक, विषयपरक तथा सन्दर्भपरक विश्लेषणमार्फत औपन्यासिक पात्रहरूको अवस्थाको व्याख्या गरिएको छ ।

वि.सं. १९९१ देखि वि.सं. २०८० सालसम्म प्रकाशित आधुनिक नेपाली उपन्यासहरूको सर्वेक्षण गरी मधेस-मधेसी समुदायका सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक विषयवस्तु प्रखर रूपमा अभिव्यक्त भएका ६ उपन्यासहरू *अलिखित* (२०४०), *उलार* (२०५६), *घुर* (२०६४), *गुलरको फूल* (२०७१), *मालिकहरूको मधेस* (२०७५) र *दुलारी* (२०७६) छनोट गरी विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा वर्गीय, जातीय, लैङ्गिक तथा विचारधारात्मक प्रतिनिधित्वलाई मुख्य आधार बनाइएको छ । यसका साथै सीमान्त मधेसी समुदायका आवाज र प्रतिरोधी चेतना एवम् अर्थ र भाषिक दृष्टिले मधेसी समुदायको प्रतिनिधित्वका बारेमा विश्लेषण गरिएको छ । उत्पादनका साधनमा नियन्त्रण भएका समूहलाई अभिजात वर्ग र श्रमजीवी, गरिब तथा निम्न आयस्रोत भएको वर्गलाई निम्न वर्गका रूपमा व्याख्या गरिएको छ । साथै, थारूलाई आदिवासी जनजाति, अन्य मूर्तिपूजकलाई मधेसी, दलित समुदायलाई सामाजिक-सांस्कृतिक निर्मितिका आधारमा शोषित-उत्पीडित, उपेक्षित वर्ग र नेपालको सन्दर्भमा मुस्लिम समुदायलाई धार्मिक अल्पसङ्ख्यक समुदायका रूपमा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधमा विश्लेषण गरिएका उपन्यासहरूमा शासक वर्गको प्रभुत्वशाली र शासित वर्गको अधीनस्थ विचारधारा, पुरुष नेतृत्वमा आधारित पितृसत्तात्मक विचारधारा तथा धार्मिक-आध्यात्मिक चिन्तनलाई आदर्शवादी विचारधाराका रूपमा पहिचान गरिएको

छ । सीमान्तीकृत मधेसी पात्रहरूले प्रभुत्वशाली वर्ग, जाति र लिङ्गका विरुद्ध व्यक्त गरेका आवाजलाई वाचिक तथा कायिक प्रतिरोधका रूपमा विश्लेषण गरिएको छ । यससँगै सर्जकको दृष्टिकोणबाट अर्थ उत्पादन र पात्रको दृष्टिकोणबाट अर्थ ग्रहण पद्धतिको व्याख्या गरिएको छ । छनोट गरिएका उपन्यासहरूमध्ये *अलिखित, उलार, गुलरको फूल* र *मालिकहरूको मधेस* उपन्यासहरूमा पुरुष पात्रका नायकत्व प्रमुख रहेकाले ती कृतिहरू परम्परागत रहेका छन् भने *घुर* र *दुलारी* उपन्यासमा महिला पात्रका नायकत्व प्रस्तुत भएकाले ती नवप्रवर्तनशील छन् । समग्रमा यी कृतिहरूमा मधेसी जीवनका विविध पक्षहरू सशक्त रूपमा अभिव्यक्त भएका छन् । प्रस्तुत शोधको मुख्य योगदान प्रतिनिधित्व सिद्धान्तको प्रयोगमार्फत मधेसी समुदायको आख्यानात्मक विश्लेषण गर्नु रहेको छ । मधेसी पहिचान  परम्परागत छविबाट चेतनात्मक उपस्थितितर्फ अगाडि बढेको पुष्टि भएको छ । विश्लेषण गरिएका उपन्यासमा मधेसी पहिचान स्थिर नभई गतिशील रहेको तथ्य प्रकट भएको छ ।

नेपालमा भएको मधेस आन्दोलनपश्चात् मधेसी समुदायमा राजनीतिक चेतना क्रमशः अभिवृद्धि भई पहिचान र प्रतिनिधित्वको खोजीकार्य तीव्र गतिमा अगाडि बढेको छ । सीमान्तीकृत मधेसी पात्रहरूले राज्यका विभिन्न एकाइका असमान व्यवहारका विरुद्ध कडा प्रतिक्रिया जनाएका तथ्यहरूको यथार्थपरक प्रस्तुति भएको छ । मधेसी पात्रहरूले राजकीय तहमा सम्मानजनक प्रतिनिधित्व नभएकाले आक्रोशित भएर अन्याय, अत्याचार र असमान व्यवहारका विरोधमा एकताबद्ध भएर आन्दोलन गरेका विषयवस्तुको तथ्यको प्रकटीकरण भएको छ । आन्तरिक औपनिवेशीकरण, मधेसी र गैरमधेसीका बिचको सत्ताशक्तिसम्बन्ध, प्रतिरोधी चेतना र मैथिली, भोजपुरी र थारू राष्ट्र भाषाका कलात्मक प्रस्तुति यस अध्ययनका प्रमुख नवीन उपलब्धि हुन् । वस्तुतः प्रस्तुत अध्ययनबाट छनोट गरिएका उपन्यासमा मधेसी समुदायको प्रतिनिधित्व भएका विषयवस्तुको पुष्टि भएको छ ।

# विषयसूची

**शोधप्रबन्ध समितिको सिफारिस** क

**अनुमोदनपत्र** ख

**प्रतिबद्धतापत्र** ग

**कृतज्ञताज्ञापन** घ

**शोधसार** च

**पहिलो परिच्छेद : शोधपरिचय** **१**

१.१ विषयपरिचय १

१.२ समस्याकथन ५

१.३ शोधको उद्देश्य ६

१.४ पूर्वकार्यको समीक्षा ६

१.५ शोधकार्यको औचित्य र महत्त्व २३

१.६ शोधविधि २३

१.६.१ सामग्री सङ्कलनको विधि र प्रक्रिया २४

१.६.२ सैद्धान्तिक आधार २४

१.६.३ शोधढाँचा र अर्थापन पद्धति २८

१.७ शोधकार्यको सीमाङ्कन ३१

१.८ शोधप्रबन्धको रूपरेखा ३३

**दोस्रो परिच्छेद : प्रतिनिधित्वको सैद्धान्तिक ढाँचा** **३४**

२.१ विषयपरिचय ३४

२.२ सांस्कृतिक अध्ययन र प्रतिनिधित्व ३५

२.३ प्रतिनिधित्व ३८

२.४ प्रतिनिधित्वका पद्धतिहरू ४२

२.४.१. परावर्तक पद्धति ४३

२.४.२ आशयपरक पद्धति ४३

२.४.३ निर्माणवादी पद्धति ४३

२.५ प्रतिनिधित्वका प्रकारहरू ४४

२.६ साहित्यमा प्रतिनिधित्व ४५
२.६.१ साहित्यमा प्रतिनिधित्व गराइएका विषयवस्तुका प्रकारहरू ५३
२.७ प्रतिनिधित्वको विभाजन ५४
२.८ उपन्यासमा प्रतिनिधित्व अध्ययनका आधारहरू ५६
२.८.१ भौतिक पात्रको प्रतिनिधित्व ५६
२.८.२ विचारधाराको प्रतिनिधित्व ६३
२.८.३ आवाज ७०
२.८.४ प्रतिरोधी चेतना ७२
२.८.५ अर्थ उत्पादनको पद्धति ७४
२.८.६ अर्थ ग्रहणको पद्धति ७६
२.९ मधेसी समुदाय ७९
२.१० निष्कर्ष ८२
**तेस्रो परिच्छेद : आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायको भौतिक प्रतिनिधित्व ८७**
३.१ विषयपरिचय ८७
३.२ वर्गीय प्रतिनिधित्व ८८
३.२.१ अलिखित उपन्यासमा वर्गीय प्रतिनिधित्व ८८
३.२.२ उलार उपन्यासमा वर्गीय प्रतिनिधित्व ९३
३.२.३ घुर उपन्यासमा वर्गीय प्रतिनिधित्व ९८
३.२.४ गुलरको फूल उपन्यासमा वर्गीय प्रतिनिधित्व १०१
३.२.५ मालिकहरूको मधेस उपन्यासमा वर्गीय प्रतिनिधित्व १०७
३.२.६ दुलारी उपन्यासमा वर्गीय प्रतिनिधित्व ११२
३.३ जातीय प्रतिनिधित्व ११८
३.३.१ अलिखित उपन्यासमा जातीय प्रतिनिधित्व ११९
३.३.२ उलार उपन्यासमा जातीय प्रतिनिधित्व १३०
३.३.३ घुर उपन्यासमा जातीय प्रतिनिधित्व १३४
३.३.४ गुलरको फूल उपन्यासमा जातीय प्रतिनिधित्व १३८
३.३.५ मालिकहरूको मधेस उपन्यासमा जातीय प्रतिनिधित्व १४८
३.३.६ दुलारी उपन्यासमा जातीय प्रतिनिधित्व १५७
३.४ लैङ्गिक प्रतिनिधित्व १६१

३.४.१ अलिखित उपन्यासमा लैङ्गिक प्रतिनिधित्व १६१

३.४.२ उलार उपन्यासमा लैङ्गिक प्रतिनिधित्व १६७

३.४.३ घुर उपन्यासमा लैङ्गिक प्रतिनिधित्व १७२

३.४.४ गुलरको फूल उपन्यासमा लैङ्गिक प्रतिनिधित्व १७६

३.४.५ मालिकहरूको मधेस उपन्यासमा लैङ्गिक प्रतिनिधित्व १८२

३.४.६ *दुलारी* उपन्यासमा लैङ्गिक प्रतिनिधित्व १८९

३.५ निष्कर्ष १९५

**चौथो परिच्छेद : आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायको विचारधाराका रूप १९८**

४.१ विषयपरिचय १९८

४.२ प्रभुत्वशाली विचारधारा १९८

४.२.१ अलिखित उपन्यासमा प्रभुत्वशाली विचारधारा १९९

४.२.२ उलार उपन्यासमा प्रभुत्वशाली विचारधारा २०१

४.२.३ घुर उपन्यासमा प्रभुत्वशाली विचारधारा २०२

४.२.४ गुलरको फूल उपन्यासमा प्रभुत्वशाली विचारधारा २०३

४.२.५ मालिकहरूको मधेस उपन्यासमा प्रभुत्वशाली विचारधारा २०४

४.२.६ दुलारी उपन्यासमा प्रभुत्वशाली विचारधारा २०६

४.३ अधीनस्थ विचारधारा २०८

४.३.१ अलिखित उपन्यासमा अधीनस्थ विचारधारा २०८

४.३.२ *उलार* उपन्यासमा अधीनस्थ विचारधारा २१०

४.३.३ घुर उपन्यासमा अधीनस्थ विचारधारा २११

४.३.४ गुलरको फूल उपन्यासमा अधीनस्थ विचारधारा २१३

४.३.५ मालिकहरूको मधेस उपन्यासमा अधीनस्थ विचारधारा २१३

४.३.६ दुलारी उपन्यासमा अधीनस्थ विचारधारा २१५

४.४ पितृसत्तात्मक विचारधारा २१७

४.४.१ अलिखित उपन्यासमा पितृसत्तात्मक विचारधारा २१७

४.४.२ उलार उपन्यासमा पितृसत्तात्मक विचारधारा २१९

४.४.३ घुर उपन्यासमा पितृसत्तात्मक विचारधारा २२१

४.४.४ गुलरको फूल उपन्यासमा पितृसत्तात्मक विचारधारा २२२

४.४.५ मालिकहरूको मधेस उपन्यासमा पितृसत्तात्मक विचारधारा २२४

४.४.६ दुलारी उपन्यासमा पितृसत्तात्मक विचारधारा २२७
४.५ आदर्शवादी विचारधारा २२९
४.५.१ अलिखित उपन्यासमा आदर्शवादी विचारधारा २२९
४.५.२ उलार उपन्यासमा आदर्शवादी विचारधारा २३०
४.५.३ घुर उपन्यासमा आदर्शवादी विचारधारा २३२
४.५.४ गुलरको फूल उपन्यासमा आदर्शवादी विचारधारा २३३
४.५.५ दुलारी उपन्यासमा आदर्शवादी विचारधारा २३४
४.६ निष्कर्ष २३५
**पाँचौं परिच्छेद : आधुनिक नेपाली उपन्यासमा सीमान्त मधेसी समुदायको आवाज र प्रतिरोधी चेतना २३७**
५.१ विषयपरिचय २३७
५.२ आवाज २३७
५.२.१ वाचालता २३८
५.२.२ मौनता २४३
५.३ प्रतिरोध २४८
५.३.१ वाचिक प्रतिरोध २४८
५.३.२ कायिक प्रतिरोध २५९
५.४ निष्कर्ष २६४
**छैटौं परिच्छेद : आधुनिक नेपाली उपन्यासमा अर्थ र भाषिक पद्धतिका दृष्टिले मधेसी समुदायको प्रतिनिधित्व २६८**
६.१ विषयपरिचय २६८
६.२ अर्थ उत्पादनको पद्धति २६८
६.२.१ परावर्तक पद्धति २६९
६.२.२ आशयपरक पद्धति २७८
६.२.३ निर्माणवादी पद्धति २८५
६.३ अर्थग्रहणको पद्धति २९३
६.३.१ प्रभुत्वशाली मानसिकता २९३
६.३.२ अधीनस्थ मानसिकता २९७
६.३.३ सहमतीय मानसिकता ३००

६.३.४ अस्वीकारजन्य मानसिकता ३०२

६.४ निष्कर्ष ३०६

**सातौँ परिच्छेद : सारांश, प्राप्ति र निष्कर्ष ३०९**

७.१ सारांश ३०९

७.२ प्राप्ति ३१३

७.३ निष्कर्ष ३१८

७.४ ज्ञानका क्षेत्रमा योगदान ३२२

७.५ भावी शोधकार्यका लागि सम्भावित शीर्षकहरू ३२२

**परिशिष्ट ३२३**

**सन्दर्भ सामग्रीसूची ३२६**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

उपन्यास गद्यमा लेखिने र बृहत् आकारको आख्यानात्मक विधा हो । यसले समाज र मानवजीवनका आख्यानलाई बृहत् र बृहत्तर रूपमा समेटेको हुन्छ । आधुनिक नेपाली उपन्यासको प्रारम्भ पनि यही सन्दर्भबाट भएको हो । पहिलो नेपाली उपन्यास *रूपमती* ( वि.सं.१९९१) ले माध्यमिककालीन जासुसी, तिलस्मी धारलाई त्याग गर्दै नेपाली समाजको सामाजिक, धार्मिक र सांस्कृतिक जीवनको चित्रण गरेपछि नै आधुनिक नेपाली उपन्यास सुरूवात भएको  हो । प्रारम्भमा परम्परागत आदर्श र नीतिपरकतालाई प्रस्तुत गरेको नेपाली उपन्यासले विस्तारै सामाजिक यथार्थको चित्रण गर्न थाल्यो । यससँगै आधुनिक नेपाली उपन्यासमा धारागत विविधताहरू देखा परे । यी धारागत विविधताअन्तर्गत आधुनिक नेपाली उपन्यासमा वर्गीय, लिङ्गीय र जातीय परम्पराको शक्तिशाली चित्रण हुन थाल्यो ।

समाजमा आएका सामाजिक, आर्थिक परिवर्तन तथा राजनीतिक र विचारधारात्मक चेतनाले नेपाली उपन्यासमा क्षेत्रीयताको चित्रण पनि सुरु भयो । यस क्षेत्रीयताले सुरूमा भौगोलिक विशेषतालाई समेट्यो भने विस्तारै यसले भूगोलसँगै क्षेत्रीय दमन, उत्पीडन र प्रतिरोधी चेतनालाई  पनि प्रस्तुत गर्न थाल्यो । यही सन्दर्भमा नेपाली उपन्यासमा पनि मधेस चित्रणको प्रारम्भ भएको हो । प्रस्तुत शोधप्रबन्धको शीर्षक *आधुनिक नेपाली उपन्यासमा मधेसी प्रतिनिधित्व* रहेकाले मधेसी र प्रतिनिधित्वका बारेमा तल सङ्क्षेपमा परिचय दिइएको छ । मधेसीका बारेमा विमर्श गर्नु पूर्व मधेसको बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ । यस अध्ययनमा नेपालको सङ्घीय संरचना निर्माण गर्नु पूर्वको समथर भूभागको २० जिल्लालाई मधेसको रूपमा अध्ययन गरिएको छ । यसअन्तर्गत मधेस र भित्री मधेसका समथर जिल्लाहरू पर्दछन् ।

'मधेस' नेपालको भूगोलका साथै बहुलतायुक्त सांस्कृतिक क्षेत्र विशेषलाई जनाउने शब्द हो । नेपाल हिमाल, पहाड र तराई गरी तीन भिन्न भौगोलिक परिवेशमा विभाजित छ । यस विभाजनमा भूगोल मात्रै नआएर नेपाली समाज र संस्कृति, समाज बोधका अभिव्यक्ति तथा राजनीतिको पनि प्रस्तुतीकरण पाइन्छ । सामान्यतः मधेसमा बस्ने

बासिन्दालाई मधेसी भनिन्छ तर 'मधेस' शब्दले मधेसको बासिन्दाको विषय मात्रैलाई नबुझाई त्यहाँको समाज, संस्कृति, राजनीति र मनोविज्ञानसमेतलाई बुझाउँछ ।

हाम्रो समाजमा 'मधेस' शब्द उच्चारण गर्नासाथ अन्य भूगोलका मानिसहरूको मनोविज्ञानले तराईका मैदानी भागमा बस्ने समुदाय मात्रैको निर्मिति हो भन्ने बुझ्दैन । यसले भिन्न भाषी, भिन्न वर्ण, भिन्न शोषित, उत्पीडित समुदाय र तिनले भोगेका जीवनपद्धतिलाई पनि बुझाउँछ र यस्तो मनोविज्ञानको निर्माण सयौँ वर्षदेखि मानिस मानिसका बिचमा जन्मेको भौगोलिक वर्णगत र जातिगत भेदसमेतले बनाएको हो । यस विचारधारात्मक बनोटमा लामो ऐतिहासिक परम्परा विद्यमान छ । भारत वर्षको इतिहासको अध्ययन गर्दा यसको नाम 'आर्यवर्त' रहेको पाइन्छ ।

आर्यवर्त आर्यहरूको बसोबासको कारणले रहेको नाम हो र आर्यवर्तले मधेस र पहाडमा रहेका समग्र आर्यहरूलाई जनाउँथ्यो । यी आर्यवर्त भूमिहरूमध्ये उत्तरमा उदीची, पश्चिममा प्रतीची, पूर्वमा प्राची र दक्षिण तथा मध्यमा मध्यदेश गरी पाँच भागमा विभक्त थिए । तत्कालीन आर्यवर्तको मध्यभाग नै 'मध्यदेश' नामले चिनिन्थ्यो (वर्मा, २०१२, पृ. २) । विगतमा 'मध्यदेश' शब्दले बृहत् क्षेत्रलाई ओगटेको देखिन्छ । उक्त मध्यदेश शब्द नै अपभ्रंश हुँदै 'मधेस' शब्द बन्यो र यस मधेस शब्दले नेपालको चुरेभन्दा तलको समथर भूभाग बुझाउँथ्यो भने यहाँ बस्ने मानिसहरू मधेसी नामले चिनिए । यही मधेसमा बस्दै आएका पहाड र हिमालका मानिसभन्दा फरक वर्ण, जाति एवम् समुदाय, भाषा, संस्कार, संस्कृति तथा लोकजीवनपद्धति भएका मानिसहरूलाई भेगीय विशेषण दिइएर मधेसी भनिएको पाइन्छ । 'मधेसी' शब्द मधेसी इतर समुदायले मधेसको समथर भूभागमा बस्ने जाति एवम् समुदायका लागि प्रयोग गरेको भेगीय विशेषण पद हो ।

'मधेसी' शब्दले विशिष्ट राष्ट्र, पहिचान, संस्कृति र भूगोल भएको समुदायलाई चिनाउन थाल्यो र समुदायको भाषा, बोली, व्यवहार, खानपानले भिन्न पहिचान पनि प्रदान गर्न थाल्यो । यसरी भिन्न पहिचान बोकेका नेपालको समथर भूभागमा बस्ने पहाड र हिमालका मानिसहरूभन्दा केही भिन्न प्रकारको वर्ण, भिन्न भाषा, भिन्न संस्कृति, भिन्न पहिचान बोकेको शक्तिविमर्शका दृष्टिकोणबाट कमजोर र सीमान्तीकृत तथा नेपालका सन्दर्भमा अन्य भूगोलका भन्दा भिन्न खसभाषी एवम् भोटबर्मेली भाषी इतर प्रतिनिधित्वलाई प्रस्तुत गर्ने समुदाय नै मधेसी समुदायका रूपमा परिचित छ ।

आधुनिक नेपाली उपन्यास भौगोलिक र सांस्कृतिक विविधताको प्रतिनिधित्व गर्ने बृहत् आख्यानात्मक विधाका रूपमा रहेको छ । आधुनिक नेपाली उपन्यासमा हिमाल, पहाड र तराई प्रदेशको चित्रण प्रारम्भदेखि नै हुन थाले पनि मधेसको चित्रणका दृष्टिले यसको इतिहास दौलत विक्रम विष्टको *एक पालुवा अनेकौँ याम* (वि.सं.२०२६) बाट सुरु भएको हो । त्यसयता आधुनिक नेपाली उपन्यासमा मधेस चित्रण पर्याप्त मात्रामा देखापर्न थाल्यो भने मधेसी संस्कृति, विचारधारा, भूगोलप्रतिको सचेतता, पहिचान र प्रतिनिधित्वका दृष्टिले चाहिँ वि.सं.२०६२/६३ पछि मात्र शक्तिशाली रूपमा चित्रण हुन थाल्यो ।

प्रस्तुत शोध नेपाली समाजमा बढ्दै गइरहेको मधेसी चेतना, मधेसी चेतनाले निर्माण गरेको विचारधारा र त्यस विचारधारामा आधारित भएर विकसित आवाज र प्रतिरोधी चेत एवम् पहिचान र प्रतिनिधित्वको विश्लेषणमा आधारित छ । यस दृष्टिले प्रस्तुत शोधको विषय आधुनिक नेपाली उपन्यासमा मधेसी प्रतिनिधित्वको चित्रणमा केन्द्रित छ भने त्यही चित्रणलाई नै निष्कर्षणमा पुऱ्याउने काम यस शोधमा भएको छ ।

भाषाको माध्यमबाट सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक सन्दर्भहरूको अर्थ प्रदान गर्ने सिद्धान्तलाई प्रतिनिधित्व भनिन्छ । यसले सांस्कृतिक अर्थ विशेषलाई इङ्गित गर्दछ । प्रतिनिधित्वअन्तर्गत पात्रका स्थान, तिनका भूमिका, गतिविधि र उपस्थापन अनि शक्तिविमर्श, आवाज तथा प्रतिरोधी चेतनालाई प्राथमिकताका साथ अध्ययन गरिन्छ । यसअन्तर्गत सामाजिक संरचनामा सीमान्तीकृत वर्गीय, जातीय, लिङ्गीय सन्दर्भका साथसाथै राजनीतिक सन्दर्भका बारेमा गहन अध्ययन गरिन्छ । छनोट गरिएका उपन्यासका वर्गीय विश्लेषणका लागि कार्ल मार्क्सको वर्ग विश्लेषण, जातीय अध्ययनका लागि सांस्कृतिक अध्ययनअन्तर्गतको जातीय मान्यता, लैङ्गिक विश्लेषणका लागि जुडिथ बटलरको लैङ्गिक समस्याको मान्यतालाई प्रयोग गरिएको छ ।

विचारधाराको लागि मार्क्स, ग्राम्सी र लुइस आल्थुसरका विचारधारासम्बन्धी मान्यताको उपयोग गरिएको छ । उपन्यासमा पात्रका प्रतिरोधी चेतनाको अध्ययनका सन्दर्भमा शक्तिविमर्शसँग सम्बन्धित मिसेल फुकोको शक्तिविमर्शको मान्यतालाई अङ्गीकार गरिएको छ भने अर्थ उत्पादन र भाषिक निर्माण पद्धतिका लागि स्टुआर्ट हलको प्रतिनिधित्वका पद्धतिहरूको प्रयोग गर्दै अर्थापन र सत्यापनका माध्यमबाट निष्कर्ष निकालिएको छ । पुस्तकालयीय कार्यका माध्यमबाट प्राथमिक र द्वितीयक सामग्रीहरूको

सङ्कलन गरी पाठमा आधारित विश्लेषण, विषयवस्तु विश्लेषण र सन्दर्भपरक विश्लेषण विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ ।

आधुनिक नेपाली उपन्यासहरूको सूक्ष्म अध्ययन गरी पूर्वकार्यबाट आधुनिक नेपाली उपन्यासमा मधेसी प्रतिनिधित्व शीर्षकको अन्तराल पत्ता लगाई प्रस्तुत शीर्षक चयन गरिएको हो । प्रस्तुत अध्ययनमा जनमतसङ्ग्रहपछि प्रकाशित नेपाली उपन्यासहरूलाई छनोट गरिएको छ । जनमतसङ्ग्रहपछि नेपाली जनमानसमा राजनीतिक अधिकार प्राप्तिको नवीन चेतना विकास भएको पाइन्छ । त्यसको प्रभाव नेपाली सर्जकमा पनि पर्न गयो । सर्जकहरूले केन्द्रीय शक्तिभन्दा बाहिर रहेका जाति, समुदाय, क्षेत्रका विषयवस्तु समावेश गरेर लेख्न थालेको पाइन्छ । यसै सन्दर्भमा तिनले केन्द्रभन्दा बाहिरका हिमाल, पहाड र तराई-मधेसका दुर्गम क्षेत्रमा बसोबास गर्ने जातजाति एवम् आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम तथा महिलाका विषयवस्तुलाई पनि उपन्यासमा समावेश गरेको पाइन्छ ।

मधेस र मधेसीका सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक विषयवस्तुहरू समावेश गरेर नेपाली उपन्यासमा सीमान्तीकृत मधेसीका सांस्कृतिक प्रसङ्गहरूले प्रविष्टि पाएको हो । मधेस र मधेसी समुदायका विषयवस्तु प्रयोग गरी लेखिएका आधुनिक नेपाली उपन्यासहरूको सर्वेक्षण अध्ययन गरी वि.सं.२०३७ को जनमतसङ्ग्रह पछि प्रकाशित र मधेसी समुदायका वर्गीय, जातीय र लैङ्गिक सन्दर्भ एवम् शक्तिविमर्शका प्रसङ्गहरू सघन रूपमा प्रयोग गरिएका उपन्यासहरूलाई अनुसन्धानका लागि सोद्देश्य नमुना छनोट गरिएको हो । यसका लागि ध्रुवचन्द्र गौतमको *अलिखित* (२०४०), नयनराज पाण्डेको *उलार* (२०५६), धीरकुमार श्रेष्ठको *घुर* (२०६४), माधव प्याकुरेलको *गुलरको फूल* (२०७१), गणेश अधिकारीको *मालिकहरूको मधेस* (२०७५) र मुना चौधरीको *दुलारी* (२०७६)लाई अनुसन्धानका लागि छनोट गरिएको हो ।

प्रस्तुत शोधमा आधुनिक नेपाली उपन्यासमा मधेसीको प्रतिनिधित्वलाई कसरी उपस्थापन गरिएको छ सो कुराको अध्ययन गरिएको छ । यस शोधमा चयन गरिएका नेपाली उपन्यासमा मधेसी समुदायको प्रतिनिधित्व कसरी गराइएको छ र मधेसी तथा गैरमधेसी समुदाय बिचको सत्ताशक्तिसम्बन्ध के कस्तो छ भन्ने विषयवस्तुको अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

*आधुनिक नेपाली उपन्यासमा मधेसी प्रतिनिधित्व* यस शोधप्रबन्धको मूल समस्या हो। आधुनिक नेपाली उपन्याससँग सम्बन्धित मधेसीका विषयवस्तु जोडेर केही फुटकर अध्ययन भएका छन् । सुवेदी (२०५४) को विमर्श मधेसीका वर्गीय र लैङ्गिक अध्ययनमा केन्द्रित रहेको छ। आचार्य (२०६५) को अध्ययन नेपालको केन्द्रीय शासक समाज र क्षेत्रीय शासित समाज बिच रहेको सत्ताशक्तिसम्बन्धको विमर्शमा केन्द्रित रहेको छ । झा (२०६५) को अध्ययन मधेश आन्दोलन र मधेसवादको विकासक्रममा केन्द्रित रहेको छ भने कोइराला ( २०६८) को अध्ययन मधेसीको शक्तिविमर्शमा केन्द्रित रहेको छ । सुवेदी (२०६८) को अध्ययन मधेसको जातीय सन्दर्भ र सत्ताविमर्शमा सीमित रहेको छ। यी अध्ययन सामान्य परिचयात्मक मात्र हुन् ।

कार्की (२०७२) को अध्ययन *नयनराज पाण्डेका उपन्यासमा सबाल्टर्न* शीर्षकको शोध मधेसीको वर्गीय विमर्शमा केन्द्रित रहेको छ । भट्टराई (२०७३) को *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक अध्ययन* शीर्षकको शोध भएको भएको छ तर यसमा मधेसी समुदायको अध्ययन भएको छैन । त्यसैगरी मिश्र (२०७४) को *नेपालमा मधेस आन्दोलन* ( वि.सं. २०५४ देखि राजतन्त्रको अन्त्यसम्म) शीर्षकको शोध मधेसीको शक्तिविमर्शमा केन्द्रित रहेको छ। यी अध्ययन एवम् अनुसन्धानमा प्रतिनिधित्व सिद्धान्तको आधारमा मधेसी समुदायको अध्ययन भएको देखिँदैन । आधुनिक नेपाली उपन्यासका पाठलाई हालसम्म मधेसी प्रतिनिधित्वको दृष्टिकोणबाट प्राज्ञिक अध्ययन नगरिएकाले यही नै प्रस्तुत शोधको मुख्य समस्या हो ।

पाश्चात्य सांस्कृतिक अध्ययनसँग सम्बन्धित प्रतिनिधित्वको सिद्धान्तकोबारेमा नेपालीमा फुटकर अध्ययन मात्र भएको पाइन्छ । त्यसैगरी मधेसीका बारेमा अन्य दृष्टिकोणबाट अध्ययन भएको पाइए पनि प्रतिनिधित्वका दृष्टिकोणबाट अध्ययन भएको छैन । आधुनिक नेपाली उपन्यासमा मधेसी प्रतिनिधित्व विषयबारे हालसम्म अनुसन्धान कार्य नभएकाले प्रस्तुत अध्ययन समस्यामूलक अनुसन्धान रिक्त क्षेत्र हो । त्यसैले आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायको प्रतिनिधित्व के कसरी भएको छ ? भन्ने मूल समस्यामा केन्द्रित रही आधुनिक नेपाली उपन्यासको भौतिक प्रतिनिधित्व, विचारधाराका रूप, आवाज र प्रतिरोधी चेतना एवम् अर्थ र भाषिक दृष्टिले प्रतिनिधित्व विशिष्ट समस्याका

रूपमा रहेका छन् । यस शोधप्रबन्धमा आधुनिक नेपाली उपन्यासमा मधेसी प्रतिनिधित्वसँग सम्बद्ध तथ्य सामग्रीको अध्ययन विश्लेषण तथा मूल्याङ्कनका लागि तत्सम्बन्धी निम्नलिखित शोध्यप्रश्न निर्माण गरिएको छ :

(क) आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायको भौतिक प्रतिनिधित्व के कस्तो छ ?

(ख) आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायको विचारधारा कसरी व्यक्त भएको छ ?

(ग) आधुनिक नेपाली उपन्यासमा सीमान्तीय मधेसी समुदायको आवाज र प्रतिरोधी चेतना कुन रूपमा प्रकट भएको छ ?

(घ) आधुनिक नेपाली उपन्यासमा अर्थ र भाषिक पद्धतिका दृष्टिले मधेसी समुदायको प्रतिनिधित्व कसरी भएको छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधको समस्याकथनमा प्रस्तुत गरिएका समस्याहरूको गहन अध्ययन गर्दै प्राज्ञिक समाधान खोज्नु नै यसको मुख्य उद्देश्य हो । यस अनुसन्धानका उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

(क) आधुनिक नेपाली उपन्यासमा चित्रित मधेसी समुदायको भौतिक प्रतिनिधित्वको समीक्षा गर्नु

(ख) आधुनिक नेपाली उपन्यासमा प्रस्तुत मधेसी समुदायको विचारधाराका रूपबारे विवेचना गर्नु

(ग) आधुनिक नेपाली उपन्यासमा चित्रित सीमान्त मधेसी समुदायको आवाज र प्रतिरोधी चेतनाको अवस्थाबारे विश्लेषण गर्नु

(घ) आधुनिक नेपाली उपन्यासमा प्रस्तुत अर्थ र भाषिक पद्धतिका दृष्टिले मधेसी समुदायको प्रतिनिधित्वको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधमा विवेच्य उपन्यासहरूको अध्ययनको प्रमुख सैद्धान्तिक अवधारणा प्रतिनिधित्व रहेको छ । प्रतिनिधित्व स्टुआर्ट हलद्वारा साहित्यको सांस्कृतिक विश्लेषणका क्रममा स्थापित सैद्धान्तिक मान्यतासँग सम्बन्धित एक प्रमुख अवधारणा हो । साहित्यमा प्रतिनिधित्वलाई सैद्धान्तिक आधार बनाएर पात्रका प्रतिनिधित्वको अवस्थाबारे विश्लेषण गर्न

सकिन्छ भन्ने हलको मान्यता रहेको छ । साहित्यमा प्रयोग गरी विश्लेषण गर्न सकिने प्रतिनिधित्व मूलतः पाश्चात्य सिद्धान्त हो ।

पश्चिमी जगत्मा यसको व्यापक र गहन चर्चा भएको छ । भारतलगायतका एसियाली देशका समालोचनाको क्षेत्रमा चर्चित रहँदै नेपालमा पछिल्लो समयमा भित्रिएको यस सिद्धान्तबारे नेपाली साहित्यिक समीक्षकहरूबाट पनि चर्चापरिचर्चा भएको छ । अतः प्रस्तुत शोधकार्यमा यही प्रतिनिधित्वको सिद्धान्तसँग सम्बन्धित शोधसमस्या रहेको हुँदा यसैमा केन्द्रित रहेर यहाँ सम्बद्ध पूर्वकार्यको सर्वेक्षण तथा समीक्षा गरिएको छ । यसअन्तर्गत नेपाली भाषामा प्रकाशित प्रतिनिधित्व, वर्गीय, जातीय र लैङ्गिक सामग्रीका साथै अनुसन्धानका लागि छनोट गरिएका उपन्यासहरूको कालक्रमिक समीक्षा गरिएको छ ।

राजेन्द्र सुवेदी (२०५४)ले *सृजन विधाका परिधिभित्र ध्रुवचन्द्र गौतम* कृतिमा *अलिखित* उपन्यासको विमर्श गर्दै यस उपन्यासलाई बारा जिल्लाको एक गाउँ बिरहिनपुर बरेवाको किंवदन्तीमा आधारित कृति भनेका छन् । प्रस्तुत अध्ययनमा विपन्न वर्गीय इनराको रहस्यमयी मृत्यु, जमिनदारको बेठबेगार र तिनका जालझेल तथा गरिब वर्गमाथि शोषण, उत्पीडन, कर्मचारी वर्गको यौनिक दुराचारबारे व्याख्या गरिएको छ । यस अध्ययनमा मधेसी समुदायको जातीय र सत्ताशक्तिसम्बन्धको बारेमा अध्ययन गरिएको छैन । प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेदको भौतिक प्रतिनिधित्वअन्तर्गतको वर्गीय प्रतिनिधित्वको विश्लेषणका लागि सहायक सामग्री पाइएकाले यो अध्ययन उपयोगी रहेको छ ।

रामदयाल राकेश (२०५५)ले *नेपाली साहित्य : विभिन्न आयाम* समालोचनात्मक ग्रन्थमा *अलिखित* उपन्यासको समालोचना गरेका छन् । राकेशले उपन्यासकार गौतमले आफूलाई सामन्त ठानेर तराईलाई उपनिवेश मानेर मनमानी चित्रण गरेको भन्दै लेखनको प्रतिरोध गरेका छन् र तराईका पक्षमा आफ्नो मत प्रकट गरेका छन् । *अलिखित* उपन्यासमा तराईको संस्कृतिलाई अपमानित र अपहेलित गरेर भ्रष्टीकरणयुक्त चित्रण गरिएकोले राकेशको आपत्ति रहेको छ । यस समालोचनामा तराईवासीका सांस्कृतिक पक्षका बारेमा चर्चा गरिएकाले यो सामग्री उपयोगी रहेको छ । मधेस पक्षीय दृष्टिकोण निर्माणका लागि प्रस्तुत अध्ययन उपयोगी रहेको छ ।

धनप्रसाद सुवेदी श्रमिक (२०५६)ले *नेपाली उपन्यासको आञ्चलिकता* ग्रन्थमा *अलिखित* उपन्यासको सङ्क्षेपमा समीक्षा गरेका छन् । सुवेदीले यस कृतिमा प्रस्तुत उपन्यासमा तराईको जनजीवन र जनजातिगत क्षेत्र विरहिनपुर वरेवा र त्यहाँको जनजीवनलाई समेट्दै धरमपुर गाउँको अधीनस्थ भएर रहेको विरहिनपुर वरेवा त्यहाँ व्याप्त आर्थिक विपन्नता, शोषण, अशिक्षा, अभावबारे विमर्श गरेका छन् । यसका साथै उपन्यासमा प्रयुक्त गाउँका पोखरी, स्थानीय देवी देवताका नाममा बनेका किंवदन्ती, यौन दुराचार र यौन शोषणको बारेमा उल्लेख गरिएको छ । प्रस्तुत अध्ययनमा धरमपुर गाउँको अधीनस्थता, विरहिनपुर वरेवाका बासिन्दाको आर्थिक पछौटेपन, अशिक्षा, अभाव, शोषणको बारेमा व्याख्या गरिएको छ । यस अध्ययनबाट शोधको प्रायोगिक विश्लेषणका निम्ति सत्ताशक्तिसम्बन्ध र वर्गीय अवस्थाको सहायक सामग्री प्राप्त गरिएकाले यो लेख महत्त्वपूर्ण रहेको छ ।

रामावतार यादव (सन् २००७)ले *मधेस समस्या र सम्भावना* पुस्तकमा *अलिखित* उपन्यासको बारेमा समीक्षा गरेका छन् । उनले प्रस्तुत समीक्षामा उपन्यासकारले मधेसी र मधेसी महिलाको गलत प्रतिनिधित्व गराएको विषयप्रति आपत्ति जनाएका छन् । यादवले प्रस्तुत उपन्यासमा नारायणी अञ्चललाई उत्तेजक यौनाङ्गका रूपमा चित्रण गरेको विषयमा विरोध गरेका छन् । उनले कथ्यवस्तुमा मधेसी भोजपुरी भाषी स्त्रीलाई पहाडे पात्रको भोग्याका रूपमा चित्रण गरिएकाप्रति असन्तुष्टि व्यक्त गर्दै उपन्यासकार मधेस चित्रणका सन्दर्भमा 'पोलिटिकली करेक्ट' नभएको आक्षेप लगाएका छन् । यस अध्ययनबाट अनुसन्धानका निम्ति लैङ्गिक अध्ययनका साथै शक्तिविमर्शका निम्ति सामग्रीको उपयोग गरी उपन्यासको विश्लेषण गर्न सहयोग पुगेको छ ।

यादवप्रकाश लामिछाने (२०६३)ले *आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध* समालोचनात्मक ग्रन्थमा *अलिखित*मा मुलुक भएर पनि नभएको अनुभूत गर्दै बाँच्न विवश मान्छेको निरीहता, विवशता, कष्टकर जीवनको बारेमा विमर्श गर्दै वरेवाबासीका अभाव, आर्थिक पक्षका बारेमा समालोचना गरेका छन् । यस अध्ययनमा वरेवाबासीका पछौटेपन, सन्त्रासपूर्ण जीवन बचाइ, जिम्दारको शोषण, दमन, अन्याय, अत्याचार, भ्रष्टाचार, यौनाचार, हत्या, षड्यन्त्र, बलात्कार, डकैती, आगजनी तथा तिनको कीर्ते व्यवहार आदिले मान्छेले मान्छे नहुनुको पीडाबोध गर्दै बाँच्नु परेको यथार्थ पक्षबारे अनुशीलन गरिएको छ । लामिछानेले यस अध्ययनमा वर्तमान

मान्छे सामन्ती समुदायबाट आक्रमणको पर्खाइमा रहेको उद्धृत गर्दै *अलिखित*मा जीवनको निस्सारता र निरर्थकताको चित्रण गरिएको धारणा व्यक्त गरेका छन् । प्रस्तुत समीक्षा वर्गीय विश्लेषणका लागि उपयोगी रहेको छ ।

नन्दलाल आचार्य (२०६५)ले 'मधेस आन्दोलनले जन्माएको घुर : एक विश्लेषण' शीर्षकमा *घुर* उपन्यासको समीक्षा गरेका छन् । यस लेखमा हिमाल, पहाड वा मधेसले आफ्नो हक अधिकार खोज्दा क्षेत्रीय वा भेगीय स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थलाई सर्वोच्च स्थानमा राख्नुपर्ने आदर्शवादी भाव व्यक्त गरिएको छ । उनले मधेस विद्रोह हुनुमा स्थानीय मधेसी नेता, नेतृत्व र केन्द्रीकृत अहंकारवादी शासन व्यवस्था र शासक वर्गीय खस जडवादी हेपाहा प्रवृत्ति जिम्मेवार रहेको निष्कर्ष प्रस्तुत गरेका छन् । प्रस्तुत समीक्षामा शासक वर्गले निहित स्वार्थ पूरा गर्न र शासन सत्तालाई निरन्तरता दिन नागरिकलाई भाषा र जातजातिका आधारमा विभाजित गरेको तर्क अघि सारिएको छ ।

प्रस्तुत समीक्षामा सरकारी तथा अन्य क्षेत्रहरूमा मधेसीहरूको समानुपातिक प्रतिनिधित्व नभएकाले तिनीहरू अपमान बोध गर्दै चिढिएका वस्तुपरक तर्क प्रस्तुत गरिएको छ । प्रस्तुत लेखमा तराई-मधेसलाई अस्थिर र अराजक बनाई राख्नमा छिमेकी राष्ट्र भारतका भूमिगत गिरोह एवम् तिनका आपराधिक गतिविधि जिम्मेवार रहेका भनिएको छ । आचार्यले मधेस पिछडिनुमा पहाडी जिम्मेवार नभएर मधेसको आर्थिक पछौटेपन, बेरोजगारी, अशिक्षा, अन्धविश्वास, छुवाछुत, परम्परागत संस्कार, चोरी, डकैतीका साथै मधेसीहरूलाई जिम्मेवार ठहऱ्याएका छन् । प्रस्तुत शोधप्रबन्धको वर्गीय विश्लेषणका लागि प्रस्तुत सामग्री उपयोगी रहेको छ ।

राजेश झा (२०६५)ले *मधेश आन्दोलन र मधेशवादको विकासक्रम* शीर्षकमा विद्यावारिधि गरेका छन् । राजनीतिशास्त्र विषयको प्रस्तुत शोधप्रबन्धमा भूगोलमा मधेश, नेपालमा मधेशवादको विकासको पृष्ठभूमि, सञ्चारमा मधेश र मधेशी, मधेश अवधारणाको वैधानिकताका साथै राज्य पुनर्संरचना र मधेशवादको विकासक्रमबारे अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा मधेशको प्रागैतिहासिकता केलाउँदै राज्यमा मधेशीको अवस्थाबारे विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययन मधेशको भौगोलिक पहिचान र मधेशवादको विकासक्रममा केन्द्रित रहनुका साथै राज्यका विभिन्न एकाइमा मधेशीका अवस्थाका बारेमा अध्ययन गरिएको छ । यस अध्ययनमा नेपालको सञ्चार र पत्रकारितामा मधेसीको पहिचान

र प्रतिनिधित्वका बारेमा अध्ययन गर्नुका साथै मधेसीका नागरिकता प्राप्तिका समस्याबारे केलाइएको छ । प्रस्तुत अध्ययन मधेसको भौगोलिक र मधेसवादको विकासक्रमको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनमा आधुनिक नेपाली उपन्यासमा मधेसीको प्रतिनिधित्वबारे अध्ययन नगरिएकाले प्रस्तुत शोध आवश्यक रहेको छ ।

रोशन थापा 'नीरव' (२०६५)ले 'मधेस आन्दोलनमा आधारित उपन्यास' शीर्षकको लेखमा *घुर* उपन्यासको विश्लेषण गरेका छन् । नीरवले अहिलेका उपन्यासले सामाजिक भेदभाव, दमन, शोषण, वर्गीय र जातीय आन्दोलनलाई समेट्नुका साथै सामाजिक तथा राजनीतिक विषयवस्तुलाई स्थान दिन थालिएको व्याख्या गरेका छन् । उनले *घुर*का घटना, पात्र, परिवेश जीवन्त रहेको उल्लेख गर्दै उपन्यासकारको जीवन भोगाइका विषयवस्तु समेटिएको यस उपन्यासलाई अनुभवन्यास र मधेस आन्दोलनको इतिहास भनेका छन् । मधेसको वर्गीय विश्लेषणका प्रसङ्गमा प्रस्तुत सामग्री प्रयोग गरिएकाले उपयोगी रहेको छ ।

ध्रुव मधिकर्मी (२०६६)ले 'उपन्यासमा तराई आन्दोलनको घुर' शीर्षकको लेखमा धेरै समयदेखि अभाव, अशिक्षा, पछौटेपन र उपेक्षित व्यवहार भोग्दै आएको तराई अर्थात् मधेस र त्यहाँका मधेसी जनताले आफ्ना हक अधिकार प्राप्तिका लागि थालिएको आन्दोलनको पृष्ठभूमिमा *घुर* लेखिएको समीक्षा गरेका छन् । यस लेखमा पहाडे र मधेसी एकापसमा मिलेर बस्दै आएपनि राजनीतिक विसङ्गतिले गर्दा पहाडे र मधेसी बिच जातीय विभेद चर्कनुका साथै तराईमा भएको गरिबी र अशिक्षाले गर्दा त्यहाँका मानिसहरूको जीवन कष्टकर बन्दै गएको यथार्थ उद्घाटित छ । यस अध्ययनमा मधेसको जनताका सामाजिक, आर्थिक अवस्थाबारे चर्चा गरिएको छ । यसमा मधेसको वर्गीय र सत्ताशक्तिका प्रायोगिक विश्लेषणसम्बन्धी सहायक सामग्री पाइएकाले उपयोगी रहेको छ ।

कुमार कोइराला (२०६८) ले *आख्यान विमर्श* ग्रन्थमा *घुर* उपन्यासको बारेमा समालोचना गरेका छन् । यसमा वि.सं.२०६३ मा भएको मधेस आन्दोलन र उक्त आन्दोलनका क्रममा भएका मधेसवादी दलका कार्यकर्तामाथि राजकीय दमन, आन्दोलनकारीद्वारा सार्वजनिक यातायात तोडफोड, आगजनी, गोली चलेको मान्छे मारिएको विषयवस्तुको वर्णन गरिएको छ । कोइरालाले मधेस आन्दोलनमा सदियौँदेखि थिचिएर रहेका जनताको आवाज मुखरित भएको अवधारणा प्रस्तुत गरेका छन् । यस समालोचनामा सत्ताको केन्द्रमा सधैँ शासन गर्दै आएको पहाडिया जाति र सत्ताहीन

मधेसी जातिका बिच असमभ्रुदारी भएकाले द्वन्द्व चर्किएको उल्लेख गरिएको छ । मधेस आन्दोलनको कार्य-कारण पक्ष, यसबाट उत्पन्न जटिल परिस्थिति, पहाडी र मधेसी बिचका द्वन्द्व, सत्तासीन पहाडिया जाति र सत्ताहीन मधेसी जाति बिचको द्वन्द्व यस समालोचनाको शक्ति हो । यस समालोचनात्मक लेखबाट मधेसको शक्तिविमर्शसम्बन्धी सामग्री पाइएकाले यो लेख उपयोगी रहेको छ ।

राजेन्द्र सुवेदी (२०६८) ले 'समसामयिक नेपाली उपन्यास : सांस्कृतिक र सीमान्तीय अध्ययन' शीर्षकको लेखमा *अलिखित*मा अस्तित्वको पक्ष कम र विसङ्गतिको बोध बढी रहेको मूल्याङ्कन गर्दै सत्तासम्बन्धी चर्चा गरेका छन् । सुवेदीले यस उपन्यासमा सत्ताको अनुकम्पा प्राप्त गरेका त्यस क्षेत्रका राजनीतिक सामाजिक एकाइहरू अघोषित र अवैधानिक शासन गर्न स्वतन्त्र हुनुका साथै आफ्नै जातिका अगुवाबाट समग्र समुदाय प्रताडित र सांस्कृतिक अर्थमा पनि प्रताडित छ भन्ने धारणा व्यक्त गरेका छन् । यस उपन्यासमा प्रयुक्त प्रजातिगत सन्दर्भहरू निकै संवेदनशील रहेका मूल धारबाट पाखा लगाइएका जातिहरूको उपस्थिति रहेको तथा सीमान्तीय व्यवहारको सूचना सजीव रूपमा प्रस्तुत भएको मीमांसा गरिएको छ । जातीय र सत्ताशक्ति सम्बन्ध यस अध्ययनको सबल पक्ष हो ।

सञ्जीव उप्रेती (२०६८) ले *सिद्धान्तका कुरा* कृतिमा *अलिखित* उपन्यासलाई राजनीतिक तथा ऐतिहासिक परिप्रेक्ष्यबाट हेर्न सकिने सम्यक् विश्लेषण गरेका छन् । उप्रेतीले विपन्न वर्गको जीवनसँग सम्बन्धित कथावस्तुलाई राष्ट्रिय सङ्कथनमा नलेखिएको सबाल्टर्नहरूको कथा भनेर समीक्षा गरेका छन् । यस सन्दर्भमा विपन्न वर्गीय मानिसको सीमान्तीय जीवन अवस्थाको बारेमा विश्लेषण गर्न खोजिएको छ । प्रस्तुत अध्ययनमा व्याख्या गरिएको गाउँ र सहरको सत्ताशक्ति सम्बन्ध र वर्गीय विश्लेषण यस समालोचनाको शक्ति हो । उप्रेतीले फुकोलाई उद्धृत गर्दै शक्ति र प्रतिरोध समानान्तर अगाडि बढ्ने धारणा व्यक्त गरेका छन् । उनले प्रस्तुत लेखमा विपन्न वर्गका मानिसहरूले जमिनदारका सत्यहरूको प्रतिरोध गर्ने प्रयत्न गरेका सन्दर्भबारे मीमांसा गरेका छन् । यस लेखमा विरहिनपुरमा जिम्दारको हुकुम चल्ने प्रसङ्गले जिम्दारको सत्ताशक्तिसँगको साँठगाँठ रहेको तथ्यलाई उद्घाटित गरेको देखिन्छ । प्रस्तुत अध्ययनमा अतिविपन्न वर्गीय युवती आफ्नो छाक टार्न आफ्नो अस्मिता बेच्न तयार भएकी र जिम्दार स्त्रीहरूको कोपरामा भात खानसम्म तयार भएकी सन्दर्भले विपन्न वर्गीय महिलाको विद्रुप चित्रण गरिएको छ ।

उप्रेतीले एउटा इतिहासलाई अर्को इतिहासले विस्थापन गर्ने र केही इतिहासहरू लेखिने, पढाइने उल्लेख गर्दै अरू इतिहासहरू नलेखिने समयको दहमा डुब्दै गएर हराउने विषयवस्तुबारे अनुशीलन गरेका छन् । यसरी सत्ताशक्तिमा पहुँच नभएकाहरूको इतिहास नलेखिनुका साथै नपढिने र नपढाइने तथ्यलाई उजागर गर्न खोजिएको छ । प्रस्तुत लेखमा *अलिखित* उपन्यासको वस्तुपरक समालोचना गरिएको छ । यस समालोचनाबाट तराईको वर्गीय अध्ययन र शक्तिविमर्शका सामग्री पाइएकाले सहयोगी रहेको छ ।

ज्ञानु पाण्डे (२०६९) ले *नेपाली उपन्यासमा लैङ्गिकता* ग्रन्थअन्तर्गत लैङ्गिकताको सैद्धान्तिक पक्षबारे विश्लेषण गरेकी छन् । पाण्डेले यस अध्ययनमा लैङ्गिकताको नामकरण तथा परिभाषा, लैङ्गिक समानताको अवधारणा : पृष्ठभूमि, लैङ्गिक अवधारणा : मूलभूत मान्यताबारे व्याख्या गरेकी छन् । उनको यस विश्लेषणमा लैङ्गिक विभेद र पितृसत्ताको अन्तर्सम्बन्ध, परम्परागत लैङ्गिक भूमिका, सकारात्मक विभेद : तत्कालको रणनीति, साहित्य तथा समालोचनाको सन्दर्भबारे व्याख्या गरिएको छ । प्रस्तुत अध्ययनमा पाश्चात्य साहित्य तथा समालोचनामा लैङ्गिक अवधारणाको प्रयोगको परम्परा : सङ्क्षिप्त रेखाङ्कन, नेपाली उपन्यासमा लैङ्गिक चेतनाको प्रभावबारे विश्लेषण गरिएको छ । यस व्याख्याबाट लैङ्गिक अध्ययनसम्बन्धी सैद्धान्तिक सामग्री प्रयोग गरिएकाले यो अध्ययन  उपयोगी रहेको छ ।

प्रदीप नेपाल (२०७२) ले 'सिमानाको कथा' शीर्षकमा माधव प्याकुरेलको *गुलरको फूल* उपन्यासको समीक्षा गरेका छन् । उनले यसको कथावस्तुलाई नेपाल र भारत दुवैतिरका सिमाना वारिपारि बस्ने सिमानाकृत र सीमान्तीकृत विपन्न वर्गका मानिसको कथा भनेका छन् । प्रस्तुत समीक्षामा माओवादी आन्दोलन, मधेस आन्दोलनको पीडा र विस्थापनका साथै मधेसी समुदायमा विद्यमान गौनाको पीडा तथा मधेसीका नागरिकता अप्राप्तिको समस्याबारे उल्लेख गरिएको छ । यसमा छिमेकी देश भारतबाट आएका सम्भ्रान्त वर्गीय व्यापारी र ठेकेदारहरूले हाकिम तथा कर्मचारीसँग पहुँच भएकै कारण तिनले सहजै नागरिकता पाउने गरेका अनुशीलन गरिएको छ । प्रस्तुत समीक्षामा नेपाल र भारतका सीमावर्ती इलाकामा बसोबास गर्ने मानिसका अभाव, गरिबी, आर्थिक पछौटेपनका बारेमा चर्चा गरिएको छ । यस समीक्षामा गण्डक सम्झौतापश्चात् बाँध निर्माण गरेपछि अतिविपन्न वर्गीय रुदलको माछा मार्ने पेसा सङ्कटमा परेको वर्णन गरिएको छ । प्रस्तुत अध्ययनमा अतिविपन्न र पहुँचविहीन पात्र रुदल सहनीको निम्ति  नेपाली नागरिकता दुर्लभ गुलरको फूलतुल्य र उसकी छोरी कलौतियाको निम्ति गौना गुलरको फूलतुल्य भएको निष्कर्ष प्रस्तुत गरिएको

छ । यस समीक्षाबाट प्रस्तुत शोधप्रबन्धका लागि वर्गीय विश्लेषणका निम्ति सहायक सामग्री पाइएकाले उपयोगी रहेको छ ।

महेश कार्की (२०७२) ले *नयनराज पाण्डेका उपन्यासमा सबाल्टर्न* शीर्षकमा दर्शनाचार्य तहको शोधकार्य सम्पन्न गरेका छन् । उनले यस अध्ययनमा वर्गीय र लैङ्गिक प्रतिनिधत्वको बारेमा चर्चा गर्दै सोही दृष्टिकोणबाट *उलार* उपन्यासको विश्लेषणसमेत गरेका छन् । प्रस्तुत शोधमा *उलार* उपन्यासमा वर्गीय सबाल्टर्नको प्रतिनिधित्व, पहिचान र बोलीबारे विश्लेषण गरिएको छ । उनले यस शोधमा प्रभुत्वशाली सामन्त वर्गका मान्छेले अनेक जालझेल, प्रपञ्च र षड्यन्त्र गरेर निम्न वर्गका मान्छेलाई सबाल्टर्न बनाएको मीमांसा गरेका छन् । कार्कीले पिछडिएका वर्ग कहिल्यै पनि प्रभुत्वशाली वर्गको विरुद्धमा आवाज उठाउन नसक्ने र पिछडिएका वर्गका मानिस प्रभुत्वशाली वर्गका मातहतमा दबिएर, धसिएर बाँच्नुपर्ने विश्लेषण गरेका छन् ।

कार्कीले *उलार*लाई वर्गीय सबाल्टर्नको यथार्थ चित्र प्रस्तुत गरेको उपन्यास भनेका छन् । यस शोधमा वर्गीय संरचनामा आधारित समुदायमा उच्च वर्गले समुदायका हरेक क्षेत्रमा निम्न वर्गलाई शोषण गर्ने अभिमत प्रकट गरिएको छ । प्रस्तुत शोधमा सबाल्टर्न वर्गका पात्रहरूले भित्र मनदेखि केन्द्रीय संस्कृतिलाई मन नपराए पनि उनीहरूले खुलेर त्यसको विरोध गर्न नसकेका वास्तविकताबारे प्रस्ट पारिएको छ । यस अध्ययनमा सबाल्टर्न वर्गको प्रतिनिधित्व गर्ने पात्रलाई मधेसी मूलको नेपालीका रूपमा व्याख्या गरिएको छ । प्रस्तुत अध्ययनबाट वर्गीय विश्लेषणका लागि सामग्री प्रयोग गरिएकाले उपयोगी रहेको छ ।

रामगोपाल आशुतोष (२०७२) ले 'यथार्थवादी उपन्यास' शीर्षकको लेखमा *गुलरको फूल* उपन्यासको व्याख्या गरेका छन् । उनले यस उपन्यासमा उत्पीडित, दलित, गरिब, शासित वा युगौँदेखि शोषणमा परेका पात्रहरूको कष्टकर जीवनअवस्थालाई देखाउने प्रयास गरेको धारणा व्यक्त गरेका छन् । आशुतोषले यस अध्ययनमा गरिब वर्गका मानिसहरू समुदायमा सदियौँदेखि दबिएका, पेलिएका, हेपिएका, निचोरिएका नागरिकताविहीन पात्रहरूको बारेमा समीक्षा गरेका छन् । समुदायमा निम्न वर्गीय र राज्य संरचनामा पहुँचविहीन पात्रहरू नागरिकता नपाइकनै मर्नुपर्ने तथ्य उद्घाटन गर्न खोजिएको छ । प्रस्तुत अध्ययनमा वर्गीय द्वन्द्वको उल्लेख गर्नुका साथै श्रमजीवी र कर्मवीरहरूले सधैँ

दुर्नियति भोग्नुपरेका यथार्थ पक्ष उद्घाटित छ । वर्गीय, लैङ्गिक र सत्ताशक्तिसम्बन्ध यस अध्ययनको शक्ति हो भने जातीय अध्ययन नहुनु यसको सीमा हो ।

ताराकान्त पाण्डेय (२०७३) ले *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र* कृतिअन्तर्गत मार्क्सवाद, उत्तरमार्क्सवाद र उत्तरआधुनिकतावादको बारेमा सैद्धान्तिक विमर्श गरेका छन् । उनले यस अध्ययनमा उत्तरआधुनिकतावाद : नवआदर्शवादी कलाचिन्तन, मिथकीय सन्दर्भ : डायोनिसियन उत्तेजना, भाषिक सन्दर्भ : अर्थको एकत्वको विरोध र अमूर्त तथा विरोधहरूको अनन्त शृङ्खलाबाट विरोधै अन्त्य, राजनीतिक सन्दर्भ : मार्क्सवादको निषेध, दार्शनिक सन्दर्भ : अन्त्यसम्बन्धी शून्यवादी चिन्तनबारे विश्लेषण गरेका छन् । प्रस्तुत अध्ययनबाट यस शोधका निम्ति वर्गीय अवधारणासम्बन्धी सैद्धान्तिक सामग्री पाइएकाले यो सामग्री उपयोगी रहेको छ ।

रमेशप्रसाद भट्टराई (२०७३) ले *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक अध्ययन* शीर्षकमा विद्यावारिधिको शोधकार्य सम्पन्न गरेका छन् । उनले सांस्कृतिक अध्ययनलाई सत्ता र राजनीतिसँग जोड्दै  सांस्कृतिक अध्ययनको पक्ष सत्ता र राजनीति हो र त्यसकै आधारमा यसले मूलतः वर्ग, लिङ्ग, जाति र राष्ट्रियताको अध्ययन गर्ने उल्लेख गरेका छन् ।  भट्टराईले यस अध्ययनमा जोड दिँदै उमेर समूह, अपाङ्गता, पर्यावरण, लैङ्गिकता, लोकप्रिय संस्कृति र यसका शिक्षण कला, जनजातीयता र यसको अध्ययन विधिको बारेमा विश्लेषण गरेका छन् । प्रस्तुत अध्ययनमा मार्क्सवाद र सांस्कृतिक अध्ययनबारे व्याख्या गर्नुका साथै लुइस आल्थुसरको विचारधारासम्बन्धी मान्यता, आन्तोनियो ग्राम्चीको प्रभुत्वसम्बन्धी अवधारणा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधमा मिसेल फुकोको विमर्श तथा सत्ता र ज्ञानसम्बन्धी मान्यता, ल्योतार्डको उत्तरआधुनिकताको अवधारणा र मार्क्सवादबारे व्याख्या-युगको आरम्भको बारेमा विश्लेषण गर्दै सांस्कृतिक अध्ययनको क्षेत्र व्यापक र विस्तृत मीमांसा गरिएको छ । यस अध्ययनमा सांस्कृतिक अध्ययन र नेपाली सन्दर्भबारे चर्चा गर्दै वर्गीय अध्ययन, वर्ग र साहित्यिक अध्ययन, लैङ्गिक अध्ययनका सिद्धान्तहरू, जातीय अध्ययन र यसका सिद्धान्तहरू, दलित साहित्य चिन्तनको परम्परा आधुनिक नेपाली उपन्यासको सांस्कृतिक विश्लेषणको ढाँचाबारे अनुशीलन गरिएको छ । प्रस्तुत शोध यस शोधप्रबन्धको सैद्धान्तिक सामग्रीका  लागि उपयोगी रहेको छ ।

नारायण चालिसे (२०७३) ले 'गुलरको फूल : मानव आस्थामा बादलको छाया' शीर्षकको लेखमा *गुलरको फूल* उपन्यासलाई असम्भवमा सम्भवको सपना सजाउने मृगतृष्णाको प्रतीक भनेका छन् । उनले २०१६ सालमा गण्डक सम्झौता भएयता २०६२/०६३ को जनआन्दोलन र मधेस आन्दोलन सम्पन्न भए पनि तराईको विपन्न समुदायका मानिसको जीवनशैली, रहनसहनमा परिवर्तन नआएको वस्तुपरक विश्लेषण गरेका छन् । चालिसेले तराईका अविकसित गाउँहरूमा गरिबी, अशिक्षा, अन्धविश्वास र पछौटेपन व्याप्त रहेको व्याख्या गरेका छन् । उनले रुदलको निम्ति नागरिकता, उसकी छोरी कलौतियाको निम्ति गौना गुलरको फूलतुल्य असम्भव र अप्राप्य भएको विमर्श गरेका छन् ।

प्रस्तुत अध्ययनमा तराईको समुदायमा रुदलतुल्य निम्न वर्गीय निमुखाका निम्ति नागरिकता प्राप्त गर्ने काम असाध्यै कठिन भएको र गरिब वर्गकी चेली कलौतियाको निम्ति गौना साह्रै कठिन काम भएको निरूपण गरिएको छ । प्रस्तुत अध्ययनमा छत्तीस सालको जनमत सङ्ग्रह, छयालीस सालको प्रजातन्त्रको पुनर्बहाली, माओवादीको सशस्त्र युद्ध र मधेस आन्दोलन सम्पन्न भए पश्चात् कतिपय आन्दोलनले नेपाली जाति, वर्ग, भूगोल बिच मनमुटावको स्थिति सिर्जना गरिदिएको अभिमत प्रकट गरिएको छ । नेपालमा विभिन्न समयमा विभिन्न खालका आन्दोलनहरू सम्पन्न भए पनि विपन्न वर्गका मानिसको जीवनमा परिवर्तन नल्याएको धारणा व्यक्त गरिएको छ । वर्गीय विश्लेषण यस लेखको शक्ति हो । यसमा जातीय र लैङ्गिक विश्लेषणको अभाव रहेको छ ।

व्यञ्जना शर्मा (२०७३) ले 'गुलरको फूल मेरा आँखामा' शीर्षकको लेखमा तराईको समुदायमा दाइजो र गौनाका कारण त्यहाँका नारी जातिले भोग्नुपर्ने पीडाबारे चर्चा गरेकी छन् । मान्छे सुखको खोजीमा देशबाट विदेश, पहाडबाट मधेस र गाउँबाट सहरमा बसाइँ सरे पनि उसले कहिल्यै सुख प्राप्त गर्न नसक्नुका साथै सुखलाई केवल भ्रम मात्र भनी अर्थ्याइएको छ । यस अध्ययनमा सुखको खोजीमा भारतीय नागरिक रुदल नेपाल पसेको र उसको सारा परिवारको जीवन गरिबी, अभाव र उत्पीडनमै बितेको सामाजिक यथार्थ पक्षबारे विश्लेषण गरिएको छ । शर्माले यस लेखमा उपन्यासले वि.सं.२०१६ सालदेखि २०६३ सम्मको कालखण्डलाई समेटेको छ र जनमत सङ्ग्रहको भोटर लिस्टमा रुदलको नाम समावेश गरिएकाले रुदलको सम्धीले आफ्नी बुहारी कलौतियाले नागरिकता प्राप्त गरेपछि मात्र गौना गरेर आफ्नो घर लाने सन्दर्भबारे सूक्ष्म विश्लेषण गरेकी छन् ।

नेपालमा २०१६ देखि २०६३ का समयावधिमा विभिन्न राजनीतिक परिवर्तनहरू भए पनि गरिब वर्गका नागरिकहरू नागरिकता प्राप्त गर्न असमर्थ रहेका प्रसङ्गलाई सम्यक् विश्लेषण गरिएको छ । यस लेखमा निम्न वर्गीय पात्रहरूको चरम गरिबी र गरिब भएकै कारण उनीहरू नागरिकता पाउनबाट वञ्चित रहनु परेका वास्तविकतालाई प्रस्ट उल्लेख गरिएको छ । प्रस्तुत समीक्षाबाट यस शोधप्रबन्धको लैङ्गिक विश्लेषणका लागि सहायक सामग्री पाइएकाले यो समीक्षा महत्त्वपूर्ण रहेको छ ।

शारदा पराजुली (२०७३) ले 'गौनामा अड्केको गुलरको फूल' शीर्षकको लेखमा *गुलरको फूल* उपन्यासको विमर्श गरेकी छन् । पराजुलीले उपन्यासमा रुदलको परिवार भारतको विहार प्रान्तको भैंसालोटनबाट आएर नेपालको फत्तेपुर नजिकैको गोढ टोलमा बसेको र गरिब मान्छे गरिबीमै जन्मन्छ, गरिबीमै हुर्कन्छ अनि गरिबीमै चेप्टिएर मर्ने विश्लेषण गरेकी छन् । यस लेखमा रुदलकी छोरी कलावती गरिब भएकैले नागरिकता नपाएकी र उसले नागरिकता नपाएकीले उसको गौना नभएको सामाजिक यथार्थबारे विमर्श गरिएको छ । प्रस्तुत लेखमा तराईको वर्गीय सन्दर्भ, त्यहाँको लैङ्गिक प्रसङ्ग र सत्ताशक्ति सम्बन्धबारे अभिमत प्रकट गरिएको छ ।

गरिब वर्गका मान्छेहरू जेनतेन गुजारा चलाएर बाँच्ने र तिनले राज्यमा सहजै नागरिकता प्राप्त गर्न नसकी राज्यमा अनागरिक जीवन बिताउनुपर्ने वास्तविकताबारे छर्लङ्ग्याइएको छ । यस लेखमा रुदलकी छोरी कलावतीको विवाह भएको चार वर्षसम्म पनि उसले नागरिकता नपाएकीले उसको पतिले गौना गरी नलगेको हुनाले ऊ पतिबाट प्राप्त गर्नुपर्ने यौनसुखबाट वञ्चित रहेकी प्रसङ्गबारे उल्लेख गर्दै कलावतीको गौना नभएकोले ऊ दमित कामवासनाबाट छटपटिएकी वास्तविकता उद्घाटित छ । देशमा माओवादी आन्दोलन, तराई मधेसको आन्दोलन सम्पन्न भए पनि तिनले निर्धन र पहुँचविहीनहरूको जीवनमा परिवर्तन ल्याउन नसकेको विमर्श गरिएको छ । पराजुलीले गरिबको जिन्दगीलाई गुलरको फूलसँग तुलना गरेकी छन् । प्रस्तुत लेखमा समुदायको वर्गीय संरचना र लैङ्गिक अध्ययनसम्बन्धी सामग्री पाइए पनि यसमा जातीय अध्ययन र सत्ताशक्ति सम्बन्धी अध्ययनको अभाव रहेको छ ।

कृष्णचन्द्र शर्मा (२०७४) ले *समकालीन पाश्चात्य समालोचना सिद्धान्तका प्रणेताहरू* नामक ग्रन्थअन्तर्गत दार्शनिक मिसेल फुको र उनका विभिन्न अवधारणाहरूबारे व्याख्या

गरेका छन् । उनको यस अध्ययनमा फुकोका निश्चित आत्मपरकताको खण्डन, शक्ति र संस्थाहरू, शक्ति सम्बन्धहरू, शक्ति र प्रतिरोध, शक्ति र दण्डविधान, शासनात्मकता, जैव शक्तिका बारेमा अध्ययन गरिएको छ । यसका साथै प्रस्तुत अध्ययनमा सङ्कथन र सत्य, ज्ञान, आर्काइभ, डिस्कर्सिभ फर्मेसन, स्टेटमेन्ट, नलेज एन्ड ट्रुथ, आर्कियोलोजी र जिनियोलोजी, फुकोको अभिरुचि र दर्शनबारे व्याख्या गरिएको छ । प्रस्तुत अध्ययनबाट शोधका निम्ति फुकोको शक्तिसम्बन्धी सैद्धान्तिक सामग्री पाइएकाले यो लेख उपयोगी रहेको छ ।

डी.आर.पोखरेल (२०७४) ले *नेपाली उपन्यासमा गणतान्त्रिक चेत* नामक कृतिअन्तर्गत *उलार* उपन्यासको विश्लेषण गरेका छन् । पोखरेलले नेपाली राजनीति र त्यसका अगुवाहरूको कुरूपताको चित्रण गरिएको *उलार*लाई तराईका निम्न तहका मजदुर वर्गको दुरावस्थाको जीवन्त तस्विर भनी उल्लेख गरेका छन् । उनले यस लेखमा छट्टु राजनीतिकर्मीहरूका षड्यन्त्र, जालझेल, प्रपञ्च एवम् तिनका दुश्चरित्रबारे सम्यक् व्याख्या गरेका छन् । यसमा विपन्न वर्गका मानिसहरूले आजीविका चलाउन निकै कष्ट बेहोर्नुपर्ने विषयवस्तुबारे विश्लेषण गरिएको छ ।

प्रस्तुत लेखमा धनी वर्ग र गरिब वर्ग गरी दुई भिन्न वर्गहरूको चित्रण भएको उल्लेख गरिएको पाइन्छ । नागरिकको जीउधनको सुरक्षाको जिम्मेवारी लिएर बसेका सुरक्षाकर्मी, रिक्सा चालक, टाँगा चलाउने मजदुरहरू अति विपन्न वर्गकी महिलाकहाँ संसर्ग गर्न जाने वास्तविकताबारे उद्घाटन गरिएको छ । प्रस्तुत अध्ययनमा मधेसी समुदायको जातीय र सत्ताशक्तिसम्बन्धबारे अध्ययन नगरिएकाले अनुसन्धान आवश्यक रहेको छ । यस अध्ययनबाट शोधप्रबन्धको वर्गीय र लैङ्गिक विश्लेषणका लागि सहायक सामग्री पाइएकाले यो लेख उपयोगी रहेको छ ।

विजयप्रसाद मिश्र (२०७४) ले *नेपालमा मधेस आन्दोलन* (वि.सं.२०५४ देखि राजतन्त्रको अन्त्यसम्म) शीर्षकमा विद्यावारिधिको शोध गरेका छन् । यसमा तराई र मधेसका बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ । प्रस्तुत अध्ययन मधेसको शक्तिविमर्शमा केन्द्रित रहेको छ । यही नै यस शोधको शक्ति हो । यस अनुसन्धानमा मधेस र मधेसीका सन्दर्भलाई सीमित गरी अर्थ्याइएको छ । प्रस्तुत अनुसन्धानमा मधेसी समुदायका

वर्गीय, जातीय र लैङ्गिक प्रतिनिधित्वका बारेमा अध्ययन नगरिएकाले अनुसन्धान आवश्यक रहेको छ ।

कृष्ण गौतम (२०७५) ले *मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म* पुस्तकमा आल्थुजरको सङ्क्षिप्त परिचय र उनका कृतिहरूबारे उल्लेख गर्दै संरचनात्मक मार्क्सवादबारे चर्चा गरेका छन् । प्रस्तुत सैद्धान्तिक अध्ययनमा आल्थुजरले प्रतिपादन गरेका आइडियोलोजीको ( विचारधारा) बारेमा वर्णन गरिएको छ । उनले आल्थुजरको विचारधाराअन्तर्गत दमनात्मक र विचारधारात्मक गरी दुई ओटा औजार हुने तथ्य प्रस्तुत गरेका छन् । दमनात्मकअन्तर्गत सेना, प्रहरी, जेल आदि र विचारधारात्मकअन्तर्गत विद्यालय, मठ, मन्दिर, मिडिया, कानुन, परिवार, श्रमसंगठन, संस्कृति आदि पर्ने उल्लेख गरिएको छ । यस सैद्धान्तिक लेखबाट प्रस्तुत शोधका निम्ति विचारधारा र शक्तिसँग सम्बन्धित सैद्धान्तिक सामग्री पाइएकाले उपयोगी रहेको छ ।

धनप्रसाद सुवेदी (२०७५) ले 'नेपाली उपन्यासमा आञ्चलिकता : परम्परा र प्रवृत्ति' शीर्षकको लेखमा आञ्चलिक नेपाली उपन्यासबारे सर्वेक्षणात्मक समीक्षा गरेका छन् । उनले यस लेखमा *घामका पाइलाहरू, अलिखित, यहाँदेखि त्यहाँसम्म* र *उलार*लाई अञ्चलमा केन्द्रित उपन्यास भनेका छन् । सुवेदीले *अलिखित*मा तराईको समथर भूमिसँगै त्यहाँको बाटोघाटो, त्यहाँका जङ्गल, जङ्गलमा पाइने हिंस्रक जनावरहरूको बारेमा चर्चा गर्दै तराईमा चरम गरिबी, अशिक्षा, अभाव र सुरक्षाको कमी रहेको विमर्श गरेका छन् । उनले यस लेखमा *अलिखित* उपन्यासमा तराईको भोजपुरीभाषी, विविध जातजाति र निकै पिछडिएको मुसहर जातिको बारेमा उल्लेख गरेका छन् । प्रस्तुत अध्ययनमा *अलिखित* उपन्यासमा गाउँको मुखिया, अड्डाका कर्मचारी आदिले सित्तैमा जनताका कुखुरा, घिउ खाने गरेका, गरिब जनतालाई रक्सी खुवाएर मत किन्ने गरेका, विरोधीलाई कुट्ने, झुठा मुद्दा लगाएर जेल पठाउने र मार्नेसमेत असामाजिक र आपराधिक गतिविधिबारे विश्लेषण गरिएको छ । सुवेदीले यस अध्ययनमा *अलिखित* उपन्यासमा गाउँको मुखिया, प्रधानले गर्ने श्रम शोषण, आर्थिक शोषण, विरोधीहरूको हत्याजस्ता आपराधिक क्रियाकलापबारे विवेचना गरेका छन् । उनले प्रस्तुत लेखमा *उलार*को बारेमा व्याख्या गर्दै आर्थिक विपन्नताकै कारण वादी महिलाहरू देह व्यापारको पेसा अपनाउनु परेका, गरिबीकै कारण प्रेमललवा अविवाहित बस्नु परेको वास्तविकताबारे मीमांसा गरेका छन् ।

सुवेदीले *उलार*मा सम्भ्रान्त र शोषक वर्गका मानिसहरू आफ्ना स्वार्थ पूर्ति गर्नका लागि एकजुट भएको यथार्थ पक्षको उद्घाटन गरेका छन् । उनले यस लेखमा *उलार* उपन्यासमा स्थानीय नेताले सर्वसाधारणको जग्गा सस्तो दाममा हात पार्ने, सुरक्षाकर्मीले वादी महिलासँग विना पैसा यौन सम्पर्क राख्ने, कवि हुँ भन्नेले पनि मजदुर वर्गको मानिससँग रिन भनी मागेको रुपियाँ नतिरी भाग्नेजस्ता शोषणका सन्दर्भहरूको चित्रण भएको उल्लेख गरेका छन् । प्रस्तुत अध्ययनबाट शोधको प्रायोगिक विश्लेषणका निम्ति वर्गीय र लैङ्गिकतासम्बन्धी सहायक सामग्री पाइएकाले यो लेख उपयोगी रहेको छ ।

हरि अधिकारी (२०७५) ले *मालिकहरूको मधेस* उपन्यासको भूमिकामा यस उपन्यासको कथावस्तुलाई तराई-मधेसको तृणमूल तहमा रहेका भुइँमान्छेहरूको कथाव्यथाको संज्ञा दिएका छन् । यसमा तराई-मधेसका भुइँमान्छेहरू काठमाडौँका शासक वर्ग, तिनका भाइभारदार एवम् कारिन्दा तथा मधेसकै धनी एवम् जमिनदारहरूबाट शोषितपीडित रहेका व्याख्या गरिएको छ । अधिकारीले मधेसको उर्वर जमिनमा पहाडका सम्भ्रान्त र मधेसका ठालुहरूको एकाधिकार रहेकाले त्यहाँका बहुसङ्ख्यक भूमिपुत्रहरू आफ्नै जमिनबाट बेदखल भएर भूमिहीन जीवन बाँच्न बाध्य रहेका तथ्यको वर्णन गरेका छन् ।

मधेसको स्थानिक पात्रका रहनसहन भाषा, व्यवहार, गीतसङ्गीत र संस्कृतिका विविध पक्षको प्रस्तुति भएको यस उपन्यासलाई आञ्चलिक उपन्यास भन्न सकिने अभिमत प्रकट गरिएको छ । उनले मधेसमा भुइँमान्छेहरू सदियौँदेखि पहिचानविहीन, प्रतिष्ठाच्युत, दमित र पददलित भएर बाँच्न विवश बनाइएका समीक्षा गरेका छन् । यसका साथै काठमाडौँका अग्ला अग्ला महल तथा पर्खालभित्र बस्ने सम्भ्रान्त एवम् शासकहरू भोगविलासमा लिप्त हुनुका साथै त्यहाँ नारी जातिमाथि हुने यौनशोषणको वास्तविकताबारे उजागर गरिएको छ । यसबाट मधेसका भुइँमान्छेहरूको प्रतिनिधित्व र सत्ताशक्तिसम्बन्धी सामग्री पाइएकाले यस शोधप्रबन्धका लागि उपयोगी रहेको छ ।

गोपीरमण उपाध्याय (२०७६) ले *प्रगतिवादी समालोचना* ग्रन्थमा *गुलरको फूल* उपन्यासको बारेमा समालोचना गरेका छन् । यसमा नेपाल र भारत दुवैतिरका विपन्न वर्गको चरम अभाव र आर्थिक पछौटेपनको बारेमा चर्चा गरिएको छ । प्रस्तुत समालोचनामा वि.सं.२०१६ को गण्डक सम्झौता, वि.सं.२०१७ सालको पञ्चायती

व्यवस्थाको सुरुवात, वि.सं.२०१९ सालमा पञ्चायती संविधान जारी भएको र वि.सं.२०३७ सालमा नेपालमा जनमतसङ्ग्रह भएको उल्लेख गरिएको छ ।

नेपालमा पटक पटक राजनीतिक परिवर्तन भए पनि यहाँका निम्न वर्गका जीवनमा कुनै परिवर्तन हुन नसकेको उनले चर्चा गरेका छन् । प्रस्तुत समालोचनामा गढीमाई मेला, पशु बलीको सन्दर्भ, निम्न वर्गीय रुदल सहनीको नागरिकता प्राप्तिको समस्या र कलौतियाको गौना हुन नसकेको तथ्यबारे खोलुवा गरिएको छ । यसबाट प्रस्तुत शोधप्रबन्धका लागि वर्गीय र शक्तिविमर्शको व्याख्याका निम्ति सहायक सामग्री पाइएकाले उपयोगी रहेको छ ।

मोहन वैद्य किरण (२०७७) ले *मार्क्सवादी समालोचना* कृतिमा दर्शनशास्त्रको बारेमा सैद्धान्तिक विश्लेषण गरेका छन् । किरणले यस अध्ययनमा सांस्कृतिक अध्ययनको विकास प्रक्रिया, सांस्कृतिक अध्ययनको उद्देश्य, सांस्कृतिक अध्ययन : आधार र अवधारणाअन्तर्गत संयोजन, पहिचान, पाठ, विचारधारा, विमर्श, संस्कृतिवाद, प्रभुत्व, प्रतिनिधित्व, लोकप्रिय संस्कृतिका साथै नारीवाद, उत्तरऔपनिवेशिकता, उत्तरमार्क्सवाद र सांस्कृतिक अध्ययनबारे व्याख्या गरेका छन् । यस लेखअन्तर्गत सांस्कृतिक अध्ययन विभिन्न देशहरूमा, सांस्कृतिक अध्ययनका विशेषता, सांस्कृतिक अध्ययनको आलोचना र सांस्कृतिक अध्ययनमा दार्शनिक पक्ष समावेश गरिएका छन् । प्रस्तुत अध्ययनबाट यस शोधका लागि विचारधारा र प्रतिनिधित्वसम्बन्धी  सैद्धान्तिक सामग्री  पाइएकाले यो सामग्री उपयोगी रहेको छ ।

रमेश भट्टराई (२०७७) ले *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ* कृतिअन्तर्गत वर्गीय अध्ययन, लैङ्गिक अध्ययन र जातीय अध्ययन शीर्षकमा सैद्धान्तिक निष्कर्ष प्रस्तुत गरेका छन् । उनले वर्गीय अध्ययनअन्तर्गत वर्ग शब्दको उत्पत्ति र विकास, वर्गको परिभाषा र स्वरूप, वर्गको उत्पत्ति र विकासबारे विश्लेषण गर्नुका साथै वर्ग विश्लेषण र यसका सैद्धान्तिक आधारबारे व्याख्या गरेका छन् । यस अध्ययनमा वर्गीय अध्ययनका सिद्धान्तहरू तथा वर्ग र साहित्यिक अध्ययनबारे चर्चा गरिएको छ । प्रस्तुत पुस्तकको लैङ्गिक शीर्षकअन्तर्गत लैङ्गिक अध्ययनको अर्थ र परिभाषा, लैङ्गिक अध्ययनको परम्परा र विकास, लैङ्गिक अध्ययनका सिद्धान्तहरूका साथै लैङ्गिक अध्ययन र समालोचनाबारे विश्लेषण गरिएको छ ।

भट्टराईको प्रस्तुत पुस्तकमा जातीय अध्ययनअन्तर्गत जातीय अध्ययनका क्षेत्रहरू, जाति व्यवस्थाको उत्पत्ति र विकास, जातीय अध्ययनको परम्परा र विकास र जातीय अध्ययनका सिद्धान्तहरूबारे व्याख्या गर्नुका साथै जातीय समालोचना सिद्धान्त : प्रारम्भ र विकास तथा दलित जातीय अध्ययनबारे निष्कर्ष प्रस्तुत गरिएको छ । यस अध्ययनबाट शोधप्रबन्धको सैद्धान्तिक विश्लेषणका निम्ति वर्गीय, लैङ्गिक र जातीयसम्बन्धी सामग्री पाइएकाले निकै उपयोगी रहेको छ ।

गोपाल ठाकुर (२०७९) ले *उत्पीडित मधेश आ भोजपुरी* अनुसन्धानात्मक कृतिमा *अलिखित* उपन्यासको बारेमा वस्तुपरक समीक्षा गरेका छन् । ठाकुरले *अलिखित*मा मधेसी र भोजपुरीभाषी महिलाका गलत उपस्थापनप्रति आपत्ति जनाएका छन् । उनले *अलिखित* उपन्यासलाई मधेसी जनताप्रतिको प्रायोजित भाषिक-सांस्कृतिक दुराचारको नमुनाको संज्ञा दिएका छन् । यस उपन्यासमा विपन्न वर्गीय मधेसी पुरुषका हीनतर चित्रणका साथै मधेसी महिलाका अस्मिताका बारेमा गलत प्रस्तुति गरिएकाप्रति ठाकुरको आपत्ति रहेको छ । यस लेखमा मधेसीका वर्गीय, लैङ्गिक र शक्तिविमर्शबारे सहायक सामग्री पाइएकाले प्रस्तुत लेख महत्त्वपूर्ण रहेको छ ।

सुवेदी (२०५४) को विमर्श मधेसको वर्गीय र लैङ्गिक अध्ययनमा केन्द्रित रहेको छ । राकेश (२०५५)को समालोचना तराई पक्षधरतामा केन्द्रित रहेको छ । सुवेदी (२०५६) को अध्ययन मधेसको आञ्चलिकताका साथै शक्तिविमर्शमा केन्द्रित रहेको छ । यादव (सन् २००७)को अध्ययन मधेसी र पहाडी समुदायका शक्तिविमर्शका साथै लैङ्गिक प्रतिनिधित्वमा सीमित रहेको छ । लामिछाने (२०६३)को अध्ययन विसङ्गतिवादी व्याख्यामा केन्द्रित रहेको छ । आचार्य (२०६५)को समालोचना मधेसीको शक्तिविमर्शमा र नीरव (२०६५)को अध्ययन मधेसको सामाजिक र राजनीतिक सन्दर्भका बारेमा केन्द्रित रहेको छ । मधिकर्मी (२०६६)को समीक्षामा मधेसी जनताका सामाजिक अवस्थाका बारेमा सीमित रहेको छ । यसैगरी कोइराला (२०६८)को अध्ययन मधेसीको शक्तिविमर्शमा केन्द्रित रहेको छ । सुवेदी (२०६८)को अध्ययन मधेसको जातीय सन्दर्भ र सत्ताविमर्शमा केन्द्रित रहको छ । पाण्डे (२०६९)को अध्ययन लैङ्गिकताको सैद्धान्तिक विमर्शमा सीमित रहेको छ भने नेपाल (२०७२)को समीक्षा तराइलीका आर्थिक अवस्था र शक्तिविमर्शमा केन्द्रित रहेको छ । कार्की (२०७२)को शोध सबाल्टर्नको सैद्धान्तिक चर्चाका साथै मधेसीका वर्गीय अध्ययनमा सीमित

रहेको छ । आशुतोष (२०७२)को अध्ययन सीमन्तीयता अध्ययनमा सीमित रहेको छ । पाण्डेय (२०७३)को विमर्श मार्क्सवाद र उत्तरआधुनिकतावादी अध्ययनमा केन्द्रित छ ।

भट्टराई (२०७३)को शोध सांस्कृतिक अध्ययनमा केन्द्रित रहनुका साथै यसमा वर्ग, जाति, लिङ्ग र राष्ट्रियताका बारेमा विश्लेषण गरिएको छ । चालिसे (२०७३)को अध्ययनमा तराईको राजनीतिक परिचर्चाका साथै वर्गीय अध्ययन गरिएको छ । शर्मा (२०७३) को अध्ययन वर्गीय समीक्षाकेन्द्री छ । पराजुली (२०७३)को समीक्षामा माओवादी आन्दोलन र मधेस आन्दोलनका बारेका चर्चा गर्नुका साथै पहुँचविहीनका जीवनमा रूपान्तरण हुन नसकेको निष्कर्ष प्रस्तुत गरिएको छ । शर्मा (२०७४)को अध्ययन मिसेल फुकोको शक्ति विमर्शमा सीमित रहेको छ । पोखरेल (२०७४)को समीक्षा तराइली समुदायको वर्गीय र लैङ्गिक विमर्शमा सीमित रहेको छ ।

मिश्र (२०७४)को अध्ययन मधेसीको शक्तिविमर्शमा सीमित रहेको छ । गौतम (२०७५)को अध्ययन आल्थुरको विचारधाराको अध्ययनमा सीमित छ । अधिकारी (२०७५)को अध्ययन मधेसका सीमान्तीकृतका शोषण, असमान व्यवहारको चर्चामा सीमित रहेको छ र महिलामाथिका शोषणको निष्कर्ष प्रस्तुत गरिएको छ । उपाध्याय (२०७६)ले राजनीतिक आन्दोलन भए पनि सीमान्तीकृतका जीवनस्तरमा सुधार नभएको समीक्षा प्रस्तुत गरेका छन् । वैद्य (२०७७)को अध्ययन विचारधारा, प्रभुत्व, प्रतिनिधित्व, नारीवाद र सांस्कृतिक अध्ययनमा केन्द्रित रहेको छ । ठाकुरको अध्ययन मधेसीका वर्गीय, लैङ्गिक र शक्तिविमर्शमा केन्द्रित रहेको छ ।

समीक्षित पूर्वकार्यहरूमा नेपाली उपन्यासको विभिन्न किसिमले अध्ययन गर्ने सन्दर्भमा प्रतिनिधित्वको पनि चर्चा गरिएको छ । उक्त अध्ययनमा साहित्यिक समालोचनाका आधुनिक र उत्तरआधुनिक दुवै किसिमका सिद्धान्तहरूको प्रयोग गरिएको छ । पूर्वकार्यहरूमा आधुनिकतावादसँग सम्बन्धित अध्ययन कुनैमा पात्र, परिवेश र आञ्चलिकता, विसङ्गतिबोध आदिका आधारमा विश्लेषण गरिएका छन् । नेपाली उपन्यासहरूको उत्तरआधुनिकतावादी कोणबाट अध्ययन गर्ने सन्दर्भमा सांस्कृतिक अध्ययनका विभिन्न अवधारणाहरूको प्रयोग गरी विश्लेषण गरिएका छन् ।

समीक्षित पूर्वकार्यहरूमा मधेसी समुदायका पात्र, परिवेश र विसङ्गतिलाई आधार बनाएर अध्ययन गरिएको पाइए पनि मधेसी समुदायको प्रतिनिधित्व शीर्षकमा अध्ययन

गरिएको छैन । पूर्वकार्यहरूमा मधेसीका सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक विषयवस्तुलाई आधार बनाएर वर्गीय, जातीय, लैङ्गिक प्रतिनिधित्वको सैद्धान्तिक पर्याधारका आधारमा अध्ययन भएको छैन । यसका साथै उपर्युक्त समीक्षामा सीमान्तीकृत मधेसी समुदायको सांस्कृतिक अध्ययनअन्तर्गतको प्रतिनिधित्वको अवधारणाका आधारमा  अध्ययन नभएकाले ती पक्षको अध्ययनका लागि शोध रिक्तता स्पष्ट भएको छ । यसका साथै उपर्युक्त अध्ययनमा भौतिक प्रतिनिधित्व, विचारधाराका रूप, सीमान्तीकृत मधेसी समुदायको आवाज र प्रतिरोध अनि अर्थ निर्माण एवम् भाषिक पद्धति अध्ययनको अभाव देखिन्छ । प्रस्तुत शोधप्रबन्धमा ती अन्तराललाई परिपूर्ति गर्ने कार्य गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

आधुनिक नेपाली उपन्यासहरूको सर्वेक्षण गर्दा ती साहित्यको सांस्कृतिक अध्ययनका विविध कोणबाट विवेच्य र शोधनीय रहेका छन् । पूर्वकार्यको समीक्षालाई हेर्दा साहित्यको सांस्कृतिक अध्ययनसँग सम्बन्धित अध्ययन छन् र ती फुटकर रहेका छन् । साहित्यको सांस्कृतिक अध्ययनअन्तर्गत आधुनिक नेपाली उपन्यासमा मधेसी प्रतिनिधित्व प्राज्ञिक अध्ययनका दृष्टिकोणबाट मौलिक रहेको छ । यस शीर्षकका शोधसमस्याहरू प्राज्ञिक अध्ययनीय एवम् महत्त्वपूर्णसमेत भएकाले प्रस्तुत शोध औचित्यपूर्ण रहेको स्पष्ट छ ।

## १.६ शोधविधि

सांस्कृतिक अध्ययनअन्तर्गत प्रतिनिधित्वको अध्ययन विश्लेषण साहित्यको अध्ययन गर्ने अवधारणा हो । साहित्यिक कृतिमा प्रयुक्त सामाजिक सन्दर्भहरूलाई सांस्कृतिक अध्ययनका विभिन्न कोणहरूबाट विश्लेषण गरिएको छ । यस शोधमा सांस्कृतिक अध्ययनको संस्कृति परिपथअन्तर्गत पर्ने प्रतिनिधित्वलाई आधुनिक नेपाली उपन्यासहरूको विश्लेषणको आधार बनाइएको छ । आधुनिक नेपाली उपन्यासमा  मधेसी प्रतिनिधित्व शीर्षकमा हालसम्म शोधकार्य भएको छैन । अतः प्रस्तुत अनुसन्धान महत्त्वपूर्ण रहेको छ । प्रस्तुत शोध साहित्यिक विषयवस्तुमा आधारित भएकाले यो गुणात्मक प्रकृतिको शोध हो र प्रस्तुत अनुसन्धान पाठमा आधारित विश्लेषण, विषयवस्तु र सन्दर्भपरक विश्लेषणमा आधारित छ । त्यसैले पाठ, विषयवस्तु र सन्दर्भपरक विश्लेषणका लागि प्रतिनिधित्वको सैद्धान्तिक प्रस्थापनालाई मुख्य आधार बनाइएको छ । आधुनिक नेपाली उपन्यासमा मधेसी प्रतिनिधित्व विषयक शोधकार्य सम्पन्न गर्नका लागि सामग्री सङ्कलन कार्य, सैद्धान्तिक आधार र

सामग्रीको सर्वेक्षण, विश्लेषण र मूल्याङ्कनका निम्ति अवलम्बन गरिएको ढाँचा उपन्यास विश्लेषणसम्बन्धी सिद्धान्तका मान्यता र आधारबारे क्रमशः तल प्रस्तुत गरिएको छ ।

### १.६.१ सामग्री सङ्कलनको विधि र प्रक्रिया

प्रस्तुत शोध गुणात्मक प्रकृतिको छ र गुणात्मक प्रकृतिको अनुसन्धानका भेदहरूमध्ये कलात्मक अनुसन्धान पद्धतिको प्रयोग यस शोधमा गरिएको छ । कलात्मक अनुसन्धान पद्धति सृजनात्मक कलामा आधारित हुन्छ र सृजनात्मक कला र अभ्यासका रूपमा यस शोधमा आधुनिक नेपाली उपन्यासलाई लिइएको छ । त्यही आधारमा नेपाली समाज र त्यसले नेपाली उपन्यास लेखनमा पारेको प्रभावको क्षेत्रीय अवस्था र स्थिति तथा उत्पीडित र पछि पारिएको क्षेत्रका रूपमा रहेको मधेसी समुदाय तथा त्यस समुदायको चित्रणलाई अध्ययनको आधार बनाइएको छ । यस दृष्टिले प्रस्तुत शोधमा विधापरक अध्ययन पद्धतिलाई प्रमुख आधार मान्दै पाठपरक विश्लेषणलाई शोधको प्रमुख आधार मानिएको छ ।

प्रस्तुत शोधमा आधुनिक नेपाली उपन्यासको सर्वेक्षण गरी मधेसी समुदायको प्रतिनिधित्वका दृष्टिले सघन तथा औपचारिक निर्मितिका दृष्टिले सबल उपन्यासलाई विश्लेष्य उपन्यासको रूपमा लिइएको छ । यस दृष्टिले ध्रुवचन्द्र गौतमको *अलिखित* (२०४०), नयनराज पाण्डेको *उलार* (२०५६), धीरकुमार श्रेष्ठको *घुर* (२०६४), माधव प्याकुरेलको *गुलरको फूल* (२०७१), गणेशराज अधिकारीको *मालिकहरूको मधेस* (२०७५) र मुना चौधरीको *दुलारी* (२०७६) उपन्यासहरूलाई विश्लेषणका लागि चयन गरिएको छ । यी उपन्यासहरू यस शोधका प्राथमिक सामग्री हुन् भने द्वितीयक सामग्रीका रूपमा स्टुआर्ट हल, मिसेल फुको, एन्टोनियो ग्राम्ची, कार्ल मार्क्स, जुडिथ बटलरका सैद्धान्तिक मान्यता तथा मधेसी समुदायका दृष्टिले लेखिएका सैद्धान्तिक र व्यावहारिक सामग्रीलाई प्रयोग गरिएको छ । यसबाहेक नेपाली उपन्यासका बारेमा गरिएका अध्ययन र विश्लेषण, दर्शनाचार्य तथा विद्यावारिधिका शोधप्रबन्ध साहित्यिक जर्नल, शोधलेखलाई पनि द्वितीयक सामग्रीको रूपमा उपयोग गरिएको छ ।

### १.६.२ सैद्धान्तिक आधार

'प्रतिनिधित्व' (रिप्रेजेन्टेसन) शब्दले कुनै वस्तु वा घटनालाई प्रतिनिधित्व गर्नु वा उपस्थिति जनाउने भन्ने बुझिन्छ । यस शब्दले सामाजिक रूपमा स्वतन्त्र अस्तित्व बोध गर्ने व्यक्तिदेखि समुदायका विभिन्न एकाइहरूलाई जनाउँछ । प्रतिनिधित्व शब्दले सामाजिक

रूपमा पृथक् अस्तित्व बोध गर्ने कुनै व्यक्ति, समूह, समुदाय वा वर्गलाई सङ्केत गर्दछ । पाश्चात्य सांस्कृतिक अध्ययनअन्तर्गत प्रतिनिधित्वलाई सत्ताशक्ति संरचनासँग जोडेर हेर्ने गरिन्छ । प्रतिनिधित्वको मुख्य विषय सामाजिक संरचनाको निर्माण कसरी भएको छ र समुदायको सदस्य व्यक्ति, समूह, समुदाय वा वर्गको प्रतिनिधित्व के कसरी भएको छ सो विषयवस्तुलाई केलाएर हेर्ने गरिन्छ (बार्कर, सन् २०००, पृ. ८) । यस अध्ययनले सांस्कृतिक अध्ययनको बहुविषयक सन्दर्भलाई इङ्गित गरेको छ ।

सांस्कृतिक अध्ययनअन्तर्गतको प्रतिनिधित्वका तीनवटा पद्धतिहरू रहेका छन्, ती यस प्रकार छन् :

(क) परावर्तक पद्धति

(ख) आशयपरक पद्धति

(ग) निर्माणवादी पद्धति

परावर्तक पद्धतिलाई सांस्कृतिक अध्ययनसँग जोडेर अध्ययन गर्न सकिन्छ । परावर्तक पद्धतिअन्तर्गत साहित्यिक पाठमा समाजका विषयवस्तु एवम् सन्दर्भहरूको प्रतिविम्बनलाई गहन अध्ययन गरिन्छ । साहित्यिक पाठहरूले दिने अर्थका आधारमा पात्रका प्रतिनिधित्वको खोजी गरिन्छ । साहित्यमा प्रतिनिधित्वको खोजी विचारधारा, संस्थाहरू, सङ्कथन र अर्थतन्त्रका आधारमा गरिन्छ । यसको तात्पर्य के हो भने पाठमा प्रयुक्त पात्रका गतिविधि, संवाद, पाठमा तिनलाई दिइएको भूमिका, चरित्राङ्कन आदिका आधारमा प्रतिनिधित्वको खोजी गर्न सकिन्छ । साहित्यिक कृतिमा उपस्थापन गरिएका पात्र वा चरित्र, विषय वा विचार एकातर्फ वैचारिक र अर्कोतर्फ सामाजिक समूहहरू हुन्छन् । पाठमा प्रयुक्त विषय, विचार वा चिन्तनले व्यक्तिभन्दा पनि समूह वा समुदायको प्रतिनिधित्व गर्दछ । पाठमा पात्रले केवल वैयक्तिक चरित्रको उपस्थिति मात्रलाई जनाउँदैन ।

पात्र सामाजिक एकाइका श्रेणीहरूसँग छुट्याउनै नमिल्ने गरी जोडिएको हुन्छ । पात्र कुनै वर्ग, जाति, लिङ्ग, समुदायसँग परम्परित तवरले जोडिएको हुन्छ । पात्रले निश्चित वर्ग, जाति, लिङ्ग र समुदायको प्रतिनिधित्व गर्दा सामाजिक विमर्शात्मक संरचनामा उसको शक्तिसम्बन्ध पनि अभिन्न रूपमा जोडिएर आउँछ । प्रतिनिधित्वअन्तर्गत खास सामाजिक श्रेणीका राजनीतिक, सांस्कृतिक पहिचानका बारेमा विश्लेषण गरिन्छ (उद्धृत गिरी, २०७०,

पृ. २८) । पाठमा प्रयुक्त विषयवस्तु र पात्रलाई प्रतिनिधित्वअन्तर्गत विभिन्न सामाजिक श्रेणीका सापेक्षमा अध्ययन गरिन्छ ।

पाठमा समुदायको बहुल विषयवस्तु समेटिएको हुन्छ । पाठमा सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक सन्दर्भहरू प्रयोग गरिएका हुन्छन् । प्रतिनिधित्वअन्तर्गत सामाजिक श्रेणीका खासगरी राजनीतिक र सांस्कृतिक पहिचानका बारेमा व्याख्या गरिन्छ । पाठमा कुनै निश्चित वर्ग, जाति, लिङ्ग, भाषा, समूह र भेग विशेषको उपस्थापन गरिएको हुन्छ । पाठमा प्रयुक्त पात्रहरू तत्कालीन विमर्शात्मक संरचनामा मूलधारसँग सम्बन्धित हुन्छन् कि त परिधीय धारसँग आबद्ध हुन्छन् । सांस्कृतिक अध्ययनअन्तर्गतको प्रतिनिधित्वमा पाठभित्र कुन वर्ग, जाति, लिङ्ग, भाषा, समूह र भेगको प्रतिनिधित्व गराइएको छ सोको खोजी गरिन्छ ।

पाठमा उपस्थापन गराइएका पात्रहरूको प्रतिनिधित्वको अवस्था शक्तिशाली वा कमजोर के कस्तो छ ? कृतिमा प्रयुक्त पात्र शक्तिसम्बन्धको हिसाबले मूलधारीय प्रभुत्वशाली छ कि परिधीय अधीनस्थ छ । प्रतिनिधित्वमा शक्तिसम्बन्धको खोजी गरिन्छ । पाठमा प्रयुक्त पात्रहरूले मूलधारको पक्षपोषण गरेका छन् वा त्यसको विरुद्धमा बोलेका छन् प्रतिनिधित्वमा मुख्य प्रश्नको रूपमा लिने गरिन्छ (भट्टराई, २०६८, पृ. ४९) । प्रतिनिधित्वमा पात्रहरूका भूमिका, संवाद आदिका माध्यमबाट प्रतिनिधित्वको अवस्थाबारे खोजीको काम हुन्छ ।

पाठमा प्रयुक्त पात्रका माध्यमबाट कुन वर्ग, जाति, लिङ्ग, समूह र भेग विशेषको विषयवस्तुलाई प्राथमिकता प्रदान गरिएको छ भन्ने कुराको खोजी प्रतिनिधित्वमा गरिन्छ । पाठमा प्रतिनिधित्वको खोजी गर्दा प्रभुत्वशाली मूलधारको संस्कृतिबाट किनारीकृत, उपेक्षित, सीमान्तीकृत वर्ग, जाति, लिङ्ग र समुदायको उपस्थितिलाई प्राथमिकताका साथ हेरिन्छ । यस अध्ययनमा पाठमा प्रतिनिधित्व गराइएका वर्ग, जाति, लिङ्ग, समुदाय र भूगोलसँग सम्बद्ध पात्रहरूको पहिचानलाई कसरी उपस्थापन गराइएको छ भन्ने कुरालाई विशेष महत्त्वका साथ हेरिन्छ । यसअन्तर्गत पाठमा दमित, सीमान्तीकृत वर्ग, जाति, लिङ्ग, समूह, समुदाय र भूगोलको कुरालाई प्राथमिकता क्रममा राखिएको छ कि दमक प्रभुत्वशाली वर्गको विरुदावली गायन गरिएको छ भन्ने कुरा नै प्रमुख हो (गुरुङ, २०७०, पृ. १०७) । प्रतिनिधित्वले कृतिमा प्रयुक्त पात्र सामाजिक विमर्शात्मक संरचनामा के कस्तो निर्मिति छ

सो कुरालाई केलाएर हेर्ने काम गर्छ । पात्र कुन वर्ग, कुन जाति, कुन लिङ्ग अनि कुन क्षेत्र वा भूगोल विशेषसँग आबद्ध छ उक्त कुराहरूबारे प्रतिनिधित्वमा महत्त्वका साथ खोजी गरिन्छ ।

प्रस्तुत शोधमा आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायको वर्गीय, जातीय र लैङ्गिक प्रतिनिधित्वका बारेमा विश्लेषण गरिएकाले वर्ग, जाति र लिङ्गबारे सङ्क्षेपमा चर्चा गर्नु उपयुक्त हुन्छ । वर्गलाई आर्थिक पक्षसँग जोडेर अध्ययन गरिन्छ । वर्गको सन्दर्भ विशेषगरी मार्क्सवादी सिद्धान्तका आधारमा केलाइन्छ । वर्गीय अध्ययनमा आर्थिक पक्षलाई आधार र आर्थिक पक्षले निर्धारण गर्ने तमाम सामाजिक सन्दर्भहरूलाई अधिरचना मानिन्छ ।

मार्क्सवादीहरू आर्थिक पक्षले समुदायका यावत् पक्षहरूलाई प्रेरित र प्रभावित पार्दछ भन्ने अभिमत अगाडि सार्दछन् । मार्क्सवादीहरू आर्थिक पक्ष आधारमा पकड र पहुँच हुने अभिजात वर्गलाई (बोर्गिस) र आधारमा पकड र पहुँच नहुने वर्गलाई सर्वहारा वर्ग ( प्रोलिटेरिएट) भन्छन् । प्रस्तुत शोधमा मधेसी समुदायको कुन वर्गको के कस्तो प्रतिनिधित्व गराइएको छ ? सो कुराको खोजी गरिएको छ ।

प्रस्तुत शोधको अध्ययनीय विषय आधुनिक नेपाली उपन्यासमा  मधेसी समुदायको जातीय अध्ययन भएकाले जातिबारे सङ्क्षेपमा उल्लेख गर्नु आवश्यक देखिन्छ । नेपाली भाषामा प्रयुक्त 'जाति' शब्दका लागि अङ्ग्रेजी भाषामा 'कास्ट' शब्द प्रयोग गरिएको पाइन्छ । अङ्ग्रेजी भाषाको 'कास्ट' शब्द स्पेनिश भाषाको 'कास्टा' शब्दबाट लिइएको हो । स्पेनिस भाषाको 'कास्टा'को अर्थ 'ब्रिड' (सन्तान), 'रेस' (प्रजाति) वा 'लिनेज' (वंश), वंशाणुक्रमको समग्रता आदि हुन्छ (अधिकारी र घिमिरे, २०६७, पृ. १४१) । जातिले वंशपरम्परा, संस्कार, धर्मकर्म आदिका आधारमा छुट्टिने बाहुन, क्षेत्री आदिलाई जनाउँछ ।

प्रस्तुत शोधमा आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायमा लैङ्गिक प्रतिनिधित्वको विषय भएकाले लिङ्ग र लैङ्गिक पक्षबारे सङ्क्षेपमा उल्लेख गर्नु उपयुक्त हुन्छ । शिशुको जन्म हुँदाखेरि पुरुष वा महिलाको रूपमा हुन्छ । पुरुष जन्मिँदा छोरा र महिला जन्मिँदा छोरीको संज्ञा दिइन्छ यसलाई तात्त्विक सत्य मान्ने गरिन्छ । नेपालीमा प्रचलित 'लिङ्ग' शब्दका लागि अङ्ग्रेजी शब्द 'सेक्स'  को प्रयोग गरिन्छ । समुदायमा मान्छेको जन्म भएपछि लैङ्गिक आधारमा तिनका कार्याधार र सीमा निर्धारण गरेर विभेद सिर्जना गरिन्छ जसलाई 'लैङ्गिक' अर्थात् 'जेन्डर'  भन्ने गरिन्छ । जेन्डरलाई 'सामाजिक लिङ्ग' पनि भन्ने गरिन्छ । समुदायनिर्मित प्रथा-प्रणालीहरूमा महिलाहरूका भूमिकालाई

सीमित र सङ्कुचित बनाइन्छ, “समुदायले सामाजिक, सांस्कृतिक व्यवस्थालाई आधार बनाएर महिला र पुरुषको भूमिका निर्धारण गरेको हुन्छ, अधिकार दिएको हुन्छ बन्देज लगाएको हुन्छ, यसलाई सामाजिक लिङ्ग भन्न सकिन्छ” (आचार्य, २०६१, पृ. २) । यस परिभाषाअनुसार लैङ्गिकताले जैविक निर्मितिभन्दा पनि सामाजिक निर्मितिलाई इङ्गित गर्दछ ।

प्रतिनिधित्वमा शक्तिसम्बन्ध केलाएर हेरिन्छ । यहाँ सत्ताशक्ति सम्बन्धबारे थोरै चर्चा गर्नु आवश्यक देखिन्छ । सांस्कृतिक अध्ययनमा सत्तालाई कुनै व्यक्ति वा समूहले अर्को व्यक्ति वा समूहमाथि बल प्रयोग गर्ने माध्यमको रूपमा अर्थ्याइन्छ । सामाजिक श्रेणीहरूमा शक्ति विद्यमान हुन्छ (गिरी, २०७०, पृ. २९) । सांस्कृतिक अध्ययनमा पाठमा प्रतिनिधित्व गराइएका पात्रहरू सामाजिक विमर्शात्मक संरचनामा प्रभुत्वशाली छन् कि कमजोर छन् भन्ने कुराको विशेष चासोका साथ खोजी गरिन्छ ।

प्रस्तुत शोधमा आधुनिक नेपाली उपन्यासमा प्रयुक्त मधेसी समुदायका पात्रहरूको सामाजिक विमर्शात्मक संरचनामा प्रभुत्वशाली वा कमजोर कस्तो प्रतिनिधित्व गराइएको छ सोको खोजी गरिएको छ । यसरी सांस्कृतिक अध्ययनअन्तर्गतको प्रतिनिधित्वले पाठमा उपस्थापन गराइएका पात्रहरूका राजनीतिक सम्बन्धलाई विशेष महत्त्वका साथ हेर्ने काम गर्दछ । यसले पात्रको स्थानिक तहमा र राज्यप्रणालीको केन्द्रीय तहको सत्ताशक्ति सम्बन्धलाई खोजी कार्य गर्दछ ।

### १.६.३ शोधढाँचा र अर्थापन पद्धति

प्रस्तुत शोधकार्यलाई निर्दिष्ट सिद्धान्तअन्तर्गत रही प्रश्नहरूको समाधानार्थ निम्नलिखित ढाँचा प्रयोग गरी सामग्री विश्लेषण गरिएको छ :

(क) निर्धारित पहिलो शोधप्रश्नअनुरूप आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायको भौतिक प्रतिनिधित्वको व्याख्या गरिएको छ । यसका निम्ति स्टुआर्ट हलको प्रतिनिधित्वको सिद्धान्तलाई मूल आधार बनाइएको छ । मधेसी समुदायको वर्गीय विश्लेषणका निम्ति कार्ल मार्क्सको वर्गीय विश्लेषणलाई आधार बनाइएको छ । वर्गीय प्रतिनिधित्वअन्तर्गत मधेसी समुदायको अभिजात वर्गीय प्रतिनिधित्व र निम्न वर्गीय प्रतिनिधित्वको विश्लेषण गरिएको छ । वर्गीय प्रतिनिधित्वका लागि कार्ल मार्क्सको वर्ग विश्लेषणको सिद्धान्तलाई प्रयोग गरिएको छ । सांस्कृतिक

अध्ययनका आधारमा जातीय विमर्श गरिएको छ । यसका साथै जातीय प्रतिनिधित्वका सन्दर्भमा मधेसी आदिवासी जनजाति समुदाय, मधेसी समुदाय, मधेसी दलित समुदाय र मधेसी मुस्लिम समुदायको प्रतिनिधित्वबारे गहन अध्ययन गरिएको छ । यसैगरी लैङ्गिक प्रतिनिधित्वअन्तर्गत पुरुष पात्र र महिला पात्रका प्रतिनिधित्वको अवस्थाबारे वस्तुपरक ढङ्गबाट केलाइएको छ । लैङ्गिक अध्ययनका निम्ति जुडिथ बटलर लैङ्गिक समस्या मान्यताको प्रयोग गरिएको छ ।

(ख) निर्धारित दोस्रो प्रश्नअनुसार आधुनिक नेपाली उपन्यासमा विचारधाराका रूपअन्तर्गत शासकवर्गीय विचारधारालाई प्रभुत्वशाली विचारधाराका रूपमा र शासितवर्गीय विचारधारालाई अधीनस्थ विचारधाराका रूपमा विश्लेषण गरिएको छ । शासक वर्गको विचारधारा र शासित वर्गको विचारधाराको विश्लेषण्का लागि कार्ल मार्क्सको विचारधारासम्बन्धी मान्यतालाई अङ्गीकार गरिएको छ । यसका साथै ग्राम्सी र लुइस आल्थुसरका विचारधारासम्बन्धी मान्यतालाई उपयोग गरिएको छ । यसका साथै सामाजिक संरचनामा पुरुषसत्ताको प्रभुत्व कायम भएको विचारधारालाई पितृसत्तात्मक विचारधाराका रूपमा विश्लेषण गरिएको छ । समाजमा विद्यमान वर्गेतर विषयवस्तुहरू जस्तै समुदायका संस्कार, संस्कृति, धार्मिक आस्थाविश्वास एवम् दैवी पूजाअर्चना, पारलौकिक ईश्वरीय सत्ताप्रतिको आस्थाविश्वास, मन्त्र, झारफुक, तन्त्रमन्त्र, बोक्सी, टुनामुना, लागलगानलाई आदर्शवादी विचारधाराका रूपमा अध्ययन गरिएको छ । यसका लागि आदर्शवादलाई उपयोग गरिएको छ ।

(ग) निर्धारित तेस्रो शोधप्रश्नअनुरूप सोद्देश्य छनोट गरिएका उपन्यासमा प्रयुक्त निम्न वर्गका पात्रले कुशलतापूर्वक बोल्ने सन्दर्भलाई आवाजको दृष्टिकोणबाट वाचालता र शक्तिशाली वर्ग, जाति र लिङ्गका विरुद्धमा निम्न वर्गका पात्र बोल्न नसक्ने र चुपचाप सहेर बस्ने अवस्थालाई मौनताका रूपमा विश्लेषण गरिएको छ । त्यसैगरी प्रतिरोधअन्तर्गत सीमान्तीकृत पात्रका कायिक र वाचिक प्रतिरोधको अवस्थाबारे वस्तुपरक अध्ययन गरिएको छ । शक्तिशाली पात्रका विरुद्धमा कमजोर पात्रले चिथोर्ने, कोपर्ने, शारीरिक आक्रमण, प्रत्याक्रमण गर्नुलाई कायिक प्रतिरोधका रूपमा र शक्तिसम्बन्धका हिसाबले कजमोर पात्रले शक्तिशाली पात्रलाई प्रतिक्रियास्वरूप जवाफ फर्काउनुलाई वाचिक प्रतिरोधका रूपमा अर्थ्याई

विश्लेषण गरिएको छ । प्रतिरोधी चेतनालाई व्याख्या गर्नका लागि मिसेल फुकोको शक्तिविमर्शको अवधारणाको उपयोग गरिएको छ ।

(घ) निर्धारित चौथो शोधप्रश्नअनुरूप सोद्देश्य छनोट गरिएका उपन्यासमा अर्थ र भाषिक दृष्टिले मधेसी समुदायको प्रतिनिधित्वको सन्दर्भलाई आधार बनाई स्टुआर्ट हलको प्रतिनिधित्वको पद्धतिका सन्दर्भमा लेखकीय दृष्टिकोणका आधारमा अर्थ उत्पादनको भाषिक पद्धतिअन्तर्गत परावर्तक पद्धति, आशयपरक पद्धति र निर्माणवादी पद्धतिको विश्लेषण गरिएको छ । पाठक, भावक र पात्रका सन्दर्भसँग जोडेर अर्थ ग्रहणको पद्धतिअन्तर्गत प्रभुत्वशाली मानसिकता, अधीनस्थ मानसिकता, सहमतीय मानसिकता र अस्वीकारजन्य मानसिकताका बारेमा अध्ययन गरिएको छ । अर्थ र भाषिक पद्धतिको विश्लेषणका लागि स्टुआर्ट हलको प्रतिनिधित्वका पद्धतिहरूको प्रयोग गरिएको छ ।

प्रस्तुत शोध साहित्यिक पाठसँग सम्बन्धित भएकाले यो पूर्णतः गुणात्मक प्रकृतिको रहेको छ, त्यसैले यसको ज्ञानमीमांसाको मूल स्रोत भनेको यसमा विवेच्य बनाइएका औपन्यासिक पाठहरू नै हुन् । ज्ञानमीमांसाको तात्पर्य अभीष्ट ज्ञानको प्राप्ति कसरी गर्ने भन्ने हो र त्यस प्रक्रियामा मुख्यतः प्रमाणका आधारमा तार्किक विश्लेषण गरेर अभीष्ट ज्ञानको प्राप्ति गर्ने तरिका नै ज्ञानप्राप्तिको वैज्ञानिक तरिका हुन्छ ।

अतः यसमा विश्लेष्य उपन्यासलाई र त्यसभित्रका कथ्यवस्तु, पात्र र तिनका चरित्र अनि पात्रहरूका बिचको विविध स्तरीय सम्बन्ध, तिनका विचार, संवाद र कार्यव्यापारलाई नै मुख्य प्रमाणका रूपमा ग्रहण गरी तिनको तार्किक विश्लेषण गर्दै ज्ञानप्राप्त गर्ने प्रक्रिया अँगालिएको छ । साहित्यिक शोधमा सांस्कृतिक अध्ययनजस्तो नितान्त वस्तुपरक तथ्य वा महत्त्वपूर्ण विधा हुँदैन, यसमा आत्मपरक अनुभूतिको अभिव्यक्ति हुन्छ । त्यसैले यसमा बाह्य अवलोकनको इटिक पद्धति मात्र नभई पाठ र पात्रका चरित्र र कार्यव्यापारको अन्तः निरीक्षणका साथै शोधकर्ताका मानसमा पारेका प्रभाव अनि शोधकर्ताका वैयक्तिक दृष्टिकोण समेतका आधारमा ज्ञानप्राप्तिको इमिक पद्धति अँगालिएको छ । प्रस्तुत शोधको निरूपणका क्रममा प्रमाणका रूपमा उपयोग गरिएका उपन्यासभित्रका साक्ष्यहरूको तार्किक विश्लेषणका सन्दर्भमा समकालीन सांस्कृतिक अध्ययन केन्द्रका संस्थापकमध्येका एक स्टुआर्ट

हलको प्रतिनिधित्वसम्बन्धी मान्यतालाई मुख्य सैद्धान्तिक पर्याधारका रूपमा उपयोग गरिएको छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य आधुनिक नेपाली उपन्यासको मधेसी प्रतिनिधित्वको अध्ययनमा आधारित छ । आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायको चित्रण दौलतविक्रम विष्टको *एक पालुवा अनेकौँ याम* (२०२६) बाट सुरु भए पनि राजनीतिक र सामाजिक सञ्चेतनाको नयाँ यात्राका रूपमा आएको वि.सं.२०३७ को जनमतसङ्ग्रह र त्यसले ल्याएको राजनीतिक र क्षेत्रीय सचेतता पछि नै मधेसी समुदायका सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक विषयवस्तुलाई सघन बनाएर उपन्यासको लेखन प्रारम्भ भएको हो । वि.सं.२०३७ को जनमतसङ्ग्रह पछि मधेसी समुदायमा आएको राजनीतिक र वैचारिक चेतना, प्रतिनिधित्वको प्रश्न तथा त्यसले नेपाली लेखकहरूमा पारेको प्रभावसँगै आधुनिक नेपाली उपन्यासमा मधेसी चित्रण पनि शक्तिशाली रूपमा अभिव्यक्त हुन थाल्यो ।

यही क्रममा *अलिखित* (२०४०), *उलार* (२०५६), *घुर* (२०६४), *गुलरको फूल* (२०७१), *मालिकहरूको मधेस* (२०७५) र *दुलारी* (२०७६) जस्ता उपन्यासहरू लेखिए । यस शोधमा उपन्यासको समयको सीमाङ्कन नेपाली उपन्यास लेखनमा आएको मधेसी चित्रण र प्रतिनिधित्वलाई आधार बनाइएको छ । त्यस आधारमा वि.सं. २०४० देखि २०८० सम्मका प्रतिनिधिमूलक ६ वटा उपन्यासलाई विश्लेषणका लागि लिइएको छ । यी ६ वटा उपन्यास मधेसी चित्रणका दृष्टिले शक्तिशाली उपन्यास हुन् र यी उपन्यासमा मधेसी प्रतिनिधित्वको क्रमिक र विस्तारित शृङ्खला पनि रहेको छ । सोद्देश्य नमुना छनोटका लागि आधुनिक नेपाली उपन्यासको सर्वेक्षण गरिएको छ । वि.सं. १९९१ देखि आधुनिक नेपाली उपन्यास लेखन आरम्भ भएको मानिए पनि वि.सं.२०२५ पछिबाट मात्र मधेस र मधेसीका विविध सन्दर्भहरूले प्रविष्टि पाएको देखिन्छ । सर्वेक्षणअन्तर्गत दौलतविक्रम विष्टको *एक पालुवा अनेकौँ याम* (२०२६), विश्वेश्वरप्रसाद कोइरालाको *नरेन्द्र दाइ* (२०२७), भवानी भिक्षुको *आगत* (२०३२), ध.च. गोतामेका *घामका पाइलाहरू* (२०३५/२०७५), *यहाँदेखि त्यहाँसम्म* (२०४२/२०७४), ध्रुवचन्द्र गौतमको *अलिखित* (२०४०) र इस्मालीको *जिरोमाइल* (२०५६), नयनराज पाण्डेका *उलार* (२०५६) र *लू* (२०६८/२०७२), धीरकुमार श्रेष्ठको *घुर* (२०६४), कृष्ण अविरलको *लालचुडी* (२०६६), नारायण वाग्लेको *मयुर टाइम्स* (सन्२०१०/सन्

२०१३), जगदीश घिमिरेको *सकस* (२०६९), माधव प्याकुरेलको *गुलरको फूल* (२०७१) र *गौना* (२०८०), संजय अधिकारीको *धर्सो* (२०७२), सरोजराज अधिकारीको *धम्बोझी* (२०७५), आन्विका गिरीको *मान्छेको रङ* (२०७६), सुविन भट्टराईको *इजोरिया* (२०७९)को सर्वेक्षण अध्ययन गरी मधेस र मधेसी समुदायका सामाजिक, आर्थिक, सांस्कृतिक र शक्तिविमर्शका सघन विषयवस्तु भएका ६ वटा उपन्यासहरूलाई अनुसन्धानको विश्लेषणका निम्ति छनोट गरिएको हो । वि.सं. २०३७ को जनमतसङ्ग्रहपछि प्रकाशित नेपाली उपन्यासहरूमा मधेस र मधेसी समुदायका विषयवस्तुलाई केन्द्रीय कथ्य बनाएर अभिव्यक्ति दिइएको पाइन्छ ।

मधेस र मधेसी समुदायका सामाजिक, आर्थिक, सांस्कृतिक  र राजनीतिक विषयवस्तुलाई केन्द्रीय कथ्य बनाई लेखिएका नेपाली उपन्यासहरूलाई यस शोधका लागि छनोट गरिएको हो । मधेस र मधेसी समुदायका विषयवस्तुलाई स्पष्ट अभिव्यक्ति दिँदै लेखिएका र मधेसीका वर्गीय, जातीय एवम् लैङ्गिक प्रतिनिधित्व सबल बनेका उपन्यासहरूलाई पहिचान गर्दै *अलिखित* (२०४०), *उलार* (२०५६), *घुर* (२०६४), *गुलरको फूल* (२०७१), *मालिकहरूको मधेस* (२०७५) र *दुलारी* (२०७६) गरी जम्मा ६ वटा आधुनिक नेपाली उपन्यासहरूलाई सोद्देश्य नमुना छनोट गरिएको हो । सैद्धान्तिक दृष्टिले यस शोधमा प्रतिनिधित्वको सिद्धान्तको प्रयोग गरिएको छ ।

सांस्कृतिक अध्ययनको प्रतिनिधित्वको पद्धति मूलतः स्टुआर्ट हल, मिसेल फुको, एन्टोनियो ग्राम्सी र क्रिस बार्करका सैद्धान्तिक मान्यतामा आधारित छ । यस सिद्धान्तले पछि परेको क्षेत्र र समुदायका रूपमा रहेको मधेसीको वर्गीय, जातीय र लैङ्गिक प्रतिनिधित्वको विश्लेषणको आधार प्रदान गरेको छ । प्रतिनिधित्वको विषय व्यापक र विस्तृत सिद्धान्त हो । यसअन्तर्गत प्रतिनिधित्व मात्रै नभएर पहिचान, राजनीति, अर्थतन्त्र, सामाजिक-सांस्कृतिकलगायत व्यापक विषयहरू  पर्दछन् । यस शोधमा चाहिँ प्रतिनिधित्वका विचारधारात्मक, लैङ्गिक र जातीय विश्लेषणको मात्रै प्रयोग गरिएको छ । प्रतिनिधित्वअन्तर्गत आउने प्रतिरोधी चेतना र त्यसले व्यक्त गर्ने भाषिक पद्धतिलाई विश्लेषणको आधार बनाइएको छ ।यही नै यस शोधको सैद्धान्तिक सीमाङ्कन हो ।

### १.८ शोधप्रबन्धको रूपरेखा

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : प्रतिनिधित्वको सैद्धान्तिक ढाँचा

तेस्रो परिच्छेद : आधुनिक नेपाली उपन्यासमा मधेसीको भौतिक प्रतिनिधित्व

चौथो परिच्छेद : आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायको विचारधाराका रूप

पाँचौँ परिच्छेद : आधुनिक नेपाली उपन्यासमा सीमान्त मधेसी समुदायको आवाज र प्रतिरोधी चेतना

छैटौँ परिच्छेद : आधुनिक नेपाली उपन्यासमा अर्थ र भाषिक पद्धतिका दृष्टिले मधेसी समुदायको प्रतिनिधित्व

सातौँ परिच्छेद : सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# प्रतिनिधित्वको सैद्धान्तिक ढाँचा

## २.१ विषयपरिचय

'प्रतिनिधित्व सिद्धान्त' पाश्चात्य सांस्कृतिक अध्ययनभित्र पर्ने महत्त्वपूर्ण सिद्धान्त हो । प्रतिनिधित्वअन्तर्गत साहित्यिक कृतिका विषयवस्तु, पात्र तथा विचारधाराको गहन अध्ययन विश्लेषण गरिन्छ । सांस्कृतिक अध्ययनअन्तर्गत साहित्यिक कृतिहरूलाई सांस्कृतिक उत्पादनका रूपमा लिने गरिन्छ । यस अध्ययनअन्तर्गत संस्कृतिलाई वस्तुका रूपमा लिने गरिन्छ । संस्कृतिको सम्बन्ध राजनीति र शक्तिसँग सम्बन्धित हुन्छ । सांस्कृतिक अध्ययनले सीमान्तीकृत वर्ग, लिङ्ग, जाति जनजातिका पहिचान, प्रतिनिधित्व, सीमान्तीयता र अधीनस्थताका विषयवस्तुलाई प्राथमिकतामा राखेर अध्ययन गर्दछ ।

प्रस्तुत परिच्छेदअन्तर्गत सांस्कृतिक अध्ययन र प्रतिनिधित्वका बारेमा चर्चा गर्नुका साथै प्रतिनिधित्व सिद्धान्तबारे गहन विमर्श गरिएको छ । यस परिच्छेदमा प्रतिनिधित्वका पद्धतिहरू, प्रतिनिधित्वका प्रकारहरू, साहित्यमा प्रतिनिधित्व गराइएका विषयवस्तुका बारेमा अध्ययन गरिएको छ । प्रतिनिधित्वको सैद्धान्तिक आधार भएको यस परिच्छेदमा प्रतिनिधित्वको विभाजन, उपन्यासमा प्रतिनिधित्वको अध्ययनका आधारहरूका बारेमा व्याख्या गरिएको छ । यसका साथै भौतिक पात्रका प्रतिनिधित्वअन्तर्गत सामाजिक-सांस्कृतिक संरचनामा देखिने वर्गीय, लैङ्गिक र जातीय प्रतिनिधित्वका बारेमा विश्लेषण गरिएको छ । यस परिच्छेदमा विचारधाराको प्रतिनिधित्वअन्तर्गत वर्गीय दृष्टिकोणबाट शासक वर्गको विचारधारालाई प्रभुत्वशाली विचारधारा र शासित वर्गको विचारधारालाई अधीनस्थ विचारधाराका रूपमा अर्थ्याइएको छ ।

सामाजिक-सांस्कृतिक विमर्शात्मक संरचनामा पिता वा पुरुषको सर्वेसर्वापनलाई पितृसत्तात्मक विचारधाराका रूपमा र धार्मिक आस्था-निष्ठा, पारलौकिक जगत्का विषयवस्तुप्रतिको विश्वासलाई आदर्शवादी विचारधाराको रूपमा अध्ययन गरिएको छ । यस परिच्छेदमा छनोट गरिएका उपन्यासमा सीमान्तीकृत पात्रका आवाज, प्रतिरोधी चेतनाका बारेमा व्याख्या गरिएको छ । यस परिच्छेदअन्तर्गत लेखकीय दृष्टिकोणलाई अर्थ उत्पादनको पद्धतिका रूपमा र पाठक एवम् पात्रका दृष्टिकोणलाई अर्थ ग्रहण पद्धतिका रूपमा अर्थ्याई

अवधारणा निर्माण गरिएको छ । प्रस्तुत परिच्छेदमा छनोट गरिएका उपन्यासका व्याख्या विश्लेषणका लागि प्रतिनिधित्वको सैद्धान्तिक आधार निर्माण गरिएको छ ।

## २.२ सांस्कृतिक अध्ययन र प्रतिनिधित्व

सांस्कृतिक अध्ययन बेलायतबाट सुरुवात भएको पद्धति हो । यो अध्ययन अन्तर्अनुशासनात्मक ज्ञान शाखाका रूपमा विकसित भएको पाइन्छ । सन् १९६४ मा बेलायतको बर्मिङ्घम विश्वविद्यालयमा ‘समकालीन सांस्कृतिक अध्ययन केन्द्र’ (सेन्टर फोर कन्टेम्पोरेरी कल्चरल स्टडिज) का रूपमा स्थापना गरिएको थियो । यस अध्ययन केन्द्रको संस्थापकका रूपमा रिचर्ड होगार्ट, रेमन्ड विलियम्स, इ.पि. थम्पसन र स्टुअर्ट हलहरू रहेका थिए । यसले मानवका जीवन जगत्, बाँच्ने शैली, कला, साहित्य, सङ्गीतजस्ता धेरै विषयवस्तुहरूलाई आत्मसात् गरेको पाइन्छ ।

सांस्कृतिक अध्ययनले राजनीति, जीवन, साहित्य र इतिहासका विभिन्न पक्षहरूलाई एउटा छलफल गर्ने थलोमा ल्याइदिएर चिन्तकका नवीन आधारहरू निर्माण गरेको छ । सांस्कृतिक अध्ययन कुनै निश्चित विषयवस्तुको परिसीमाभित्र सीमित नरही अन्तर्विषयक अध्ययनको विकासमा बढी आकर्षित भएको पाइन्छ । यसले कुनै एक विशेष खालको प्राज्ञिक विश्लेषणभन्दा पनि शक्तिको विश्लेषणमा बढी जोड दिएको देखिन्छ (बार्कर, सन् २००४, पृ. २१) । सांस्कृतिक अध्ययनले शक्तिको कुरालाई उठान गरेर यसलाई राज्य र राजनीतिसँग जोड्न खोजेको छ ।

सांस्कृतिक अध्ययनले साहित्य समालोचनालाई कला, फिल्म, प्रदर्शनी, टेलिभिजनजस्ता संस्कृतिका अन्य क्षेत्रहरूसँग पनि जोड्ने काम गर्दछ । यस अध्ययनले राम्रो र नराम्रो भन्ने सोचाइ र चिन्तनमाथि नै प्रश्न तेर्स्याउने काम गर्छ (विलियम्स, सन् २०२१, पृ. ४४) । सांस्कृतिक अध्ययनले कुनै पनि स्रष्टाको कृति असल वा कमसल नहुने अभिमत अघि सार्दछ । यस अध्ययनमा संस्कृतिलाई समुदाय निर्मित वस्तुका रूपमा हेरिने गरिन्छ । ‘संस्कृति’ प्रकृति प्रदत्त नभएर समुदाय निर्मित हो ।

संस्कृतिलाई मनुष्य निर्मित दोस्रो प्रकृति भनिन्छ अर्थात् समुदायमा विद्यमान संस्कृति मानव निर्मित हो भन्नेमा विश्वास गरिन्छ । मनुष्य निर्मित भौतिक र अभौतिक दुवै खालका संस्कृति यसअन्तर्गत पर्दछन् । संस्कृतिले मस्तिष्कको अवस्था र आदतलाई सङ्केत गर्दछ या बौद्धिक र नैतिक क्रियाकलापहरूको तात्पर्यलाई इङ्गित गर्दछ । समग्रमा यसले जीवनको

सम्पूर्ण मार्गलाई निर्देशित गर्छ (विलियम्स, सन् १९६०, पृ। हखष) । यसले मानवका साथसाथै समुदायका विविध विषयवस्तुलाई आफ्नो अध्ययनक्षेत्रभित्र ओगट्ने काम गर्दछ ।

सांस्कृतिक अध्ययनअन्तर्गत संस्कृति र शक्ति बिचको सम्बन्धलाई परीक्षण गरेर हेर्ने काम हुन्छ । यस अध्ययनले शक्ति संरचनाका लिङ्ग, वर्ग, उपनिवेशवादजस्ता विविध पक्षहरूको उद्घाटन गर्दछ (बार्कर, सन् २०१२, पृ. ५–७) । सांस्कृतिक अध्ययनले बहुविध विषयवस्तुलाई उजागर गरेको छ । सांस्कृतिक अध्ययन बहुअनुशासनात्मक अध्ययन हो । यसले आफ्नो अध्ययनको क्षेत्रभित्र सामाजिक वर्ग, लिङ्ग, जातीयता, यौनिकता आदिसँग जोडिएर सांस्कृतिक संस्था र प्रतिनिधित्वका मार्फत् कसरी सांस्कृतिक मूल्य, अर्थ र पहिचानलाई स्थापित गरिन्छ भन्ने कुराको सूक्ष्म विश्लेषणलाई समेट्ने काम गर्दछ । यस अध्ययनले शक्ति र भाषालाई संस्कृतिसँग जोडेर हेर्ने काम गर्दछ । यसबाट के प्रस्ट हुन्छ भने सांस्कृतिक अध्ययनले प्रतिनिधित्वका माध्यमबाट समुदायका विभिन्न जातजाति, लिङ्ग र यौनिकताका बारेमा अर्थ उत्पादन गर्नेमा जोड दिन्छ ।

सांस्कृतिक अध्ययनअन्तर्गत 'सर्किट अफ कल्चर' (संस्कृति परिपथ) बारे चर्चा गरिएको पाइन्छ । 'सर्किट अफ कल्चर'सँग प्रतिनिधित्व, बन्दोबस्त, उत्पादन, उपभोग र पहिचान गरी पाँच तत्त्वहरू अन्तरसम्बन्धित हुन्छन् । संस्कृति परिपथका यी पाँच तत्त्वहरू लचकदार हुन्छन् तर बन्दोबस्त वा उत्पादनमध्ये कुन तत्त्व सबभन्दा पहिले सुरुवात हुन्छ अनुसन्धानकर्ताका निम्ति त्योचाहिँ छलफलको विषय हुन सक्तछ । 'संस्कृति परिपथ' को बारेमा स्टुआर्ट हलको आशय यसप्रकार रहेको छ, 'संस्कृति परिपथ'ले सांस्कृतिक अभ्यासहरूको अर्थबोध गर्नका निम्ति उत्पादन, प्रतिनिधित्व, उपभोग, बन्दोबस्त र पहिचानमाथि विशेष जोड दिन्छ ।

संस्कृति परिपथले प्रतिनिधित्व, उत्पादन, पहिचान, बन्दोबस्त र उपभोगजस्ता तत्त्वहरूलाई एक अर्कोबाट छुट्याउन नसक्ने गरी संयुक्त रूपमा जोड्ने काम गर्छ । जसले सांस्कृतिक प्रतिमानलाई अनुसन्धान गर्न सक्षम बनाउँछ (टर्नर, सन् २००३, पृ. २२८–२३०) । संस्कृति परिपथको पछिल्लो नमुना खुला विश्वविद्यालयका सांस्कृतिक अध्ययनको समूहले तिनका सञ्चार र पहिचानसँग सम्बन्धित विषयवस्तुका चरणबद्ध प्रकाशनका सन्दर्भमा विकास गरेका हुन् । यसले आधारभूत अभिव्यक्तिगत अभ्यासका विभिन्न तहहरूलाई ग्रहण गर्नुका साथै सांस्कृतिक अर्थमा सन्निहित सर्किट अफ कल्चरको उत्पादन

गर्छ । सर्किट अफ कल्चर (१९९७)ले सार्वजनिक/निजी र अमूर्त/मूर्त द्वैभाजनका अवस्थाहरूलाई निषेध गर्दै संरचनाको मौलिक स्वरूपलाई सरलीकृत गर्नुका साथै सर्किट भित्रका बन्दोबस्त र प्रत्येक पाँच तत्त्वहरूलाई सामेल गरेको हुन्छ ।

(क) पाठहरू/स्वरूप /प्रतिनिधित्व

(ख) अध्ययन/उपभोग

(ग) उत्पादन

(घ) अवस्था/बन्दोबस्त

(ङ) जीवन्त संस्कृतिहरू/सामाजिक सम्बन्धहरू/पहिचान ।

उपर्युल्लिखित पाँचवटा प्रक्रियाहरूले उत्पादनतर्फ सङ्केत गर्नुका साथै भाषाको माध्यमबाट अर्थको प्रसारलाई समेत इङ्गित गर्दछ । यसले समग्रमा वस्तुहरूको सांस्कृतिक अर्थका निम्ति उपयोगी ढाँचा निर्माण गर्नमा मद्दत गर्छ (लेभ, सन् २०१२, पृ. ४) । सांस्कृतिक अध्ययनकर्ताहरूले उपन्यासलाई सांस्कृतिक उत्पादन मान्दछन् जुन 'सर्किट अफ कल्चर'भित्र पर्दछ ।

सांस्कृतिक अध्ययनकर्ताहरूले उपन्यासलाई सांस्कृतिक कृतिको दर्जा दिन्छन्, "सांस्कृतिक अध्ययनकर्ताहरूको तर्क छ-जसरी उपन्यास एउटा सांस्कृतिक कृति हो, त्यसरी नै फिल्म, जात्रा, अखबारी लेख वा दैनिक जीवनका भेटघाटहरू पनि सांस्कृतिक कृति नै हुन् । यी सबै कृतिहरू विभिन्न किसिमका राजनीतिक, आर्थिक र सामाजिक परिप्रेक्ष्यभित्र लेखिन्छन् र पढिन्छन्" (उप्रेती, २०६८, पृ. २९–३०) । यस अध्ययनले संस्कृतिका रूपमा रहने जाति, वर्ग, लिङ्ग, यौनिकताका विषयवस्तुका पहिचान र प्रतिनिधित्वका बारेमा सङ्केत गरेको देखिन्छ । यसका साथसाथै संस्कृतिको उत्पादन कसरी गरिन्छ र कसले उत्पादन गर्छ? अनि त्यसमा कसको नियन्त्रण हुन्छ भन्ने विषयवस्तुतर्फ इङ्गित गरेको देखिन्छ ।

सांस्कृतिक अध्ययन केन्द्र इङ्गलैन्डमा स्थापित भएर विकसित हुँदै संसारभरि फैलिएको पाइन्छ । ब्रिटिस सांस्कृतिक अध्ययनले संस्कृति र शक्तिसम्बन्धका बहुविध आयामहरूलाई आफ्नो अध्ययन क्षेत्रभित्र समेट्ने काम गरेको छ । ब्रिटिस सांस्कृतिक अध्ययनले समुदायका विभिन्न श्रेणी, ती बिचका सम्बन्ध, एकले अर्कालाई पार्ने प्रभाव र पहिचानसम्बन्धी विभिन्न सङ्घर्ष र सङ्कथन (डिस्कोर्सेज) हरूलाई अर्थ्याउन, संस्कृति, वर्ग, लिङ्ग जातिलाई परस्पर जोडेर हेर्न आल्थुसर र ग्राम्सीका अवधारणाहरूले पनि महत्त्वपूर्ण

भूमिका निर्वाह गरेको छ (टर्नर, सन् २००३, पृ. ४) । ब्रिटिस सांस्कृतिक अध्ययनमा बहुल विषयवस्तुको अध्ययन समावेश भएको देखिन्छ ।

सांस्कृतिक अध्ययनमा प्रतिनिधित्वको मुद्दालाई गहन विषयवस्तु बनाएर छलफल गर्न थालिएको पाइन्छ । अमेरिकी सांस्कृतिक अध्ययनमा प्रतिनिधित्वको विषयवस्तुलाई जोडतोडले उठान गरिएको देखिन्छ । क्यानेडियन सांस्कृतिक अध्ययनले देशज चरित्रलाई बढी जोड दिएको छ भने अस्ट्रेलियाली सांस्कृतिक अध्ययनले स्थानीय पाठ, संस्था र राष्ट्रिय चरित्रका अवधारणाहरूलाई अध्ययनीय विषय बनाएको छ । त्यसैगरी फ्रान्सेली सांस्कृतिक अध्ययनले लिङ्ग, जात, भूगोल, वर्ग आदिका विषयवस्तुलाई महत्त्व दिएको पाइन्छ । भारतीय सांस्कृतिक अध्ययनले सीमान्तीकृत जाति, वर्ग, लिङ्गका मुद्दाहरूलाई जोड दिएको पाइन्छ । सांस्कृतिक अध्ययनले सांस्कृतिक राजनीति र शक्तिको विषयवस्तुको खोजी गर्छ ।

सांस्कृतिक रूपान्तरणका लागि सीमान्तीकृत सामाजिक समूहका प्रतिनिधित्वको खोजी आवश्यक हुन्छ । प्रतिनिधित्व सांस्कृतिक अध्ययनका चिन्तकहरूद्वारा प्रतिपादन गरिएको एउटा महत्त्वपूर्ण सिद्धान्त हो जसले सैद्धान्तिक ज्ञान र राजनीतिक अभ्यासको उत्पादन गर्छ । ज्ञान कहिल्यै पनि निरपेक्ष र वस्तुपरक हुन सक्तैन तर यो दृष्टिकोणको विषयवस्तु हो जसले कुनै व्यक्ति कुनै निश्चित उद्देश्य प्राप्तिका लागि वा कसैका लागि बोल्दछ (बार्कर, सन् २००५, पृ. ५) । यसले गैरमार्क्सवादी विषयवस्तुलाई आफ्नो अध्ययनको प्राथमिकता क्रममा राखेको देखिन्छ । सांस्कृतिक अध्ययनअन्तर्गतको प्रतिनिधित्वमा वर्गेतर विषयवस्तु खासगरिकन सीमान्तीकृत जाति, जनजाति, लिङ्ग, समूहका मुद्दालाई बहसको केन्द्रमा राखेर अध्ययन गरिन्छ ।

## २.३ प्रतिनिधित्व

प्रतिनिधित्वको अर्थ कुनै पनि वस्तुलाई भाषाको माध्यमबाट अर्को व्यक्ति र समुदायमा अर्थपूर्ण रूपमा प्रतिनिधित्व गराउनु भन्ने हुन्छ । प्रतिनिधित्व संस्कृतिका सदस्यहरू बिच अर्थ उत्पादन गर्ने र विनिमय गर्ने महत्त्वपूर्ण प्रक्रिया हो । यसका निम्ति भाषा, सङ्केत तथा विम्बहरूको प्रयोग गरिन्छ जसले वस्तुहरूको सार्थक प्रतिनिधित्व गर्दछ । तर यो प्रक्रिया व्यक्तिले सामान्य तरिकाबाट सहज अर्थ निष्पन्न गर्ने प्रक्रियाबाट टाढा रहेको हुन्छ (हल, सन् १९९७, पृ. १) । प्रतिनिधित्वको अवधारणाले अर्थ र भाषालाई संस्कृतिसँग कसरी जोड्दछ ? यसलाई व्याख्या गर्नका निम्ति विभिन्न पद्धतिहरूको प्रयोग

गरिन्छ । खासगरिकन परावर्तक, आशयपरक र निर्माणात्मक पद्धतिको प्रयोग गरिन्छ । के भाषाले समुदायका वस्तु, मानिस तथा घटनाक्रमका पूर्व निर्धारित अस्तित्वलाई जनाउँछ ? भाषाले केवल वक्ता, लेखक या चित्रकारले गरेका सङ्केतलाई अभिव्यक्त गर्दछ । प्रतिनिधित्वको अवधारणामा स्विस भाषाविद् फर्डिनान्ड डि सस्युरको संरचनावादी पद्धति र फ्रेन्च दार्शशिक तथा दार्शनिक मिसेल फुकोको सङ्कथन पद्धतिसँग जोडिएको छ । प्रतिनिधित्व भनेको भाषाको माध्यमबाट सांस्कृतिक अर्थको उत्पादन हो (हल, सन् १९९७, पृ. १–२) । प्रतिनिधित्वमा भाषाको माध्यमबाट संस्कृतिको अध्ययन गरिन्छ ।

भाषाको माध्यमबाट प्रतिनिधित्व गरिने साहित्यका विभिन्न विधाहरू यसैअन्तर्गत पर्दछन् । प्रतिनिधित्वले मान्छेका मानसपटलमा भाषाका माध्यमबाट अर्थपूर्ण अवधारणा निर्माण गर्न मद्दत गर्छ । यसले भाषा र अवधारणा बिच जोड्ने पुलको काम गर्दछ । जसको माध्यमबाट वस्तु, मानव वा घटनाको वास्तविक संसारको या त आख्यानात्मक वस्तु, व्यक्ति र घटनाको काल्पनिक संसार निर्माण गर्न सकिन्छ (हल, सन् १९९७, पृ. ३) । त्यसका निम्ति प्रतिनिधित्वका दुइटा प्रणालीहरूको प्रयोग गरिन्छ । प्रतिनिधित्व प्रणालीको पहिलो प्रक्रिया यो हो कि सबै प्रकारका व्यक्ति, वस्तु र घटनाहरू अवधारणाका समूहसँग सहसम्बन्धित हुने भएकाले हाम्रा मस्तिष्क वरिपरि हुन्छन् ।

तिनका प्रयोग नगरिकन संसारलाई अर्थपूर्ण रूपमा व्याख्या गर्न सकिँदैन । यसको अर्थ चाहिँ के हो भने कुनै पनि विषयवस्तुको अवधारणाहरूको प्रक्रिया विचारबाट निर्मित विम्बमा भर पर्दछ । सामाजिक सन्दर्भमा उपलब्ध विषयवस्तुहरूको जटिलभन्दा पनि सरल तरिकाले अवलोकन गर्न सकिन्छ । संस्कृतिका बारेमा ग्रहण गर्ने व्यक्ति वा भौतिक वस्तु जस्तै मेच र डेस्कका बारेमा निर्मित अवधारणाहरूबारे अवलोकन गर्न सकिन्छ (हल, सन् १९९७, पृ. ४) । मान्छेले मूर्त वस्तु मात्रको अवधारणा निर्माण गर्दैन बरू अस्पष्ट र अमूर्त विषयवस्तुको समेत अवधारणासमेत निर्माण गर्छ ।

साहित्यिक लेखनमा मान्छेले सहजै अनुभव गर्न नसक्ने, स्पर्श गर्न नसक्ने, अस्पष्ट र अमूर्त विषयवस्तु समेतको अवधारणा निर्माण गरिएको हुन्छ । यसअन्तर्गत युद्धका अवधारणाहरू, मृत्यु, मित्रता एवम् प्रेमसम्बन्धी विषयवस्तुलाई लिन सकिन्छ । जीवनमा कहिल्यै नदेखिएका विषयवस्तुबारे समेत निश्चित अवधारणा बनाइएको हुन्छ । मान्छेले आफ्नो जीवनमा कहिल्यै साक्षात्कार नगरेका विषयवस्तुहरू जस्तै देवदूत, जलपरी, देव,

दानव, स्वर्ग, नर्क आदिबारे अवधारणा बनाएर विमर्श गर्दछ  वास्तविक जगत्मा जसको कुनै अस्तित्व नै छैन । यसैलाई प्रतिनिधित्व प्रणाली भनिन्छ । यो व्यक्तिगत अवधारणामा आधारित हुँदैन बरू विभिन्न किसिमबाट संगठित, समूहगत, व्यवस्थित र वर्गीकृत अवधारणाहरू तथा तिनका बिचमा जटिल सम्बन्धसमेत स्थापना गरिएको हुन्छ । उदाहरणका निम्ति यसमा समानता र भिन्नताको सिद्धान्तहरूलाई अलग गर्ने प्रयाससमेत गरेको हुन्छ (हल, सन् १९९७, पृ. ३) । प्रतिनिधित्वले दृश्यगत र अदृश्यगत विषयवस्तुलाई इन्द्रियग्राह्य बनाउनुका साथै प्रत्यक्षीकरणमेत गराउँछ । भाषाको माध्यमबाट अभिव्यञ्जित प्रतिनिनिधित्वले मूर्त र अमूर्त विषयवस्तुबारे प्रतिविम्बन गर्दछ ।

प्रतिनिधित्वअन्तर्गत व्यवस्थित अवधारणाहरूको विमर्श गरिन्छ  । यसले एक अर्को अवधारणासँग जोडिएको सङ्गठित, व्यवस्थित र वर्गीकृत जटिल अवधारणाहरूको सम्बन्धलाई दर्शाउँछ । यसमा वस्तु र समुदायका बिचको सम्बन्धको बारेमा केलाएर हेरिन्छ । समुदायमा भएका व्यक्ति, वस्तुहरू र घटनाहरू वास्तविक हुन् वा आख्यानात्मक-अवधारणात्मक प्रणाली तिनका बारेमा मानसिक प्रतिनिधित्वलाई सञ्चालन गर्दछ । यसमा समान अवधारणात्मक नक्सा र सङ्केत एवम् विम्बहरूलाई व्यापक रूपमा सम्प्रेषण गर्न सक्षम हुन्छ ।  एउटै विषयवस्तुलाई साझा अवधारणा निर्माण गरी, व्याख्या गर्दै उही अर्थमा सम्प्रेषण गर्न सकिन्छ । वास्तवमा यसले समान संस्कृतिमा समान अर्थको सङ्केत गर्दछ किनभने  विश्वलाई करिब करिब एउटै अर्थमा व्याख्या गर्ने प्रयत्न गरिन्छ ।

समाजमा साझा संस्कृतिको स्थापना गरिन्छ र तिनका सामाजिक अर्थको निर्माण गर्दै सँगसँगै प्रयोगसमेत गरिन्छ । संस्कृति कहिलेकाहीँ साझा रूपमा व्याख्यायित हुन्छ र कहिलेकाहीँ साझा अवधारणात्मक मानचित्रका रूपमा प्रयुक्त हुन्छ । समग्र अर्थ निर्माणमा प्रयुक्त भाषा प्रतिनिधित्वको दोस्रो प्रणाली हो । मानवका साझा मानचित्र साझा भाषामा रूपान्तरित हुनु आवश्यक छ जसको माध्यमबाट  सहसम्बन्धित अवधारणाहरू, विचारहरू, अभिव्यक्त ध्वनिहरू र दृश्यगत विम्बहरू जोड्न सकियोस् । मानवले प्रयोग गर्ने सामान्यतया शब्दहरू, ध्वनिहरू तथा विम्बहरूले निश्चित अर्थलाई सङ्केत गर्दछ । यी सङ्केतहरू भाषामा व्यवस्थित गरिएका हुन्छन् । जसले मानवलाई साझा भाषाका विचारहरूलाई शब्दका रूपमा ध्वनि र विम्बहरूलाई अर्थपूर्ण रूपमा एक व्यक्तिबाट अर्को व्यक्ति समक्ष रूपान्तरण गर्न र अर्थपूर्ण रूपमा सम्प्रेषण गर्न सक्षम बनाउँछ (हल, सन्

१९९७, पृ. ३–४) । भाषाको व्यवस्थित प्रतीक, चिन्ह एवम् विम्बका माध्यमबाट सामाजिक सन्दर्भहरूको प्रतिनिधित्व गराइएको हुन्छ ।

प्रतिनिधित्व भनेको भाषाको माध्यमबाट अभिव्यक्त विविध विषयवस्तुहरूको साझा अवधारणात्मक सम्प्रेषण र बोध हो । जसले प्रयोगकर्ताका माझमा एउटा निश्चित अर्थ निर्माण र सम्प्रेषण गर्न मद्दत गर्छ । निश्चित अर्थको बहन गर्न र सम्प्रेषण गर्न सक्षम कुनै पनि ध्वनि, शब्द, विम्ब वा वस्तु जसले निश्चित सङ्केतको कार्य गर्दछ त्यो भाषा हो ।

एउटै संस्कृतिमा आवद्ध मानिसले व्यापक अवधारणात्मक नक्सा साटासाट गर्दछ र तिनले समान महत्त्वका साथ उही तरिकाबाट एउटै भाषाका सङ्केतहरूको व्याख्या गर्दछ तर मान्छेले त्यसलाई कसरी लिएको हुन्छ । तिनलाई कुन अर्थमा प्रयोग गरिएको हो ? त्यो चाहिँ महत्त्वपूर्ण कुरा हो । कुन शब्दले कुन अवधारणाको प्रभावकारी प्रतिनिधित्व गर्छ ? त्यो चाहिँ महत्त्वपूर्ण अध्ययनीय विषयवस्तु हो (हल, सन् १९९७, पृ. ५) । भाषिक अभिव्यक्तिका माध्यमबाट प्रयुक्त शब्द, विम्बादिले निश्चित विषयवस्तुको प्रतिनिधित्व गरेको हुन्छ ।

प्रतिनिधित्वले भाषाको माध्यमबाट अर्थको संवहन गर्दछ । मान्छेले अर्थको निर्धारण गरेको हुन्छ । सामाजिक संरचनामा निर्धारित भाषिक सङ्केत, प्रतीक तथा चिन्ह अपरिहार्य र स्वाभाविक प्रतीक हुन्छन् । यसमा प्रतिनिधित्व गरिएका प्रणालीको माध्यमबाट अर्थको निर्धारण गरिन्छ । अर्थचाहिँ सङ्केतका माध्यमबाट निर्धारण गरिन्छन् जनु चाहिँ सहसम्बन्धहरूको अवधारणात्मक प्रणाली र हाम्रा भाषिक प्रणालीका बिचको सहसम्बन्धको व्यवस्था हो (हल, सन् १९९७, पृ. ७) । प्रतिनिधित्वअन्तर्गत भाषिक प्रयोगका आधारमा सामाजिक-सांस्कृतिक विषयवस्तुहरूको अध्ययन विश्लेषण गरिन्छ ।

स्विस भाषाशास्त्री फर्डिनान्ड डि सस्युर आधुनिक भाषाविज्ञानका पिताका रूपमा चिरपरिचित छन् । सस्युरलाई उद्धृत गर्दै जोनाथन कुलर उल्लेख गर्छन्, अर्थको उत्पादन भाषामा निर्भर गर्दछ । भाषा सङ्केतहरू, ध्वनिहरू, विम्बहरू, लिखित शब्दहरू, चित्रकारिता, तस्बिरहरूको व्यवस्थित प्रणाली हो । जसले भाषामा सङ्केतका रूपमा प्रकार्य गर्दछ । भौतिक वस्तुहरूले सङ्केत र अर्थपूर्ण रूपमा अभिव्यक्ति दिन सक्तछ । यसको उदाहरणका रूपमा ट्राफिक लाइटको बत्तीलाई लिन सकिन्छ (हल, सन् १९९७, पृ. १६) । उपन्यासमा समाजका विभिन्न विषयसन्दर्भहरूलाई प्रतीक, चिन्ह एवम् विम्बका माध्यमबाट प्रतिनिधित्व गराइएको हुन्छ ।

सांस्कृतिक अध्ययनअन्तर्गत बहुल विषयहरूको अध्ययन विश्लेषण गरिन्छ । सांस्कृतिक अध्ययनका विश्लेषकहरूले नारी, समलैङ्गिक, काला, अपाङ्ता र विपन्न वर्गजस्ता सीमान्तीकृत समूहको प्रतिनिधित्व र अधिकारबारे प्रश्न उठाउने गर्दछन् । सांस्कृतिक अध्ययनअन्तर्गत खासगरिकन शक्तिसम्बन्धका हिसाबले कमजोर, सीमान्तीकृत र अप्रतिनिधित्व वर्ग, जाति, लिङ्ग, क्षेत्रीयताका सन्दर्भकाबारेमा विशेष चासो राखेर अध्ययन अनुसन्धान गरिन्छ ।

प्रतिनिधित्व सिद्धान्तअन्तर्गत सीमान्तीकृत समूहका पात्रका विषयवस्तुका बारेमा गहन अध्ययन गरिन्छ । यसअन्तर्गत रङका, लैङ्गिक अल्पसङ्ख्यक, लोक समुदाय, फरक ढङ्गले सक्षम, धार्मिक अल्पसङ्ख्यक, सानो क्षेत्रफल र क्षेत्रीय संस्कृतिहरू, मानसिक स्वास्थ्य गडबडीका मानिस, सामाजिक आर्थिक हिसाबले वञ्चितीकृत मानिसका विाष्यवस्तुका बारेमा चासो राखेर अध्ययन गरिन्छ (टेलर, सन् २०२४, पृ. बे.) । यसले सीमान्तीकृत, किनारीकृत र उपेक्षितका विषयवस्तुलाई अध्ययनको प्राथमिकताक्रममा राख्दछ ।

## २.४ प्रतिनिधित्वका पद्धतिहरू

'प्रतिनिधित्व' शब्दले कुनै वस्तु वा घटनालाई प्रतिनिधित्व गर्नु वा उपस्थिति जनाउने भन्ने बुझिन्छ । यस शब्दले सामाजिक रूपमा स्वतन्त्र अस्तित्वबोध गर्ने व्यक्तिदेखि समुदायका विभिन्न एकाइहरूलाई वा वर्गलाई सङ्केत गर्दछ । पाश्चात्य सांस्कृतिक अध्ययनअन्तर्गत प्रतिनिधित्वलाई सत्ताशक्ति संरचनासँग जोडेर हेर्ने गरिन्छ । सांस्कृतिक अध्ययनमा प्रतिनिधित्वलाई एउटा महत्त्वपूर्ण विषयको रूपमा लिने र अध्ययन विश्लेषण गरिन्छ ।

प्रतिनिधित्वमा मुख्य विषय सामाजिक संरचनाको निर्माण कसरी भएको छ र समुदायको सदस्य व्यक्ति, समूह, समुदाय वा वर्गको प्रतिनिधित्व के कसरी भएको छ सो विषयवस्तुलाई केलाएर हेर्ने हेरिन्छ (बार्कर, सन् २००४, पृ. ८) । सांस्कृतिक अध्ययनमा यस विषयलाई महत्त्वका साथ हेर्ने गरिन्छ । स्टुआर्ट हलले प्रतिनिधित्वका तीनवटा पद्धतिहरूबारे व्याख्या गरेका छन् । ती यसप्रकार रहेका छन् :

(क) परावर्तक पद्धति

(ख) आशयपरक पद्धति

(ग) निर्माणवादी पद्धति

### २.४.१. परावर्तक पद्धति

प्रतिनिधित्वमा परावर्तक पद्धतिको अर्थ कुनै वस्तु, व्यक्ति, विचार वा घटनालाई यथार्थ जगत्मा भाषाले हेर्नमा ऐनाको काम गर्छ । यसले जगत्मा पहिलेदेखि अस्तित्वमा रहेको सही अर्थलाई इङ्गित गर्छ । यस प्रसङ्गमा ईसापूर्व चौथो शताब्दीमा ग्रीसेलीहरूले भाषा र चित्रकलाका माध्यमबाट प्रकृतिको चित्रण गर्ने कुरा उल्लेख गरिएको छ (हल, सन् १९९७, पृ. १०–११) । भाषाले समुदायमा पूर्व अस्तित्ववान् अर्थलाई परावर्तन गर्छ । अनुकरण सिद्धान्तमा भाषाको माध्यमबाट सत्यको निर्धारण हुन्छ ।

### २.४.२ आशयपरक पद्धति

आशयपरक पद्धति प्रतिनिधित्वको दोस्रो पद्धति हो । यस पद्धतिले वक्ता, लेखकले भाषाको माध्यमबाट आफ्नो विशिष्ट अर्थको उत्पादन गर्छ र सोही अर्थको माध्यमबाट विरोधसमेत गर्छ । यस पद्धतिले वक्ता वा लेखकले व्यक्त गर्ने भाषामा विशिष्ट अर्थ निहित रहन्छ भन्न खोजिएको छ । मानवहरूले भाषाको माध्यमबाट विशिष्ट अर्थको उत्पादन र प्रयोग गरिरहेका हुन्छन् । भाषा कहिल्यै पनि विल्कुल निजी खेल हुन सक्तैन । मानवले प्रयोग गर्ने भाषाले निश्चित विम्ब निर्माण गर्छ र त्यसले निश्चित अर्थको प्रतिनिधित्व गर्छ ( हल, सन् १९९७, पृ.१०–११) । यस पद्धतिले भाषाको माध्यमबाट प्रयुक्त अर्थमा निश्चित आशय पहिलेदेखि अस्तित्ववान् हुन्छ भन्न खोजिएको हो ।

### २.४.३ निर्माणवादी पद्धति

निर्माणवादी पद्धति प्रतिनिधित्वको तेस्रो पद्धति हो । यसले भाषाको सामाजिक र सार्वजनिक भूमिकालाई स्वीकार गर्छ । यस पद्धतिले के कुरामा विश्वास गर्छ भने कुनै वस्तु वा भाषामा अर्थ निहित हुँदैन । वस्तु स्वयम्ले अर्थ दिँदैन । निर्माणवादी पद्धतिमा सादृश्यमूलक प्रणालीको अवधारणा र सङ्केतका माध्यमबाट अर्थको निर्माण गरिन्छ । यस भौतिक संसारमा अल्मलिनु हुँदैन । साङ्केतिक अभ्यास र प्रक्रियाका माध्यमबाट भाषाले अर्थको प्रतिनिधित्व गर्छ । जे भए तापनि यस भौतिक जगत् स्वयम्ले अर्थ उत्पादन गर्दैन । यो भाषा प्रणाली हो । यस पद्धतिले भाषाको माध्यमबाट अर्थ निर्माण गर्ने र त्यसले

प्रतिनिधित्व गर्ने सन्दर्भलाई जनाउँछ (हल, सन् १९९७, पृ. १०–११) । यसले भाषाको माध्यमबाट अर्थ उत्पादन हुने र त्यसले निश्चित अर्थको प्रतिनिधित्व गर्ने कुरालाई अवगत गराउँदछ ।

निर्माणवादी पद्धतिले वक्ता र लेखकले भाषाको माध्यमबाट प्रयुक्त सन्दर्भलाई निश्चित आशयसहित व्यक्त गर्छ र त्यसले निश्चित सन्दर्भको प्रतिनिधित्व गर्छ भन्न खोजेको देखिन्छ । त्यसैगरी निर्माणवादी पद्धतिले कुनै वस्तु वा भौतिक जगत् स्वयम्मा अर्थ सन्निहित रहँदैन त्यसलाई निश्चित निर्मितिका आधारमा प्रयोग गरिन्छ र त्यसले प्रयोक्ताको निर्मितिको आधारमा प्रतिनिधित्व गर्छ भन्ने आशय व्यक्त गरिएको छ । प्रतिनिधित्वअन्तर्गत पात्रका उपस्थितिलाई आधार बनाएर मूल्याङ्कन गरिन्छ । कृतिमा पात्रको सङ्ख्यात्मक उपस्थिति कम हुन्छ कि बढी हुन्छ । कुन वर्ग, लिङ्ग वा जातिका पात्रको सङ्ख्यात्मक प्रतिनिधित्व अध्ययनका निम्ति महत्त्वपूर्ण हुन्छ ।

### २.५ प्रतिनिधित्वका प्रकारहरू

पात्रका भूमिका, सामाजिक आर्थिक संरचनामा तिनको उपस्थिति र शक्तिसम्बन्धमा तिनका स्थानका आधारमा प्रतिनिधित्वका विभिन्न प्रकारहरू रहेका छन् । तिनका बारेमा सङ्क्षेपमा चर्चा गर्नु आवश्यक देखिन्छ । अल्प प्रतिनिधित्व (अन्डर रिप्रेजेन्टेसन) भनेको न्यून सामाजिक-आर्थिक अवस्था भएका, रङ भएका, असक्षम, अप्रभुत्वशाली व्यक्तिहरूको समूह हो । यसअन्तर्गत अप्रभुत्वशाली धर्म, पुरुषसमलिङ्गी, स्त्रीसमलिङ्गी, उभयलिङ्गी, ट्रान्सजेन्डर ( पारलिङ्गी) र अवकाशप्राप्त व्यक्तिहरू पर्दछन् (पालासियोस र ओसवाल्ड, सन् २०१९, पृ. ३.११) ।

समूहहरूले सञ्चार अध्ययन र विषयका रूपमा अनुसन्धानका विशिष्ट क्षेत्रहरूलाई सङ्केत गर्दछ । विभिन्न सैद्धान्तिक विधि तथा पद्धतिहरूमा जातिको आलोचनात्मक पद्धति, सांस्कृतिक अध्ययन, अफ्रिकी केन्द्री, उत्तरऔपनिवेशिकवाद, मानवजातीय वर्णन, नारीवाद र प्रक्रियाशास्त्रमूलक पद्धतिहरूको प्रयोग गरी अध्ययन गरिन्छ । अधिक प्रतिनिधित्व (ओभर रिप्रेजेन्टेसन) शब्दले कुनै एउटा समूहको तुलनामा अर्को समूहको अधिक उपस्थितिलाई जनाउँछ । यसले कुनै पनि समूहको औसतभन्दा बढी प्रतिनिधित्वलाई सङ्केत गर्दछ । मिथ्या प्रतिनिधित्व (मिस रिप्रेजेन्टेसन)ले कुनै विषयवस्तु, विचार, अवस्था वा अवधारणा वा तथ्यलाई गलत रूपमा प्रस्तुत गर्नु मिथ्या प्रतिनिधित्वलाई इङ्गित गर्दछ ।

## २.६ साहित्यमा प्रतिनिधित्व

साहित्यिक कृतिमा सत्य अन्तरसम्बन्धित रहेको हुन्छ । साहित्यिक कृतिका माध्यमबाट समाजका विविध गतिविधि एवम् सन्दर्भहरूको उपस्थापन गरिएको हुन्छ । धेरै चिन्तकहरूले साहित्यिक कृतिका माध्यमबाट स्पष्ट रूपले विभिन्न तरिकाबाट सत्यको प्रकटीकरण गरिने कुरालाई स्वीकारेका छन् । यस्ता कृतिले सम्भवतः वास्तविक स्थानहरू, व्यक्ति-पात्रहरूका बारेमा धेरै किसिमबाट सत्य प्रस्तुत गर्ने तात्पर्यलाई प्रस्ट पारेको छ । केही दार्शनिकहरूले साहित्यिक कृतिहरूले सत्यताको संवहन गर्ने आशय व्यक्त गरेका छन् । अतः साहित्यिक सङ्कथनमाथि साँचो र झूटो भनेर विश्वास गर्न सकिने तर्क केही दार्शनिकहरूको अभिव्यक्ति रहेको छ ।

प्लेटो र अरस्तुहरूले विभिन्न किसिमबाट कला र काव्य सादृश्यमूलक हुने अभिमत प्रकट गरेका छन् । प्लेटो र अरस्तुहरूले कलालाई सामान्य बताएका छन् किनभने कलाले समसामयिक जगत्का विषयवस्तुको केवल अनुकरण गर्ने हुनाले तिनमा सत्यता हुँदैन । कलाले जीवन जगत्लाई सामान्य रूपमा प्रकटीकरण गर्छ भने काव्यले सामाजिक सन्दर्भमा मानव जीवनका विशेष प्रस्तुतीकरण गर्नेमा प्लेटो र अरस्तुको अभिमत रहेको छ । यस अर्थमा साहित्यिक कृतिमा जीवन जगत्का सार्वभौमिकताको विशेषतालाई कलात्मक ढङ्गबाट व्यक्त गर्ने र प्रतिनिधित्व गर्ने भन्न सकिन्छ । यहाँनेर प्लेटोको मिमेसिसले सत्य र साहित्य बिचको सम्बन्धबारे व्यक्त गर्ने कुरामा जोड दिन खोजिएको छ । प्लेटो र अरस्तुका दृष्टिमा मिमेसिसले काव्यले प्रतिनिधिमूलक कार्यलाई इङ्गित गर्ने देखिन्छ (तुरान्ली, सन् २०१८, पृ. २१६) । काव्यले सामाजिक सन्दर्भ र मानव जीवन जगत्का विषयवस्तुहरूलाई कलात्मक तरिकाले प्रतिनिधित्व गर्ने तर्फ सङ्केत गर्न खोजेको देखिन्छ ।

प्लेटोले काव्यले जगत्को बाह्य आकृतिको सीमित र अवास्तविक विषयवस्तु प्रकट गर्न खोजेको तर्फ सङ्केत गरेको देखिन्छ । उनले काव्यलाई कमसल ठहऱ्याएका छन् । काव्यले समकालीन जगत्को विषयवस्तुको अनुकरण गर्ने काम मात्र गर्दछ । उनले कवि तथा कलाकारहरूले तिनका सिर्जनामा जागतिक विषयवस्तुको तथ्यपरक र वास्तविक प्रस्तुति गर्न नसक्ने आरोप लगाएका छन् । सिर्जनामा श्रेणी हुने उनको अभिमत रहेको छ । प्लेटोले एकातिर जगत्लाई ईश्वरको रचना भनेका छन् भने अर्कोतिर कलाकार तथा चित्रकारका रचना हुने बताएका छन् (तुरान्ली, सन् २०१८, पृ. २१६) । प्लेटोले कवि,

कलाकारका सिर्जनालाई दोस्रो दर्जाको भनी कमसल भन्न खोजेको देखिन्छ । यस शोधप्रबन्धमा प्रयुक्त प्रतिनिधित्व मूलतः पाश्चात्य सांस्कृतिक अध्ययनसँग सम्बन्धित विषयवस्तु हो । सांस्कृतिक अध्ययनअन्तर्गत प्रयुक्त प्रतिनिधित्वले समुदायको हरेक विषय क्षेत्रमा आफ्नो स्थान ओगटेको देखिन्छ । यसले मिडिया, सिनेमा, राजनीति, दर्शन, साहित्यजस्ता विविध विषय क्षेत्रमा आफ्नो प्रयोग विस्तार गरेको प्रस्ट छ । प्रतिनिधित्वको सिद्धान्तबाट समुदायको कुनै पनि क्षेत्र अछुतो भने छैन । साहित्य समुदायको दर्पण भएकोले साहित्यिक विषयवस्तुमा समुदायका विविध सन्दर्भहरूको प्रतिनिधित्व देखिनु स्वाभाविक ठहर्छ ।

साहित्यले कसरी प्रतिनिधित्व गर्छ र सङ्केत गर्छ भन्ने कुरा महत्त्वपूर्ण अध्ययनीय विषयवस्तु हो । प्रतिनिधित्वले साहित्यको शक्तिलाई दर्शाउँछ । यसले साहित्यको संज्ञानात्मक मूल्य अस्वीकार गर्ने जो कोहीलाई जवाफदेही बनाउँछ । अचेल मान्छेले प्रतिनिधित्वको कलासँग सम्बन्ध भएको चर्चा गर्न थालेको पाइन्छ (योङ्ग, सन् १९९९, पृ. १२७) । प्रतिनिधित्व र कला बिचको अन्तर्सम्बन्ध महत्त्वपूर्ण हुन्छ । डा. जोनसनले सेक्सपियरको कृतिलाई अघि सार्दै साहित्यलाई मानव जीवनका निष्ठावान् रीतिरिवाजको दर्पणको संज्ञा दिएको पाइन्छ । यसैगरी अर्का विद्वान् हेनरी जेम्सले उपन्यासको एक मात्र कारण भनेको जीवनको प्रतिनिधित्वलाई उपन्यासको सार भनेका छन् । यी कथनहरूले के सन्दर्भलाई सङ्केत गर्दछ भने साहित्यले जीवनको प्रतिनिधित्व गर्छ (योङ्ग, सन् १९९९, पृ. १२८) । उपर्युक्त विद्वान्हरूका मत एवम् विचारहरूमाथि विचार गर्दा के प्रस्ट हुन्छ भने साहित्यले मानव जीवनका विविध गतिविधि एवम् क्रियाकलापहरूका कलात्मक प्रस्तुतिलाई प्रतिनिधित्व गर्छ ।

साहित्य मानव समुदायको लागि हो र साहित्यिक कृतिमा मानव समुदायका विविध पक्षहरूको सुन्दर प्रस्तुतीकरण हुने भएकाले यसले मानव जीवनका विविध गतिविधिहरूको प्रतिनिधित्वलाई इङ्गित गर्दछ । कुनै वस्तु प्रतिनिधित्व गर्नका लागि तीनवटा शर्तहरूको परिपालना गर्नु आवश्यक हुन्छ । आरम्भमा यदि कुनै चिजले कुनै वस्तुको प्रतिनिधित्व गर्छ भने त्यसले कुनै चिज हुनुको सहमतिलाई जनाउँछ । दोस्रो यदि कुनै चिज आफैँमा प्रतिनिधित्व हो भने त्यो चाहिँ निश्चित आशयका लागि प्रतिनिधित्वका रूपमा प्रयोग गरिएको हुन्छ । यसलाई प्रतिनिधित्वको आशयपरक अवस्था भन्न सकिन्छ ।

अन्त्यमा यसले कुनै पनि चिजको संज्ञानात्मक अवस्थालाई जनाउँछ । यदि त्यसले कुनै पनि वस्तुको निश्चित महत्त्वप्रति सहमति जनाउँदैन भने प्रतिनिधित्व केही पनि होइन । प्रतिनिधित्वको आशयपरक अवस्थाले के सङ्केत गर्दछ भने कुनै पनि वस्तुको संयोगवश घटना जनाउँदैन । कुनै पनि वस्तुको निश्चित अर्थ सम्प्रेषण गर्नका निम्ति प्रतिनिधित्व गरिएको हुन्छ । प्रतिनिधित्वले कुनै चिज हुनुको महत्त्वपूर्ण अवस्थालाई जनाउँछ । प्रतिनिधित्वले सधैँ कुनै वस्तुलाई इङ्गित गर्दछ । परिणामतः प्रत्येक प्रतिनिधित्वको लागि कुनै न कुनै वस्तुको आवश्यकता पर्दछ अर्थात् प्रत्येक वस्तुले कुनै न कुनै अर्थको प्रतिनिधित्व गर्छ ।

प्रतिनिधित्वको सिद्धान्तले साहित्यका विविध पक्षमाथि दृष्टिपात गर्दछ । यस सिद्धान्तका परिकल्पनात्मक प्रतिनिधित्व (इमेजिनेटिभ रिप्रेजेन्टेसन), अनुकरण र यथार्थवाद ( मिमेसिस एन्ड रियलिज्म), प्रकृति र सत्य (नेचर एन्ड ट्रुथ) अनि भाषा र प्रतिनिधित्वका आधारमा साहित्यिक कृतिलाई केलाएर हेर्ने काम हुन्छ । परिकल्पनात्मक प्रतिनिधित्वले साहित्यिक कृतिमा विषयवस्तुभन्दा पनि सर्जकको भावना तथा कल्पना पक्षको प्रबलता हुन्छ भन्ने तर्क प्रस्तुत गर्दछ ।

अनुकरण र यथार्थवाद प्रतिनिधित्वअन्तर्गत सामाजिक विषयवस्तुको प्रतिकृति उतार्नुका साथै यथार्थवादी प्रतिविम्बनले समुदायका विषयवस्तुलाई सही ढङ्गबाट उतार्ने काम हुन्छ । प्रतिनिधित्वको यस फोटोकपिका रूपमा दुरुस्तै नक्कल गर्ने काम अनुकरण प्रतिनिधित्व हो । त्यसैगरी साहित्यिक कृतिमा काँचो पदार्थका रूपमा प्रयोग गरिने सामाजिक विषयवस्तुलाई तथ्यगत रूपमा प्रस्तुत गर्ने काम यथार्थवादी प्रतिनिधित्वले जनाउँछ । प्रतिनिधित्वको यथार्थवादी सन्दर्भअन्तर्गत भावना र कल्पनाको थोरै मात्र प्रयोग गरिएको हुन्छ ।

प्रतिनिधित्व सिद्धान्तअन्तर्गतको प्रकृति र सत्य प्रसङ्गमा साहित्यिक कृतिमा प्रयुक्त विषयवस्तुको सहजता वा वास्तविकता र सत्यताको खोजी गर्ने काम हुन्छ । यस अध्ययनमा कुनै पनि साहित्यिक कृतिमा प्रयुक्त विषयवस्तु कृतिको वास्तविक र तथ्यपरक छ भन्ने कुरालाई पर्गेल्ने काम गरिन्छ । यस प्रकारको कृतिले पाठक तथा भावकलाई कृतिको सहजानुभूति गराउँदछ भन्ने सन्दर्भ महत्त्वपूर्ण हुन्छ । प्रतिनिधित्व सिद्धान्तअन्तर्गतको भाषा र प्रतिनिधित्वले सामाजिक विषयवस्तुलाई भाषाको माध्यमबाट के कसरी प्रस्तुत गरिन्छ सो

कुरालाई हेर्ने गरिन्छ । भाषाले कुनै पनि विषयवस्तुको अभिव्यक्तिलाई पूर्णता दिन सक्छ कि सक्दैन अथवा भाषाको माध्यमबाट प्रतिविम्बित विषयवस्तुले समुदायको वास्तविक प्रतिनिधित्व गर्छ कि गर्दैन । यदि प्रतिनिधित्व गर्छ भने सामाजिक विषयवस्तुको कुन हदसम्म संवहन गर्न सक्छ भन्ने विषयवस्तु महत्त्वपूर्ण सन्दर्भ हो ।

साहित्यअन्तर्गत भाषिक माध्यमबाट व्यक्त गरिने उपन्यास, कथा, कविता आदि पर्दछन् । त्यसैगरी चित्रका माध्यमबाट प्रस्तुत गरिने चित्रकारिता, अनुकृति (फोटोकपि), मूर्तिकला, स्थापत्य आदि पर्दछन् । के साहित्यमा उद्धृत विषयवस्तुबारे पाठ बाहिर गएर पाठकहरू एकमत हुन सक्छन् ? साहित्यले कस्तो प्रकारको सत्य प्रकटीकरण गर्ने उद्देश्य राख्छ ? साहित्यको प्रतिनिधित्वमा सत्यको प्रकटीकरणबारे अध्ययन गर्ने उद्देश्य राखिएको हुन्छ । समीक्षक जे.ओ. योङ्गले कलासँग विषयवस्तुका माध्यमबाट व्याख्यात्मक प्रतिनिधित्व हुन्छ भनेका छन् । उनले इतिहास र विज्ञानसँग सम्बन्धित अर्थगत प्रतिनिधित्वले विषयवस्तुको तथ्यपरक प्रस्तुति नजनाउने अभिमत प्रकट गरेका छन् ।

विद्वान् सिड्नीले यसलाई अनुकृतिको कला भनेका छन् । त्यसैगरी अर्का विद्वान् तासोले साहित्यिक कृतिलाई मानवीय क्रियाकलापको प्रतिनिधित्वको संज्ञा दिएका छन् ( योङ्ग, सन् १९९९, पृ. १२७– १२८) । अरस्तु र सिड्नीभन्दा टासोको साहित्यिक प्रतिनिधित्वसम्बन्धी अवधारणा मानव जीवन र समुदाय तथा मानवका विभिन्न गतिविधिहरू एवम् क्रियाकलापसँग जोडिएको छ । हेनरी जेम्सले उपन्यासले मानव जीवनको प्रतिनिधित्व गर्नेतर्फ सङ्केत गरेका छन् ।

जेम्सको अभिमत अझ बढी सान्दर्भिक र व्यावहारिक देखिन्छ । साहित्य मानव जीवन र समुदायका लागि उपयोगी हुने भएकाले जेम्सले सङ्केत गरेको मानव जीवनसँग सम्बन्धित अवधारणा जीवन-जगत् निकट रहेको स्पष्ट छ । उनले साहित्यिक प्रतिनिधित्व विशेषगरी उपन्यासअन्तर्गत मानव जीवनका विषयवस्तुलाई के कसरी प्रतिनिधित्व गराइएको छ सो कुराको गहनतम ढङ्गबाट गवेषण गर्न सकिने अभिमत प्रकट गरेका छन् (योङ्ग, सन् १९९९, पृ. १२८) । वास्तवमा साहित्यका सन्दर्भमा सर्जकले कुनै पनि विषयवस्तुलाई कसरी प्रतिनिधित्व गराएको छ बडो महत्त्वका साथ हेरिन्छ ।

साहित्यिक सन्दर्भमा प्रतिनिधित्वको विषयवस्तुलाई महत्त्वका साथ अध्ययन गरिन्छ । सर्जकले कुनै पनि विषयवस्तुलाई कुन आशयका साथ प्रस्तुत गरेको छ । सर्जकले पाठमा

प्रयुक्त गरेको विषयवस्तुलाई पाठक र भावकले कसरी बोध गर्छ ? त्यो अर्को महत्त्वपूर्ण विषयवस्तु हो । सर्जकको साहित्य सिर्जनाको आशय र पाठकको आशय बिच तादात्म्य नहुन पनि सक्छ । सर्जक र पाठकका जीवनजगत्लाई हेर्ने दृष्टिकोण बोध गर्ने, व्याख्या विश्लेषण गर्ने तौरतरिका फरक हुने भएकाले पाठमा प्रयुक्त विषयवस्तुलाई हेर्ने दृष्टिकोणमा भिन्नता आउनु अस्वाभाविक भने होइन ।

लेखक र स्रष्टाले निश्चित उद्देश्य राखेर साहित्य सिर्जना गरेको हुन्छ । कुनै पनि विषयवस्तुको अकस्मात् प्रतिनिधित्व गराइँदैन । कुनै पनि पाठ लेख्ने निहित उद्देश्य रहेको हुन्छ । उदाहरणका लागि अस्ट्रेलियाका चट्टान टुक्रिने सन्दर्भलाई डिकेन्सले आफ्नो उपन्यासमा निश्चित आशयका लागि प्रयोग गरेका हुन्छन् । उनी चट्टान टुक्रिने सन्दर्भलाई निश्चित आशयका लागि प्रयोग गर्छन् । प्रतिनिधित्वको अङ्गीकारको अवस्थामा पाठकले पाठलाई कसरी व्याख्या गर्छ, महत्त्वका साथ हेरिन्छ ।

सर्जकले अङ्गीकार गरी प्रस्तुत गरेको विषयवस्तुलाई पाठकले अर्कै कोणबाट ग्रहण गर्न सक्तछ । यसको तात्पर्य के हो भने कुनै विषयवस्तुलाई लेखकले अङ्गीकार गर्ने अवस्था र पाठकले अङ्गीकार गर्ने अवस्थामा भिन्नता हुन सक्छ । यस्तो हुनुमा लेखकको सामाजिक पृष्ठभूमि, उसको चेतनाको स्तर अनि जीवन र जगत्लाई हेर्ने विश्वदृष्टिबाट तथा पाठकको पृष्ठभूमि-उसको चेतनाको स्तर एवम् जीवन जगत्लाई हेर्ने विश्वदृष्टिमा हुने भिन्नता नै हो । तसर्थ लेखक र पाठकले एउटै विषयवस्तुलाई अङ्गीकार गर्ने दृष्टिकोणमा व्यापक अन्तर देखिन सक्छ ।

पाठकले लेखकको आशयलाई बुझ्न सकेन भने त्यतिबेला राम्ररी प्रतिनिधित्व नभएको मानिन्छ । अतः लेखकको आशय र पाठकको आशय बिच तादात्म्य हुन आवश्यक छ । यदि लेखकले कुनै वस्तुलाई आलुको रूपमा प्रस्तुत गरेको छ र पाठकले पनि उक्त वस्तुलाई आलुकै रूपमा बोध गर्छ भने त्यतिबेला सफल प्रतिनिधित्व भएको मान्न सकिन्छ । जे जस्तो भए तापनि लेखकले प्रस्तुत गरेको विषयवस्तुलाई पाठकले उसको क्षमता, योग्यताअनुसार फरक ढङ्गबाट बोध गर्न सक्तछ । यसका निम्ति पाठक स्वतन्त्र हुन्छ । लेखकले जुन आशयका लागि साहित्य सिर्जना गरेको छ पाठकले पनि त्यही आशय बुझ्नु पर्दछ भन्ने जरुरी छैन ।

प्रतिनिधित्व सिद्धान्तअन्तर्गत दुई किसिमका अवधारणाहरूको बढी उल्लेख गरिन्छ । यस सन्दर्भमा चित्रात्मक प्रतिनिधित्व (पिक्टोरियल रिप्रेजेन्टेसन) र भाषिक प्रतिनिधित्व ( लिङ्ग्विस्टिक रिप्रेजेन्टेसन) को चर्चा परिचर्चा गर्ने चलन रहेको छ । चित्रात्मक प्रतिनिधित्वअन्तर्गत चित्रकारिता आदि पर्दछन् भने भाषिक प्रतिनिधित्वअन्तर्गत उपन्यास आदिलाई राखिएको पाइन्छ । यद्यपि यी दुवै प्रतिनिधित्वहरू साहित्यिक विषयवस्तुभित्र पर्दछन् किनभने चित्रकलाको माध्यमबाट कुनै न कुनै सामाजिक तथा सांस्कृतिक विषयवस्तुको प्रतिनिधित्व गराइएको हुन्छ । ठिक त्यसैगरी भाषाको माध्यमबाट पनि जीवनजगत् र मानव समुदायका विविध गतिविधिहरूको प्रतिनिधित्व गराइएको हुन्छ ।

चित्रात्मक प्रतिनिधित्व र भाषिक प्रतिनिधित्वले सामाजिक विषयवस्तुहरूका विम्ब, प्रतीक र अर्थलाई संवहन गरेका हुन्छन् । चित्रकला र भाषिक प्रस्तुति कोरा कल्पना मात्रमा सिर्जित हुँदैन । यी दुवैखाले प्रतिनिधित्वमा वस्तुको तथ्यगत प्रस्तुतिको आंशिक रूपमै भए पनि सत्यता भने अवश्य हुन्छ (योङ्ग, सन् १९९९, पृ. १३५) । अतः के भन्न सकिन्छ भने चित्रात्मक र भाषिक पद्धतिबाट साहित्यमा सामाजिक विषयवस्तुको प्रतिनिधित्व गराइएको हुन्छ ।

पाठमा प्रयुक्त विषयवस्तुले समुदायका कुन पक्षका के कस्ता विषयवस्तु एवम् सन्दर्भको प्रतिनिधित्व गरेको छ सो बारे राम्रो जानकारी भयो भने मात्रै प्रतिनिधित्वबारे निर्क्यौलमा पुग्न सकिन्छ । पाठमा प्रयुक्त आचार विचार तथा रीतिरिवाजबारे राम्रो संज्ञान भयो भने मात्रै प्रतिनिधित्वबारे खुट्टयाउन सहज हुन्छ अन्यथा गाह्रो हुन्छ । पाठमा प्रस्तुत गरिएको विषयवस्तुबारे लेखक र पाठक दुवै जानकार हुनु आवश्यक छ अनि मात्र प्रतिनिधित्वको सही पहिचान गर्न सकिन्छ ।

पाठमा प्रयुक्त विषयवस्तुबारे लेखक र पाठक दुवै परिचित हुनु आवश्यक छ । दुइटैका बुझाइ समान नभए पनि पाठमा प्रयुक्त विषयवस्तुबारे नजिक नजिकको अर्थ भने अवश्य हुनु पर्छ । समुदायमा प्रचलित रीतिरिवाज, आचारविचार, प्रथाप्रणाली, पद्धतिबारे लेखक र पाठक दुवै परिचित हुनु आवश्यक रहेको छ । यदि लेखक र पाठकको विषयवस्तु बारेको आशय र संज्ञानको अवस्थामा मेल खायो भने तेस्रो अवस्थामा पनि अवश्य मेल खान्छ । उदाहरणका लागि 'थ्री मेन इन अ बोट'लाई लिन सकिन्छ । प्रतिनिधित्वअन्तर्गत विषयवस्तुका चित्र एवम् तस्बिरहरू प्रयोग गरिएका हुन्छन् । कुनै पनि विषयवस्तुको चित्र

एवम् तस्बिरले सम्बन्धित विषयवस्तुको सहज ढङ्गबाट प्रतिनिधित्व गरेको हुन्छ । पाठक तथा भावकहरूले त्यस्ता चित्रात्मक विषयवस्तुलाई सजिलै बोध गर्न सक्तछन् । त्यतिबेला सामाजिक विषयवस्तुको सफल प्रतिनिधित्व भएको मान्न सकिन्छ । त्यहीँनेर वैज्ञानिक सिद्धान्तहरू, मानसिक अमूर्त तस्बिरहरू बोधगम्यताका दृष्टिकोणबाट जटिल हुन्छन् । वैज्ञानिक सिद्धान्त र मानसिक तस्बिरहरूलाई भाषाका माध्यमबाट सजिलैसँग बुझ्न गाह्रो हुन्छ (योङ्ग, सन् १९९९, पृ. १३०) । तिनले पाठमा व्यक्त विषयवस्तुको दुरुस्तै प्रतिनिधित्व नगर्न पनि सक्छ । प्रतिनिधित्वमा सन्देहवाद/संशयवाद अर्को जटिल समस्या हो ।

आख्यान तथा उपन्यासमा प्रयोग गरिएका पात्रहरू काल्पनिक हुने भएकाले त्यहाँनेर शङ्का उपशङ्का गर्ने ठाउँ भने अवश्य रहन्छ । जीवन जगत्मा अस्तित्वमा नरहेका विषयवस्तुले साहित्यिक पाठमा जीवन्त प्रतिनिधित्व नगर्न सक्छ भन्ने सन्देह गर्ने ठाउँ भने अवश्य रहन्छ । प्रतिनिधित्वले सही प्रतिनिधित्व गर्छ भन्ने विषयमा सन्देह रहन्छ । आख्यान तथा उपन्यासमा प्रयुक्त पात्रहरू काल्पनिक भए पनि कहीँ न कहीँ तिनमा आंशिक रूपमै भए पनि सत्यता भने अवश्य हुन्छ । त्यसो भए पाठमा प्रयुक्त विषयवस्तुमा पात्रको के कस्तो प्रतिनिधित्व रह्यो त त्यो चाहिँ गहन विषयको रूपमा देखिन्छ । वैज्ञानिक तथा संवेगात्मक विषयवस्तुको प्रयोग गर्दाखेरि पाठकमा तिनका लागि संशय गर्ने ठाउँ रहन्छ ।

साहित्यिक प्रतिनिधित्वअन्तर्गत जीवनजगत्का विषयवस्तुको प्रस्तुति हेरिन्छ । साहित्यमा प्रतिनिधित्वको अवस्था कस्तो रहन्छ त ? साहित्यमा जीवनजगत् एवम् समुदायका वास्तविक पात्र तथा विषयवस्तुहरूको सही प्रतिनिधित्व गराइएको छ कि छैन सो विषयवस्तु अध्ययनीय हुन्छ । प्रतिनिधित्वअन्तर्गत साहित्यमा प्रयुक्त काल्पनिक पात्रका प्रतिनिधित्वलाई वास्तविक पात्र एवम् विषयवस्तुसम्म जोड्न सकिन्छ । साहित्यमा प्रयुक्त पात्र एवम् विषयवस्तुले आंशिक रूपमै भए पनि प्रतिनिधित्व भने गरेको हुन्छ किनभने साहित्य सिर्जनाको आधारभूमि भनेको मानव समुदाय हो । साहित्य शून्यमा सिर्जना गरिँदैन । अतः के भन्न सकिन्छ भने साहित्यमा प्रयुक्त पात्र एवम् विषयवस्तुले धेरथोर भए पनि जीवनजगत् र समुदायको प्रतिनिधित्व भने अवश्य गरेको हुन्छ । पाठकहरू पनि समुदायका सबै पात्र एवम् विषयवस्तु प्रतिनिधित्व गरेको बुझ्न असक्षम हुन सक्छन् त्यस्तो सन्दर्भमा प्रतिनिधित्वका तीनवटा अवस्थाहरू मेल नखान सक्छन् ।

लेखकको लेखकीय अभिप्रायले पाठकको पाठको विषयवस्तुसँग ग्रहणको मेल नखान सक्छ । पाठकको मान्यताले मेल नखान सक्छ । त्यसैगरी पाठमा प्रतिनिधित्व गराइएका विषयवस्तुबारे लेखक र पाठकका बिचमा असमान बुझाइ हुन सक्छ । यसमा पनि केही अपवाद हुन सक्छन् जस्तै पाठकले आफ्नो व्यक्तिगत अनुभवका आधारमा काल्पनिक पात्रलाई अङ्गीकार गर्न सक्छ । लेखकले भाषाका माध्यमबाट सामाजिक विषयवस्तु एवम् विभिन्न पात्रहरूको प्रतिनिधित्व गराएको हुन्छ ।

साहित्यिक कृतिमा लेखकले उपस्थापन गरेका विभिन्न पात्र, विषयवस्तु एवम् विचारको प्रतिनिधित्व सामाजिक यथार्थसँग मेल खाने पनि हुन सक्छ । सामाजिक विषयवस्तु एवम् पात्रका वास्तविक जीवनशैलीभन्दा फरक पनि हुन सक्छ अथवा समुदायको यथार्थभन्दा पर काल्पनिक पनि हुन सक्छ । साहित्यमा विषयवस्तु एवम् पात्रको यथार्थभन्दा कम चरित्रचित्रण भएको छ भने त्योचाहिँ अल्प प्रतिनिधित्व भएको मानिन्छ । यदि लेखकले आफ्नो साहित्यिक कृतिमा पात्र एवम् समुदायको यथार्थभन्दा बढाइचढाइ प्रतिनिधित्व गराइएको छ भने त्यस्तो अवस्थामा पात्र एवम् विषयवस्तु तथा विचारको अधिक प्रतिनिधित्व भएको मानिन्छ ।

लेखकले साहित्यिक कृतिमा समुदायका पात्र, विषयवस्तु र विचारको वास्तविकतालाई बङ्ग्याएर गलत तरिकाले प्रतिनिधित्व गराएको छ भने तिनका मिथ्या प्रतिनिधित्व भएको मानिन्छ । लेखकले भाषाका माध्यमबाट समुदायका पात्र, तिनका अभ्यास, विषयवस्तु र विचारधारालाई कुन अनुपातमा के कसरी प्रतिनिधित्व गराएको छ ? सोकुराको अध्ययन प्रतिनिधित्वमा महत्त्वपूर्ण हुन्छ । सांस्कृतिक अध्ययनको विषयक्षेत्र निकै व्यापक रहेकाले यसको समालोचनाको क्षेत्र पनि व्यापक नै रहेको छ ।

सांस्कृतिक समालोचनाले साहित्य विषयक सांस्कृतिक अध्ययन र संस्कृति विषयक साहित्यिक अध्ययनलाई आफ्नो अध्ययनको क्षेत्रभित्र समेट्दछ । यसले मूलभूत रूपमा किनारीकृत सबैप्रकारका संस्कृतिको स्थान, मान्यताको अध्ययन गर्नुका साथै केन्द्रदेखि बाहिर रहेका जाति, वर्ग, लिङ्ग, क्षेत्र आदिको अध्ययनलाई बढी महत्त्व दिन्छ (गौतम, २०७०, पृ. ३६७) । नेपालको सन्दर्भमा मधेसी समुदाय केन्द्रदेखि बाहिर रहेको, शक्तिसम्बन्धका हिसाबले कमजोर रहेकाले आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायको प्रतिनिधित्व सांस्कृतिक समालोचनाका दृष्टिकोणबाट महत्त्वपूर्ण शीर्षक हो ।

### २.६.१ साहित्यमा प्रतिनिधित्व गराइएका विषयवस्तुका प्रकारहरू

साहित्यमा सामाजिक विषयवस्तुहरूको यथोचित प्रयोग गरिएको हुन्छ । यहाँनेर साहित्यमा प्रतिनिधित्व गराइएका विषयवस्तुहरूलाई निम्नानुसार वर्गीकरण गरी अध्ययन गरिन्छ :

**(क) साहित्यमा काल्पनिक विषयवस्तु**

साहित्यमा काल्पनिक विषयवस्तुको प्रतिनिधित्व गराइएको हुन्छ । जुन धेरै नै रहस्यमयी हुन्छ तर रहस्यमयी विषयवस्तु भए पनि वास्तविक जगत्सँग कुनै न कुनै रूपमा सम्बन्धित भने अवश्य हुन्छ । उदाहरणका लागि वोमब्याटलाई लिन सकिन्छ । वोमब्याट एउटा काल्पनिक जनावर हो । वास्तविक भौतिक जगत्मा जसको अस्तित्व नै छैन । वोमब्याटको अस्तित्व नभए पनि त्यो जनावर हो त्यसलाई जनावरको सत्यताका रूपमा लिन सकिन्छ ।

भौतिक जगत्मा उड्ने विशेषता बोकेको वायुपङ्खी घोडा अस्तित्वमा छैन । तर त्यसले चारखुट्टे जनावर घोडाको प्रतिनिधित्व त गरेको छ । त्यसैले कुनै पनि पात्र विल्कुल काल्पनिक भने हुँदैन । त्यसले कुनै न कुनै रूपमा अस्तित्ववान् विषयवस्तुको प्रतिनिधित्व गरेको हुन्छ । त्यसैगरी सैनिकको सालिकलाई प्रतिनिधित्वको उदाहरणका रूपमा लिन सकिन्छ । सैनिकको सालिकले युद्धमा वीरगति प्राप्त गरेको पराक्रमी र साहसी योद्धाहरूको प्रतिनिधित्वलाई इङ्गित गर्दछ । सालिक एउटा सैनिक मात्रको भए पनि त्यसले युद्धभूमिमा वीरगति प्राप्त गरेका तमाम साहसी सेनाहरूलाई अवश्य प्रतिनिधित्व गर्छ (योङ्ग, सन् १९९९, पृ. १३३) । साहित्यमा विभिन्न प्रतीक, बिम्बका माध्यमबाट विभिन्न विषयसन्दर्भको प्रतिनिधित्व गराइएको हुन्छ ।

**(ख) आंशिक काल्पनिक विषयवस्तु**

साहित्यमा प्रयुक्त विषयवस्तुले मानव जीवनजगत्का वस्तु तथ्यलाई यथार्थ वा आंशिक काल्पनिक रूपमा प्रस्तुत गर्दछ । प्रतिनिधित्वले कुनै समूह विशेष, वर्ग विशेष वा यस्तै प्रकारको प्रतिनिधित्वलाई समेट्ने काम गर्दछ । उदाहरणका लागि 'सिकम्पोल' जनसमुदायलाई लिन सकिन्छ । 'सिकम्पोल' शब्दले सिकारी र अल्छी जनसमुदायको जमातलाई सङ्केत गर्दछ । यसका लागि अर्को उदाहरणलाई अघि सार्न सकिन्छ । त्यसैगरी नेपोलियन निश्चित व्यक्ति पात्र नभएर सम्पूर्ण साहसिक व्यक्तिहरूका लागि प्रतिनिधिमूलक पात्रका रूपमा चिनिन्छ । साहित्यले विषयवस्तुको विविध प्रकारहरूको प्रतिनिधित्व गरेकै

हुन्छ । यसको तात्पर्य के हो भने साहित्यले यथार्थ र आंशिक रूपमा काल्पनिक कथावस्तुलाई प्रतिनिधित्व गर्छ । अतः साहित्य प्रातिनिधित्विक/प्रातिनिधिक हुन्छ । प्रतिनिधित्व काल्पनिक रोमान्स भने होइन अर्थात् साहित्यमा कल्पना तत्त्वको मिश्रण गरिए पनि त्यो चाहिँ यथार्थको भावभूमिमा लेखिएको हुन्छ । साहित्यमा विशुद्ध कोरा कल्पनाको प्रयोग गरिएको हुँदैन । तर साहित्यमा विशुद्ध प्रतिनिधित्व पनि हुँदैन (योङ्ग, सन् १९९९, पृ. १३०–१३१) । यसमा थोरै काल्पनिक र थोरै यथार्थको प्रतिनिधित्व गराइएको हुन्छ ।

दार्शनिकद्वय पिटर लामार्क र स्टेइन हाङ्गमहरूले प्रतिनिधित्व र अप्रतिनिधित्व ( रिप्रेजेन्टेसन एन्ड ननरिप्रेजेन्टेसन) का बिचमा भिन्नता देखाएका छन् । उनीहरूले प्रतिनिधित्व जीवन जगत्का विषयवस्तुसँग सम्बन्धात्मक हुने उल्लेख गरेका छन् । त्यहीँनेर उनीहरूले अप्रतिनिधित्व जीवनजगत्का विषयवस्तुसँग असम्बन्धात्मक हुनेतर्फ इङ्गित गरेका छन् । तसर्थ साहित्यमा सम्बन्धात्मक प्रतिनिधित्व र असम्बन्धात्मक प्रतिनिधित्वका बिचमा सन्तुलन कायम हुनु आवश्यक छ (योङ्ग, सन् १९९९, पृ. १३५) । प्रतिनिधित्वमा सम्बन्धात्मक र असम्बन्धात्मक विषयवस्तुको के कसरी अनि कतिको प्रयोग गरिएको छ उक्त सन्दर्भको अध्ययन गरिन्छ ।

## २.७ प्रतिनिधित्वको विभाजन

प्रतिनिधित्वलाई वर्णनात्मक प्रतिनिधित्व र चित्रात्मक प्रतिनिधित्व गरी विभाजन गरिएको पाइन्छ । वर्णनात्मक प्रतिनिधित्वअन्तर्गत भाषिक अभिव्यक्ति पर्दछ भने चित्रात्मक प्रतिनिधित्वअन्तर्गत चित्रकला, फोटोग्राफी, मूर्तिकला, स्थापत्य आदि पर्दछन् । वर्णनात्मक प्रतिनिधित्वअन्तर्गत वैज्ञानिक सिद्धान्त, ऐतिहासिक वर्णन, साहित्य आदि पर्दछन् । भाषाको माध्यमबाट अभिव्यक्ति दिइने उपन्यास, कथा, कविता आदिले वर्णनात्मक प्रतिनिधित्वलाई समेट्दछ । त्यसैगरी यसअन्तर्गत चित्रकारिता, फोटोग्राफी, मूर्तिकला आदि पर्दछन् ।

भाषिक वर्णनात्मक अभिव्यक्तिका माध्यमबाट सिर्जित फोटोग्राफी, मूर्तिकला आदिले साहित्यिक अभिव्यक्तिको प्रतिविम्बन गर्दछ । भाषाको माध्यमबाट रचित कृतिले साहित्यिक मूल्य बोकेको हुन्छ । प्रतिनिधित्वलाई अझ अगाडि अर्थगत प्रतिनिधित्व र व्याख्यात्मक भनी अध्ययन गरिएको पाइन्छ । अर्थगत प्रतिनिधित्वले विषयवस्तुको सत्यपरक अर्थलाई सङ्केत गर्दछ । व्याख्यात्मक प्रतिनिधित्वका विषयवस्तुसँग सत्यपरक अर्थपूर्ण सम्बन्ध नहुन पनि सक्छ । अर्थगत प्रतिनिधित्वले विषयवस्तुको तथ्यपरक अर्थलाई इङ्गित गर्दछ । उदाहरणका

लागि 'केट मेट इज अन' अर्थात् बिरालो र गुन्द्री । गुन्द्रीमाथि बिरालो छ/माथि छ ) । अङ्ग्रेजी भाषामा प्रयुक्त यस्तो सत्य वास्तवमा सत्य नहुन पनि सक्छ तर व्याख्यात्मक प्रतिनिधित्वले विषयवस्तुको साँचो वा झुटो अर्थात् सत्यता र असत्यतालाई त्यति महत्त्व प्रदान गर्दैन । प्रतिनिधित्वको यस्तो प्रकारमा सत्यता र असत्यतालाई साहित्यको गुण मानिँदैन । प्रतिनिधित्वको यस्तो अवधारणाले के इङ्गित गर्दछ भने व्याख्याले कुनै निश्चित वस्तुको प्रतिनिधित्व गर्छ । उदाहरणका लागि मोनालिसाको तस्बिरले मृदुमुस्कानलाई प्रतिनिधित्व गर्छ । पाठक तथा दर्शकले तस्बिर र वस्तुसँग एकअर्कालाई दाँजेर हेर्ने काम गर्छ । मोनालिसाको तस्बिर वास्तविक तस्बिर हो र त्यसलाई सामान्य भाषाको माध्यमबाट व्याख्या गरिन्छ (योङ्ग, सन् १९९९, पृ. १३६) । तस्बिरको माध्यमबाट पनि विविध सन्दर्भ एवम् विषयवस्तुको प्रतिनिधित्व गराइएको हुन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने साहित्यमा अर्थगत प्रतिनिधित्वले वस्तुलाई तथ्यसँग सम्बन्ध स्थापित गर्ने काम गर्दछ । एउटा वाक्यले अर्थपूर्ण प्रतिनिधित्व गर्छ । यसले त्यतिबेला प्रतिनिधित्व गर्छ जतिबेला यो साँचो हुन्छ । साहित्यमा साँचो र झुटोको बहस आफैँमा अर्थहीन हुन सक्छ । साहित्यले एकैसाथ तीन किसिमका व्याख्याहरूको प्रतिविम्बनलाई इङ्गित गर्दछ । यसले शाब्दिक वर्णन, वर्णनात्मक व्याख्या र औपचारिक व्याख्याहरूलाई एकमुष्ट इङ्गित गर्न सक्छ ।

उपन्यासमा सत्य विषयवस्तुको प्रयोग सामान्यतया प्रस्तुतिको शैली हुन सक्छ जबकि यथार्थवादमा विषयवस्तुको वास्तविक यथार्थ र साँचो विषयवस्तुको चित्रण एवम् प्रयोग गरिन्छ । विज्ञान कथामा साँचो विषयवस्तुको प्रयोग गरिएको हुँदैन तर पनि त्यसले केही न केही कुनै न कुनै रूपमा प्रतिनिधित्व भने अवश्य गर्छ । साहित्यमा सत्य विषयवस्तुको प्रयोगले वास्तवमा प्रभाव पार्न सक्छ । वास्तवमा भन्नुपर्दा साहित्यको गुण/प्रकृतिले त्यो कतिको सत्य वा असत्य हो त्यसको श्रेणीको मापन गर्न मद्दत गर्छ ।

निचोडमा प्रतिनिधित्वले साहित्यिक कृतिको मूल्याङ्कन गर्नमा मदत पुऱ्याउँछ । यसअन्तर्गत साहित्यलाई व्याख्यात्मक, वर्णनात्मक, चित्रात्मक र अर्थगत कोणबाट अध्ययन गर्न सकिन्छ अर्थात् साहित्यमा प्रयुक्त विषयवस्तुलाई यी विभिन्न कोणबाट प्रतिनिधित्वसम्बन्धी अध्ययन गर्न सकिने देखिन्छ । साहित्य ज्ञानको स्रोत हुन सक्छ ।

साहित्यले कुन हदसम्म सत्यताको प्रतिनिधित्व गरेको छ सो बारे प्रकट गर्छ । साहित्यले जीवन जगत्का विषयवस्तुको प्रतिनिधित्व गर्न सक्छ ।

## २.८ उपन्यासमा प्रतिनिधित्व अध्ययनका आधारहरू

उपन्यास मानव समुदायको चित्रण गर्ने प्रतिविम्ब हो । यसमा मानवले सम्पन्न गर्ने विभिन्न गतिविधि, तिनका जीवनपद्धति, सुखदुख, सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक गतिविधिहरूको कलात्मक चित्रण गरिएको हुन्छ । उपन्यासमा प्रयुक्त कथ्यवस्तुलाई वहन गर्नका लागि विभिन्न खालका पात्रहरूको उपस्थापन गरिएको हुन्छ । पात्रहरू मानवीय र मानवेतर दुवै हुन सक्तछन् । आधुनिक नेपाली उपन्यासहरूमा प्रायजसो मानवीय पात्रहरूको उपस्थापन गरिएको छ । उपन्यासमा प्रयुक्त पात्रहरू विभिन्न जातजाति, वर्ग, धर्म, लिङ्ग, पेसा, राजनीति आदिसँग सम्बन्धित हुन्छन् । उपन्यासको कथावस्तुमा तिनले फरक फरक भूमिका निर्वाह गरेका हुन्छन् ।

मानवीय पात्रहरूमा पनि महिला र पुरुष पात्रहरू हुन्छन् । वर्गीय हिसाबले सम्भ्रान्त वर्गका र सर्वहारा वर्गका पात्रहरूको चित्रण गरिएको हुन्छ । त्यसैगरी समुदायले निर्माण गरेका विभिन्न जातजाति तथा जनजातिका पात्रहरूको समेत यथोचित प्रयोग गरिएको हुन्छ । साहित्य अन्तर्गतको प्रतिनिधित्वमा उपन्यासमा प्रयुक्त पात्रका अवस्था र उपस्थितिलाई मुख्य आधार बनाएर अध्ययन गरिन्छ । सांस्कृतिक अध्ययन अन्तर्गतको प्रतिनिधित्व अध्ययनमा पात्रका राजनीति र शक्तिसँगको सम्बन्ध पनि केलाएर हेर्ने गरिन्छ । शक्तिविमर्शका हिसाबले कुनै पात्र शक्तिशाली हुन्छ भने कुनै पात्र कमजोर हुन्छ । यहाँनेर शोधका निम्ति छनोट गरिएका नेपाली उपन्यासमा प्रतिनिधित्वको अवस्थाबारे विश्लेषण गर्न निम्नानुसार ढाँचा प्रयोग गरिएको छ ।

### २.८.१ भौतिक पात्रको प्रतिनिधित्व

उपन्यासमा भौतिक पात्र भन्नाले वर्ग, जाति र लिङ्गसँग सम्बन्धित पात्रहरूलाई जनाउन खोजिएको छ । प्रत्यक्ष अवलोकन गर्न सकिने पाठमा प्रयुक्त पात्रहरूलाई यहाँ भौतिक पात्रको संज्ञा दिइएको छ । यस सन्दर्भमा विवेच्य उपन्यासमा प्रयुक्त मानवीय पात्रलाई भौतिक पात्र भनिएको हो । प्रस्तुत शोधमा विश्लेषणको लागि प्रतिनिधित्व सिद्धान्तलाई पर्याधारका रूपमा प्रयोग गरी छनोट गरिएको छ । प्रतिनिधित्व सिद्धान्तलाई

मुख्य आधार बनाई उपन्यासका पात्रहरूलाई वर्गीय, जातीय र लैङ्गिक अवस्थाबारे विश्लेषण गर्न गरिएको छ ।

**(क) वर्गीय प्रतिनिधित्व**

साहित्यिक कृतिमा वर्गीय स्वरूपको सामाजिक संरचनाको चित्रण गरिएको हुन्छ । कुनै पनि समुदायमा असमान आर्थिक हैसियतका वर्गहरू विद्यमान हुन्छन् । मार्क्सवादी दृष्टिकोणका आधारमा समुदायमा बुर्जुवा वर्ग र सर्वहारा वर्गहरू हुन्छन् । आर्थिक सन्दर्भसँग जोडेर कार्ल मार्क्सले समाजमा दुइटा वर्ग हुने अभिमत प्रकट गरेका छन् । कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले धनी वर्गका निम्ति 'बुर्जुवा' (बोर्गिस) शब्दको प्रयोग गरेका छन् भने साधन स्रोतमाथि पहुँच नभएका श्रमजीवी वर्गका निम्ति 'सर्वहारा' (प्रोलिटेरिएट) शब्द प्रयोग गरेको पाइन्छ ।

वर्गलाई सामाजिक ऐतिहासिक भेदका रूपमा लिने गरिन्छ । अहिलेसम्मका समस्त समुदायको इतिहास वर्ग सङ्घर्षको इतिहास हो (मार्क्स र एङ्गेल्स, सन् १९८८, पृ. १५) । कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्स आर्थिक पक्षलाई समुदाय निर्माणको आधार तत्त्व मान्दछन् । उनीहरूले समुदायका साहित्य, कला, संस्कृति आदिलाई अधिरचना मानेको पाइन्छ । आधार तत्त्व आर्थिक पक्षले समुदायका अधिरचनालाई प्रभावित पार्ने दार्शनिकद्वयको अभिमत रहेको छ । कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्सले समुदायका कला, साहित्य, संस्कृति लगायतका विविध विषयवस्तुहरूलाई अधिरचनाको संज्ञा दिएका छन् ।

उत्पादक शक्ति र उत्पादन सम्बन्ध तथा आर्थिक पक्ष आधार र अधिरचनासँगै वर्ग र वर्गका बिचको सङ्घर्ष पनि विकसित हुन्छ । मार्क्सवादी सन्दर्भ नै वर्गको उत्पत्तिको मूल आधार हुनाले सामाजिक आर्थिक संरचनाको मूलमा उत्पादन पद्धति आउँछ र यो उत्पादन पद्धति मानिसको श्रमको प्रक्रियाबाट अघि बढ्छ (भट्टराई, २०७७, पृ. ६७) । आर्थिक पक्ष आधार र उत्पादन पद्धतिका बिचमा अन्योन्याश्रित सम्बन्ध हुन्छ । मार्क्सवादी अध्ययनमा उत्पादनका साधनमा स्वामित्व हुने वर्गलाई शक्तिशाली बुर्जुवा वर्गको रूपमा अर्थ्याइएको छ भने उत्पादनका साधनमाथि स्वामित्व नहुने वर्गलाई कमजोर सर्वहारा वर्गको रूपमा अर्थ्याइएको छ ।

आधारले अधिरचनालाई प्रभावित पार्ने मार्क्सवादीहरूको जिकिर रहेको छ । आधार र अधिरचनाका बिच द्वन्द्वात्मक सम्बन्ध रहेको हुन्छ । आधारको निर्णायक भूमिका रहन्छ तर

कैयौँ प्रसङ्गमा अधिरचना पनि प्रमुख भूमिका खेल्दछ र आधारलाई प्रभावित पार्दछ (किरण, २०७७, पृ. १२) । समुदायमा आर्थिक पक्षले निर्णायक भूमिका खेल्ने प्रस्ट छ । मार्क्सवादले वर्गीय अध्ययन विश्लेषणमा जोड दिन्छ । यस सिद्धान्तमा वर्गबद्ध समुदायमा समुदाय र कलाको अनिवार्य दायित्व मानेको पाइन्छ । मार्क्सवादले अहिलेसम्मको समुदायको सारा इतिहास शोषक र शोषित वर्गमा बाँडिएका समुदायको इतिहास मान्छ । मार्क्सवाद चाहिँ सर्वहारा वर्ग अर्थात् शोषित वर्गको क्रान्तिकारी दर्शन हो । तसर्थ यस वादको सम्पूर्ण र एक मात्र प्रतिबद्धता यही सर्वहारा वर्गप्रति र उसका हितप्रति छ । यस सिद्धान्तले समुदायमा आर्थिक हिसाबले शोषित, पीडित श्रमजीवी वर्गप्रति सहानुभूति प्रकट गर्दछ ।

आर्थिक हिसाबले समुदायमा धनी र गरिब गरी दुइटा वर्ग विद्यमान रहन्छन् । वर्गीय अध्ययन मूलतः मार्क्सवादी अध्ययन पद्धति हो । यस दर्शनले धनी र गरिब वर्गका बिचको दुरीका कारक तत्त्वलाई पत्ता लगाएर विपन्न अवस्थाका श्रमजीवी वर्गका पक्ष बहस गर्दछ । मार्क्सवादी वर्गीय विश्लेषण उत्पादन पद्धतिसँग जोडिएको हुन्छ (भण्डारी, २०७५, पृ. २) । यस वादले उत्पादनका स्रोत साधनमाथि पहुँच र प्रभुत्व भएको वर्गलाई धनी वर्गको संज्ञा दिन्छ भने साधन स्रोतमाथि पहुँच र प्रभुत्व नभएको वर्गलाई गरिब वर्ग मान्दछ । मानव समुदायको इतिहासबाट के सत्य सावित हुन्छ भने वर्गहरूमा विभाजित समुदाय व्यवस्थामा शोषक र शोषित गरी दुइटा वर्गहरूको उपस्थिति पाइन्छ ।

शोषक वर्गको रूपमा शासक र शोषित वर्गको रूपमा श्रमजीवी वर्ग पर्दछ । सामन्ती समुदाय चाहिँ शोषक वर्गमा अनि शोषित वर्गमा जनता र किसान सामेल हुन्छन्, पुँजीवादी समाजमा शोषक र शोषित वर्गको संरचना विद्यमान रहन्छ । सामन्ती समुदायमा किसान र अन्य शोषित वर्गहरूमा अन्तर शोषणको मात्रामा अन्तरको कारणले होइन, शोषणको रूपको अन्तरको कारणले हुन्छ । पुँजीवादी समुदायमा सर्वहारा सर्वाधिक शोषित र सबै कुरा नभएको वर्ग हुन्छ (पाण्डेय, २०६७, पृ. १५७) । समुदाय व्यवस्थामा आर्थिक हिसाबले सम्पन्न धनी वर्गले गरिब वर्गमाथि शोषण गर्ने सन्दर्भ प्रस्ट छ । यस सन्दर्भबाट के प्रस्ट हुन्छ भने आर्थिक रूपले सम्पन्न वर्ग शासकको रूपमा रहने र आर्थिक रूपले विपन्न वर्ग अर्थात् सर्वहारा वर्ग भने शोषित, पीडित हुन्छ ।

### (ख) लैङ्गिक प्रतिनिधित्व

'लैङ्गिक' सामाजिक सांस्कृतिक निर्मिति हो । लिङ्ग जैविक निर्मिति हो भने लैङ्गिक सामाजिक निर्मिति हो । सामाजिक, सांस्कृतिक रूपले पुरुष र महिलाका फरक फरक भूमिका निर्वाह गर्नुपर्ने निर्मित प्रतिमान लैङ्गिक हो (बटलर, सन् १९९३, पृ. २) । यसको सम्बन्ध समुदायका विभिन्न पक्षमा आधारित हुन्छ । नेपालीमा प्रचलित लैङ्गिकता अङ्ग्रेजी भाषाको 'जेन्डर' शब्दको नेपाली अनुवाद हो । यसले महिला र पुरुषको सामाजिक, सांस्कृतिकका अतिरिक्त आर्थिक विशेषतालाई इङ्गित गर्दछ । लिङ्गअन्तर्गत महिला र पुरुष भनी जन्मजात निर्धारण भएर आउँछ । त्यसैगरी लैङ्गिक (जेन्डर) पनि लिङ्गका आधारमा व्यक्तिसँग जोडिएर आउने सांस्कृतिक मूल्य मान्यता, भूमिका तथा विशेषताहरूको समष्टि रूप हो (एडगर र सेजविक, सन् २००४, पृ. १५८) । लिङ्ग जैविकीय हो भने लैङ्गिक सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक रूपमा निर्माण गरिएको हुन्छ ।

लिङ्ग र लैङ्गिक (सेक्स एन्ड जेन्डर) दुइटा अवधारणाले मूर्तरूप लिएको देखिन्छ । लैङ्गिकता मानव समुदायले निर्माण गरेर चलाएको सामाजिक-सांस्कृतिक अवधारणा हो । लैङ्गिक अवधारणाले पुरुष र महिलालाई एकअर्काबाट पृथक् रूपमा प्रस्तुत गर्छ । लैङ्गिक सामाजिक-सांस्कृतिक निर्मितिसँग जोडिएको विषयवस्तु हो । यसले केवल लिङ्गलाई एकतर्फी अर्थ्याउँदैन बरु यसले लिङ्गयुक्त शरीरभन्दा पनि सांस्कृतिक अर्थलाई जनाउँछ । लिङ्ग/लैङ्गिकले कट्टरपन्थी लिङ्गयुक्त शरीर र सांस्कृतिक निर्मिति लैङ्गिकतालाई एकअर्कोबाट पृथक् रूपमा प्रस्तुत गर्छ । यसअन्तर्गत लिङ्गका द्विचर स्थायीत्वबारे चर्चा गरिन्छ । लैङ्गिकताले पुरुषको निर्मितिलाई अनुशरण गर्दैन बरु यसले पुरुषका शरीरभन्दा पनि महिलाका शरीरका बारेमा व्याख्या गर्छ ।

द्विचर लैङ्गिक प्रणालीले लैङ्गिकतालाई विश्वास, अनुशरण एवम् लिङ्गसँग जोडेर यथावत् राख्ने काम गर्दछ । जब कि लैङ्गिकता लिङ्गको दर्पन हो । जब लैङ्गिकताको विषयवस्तु निर्माण गरेर सिद्धान्तीकरण गरिन्छ तब कट्टरपन्थी लिङ्ग, लैङ्गिकता स्वतन्त्र रूपमा लिइने कृत्रिम भाष्य बन्न पुग्दछ (बटलर, सन् १९९०, पृ. ९) । यसरी लैङ्गिकता महिलाका शरीरसँग जोडिएर निर्माण गरिएको सांस्कृतिक निर्मिति हो । यसले सामाजिक सांस्कृतिक विमर्शात्मक संरचनामा महिलालाई पुरुषभन्दा फरक रूपमा र अन्य रूपमा प्रस्तुत गर्ने काम गर्दछ ।

सांस्कृतिक अध्ययनअन्तर्गत लैङ्गिक अवधारणाले विशेष जोड दिएको पाइन्छ । जैविक लिङ्गका आधारमा निर्मित लैङ्गिकले विभिन्न भाष्य निर्माण गरेको छ । यसले नारी र पुरुषका सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक निर्मितिलाई जनाउँछ । यसअन्तर्गत नारीवाद, पितृसत्ता, यौनिकता, शरीर, लैङ्गिक विभेद, दमन र शोषण आदि विभिन्न सन्दर्भहरूको अध्ययन गरिन्छ (त्रिपाठी, २०६८, पृ. ६५) । यस अध्ययन पद्धतिलाई नारीवादका विभिन्न धाराहरूको विकास र विस्तारले स्थापित गर्दै लगेको पाइन्छ । पुरुष र पितृसत्ता, विभेद र लैङ्गिकजस्ता विषयहरूले प्रवेश पाउनुमा पाश्चात्य नारीवादी आन्दोलनको उल्लेख्य भूमिका रहेको छ । त्यसपछि मात्र 'जेन्डर' शब्द समुदायशास्त्र, संस्कृति र साहित्यमा समेत प्रयोग हुने गरिएको भेटिन्छ ।

'जेन्डर' अङ्ग्रेजी भाषाको शब्द हो । यसका निम्ति नेपाली भाषाका लैङ्गिक/ लिङ्गीय भूमिका, लैङ्गिक/ लिङ्गीय सम्बन्ध, लैङ्गिक/ लिङ्गीय विशेषता र सामाजिक लिङ्ग भेदजस्ता पदावली प्रयोग गरिएको पाइन्छ (रिचार्डसन र रबिन्सन, सन् २०२०, पृ. १२) । लैङ्गिकताका बारेमा नेपाली भाषामा जेजस्ता शब्दहरू प्रयोग गरिए तापनि यसले समुदायले निर्माण गरेका पुरुष र महिलाका फरक फरक भूमिकालाई जनाउँछ । समुदायको लैङ्गिक तथा सांस्कृतिक वस्तुस्थितिको अध्ययनका सन्दर्भमा लैङ्गिकता शब्दको प्रयोग गरिन्छ । यसले मानिसमा हुने जैविक भिन्नतालाई नभई सामाजिक भिन्नतालाई इङ्गित गर्दछ ।

लैङ्गिक पहिचानलाई विभिन्न विद्वान्हरूले फरक फरक ढङ्गबाट अर्थ्याउने प्रयास गरेका छन् । जुलिया क्लिभ्स मोसले लैङ्गिकलाई भूमिकाहरूको सेट भनेकी छन् जसले वस्त्राभूषणले झैँ रङ्गमञ्चमा लगाइने मुखुण्डोले झैँ अरू मानिसलाई हामी स्त्रीलिङ्गी हौँ, हामी पुलिङ्गी हौँ भन्ने अर्थ निर्देश गर्छ । यस सेटभित्र अपेक्षित व्यवहारका विशेषताहरू छुट्याइएका हुन्छन् जुनभित्र हाम्रो मुखाकृति, वस्त्र, पहिरण, प्रकृति, व्यक्तित्व, घरभित्र र बाहिरका कार्यहरू समाविष्ट हुन्छन् जसले हाम्रा लैङ्गिक भूमिकाको निर्माण गर्दछन् (सन् १९९३, पृ. २) । यसरी लैङ्गिकले समुदायमा मान्छेले पुरुष र महिलाका निम्ति निर्माण गरेर चलाएका पृथक् पृथक् मुखाकृति, हाउभाउ, बोली, भूमिकाका निर्मित संस्कृतिलाई जनाउँछ, । शारीरिक बनावटको भिन्नताका आधारमा महिला र पुरुषले गर्ने कामको बाँडफाँड, उनीहरू बिचका असमान शक्तिसम्बन्ध र सामाजिक सांस्कृतिक मान्यता नै लैङ्गिकता हो । यो मान्छेसित उसको जन्मदेखि नै टाँसिएर आउने कुरा होइन, उसको बुझाइ र मान्यतामा भरपर्ने कुरा हो (पाण्डे, २०६९, पृ. ९) । समुदायको संरचनाअनुसार पुरुष र महिलाका

भूमिका फरक फरक हुन्छन् । त्यसैले लैङ्गिकता पनि समुदायअनुसार फरक हुने निश्चित छ ।

शिशुको जन्म हुँदाखेरि फरक फरक अङ्गउपाङ्गका साथ जन्मिन्छ । त्यही जैविक निर्मितिको आधारमा महिला वा पुरुषको संज्ञा दिने चलन छ । यो जैविक निर्मिति तात्त्विक हुन्छ । यसैलाई आधार बनाएर महिला र पुरुषका निम्ति फरक फरक संस्कृति निर्माण गरिन्छन् । यही लिङ्गलाई आधार बनाई परम्परागत सामाजिक रीतिरिवाज, नियम र कानुनले महिला र पुरुष बिच बनाइदिएको सम्बन्धलाई जेन्डर भनिन्छ (पाण्डे, २०६९, पृ. १०) । समुदायका नीतिनियम, रीतिरिवाज, प्रथा प्रणाली परिवर्तनशील भएझैँ समुदायमा जेन्डर पनि परिवर्तनशील हुन्छ । जेन्डर अर्थात् लैङ्गिकता समुदायले निर्माण गरेर प्रचलनमा ल्याएको निर्मित सत्य हो । लैङ्गिकता पितृसत्तात्मक समुदायले निर्माण गरेको संस्कृति हो ।

लैङ्गिक तात्त्विक नभएर मानव समुदायको निर्मिति हो । लैङ्गिक भिन्नता प्राकृतिक भिन्नता होइन । यो त सांस्कृतिक रूपमा निर्माण गरिएको सत्य हो । आदिम युगमा नारीहरू प्रभुत्वशाली थिए । उक्त युग नारीप्रधान युग थियो । निजी सम्पत्तिको उत्पत्ति भएपछि पुरुषले आफूसँग उत्पादनका लागि आधारभूत साधन र शारीरिक शक्ति रहेको विमर्श अघि सारेर महिलामाथि दमन सुरु गरेको पाइन्छ (एङ्गेल्स, २०५६, पृ. ६७) । पुरुष प्रभुत्वशाली भएपछि तिनले आफूखुसी नारीसँग सम्बन्धित सांस्कृतिक निर्मिति तयार गरेको प्रस्ट छ ।

लैङ्गिकले महिला र पुरुषका सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक निर्मितिलाई जनाउँछ । लैङ्गिक अध्ययनअन्तर्गत निम्न विषयवस्तुहरू पर्दछन् : नारीवाद, पितृसत्ता, यौनिकता, शरीर र राजनीति, लैङ्गिक विभेद, दमन र शोषण, हिंसा र अधीनता । लैङ्गिक अध्ययनअन्तर्गत उपन्यासलाई नारीवाद, पितृसत्ता, यौनिकता, शरीर र राजनीति, लैङ्गिक विभेद, दमन र शोषण अनि हिंसा र अधीनताका कोणबाट पनि विश्लेषण गर्न सकिन्छ । तर प्रस्तुत शोधमा पात्रका लैङ्गिक अध्ययनका निम्ति जुडिथ बटलरको लैङ्गिक अध्ययनको अवधारणालाई प्रयोग गरिएको छ ।

**(ग) जातीय प्रतिनिधित्व**

समुदायमा विविध जातजाति एवम् आदिवासी जनजातिहरूको सामूहिक बसोबास हुन्छ । प्रत्येक जातजाति तथा आदिवासी जनजातिका पृथक् र विशिष्ट पहिचान हुन्छन् ।

सांस्कृतिक अध्ययनअन्तर्गत 'जाति' शब्दले जैविक विशेषताहरूमा आधारित छालाको रङसमेतको मानिसका श्रेणीहरूलाई जनाउँछ । सांस्कृतिक अध्ययनमा जातिको यस विशिष्ट दृष्टिकोणले पहिचानको स्वरूपसँग जोडिएको असम्बद्ध क्रियात्मक निर्मितिलाई जनाउँछ । यसलाई पहिचानको स्वरूपसँग जोडेर हेरिन्छ । जातीय सन्दर्भ प्रतिनिधित्वभन्दा बाहिर अस्तित्ववान् हुँदैन । सामाजिक र राजनीतिक शक्तिसङ्घर्षको सन्दर्भमा यसको अर्थपूर्ण प्रतीकीकरण हुन्छ (बार्कर, सन् २००४, पृ. १७०) । जातीय अध्ययनको सन्दर्भ पहिचान र प्रतिनिधित्वसँग जोडिएको हुन्छ । यसको अन्तर्यमा शक्तिसम्बन्ध पनि अन्योन्याश्रित तवरले जोडिएको हुन्छ ।

सांस्कृतिक अध्ययनअन्तर्गतको जातीय अध्ययनमा जातीय पहिचान र प्रतिनिधित्वका विषयवस्तुलाई प्राथमिकतामा राखेर अध्ययन गरिन्छ । जातीय अध्ययनअन्तर्गत पहिचान र प्रतिनिधित्व महत्त्वपूर्ण अवधारणाहरू हुन् । प्रतिनिधित्व जाति अध्ययनको मूल पक्ष बनेको छ (स्कट र मार्सल, सन् २००९, पृ. ३३०) । प्रतिनिधित्वका बारेमा मिसेल फुकोले आफ्नो अभिमत प्रकट गरेका छन् । उनले यसलाई 'विमर्श' बोल्ने तरिका वा प्रतिनिधित्व वा विशिष्ट विषयका बारेको ज्ञान हो भनेका छन् ( एडगर र सेजविक, सन् २००४, पृ. १८६) । फुकोको यस अवधारणाले जातीय पहिचानलाई अगाडि ल्याउने काम गऱ्यो । यसले व्यक्ति र समूहको सांस्कृतिक प्रश्नका रूपमा नयाँ अर्थ प्राप्त गऱ्यो (उद्धृत भट्टराई, २०७७, पृ. १७८) । पहिचान शक्तिसम्बन्धसँग हुनेहुँदा राजनीतिसँग यसको प्रत्यक्ष सम्बन्ध हुन्छ ।

पहिचान राजनीतिसँग सम्बन्धित हुन्छ । यसको मुख्य ध्येय समुदाय र संस्कृतिमा व्यक्तिले परिचयको खोजी गर्ने र सांस्कृतिक अधिकारको व्यवस्थापनसँग सम्बन्धित रहेको छ (बार्कर, सन् २००४, पृ. ९५) पहिचानले जातीय पहिचानको मुद्दालाई इङ्गित गर्दछ । पहिचानसँगै जोडिएर आउने विषय प्रतिनिधित्व हो । प्रतिनिधित्व सांस्कृतिक निर्मिति हो र हामी कस्ता छौँ भन्ने कुरा पनि हो (बार्कर, सन् २००४, पृ. १७७) । सामान्यतया प्रतिनिधित्वले मानिसको उपस्थितिको अवस्थालाई जनाउँछ । प्रतिनिधित्वको सम्बन्ध शक्ति र राजनीतिसँग जोडिएको हुन्छ । राजनीतिमा प्रतिनिधित्व भनेको जाति, जनजाति, दलितको उपस्थिति हो भने साहित्यमा यिनलाई कसरी चित्रण गरिएको छ भन्ने कुराको विमर्श हो ।

प्रतिनिधित्व राजनीतिक विषयवस्तु मात्र नभई विचारधारात्मक प्रस्तुति पनि हो । यो ऐतिहासिक अवस्थाको विशिष्ट समयको सांस्कृतिक निर्मिति हो (अब्राम्स र हार्फाम, सन्

२०११, पृ. २४४) । प्रतिनिधित्वको सम्बन्ध शक्तिसम्बन्धसँग गाँसिएको प्रस्ट छ । सांस्कृतिक अध्ययनअन्तर्गतको प्रतिनिधित्वमा सीमान्तीकृत वर्ग, जाति, लिङ्ग, समूहका विषयवस्तुलाई प्राथमिकतामा राखेर अध्ययन गरिन्छ । यसले जातीय उत्पीडनमा परेका मानिस र तिनका वर्गको अध्ययन गर्नुपर्ने आवश्यकतालाई देखाउँछ (सुवेदी, २०७६, पृ. १३६) । सांस्कृतिक अध्ययनअन्तर्गतको जातीय पहिचान र प्रतिनिधित्व राजनीति र शक्तिसँग जोडिएर अध्ययन गरिने विषयवस्तु हो । प्रतिनिधित्वअन्तर्गतको जातीय अध्ययनमा शक्तिसम्बन्धको हिसाबले कमजोर जातिको प्रतिनिधित्वको अवस्थालाई केलाएर हेरिन्छ ।

साहित्यमा जाति र जनजातिको प्रतिनिधित्वअन्तर्गत जाति र जनजातिलाई हेरिने प्रभुत्वशाली सामाजिक-सांस्कृतिक दृष्टिकोणमाथि प्रकाश पारिन्छ । यस अध्ययनमा साहित्यिक कृतिहरूमा विभिन्न जाति र जनजातिका बिचमा रहेका सम्बन्ध अनि तिनका जल्दाबल्दा समस्याहरूलाई उठान गरिएको हुन्छ । साहित्यिक कृतिहरूमा जाति र जनजातिका प्रतिनिधित्वलाई लेखकहरूले विभिन्न दृष्टिकोणबाट हेर्ने काम गर्छन् ।

जाति, जनजाति एवम् समुदायका प्रतिनिधित्व अध्ययनमा खास गरिकन बहुसांस्कृतिकवाद र बहिस्करणमा पारिएका जातजाति, जनजाति तथा समुदायहरू अध्ययनका विषयवस्तु हुन्छन् । जाति, जनजाति एवम् समुदायका प्रतिनिधित्व अध्ययनमा तिनका पहिचान, स्थान, समुदायबारे पत्ता लगाउने काम गरिनुका साथसाथै तिनले प्रभुत्वशाली बहुसङ्ख्यकबाट सामना गर्नु पर्ने विभेद, असहिष्णुता, घृणाका विषयवस्तुबारे गहन गवेषण गरिन्छ (योङ्ग, सन् १९९९, पृ. १३२) । जातीय प्रतिनिधित्वको अध्ययनमा समुदायका दमित, शोषित, पीडित, उपेक्षित जातिका अवस्थाबारेको अध्ययन महत्त्वपूर्ण हुन्छ । प्रस्तुत अनुसन्धानमा छनोट गरिएका उपन्यासका पाठमा जातीय हिसाबले अधीनस्थ मधेसी पात्रका प्रतिनिधित्वबारे अध्ययन गर्नु आवश्यक छ ।

### २.८.२ विचारधाराको प्रतिनिधित्व

'विचारधारा' अङ्ग्रेजी शब्द इडियोलोजीको नेपाली रूपान्तर हो । विचारधाराको मौलिक अर्थ भनेको विचारहरूको विज्ञान हो । यसले विचारहरूको व्याख्या र प्रयोगलाई व्यावहारिक विज्ञानको रूपमा स्वीकार गर्दछ । यसका साथै विचारहरूको उत्पत्तिबारे अनुसन्धानसमेत गर्छ । विचारहरू समवेदनाहरू (सेन्सेसन्स)बाट ग्रहण गरिएको हो धार्मिक आस्थासँग जोडिएको, आत्मिक शक्तिको विचारसँग जोडिएको र यसका अमूर्त प्रारब्धसँग

सम्बन्धित जटिल विषयवस्तुहरू समवेदनावाद (सेन्सेसनलिज्म) सँग जोडिएका हुन्छन् (ग्राम्ची, सन्१९७१/१९९९,पृ.७०४–७०५) । विचारधाराबारे फ्रेन्च दार्शनिक लुइस आल्थुसरले विस्तारमा चर्चा गरेका छन् ।

आल्थुसरले राज्यका विभिन्न अङ्गका माध्यमबाट विचारधाराको प्रयोग गरिने सन्दर्भबारे व्याख्या गरेको पाइन्छ । आल्थुसरले सरकार, प्रशासन, सेना, प्रहरी, न्यायालय, बन्दीगृह(जेल) आदिलाई राज्यका दमनकारी अङ्गअन्तर्गत राखेका छन् । उनले यी अङ्गहरूले दमनात्मक प्रकार्य गर्ने अभिमत प्रकट गरेको पाइन्छ । उनले विभिन्न चर्चका प्रणाली, विभिन्न सामुदायिक तथा निजी विद्यालय, परिवार, कानुन, राजनीतिक प्रणाली, ट्रेड युनियन, सञ्चार माध्यमहरू, संस्कृति (साहित्य, कला, खेलकुद) आदिलाई राज्यका विचारधारात्मक अङ्ग भनेका छन् । सार्वजनिक क्षेत्रमा यी दुवै विचारधाराहरूले एकीकृत रूपमा काम गर्दछन् (सन् १९७०, पृ. १४–१५) । विचारधाराले सामाजिक जीवनका हरेक क्षेत्रमा काम गरिरहेको हुन्छ ।

विचारधारा कुनै व्यक्ति, समूह या संस्कृतिका विषयवस्तु र विशेषताका बारे चिन्तन गर्ने शैली हो । विचारधारा व्यक्ति वा समूहको आस्था र विश्वासहरूको समूह हो । विचारधारा विशेषतः आर्थिक या राजनीतिक नीति र सिद्धान्तका आधारमा निर्माण गरिएका विचारहरू र आदर्शहरूको एउटा प्रणाली हो । विचारधारा समुदायका विभिन्न विषयवस्तुहरूमा सन्निहित रहन्छ । विचारधाराका धेरै विशेषताहरू हुन्छन् । यसमा विस्तृत विश्वासहरू, सङ्गठित सिद्धान्तहरू, नैतिक सिद्धान्तहरू, नागरिक तथा समुदायका अधिकारहरू, स्वतन्त्रता र दायित्वहरू विद्यमान रहन्छन् । यसका साथै विचारधारा प्रकार्यपरक, सुसङ्गत, समुदायसँग सम्बन्धित हुन्छ । विचारधाराअन्तर्गत उत्प्रेरणामूलक शक्ति, संस्थाहरू र प्रणालीहरू, प्रथा-प्रणाली र मानदण्डहरू पर्दछन् (बोटोमोर, सन् २००१, पृ. २४८) । विचारधाराले समुदायमा व्यक्तिदेखि लिएर समूह तथा समुदायका यावत् विषयवस्तुलाई आफ्नो अध्ययन क्षेत्रभित्र समावेश गरेको देखिन्छ । यसअन्तर्गत मानव र समूहका मूर्त तथा अमूर्त प्रकारका सबै गतिविधिहरू अटाएको हुन्छ । विचारधाराहरू भनेका विचारहरू र अवधारणाहरूसहित योजनाबद्ध तरिकाले नसामा प्रवेश गराउने निश्चित प्रतिनिधित्वका शक्तिसम्बन्धका गुच्छहरू हुन् । यस अवधारणात्मक नक्साले नागरिकलाई तिनका राजनीतिक जटिलताको ब्रह्माण्ड र सामाजिक सत्यको जहाज सञ्चालन गर्न मद्दत पुऱ्याउँछ ।

विचारधारा सामाजिक जीवनपद्धति, आस्था, संस्कार, मिथक, लोकव्यवहार आदिमा विद्यमान हुन्छ । यो मानव जीवनको व्यवहारमा सन्निहीत रहन्छ । विचारधारा मानवजीवनका यावत् विषयवस्तुमा अन्तर्व्याप्त हुन्छ । सामाजिक निर्मितिका आधारमा फरक फरक समुदाय र समुदायका फरक फरक विचारधारा हुन सक्छन् । यसले एउटा व्यक्तिको सामाजिक र अधीनस्थ समूहको व्याख्या गरिरहेको हुन्छ (ढकाल, २०७७, पृ. १५) । यसले मानवका सम्बन्धको र राजनीतिक धारणा एवम् रुचिलाई बुझाउनुका साथै मानिसमा रहेको आफ्नै विश्वास, परम्परा आदिलाई इङ्गित गर्दछ ।

विचारधारा सामाजिक निर्मिति भएकाले यसले शक्तिशाली समुदायमा आर्थिक स्तरका आधारमा अभिजात र सर्वहारा गरी दुइटा वर्गहरू हुन्छन् । उत्पादनका साधनमाथि नियन्त्रण हुने वर्ग अभिजात हुन्छ भने शारीरिक श्रमका आधारमा जीविकोपार्जन गर्ने वर्ग सर्वहारा हुन्छ । अभिजात वर्ग शासक हुन्छ अनि सर्वहारा वर्ग शासित हुन्छ । शासक वर्गको विचारधारा शक्तिशाली हुन्छ भने शासित सर्वहारा वर्गको विचारधारा अधीनस्थ हुन्छ ।

उत्पीडक वर्गमा मौजुदा आर्थिक संरचनाले कसरी अरूलाई सीमान्तीकृत पार्दै गएको छ भन्ने कुरा बडो महत्त्वका साथ हेरिन्छ (एटम, २०७४, पृ. २१४) । वर्गीय विचारधाराअन्तर्गतका अभिजात वर्गका विचारधारालाई प्रभुत्वशाली विचारधारा र सर्वहारा वर्गका विचारधारालाई अधीनस्थ विचारधारा भनेर व्याख्या गरिएको छ । विचारधारा सामान्यतया विचारहरू र मूल्यहरूको विश्वदृष्टि हो । विचारधाराले व्यक्ति र बृहत् समुदायका विचारहरूलाई निश्चित स्वरूपमा ढाल्ने काम गर्दछ । सामाजिक संरचनाहरू, अर्थव्यवस्था र राजनीतिक व्यवस्थामाथि यसको प्रभाव रहन्छ ।

कार्ल मार्क्सले समुदाय दुई समूहमा विभाजित रहेको अवधारणा अघि सारेका छन् । उनले दमनकारी र दमितका बारेमा सविस्तार चर्चा गरेका छन् । उत्पादनका साधनमा नियन्त्रण हुने वर्ग दमनकारी हुन्छ भने उत्पादन साधनसँग जोडिएर श्रम गर्ने श्रमजीवी वर्ग दमित हुन्छ । उनले दमनकारी-शासक वर्ग (अप्रेसर (द रुलिङ क्लास) र दमित-श्रमिक वर्ग (अप्रेस्ड) (द वर्किङ क्लास) भनेका छन् । उनले आधार र अधिरचनाको अवधारणाअनुसार उत्पादनमा संलग्न रही आय आर्जन गर्ने तल्लो वर्ग शोषित रहेको भनेका छन् ।

तल्लो वर्गका मानिसहरू सामाजिक संरचनामा तिनका जीवनशैली स्वाभाविक रहेको ठान्छन् । यो चाहिँ अधिरचनाका रूपमा रहेका संस्थाहरू जस्तै शिक्षा, धर्म, सांस्कृतिक

संस्थानहरू र सञ्चारका माध्यमबाट सम्भव हुन्छ (बोटोमोर, सन् २००१, पृ. २५०) । मार्क्सले सामाजिक संरचनामा आधारका रूपमा रहेको आर्थिक पक्षले समुदायका सांस्कृतिक, आर्थिक, राजनीतिक, शैक्षिक र सांस्कृतिक यावत् अधिरचनाहरूलाई प्रभाव पार्ने भनेका छन् । उनले 'अप्रेसर' भनेर प्रभुत्वशाली विचार बोक्ने शासक वर्गलाई इङ्गित गर्न खोजेका छन् भने 'अप्रेस्ड' भनेर अप्रभुत्वशाली विचार बोक्ने श्रमिक वर्गतर्फ लक्षित गरेका छन् । यसरी कार्लमार्क्सका आधारमा समुदायमा प्रभुत्वशाली र अधीनस्थ विचारधारा गरी मूलभूत रूपमा दुइटा विचारधारातर्फ आफ्नो अभिमत प्रकट गरेको देखिन्छ ।

मार्क्स र फ्र्याङ्कफर्ट स्कुलका चिन्तकहरूका विचारधारासम्बन्धी अवधारणा उत्पादक रहेको छ । विचारधाराले समुदायको सांस्कृतिक क्षेत्रलाई सामाजिक शक्तिको माध्यमबाट सञ्चालन गर्छ । वैचारिक प्रणालीहरूले दमन र अधीनस्थताको (अप्रेसन एन्ड सबोर्डिनेसन) सम्बन्धबारे अभिव्यक्त गर्दछ । मार्क्सका अनुसार समुदायमा शासक वर्गको विचारधारा प्रभुत्वशाली हुने र श्रमिक वर्गको विचारधारा अप्रभुत्वशाली रहने हुन्छ (स्टोडार्ट, सन् २००७, पृ. १९६) । यहाँनेर सोही आधारमा प्रभुत्वशाली विचारधारा र अप्रभुत्वशाली विचारधाराबारे सङ्क्षेपमा चर्चा गर्नु आवश्यक हुन्छ ।

**(क) प्रभुत्वशाली विचारधारा**

उत्पादनका साधनस्रोतमा पहुँच र नियन्त्रण कायम गर्ने शासक वर्गको विचारधारा प्रभुत्वशाली हुन्छ । मार्क्स र एङ्गेल्सका घोषणाअनुसार शासक वर्गका साथमा शासकीय विचार (रुलिङ आइडिया) एवम् प्रभुत्वशाली विचारधाराहरू (डोमिनेन्ट आइडियोलजिज) रहन्छ । यो बारम्बार बहस गरिन्छ कि प्रभुत्वशाली नयाँ स्थानमा रहन्छ या प्रभुत्वशाली विचारधाराहरू अप्रभुत्वशाली वर्गहरू र तिनका विचारधाराहरूलाई नियन्त्रण गर्न सक्षम हुन्छ । ठिक यसै प्रकारका प्रश्नहरू लैङ्गिकता र जनजातीयता यस्तै अरू प्रभुत्वका सम्बन्धसँग निर्माण गर्न सकिन्छ (डिक, सन् १९९८, पृ. १७९) । शासक वर्गसँग सम्बन्धित विचारधारा प्रभुत्वशाली हुन्छ । राजनीतिकर्मीहरू, कर्पोरेट प्रबन्धकहरू, विद्वान्हरू, पत्रकारहरू, पेसेवरहरू र यस्तै अरू सम्भ्रान्तहरू प्रभुत्वशाली वर्गभित्र पर्दछन् । स्पष्ट रूपले पत्रकारहरू, विद्वान्हरू र राजनीतिकर्मीका फरक फरक चासोका विषय हुन्छन् तसर्थ तिनका लागि आआफ्ना समूह विशेषका लागि समूहमा आधारित फरक फरक विचारधारा .हुन्छन् ।

विभिन्न सामाजिक समूहका कुलीनहरूले शिक्षा, सञ्चार, क्लबहरू, साथीहरू, रोजगारी र यस्तै अरू क्षेत्रहरूका बारेमा उही प्रकारका अभिव्यक्ति दोहोऱ्याउन सक्छन् । उनीहरू प्रभुत्वशालीभन्दा पनि कुलीन विचारधारालाई सञ्चार र सङ्कथनका माध्यमबाट आदानप्रदान गर्न सक्छन् (डिक, सन् १९९८, पृ. १७९–१८०) । सामाजिक विमर्शात्मक संरचनामा आधारमाथि पकड एवम् नियन्त्रण भएका अभिजात वर्गले अधिरचनामाथि नियन्त्रण गरेर आफ्नो प्रभुत्वशाली विचारधारालाई सम्प्रेषणका साथै निम्न वर्गमाथि थोपर्ने कामसमेत गर्दछ ।

**(ख) अधीनस्थ विचारधारा**

शासित वर्गको विचारधारा अधीनस्थ हुन्छ । उत्पादन साधनस्रोतमा पहुँच र नियन्त्रण नभएको श्रमजीवी वा शासित वर्गको विचारधारा अधीनस्थ हुन्छ । यस्तो विचारधारासँग अन्तरसम्बन्धित मानिसहरू प्रभुत्वशाली विचारधाराका अधीनमा हुन्छन् । प्रभुत्वशाली समूहहरूले निर्माण गरेका विचारधाराहरूलाई अप्रभुत्वशाली समूहहरूकाले आंशिक वा पूर्ण रूपमा आत्मसात् गरेर स्वीकार गर्छन् ।

सामाजिक संरचनामा शासित समूहका विचारधारा अप्रभुत्वशाली हुन्छ । यस्ता अप्रभुत्वशाली विचारधारालाई अधीनस्थ विचारधारा भनिन्छ । यसरी प्रभुत्वशाली समूहहरूले विचाराधाराहरूको प्रयोग गरेर अप्रभुत्वशालीका मस्तिष्क नियन्त्रण गर्न सक्छन् । आमसञ्चारले विशेष रूपले कुलीनहरूका विचारधाराहरूको प्रतिनिधित्व गर्छ । विभिन्न अनुसन्धानहरूले के देखाएको छ भने आमसञ्चारमा प्रस्तुत गरिने विचारधाराहरू कुलीनका विचारधारा हुन्छन् ती कुनै अप्रभुत्वशाली वा विपक्षी समूहका विचारधारा हुँदैनन् (डिक, सन् १९९८, पृ. १८०) । अधीनस्थ समूह कमजोर हुने भएकाले तिनका विचारधाराले समाजमा स्थान पाउन भने सक्तैनन् ।

वास्तवमा महिलाहरू, अल्पसङ्ख्यकहरू, गरिब वर्ग, श्रमिकहरू यस्तै अरू समूहका विचारधाराहरूले तिनका दैनिक जीवनका विशिष्ट अनुभवहरूको लेखाजोखा गर्दै विश्वास प्रणालीहरूको प्रतिरोधमा समुदायमा विपक्षीको एउटा स्वरूप निर्माण गर्न सम्भव छ, मेनहेमले यसलाई 'युटोपियाज' भनेका छन् । तिनले वर्तमानको प्रभुत्वशाली विचारधाराहरू भन्दा विकल्प निर्माण गर्न सक्छन् । यद्यपि त्यहाँ रुचिका बिचमा द्वन्द्व हुन सक्छ ( उदाहरणका लागि श्वेत श्रमिकहरू र अश्वेत श्रमिकहरू, गरिब पुरुषहरू गरिब महिलाहरू)

सैद्धान्तिक हिसाबले त्यहाँ कुनै कारण छैन (डिक, सन् १९९८, पृ. १८१–१८२) । डिकले सामाजिक विमर्शात्मक संरचनामा वर्गीय हिसाबले श्रमजीवी वर्ग, लैङ्गिक दृष्टिकोणबाट महिलाहरू कमजोर हुने भएकाले तिनीहरू अधीनस्थ हुने अभिमत प्रकट गरेका छन् ।

औपन्यासिक कृतिमा विचारको संवहन भएको हुन्छ । उपन्यासमा प्रयुक्त पात्रहरूले विभिन्न खालका विचार, सिद्धान्त तथा आदर्श बोकेका हुन्छन् । बीसौँ शताब्दीमा सिद्धान्तका बारेमा विशेष जोड दिएको पाइन्छ । यी सिद्धान्तहरू भनेका समुदायमा विद्यमान विभिन्न वर्गहरूसँग सम्बन्धित विचारहरू हुन् (डिक, सन् १९९८, पृ. १८२) । नागरिकका यी समूहहरू तथा वर्गका माध्यमबाट तिनका समयका वास्तविकताबारे जानकारी पाउन सकिन्छ । औपन्यासिक पात्रका गतिविधि, संवाद एवम् भूमिकाका माध्यमबाट तिनका विचारधारा सम्प्रेषित भएका हुन्छन् ।

एउटा सिद्धान्तको तात्पर्य विचारसँगको संलग्नता हो जसको मातहतमा मान्छेका विभिन्न दृष्टिकोण तथा विचारहरू समाहित हुन्छन् । विचार र मान्छेलाई एक अर्काबाट स्वतन्त्र र पृथक् गर्न सकिँदैन । तिनीहरू एक अर्काका ढाँचामा आबद्ध हुन्छन् । यसको अर्थ जहाँ मान्छेका द्वन्द्व वा विरोधका विविध सन्दर्भहरू उत्तरदायी हुन्छन् । सम्झौता र समानताको महत्त्वले सिद्धान्तको मातहतमा शासकीय विचार निर्माण गर्छ । समान अनुभवहरूको समग्र दृष्टिकोण सिद्धान्त हो जहाँ वर्गको अवधारणा निर्माण हुन्छ । उत्पादन र वितरणका मातहतमा मान्छेका व्यक्तिगत पहिचानहरू हुन सक्छन् । तिनलाई विलय गरेर सामूहिक पहिचान दिनुलाई वर्ग भनिन्छ (बार्कर, सन् २००४, पृ. ९७–९८) । मान्छेका विभिन्न व्यक्तिगत पहिचानका सन्दर्भहरूलाई अन्तर्घुलन गरी श्रम, सीप तथा कर्मका आधारमा समग्रमा एउटै सामूहिक पहिचान दिनुलाई वर्ग भन्न खोजिएको छ ।

### (ग) पितृसत्तात्मक विचारधारा

घर, परिवारदेखि लिएर समुदाय तथा समाजमा पुरुषको नेतृत्वदायी भूमिका नै पितृसत्ता हो । यस्तो समाजमा घरपरिवारका सारा सदस्य घरमूली पुरुष सदस्यकै मातहतमा सञ्चालित हुन्छन् । उसैको नीति नियम तथा निर्देशनमा सबैजना काम गर्छन् । यस्तो सामाजिक संरचनामा परिवारका महिला सदस्यहरू एवम् परिवारका बालबालिकाहरू नेतृत्वदायी पुरुषका अधीनस्थ हुन्छन् । यस्तो सामाजिक संरचनाले महिला र पुरुषका

बिचमा असमान तह र व्यवहारको विकास गरेको हुन्छ यहींबाट नारीमाथि शोषण, दमन र हिंसाको आरम्भ पनि हुन्छ ।

पितृसत्तात्मक सामाजिक संरचनाहरूमा लिङ्ग, जाति, वर्ग, धर्म, जनजातीयता र यस्तै अरू सन्दर्भसँग असमानता जोडिएको हुन्छ । यस्तो संरचनामा महिलासँग विभेदकारी व्यवहार गरिन्छ (बेकर, सन् १९९९, पृ. २१) । नेपाली समाजमा पुरुषकै प्रभुत्व रहेको पाइन्छ । सामाजिक निर्णय प्रक्रियामा पुरुषकै एकल प्रतिनिधित्व रहेको पाइन्छ । पितृसत्तात्मक सामाजिक प्रणालीमा अगाडि बढेको नेपालका सामाजिक इकाइभित्र पितृसत्तात्मक कानुनी, राजनीतिक, धार्मिक, आर्थिक एवम् वैचारिक दृष्टिकोणले प्रभुत्व कायम गरेको छ  (उद्धृत ढकाल, २०७२, पृ. २१ ) । पितृसत्तात्मक विचारधारामा महिलालाई पुरुषभन्दा कम महत्त्व दिइनुका साथै सामाजिक, आर्थिक र राजनीतिक निर्णय प्रक्रियामा सहभागी गराइँदैन ।

पितृसत्तात्मक सामाजिक संरचनामा घरपरिवारदेखि संघसंस्थामा समेत घरपरिवारको अगुवा पुरुषकै प्रभुत्व कायम हुन्छ । परिवारका अन्य सदस्यहरू घरमूली पुरुष सदस्यकै मातहतमा बस्न र काम गर्न बाध्य हुन्छन् । पितृसत्तात्मक समुदायमा महिलाहरू या त आवाजविहीन हुन्छन् या सामाजिक, राजनीतिक र आर्थिक निर्णयमा तिनका रायको वास्ता गरिँदैन (अवेटर, सन् २०२२, पृ. ४०) । पितृसत्तात्मक समुदायमा महिलाका निर्णयलाई महत्त्व प्रदान गरिँदैन । पितृसत्ताले समाजका हरेक क्रियाकलाप, विकास, सिद्धान्त, कलासाहित्य आदिजस्ता क्षेत्रमा महिलाको भूमिकालाई बेवास्ता गरेको हुन्छ (त्रिपाठी, २०७६, पृ. २१३) । पुरुष नै सर्वेसर्वा हुने विचारधारा पितृसत्तात्मक विचारधारा हो । यस्तो विचारधारामा पुरुषले महिलालाई हेर्ने दृष्टिकोण सङ्कीर्ण खालको हुन्छ । पुरुषले आफूलाई महिलाभन्दा श्रेष्ठ र जान्ने अनि बलशाली ठान्दछ । यस्तो सांस्कृतिक विमर्श लामो समयको अभ्यासपछि मात्र आजको अवस्थासम्म आइपुगेको हो, "मानव सभ्यता र समाजका इतिहासमा पितृसत्ताको स्थापना र विकासपछि नारीहरू सीमान्त अथवा सबाल्टर्न बनाइँदै आएका छन्" (पाण्डेय, २०७३, पृ. ९९) । पितृसत्तात्मक विचारधारामा पुरुष प्रभुत्वशाली भूमिकामा हुन्छ भने महिला चाहिँ अधीनस्थ भूमिकामा हुन्छे ।

**(घ) आदर्शवादी विचारधारा**

'आदर्श' शब्दले कुनै वस्तु वा क्रियाको पूर्णता तथा उत्तमताको खास नमुना वा स्तरलाई जनाउँछ । आदर्शलाई यथार्थका विपरीत कल्पना वा विचारमा मात्र आश्रित

महत्त्वका रूपमा लिने गरिन्छ । जेजस्तो छ त्यो यथार्थ हो भने जेजस्तो हुन सक्छ वा जेजस्तो हुनुपर्छ, त्यसलाई आदर्श भनिन्छ (जोशी, २०५४, पृ. २७) । आदर्शले चाक्षुष सत्यभन्दा परको अदृश्य, काल्पनिक विषयवस्तुलाई इङ्गित गर्दछ । यसले इहलौकिक जगत्का विषयवस्तुभन्दा पनि पारलौकिक जगत्का विषयवस्तुको प्रस्तुतिलाई प्राथमिकतामा राख्छ । वास्तविक सत्यभन्दा पनि परका इन्द्रियातीत विषयवस्तु जसलाई मान्छे मानसलोकमा कथ्य वा लेख्य परम्पराबाटै पुस्तान्तरण र हस्तान्तरण गर्दै आएको हुन्छ तीचाहिँ आदर्श हुन् ।

समुदायमा विभिन्न खालका संस्कार, संस्कृति, धर्मकर्म, प्रथाप्रणाली तथा लोकव्यवहारहरू प्रचलनमा हुन्छन् । ती सबैले समुदायका मान्छेका जीवनलाई निर्देशन गरिरहेको हुन्छ । विचारधाराले कतिपय स्थितिमा मानवका वर्गीय, धार्मिक वा सांस्कृतिक विचारहरूको संवहन गरेको हुन्छ (एटम, २०७४, पृ. २१४) । सामाजिक संरचनामा एउटा सुन्दर जीवन र परिवारको परिकल्पना गरिएको हुन्छ । जीवन, परिवार र समुदाय यस्तो भए हुन्थ्यो भन्ने परिकल्पना नै आदर्श हो ।

पाठमा प्रयुक्त समुदायका यस्ता विविध गतिविधि तथा आस्था एवम् विचारहरूलाई नै आदर्शवादी विचारधारा भन्न खोजिएको हो । आदर्शवादी विचारधारा गैरआर्थिक गतिविधिसँग सहसम्बन्धित हुन्छ । पारलौकिक सत्ताप्रतिको विश्वास, आध्यात्मिक चिन्तन, धार्मिक आस्था, चाडपर्व तथा विभिन्न रीतिरिवाजसँग सम्बन्धित विचारधारालाई आदर्शवादी विचारधाराअन्तर्गत राखेर अध्ययन गर्न खोजिएको छ ।

### २.८.३ आवाज

साहित्यमा आवाज शब्दले लेखक वा पात्रले आफ्ना विचार, भावना र अनुभवलाई अभिव्यक्तिमार्फत प्रस्तुत गर्ने विशिष्ट तरिकालाई जनाउँछ । यसको माध्यमबाट पात्रको पहिचान, भावना र दृष्टिकोण बुझ्न सकिन्छ । लेखकले पात्रको क्रिया, विचार, भाषाशैली र वातावरणमार्फत आवाजलाई प्रस्तुत गर्छ (मेकगवेन, सन् २००८, पृ. २) । उपन्यासमा महिला तथा पुरुष पात्रहरूको उपस्थापनका साथसाथै तिनलाई निश्चित भूमिकासमेत प्रदान गरिएको हुन्छ ।

उपन्यासमा पात्रलाई संवाद तथा भूमिकाका आधारमा के कसरी चित्रण गरिएको छ सोको अध्ययन महत्त्वपूर्ण मानिन्छ । प्रतिनिधित्वमा पात्रका के कस्तो आवाजको प्रतिनिधित्व गराइएको छ । उक्त विषयवस्तु बडो गम्भीरतापूर्वक अध्ययन मनन गरिन्छ । पात्रले

शक्तिशाली पात्रका विरुद्धमा चर्को स्वरमा बोलेको छ अथवा शक्तिशाली पात्रले बोल्दाखेरि अधीनस्थ पात्र केही पनि जवाफ नफर्काइकन चूपचाप बसेको छ आवाजअन्तर्गत यिनै विषयवस्तुको वस्तुपरक विश्लेषण गरिन्छ ।

**(क) वाचालता**

उपन्यासमा पात्रका भूमिकाका आधारमा र तिनका बोलीका आधारमा मूल्याङ्कन गर्नु आवाजको प्रतिनिधित्व हो । उपन्यासमा सीमान्तीकृत पात्रले बोलेको छ अथवा शक्तिशाली पात्रका कुरा सुनेर चूपचाप बसेको छ । उक्त आधारमा आवाजको अध्ययन गरिन्छ । यस अध्ययनमा अधीनस्थ पात्र शक्तिशाली पात्रका विरुद्धमा बोल्न तयार हुन्छ कि हुँदैन त्यस आधारमा पात्रको बोलीको मूल्याङ्कन नै आवाजको अध्ययनीय विषयवस्तु हो ।

वाचालताअन्तर्गत मूलभूत रूपमा अधीनस्थ वर्ग, जाति र लिङ्गसँग सम्बन्धित पात्रका बोलीको अवस्थालाई अध्ययनको आधार बनाइएको छ । यदि पाठमा पात्र निर्भीक भएर स्वतःस्फूर्त बोलेको छ भने त्यो उसको वाचालताको अवस्था हो । अधीनस्थ पात्रले आफ्ना विषयवस्तु प्रभुत्वशाली पात्रका अघिल्तिर राख्न हिच्किचाएको छैन, भययुक्त भएको छैन भने त्यस्तो अवस्थामा उसको वाचालताको प्रतिनिधित्व भएको हुन्छ ।

**(ख) मौनता**

मौनता वास्तवमा विभिन्न संस्कृतिका विभिन्न सन्दर्भमा संवादको कार्य गर्ने अर्थपूर्ण माध्यम हो । यसलाई अर्थपूर्ण अनुपस्थितिको रूपमा परिभाषित गर्न सकिन्छ । जसले पाठमा अवशेषका साथै महत्त्वपूर्ण रिक्त स्थान छोड्छ । भाषावैज्ञानिक अध्ययनमा मौनताको अवधारणा सन् १९७० को दशकमा सुरुवात भएको पाइन्छ । त्यस समयमा यसलाई नकारात्मकता, निस्क्रियता, असहायता (अशक्तता) र मृत्युसँग जोडेर हेरिन्थ्यो । उपन्यासमा मौनता एउटा मानवीय रणनीति हो जसको माध्यमबाट लेखकले पाठकलाई शब्दहरू केवल पढ्न मात्र नभई तिनलाई महसुस गर्न बाध्य बनाउँछ, जसले गर्दा अभिव्यक्ति अझ गम्भीर, तीव्र र शक्तिशाली बन्न पुग्छ (अमेर, नासेर र अब्दुलमजिद, सन् २०१९, पृ. ५२–५४) । मौनताको माध्यमबाट पात्रका शक्तिको अवस्थाबारे अध्ययन गरिन्छ ।

पाठमा पात्र यदि प्रभुत्वशाली वर्ग, जाति, लिङ्ग र संस्कृतिसँग सम्बन्धित पात्रका अनर्गल कुराकानी सुन्छ । सीमान्तीकृत पात्र गालीगलौज सुनेर पनि जवाफ नदिइकन मौन

बस्छ भने त्यो चाहिँ अधीनस्थ पात्रको मौनताको अवस्था हो । वाचालता पात्रको आत्मविश्वास, साहस, तर्क, विवेक अनि उसको मौलिक हक अधिकारको खोजीसँग सम्बन्धित रहेको हुन सक्तछ । प्रतिरोधी चेतनाअन्तर्गत अधीनस्थ पात्रको प्रभुत्वशाली पात्र विरुद्धको प्रतिक्रियाको अवस्था र स्थितिबारे बारे अध्ययन गरिन्छ ।

### २.८.४ प्रतिरोधी चेतना

सामाजिक सांस्कृतिक संरचनामा प्रतिरोध शक्तिका विरोधमा गरिन्छ । समकालीन सांस्कृतिक सिद्धान्तअन्तर्गत ग्रहण गरी प्रयुक्त शक्ति (पावर) मान्यता फ्रेन्च दार्शनिक मिसेल फुको (सन् १९२६–१९८४) को लेखनले निकै प्रभाव पारेको छ । फुको (सन् १९७९, सन् १९८०ए) ले शक्ति दमन वा अवरोध वा प्रभुत्वसँग सोझै जोडिएको हुँदैन बरु संस्थागत र प्रचलित ज्ञान, प्रकार्य एवम् स्वभावका भाष्यहरूसँग गाँसिएको हुन्छ । शक्तिको अभ्यासले व्यक्तिगत वस्तुहरूलाई एकसाथ नियन्त्रण र संस्थागत गर्छ (ब्रुकर, सन् २००३, पृ. २०६) । सामाजिक संरचनामा, समाजमा, राजनीतिमा, अनुशासन र तालिमद्वारा डिस्कोर्सको माध्यमबाट शक्तिको अभ्यास गरिएको हुन्छ (गौतम, २०७१, पृ. ११२) । शक्ति सामाजिक सांस्कृतिक विमर्शमा अन्तर्व्याप्त हुन्छ । यसको सम्बन्ध ज्ञानसँग जोडिएको हुन्छ । ज्ञानको विमर्श विना शक्तिको अभ्यास गर्नु असम्भव छ (फुको, सन् २००३, पृ. ६९) । शक्ति सर्वत्र व्याप्त हुन्छ । यसको उपस्थिति व्यक्ति, समाज, सामाजिक संस्थान, राज्यलगायत सबैतिर हुन्छ । राज्यमा शक्तिको वर्गीकरणका बिचमा एकता हुन्छ : संसद नागरिक समाजसँग घनिष्ठ रूपले जोडिएको हुन्छ–न्यायिक शक्ति (सरकार र संसदसँग) ले लिखित कानुनको निरन्तरतालाई जनाउँछ-यद्यपि सरकारको विरोधमा पनि हुन्छ) । स्वाभाविक रूपले यी तीन शक्तिहरू राजनीतिक प्रभुत्वका अङ्गहरू हुन् तर भिन्न तहमा–(१) व्यवस्थापिका (२) न्यायपालिका (३) कार्यपालिका (ग्राम्सी, सन् १९७१/१९९९, पृ. ५०६–५०७) । शक्ति कुनै व्यक्ति समाज, संस्था र राज्यमा अन्तर्निहित क्षमता हो जसद्वारा तिनीहरू सञ्चालित हुन्छन् ।

प्रतिरोधको सामान्य अर्थ विरोध हो । प्रतिरोध भनेको शक्तिशालीका प्रतिकारमा केही बोल्नु अथवा प्रतिक्रिया जनाउनु हो । समाजका विभिन्न एकाइहरूमा शक्तिशालीका विरुद्धमा कमजोर मानिसहरूले विरोध जनाउनु प्रतिरोध हो । मानव र समाजमा अभद्र व्यवहार, उपेक्षा भावका विरुद्धमा सङ्घर्षमा उत्रिनु प्रतिरोध हो । समाजमा शक्तिशाली वर्ग,

समूह, जाति, समुदाय, लिङ्गका विरोधमा कमजोर वर्ग, समूह, जाति एवम् समुदाय तथा लिङ्गका मानिसहरूले आफ्नो उपस्थिति र अस्तित्व रक्षाका लागि भए पनि प्रतिरोध गर्छन् ।

समाजमा दमन, यातना, उत्पीडन, पराधीनता, किनारीकरणका विरोधमा प्रतिरोध गरिन्छ (सिंह, सन् २०२०, पृ. २१८) । औपन्यासिक पात्रहरू समाजका सदस्य नै हुने भएकाले उपन्यासमा यस्ता खालका गतिविधिहरूको चित्रण हुनु स्वाभाविकै हो । उपन्यासमा प्रभुत्वशाली पात्रले आफूखुसी काम गर्दा होस् अथवा, संवाद बोल्दा होस् अप्रभुत्वशाली पात्रले त्यसको प्रतिक्रियास्वरूप विरोध जनाउनु प्रतिरोध हो ।

उपन्यासमा प्रयुक्त कमजोर पात्रले शक्तिशाली पात्रले बोलेका संवाद, कुराकानीमा बोलेर विरोध जनाएको छ अथवा हातगोडा चलाएर, मुड्की बजारेर, पाखुरा सुर्केर विरोध जनाएको छ प्रतिनिधित्वअन्तर्गत यस्ता सङ्केतकहरूको गहन अध्ययन आवश्यक हुन्छ । औपन्यासिक पात्र अन्याय, अत्याचार, असमानता, असहिष्णुताका विरुद्धमा कसरी अभिव्यक्त गर्छ, त्यसबाट पात्रको प्रतिरोधीचेतको मापन गर्न सकिन्छ । कमजोर र अधीनस्थ पात्रले बोलेर तथा शारीरिक प्रतिक्रिया जनाएर प्रतिरोध गर्न सक्तछ । यहाँनेर वाचिक प्रतिरोध र कायिक प्रतिरोधको अध्ययन गरिएको छ । जहाँनेर शक्तिको अभ्यास हुन्छ त्यहीँनेर प्रतिरोध हुन्छ । प्रतिरोध शक्ति प्रयोगका विरुद्ध गरिने प्रतिकार हो । जहाँ नागरिकका रूचि र शक्तिका बिच टकराव हुन्छ, त्यहाँ प्रतिरोध हुन्छ (मास, सन् २०१७, पृ. ४५) । प्रतिरोध सिद्धान्तलाई नागरिकका बिचको शक्तिसङ्घर्षसँग जोडिए पनि औपन्यासिक कृतिका सन्दर्भमा यसलाई पात्रका बिचको विरोध वा प्रतिक्रियासँग जोडेर हेर्न सकिन्छ ।

**(क) वाचिक प्रतिरोध**

उपन्यासमा शक्तिशाली पात्रका विरोधमा निर्भीक भएर बोल्नु वाचिक प्रतिरोधको अवस्था हो । सामाजिक संरचनामा आर्थिक हिसाबले अभिजात वर्ग प्रभुत्वशाली हुन्छ भने निम्न वर्ग कमजोर हुन्छ । त्यसैगरी जातीय विमर्शका आधारमा गैरदलित जाति शक्तिशाली हुन्छ र कथित दलित भने कमजोर हुन्छ । पितृसत्तात्मक सामाजिक संरचनामा लैङ्गिक दृष्टिकोणबाट पुरुष शक्तिशाली र महिला, तेस्रोलिङ्गी, पुरुष समलिङ्गी, स्त्री समलिङ्गी, पारलैङ्गिक पात्रहरू अधीनस्थ र कमजोरसमेत हुन्छन् । उपन्यासमा शक्तिशाली पात्रका वाचिक विमर्शमा अधीनस्थ पात्रले कसरी बोलेका छन्, वाचिक प्रतिरोधअन्तर्गत उक्त विषयवस्तुको अध्ययन गरिन्छ ।

**(ख) कायिक प्रतिरोध**

कायिक प्रतिरोध अधीनस्थ पात्रका क्रियात्मक अभिव्यक्तिसँग जोडिएको हुन्छ । प्रतिरोधका सन्दर्भमा जेम्स केम्पबेल स्कट (सन् १९३६–२०२४)ले खुला प्रतिरोधको अवधारणा अघि सारेको पाइन्छ । उनले अधीनस्थले शक्तिका ओहोदामा बसेका र प्रभुत्वशालीका उपस्थितिमा शक्तिको खुला अभ्यास गर्ने उल्लेख गरेका छन् । खुला प्रतिरोधअन्तर्गत भाषणहरू, हाउभाउहरू र अभिव्यक्तिहरू पर्दछन् । खुला प्रतिरोध (ओपन रेसिस्टेन्स) शब्दले दमित र प्रभुत्वशालीका बिचको प्रत्यक्ष अन्तरक्रियालाई जनाउँछ । खुला प्रतिरोध प्रतिरोधको त्यस्तो स्वरूप हो जसले सार्वजनिक विरोध र प्रदर्शनलाई इङ्गित गर्दछ । खुला प्रतिरोधमा भीडन्त (एक्सन) हुन्छ जुन अधीनस्थले सचेततापूर्वक प्रभुत्वशाली माथिल्लो वर्गको विरोध गर्छ (स्कट, सन् १९९०, पृ. २–२७) । प्रतिरोध सीमान्तीकृत पात्रका प्रतिक्रियासँग जोडिएको हुन्छ ।

सामाजिक विमर्शात्मक संरचनामा शक्तिशाली रहेका र मानिएका पात्रका अन्याय, अत्याचार, असमान व्यवहारका विरोधमा कमजोर पात्रहरू शारीरिक आक्रमण प्रत्याक्रमण गरेका छन् कि छैनन् सोको अध्ययन कायिक प्रतिरोधमा गरिन्छ । कमजोर पात्रले आफूमाथि गरिने अन्याय, अत्याचार, शोषण, दमन, हिंसा र उत्पीडनका विरोधमा पीडक, शोषक एवम् अत्याचारपूर्ण व्यवहार गर्ने पात्रलाई औँला ठड्याएर धम्की दिनु, मुड्की बजार्नु, पाखुरा सुर्किनु, प्रतिकारस्वरूप लछारपछार गर्नु कायिक प्रतिरोधका स्वरूप मानिन्छन् । औपन्यासिक कृतिमा उक्त सन्दर्भहरू प्रतिनिधित्वको सङ्केतकका रूपमा प्रयुक्त हुन्छन् । उपन्यासमा कमजोर पात्रका यस्ता प्रतिक्रियाजन्य आक्रामक गतिविधिलाई कायिक प्रतिरोधका रूपमा अध्ययन गरिन्छ ।

### २.८.५ अर्थ उत्पादनको पद्धति

अर्थ उत्पादन पाठभित्र अन्तर्निहित विषयवस्तु एवम् तिनका अर्थसँग सम्बन्धित रहेको छ । भाषाका माध्यमबाट साहित्यिक अभिव्यक्ति दिइएको हुन्छ । सर्जकले भाषाका माध्यमबाट समाजका विविध सन्दर्भहरूको प्रस्तुतीकरण गरेको हुन्छ । सर्जकले प्रस्तुत गरेका विषयवस्तु कुन सन्दर्भका लागि किन र कसरी प्रस्तुत गरेका छन् उक्त सन्दर्भहरूका भाषिक प्रयुक्तिका विविध पक्षहरू उत्पादनअन्तर्गत केलाएर हेरिन्छ । प्रतिनिधित्व सिद्धान्तमा भाषिक प्रयुक्तिका आधारमा विविध सामाजिक सन्दर्भका प्रतिविम्बन गरिएका प्रसङ्गलाई अर्थ उत्पादनअन्तर्गत अध्ययन गरिन्छ ।

**(क) परावर्तक पद्धति**

पाठभित्र सामाजिक सन्दर्भहरूको कलात्मक अभिव्यक्ति हुन्छ । समाजका विविध पक्षहरूलाई जस्ताको तस्तै प्रस्तुतीकरण गर्ने काम परावर्तक पद्धति हो । यसलाई दर्पणवादी पद्धति पनि भन्ने गरिन्छ । यसअन्तर्गत समाजका विविध सांस्कृतिक प्रसङ्गहरू हुबहु उतार्ने प्रयास गरिएको हुन्छ (हल, सन् १९९७, पृ. १०–११) । यस्तो लेखनमा सर्जक केवल द्रष्टाको भूमिकामा रहेर सामाजिक सन्दर्भहरूको अवलोकन र कलात्मक प्रस्तुतीकरण गर्दछ ।

**(ख) आशयपरक पद्धति**

सर्जकले साहित्यिक कृतिको सिर्जना निश्चित उद्देश्यका साथ गरेको हुन्छ । साहित्यिक सिर्जनामा शब्द स्वयम्ले अर्थ निष्पन्न नगरिकन त्यसमा निश्चित आशय निहित रहन्छ । साहित्यिक पाठ उत्पादनका सन्दर्भमा मान्छेका विविध गतिविधिका बारेमा सार्वजनिकीकरण गर्ने आशय रहेको हुन्छ (हल, सन् १९९७, पृ. १०–११) । यस सन्दर्भमा मान्छेका सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक गतिविधि र तिनले तत्कालीन समाजमा पारेको प्रभावलाई छर्लङ्ग्याउने आशय लुकेको हुन्छ । सर्जकले साहित्यिक पाठका माध्यमबाट समाजका विविध पाटामा अन्तर्निहित खास खास विषयसन्दर्भ एवम् समस्याहरूको प्रकट गर्ने आशय रहेको हुन्छ ।

**(ग) निर्माणवादी पद्धति**

साहित्यिक पाठ उत्पादनमा सर्जकले बडो सजगताका साथ समाजका विविध क्षेत्रमा विद्यमान समस्याहरूको उठान गरेको हुन्छ । मान्छेका कठिनाइ एवम् चुनौतीहरू, सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक क्षेत्रका बेथिति, वर्गीय असमानता, जातीय विभेद, लैङ्गिक भेदभावजस्ता समस्याहरूलाई उजागर गर्न विशिष्ट खालको भाषिक प्रयोग गरेको हुन्छ (हल, सन् १९९७, पृ. १०–११) । सर्जकले साहित्यिक कृतिमा सामाजिक पक्षका विविध समस्या उजागर गर्न कलात्मक भाषिक निर्माणका माध्यमबाट विविध समस्याको उठान गर्दै सार्वजनिक अभिव्यक्ति दिने काम गर्दछ । सर्जकले कलात्मक भाषिक प्रतिनिधित्व गराएर सांस्कृतिक विमर्श गरेको हुन्छ ।

### २.८.६ अर्थ ग्रहणको पद्धति

अर्थ ग्रहण पाठभित्र प्रयुक्त पात्रका मानसिकतासँग सम्बन्धित विषयवस्तु हो । अर्थ ग्रहण पाठभित्र शक्तिसम्बन्धका आधारमा कमजोर स्थानमा रहेका पात्रले आफूभन्दा प्रभुत्वशाली स्थान र भूमिकामा रहेका पात्रलाई हेर्ने दृष्टिकोण हो । सामाजिक विमर्शात्मक संरचनाका आधारमा पाठमा द्वैचर विभाजनका सन्दर्भहरू विद्यमान हुन्छन् । वर्गीय आधारमा बुर्जुवा वर्ग र निम्न वर्ग, लैङ्गिक दृष्टिकोणबाट पुरुष र महिला, जातीय विमर्शका आधारमा गैरदलित र दलित पात्रहरू रहेका हुन्छन् । शक्तिविमर्शका आधारमा क्रमशः बुर्जुवा वर्ग, पुरुष र गैरदलित प्रभुत्वशाली अवस्थामा हुन्छन् भने निम्न वर्ग, महिला र दलित कमजोर अवस्थामा हुन्छन् ।

सांस्कृतिक अध्ययनअन्तर्गत सीमान्तीकृत पात्रका अध्ययनको विषयवस्तुलाई प्राथमिकता प्रदान गर्दै महत्त्वका साथ अध्ययन गरिन्छ । अर्थ ग्रहणको पद्धतिअन्तर्गत सीमान्तीकृत पात्रले प्रभुत्वशाली पात्रका संवाद, विचार एवम् क्रियाकलापलाई कसरी हेरेको छ ? कसरी बोध गरेको छ सोको महत्त्वका साथ अध्ययन गरिन्छ । अर्थ ग्रहणको अध्ययनका लागि पाठलाई मूल आधार बनाई कमजोर पात्रले बोलेका संवाद, तिनका धारणा एवम् मानसिकताबाट यसको विश्लेषण गरिन्छ । यसलाई निरूपण गर्नका लागि भाषिक सौन्दर्यको प्रयुक्ति नै अर्थपूर्ण हुन्छ ।

#### (क) प्रभुत्वशाली मानसिकता

'प्रभुत्वशाली' भनेको सामाजिक विमर्शात्मक संरचनामा शक्तिशाली हुनु हो । कमजोर पात्रका तुलनामा सामर्थ्यवान् हुनु हो । प्रभुत्वशाली (डोमिनेन्ट) लाई रेमन्ड विलियम्स (सन् १९७७) ले एन्टोनियो ग्राम्सीको प्रभुत्व (हेजेमोनी) सँग जोडेका छन् । उनले यसलाई सामाजिक क्रम र सांस्कृतिक परिवर्तनसँग अन्तर गर्दै धारणाहरूको गतिशील नमुना भनेका छन् । परम्परागत र नयाँ सांस्कृतिक प्रवृत्तिहरू सहअस्तित्व र अवशिष्ट सङ्केतका रूपमा प्रभुत्वशाली तहमा देखिन्छन् । प्रभुत्वशाली विचारधारा प्रायजसो प्रभुत्वशाली वर्ग, समूह, राष्ट्र र संस्कृतिसँग जोडिएको हुन्छ (ब्रुकर, सन् २००३, पृ. ८१–८२) । सामाजिक संरचनामा आर्थिक आधारमा अभिजात वर्ग प्रभुत्वशाली र निम्न वर्ग कमजोर हुन्छ ।

निर्मित संस्कृतिका आधारमा लैङ्गिक दृष्टिकोणबाट पुरुषलाई प्रभुत्वशाली र महिलालाई कमजोर भूमिकामा देखाइएको हुन्छ । समाजको जातीय विमर्शको संरचनामा

गैरदलित प्रभुत्वशाली र कथित दलितलाई कमजोर देखाइएको हुन्छ । पाठभित्र उपस्थापन गरिएका वर्गीय, लैङ्गिक र जातीय दृष्टिकोणबाट कमजोर मानिएका पात्रहरूले प्रभुत्वशाली पात्रका विचार, संवाद र गतिविधिलाई कसरी ग्रहण गरेका छन् । यसअन्तर्गत उक्त विषयवस्तुको अध्ययन महत्त्वपूर्ण हुन्छ । प्रभुत्वशाली मानसिकता भनेको सीमान्तीकृत पात्रले सामाजिक विमर्शात्मक संरचनामा विभिन्न आधारमा शक्तिशाली पात्रलाई हेर्ने र आत्मसात् गरी व्यवहार गर्ने दृष्टिकोण हो ।

**(ख) अधीनस्थ मानसिकता**

'अधीनस्थ'को शाब्दिक अर्थ अर्काको अधीनमा रहनु वा बस्नु हो । यस शब्दले सामाजिक विमर्शात्मक संरचनामा कमजोर पात्र प्रभुत्वशाली पात्रका मातहतमा रहने वा बस्ने अवस्थालाई इङ्गित गर्दछ । समाजमा शक्तिविमर्शका दृष्टिकोणबाट एउटा समूह, वर्ग प्रभुत्वशाली हुन्छ भने अर्को समूह र वर्ग अधीनस्थ हुन्छ । अधीनस्थहरू प्रायजसो निश्चित भूमिकाहरू प्रदर्शन गर्न असक्षम हुन्छन् भनिन्छ ।

अधीनस्थहरू शरीर र दिमागबाट जन्मजात अपमानित र कमजोर देखिँदैनन् । प्रभुत्वशालीहरू अधीनस्थलाई कुनै काम गर्न सक्षम ठान्न अप्ठ्यारो महसुस गर्छन् । अधीनस्थहरू आफूहरूलाई सक्षम ठान्दैनन् । अधीनस्थहरू बाँच्नका लागि सङ्घर्ष गरिरहेका हुन्छन् (मिलर, सन् २०२४, पृ. ६–८) । अधीनस्थता शक्तिसम्बन्धसँग जोडिएको हुन्छ । सामाजिक संरचनामा द्वैचर विभाजन हुन्छ । शक्तिसम्बन्धका सन्दर्भमा समाजमा एउटा पक्ष प्रभुत्वशाली हुन्छ भने अर्को पक्ष अधीनस्थ हुन्छ । सांस्कृतिक अध्ययनअन्तर्गतको सामाजिक विमर्शात्मक संरचनामा निम्न वर्गको, महिलाले पुरुषको र कथित दलितले गैरदलित जातिको हैकम स्वीकार गरेर अधीनमा बस्नु अधीनस्थ मानसिकता हो । विवेच्य उपन्यासका पाठभित्र कमजोर पात्रहरूले शक्तिशाली पात्रका सामु आफूहरूलाई कुन रूपमा राखेका छन् । पाठभित्र अवस्थिति, हैसियतको आधारमा आफूलाई कमजोर आत्मसात् गरी प्रभुत्वशालीका इसारामा हिँड्न, बाँच्न स्वीकार गर्नु अधीनस्थ मानसिकता हो । यस्तो अवस्थामा कमजोर पात्र आफूलाई परवश, निरीह र निरूपाय देख्छ र प्रभुत्वशाली पात्रका विरोध गर्न सक्तैन ।

**(ग) सहमतीय मानसिकता**

'सहमतीय' शब्दले अर्को पक्षसँग सहमत हुँदाको अवस्थालाई जनाउँछ । सहमतीय मानसिकता प्रभावकारी सन्दर्भमा स्वामीत्व र नैतिक विचारहरूका बिचको सम्बन्ध

स्वीकारोक्तिको अवस्था हो । यसअन्तर्गत सकारात्मक भावना र नकारात्मक भावनाका प्रकार्य र अभ्यासहरू सहज ढङ्गबाट स्वीकार गरिन्छ (कोनोली, सन् २०२२) । सामाजिक विमर्शात्मक संरचनामा वर्गीय दृष्टिकोणबाट अभिजात वर्ग र निम्न वर्ग, लैङ्गिक दृष्टिकोणबाट पुरुष र महिला अनि जातीय विमर्शको दृष्टिकोणबाट गैरदलित र कथित दलित वर्गहरू हुन्छन् ।

अभिजात र निम्न वर्ग आर्थिक आधारमा निर्माण भएको हुन्छ भने पुरुष र महिला तथा गैरदलित र कथित दलित सामाजिक विमर्शमा निर्मित संस्कृतिका सामाजिक वर्गहरू हुन् । पाठभित्र शक्तिसम्बन्धका आधारमा कमजोर रहेका निम्न, महिला र दलित वर्गका पात्रहरूले अभिजात, पुरुष र गैरदलित वर्गीय पात्रका विचार तथा अभिव्यक्तिमा समर्थन जनाउनुलाई सहमतीय मानसिकता भनिएको हो ।

सामाजिक विमर्शात्मक संरचनामा शक्ति विमर्शका दृष्टिकोणबाट कमजोर अवस्थामा रहेका पात्रहरूले आफूहरू जोखिममा नपर्न प्रभुत्वशाली पात्रका अभिव्यक्तिमा जानेर वा नजानेर समर्थन जनाउने विषयवस्तुको अध्ययन यसअन्तर्गत गरिन्छ । आफूहरू माथि जतिसुकै अन्याय, अत्याचार, असमान व्यवहार र दुर्व्यवहार भए पनि कमजोर पात्रहरू प्रभुत्वशाली पात्रका अहम्मा ठेस पुग्ने गरी केही बिरोध नजनाई सहज रूपमा स्वीकार गर्ने अवस्था नै सहमतीय मानसिकता हो ।

**(घ) अस्वीकारजन्य मानसिकता**

अस्वीकारको अर्थ कुनै प्रसङ्ग, विचार, अभिव्यक्ति एवम् गतिविधिप्रति असहमति जनाउनु हो । सामाजिक विमर्शात्मक संरचनामा प्रभुत्वशाली अभिजात वर्ग, पुरुष र गैरदलितले आफ्ना ज्ञान, विचार, संस्कृति, आस्था, विश्वास कमजोर पात्र माथि थोपर्ने प्रयास गर्छ । यस्तो अवस्थामा इतिहासचेत भएका जोदाहा पात्रहरूले आफ्ना वर्गीय, लैङ्गिक र जातीय पहिचान, प्रतिनिधित्व, जातीय अस्तित्व एवम् स्वाभिमानको रक्षाका लागि प्रभुत्वशाली पात्रका विमर्शलाई अस्वीकार गर्छ । पाठभित्र आत्मसचेत पात्र मात्रले प्रभुत्वशाली पात्रका विचार, गतिविधिलाई अस्वीकार गर्छ । पाठभित्र शक्तिशाली पात्रका विषयवस्तुलाई आत्मसात् नगरी अस्वीकार गर्ने सन्दर्भबारे यसअन्तर्गत अध्ययन गरिन्छ । यो सीमान्तीकृत पात्रका चेतना, अस्तित्व, आत्मसम्मान तथा स्वाभिमानसँग जोडिएको हुन्छ ।

## २.९ मधेसी समुदाय

'मधेसी' पद नेपालको सन्दर्भमा समुदाय विशेषलाई जनाउने क्षेत्रीय विशेषण पद हो । मधेसी पदको बारेमा व्याख्या गर्नु पूर्व नाम पद मधेसको बारेमा अर्थ्याउनु उपयुक्त हुन्छ । सामान्यतया नेपालको चुरेभन्दा तलतिर भारतको सिमानासँग जोडिएको समथर भूभागलाई नै तराई भन्ने गरिएको छ र यही तराईलाई नै मधेस भन्ने गरिएको पाइन्छ । तराई पदले केवल समथर र उर्वर भूगोल मात्रलाई जनाउँछ भने मधेस बुहलतायुक्त सांस्कृतिक क्षेत्र हो र यसको सम्बन्ध शक्तिविमर्श र राजनीति एवम् विचारधारा तथा मनोविज्ञानसँग पनि अन्योन्याश्रित रूपमा जोडिएको छ ।

मधेस र मधेसीका अवधारणाबारे केही अन्तर्बाह्य साक्ष्यका आधारमा पुष्ट्याइँ गरिएको छ । मधेस जाति, भाषा, धर्म, संस्कृतिले विविधतायुक्त सांस्कृतिक क्षेत्र हो । मधेस राजनीतिसँग जोडिएको विविधतायुक्त सांस्कृतिक क्षेत्र हो । सी.के राउतले मधेसलाई यसरी अर्थ्याएका छन्, मधेस शब्दमा एक विशिष्ट राष्ट्र, पहिचान, संस्कृति जीवनशैली तथा एक निश्चित भूगोल समाहित छ, यसले इतिहासको आदिकालदेखि नै मधेस या मध्यदेशको प्रयोगले आज 'मधेस' शब्द आफ्नो साथमा एक विशिष्ट राष्ट्रियता, संस्कृति, भाषा, बोली, व्यवहार, खानपान, रहनसहन आदिलाई सूचित गर्दछ (२०७५, पृ.xxxiii) । सी.के राउतको परिभाषाले 'मधेस' शब्दले विशिष्ट पहिचान, जीवनशैली, संस्कृतिआदि रहेका सांस्कृतिक क्षेत्रलाई इङ्गित गर्दछ । मधेसको सन्दर्भमा बाबुराम भट्टराईको अभिमत यसप्रकार रहेको छ, नेपालको चुरेदेखि दक्षिणतिर मेचीदेखि महाकालीसम्म फैलिएको सीमावर्ती समतल भूभाग 'मधेस' हो । मेचीदेखि महाकालीसम्मको मैदानी भूभागलाई सामान्यतया तराई/मधेस भन्ने गरिन्छ (भट्टराई, २०७७, पृ. १३३) । मधेसी आयोगले मधेसलाई यसरी अर्थ्याएको छ, "चुरे र महाभारतको भित्री मधेस र चुरेदेखि दक्षिणको भागलाई खास "मधेस" भनिन्छ" (मधेसी आयोगको चौथो वार्षिक प्रतिवेदन (आ.व.२०७८/७९) । मधेसी आयोगले चुरेदेखि दक्षिणतिरको समतल भूभागलाई मधेसको सङ्केत गरेको देखिन्छ । यस सन्दर्भमा डोरबहादुर विष्टको अभिव्यक्ति महत्त्वपूर्ण रहेको छ ।

नेपालको चुरे प्रदेशभन्दा दक्षिणतिरको समथर भूभाग तराई हो । यही तराईलाई नै 'मधेस' भन्ने गरिएको पाइन्छ । विगतमा 'मधेस' शब्दले त्यति ख्याति पाउन नसक्नु भनेको केन्द्रीय सत्ता शक्तिमा मधेसीहरूको पहुँच नभएकैले हो । नेपालको समग्र भूगोललाई

हिमाल, पहाड र मधेस प्रदेश भनी उल्लेख गरिएको पाइन्छ (सन् २०१०, पृ. ट) । विष्टले नेपालको चुरेदेखि दक्षिणतिर रहेको समथर भूभागलाई तराई वा मधेस भनी अर्थ्याउँदै मधेस शब्दले चर्चा नपाउनुमा  मधेसीको केन्द्रीय सत्ताशक्तिसँग सम्बन्ध नहुनुलाई जोड दिएका छन् ।  मधेस शब्दले केवल भौगोलिक परिवेश मात्रलाई नजनाई त्यहाँका विविध जाति एवम् समुदायका भाषा, संस्कार, संस्कृति, कला, साहित्य, जीवनपद्धति, लोकमान्यता, विश्वदृष्टि समग्रलाई समेट्दछ ।

मधेसले पृथक् संस्कार, संस्कृति, लोकजीवन पद्धति आत्मसात् गरेका फरक विभिन्न जाति समुदायका सांस्कृतिक पक्षसमेतलाई इङ्गित गर्दछ । मधेस बहुलतायुक्त सांस्कृतिक क्षेत्र हो  । मधेस केवल समतल भूगोल मात्र नभएर फरक र विशिष्ट चिनारी बोकेका जाति एवम् समुदायका सांस्कृतिक पहिचान पनि हो । यसरी मधेस शब्दले मधेसी समुदायमा रहेका विभिन्न किसिमका जटिलता, असमानता, छुवाछूत, सामाजिक सम्मान, आर्थिक समृद्धि, विपन्नता र समव्यवहारको बृहत् अर्थलाई समेटेको पाइन्छ ।

मधेस विशिष्ट सांस्कृतिक पहिचान बोकेको भूगोल भए पनि यहाँ जाति, भाषा, लिङ्ग, धर्म-संस्कार, संस्कृति र वर्ग आदिमा विविधता पाइन्छ, । यसरी मधेस शब्दले क्षेत्रीय भूगोल, जाति, खसभाषी र भोटबर्मेली भाषी बाहेकका संस्कार, संस्कृति, लिङ्ग, वर्ग आदिमा विविधता र राजनीतिक अर्थ समेतलाई वहन गरेको देखिन्छ । नेपालका एकीकरणकर्ता पृथ्वीनारायण शाहले भगवन्तनाथलाई पठाएको पत्रसमेतमा मधेसको बारेमा उल्लेख गरिएको पाइन्छ,

> मानिस आउछन् प्युठाना पनि भलामानिस आउछन्. उप्रान्त. किरातका काजलाई तरवार हुकुम वक्सी पठाया गयेथ्यो. किरातको अम्वल मदेश पहाड भोट जति थियो. आफ्ना आशीर्वादले सवै फत्त्य भयो. मधेशमाहाँ कनकाई नदी पहाडमाहाँ साभा षोलो तमोर नदीको साँध लाग्यो. मानिस काट्न पाइयेनन्. भाग्यो. कति मोगलानतिर गयो. कति सुषिमतिर गयो. अरु झार जङ्गलमहाँ जना ८५ वेसि काटिया. वाकी सुषिमसङ्ग हाम्रो घा हुन लागिरहेछ, घा वन्यादेखि किरातबाट । (उद्धृत, राउत, २०७५, पृ. XXX)

उपर्युक्त साक्ष्यमा मधेसको बारेमा प्रस्ट उल्लेख गरिएको छ ।  प्रस्तुत अनुसन्धानमा मधेशअन्तर्गत  पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म फैलिएर  भारतको सिमानासँग जोडिएको समतल भूभाग भएका २० वटा जिल्लाहरूलाई जनाउन खोजिएको

छ । यस सन्दर्भमा तराई मधेस लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्त ठाकुरको अभिमत यस प्रकार रहेको छ । उक्त पार्टीले प्रकाशन गरेको अवधारणा पत्रमा झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलाई मधेसका जिल्ला भनिएको छ (२०६४, पृ. ६) । मधेसले नेपालको मेचीदेखि महाकालीका समथर भूभागमा रहेका जिल्लालाई इङ्गित गरेको छ ।

मधेसमा विभिन्न जातजाति एवम् समुदायका मानिसहरूको सघन बसोबास रहेको छ । त्यहाँ आदिवासी जनजाति, मधेसी, मुस्लिम, दलित, पर्वत मूलका गैरमधेसी जाति, समुदाय एवम् जातजातिका मानिसहरूको सामूहिक बसोबास रहेको छ । मधेसी भनेको बहुभाषिक, बहुजातीय नेपालको तराई र भित्री तराई क्षेत्रमा बसोबास गर्ने पहाडीइतर समुदाय हो । उनीहरू आफ्ना विशिष्ट संस्कृति, परम्परा र सामाजिक मूल्यका कारण परिचित छन् । मधेसीका सन्दर्भमा चन्द्रकिशोर झाको कथन यसप्रकार रहेको छ, "…. मधेसमा जो गैर नेपाली मातृभाषी भएका गैरपहाडी मूलका आदिवासीहरू हुन् जसका आफ्नै मौलिक संस्कृति भाषाहरू, भेषभुषा, जीवनशैली र छुट्टै पहिचान छन् उनीहरू नै मधेसी हुन्" (२०६५, पृ. ६) । मधेसीले मधेसमा बस्दै आएका गैर नेपाली मातृभाषी, गैर भोटबर्मेली भाषी मधेसी आदिवासी जनजाति, मधेसी, मधेसी दलित र मधेसी मुस्लिम समुदायलाई जनाउँछ । मधेसी समुदायको आफ्नो पृथक् र विशिष्ट सांस्कृतिक पहिचान रहेको छ यद्यपि राज्यमा विगत लामो समयदेखि विभेदकारी अन्यकरणको समस्या पनि भोग्दै आएको छ । राज्यले मधेसीलाई आरम्भदेखि नै फरक दृष्टिकोणबाट हेर्दै आएको सन्दर्भलाई यस कथनले पुष्टि गर्दछ, "सत्ताधारी धनी वर्गले मोफसलका मानिसहरूलाई असभ्य ठानेर त्यहीअनुसारको व्यवहार गरिआएका छन् । पहाडे सत्ताधारी उच्च वर्गले परापूर्वकालदेखि नै आफूलाई 'सुसंस्कृत र सभ्य' ठान्दै सीमावर्ती तराईका मानिसलाई मधिसे भनेर तल्लो दर्जाका नागरिकका रूपमा व्यवहार गरेका थिए । ..मधिसे' शब्द मधेसीको अपभ्रंश हो" (ह्योमे, सन्२००७, पृ. पृ. ११२–११३) । यस साक्ष्यमा सत्तासीन उच्च वर्गीय पहाडे शासकले मधेसी समुदायलाई हेर्ने विभेदकारी, हेपाहा दृष्टिकोण र मानसिकता एवम् केन्द्रीकृत सोचसमेत उजागर भएको छ । तिनले नेपालकै फरक सांस्कृतिक क्षेत्र मधेसमा बसोबास गर्ने आफ्नै मधेसी नेपाली दाजुभाइ दिदीबहिनीलाई हेय र तुच्छ रूपमा हेर्दै

आएका मनोविज्ञानलाई यस साक्ष्यले पुष्टि गरेको छ । नेपालको सन्दर्भमा मधेस बहुलतायुक्त सांस्कृतिक क्षेत्र हो ।

मधेसमा बसोबास गर्ने पृथक् र विशिष्ट संस्कार, संस्कृति, लोकजीवनपद्धति भएका शक्तिविमर्शका दृष्टिकोणबाट सीमान्तीकृत खसभाषी इतर र भोटवर्मेलीभाषी इतर जातजाति एवम् समुदायलाई 'मधेसी' भनिएको हो । मधेसमा परापूर्वकालदेखि बस्दै आएका प्रकृतिपूजक आदिवासी जनजाति समुदायलाई 'मधेसी आदिवासी जनजाति' भनिएको हो । मधेसमा बस्दै आएका मधेसी आदिवासी जनजाति इतर हिन्दु धर्मावलम्बी समुदाय एवम् राज्यसंरचनामा शक्तिविमर्शका दृष्टिकोणबाट सीमान्तीकृत समुदायलाई 'मधेसी समुदाय' भनिएको हो ।

मधेसमा बस्दै आएका जातीय सांस्कृतिक विमर्शका दृष्टिकोणबाट सबभन्दा तल राखेर विभेदीकृत र सामाजिक संरचनामा कथित उच्च जाति समुदायबाट छुवाछुत एवम् विभेदको अमानवीय र असामाजिक व्यवहार भोग्दै आएको, सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक हिसाबले सीमान्तीकृत जीवन बाँच्न बाध्य खसभाषी इतर उत्पीडित समुदायलाई 'मधेसी दलित' समुदायका रूपमा व्याख्या गरिएको हो । त्यसैगरी मधेसमा बस्दै आएका पैगम्बर मुहम्मदका अनुयायी अल्पसङ्ख्यक एवम् सीमान्तीकृत इस्लाम धर्मावलम्बी समुदायलाई 'मधेसी मुसलमान' समुदायका रूपमा अर्थ्याएर अध्ययन गरिएको हो ।

प्रस्तुत शोधमा मधेसमा बस्दै आएका मधेसी आदिवासी जनजाति, मधेसी, मधेसी दलित र मधेसी मुसलमान समुदायका बारेमा छनोट गरिएका उपन्यासमा अभिव्यक्त सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक अवस्था, राजनीतिक सचेतता एवम् विचारधाराका बारेमा पाठमा प्रयुक्त सामग्रीका आधारमा तिनका वर्गीय, जातीय र लैङ्गिक प्रतिनिधित्वका बारेमा विश्लेषण गरिएको छ । यसका साथै मधेसी समुदायका प्रतिरोधी चेतना, शक्तिविमर्शका दृष्टिकोणबाट तिनका अवस्था र अर्थ एवम् भाषिक पद्धतिका दृष्टिकोणबाट तिनका मधेसी समुदायको अवस्थाका बारे गहन अध्ययन अर्थापन र सत्यापनका आधारमा वस्तुपरक निष्कर्ष निकालिएको छ ।

### २.१० निष्कर्ष

सांस्कृतिक अध्ययनअन्तर्गत साहित्यिक कृतिहरूलाई सांस्कृतिक उत्पादनका रूपमा लिने गरिन्छ । उपन्यास साहित्यिक कृति भएकाले यो सांस्कृतिक उत्पादन हो । भाषाको माध्यमबाट सामाजिक सांस्कृतिक अर्थको उत्पादनलाई प्रतिनिधित्व भनिन्छ । सर्जकले

भाषाको माध्यमबाट समाजका विविध सन्दर्भहरूको कलात्मक प्रस्तुति गरेको हुन्छ । सांस्कृतिक अध्ययनअन्तर्गत साहित्यिक कृतिलाई संस्कृतिको रूपमा लिइन्छ । संस्कृतिलाई पदार्थको रूपमा लिएर अध्ययन गरिन्छ । उपन्यासकारले भाषाका माध्यमबाट समाजका विभिन्न क्षेत्र, भूगोल, वर्ग, जातजाति, लिङ्ग र राजनीतिका विषयवस्तुहरूको उपस्थापन गरेको हुन्छ ।

प्रस्तुत शोधमा नेपालको मधेसी समुदायका पात्रहरूको प्रतिनिधित्वको अध्ययन गर्ने उद्देश्य राखिएकाले सोही उद्देश्य परिपूर्ति गर्नका लागि वर्गीय, लैङ्गिक र जातीय प्रतिनिधित्वको अध्ययन गरिएको छ । यसका पात्रका विचारधारा, शक्तिविमर्शसँग अन्तरसम्बन्धित आवाज र प्रतिरोधी चेतनाको अध्ययन गरिएको छ । यस शोधमा लेखकीय दृष्टिकोणका आधारमा अर्थ उत्पादनको पद्धति र पाठक, भावक एवम् पात्रका दृष्टिकोणबाट अर्थ ग्रहणको पद्धतिबारे अध्ययन गरी निष्कर्ष निकाल्नका लागि मूलभूत रूपमा स्टुआर्ट हलको प्रतिनिधित्व सिद्धान्तलाई आधार बनाइएको छ ।

प्रस्तुत अध्याय प्रतिनिधित्व सिद्धान्तको सैद्धान्तिक पर्याधारमा केन्द्रित रहेको छ । छनोट गरिएका सामग्रीको वर्गीय विश्लेषणका लागि कार्ल मार्क्सको वर्ग विश्लेषणलाई मूल आधार बनाइएको छ । वर्गीय अध्ययन अन्तर्गत बुर्जुवा वर्ग (अभिजात वर्ग) र सर्वहारा वर्ग (निम्न वर्ग)लाई आधार बनाई विश्लेषण गरिएको छ । वर्गीय संरचनायुक्त नेपाली समाजमा उत्पादनका साधनस्रोतमाथि पकड, पहुँच र नियन्त्रण कायम भएको वर्गलाई अभिजात वर्ग भनिएको छ । सामाजिक संरचनामा आर्थिक पक्षमाथि प्रभुत्व कायम भएको वर्ग नै बुर्जुवा वर्ग हो । सोद्देश्य छनोट गरी विश्लेषण गरिएका उपन्यासका सन्दर्भमा समुदायका भूमिपति, जमिनदार, सम्भ्रान्त, कुलीन मधेसी तथा गैरमधेसीहरूलाई बुर्जुवा वर्गका रूपमा अध्ययन गरिएको छ । नीति निर्माणको तहमा बसेका उच्च पदस्थ कर्मचारीहरूलाई यही वर्गअन्तर्गत राखेर अध्ययन गरिएको छ । समाजमा शासक वर्गको रूपमा रहेको यो अभिजात वर्ग शक्तिशाली हुन्छ । त्यसैगरी उत्पादनका साधनस्रोतमा पकड, पहुँच र नियन्त्रण कायम नभएको श्रमजीवी वर्गलाई निम्न वर्ग भनिएको हो ।

सामाजिक संरचनामा कुटो कोदालो गर्ने, अर्काको भारी बोक्ने, घाँसदाउरा गर्ने, स्वदेश तथा विदेशमा शारीरिक श्रम गर्ने, अर्काको घरखेतमा हली गोठालो बस्ने, ज्याला मजदुरीका भरमा परिवारको पालनपोसन गर्ने पात्रहरू सर्वहारा वर्गअन्तर्गत पर्दछन् । यसका साथै कम

जग्गा भएका किसान, अर्काको ठेक्कापट्टा गर्ने, अधिया बटैयामा काम गर्ने विपन्न वर्गीय किसानलाई यसै वर्गमा राखिएको छ । प्रस्तुत शोधमा सर्वहारा वर्गलाई निम्न वर्ग भनी अध्ययन गरिएको छ ।

सांस्कृतिक अध्ययनअन्तर्गत लैङ्गिक प्रतिनिधित्वको सन्दर्भलाई केलाएर हेरिन्छ । यसअन्तर्गत पुरुष र महिलाका प्रतिनिधित्वका विषयवस्तुको बारेमा अध्ययन गरिन्छ । यसमा महिला र पुरुषका फरक फरक व्यवहार र भूमिकाका बारे अध्ययन गरिन्छ । लैङ्गिक प्रतिनिधित्वका दृष्टिकोणबाट महिला र पुरुष पात्रमध्ये कुन पात्र चाहिँ प्रभुत्वशाली भूमिकामा र कुन पात्र चाहिँ अधीनस्थ भूमिकामा रहेका छन् भन्ने व्याख्या गरिन्छ । सामाजिक संरचनामा महिला पात्रमाथि के कसरी अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन भएका छन् सोको अध्ययन गरिन्छ ।

सांस्कृतिक अध्ययनअन्तर्गतको प्रतिनिधित्वमा जातीय प्रतिनिधित्वको विषयवस्तुलाई गम्भीरतापूर्वक विश्लेषण गरिन्छ । समाजमा सांस्कृतिक विमर्शका आधारमा निर्मित जातीय संरचना र श्रेणीकरणका विषयवस्तुको अध्ययन महत्त्वपूर्ण हुन्छ । जातीय विमर्शका आधारमा कुन जाति कुन स्थानमा रहेर अर्को जातिप्रति के कस्तो व्यवहार गर्छ उक्त विषयवस्तुको महत्त्वका साथ अध्ययन गरिन्छ । यसअन्तर्गत एउटा जातिले अर्को जातिलाई हेर्ने दृष्टिकोण र गर्ने सामाजिक सांस्कृतिक व्यवहारका बारेमा सूक्ष्म किसिमबाट अध्ययन गरिन्छ । जातीय प्रतिनिधित्वअन्तर्गत सामाजिक सांस्कृतिक निर्मितिका आधारमा गरिने सम विषम व्यवहार, छुवाछुतका सन्दर्भ, जातीय विद्वेष एवम् घृणाका दृष्टिकोणबाट दलित र गैरदलितका सन्दर्भका बारेमा वस्तुपरक अध्ययन गरिन्छ । जातीय प्रतिनिधित्वअन्तर्गत कथित दलित र कथित गैरदलितका व्यवहार र तिनका बिचका कटुतापूर्ण व्यवहार, सामाजिक अन्याय, मानवद्वेषी व्यवहारका बारेमा विश्लेषण गरिएको छ । प्रस्तुत शोधका लागि छनोट गरिएका उपन्यासमा समुदायले निर्माण गरेका जातीय विमर्शका आधारमा मधेसी आदिवासी जनजाति, मधेसी, मधेसी दलित र मधेसी मुस्लिम समुदायका प्रतिनिधित्वबारे अध्ययन गरिएको छ ।

विचारधारा समुदायका विविध गतिविधि, संस्कार संस्कृति, नीतिनियम, प्रथा प्रणाली, मूल्यमान्यता आदिका माध्यमबाट सम्प्रेषित हुन्छ । कार्ल मार्क्सले अभिजात वर्गीय/शासक वर्गीय विचारधारालाई प्रभुत्वशाली विचारधारा भनेका छन् । सामाजिक संरचनामा शासक

वर्गीय विचारधारा शक्तिशाली अवस्थामा हुन्छ । उनले सर्वहारा वर्गीय श्रमजीवीसँग सम्बन्धित विचारधारा अधीनस्थ हुने अभिमत प्रकट गरेका छन् । यो विचारधारा शासित वर्गसँग सम्बन्धित हुन्छ ।

शासित वर्गसँग सम्बन्धित अधिनस्थ विचारधारा कमजोर अवस्थामा हुन्छ । सामाजिक विमर्शात्मक संरचनामा पुरुषको नेतृत्वदायी र निर्णायक भूमिका अनि महिलाको आदेशपालक एवम् गौण भूमिकाले पितृसत्तात्मक विचारधारालाई इङ्गित गर्दछ । सामाजिक सांस्कृतिक सन्दर्भमा पारलौकिक ईश्वरीय सत्ता, स्वर्ग नर्कको अवधारणा, आस्था र विश्वास, यज्ञ अनुष्ठान, पूजा अर्चनाप्रति निष्ठा, धामीझाँक्री, टुनामुना, फुकफाक, लागलगानप्रतिका विश्वासलाई आदर्शवादी विचारधाराका रूपमा अध्ययन  गरिन्छ ।

सांस्कृतिक अध्ययनको प्रतिनिधित्वअन्तर्गत शक्तिविमर्शको विषयवस्तुलाई महत्त्वका साथ हेरिन्छ । यसअन्तर्गत सीमान्तीकृत वर्ग, जाति र लिङ्गका पात्रका आवाज र प्रतिरोधी चेतनाका बारेमा केलाएर अध्ययन गरिन्छ । आवाजअन्तर्गत सीमान्तीकृत र उत्पीडित पात्रका वाचालताको अवस्था र मौनताको अवस्थाबारे विश्लेषण गरिएको छ । उपन्यासको कथ्यवस्तुमा शोषित, दमित, उत्पीडित र उपेक्षित पात्रले प्रभुत्वशाली वर्ग, लिङ्ग र जातिका पात्रका अन्याय, अत्याचार र असमान व्यवहारका विरुद्ध तत्काल कडा प्रतिक्रिया जनाउनु वाचालताको अवस्थाको रूपमा अध्ययन गरिएको छ । त्यसैगरी सामाजिक विमर्शात्मक संरचनामा प्रभुत्वशाली वर्ग, लिङ्ग र जातिका पात्रका अन्याय, अत्याचार, दमनकारी व्यवहार, छुवाछुतजस्ता असमान र अपमानजनक व्यवहार चुपचाप सहने अवस्थालाई मौनताको अवस्था भनेर अध्ययन गरिएको छ । सांस्कृतिक अध्ययनअन्तर्गतको प्रतिरोध भनेको प्रभुत्वशाली वर्ग, लिङ्ग र जातिसँग सम्बन्धित पात्रका अन्याय, अत्याचार र अपमान, हेला, तिरस्कार विरुद्धको कडा प्रतिक्रिया हो । सीमान्तीकृत पात्रले प्रभुत्वशाली पात्रका विरुद्ध बोलेर विरोध गर्नुलाई वाचिक प्रतिरोध भनिन्छ भने सीमान्तीकृत पात्रले प्रभुत्वशाली पात्रलाई चिथोर्ने, कोपर्ने, शारीरिक आक्रमण, प्रत्याक्रमण गर्ने सन्दर्भलाई कायिक प्रतिरोध भनिन्छ ।

प्रतिनिधित्व सिद्धान्तमा लेखकीय र पाठकीय दृष्टिकोणबाट भाषिक पद्धतिको अध्ययन गरिन्छ । साहित्यिक कृतिमा अभिव्यक्त सर्जकको दृष्टिकोणलाई अर्थ उत्पादनको आधारमा केलाएर हेरिन्छ ।  सामाजिक सन्दर्भहरूलाई प्रस्तुत गर्ने आधारमा स्टुआर्ट हलले भाषिक

पद्धतिलाई परावर्तक, आशयपरक र निर्माणात्मक भनेर अध्ययन गरेका छन् । सामाजिक विषयवस्तुलाई जस्ताको तस्तै प्रस्तुत गर्नुलाई हलले परावर्तक पद्धति भनेका छन् । उनले कुनै निश्चित सन्दर्भको आशयलाई इङ्गित गर्ने अभिप्रायले प्रयोग गरिने भाषिक अभिव्यक्तिलाई आशयपरक पद्धति भनेका छन् ।

नागरिक, समुदाय, समाज र राष्ट्रका गम्भीर र संवेदनशील महत्त्वपूर्ण विषयवस्तुलाई सार्वजनिक गर्नका निम्ति सर्जकले विशिष्ट भाषाको निर्माण गर्छ जसलाई निर्माणात्मक पद्धति भनिन्छ । पाठक, भावक र पात्रका दृष्टिकोणबाट अर्थ ग्रहणको अध्ययन गरिएको छ । यसअन्तर्गत प्रभुत्वशाली मानसिकता, अधीनस्थ मानसिकता, सहमतीय मानसिकता र अस्वीकारजन्य मानसिकताको बारेमा अध्ययन गरिएको छ । सीमान्तीकृत वर्ग, लिङ्ग र जातिका पात्रले प्रभुत्वशाली वर्ग, लिङ्ग र जातिका पात्रका विषयवस्तुलाई सोझै स्वीकार गर्नुलाई प्रभुत्वशाली मानसिकता भनिएको हो ।

सीमान्तीकृत वर्ग, लिङ्ग र जातिका पात्रले आफूलाई पराधीन, पराश्रयी, कमजोर भएको महसुस गर्नुलाई अधीनस्थ मानसिकता भनिएको छ । त्यसैगरी सीमान्तीकृत वर्ग, लिङ्ग र जातिका पात्रले प्रभुत्वशाली वर्ग, लिङ्ग र जातिसँग सम्बन्धित पात्रका विषयवस्तुलाई सहजै स्वीकार गर्नुलाई सहमतीय मानसिकताका रूपमा अध्ययन गरिएको छ । सीमान्तीकृत वर्ग, लिङ्ग र जातिसँग अन्तरसम्बन्धित पात्रले प्रभुत्वशाली वर्ग, लिङ्ग र जातिसँग सम्बन्धित पात्रका अन्याय, अत्याचार, असमान व्यवहार, शोषण र उत्पीडनप्रति असहमति जनाउँदै अस्वीकार गर्नुलाई अस्वीकारजन्य मानसिकता भनिएको हो । शोध्य उपन्यासमा मधेसी समुदायको प्रतिनिधित्वलाई भाषिक पद्धतिको अध्ययन गरिएको छ । मधेसमा बसोबास गर्ने पृथक् र विशिष्ट भाषा, संस्कार, संस्कृति तथा लोक जीवनपद्धति भएका गैर खसभाषी र गैर भोटबर्मेलीभाषी समुदायलाई मधेसी भनिन्छ । मधेसमा परापूर्वकालदेखि बस्दै आएका प्रकृतिपूजक समुदायलाई मधेसी आदिवासी जनजाति भनिएको छ । मधेसमा बस्दै आएका मूर्तिपुजक एवम् हिन्दु धर्मावलम्वी समुदायलाई मधेसी भनिएको हो । मधेसमा बस्दै आएका कथित उच्च जातिका विभेदका कारण उत्पीडित एवम् छुवाछुतको असमान व्यवहार भोग्दै आएको उपेक्षित  समुदायलाई मधेसी दलित र पैगम्बर मुहम्मदका अनुयायी इस्लाम धर्मावलम्वी समुदायलाई मधेसी मुसलमान भनिएको हो ।

## तेस्रो परिच्छेद
## आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायको भौतिक प्रतिनिधित्व

### ३.१ विषयपरिचय

आधुनिक नेपाली उपन्यासमा विभिन्न जातजाति, समुदाय, वर्ग, लिङ्गका सन्दर्भहरूको यथोचित चित्रण गरिएको छ । आधुनिक नेपाली उपन्यासहरूमा मधेसी समुदाय र गैरमधेसी समुदायका सामाजिक विषयवस्तुहरूको प्रयोग गरिएको पाइन्छ । आधुनिक नेपाली उपन्यासमा पात्रका संवाद, तिनका विभिन्न गतिविधि, हाउभाउ एवम् कटाक्षका माध्यमबाट सामाजिक प्रसङ्गहरूको प्रकटीकरण भएको छ । अनुसन्धानका लागि छनोट गरिएका आधुनिक नेपाली उपन्यासमा शासक र शासित वर्गका जीवनावस्था, शासक वर्गीय शोषण, उत्पीडित निम्न वर्गको आर्थिक पछौटेपन, अभाव, गरिबीका कथ्यवस्तुलाई वर्गीय दृष्टिकोणबाट विश्लेषण गरिएको छ ।

विश्लेष्य उपन्यासमा मधेसी समुदायसँग सम्बन्धित मधेसी आदिवासी जनजाति, मधेसी, मधेसी दलित र मधेसी मुस्लिम समुदायका सन्दर्भहरूको प्रयोग गरिएको छ । जातीय प्रतिनिधित्वमा सामाजिक संरचनामा कुन जाति कस्तो स्थानमा बसेर भूमिका निर्वाह गरिरहेको छ, त्यसको निष्कर्ष निकालिएको छ । सामाजिक विमर्शात्मक संरचनामा कुन जातिको पात्र कस्तो जातीय सोपानक्रममा रहेको छ त्यसले विभेदकारी व्यवहार भोग्नुपरेको छ कि छैन यदि विभेदकारी व्यवहार भोग्नुपरेको छ भने कस्तो खालको छुवाछुतका अमानवीय व्यवहारबाट तिरस्कृत र अपहेलित भएका छन् ।

जातीय प्रतिनिधित्वमा उक्त सन्दर्भलाई गहन किसिमबाट अध्ययन गरिएको छ । तिनका बारेमा वस्तुपरक विश्लेषण गरिएको छ । यसैगरी सामाजिक विमर्शात्मक संरचनामा लैङ्गिक दृष्टिकोणबाट पुरुष पात्रका उपस्थिति र महिला पात्रका उपस्थितिलाई विश्लेषण गरिएको छ । लैङ्गिकताअन्तर्गत पुरुष र महिला पात्रका भूमिका र तिनका सहभागितालाई सूक्ष्म ढङ्गबाट विश्लेषण गरिएको छ । पुरुष र महिलाका भूमिका शक्तिसम्बन्धसँग गाँसिएको हुन्छ । उपन्यासमा पुरुष र महिला पात्रमध्ये कुन पात्रलाई कतिको महत्त्व प्रदान गरिएको छ र कुन भूमिकामा राखिएको छ भन्ने कुराको विश्लेषण गरिएको छ । पारिवारिक र सामाजिक संरचनामा पुरुष र महिलामध्ये कसले नेतृत्वदायी भूमिका निर्वाह गरेको छ सोको अध्ययन लैङ्गिक प्रतिनिधित्वअन्तर्गत वस्तुपरक व्याख्या गरिएको छ ।

### ३.२ वर्गीय प्रतिनिधित्व

प्रस्तुत शोधका लागि छनोट गरिएका उपन्यासहरूमा मधेसी समुदायका वर्गीय स्वरूपका सामाजिक संरचना विद्यमान भएका विषयवस्तु छन् । तिनमा अभिजात वर्ग र निम्न वर्गका सामाजिक, आर्थिक गतिविधि र त्यसले निम्त्याएको परिणामसमेत उजागर गरिएका छन् । मधेसमा त्यहाँका  मधेसी आदिवासी जनजाति, मधेसी र गैरमधेसी समुदायका मानिसहरू अभिजात वर्गका रहेका विषयवस्तुको उपस्थापन गरिएको छ ।

विवेच्य उपन्यासमा  मधेसी आदिवासी जनजाति, मधेसी, मधेसी दलित र मधेसी मुसलमान समुदायका मानिसहरू  आर्थिक पछौटेपन, भूमिहीनता, श्रमशोषणको चपेटामा परेका सन्दर्भको यथार्थपरक अभिव्यक्ति छ । आर्थिक असमानताले मधेसी समुदायमा निर्माण गरेको वर्गीय संरचनाको स्वरूप, अन्तराल र त्यसले त्यहाँका स्थानीय मधेसी समुदायका जनजीवनमा प्रत्यक्ष परोक्ष पारेको प्रभावको वस्तुपरक चित्रण विवेच्य उपन्यासमा अभिव्यक्त छ । यहाँ शोध्य उपन्यासका वर्गीय प्रतिनिधित्वका विषयवस्तुलाई क्रमशः विश्लेषण गरिएको छ ।

#### ३.२.१ अलिखित उपन्यासमा वर्गीय प्रतिनिधित्व

*अलिखित* उपन्यासमा मधेसी समुदायको जमिनदार विश्वनाथप्रसाद सिंहलाई अभिजात वर्गीय पात्रको रूपमा प्रतिनिधित्व गराइएको छ । विश्वनाथप्रसाद सिंहलाई सामन्त एवम् शक्तिशाली राजनीतिकर्मीका रूपमा चित्रण गरिएको छ । यस उपन्यासमा मधेसी समुदायको एकजना विश्वनाथप्रसाद सिंह मात्र अभिजात वर्गको पात्र भएकाले उसको बारेमा विस्तृत अध्ययन गर्नु उपयुक्त हुन्छ ।

#### (क) अभिजात वर्गीय प्रतिनिधित्व

*अलिखित* उपन्यासमा मूलतः मधेसका अभिजात वर्गले गर्ने शोषण, दोहन र निम्न वर्गका पात्रहरूको कारुणिक चित्रण गरिएको छ । आर्थिक आधारमा निर्मित वर्गीय संरचनामा बुर्जुवा वर्गका पात्रहरूले निम्न वर्गका पात्रहरूको चरम आर्थिक शोषण गरेर तिनलाई सीमान्तीकृत र किनारीकृत बनाएको तथ्यलाई यस उपन्यासले  उतारेको छ । *अलिखित*  उपन्यास मधेसका पहुँचविहीन तथा सीमान्तीकृत मधेसी समुदायका पात्रहरूको अप्रतिनिधित्वको दस्तावेजीकरण हो । जसअन्तर्गत बरेवा गाउँका बासिन्दाका पीडालाई यथार्थ रूपमा प्रकट गरिएको छ । विवेच्य उपन्यासमा प्रभुत्वशाली धरमपुर गाउँका

बासिन्दाहरूले पहिचान र प्रतिनिधित्वविहीन बरेवाका बासिन्दाहरूलाई धम्क्याएर, त्रास देखाएर आफ्ना अधीनमा राखिरहने यथार्थलाई चित्रण गरिएको छ ।

*उलार* उपन्यासमा निम्न वर्गीय पात्रहरू सम्भ्रान्त वर्गबाट शोषित, उत्पीडित त छँदैछन् यसका साथसाथै बिरहिनपुर बरेवा गाउँ नै प्रभुत्वशाली धरमपुर गाउँको अधीनस्थ रहेको विषयवस्तु देखाइएको छ । *अलिखित* उपन्यासमा धरमपुर गाउँका निवासी विश्वनाथप्रसादलाई जमिनदारको रूपमा प्रतिनिधित्व गराइएको छ । शक्तिसम्बन्धको हिसाबले प्रभुत्वशाली रहेको भूमिपति विश्वनाथप्रसाद आफ्ना मातहतका जनताहरूलाई विभिन्न जालझेल गरेर हैकम जमाएको तथ्यलाई यस उपन्यासले सजीव चित्रण गरेको छ । काठमाडौँबाट बिरहिनपुर बरेवा गएको टोली सोझै जमिनदारलाई भेट्न गएको विषयवस्तु उपन्यासमा यसरी प्रयुक्त छ :

> हामीले जिम्दारसाहेबको घर पत्ता लगाउनु थियो । जिम्दारसाहेब पुरानो नाउँ हो । तैपनि तिनलाई जिम्दारसाहेबै भनिँदो रहेछ । तिनको घर फेला पार्न कुनै कठिनाइ भने भएन । बरू जिम्दारसाहेब र काठमाडौँको नाउँ लिनासाथ गाउँलेहरूका आँखामा सहसा हामीप्रति अदब, आतङ्क र श्रद्धा पनि देखिन थाल्यो । (पृ. ९–१०)

उपर्युक्त साक्ष्यमा जमिनदारको पहुँच देशको केन्द्र काठमाडौँसम्म विस्तारित रहेको तथ्य उद्घाटित हुँदै केन्द्रदेखि गाउँटोलसम्म उसको रोवरवाफ कायम रहेको वास्तविकता अभिव्यक्त गरिएको छ । उत्खनन टोलीका पदाधिकारीहरूले भूमिपति र काठमाडौँको नाम लिनासाथ गाउँलेहरू तर्सिने सन्दर्भले भूमिपतिको शक्तिसम्बन्ध र विगतको ज्यादतीलाई सङ्केत गर्दछ । जमिनदार शब्दले प्रभुत्वशाली वर्गलाई जनाउँछ र प्रभुत्वशाली विचारधारा बोकेको वर्ग बुर्जुवा हुन्छ (केलनर, सन् २०१९, पृ. १) । प्रस्तुत साक्ष्यमा जमिनदारले अभिजात वर्गको प्रतिनिधित्व गरेको स्पष्ट छ । गाउँको जमिनदार विश्वनाथप्रसाद सिंहले गरिब वर्गको शोषण गरेको विषयवस्तु उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> पहिले तमसुकमा बुढी औँलाको छाप लगाएर धान दिइन्थ्यो । अब जमाना खराब भएको छ । त्यसमा खतरा छ । जिम्दारसाहेबले सर्प र लट्ठी दुवैको सुरक्षा आफ्नो हातमा लिएका थिए । अब केही खास मौका छाडेर, सामान्यतया खेत, गहना, नभए छाप्रो नै नभए पनि सुक्रीबिक्री लेखाएर, मिति नहालेर ल्याप्चे लगाएर मात्र धान दिने गर्थे । भनिन्छ, यसमा उनको नियत होइन, ती दरिद्रनारायणहरूको नियत

ठेगानमा रहोस् भन्ने निर्दोष भावना छ । यसलाई जिम्दारको सदाशयताको उदाहरण मान्नुपर्दछ, किनभने उनले काम चलाइदिन्थे । (पृ.८७)

उपर्युक्त साक्ष्यमा गाउँको प्रभुत्वशाली व्यक्ति जमिनदारले आफ्ना मातहतका जनताहरूलाई मिति बेगरको कागजमा ल्याप्चे लगाउन लगाएर धान दिनुले उसको खराब नियतलाई सङ्केत गर्दछ । यस साक्ष्यले उसको शासक वर्गीय विचारधाराको शोषणको नीतिसमेतलाई प्रस्ट पारेको देखिन्छ । जमिनदारले अन्न प्रदान गरेर तमसुकमा अग्रिम ल्याप्चे लगाउन लगाइनुले बुर्जुवा वर्गको जमिनदारको निम्न वर्गका मान्छेहरूलाई हेर्ने जीवनदृष्टिलाई सङ्केत गर्दै जमिनदारको सुदखोर प्रवृत्तिलाई उजागर गरेको छ । जमिनदार आफूले धान लगानी गरेर चर्को ब्याज असुल्ने अनि गरिब वर्गका मान्छेमाथि भर पर्न नसकिने आशयले जमिनदारको कुटिलतालाई उदाङ्गो पारिदिएको छ । प्रस्तुत प्रसङ्गमा जमिनदारको कर्म गरिबमारा प्रवृत्तिको रहेको पुष्टि हुन्छ (बराल र एटम, २०५६, पृ. २५६) । यस साक्ष्यमा शासक वर्गीय विचारधाराको पृष्ठपोषण गर्ने जमिनदारको शोषण नीति उजागर भएको छ ।

**(ख) निम्न वर्गीय प्रतिनिधित्व**

*अलिखित* उपन्यासमा मधेसी समुदायको चरम गरिबीको प्रस्ट चित्रण गरिएको छ । यस उपन्यासमा विपन्न वर्गका मानिसहरूको कष्टकर जीवनशैलीको यथार्थ प्रस्तुति छ । मतियाले इनारबाट पानी ओसार्नका निम्ति प्वाल परेको थोत्रो बाल्टिनको प्रयोग गरेकी छ । उक्त सन्दर्भले उसको चरम गरिबीलाई सङ्केत गर्दछ, “मतियाले सानो डोलमा इनारबाट पानी झिकेर ल्याई । ल्याउँदाल्याउँदै चौथाइजति पानी चुहिएछ । संयोगले इनार नजिकै थियो । टाढा भएको भए आधी वा तीन चौथाइ पनि चुहिन सक्थ्यो” (पृ. २०) । मतियाको घरमा राम्रो खालको बाल्टिन नभएकै कारण उसले प्वाल परेर चुहिने खालको बाल्टिन बोकेर इनारमा पानी भर्न गएकी हो भन्ने तथ्य पुष्टि हुन्छ । यस साक्ष्यले मतियाको आर्थिक पछौटेपनलाई इङ्गित गर्दछ ।

*अलिखित* उपन्यासमा मतियाकी आमाको आर्थिक पछौटेपनलाई प्रस्तुत गरिएको छ । उक्त सन्दर्भलाई *अलिखित* उपन्यासमा वस्तुपरक ढङ्गबाट वर्णन गरिएको छ । मतियाकी आमाको चरम गरिबीलाई निम्न पङ्क्तिले प्रस्ट पार्दछ, “गाँठो पार्दापार्दा धोती छोटिएर घुँडामुन्तिरसम्म भन्न सुहाउने भएको हुन्थ्यो । तैपनि मतिया के माईसँग एउटै

धोती हुने गर्थ्यो, त्यसकारण ऊ गाँठो बढाउँदै जान्थी" (पृ. २५) । यस साक्ष्यमा मतियाकी आमाको चरम आर्थिक अभाव भएकैले उसले एउटा राम्रो धोतीसमेत किन्न नसकी थोत्रिएकै, फाटिएर धुजा धुजा परेकै धोती ठाउँ ठाउँमा गाँठो पारेर लगाउन थालेकी हो । ऊसँग आधारभूत आवश्यकता परिपूर्ति गर्ने साधन उपलब्ध नभएकैले उसले च्यातिएको धोती लगाएर गुजारा गरेकी देखिन्छ । यस प्रसङ्गबाट गाँस, बास र कपासजस्ता आधारभूत आवश्यकतासमेत परिपूर्ति गर्न असमर्थ रहेकी मतियाकी आमाको चरम आर्थिक पछौटेपन पुष्टि हुन्छ ।

*अलिखित* उपन्यासमा मतियाको बाबुलाई निम्न वर्गीय पात्रका रूपमा उपस्थापन गरिएको छ । मतियाका बाबु निम्न वर्गीय रहेको तथ्यलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, "मतियाको बाबु मेलाहरूमा पानफूल बेच्ने गर्थ्यो । त्यसबाहेक वरपरका गाउँमा चून पनि बाँड्ने गर्थ्यो । अरू जग्गा थिएन । घडेरी कसै गरी जोडेका थिए" (पृ. २९) । प्रस्तुत साक्ष्यले मतियाको बाबुको चरम गरिबीलाई इङ्गित गर्दै उसको कष्टकर पारिवारिक जीवनशैलीसमेतलाई छर्लङ्ग पारेको छ । पानफूलको व्यापार भनेको समय कटाउने मेलो मात्र हो किनभने त्यसबाट मनग्गे आम्दानी नहुने भएकाले गरिबीबाट उन्मुक्ति पाउन मुस्किल पर्न जान्छ भन्ने वास्तविकतालाई यस साक्ष्यले सङ्केत गर्दछ । यस प्रसङ्गबाट निम्न वर्गीय पात्र मतियाको बाबुको चरम गरिबीलाई बुझ्न सकिन्छ ।

उपन्यासमा मधेसी समुदायको पात्र आर्थिक अभावका कारण कमाइ गर्नका निम्ति मुग्लान पसेको विषयवस्तु यसरी प्रस्तुत गरिएको छ :

> सरजुको ससुराको एउटा छोरो थियो । तर बङ्गाला कमाउन जान्छु भनेर हिँडेको त्यो, आठ वर्षदेखि फर्केको छैन । अफवाह थियो, अफवाह थियो, मुग्लानियाँ डाँकाले गोली ठोकेर मारे । कथा के हो भने, यौ : त्यो दिन राति जङ्गलको बाटो गरी धेरै धन कमाएर फर्किँदै थियो, बाटोमा डाँकुको एउटा सिङ्गो गिरोह बाटो छेकेर बसेको/उभिएको थियो...लाठी, भाला, गँडास सब थिए । (पृ. ३७)

उपर्युक्त साक्ष्यमा सरजुको सालोले नेपालमै रोजगारी नपाएर विदेसिनु परेको तथ्य उद्घाटन गर्दै निम्न वर्गका मानिसहरूको दुरुह जीवनशैलीको यथार्थ चित्रण गरिएको छ । गरिब वर्गका मानिस कामको खोजीमा विदेसिँदा ज्यान जोखिममा परेको वास्तविकतलाई प्रस्तुत साक्ष्यले इङ्गित गरेको छ । गरिबी, अभाव र शिक्षाको कमीका कारण मान्छेहरू

जीविकोपार्जनका निम्ति चोरी, डकैती, हत्याजस्ता जघन्य आपराधिक गतिविधिमा लाग्ने गरेका तथ्यलाई यस साक्ष्यले पुष्टि गरेको देखिन्छ । अर्काको देशमा मजदुरी गर्न जानु भनेको निम्न वर्गको परिचायक हो । विशुद्ध शारीरिक श्रम गर्ने वर्ग भनेकै सर्वहारा वर्ग हो । यसरी शारीरिक श्रम गर्ने वर्ग सङ्गठित भएको देखिँदैन ।

शारीरिक श्रम गर्ने जस्तै रिक्साचालक, ठेलागाडी चलाउने, कुल्ली, भरिया, घरेलु नोकरचाकर, यातायातका मजदुर, भवन निर्माणका मजदुर आदि श्रमजीवी वर्गअन्तर्गत पर्दछन् । मार्क्सवादी चिन्तक घनश्याम भुसालले यस वर्गलाई सीमान्त श्रमजीवी वर्गको संज्ञा दिएका छन् (भुसाल, २०६४, पृ. २९५) । शारीरिक श्रम गरेर आजीविका चलाउने सरजु श्रमजीवी वर्गको पात्र भएकोले ऊ निम्न वर्गीय पात्र हो । गरिबीले आक्रान्त गाउँलेहरू जमिनदारकोबाट ऋण पाउनका लागि प्रतिस्पर्धा गरेको विषयवस्तुलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, “फागु आउने आँटेको थियो-फगुवा । स्त्रीपुरुषको हूल, जिम्दारकहाँ धान लिन दौडादौड गरिरहेको थियो, रिनमा । प्रत्येक गाउँले, आफ्नो छिमेकी वा नातेदारसँग पनि थर्कमान रहन्थ्यो । अर्कोले उछिन्ला र म धान नपाउँला भनेर” (पृ. ८७) । यस साक्ष्यमा मधेसी समुदायका विपन्न वर्गका मानिसहरूको चरम अभावलाई यथार्थ प्रस्तुत गरी तिनका कष्टकर जीवनशैलीको चित्रण गरिएको छ ।

मधेसमा नगदे बाली भित्र्याउने बेलामा पनि विपन्न वर्गका मान्छेका घरमा अन्नबाली नहुनुले तिनका अत्यन्त दयनीय अवस्थालाई जनाउँछ । यसका साथै ऋण पाउनका निम्तिसमेत एकापसमा तँछाडमछाड गर्ने सन्दर्भले तिनका आर्थिक पछौटेपनलाई पुष्टि गरेको छ । जमिनदारकोबाट ऋण पाउनका निम्तिसमेत उसको निगाहको पात्र हुनुपर्ने कथ्यवस्तुले तिनका विकट आर्थिक अवस्थाको उद्घाटन गर्दै तिनका अत्यन्त दुखद जीवनावस्थाको चित्रण गरिएको छ । यहाँनेर विपन्न वर्गीय मधेसी समुदायका पात्रहरूको निम्न वर्गीय सामाजिक आर्थिक अवस्थाको प्रकटीकरण भएको छ । मजदुर वर्गको अनुप मिस्त्रीले जमिनदार विश्वनाथप्रसाद सिंहलाई ऋण तिर्नका लागि अनुनय विनय गरेको सन्दर्भ उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> मालिक ! एतीखानी त एको दाना ना घर मैं, न पल मैं ढउवा, कैसे का होई ? ( मालिक यस बखत त, एक गेडा पनि घरमा छैन, न साथमा पैसा छ, कसरी के होला ?) अनुपले हात जोडेर भनेको हो । जिम्दारलाई अनुपको विनम्रताले झन्

> भड्काउने काम गऱ्यो । भैँसीलाई रातो देखाएजस्तै भनूँ । कुन्नि के भयो । जिम्दारलाई विवेक समाल्ने फुर्सत भएन । उनी खाटबाट ओर्ले । छेउमा राखेको कइन उठाए । अनुपलाई कइनको दुइटा 'पथ्य' पिठ्यूँमा दिए, स्वाँटस्वाँट र तीन-चारवटा तिघ्रामुन्तिर । (पृ. १३३)

उपर्युक्त साक्ष्यको पूर्वापर प्रसङ्ग केलाएर हेर्दा के देखिन्छ भने जमिनदारले अनुप मिस्त्रीसँग आफ्नो लगानी माग्दाखेरि विपन्न वर्गको अनुपले आफूसँग जिन्सी र नगद केही पनि नभएकोले मालिकले मनपरि तवरले सिर्कनाले हिर्काएको विषयवस्तुं उजागर भएको छ । जमिनदार अभिजात वर्गको भएकोले ऊ प्रभुत्वशाली छ । उसले अधीनस्थ अनुप मिस्त्रीमाथि आफ्नो रवाफ जमाउँदै उसलाई सिर्कनाले निर्मम तरिकाले कुटपिट गरेको देखिन्छ । जमिनदार शासक वर्गको पात्र भएकोले ऊसँग शासक वर्गीय विचारधारा छ र उसले सोही विचारधाराको प्रयोग गरेर श्रमिक वर्गको अनुपमाथि ज्यादती गरेको प्रस्ट छ । यस सन्दर्भमा अभिजात वर्गको जमिनदारले सर्वहारा वर्गको अनुप मिस्त्रीमाथि आफ्नो शासकीय शक्तिको प्रयोग गरेको देखिन्छ ।

### ३.२.२ उलार उपन्यासमा वर्गीय प्रतिनिधित्व

मधेसको विपन्न वर्गीय प्रेमललवालाई नायकत्व प्रदान गरी लेखिएको *उलार* सामाजिक यथार्थवादी उपन्यास हो । यसमा वर्गीय असमानताको अन्तराल प्रस्तुत गर्दै सामन्त वर्गले सर्वहारा वर्गलाई गर्ने शोषण, उत्पीडन, ज्यादतीको चित्रणका साथै विपन्न वर्गीय वदिनी द्रौपदीले परिवारको पालनपोषण गर्नका लागि देहव्यापार पेसा अपनाउनु परेकी कथ्यवस्तु छ । यसमा उसको कुरूप तर जीवन्त पक्षको उद्घाटन गरिएको छ । प्रस्तुत उपन्यासमा वि.सं.२०४६ को जनआन्दोलनपश्चात् प्रजातन्त्रको पुनर्बहालीका सन्दर्भमा राजनीतिक वृत्तमा मौलाएको भ्रष्टाचार, स्वार्थलोलुपता, गैरजिम्मेवारीपनाका साथै नागरिकका काम कर्तव्यप्रतिको उदासीनताको चित्रण गरिएको छ । शोध्य उपन्यासमा वर्गीय समस्या, जातीय पहिचान, लैङ्गिक समस्याका साथै तिनका विचारधारा र प्रतिरोध एवम् सङ्घर्ष पनि प्रकट भएका छन् ।

#### (क) अभिजात वर्गीय प्रतिनिधित्व

*उलार* उपन्यासमा गैरमधेसी समुदायका राजेन्द्रराज शर्मा, शिलाबाबु र शान्तिराजालाई अभिजात वर्गको पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ । यस उपन्यासमा राजनीतिकर्मी

राजेन्द्रराजको बारेमा यसरी अभिव्यक्त गरिएको छ, "भोट त प्रेमललवाले राजेन्द्रराज शर्माकै नाउँमा खसालेको थियो । तर उसको भोटको सदुपयोग हुन सकेन । राजेन्द्रराज शर्मा विशाल मतको अन्तरले पराजित भए" (पृ. १) । प्रस्तुत साक्ष्यमा राजेन्द्रराज प्रभुत्वशाली अभिजात वर्गको भएकाले चुनावमा उम्मेदवारी दिएको प्रस्टिई उसको उत्पादनका साधनस्रोतमाथिको पकडसमेतलाई इङ्गित गरिएको छ ।

राजेन्द्रराज आर्थिक हिसाबले सम्पन्न भएकैले उसले चुनावमा उम्मेदवारी दिएर चुनाव लडेको तथ्य अभिव्यञ्जित भएको छ । सामाजिक संरचनामा आर्थिक हैसियत बलियो भएको राजेन्द्रराज शर्माले गैरमधेसी अभिजात वर्गको प्रतिनिधित्व गरेको देखिन्छ । सामाजिक संरचनामा आधार मानिने आर्थिक पक्षमा पकड भएकै वर्गको अधिरचनामा पकड हुन्छ । राजनीति पनि अधिरचना भएकोले त्यसमाथि अभिजात वर्गको राजेन्द्रराज शर्माको पकड भएको स्पष्ट हुन्छ । राजेन्द्रराज शर्माले सामन्तवादी पुँजीवादी वर्गको प्रतिनिधित्व गरेको छ (क्षितिज, २०७१, पृ. ४) । यस साक्ष्यमा सामाजिक संरचनामा आर्थिक हिसाबले सम्पन्न राजेन्द्रराजको अभिजात वर्गको प्रतिनिधित्वलाई प्रस्ट देखाइएको छ ।

प्रस्तुत उपन्यासमा सम्भ्रान्त वर्गको गैरमधेसी समुदायका शिलाबाबुको बारेमा उल्लेख गरिएको छ । उपन्यासमा शक्तिशाली शिलाबाबुको बारेमा यसरी वर्णन गरिएको छ, "शिलाबाबु केन्द्रीय स्तरका सशक्त नेता" (पृ.८) । यस साक्ष्यमा राजनीतिकर्मी शिलाबाबुको राज्यको केन्द्रीय तहसम्म पहुँच रहेको तथ्य उद्घाटन गर्दै उसको सामाजिक, आर्थिक र राजनीतिक हैसियतको बारेमा समेत सङ्केत गर्न खोजिएको छ । राज्यको केन्द्रीय तहमा सामाजिक, आर्थिक र राजनीतिक हिसाबले सम्पन्न मान्छे मात्र आफ्नो पहिचान र पहुँच बनाउन सक्तछ । यस सन्दर्भमा राजनीतिकर्मी शिलाबाबुको केन्द्रीय तहसम्म पहुँच र पकड रहेको तथ्य पुष्टि भएको छ । औपन्यासिक कथ्यवस्तुमा शिलाबाबुलाई शक्तिशाली केन्द्रीय स्तरको नेता भनिएको छ । सामाजिक संरचनामा आर्थिक तवरले केवल सम्पन्न मान्छेले मात्र केन्द्रीय तहको राजनीति गर्न सक्तछ भन्ने तथ्यलाई उजागर गर्दछ । उपर्युक्त साक्ष्यबाट शिलाबाबुको आर्थिक अवस्थासमेत पुष्टि हुन्छ । अतः उपन्यासमा शिलाबाबुले गैरमधेसी अभिजात वर्गको प्रतिनिधित्व गरेको प्रस्ट भएको छ । *उलार* उपन्यासका शान्तिराजालाई सम्भ्रान्त वर्गीय पात्रका रूपमा चित्रण गरिएको छ । उपन्यासमा शान्तिराजाको आर्थिक हैसियत खुल्ने सन्दर्भ उल्लेख गर्दै प्रेमललवा भन्छ–"बुझिस्, राजिन्दरबाबुले सहयोग नगरेको भए कहाँ जित्नु शान्तिराजाले ? शान्तिराजाले

राजिन्दरबाबुलाई पाँच लाख क्यास दिएको त मैले आफ्नै आँखाले देखेको । राजिन्दरबाबुले आफ्नो सत्तर प्रतिशत भोट शान्तिराजाकोमा खसाउन लगाए" (पृ. २१) । प्रस्तुत साक्ष्यमा राजेन्द्रबाबु आर्थिक हिसाबले सम्पन्न भएकाले उसले चुनावमा आफ्ना निकटतम प्रतिद्वन्द्वी राजेन्द्रराज शर्मालाई पाँच लाख नगद रुपियाँ दिएर उसको सत्तरी प्रतिशत मत किनेर आफू विजयी बनेको तथ्य उद्घाटित छ । प्रस्तुत साक्ष्यबाट प्रभुत्वशाली शान्तिराजाको अभिजात वर्गीय भाव अभिव्यञ्जित भएको छ ।

*उलार* उपन्यासमा मधेसी आदिवासी जनजाति थारू समुदायको लौटनसिंह थारूलाई प्रभुत्वशाली अभिजात वर्गको पात्रका रूपमा चित्रण गरिएको छ । अभिजात वर्गको लौटनसिंह थारूका बारेमा उपन्यासको कथ्यवस्तुमा एक ठाउँमा यस्तो कथन अभिव्यक्त छ, "लौटनसिंह त्यतिखेर राष्ट्रिय पञ्चायतमा जितेर मन्त्री भएका थिए" (पृ. ३९) । मधेसी आदिवासी जनजाति थारू समुदायको लौटनसिंह थारू राज्यको मन्त्रीजस्तो शक्तिशाली पदमा पुगेकाले उसले अभिजात वर्गको प्रतिनिधित्व गर्दै प्रभुत्वशाली र निर्णायक ओहोदामा रहेको स्पष्ट हुन्छ । राज्यको निर्णायक स्थानमा पुग्ने सन्दर्भले शक्तिसम्बन्धका हिसाबले ऊ प्रभुत्वशाली भूमिकामा देखिन्छ । मन्त्री भएपछि उसको सामाजिक वर्ग पनि उच्च खालको हुने प्रस्टिन्छ । यस प्रसङ्गमा मन्त्री लौटनसिंह थारूको उत्पादनका साधनस्रोतमा पहुँच मात्र नभएर शक्तिमाथि नियन्त्रणसमेत हुने स्पष्ट छ । शासक वर्गीय विचारधाराको पृष्ठपोषण गर्ने लौटनसिंह थारूले शासक वर्गीय प्रतिनिधित्व गरेको देखिन्छ ।

*उलार* उपन्यासमा गैरमधेसी समुदायका सम्भ्रान्त वर्गका पात्रहरू राजेन्द्रबाबु, शान्तिराजा, शिलाबाबु, निराकर शर्माहरू र अभिजात वर्गको लौटनसिंह थारूको उत्पादनका साधनस्रोतमाथि वर्गको प्रभुत्व रहेको देखाइएको छ । शासक वर्गीय विचारधारा बोकेका राजेन्द्रबाबु, शान्तिराजा, शिलाबाबु र निराकर शर्माहरूलाई शोषकका रूपमा चित्रण गरिएको छ । यस उपन्यासमा लौटनसिंह थारूलाई प्रभुत्वशाली शासक वर्गीय विचारधारालाई निरन्तरता दिने सम्भ्रान्त वर्गको पात्रका रूपमा उपस्थापन गरिएको छ । तसर्थ यी पात्रहरूलाई अभिजात वर्गीय पात्रको प्रतिनिधित्वअन्तर्गत अध्ययन गरिएको हो ।

**(ख) निम्न वर्गीय प्रतिनिधित्व**

*उलार* उपन्यासमा उत्पादनका साधनस्रोतमा पहुँच नभएका, न्यून आय हुने, दैनिक शारीरिक श्रम गरी जीवनको गुजारा गर्ने श्रमिक वर्गलाई निम्न वर्गका पात्रका रूपमा

चित्रण गरिएको छ । आर्थिक हिसाबले विपन्न यो वर्ग थोरै जग्गा जमिन भए पनि अर्काको घरखेतमा काम गर्न बाध्य हुनुका साथै शारीरिक रूपले मेहनत मजदुरी गर्नसमेत बाध्य हुन्छ । *उलार* उपन्यासमा ग्रामीण परिवेशमा बसोबास गर्ने मधेसी समुदायको प्रेमललवालाई कम जायजेथा भएको निम्न वर्गीय पात्रका रूपमा चित्रण गरिएको छ । द्रौपदी, कलुवा, ननकउ, भौजी, द्रौपदीका आमाबाबु र द्रौपदीकी छोरीले सीमान्तीकृत मधेसी समुदायको प्रतिनिधित्व गरेका छन् ( क्षितिज, २०७१, पृ. ४) । उपन्यासमा आर्थिक हिसाबले कमजोर उपर्युल्लिखित पात्रहरूको दयनीय अवस्थाको चित्रण गरिएको छ । निम्न वर्गीय पात्रहरू चरम गरिबीका कारण पराश्रयी भएर बाँच्न विवश रहेका छन् ।

*उलार* उपन्यासमा मधेसी समुदायका विपन्न वर्गीय पात्रहरूको सजीव चित्रण गरिएको छ । यसका साथै टाँगा चलाएर परिवार पाल्ने असलम, इस्माइल, श्रम गर्ने गुप्तालाई निम्न वर्गीय पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ । शारीरिक श्रम गरेर जीउपाला गर्दै सीमान्तीकृत जीवन बाँच्ने उपर्युल्लिखित पात्रहरूको जीवनावस्था कहालीलाग्दो भएकाले यी पात्रहरू निम्न वर्गका पात्रहरू हुन् । आर्थिक हैसियतका हिसाबले साह्रै नै कमजोर रहेको विषयवस्तु प्रस्तुत गर्दै तिनका गरिबीले आक्रान्त जीवनशैलीको सजीव प्रस्तुति उपन्यासमा छ ।

उपन्यासमा यी पात्रहरूलाई प्रभुत्वशाली गैरमधेसी समुदायका अभिजात वर्गका अधीनमा देखाइँदै तिनका दयनीय आर्थिक अवस्थाको चित्रण गरिएको छ । निम्न वर्गका पात्रहरू सामाजिक आर्थिक संरचनामा कमजोर रहेकाले तिनका भूमिका शक्तिशाली नभएको हो । शक्तिसम्बन्ध निर्माणमा आधार मानिने आर्थिक पक्षको महत्त्वपूर्ण भूमिका हुन्छ । *उलार* उपन्यासका निम्न वर्गीय पात्र र सर्वहारा वर्गका पात्रहरूको आर्थिक पक्षमा पहुँच नभएकाले समुदायको अधिरचनामा समेत यो वर्गको पकड हुन नसकेको तथ्य प्रस्ट छ । मार्क्सवादी सिद्धान्तअनुसार आर्थिक पक्ष आधार हो भने सांस्कृतिक विषयवस्तुहरू अधिरचना हुन् । यस अवधारणाअनुसार आधार पक्षमा जुन वर्गको प्रभुत्व कायम रहन्छ, त्यही वर्गले अधिरचनामा समेत पकड कायम गरेको हुन्छ । उपन्यासमा आधार पक्षमा गैरमधेसी समुदायका अभिजात वर्गकै प्रभुत्व कायम रहेकाले सांस्कृतिक विषयवस्तुका रूपमा प्रयोग गरिने अधिरचनामा समेत सोही अभिजात वर्गकै हालीमुहाली रहने भएकाले विपन्न वर्गका पात्रहरूको जीवनस्थिति कष्टकर भएको हो ।

उपन्यासमा मुख्य पात्र प्रेमललवाको घरघडेरीको संरचना कमजोर रहेको देखाइएको छ, "प्रेमललवा बिहान चार बजेतिर आफ्नो खपरैल छाप्रोमा फर्केर आयो र घुप्लुक्क सिरक ओढेर सुत्यो" (पृ. २) । यस सन्दर्भले प्रेमललवाको चरम गरिबीलाई इङ्गित गरेको छ । 'छाप्रो' शब्दले खरपातले छाएको कमजोर संरचना भएको सामान्य खालको घरलाई जनाउँछ । मधेसमा आर्थिक हिसाबले कमजोर भएका मानिसहरू प्रेमललवाझैँ छाप्रोमा जीवन गुजारा गर्छन् । निम्न वर्गीय प्रेमललवाको सङ्गत श्रमजीवीहरूसँग रहेको सन्दर्भलाई उपन्यासको यस सङ्कथनले प्रस्ट पार्दछ, "पक्कै रिक्सा एसोसिएसनवालाहरूले दगाबाजी गरे । साला, हन्ड्रेड पर्सेन्ट बेइमान छन्" (पृ. २) । यस सन्दर्भमा श्रमजीवी साथीहरूले आफ्ना मालिक राजेन्द्रबाबुलाई मत नदिएर चुनावमा हराएकाले प्रेमललवाले गाली गरेको प्रस्ट छ ।

प्रेमललवा आफू निम्न वर्गको भएकाले उसले रिक्साचालक साथीहरूलाई गाली गरेको तथ्य उद्घाटित छ । उपन्यासको कथ्यवस्तुमा प्रेमललवालाई टाँगावाला श्रमिकका रूपमा प्रस्तुत गरिएको छ । टाँगावाला र रिक्सावालाहरू भनेका सर्वहारा वर्गअन्तर्गत पर्दछन् । उपन्यासमा श्रमजीवी पात्रको आर्थिक अवस्था ज्यादै नै दयनीय देखाइएको छ ( क्षितिज, २०७१, पृ.४-५) । प्रस्तुत सन्दर्भमा सामन्तवादी पुँजीवादी सामाजिक संरचनामा सर्वहारा वर्गका पात्रहरू आर्थिक पछौटेपनका कारण दयनीय जीवन बाँच्न बाध्य हुने यथार्थको प्रकटीकरण गरिएको छ । मधेसी समुदायको चरम अभाव र गरिबीलाई यस उपन्यासले कार्यपीठिकाको रूपमा प्रयोग गरेको छ ।

प्रस्तुत उपन्यासमा प्रेमललवाको चरम गरिबीको अवस्थाबारे वर्णन गरिएको छ । कथावस्तुको केन्द्रीय चरित्र प्रेमललवाको आर्थिक अभावको पराकाष्ठालाई उपन्यासमा यसरी व्यक्त गरिएको छ :

> टाँगा त किनियो तर घोडा थिएन । एक वर्षजति टाँगा मात्रै दिनको सात रूपैयाँका दरले भाडामा लगायो । तर भाडा लगाएर मात्र गुजारा हुने देखेन उसले । महँगीमा सात रूपैयाँले के हुन्थ्यो ? धन्न त्यतिखेरसम्म उसले दारू खान सिकेको थिएन । नत्र महिनामा बीस दिन भोकै हुन्थ्यो । त्यसैले दारू नखानुको नाफा यति मात्र भएको थियो कि बीस दिनको सट्टा दस दिन मात्रै भोकै

बस्नुपर्थ्यो । त्यसैले कुनै पनि दिन केही पनि नखाईकन सुत्न नपरोस् भनेर एक छाक मात्र खान्थ्यो । (पृ. ७)

उपर्युक्त साक्ष्यमा प्रेमललवाको चरम गरिबीको यथार्थ प्रस्तुत गर्दै उसको दीनहीन अवस्थाको वस्तुपरक चित्रण गरिएको छ । आर्थिक अभावका कारण टाँगाका निम्ति चाहिने घोडा किन्न नसक्नु, घोडा नभएकाले टाँगा सस्तो दरमा भाडामा दिनुपर्ने बाध्यताले विपन्न वर्गीय प्रेमललवा चरम गरिबीले आक्रान्त रहेको वस्तुसत्यलाई उद्घाटित गर्दछ । गरिबी नेपाली समुदायको सबभन्दा डरलाग्दो रोग हो । प्रेमललवा पनि यही समुदायको निम्न वर्गको पात्र भएकाले उसले यो रोगको सामना गर्नु परेको प्रस्ट छ । महँगी तथा आर्थिक अभाव भएकैले गर्दा उसले दैनिक दुई छाक खानुको साटो एक छाक मात्र खाना खाएर गुजारा चलाएबाट प्रेमललवाको आर्थिक पछौटेपनलाई इङ्गित गर्दछ ।

नेपाली समाजमा वर्गीय असमानताको ठुलो खाडल रहेकाले प्रेमललवातुल्य निम्न वर्गका धेरै मानिसहरू आफ्ना गाँसको पनि राम्रोसँग प्रबन्ध गर्न नसकेको यथार्थलाई उपन्यासको प्रस्तुत सन्दर्भले उदाङ्गो पारिदिएको छ । यहाँनेर गरिबी र अभाव तथा महँगीको मार खेपिरहेका प्रेमललवाले नियमित दुई छाक खान सक्ने अवस्थाबाट वञ्चित रहने सन्दर्भले नेपाली समुदायको चरम आर्थिक विषमतालाई स्पष्ट पारेको छ । गरिबी, अभाव र महँगीका कारण निम्न वर्गका प्रेमललवा दैनिक दुई छाकको गर्जो टार्न असमर्थ भएको सन्दर्भलाई यस कथ्यले मूर्तीकरण गरेको छ ।

### ३.२.३ घुर उपन्यासमा वर्गीय प्रतिनिधित्व

*घुर* उपन्यासमा चिकित्सा पेसामा संलग्न र उच्च पदस्थ कर्मचारीलाई अभिजात वर्गको पात्रका रूपमा उपस्थापन गरिएको छ । यस उपन्यासमा आर्थिक हिसाबले सबल व्यक्ति मात्र चिकित्सक बन्न सक्ने सामाजिक यथार्थ प्रस्ट छ । नीति निर्माणको तहमा बस्ने उच्च पदस्थ अधिकारीले राम्रो आय आर्जन गर्ने भएकाले अभिजात वर्गअन्तर्गत राखिएको हो ।

#### (क) अभिजात वर्गीय प्रतिनिधित्व

*घुर* उपन्यासमा गैरमधेसी र मधेसी समुदायका अभिजात वर्गीय पात्रहरूको उपस्थापन गरिएको छ । यस उपन्यासमा भवनन्द माझीलाई सम्पन्न वर्गको पात्रका रूपमा चित्रण गरिएको छ । उपन्यासमा भवनन्द माझीको बारेमा यस्तो उल्लेख गरिएको

छ, “भवनन्द माझी डाक्टरले उदारतापूर्वक दुईओटा स्टुल कतैबाट खोजेर ल्याए” (पृ.३४) । यस साक्ष्यमा भवनन्द माझीलाई सम्पन्न वर्गको पात्रका रूपमा चित्रण गरिएको छ । मधेसको भवनन्द माझी सम्पन्न वर्गकै पात्र भएकाले ऊ रकम खर्च गरेर चिकित्सक बन्न सफल भएको हो ।

सामान्य आर्थिक हैसियत भएको मानिस नेपालमा चिकित्सक बन्न नसक्ने भएकोले भवनन्द माझी आर्थिक हिसाबले सम्पन्न वर्गकै पात्र हो भन्ने सन्दर्भ पुष्टि हुन्छ । मार्क्सवादी सिद्धान्तअनुसार उत्पादनका साधनस्रोतमाथि पकड भएको मानिस अभिजात वर्गको हुन्छ । भवनन्द माझीको उत्पादनका साधनस्रोतमा पहुँच भएकैले ऊ आर्थिक रूपले सम्पन्न भई चिकित्साशास्त्रजस्तो महँगो विषय पढ्न समर्थ भएको हो । अतः यस पात्रले अभिजात वर्गीय प्रतिनिधित्वलाई प्रस्ट पारेको छ ।

*घुर* उपन्यासमा गैरमधेसी समुदायको प्रमुख जिल्ला अधिकारीलाई अभिजात वर्गीय पात्रका रूपमा उपस्थापन गरिएको छ । यस उपन्यासमा मधेस आन्दोलनको केन्द्रविन्दुका रूपमा वर्णन गरिएको राजविराजमा पर्वते समुदायको सिडिओ कार्यरत रहेको विषयवस्तुलाई यसरी प्रस्तुत गरिएको छ, “....केही पऱ्यो कि सिडिओले आन्दोलनको बैठक बोलाएर एउटा सहमति कायम गरिहाल्छ । अनि काँबाट क्षति होस्” (पृ.७५) । यस साक्ष्यमा सप्तरीमा आन्दोलन चर्केको बेला गैरमधेसी समुदायका प्रमुख जिल्ला अधिकारीले त्यहाँका आन्दोलनरत मधेसी समुदायका विभिन्न दलसँग समन्वय गरेर आन्दोलनलाई साम्य पार्ने सक्रिय भूमिका निर्वाह गरेको सन्दर्भलाई इङ्गित गरिएको छ ।

मधेसमा आन्दोलन तीव्र रूपमा चर्केको बेला सप्तरीका प्रमुख जिल्ला अधिकारीको सदाशयता र सक्रियताका कारण त्यहाँ त्यति धेरै हिंसात्मक गतिविधि र तोडफोड हुन पाएन, “सप्तरीले नेपालको इतिहासमा नै शान्तिपूर्ण आन्दोलनको नमुना माघको मधेस विद्रोहमा प्रस्तुत गऱ्यो । सप्तरीमा जस्तो शान्तिपूर्ण, सालीन र सहअस्तित्वको आधारमा सहभागितामूलक आन्दोलन मधेसको कुनै पनि जिल्लामा भएन” (यादव, २०६९, पृ. ८३) । यस भाष्यको पूर्वापर प्रसङ्गबारे अध्ययन गर्दा के देखिन्छ भने मधेसमा आन्दोलन चर्केको बेला सप्तरी जिल्लामा कार्यरत प्रमुख जिल्ला अधिकारी गैरमधेसी समुदायको मोहनकृष्ण सापकोटा कार्यरत रहेको तथ्यलाई प्रस्तुत गरिएको छ ।

नेपाल सरकारको कर्मचारीको पदसोपानक्रमअनुसार प्रमुख जिल्ला अधिकारी भनेको जिल्लाको प्रमुख प्रशासकीय पदाधिकारी हो । शक्तिसम्बन्धका हिसाबले उच्च पदस्थ कर्मचारी भनेको अभिजात वर्गअन्तर्गत पर्दछ । पुँजीवादी शासन व्यवस्थामा सामन्त वर्गका मानिसहरू उच्च पदस्थ कर्मचारीका रूपमा कार्यरत हुन्छन् (ग्राम्ची, सन् १९९९, पृ. ५४६) । यस सन्दर्भमा गैरमधेसी समुदायको प्रमुख जिल्ला अधिकारी मोहनकृष्ण सापकोटाले अभिजात वर्गको प्रतिनिधित्व गरेको प्रस्ट देखाउन खोजिएको छ । प्रमुख जिल्ला अधिकारी मोहनकृष्ण सापकोटा अभिजात वर्गको भए पनि उसको भूमिकाको माध्यमबाट समन्वयवादी विचार प्रस्तुत गर्न खोजिएको छ ।

*घुर* उपन्यासमा मधेसी समुदायका सम्पन्न पात्र शिवनारायण साहको बारेमा उल्लेख गरिएको छ । उपन्यासको कथ्यवस्तुमा शिवनारायण साहको आशय यस्तो रहेको छ, "शिवनारायण साहले सम्पूर्ण जिम्मा लिई छिमेकी देशको बाटो विराटनगर पठाउन चाहे, प्लेन चढी काठमाडौँ ओर्लन । नानुले मानेन । बढी जोड गरिनँ" (पृ. ८०) । यस साक्ष्यमा आन्दोलनका क्रममा अन्यौलपूर्ण तवरले राजविराजमा फसेका नानु र समाख्यातालाई हवाईजहाजमा चढाएर छिमेकी देश भारतको बाटो भई काठमाडौँसम्म आवतजावत गर्ने व्यवस्था मिलाउन सक्षम शिवनारायण साह सम्पन्न वर्गको देखिन्छ । ऊ सम्पन्न वर्गको भएकैले आन्दोलनका क्रममा फसेका उपर्युल्लिखित दुइटा पात्रहरूको उद्धार गर्न खोजेको हो । अतः मधेसी समुदायको शिवनारायण साहले मधेसको अभिजात वर्गको प्रतिनिधित्व गरेको छ । शिवनारायण साहको क्रियाकलापका माध्यमबाट सहयोगी भूमिका देखाइएको छ ।

### (ख) निम्न वर्गीय प्रतिनिधित्व

*घुर* उपन्यासमा निम्न वर्गीय पात्रहरूको चित्रण गरिएको छ । राजनीतिक विषयकेन्द्री प्रस्तुत उपन्यासमा कम मात्र निम्न वर्गीय पात्रहरूको उपस्थापन गरिएको छ । यस उपन्यासमा कलश बसका चालक तेजनारायण यादव र सहचालक भूपेन्द्रलाई निम्न वर्गीय पात्रका रूपमा चित्रण गरिएको छ । तिनका बारेमा उपन्यासमा यस्तो अभिव्यक्ति दिइएको छ, "चालक र सहचालकले कसैलाई बसबाट नओर्लन कडा उर्दी जारी गरे । आफूहरू तथ्य कुरा बुझ्न गए" (पृ. ४) । बस चलाएर आजीविका चलाउने, निम्न ज्यालामा काम गर्ने चालक र सहचालकले निम्न वर्गको प्रतिनिधित्व गरेको प्रस्ट छ । उत्पादनका साधनस्रोतमा

पहुँच नभएका अर्काको बस चलाएर गुजारा चलाउने चालक र सहचालक दुवैजना श्रमजीवी भएकाले यिनीहरूले निम्न वर्गको प्रतिनिधित्व गरेको प्रस्ट छ ।

*घुर* उपन्यासमा बुधनीदेवी थारूलाई गाउँगाउँ डुली डुली दही चिउरा बेचेर परिवारको पालनपोषण गर्ने निम्न वर्गीय पात्रका रूपमा उपस्थापन गरिएको छ । बुधनीदेवी थारूको बारेमा उपन्यासमा यस्तो उल्लेख गरिएको छ, "....बुधनीदेवी थारू हाम्रा गाउँमा चिउरा बेच्न आउँथिन्" (पृ. ७०) । समाख्याताको प्रस्तुत भनाइले बुधनीदेवी थारू विपन्न वर्गको रहेकी पुष्टि हुन्छ । उसको आर्थिक हैसियत कमजोर भएकाले ऊ घरपरिवारको पालनपोषणका निम्ति गाउँगाउँ र घरघरमा डुलीडुली चिउरा बेच्न जाने गर्थिन् भन्ने विषयवस्तु उद्घाटित छ । बुधनीदेवी थारूले चिउरा बेचेर न्यून आम्दानी गर्ने भएकीले पनि ऊ निम्न वर्गको रहेकी देखिन्छ । घरघरमा गएर चिउरा बेच्ने सन्दर्भले बुधनीदेवी थारूको निम्न वर्गलाई इङ्गित गर्दछ ।

### ३.२.४ गुलरको फूल उपन्यासमा वर्गीय प्रतिनिधित्व

*गुलरको फूल* उपन्यासमा गैरमधेसी र मधेसी समुदायका पात्रलाई अभिजात वर्गका रूपमा चित्रण गरिनुका साथै मधेसी समुदायका निम्न वर्गीय पात्रको दारुण पक्षको उपस्थापन गरिएको छ । यस उपन्यासमा अभिजात वर्गीय प्रभुत्व र निम्न वर्गीय अधीनस्थ अवस्थाको यथार्थ पक्ष उद्घाटन गरिएको छ ।

#### (क) अभिजात वर्गीय प्रतिनिधित्व

*गुलरको फूल* सीमान्तीकृत मधेसी समुदायको विषयवस्तुलाई आधार बनाएर लेखिएको सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासमा अभिजात वर्गका मानिसहरूले निम्न वर्गका मानिसहरूमाथि गर्ने शोषण, दमन र उत्पीडनको विषयवस्तुलाई कार्यपीठिकाको रूपमा प्रयोग गरिएको छ । *गुलरको फूल* उपन्यासमा राजपुत थरका जमिनदार, गल्लावाल, बिर्जु अग्रवाल, राणाजी, राणाकी बहिनी छायादेवी, चौधरीटोलका चौधरी जमिनदार, किशोरी साहुलाई अभिजात वर्गको पात्रका रूपमा चित्रण गरिएको छ । प्रस्तुत उपन्यासमा गैरमधेसी र मधेसी पात्रलाई अभिजात वर्गका रूपमा उपस्थापन गरिएको प्रस्ट छ । *गुलरको फूल* उपन्यासमा राजपुत थरका जमिनदारको बारेमा यसरी उल्लेख गरिएको छ :

> ...त्यस भेगमा पक्की घर हने उनी मात्र थिए । पक्की के भन्नु, पाको इँटमा गिलुवाको जोडाई र बाहिरपट्टि सिमेन्टले टिपकारी गरेको थियो । छानो खपडाले छाएको थियो । मछुवार टोलको झोपडी अगाडि त्यो पक्की नै थियो । त्यस गाउँमा रेडियो हुने उनी मात्र थिए । (पृ. १२)

उपर्युक्त साक्ष्यले राजपुत थरको भूमिपतिको सम्पन्न आर्थिक अवस्थालाई इङ्गित गर्दै उसको सामाजिक हैसियतसमेतलाई प्रस्ट पारेको छ । एउटा गाउँटोल मात्रमा नभएर भेगमै सामाजिक आर्थिक हिसाबले सम्पन्न व्यक्ति केवल राजपुत थरका जमिनदार भएकाले उसको धनाढ्यपनले उक्त पात्रको वैभवशाली व्यक्तित्वलाई उजागर गर्दै ऊ सबभन्दा धनीमानी व्यक्ति भएको स्पष्ट हुन्छ । उपन्यासकार प्याकुरेलले उपर्युक्त साक्ष्यका माध्यमबाट राजपुत थरका भूमिपतिको अभिजात वर्गीयपनलाई स्पष्ट पार्न खोजेको देखिन्छ । मछुवार टोल र त्यस वरिपरिको क्षेत्रमै ऊ मात्र पक्की घरवाला भएको साक्ष्यले राजपुत थरका भूमिपतिको आर्थिक हैसियतलाई प्रमाणित गर्दै ऊ अभिजात वर्गको रहेको तथ्य पुष्टि हुन्छ ।

*गुलरको फूल* उपन्यासमा एकजना ठुला व्यापारीको विषयवस्तुलाई प्रस्तुत गरिएको छ । भारततिरबाट आएको उक्त व्यापारीको बारेमा उपन्यासमा यसरी उल्लेख गरिएको छ, "यहाँ एकजना गल्लावाल थिए, उनी पटनातिरबाट आएका । विगत पाँचवर्षदेखि त्रिवेणीमा गोला चलाएर बसेका थिए । व्यापार ठीकै थियो उनको" (पृ. ५८) । यस साक्ष्यमा मेलामा व्यापार गर्ने पात्रलाई अभिजात वर्गको रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत साक्ष्यमा भारतको पटनाबाट आएर नेपालमा व्यापार सञ्चालन गरी ठुलो आर्थिक कारोबार गर्ने व्यापारीलाई चिनाइएको छ । 'गल्लावाल' शब्दले अन्नपातको बिक्री गर्ने व्यापारीलाई जनाउँछ । यहाँ उद्धृत गल्लावाल शब्दले सानातिना व्यापार सञ्चालन गर्ने खुद्रा पसलेलाई इङ्गित नगरी ठुलो रकममा कारोबार सञ्चालन गर्ने ठुलै खालको व्यापारीलाई सङ्केत गरेकोले यसले अभिजात वर्गलाई नै अभिव्यञ्जित गरेको प्रस्ट छ । यस उपन्यासमा एकजना सम्भ्रान्तवर्गीय राणाजीको बारेमा बडो सटीक तरिकाले वर्णन गरिएको छ । कथ्यवस्तुमा राणाजीको सम्पन्नतालाई यसरी उपस्थापन गरिएको छ :

> औराहा गाउँ /मधेसी तथा पहाडेको छासमिसे बस्ती । खरले छाएका र माटाले लिपेका फुसका मसिना छाप्राहरू । गाउँको एक छेउमा राणाजीको पच्चीस बिघा

> जग्गा । दक्षिणतिर आँपको ठुलो बगैँचा । उत्तरमा दुई वटा माछापोखरी । जग्गाको बीचमा जस्ताले छाएको एकतले घर । घरको पर्वपट्टि सयवटा वस्त अट्ने टाटी नलगाएको लामो गोठ । आँगनमै ठलो खलियान । एउटै भकारीमा सय मनसम्म अट्ने लस्करै चार वटा भकारी । जग्गाको वरिपरि बाँस, सिसौ र कटहरका रूखले टम्म ढाकेको । पश्चिममा सिमरा विमानस्थल र पर्वमा दधौरा खोला गाउँबाटै प्रस्टै देखिन्छ । (पृ. ६६)

उपर्युक्त साक्ष्यमा सम्भ्रान्त वर्गीय राणाजीको वैभवशाली जीवनशैलीको चित्रण गर्नुका साथै उसको भौतिक साधनस्रोत माथिको प्रभुत्वशाली स्वामित्वसमेतलाई इङ्गित गरिएको छ । मधेसी र पहाडेहरूको मिश्रित बसोबास रहेको औराहा गाउँमा केवल राणाजीसँग पच्चीस बिगाहा जमिन हुनुले धेरै ठुलो क्षेत्रफलको जमिनलाई इङ्गित गरेको छ ।

उपर्युक्त सन्दर्भले उसको एकल हैकम अनि ठुलो क्षेत्रफलमा चर्चेको गोठ तथा बगैँचामा विभिन्न प्रजातिका फलफूलका बोटविरुवा आदिले राणाजीको अभिजात वर्गीय सन्दर्भलाई अभिव्यञ्जित गरेको छ । त्यतिमात्र नभएर सय मनसम्म अनाज अट्न सक्ने खालका चार चारवटा भकारीहरूको प्रसङ्गले राणाजीको आर्थिक सम्पन्नतालाई उजागर गरेको प्रस्ट छ । मधेसको अवरजन बाहुल्य रहेको औराहा बस्तीमा राणाजीलाई गैरअवरजन पात्रको रूपमा चित्रण गरिएको छ (शर्मा, २०७१, पृ. क) । यस साक्ष्यले औराहा गाउँमा राणाजीको आर्थिक हैसियत देखाइएकोले ऊ अभिजात वर्गीय पात्र हो भन्ने तथ्य पुष्टि हुन्छ ।

प्रस्तुत उपन्यासमा वैभवशाली चौधरी जमिनदारको बारेमा सटीक तरिकाले उपस्थापन गरिएको छ । कथ्यवस्तुमा चौधरी जमिनदारको बारेमा यस्तो उल्लेख गरिएको छ :

> बडेमानको बेलारुस ट्र्याक्टर पनि छ । दुईतीन वटा गाडा छन् । ठुला गोरुले तान्ने एउटा टायर छ । टायर तान्ने गोरुलाई हलो जोताउँदैनन् । ज्वाइँ पालेझैँ पालेका छन् गोरु । बेलाबेलामा नुहाउने साबुनले नुहाइदिन्छन् । टायर तान्ने गोरु निख्खर सेता छन् । देख्दै डरलाग्दा लामालामा सिङ छन् । (पृ. ८५)

प्रस्तुत साक्ष्यमा भौतिक स्रोतसाधनका साथै बलिया चौपायाले भरिपूर्ण चौधरी जमिनदारको वैभवशाली जीवनशैलीलाई छर्लङ्ग पारिएको छ । यस साक्ष्यमा चौधरी

जमिनदारसँग भएको भौतिक स्रोतसाधनले उसको सम्पन्नतालाई इङ्गित गर्दै ऊ निकै नै धनाढ्य रहेको तथ्यलाई उजागर गरेको छ । चौधरी जमिनदारसँग धेरै मूल्य पर्ने बेलारुस ट्र्याक्टर, दुईतीन वटा गाडा, टायर गाडा र टायरगाडा तान्ने निकै बलिष्ठ गोरुसमेत हुनुले उसको भौतिक स्रोतसाधनको सम्पन्नता रहनुका साथै ऊ निकै नै धनी रहेको पुष्टि गर्दछ ।

चौधरी निकै सम्पत्तिशाली भएकाले उसले आफ्ना गोरुलाई साबुनले दलीदली नुहाइदिएर नजोतिकन ज्वाइँझैँ पालेर राखेको हो । यस सन्दर्भले चौधरी जमिनदार आर्थिक हिसाबले शक्तिशाली रहेको तथ्य प्रस्ट हुन्छ । यस्तो सामाजिक आर्थिक हैसियतले चौधरी जमिनदारको अभिजात वर्गीय पहिचानलाई स्पष्ट पारेको छ ।

राज्यमा थारू समुदाय सामाजिक, आर्थिक र राजनीतिक हिसाबले वञ्चितीकरणको पीडा भोग्दै आए तापनि यस साक्ष्यमा उपन्यासकार प्याकुरेलले चौधरी जमिनदारको उत्पादनका साधनस्रोतमाथिको बलियो पकडको चित्रण गरेकाले चौधरी जमिनदारले अभिजात वर्गको प्रतिनिधित्व गरेको प्रस्ट छ । बुर्जुवा वर्ग प्रभुत्वशाली हुन्छ (केलनर, सन् २०१९, पृ. १) । समुदायमा भौतिक साधन सम्पन्न चौधरी भूमिपतिले बुर्जुवा वर्गको प्रतिनिधित्व गरेको तथ्य उजागर भएको छ ।

*गुलरको फूल* उपन्यासमा एकजना मारवाडी व्यापारीको बारेमा उल्लेख गरिएको छ । उक्त मारवाडीको बारेमा कथ्यवस्तुमा यसरी प्रस्तुत भएको छ, “बिर्जुको गोला मात्र नभएर किरानाको होलसेल पनि छ । उनकै पसलमा सब चिज छ । डाल्डा घिउ, बिस्कुट, चिनी, साबन, चिउरा, मट्टितेल, बिँडी र आनन्दकरको दुईचार पत्ता किनेर लोड गर्दैछन् टायरमा” (पृ. १९२) । प्रस्तुत भाष्यले मूलतः पेसाव्यसाय गर्ने मारवाडी समुदायको बिर्जु अग्रवालको आर्थिक कारोबारको बारेमा उद्धृत गरेको छ । बिर्जु अग्रवाल थोकमा बिक्री वितरण गर्ने ठुलो व्यापारी भएकाले उसले अभिजात वर्गको प्रतिनिधित्व गरेको स्पष्ट छ । यस प्रसङ्गबाट व्यापारी बिर्जु अग्रवालको आर्थिक हैसियत प्रस्ट हुनुका साथै उसको बुर्जुवा वर्गसमेत अभिव्यञ्जित भएको छ ।

प्रस्तुत उपन्यासमा किशोरी साहुलाई धनी व्यक्तिको रूपमा चित्रण गरिएको छ । उपन्यासमा उक्त साहुको बारेमा यस्तो भाव प्रकट गरिएको छ, “....मुकेश किशोरी साहुको मिलमा पुग्यो” (पृ. २०६) । यस उद्धरणले किशोरी साहुको सामाजिक आर्थिक अवस्थालाई जनाउनुका साथै उसको वर्गीय पहिचानसमेतलाई इङ्गित गरेको छ । मिल सञ्चालन गर्ने

हैसियतले किशोरी साहुको धनाढ्यपनलाई सङ्केत गर्दछ । मिल भनेको भौतिक स्रोतसाधन हो र त्यसमाथि किशोरी साहुको पकड भएकाले सामाजिक विमर्शात्मक संरचनामा ऊ प्रभुत्वशाली अभिजात वर्गको पात्र भएको वास्तविकता जाहेर हुन्छ ।

**(ख) निम्न वर्गीय प्रतिनिधित्व**

*गुलरको फूल* उपन्यासमा निम्न वर्गीय पात्रहरूको जीवन्त चित्रण गरिएको छ । यस उपन्यासमा मूलभूत रूपमा मधेसी दलित गोढी समुदायको रुदलको परिवारलाई कथावस्तुको केन्द्रीयता स्थानमा राखिएको छ । उसको परिवारको आर्थिक पछौटेपनका कारण जन्मथलो भारत परित्याग गरी अवसरको खोजीमा नेपाल प्रवेश गर्नुले समेत भूमिहीन किसान रुदलको परिवारको अत्यन्त कष्टकर जीवनशैलीको चित्रण गरिएको छ :

> रुदलको पान पसल पनि राम्रै छ । आजकल त उनले चिया पनि बेच्न थालेका छन् । जेठो छोरो रामाज्ञा र आफू यहीँ बस्छन् । गेगरी, भुलुवा र छोरी कलौतिया मछुवार बस्तीमै बस्छन् । रुदलका बाउ छोरा, दुईचार दिनको फरक फरकमा गाउँ जान्छन् । गाउँबाट आउँदा अलिअलि सागसब्जी पनि ल्याउँछन् । (पृ. ४१)

उपर्युक्त साक्ष्यले कम आम्दानी हुने पेसाले रुदलको आर्थिक विपन्नताको अवस्थालाई सङ्केत गर्दै उसको निम्न वर्गलाई उजागर गरेको छ । चिया र पान पसलको थोरै आम्दानीबाट पाँचपाँच जनाको परिवार पाल्नुपर्ने बाध्यात्मक परिस्थितिले रुदलको चरम गरिबीको अवस्थालाई इङ्गित गर्दछ ।

घरपरिवार पाल्नका लागि चिया र पान पसल चलाउनुपर्ने अवस्थाले उसको कमजोर आर्थिक अवस्थालाई जनाउँछ । रुदलको परिवारलाई सीमान्तीकृत पात्रको रूपमा वर्णन गरिएको छ । कथ्यवस्तुको केन्द्रीय पात्र रुदलले गरिब, उत्पीडित तथा कमजोर आर्थिक हैसियतको निम्न वर्गको प्रतिनिधित्व गरेको छ (शर्मा, २०७१, पृ. क) । घरपरिवारको गुजारा चलाउनका लागि ससाना पेसाव्यवसाय सञ्चालन गर्नुपर्ने अवस्थाले रुदलको निम्न वर्गीय अवस्थाको द्योतन गरेको छ ।

रुदलले राणाकहाँ काम गरेर कमाएको पैसाले घर बनाएको विषयवस्तुबारे उपन्यासमा यस्तो उल्लेख गरिएको छ, "राणाकहाँ काम गर्दा रुदलले अलिअलि पैसा जम्मा गरेका थिए । त्यही पैसाले खर, बाँस, डोरी र खाँबाहरू किने । उनले यही ऐलानी जग्गामा फुसको छाप्रो हाले" (पृ. ८६) । यस उद्धरणले विपन्न वर्गीय रुदलको चरम गरिबीको चित्रण गर्नुका साथै

उसको भूमिहीनताको अवस्थालाईसमेत उजागर गरेको छ । सम्भ्रान्त वर्गको राणाकहाँ काम गरेर थोरै आर्जित आयबाट रुदलले छाप्रो निर्माणका निम्ति चाहिने खर, बाँस, डोरी र खाँबाहरू खरीद गरेको र उसको आफ्नो निजी जग्गा नभएकाले उसले सरकारी जग्गामा छाप्रो हालेको तथ्यलाई इङ्गित गरिएको छ ।

गाँस, बास र कपासको जोहो गर्न असमर्थ रुदलको अवस्थाले चरम गरिबीलाई जनाउँदै घर बनाउनका निम्ति आफ्नो एक टुक्रा घडेरीसमेत नभएको उसले भूमिहीन किसानको प्रतिनिधित्व गरेको छ । रुदलको परिवारले विपन्न वर्गको प्रतिनिधित्व गरेको देखिन्छ (उपाध्याय, २०७६, पृ. १३५) । यस साक्ष्यमा भूमिहीन पात्र रुदलको चरम गरिबीलाई उजागर गरिएको छ । उत्पादनका स्रोतसाधनमाथि पकड नभएका रुदलले निम्न वर्गको प्रतिनिधित्व गरेको प्रस्ट छ । चरम गरिबीका कारण आफ्नो भारतीय जन्मथलो परिवर्तन गरेका रुदलको परिवारमा आर्थिक उन्नति भएको देखिँदैन । उपन्यासमा रुदलको देश परिवर्तनको विषयवस्तु यसरी अभिव्यक्त छ :

> रुदलको देश फेरिएको छ । माटो फेरिएको छ । उनको काम पनि फेरिएको छ । तर उनको दुःख ज्युँका त्युँ छ । उनी गरिबीको पासोबाट फुत्किने हिसाबले लालाबाला बोकेर नेपाल छिरेका थिए । सुखको तलासमा यहाँसम्मको सफर तय गरे तर गरिबीलाई खुम्च्याउन खोज्दा गरिबी रबरजस्तो झन्झन् तन्किँदै थियो । जसोतसो बिहान बेलुकाको जोहो गर्दै थिए । त्यो पनि कहाँ त्यति सजिलो थियो र । तैपनि सङ्घर्ष गरिरहे । (पृ. १५१)

रुदल अवसरको खोजीमा जन्मथलो भारत परित्याग गरेर नेपालको सीमावर्ती क्षेत्रमा बसोबास गर्न थाले पनि उसको पारिवारिक जीवनमा खासै उन्नति प्रगति हुन नसकेको वास्तविकतलाई उपर्युक्त साक्ष्यले पुष्टि गरेको छ । रुदल गरिबीले आक्रान्त परिवारको मान्छे भएकाले ऊ रोजगारीको खोजीमा  नेपाल प्रवेश गरेको हो । रुदल माछा मारेर जीविका चलाउने गोढी जातिको गरिब मानिस भएकाले ऊ अवसरको खोजीमा नेपाल प्रवेश गरेको हो ।  ऊ नेपाल प्रवेश गरे पनि  उसको पारिवारिक जीवनमा खासै परिवर्तन भएको देखिँदैन । रुदलले दिनरात शारीरिक श्रम गर्दा पनि उसको पारिवारिक जीवनमा आर्थिक अवस्थामा केही सधार नहुनु अवश्य पनि दुखद विषयवस्तु हो । प्रस्तुत सन्दर्भमा रुदलको सीमान्तीकृत अवस्थाको वर्णन गरिएकोले उसले निम्न वर्गको प्रतिनिधित्व गरेको स्पष्ट छ ।

प्रस्तुत उपन्यासमा मधेसी दलित डुम समुदायको पात्रको चरम गरिबीबारे अभिव्यक्त गरिएको छ । उपन्यासमा उक्त पात्रको जीवनशैलीबारे यस्तो अभिव्यक्त गरिएको छ :

> ....हाट लाग्ने दिनमा बजारमा लगेर बेच्छन् । सबैभन्दा बढी छठको बेलामा छैँटा बिक्री हुन्छ । बाँसको बातीले आँगनमा भकारीजस्तो गोलो बनाएका छन् । त्यसैमा दुई चारवटा सुँगुर पालेका छन् । चाडपर्वमा काटेर खान्छन् । सुँगुरका पाठापाठी पनि बेच्छन् । यसरी नै उनको जीविका चलेको छ । (पृ. ९०)

उपर्युक्त साक्ष्यमा विपन्न वर्गीय डुमको दैनिकीबारे उल्लेख गर्दै उसको गरिबीले आक्रान्त अवस्थाको जीवन्त चित्रण गरिएको छ । उक्त पात्रले बाँसका बाती र चोयाबाट विभिन्न सामग्रीहरू बनाएर स्थानीय हाटमा बिक्री वितरण गरी आजीविका चलाउने गरेको तथ्यले उसको दीनहीन अवस्थालाई सटीक रूपमा प्रस्तुत गरेको छ । विपन्न वर्गीय मधेसी दलित समुदायको उक्त पात्रले घरपरिवार चलाउनका निम्ति सुँगुर पालन गर्ने र त्यसको पाठापाठी बेचेर परिवारको गुजारा चलाउने सन्दर्भले उसको चरम गरिबीलाई पुष्टि गर्दछ । यस साक्ष्यमा मधेसी दलित समुदायको पात्रको चरम गरिबीलाई उजागर गरिएकोले उसले निम्न वर्गको प्रतिनिधित्व गरेको स्पष्ट हुन्छ ।

### ३.२.५ मालिकहरूको मधेस उपन्यासमा वर्गीय प्रतिनिधित्व

*मालिकहरूको मधेस* उपन्यासमा मधेसका सम्पन्न र विपन्न वर्गका पात्रहरूको व्यवहारको चित्रण गर्नुका साथै तिनका अवस्थासमेतको वर्णन गरिएको छ । यस उपन्यासमा वर्गीय पात्रका चरित्र, सामाजिक भूमिका र श्रमशोषण तथा श्रमिकप्रतिका व्यवहारलाई प्रस्तुत गरिएको पाइन्छ । विवेच्य उपन्यासमा प्रयुक्त वर्गीय चरित्रका प्रतिनिधित्वबारे अध्ययन गर्नु उपयुक्त भएकाले यहाँ त्यसको बारेमा गहन विश्लेषण गर्न खोजिएको छ ।

#### (क) अभिजात वर्गीय प्रतिनिधित्व

*मालिकहरूको मधेस* उपन्यासमा भिखारी चौधरी, फूलबडिया कामतवाला जमिनदार ( देवनबाबु) र मधेसी जमिनदार र सेठलाई अभिजात वर्गको भूमिकामा राखिएको छ । *मालिकहरूको मधेस* उपन्यासमा भिखारी चौधरीलाई धनधान्यले भरिपूर्ण र समुदायको प्रतिष्ठित पात्रको रूपमा उपस्थापन गरिएको छ, “गाउँमा भिखारी चौधरीको विशेष मान्यता थियो । गाउँमा कसैलाई मर्का पर्यो, कसैमाथि अन्याय भयो वा नियाँ निसाफ चाहियो भने सबै गाउँलेहरु भिखारीको देहरीमा आउँथे । धनधान्यले भिखारी गाउँभरिका सम्पन्न थिए” (

पृ. ६०) । प्रस्तुत साक्ष्यमा भिखारी चौधरीलाई धनसम्पत्तिले भरिभराउ भएको वैभवशाली पात्रका रूपमा चिनाइएको छ ।

धनी भएकै कारण गाउँटोलमा उसको मानसम्मान र प्रभुत्व कायम भएको देखिन्छ । गाउँमा उसको सर्वोच्चता रहेको प्रमाणित हुन्छ । उक्त सर्वोच्चता अरू कुनै कारणले नभएर ऊसँग भएको आर्थिक प्रवलताकै कारणले हो भन्ने आशयलाई यस साक्ष्यले स्पष्ट गरेको छ । प्रस्तुत साक्ष्यका माध्यमबाट मधेसी आदिवासी जनजाति थारू समुदायको भिखारी चौधरीले अभिजातको प्रतिनिधित्व गरेको प्रस्ट छ ।

*मालिकहरूको मधेस* उपन्यासमा फूलबडिया कामतवाला जमिनदार (देवनबाबु)लाई अभिजात वर्गको पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ । जमिनदार शब्दले धेरै जग्गाजमिन भएको धनी व्यक्तिलाई चिनाउँछ । यस शब्दले अभिजात वर्गीय चिनारीलाई प्रस्ट पार्दछ । प्रतिनिधित्व सिद्धान्तमा प्रत्येक शब्दले अर्थको संवहन गरेको हुन्छ । त्यो अर्थ शब्दसँग सहसम्बन्धित हुन्छ (सेल्डन, सन् १९८८, पृ. ९५) । प्रस्तुत उपन्यासमा जमिनदार देवनबाबुको सम्पन्नता देखाइएको छ ।

नेपाली समुदायमा प्रभुत्वशाली धनी वर्गका कतिपय मान्छेले गाउँटोलका निम्न वर्गका मान्छेहरूलाई हेपेर दुर्व्यवहार गर्छन् । उक्त वर्गीय असमान व्यवहारलाई प्रस्तुत उपन्यासमा यथार्थ चित्रण गरिएको छ, “परैबाट त्यसले पुलकितलाई चिनिहाल्यो र बढो शानकासाथ हेपेको लवजमा भन्यो-‘कह पुलकित बुढुवा, तुँ कुशल मंगल छि ?” (पृ. ६९) । यस साक्ष्यमा फूलवडिया कामतवाला जमिनदारका नाति देवनबाबुले आफ्नो उमेरभन्दा जेठो व्यक्ति पुलकितलालालाई हेपेर दुर्व्यवहार गरेको प्रस्ट छ । यस साक्ष्यमा जमिनदार देवनबाबुको रोवरवाफपूर्ण शैली छर्लङ्ग पारिएको छ । नेपाली सामाजिक संरचनामा आर्थिक हिसाबले विपन्न मान्छेलाई हेपेर दुर्व्यवहार गर्ने वास्तविकतालाई प्रस्तुत सन्दर्भले प्रस्ट पारेको छ । देवनबाबुले यस प्रसङ्गमा सामाजिक प्रतिष्ठाका कोणबाट आफूभन्दा जेठो मान्छेलाई ‘तुँ’ अर्थात् तिमी भन्ने अनादरवाची सम्बोधन गरेर सामाजिक मर्यादाको उल्लङ्घन गरेको तथ्य स्पष्ट छ । यस प्रसङ्गले अभिजात वर्गको देवनबाबुको घमन्डी र हेपाहा प्रवृत्तिलाई उजागर गरेको छ । फूलबडिया कामतवाला जमिनदारका नाति देवनबाबुलाई प्रस्तुत उपन्यासको कथ्यवस्तुमा अभिजात वर्गको चरित्रका रूपमा प्रतिनिधित्व गराइएको प्रस्ट छ ।

विवेच्य उपन्यासमा मधेसी जमिनदारलाई अभिजात वर्गको पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ । सामाजिक संरचनामा जमिनदार सम्पन्न हुन्छ, "जिम्दार त छदै थियो । हुन त त्यो जिम्दार मधेसी नै थियो । तर त्यसका बाबुबाजेहरु उसपारबाट आएर हाम्रै जमिनको मालपोत सकारेर लिईजमिन्दार बनेर बसेका थिए । उसको त टोलभरिका सबै केटाहरु उसका नोकरचाकर थिए" (पृ. ९६) । प्रस्तुत साक्ष्यमा 'उसपार' भन्नाले छिमेकी राष्ट्र भारतलाई सङ्केत गर्न खोजिएको छ ।

उपर्युक्त साक्ष्यमा मधेसी जमिनदारका बाबुबाजे भारततिरबाट आएका सन्दर्भलाई लक्षित गरिएको छ । मधेसी जमिनदारलाई सम्पन्न वर्गका पात्रको रूपमा प्रस्तुत गरिएको छ । यस साक्ष्यमा मधेसी जमिनदारले आफ्ना मातहतका श्रमिक वर्गका मान्छेहरूलाई रोजगारीको अवसर उपलब्ध गराएको सन्दर्भलाई सङ्केत गरिएको छ । यसबाट के प्रस्ट हुन्छ भने उत्पादनका साधनस्रोतमा मधेसी जमिनदारको आधिपत्य रहेको छ । अतः मधेसी जमिनदार अभिजात वर्गको पात्र हो भन्ने प्रस्ट भएको छ ।

### (ख) निम्न वर्गीय प्रतिनिधित्व

*मालिकहरूको मधेस* उपन्यासमा सबुरलाल चौधरी, पुलकितलाल चौधरी, असर्फीलाल, असर्फीलालकी छोरी भुलुर भन्ने सविताहरू निम्न वर्गका पात्रका रूपमा रहेका छन् । त्यसैगरी हदिस मियाँ, जलिल, जुमन बुढुवा, बिन्दीहरूलाई निम्न वर्गीय भूमिका प्रदान गरिएको छ । उपन्यासमा हरिलाल यादव, ठिठहर हलवाई, जग्गु पानवाला, चौधरी, यादव जी, देवन्नी बुढिया, मिठुवाका छोरीहरूलाई विपन्न वर्गीय पात्रका रूपमा उपस्थापन गरिएका छन् । यी पात्रहरूमध्ये पुलकितलाल चौधरी मुख्य पात्र हो र असर्फीलाल र असर्फीलालकी छोरी भुलुर सहायक पात्रहरू हुन् । बाँकी पात्रहरू प्रसङ्गवश प्रयुक्त भएकाले ती निम्न वर्गीय गौण पात्र हुन् ।

*मालिकहरूको मधेस* उपन्यासमा कथावस्तुका मुख्य पात्र पुलकितलाल चौधरीलाई एउटा निम्न वर्गको पात्रका रूपमा चित्रण गरिएको छ । उपन्यासमा गाउँमा खेती किसानी गर्ने मान्छेहरू दिनरात श्रम गरी अन्न उत्पादन गर्छन् तर तिनले ती उत्पादित अन्नको उचित मूल्य पाउनबाट समेत वञ्चित हुने विषयवस्तु देखाइएको छ, "पुलकितहरू यहाँ वर्षा याममा रूभ्दै भिज्दै खेती लगाई मसिना धान उब्जाएर बजार पुऱ्याउँथे । त्यही मसिना धानको चामल शहरमा बस्ने ठूला भनिने र देश चलाउनेहरूका मुखमा पुग्ने गर्थ्यो ।

तिनलाई किसानले गर्ने खेतीका बारेमा केही चासो हुँदैनथ्यो । अहिले पनि छैन" (पृ. ३३) । यस साक्ष्यमा पुलकितलाल चौधरीको चरम गरिबी देखाइएको छ । तिनले निकै परिश्रम गरेर मसिना धान उत्पादन गरे पनि चरम आर्थिक अभावका कारण बजारमा बेच्न बाध्य भएको तथ्यलाई यस साक्ष्यले उद्घाटन गरेको छ ।

प्रस्तुत साक्ष्यमा गाउँमा बसेर खेतीपाती गर्ने पुलकितजस्ता श्रमिक वर्गका मान्छेहरूको दयनीय अवस्थाको चित्रण गरिएको छ । गाउँमा खेतीपाती गर्ने किसानहरूले आफ्ना खेतमा अब्बल खालका मसिना धान उत्पादन गर्छन् तर आर्थिक विपन्नताका कारण तिनीहरू ती धान सहरमा बस्ने सम्पन्न वर्गलाई बेच्न बाध्य हुन्छन् । सहरमा सुकिला जीवनयापन गर्ने सम्भ्रान्त वर्गका मान्छेहरूले गाउँका विपन्न वर्गीय किसानका पीरमर्का बुझ्न नचाहेका यथार्थ पक्ष उद्घाटित छ । प्रस्तुत सन्दर्भमा पुलकितलाल चौधरी र पुलकितलाल चौधरीजस्ता निम्न आर्थिक अवस्था भएका किसानहरूको दयनीय अवस्थाको चित्रण गरिएको छ ।

*मालिकहरूको मधेस* उपन्यासमा पुलकितलाल चौधरीलाई मुख्य पुरुष पात्रका रूपमा चित्रण गरिएको छ । कथावस्तुलाई अगाडि बढाउनमा उसको महत्त्वपूर्ण भूमिका देखाइँदै राजनीतिक हिसाबले पनि सचेत पात्रका रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा असर्फीलाल अर्को सहायक पात्र हो । उसलाई निम्न वर्गीय पात्रका रूपमा प्रस्तुत गरिएको छ । उपन्यासको कथावस्तुमा असर्फीलाललाई आर्थिक अवस्थाका कोणबाट एकदमै कमजोर हैसियतको पात्रका रूपमा उपस्थापन गरिएको छ :

> असर्फी गाउँको एउटा गरिब मानिस थियो । ऊ जमिन्दारको जग्गामा एउटा सानो झोपडी बनाएर बसेको थियो । खरको छानो र माटाले बनाएको भित्तो भए पनि भित्र राम्रोसँग लिपपोत गरेको झोपडी थियो असर्फीको । भुलुर उसकी एक्ली छोरी थिई । असर्फीका अरू कुनै सन्तान थिएनन् । असर्फी गाउँको गरिब तर मिजासिलो मानिस थियो । भुलुरको स्कुलको फी गाउँका थारू चौधरीहरूले तिरिदिने गरेका थिए । (पृ.४८)

उपर्युक्त साक्ष्यमा निम्न वर्गीय पात्र असर्फीको चरम गरिबी र अभावलाई प्रस्तुतीकरण गरिएको छ । ऊ आर्थिक हिसाबले निकै नै कमजोर भएकाले उसले गाउँका जमिनदारको जग्गामा झुपडी बनाउन आश्रय लिनु परेको हो । मधेसमा झुपडीको घर भएको सन्दर्भले

त्यहाँको चरम गरिबीको अवस्थालाई इङ्गित गर्दछ । असर्फीको झुपडी र उक्त झुपडी पनि माटो लिपपोत गरेको अनि खरपातले छाएको प्रसङ्गले उसको आर्थिक पछौटेपन र निरीहतालाई उद्घाटन गरेको छ । उपर्युक्त साक्ष्यका माध्यमबाट निम्न वर्गको मधेसी पात्र असर्फीको आर्थिक पछौटेपनलाई प्रस्ट पारेको छ ।

*मालिकहरूको मधेस* उपन्यासमा मधेसी समुदायको विपन्न वर्गको पात्र असर्फीको निकै कष्टकर जीवनशैलीबारे चित्रण गरिएको छ । ऊ निम्न वर्गको भएकाले कमजोर संरचनाको झुपडीमा बस्न बाध्य भएको हो । यस उपन्यासमा चरम आर्थिक अभावका कारण श्रमिक वर्गका मधेसीहरू काठमाडौँमा एउटै डेरामा पनि कोचिएर बस्नुपर्ने बाध्यात्मक परिस्थितिको सजीव प्रस्तुति छ :

> एउटै टहरामा धेरैजना मिलेर अटेर बसेका हुन्छौँ हामीहरू । हामीहरूमध्ये कसैकसैका दाजुभाइ खाडीदेशतर्फ कमाउन गएका हुन्छन् । ती कमाउन जानेहरूले पनि तराई मधेसमा भएको आफ्नो एकडेड कट्ठा जमिन या त बेचेर या ब्याङ्कमा धितो राखेर गएका छन् । तिनका भाइ बहिनीहरू पनि यहाँ पढ्न आएका हुन सक्छन् । तिनको हालत चाहिँ तद्बिसेक केही राम्रो जस्तोसम्म छ । तर पनि बास त टहरामै लिएका छन् । संसारमा नेपालका हामी मधेसीभन्दा दुखी मानिस पनि होलान् तर हाम्रो दुख तिनको भन्दा बेग्लै छ । साधन स्रोत देशमा नभएकाले तिनीहरू दुखी भएका होलान् । तर हाम्रो मधेसमा पूरै देशलाई पाल्ने साधन र स्रोत भएर पनि हामी मधेसीहरू दुखी छौं । (पृ. १४५–१४६)

उपर्युक्त साक्ष्यमा मधेसी समुदायका अतिविपन्न वर्गका मान्छेहरू काठमाडौँमा डेरा लिँदा पनि अस्थायी टहरामा बस्ने सन्दर्भले तिनका निर्धनताको चरम सीमालाई प्रस्ट पार्दछ । तिनले लिने डेरामा कोठा नहुने र श्रमजीवी वर्गका मधेसीहरू एउटै घरमा कोचाकोच गरेर बस्ने प्रसङ्गले तिनका आर्थिक अभावको विवशतालाई छर्लङ्ग्याएको छ । तिनीहरूसँग पर्याप्त आमदानी भएको भए तिनीहरू सुविधायुक्त डेरामा बस्न सक्ने थिए । त्यस्तो आर्थिक हैसियत नभएकाले काठमाडौँका कमजोर संरचना भएका टहरामा जीवन व्यतीत गर्ने सन्दर्भले तिनका विपन्नतालाई इङ्गित गर्दछ । विपन्न वर्गीय मधेसी समुदायका युवाहरूले स्वदेशमै रोजगारी र अवसर पाउन नसकेकाले तिनीहरू रोजगारीको खोजीमा खाडीमुलुकतर्फ पलायन हुनुपर्ने परिस्थितिले तिनका आर्थिक पछौटेपनलाई सङ्केत गर्दछ ।

उपर्युक्त साक्ष्यले रोजगारीको खोजीमा खाडीमुलुकतिर जाने बहुसङ्ख्यक विपन्न वर्गका मधेसीहरू आफ्ना नाममा दर्ता रहेका घरघडेरी बैङ्क तथा साहुकोमा धितो पास गरेर कर्जा लिई विदेश जान थालेका तथ्यलाई स्पष्ट पारेको छ । त्यसरी विदेसिएका निम्न वर्गीय मधेसीका भाइबहिनीहरू गुणस्तरीय शिक्षा प्राप्तिका लागि काठमाडौँ आएका सन्दर्भलाई यस साक्ष्यले सङ्केत गरेको छ । मधेसी समुदायका मान्छेहरू साधनस्रोत भएर पनि अति विपन्नताको जीवन बाँचिरहेका सन्दर्भलाई प्रस्तुत साक्ष्यले उद्धृत गरेको छ । उपर्युक्त प्रसङ्गले मधेसी समुदायको निम्न वर्गका बहुसङ्ख्यक मान्छेहरू गरिबीको दुश्चक्रमा फस्दै गइरहेका यथार्थलाई इङ्गित गर्दछ । यस सन्दर्भले निम्न वर्गीय मधेसीहरू चरम आर्थिक अभावका कारण अमानवीय जीवन बाँच्न विवश रहेको तथ्य स्पष्ट छ ।

### ३.२.६ दुलारी उपन्यासमा वर्गीय प्रतिनिधित्व

*दुलारी* उपन्यासमा मधेसी समुदायका सम्पन्न एवम् विपन्न पात्रका चरित्रचित्रण गरिएको छ । धनी पात्रहरू शक्तिसम्बन्धका हिसाबले पनि महत्त्वपूर्ण रहेका छन् । त्यहीँनेर विपन्न वर्गीय पात्रहरू शक्तिसम्बन्धका दृष्टिकोणबाट कमजोर र अधीनस्थ रहेको देखाइएको छ । तिनका बारेमा छुट्टा छुट्टै वर्णन गर्नु राम्रो हुने देखिन्छ ।

#### (क) अभिजात वर्गीय प्रतिनिधित्व

*दुलारी* उपन्यासमा रमाकान्त चौधरीलाई धनी वर्गको पात्रका रूपमा चित्रण गर्दै उसको भौतिक सम्पत्तिका साथै वैभवलाई समेत देखाइएको छ । आर्थिक हिसाबले सम्पन्न रमाकान्त चौधरीको समुदायमा रोवरवाफ हुनुका साथै उसको बोली निर्णायक हुने चित्रण गरिएको छ । घरमा नोकरचाकर राखेर खेती गृहस्थी गर्ने अनि आफू हलो जोत्ने तथा कुटो कोदालो नगर्ने रमाकान्त मालिकको जीवनशैली एवम् सुखपूर्ण पारिवारिक जीवनचर्यालाई यथार्थपरक ढङ्गबाट प्रस्तुत गरिएको । निम्न साक्ष्यले रमाकान्त चौधरीको अभिजातवर्गीय अभिलक्षणलाई जनाउँछ, “गाउँका गिरहत रमाकान्त चौधरीले आफ्नो आँगनमा बाँसको खम्बामा ठूलो रेडियो टाँगेका थिए । त्यो रेडियोमा गाउँभरिका मान्छेले सुन्ने गरी गीत बज्थ्यो” (पृ. १९) । यस साक्ष्यमा गाउँका सम्पन्न व्यक्ति रमाकान्त चौधरीको बलियो आर्थिक अवस्थालाई दर्शाइँदै समुदायमा उसको प्रभुत्व रहेको सन्दर्भसमेतलाई इङ्गित गरिएको छ ।

उपर्युक्त कथनले गाउँमा अरू मानिसको रेडियो किन्ने हैसियत नभएको र गाउँका धनीमानी व्यक्ति रमाकान्तले चौधरी रेडियो किनेर ठुलो स्वरमा घन्काएर बजाएकाले गाउँका बाँकी सबैजना सुन्न सक्थे भन्ने प्रसङ्गले उसको अभिजातवर्गीयपनलाई पुष्टि गर्दछ । ऊ धनी व्यक्ति भएकोले गाउँका सबैले सुन्नेगरी ठुलो स्वरमा रेडियो घन्काएर बजाएको हो । ठुलो स्वरले रेडियो बजाउनुमा एकातिर उसको उच्च सामाजिक प्रतिष्ठा कायम रहेको सङ्केत गर्दछ भने अर्कोतिर उसको रेडियो सुन्ने गाउँका बाँकी मानिसहरू उसका मातहतमा बस्ने रैती भएका देखिन्छन् । प्रस्तुत उपन्यासमा समाख्याताले थारू मालिकहरूको भौतिक सम्पन्नतालाई यसरी वर्णन गरेकी छन् :

> थारू गिरहतहरूको घर अगाडि नरिवल र सुपारीका रूखहरू थिए । अगाडि ठूलो खलियान थियो । खलियानको छेउमा टन्ने गाई, गोरु र भैँसी बाँधिएका हुन्थे । घर अगाडि भएको नरिवल र सुपारीको रूखले बसघरा (गुहाली) र घरआँगनको शोभा बढाएको थियो । सबैको घरपछाडि ठूलो बारी र बाँसघारी थिए । बाँसघारी र बारीले घरआँगनको रौनक बढाएको थियो । चारैतिर हरियाली र स्वच्छ वातावरणको आगमनले गाउँ सिँगारिएको थियो । (पृ. २०)

उपर्युक्त साक्ष्यमा मधेसका थारू मालिकका आर्थिक सम्पन्नतालाई प्रस्ट पार्दै तिनका भौतिक सम्पत्तिका बारेमा विस्तृत वर्णन गरिएको छ । थारू मालिकका पर्याप्त मात्रामा घरघडेरीका साथै घर अगाडि धेरै क्षेत्रफलको खलियानले तिनीहरूसँग यथेष्ट धनसम्पत्ति रहेको तथ्यलाई इङ्गित गर्दछ । तिनीहरू आफ्ना गाउँमा निकै नै सम्पन्न भएकाले तिनले ठुलो क्षेत्रफलमा घर, खलियान, गोठघर बनाउँनुका साथसाथै निवास वरिपरि नरिवल र सुपारीका बोट रोपेका थिए भन्ने पुष्टि हुन्छ । यहाँ उल्लेख गरिएका थारू मालिकहरू आर्थिक रूपले सम्पन्न हुनुका साथै वैभवशाली भएकाले तिनका निवास वरिपरि रौनक छाएको थियो भन्ने चित्रण गरिएको छ । थारू मालिकहरूका रहनसहन एवम् जीवनशैलीले मधेसका सम्पत्तिले झकिझकाउ भएको कुनै भूमिपतिको जीवनशैलीलाई इङ्गित गर्दछ । अतः यहाँ चित्रण गरिएका थारू मालिकहरू आर्थिक रूपले सम्पन्न अभिजात वर्गका पात्रहरू हुन् भन्न सकिन्छ । थारू मालिकहरूका भौतिक स्रोत साधनमाथिको प्रभुत्वले पनि यिनीहरू प्रभुत्वशाली वर्गसँग सम्बन्धित छन् भन्ने तथ्यलाई प्रस्ट पार्दछ । मार्क्सले वर्गीय अध्ययनको सन्दर्भमा अभिजात वर्ग प्रभुत्वशाली हुने उल्लेख

गरेका छन् (केलनर, सन् २०१९, पृ. १) । यसरी प्रस्तुत उपन्यासमा प्रयुक्त थारू मालिकहरू अभिजात वर्गीय पात्र हुन् ।

*दुलारी* उपन्यासमा विद्यालयको प्रधानाध्यापकलाई अभिजात वर्गको पात्रका रूपमा उपस्थापन गरिएको छ । विद्यालयको प्रधानाध्यापक शासन सत्ताका हिसाबले बलिया भएकाले उसलाई धनी वर्गीय पात्रमा राखी अध्ययन गर्नु वाञ्छनीय हुने देखिन्छ, “कुर्सीमा बसेको मोटो मान्छेलाई देखेर मामाले नमस्कार हेडसर !’ भने । त्यसपछि मैले थाहा पाएँ, ती मान्छे हेडसर थिए” (पृ. २६) । प्रस्तुत साक्ष्यले आफ्नी भान्जी दुलारीलाई विद्यालयमा भर्ना गराउन गएका उसका मामाले त्यहाँका प्रधानाध्यापकलाई अदवसाथ अभिवादन गरेको तथ्यलाई इङ्गित गर्दै प्रधानाध्यापक उच्च वर्गीय रहेको सन्दर्भलाई प्रस्ट्याउँदछ । प्रधानाध्यापकले विद्यालयको उच्च पदस्थ प्रशासकीय पद धारण गरेकाले यसलाई अभिजात वर्गमा राखेर विश्लेषण गरिएको हो ।

*दुलारी* उपन्यासमा उमाकान्त चौधरीलाई अभिजात वर्गको पात्रका रूपमा चित्रण गरिएको छ । उमाकान्त चौधरी सम्पन्न वर्गको पात्र भएकाले उसले आफ्नो छोराको विवाहमा प्रशस्त मात्रामा भोजभतेर गरेको प्रसङ्गलाई उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ :

> भोलिपल्ट पुबरिया टोलमा उमाकान्त गिरहतको छोराको विवाह थियो । कुनै पनि गिरहतको घरमा बिहेबारी वा भोज भतेर भयो भने सबै पाहुनाहरूले दिनभरि खाइसकेपछि हामी बेलुकी सात आठ बजेतिर थाल, आरी र बटुका लिएर खलियानमा पङ्क्तिबद्ध भएर उब्रेको भात, दाल र तरकारी लिन कुरिरहन्थ्यौँ । (पृ. १६३)

उपर्युक्त साक्ष्यमा प्रयुक्त ‘गिरहत’ शब्दले मधेसमा धनी र सम्पन्न व्यक्तिलाई जनाउँछ । मधेसमा गरिबगुरुवा तथा मजदुर वर्गका मानिसहरूले आर्थिक रूपले आफूभन्दा ठुलो हैसियत भएको मान्ने प्रचलन रहेको छ । गाउँका मजदुर वर्गका मानिसहरूले उमाकान्तलाई आफूभन्दा सम्पन्न र सामाजिक प्रतिष्ठाका हिसाबले मान्यवर ठानेकाले पनि ऊ अभिजात वर्गको रहेको पुष्टि हुन्छ । उमाकान्त चौधरी आर्थिक रूपले सम्पन्न भएकोले त्यहाँका आश्रित मजदुरहरूले उसको छोराको विवाहमा भोजभतेरपश्चात् रहलपहल खाना

पाइन्छ कि भनेर चौधरीको घरमा पुगेका देखिन्छन् । प्रस्तुत उपन्यासमा उमाकान्त मालिक अभिजात वर्गको रहेको प्रस्ट हुन्छ ।

**(ख) निम्नवर्गीय प्रतिनिधित्व**

*दुलारी* उपन्यासमा मधेसको विपन्न वर्गीय सदा समुदायको सीमान्तीकृत आर्थिक अवस्थाको वस्तुपरक चित्रण गर्दै तिनले जीवनयापनका क्रममा भोगेका कठिनाइलाई यथार्थपरक ढङ्गबाट प्रस्तुत गरिएको छ । यस उपन्यासमा सदा समुदायकी दुलारीको परिवारिक दुश्चक्रबारे कारुणिक तवरले वर्णन गरिएको छ । यस उपन्यासमा अर्काको घरखेतमा काम गर्ने, मजदुरी गर्ने पात्रहरूलाई निम्न वर्गको पात्रका रूपमा उपस्थापन गरिएको छ । प्रस्तुत उपन्यासमा दुलारीको परिवारको अतिविपन्न अवस्थालाई यसरी प्रस्तुत गरिएको छ :

> घरको नाममा हाम्रो एउटा मात्र झुपडी थियो । झुपडीको पछबरिया भित्तो घामले रातो देखिएको थियो । उत्तरतिर एउटा सानो कोइठ (माटोको भकारी) थियो । चुलोको धुवाँले कोइठको अगाडिको भाग कालो भइसकेको थियो । बेसार, तेल, दाल, तरकारीको झोलको छिटा परेर कोइठ फोहोर देखिएको थियो । (पृ. ८)

उपर्युक्त साक्ष्यमा दुलारीको परिवारको सम्पत्तिको नाउँमा एउटा झुपडी मात्र रहेको र घरमा एउटै कोठामा सुत्ने र भान्सा गर्ने भएकाले माटोको भकारीमा बेसार, तेल, तरकारी आदिको छिटा पर्ने गरेको सन्दर्भले तिनका घरमा धेरै कोठा नभएको तथ्यलाई सङ्केत गर्दछ । 'झुपडी' शब्दले नै चरम गरिबी र अभावग्रस्त अवस्थालाई जनाउँछ । अतः के भन्न सकिन्छ भने दुलारीको परिवार विशेषगरी उसका बाबु घुसका सदा र आमा डोमनीका चरम गरिबीलाई प्रस्ट्याएको देखिन्छ ।

*दुलारी* उपन्यासमा दुलारीका बाबु घुसका सदालाई एउटा सीमान्तीकृत अतिविपन्न पात्रको रूपमा प्रतिनिधित्व गराइएको छ । आफ्नो घरखेत, बारी केही पनि नभएको घुस्कालाई मालिकको घरमा काम गर्ने परचक्रीका रूपमा चित्रित गर्दै उसको निम्न वर्गीय सन्दर्भलाई उजागर गरिएको छ । आफ्नो घरमा आधारभूत आवश्यकताको परिपुर्ति गर्न असक्षम घुसका सदालाई समाख्याताले यसरी प्रस्तुत गरेकी छन् :

> मेरा बाउ गिरहतका हरवाह (हलो जोत्ने मान्छे) थिए । म उठ्नुभन्दा अगाडि माई र बाउ गिरहतको खेतमा काम गर्न गइसकेका थिए । म भोकले व्याकुल थिएँ ।

> माई गिरहतको खेतबाट काम गरेर मध्यान्हतिर आइन् । माईको हातमा एक थाल भात थियो । त्यो देखेर म धेरै खुसी भएँ । (पृ. १२)

उपर्युक्त साक्ष्यमा दुलारीका बाबुको आर्थिक विपन्नतालाई इङ्गित गरिएको छ । ऊ परिवारको जीउपालाको निम्ति मालिकको खेतमा हलो जोत्ने काम गरेको सन्दर्भलाई उजागर गरिएको छ । यसबाट दुलारीका बाबुको चरम गरिबीका साथसाथै ऊ मजदुर वर्गको रहेको तथ्यसमेत पुष्टि हुन्छ । गिरहतका 'हरवाह' शब्दले हलीगोठालो भन्ने प्रसङ्गलाई जनाउँछ । उपर्युक्त साक्ष्यमा दुलारीका बाबु मात्र नभएर उसकी आमासमेत मालिकको खेतमा काम गर्न गएकी प्रसङ्गले ती दुवैले मजदुरी गर्न गएका विषयवस्तुलाई स्पष्ट पार्न खोजिएको छ ।

विवेच्य उपन्यासको कथ्यवस्तुमा स्रोतसाधनमा स्वामित्व भएको पात्रलाई मालिकका रूपमा र उत्पादनका स्रोतसाधनमा स्वामित्व नभएका दुलारीका बाबुआमालाई मजदुर वर्गका पात्रका रूपमा चित्रण गरिएको छ । वर्गीय सम्बन्धहरू र वर्गीय स्थानहरूले वैयक्तिक जीवनका अवसरहरू तथा सामाजिक संस्थाका प्रकार्यहरू निर्धारण गर्दछन् ( ज्याकोपोभिच, सन् २०१४, पृ. २) । दुलारीका घरमा खानेकुरा नभएकाले ऊ बाबुआमा घर आउने आश गरेर बसेकी छ । उसकी आमाले मालिकको घरबाट एक थाल भात लिएर आएपछि त्यो देखेर ऊ खुसी भएकी प्रसङ्गले तिनका सीमान्तीकृत आर्थिक अवस्थाको द्योतन गरेको प्रस्ट छ ।

*दुलारी* उपन्यासमा  दुलारीका बाबुआमालाई श्रमजीवी पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ । यस उपन्यासमा लहानटोलको उत्तरबरिया टोलको छेउमा बस्ने मुसहरी टोलका मुसहरहरूका चरम गरिबी र अभावलाई यथार्थपरक ढङ्गबाट चित्रण गरिएको छ । यस प्रसङ्गमा गरिबको जीवनमा जतिसुकै काम गरे पनि सुखको सास फेर्नेसम्म अवस्था नरहेको यथार्थ प्रतिविम्बित छ (न्यौपाने, २०७६, https://annapurnapost.com/news/148602) । मुसहरीका मुसहरहरू आर्थिक हिसाबले अतिविपन्न रहेकाले तिनले आफ्ना दैनन्दिन जेनतेन गुजारा गरिरहेका प्रसङ्गलाई कथ्यवस्तुमा यसरी प्रस्तुत गरिएको छ :

> हाम्रो टोलका धेरै जना पौती, धमा र पोट्ली बोकेर पसलमा सामान किन्न लाम लागेका थिए । सबै जना धान, गहुँ, चामल बोकेर नुन, तेल किन्न आएका थिए ।

> प्रायःजसो सबैको हातमा टुकी थियो । धेरै तेल किन्ने पैसा नभएरकाले (हुनुपर्ने नभएकाले) थोरै पैसाको तेल टुकीमा हालेर लग्थे । एक रात बालेर टुकीको तेल सकिएपछि टुकी बोकेर फेरि पसल आउँथे । (पृ. ४२)

उपर्युक्त साक्ष्यमा दुलारीको टोल अर्थात् मुसहरी टोलका बहुसङ्ख्यक मानिसहरू मजदुर वर्गका भएका देखाइएको छ । यस सन्दर्भमा तिनले आफ्ना लागि चाहिने कुनै पनि सामग्री आगामी दुईचार दिनका लागि समेत सङ्कलन गर्न नसक्ने तथ्यलाई उद्घाटन गरिएको छ । यस प्रसङ्गमा मुसहरीका मुसहरहरूको अतिसीमान्तीकृत आर्थिक अवस्थालाई प्रस्ट देखाइँदै तिनका दीनहीन अवस्थाको सटीक चित्रण गरिएको छ । तिनीहरू अतिविपन्न भएकाले घरमा मट्टीतेल जोहो गरी राख्न नसकेर थोरै पैसाको मट्टीतेल भर्न टुकी नै पसलमा लिएर जाने गरेका सन्दर्भले तिनीहरू निर्धन रहेका प्रस्ट हुन्छ । पूर्वी तराईमा बसोबास गर्ने मुसहरहरू सामाजिक तथा आर्थिक हिसाबले निकै नै पिछडिएका छन् (भगत, २०७०, पृ. ९) । मट्टीतेल किन्नका लागि घरमा भएको टुकी बत्ती नै लिएर दैनिक पसल जाने उपक्रमले मुसहरी टोलका विपन्नवर्गीय मुसहरका दयनीय अवस्थाको सङ्केत गर्दछ ।

*दुलारी* उपन्यासमा मुसहरी टोलका केटाहरू काम गर्न मालिकका घरमा नोकरी बस्ने सन्दर्भलाई मार्मिक तवरले चित्रण गरिएको छ । युवा मुसहरहरू अपठित र विपन्नसमेत भएकाले तिनीहरू स्थानीय मालिकका घरमा हलीगोठालो बस्न बाध्य भएका तथ्यलाई समाख्याताले यसरी वर्णन गरेकी छन्, "....मेरै टोलका लखना र लुखरा पनि गिरहतका भैँसी चराउन आएका थिए । उनीहरू गिरहतकहाँ नोकरी लागेका थिए" (पृ. ९३) । प्रस्तुत साक्ष्यमा मुसहरी टोलका युवाहरूसँग सीपकला केही पनि नभएकाले तिनीहरू घरपरिवारको पालनपोषणका निम्ति मालिकका घरमा गाईवस्तु हेर्ने काम गर्न नोकरी बसेका तथ्यलाई उजागर गर्दै तिनका दयनीय आर्थिक अवस्थाको चित्रण गरिएको छ । मधेसमा बसोबास गर्ने धेरैजसो भूमिहीन मुसहरहरू हरुवा चरुवाका रूपमा काम गर्दै जीविकोपार्जन गर्दछन् (चौधरी, सन् २०१५, पृ. १४०) । यस साक्ष्यमा मुसहर युवाहरूको सीमान्तीकृत आर्थिक अवस्थाबारे चित्रण गरिएको छ । आर्थिक पछौटेपनका कारण मुसहर युवाहरू सम्भ्रान्त वर्गको  शरणमा भैँसी चराउन बाध्य भएका छन् । यस सन्दर्भले तिनका चरम गरिबीलाई सङ्केत गरेको छ ।

*दुलारी* उपन्यासमा मधेसका थारू समुदायका रमाकान्त चौधरी, उमाकान्त चौधरी र गोसाई साहुलाई अभिजात वर्गका रूपमा प्रतिनिधित्व गराइएको छ । कथ्यवस्तुमा तिनका भौतिक सम्पन्नता र उत्पादनका साधनस्रोतमाथिको स्वामित्वले तिनका आभिजात्यपनलाई प्रस्ट पारेको छ । तिनका ठुलो क्षेत्रफलमा रहेको बसोबास, घर वरिपरि रहेका खलियान, बसघरा, नरिवल, सुपारीका बोट, भरिभराउ गाईभैँसी अनि पर्याप्त खेत तथा रूपियाँपैसा अनि धनधान्यले भरिपूर्ण भएको सन्दर्भले यी पात्रहरूले अभिजात वर्गको प्रतिनिधित्व गरेको देखिन्छ ।

रमाकान्त चौधरीका घरमा हलीगोठालो तथा मजदुरी गर्ने दुलारीका आमाबुबा, मालिकका घरमा भैँसी चराउन नोकरी बसेका केटाहरू लखना र लुखराले निम्न वर्गको प्रतिनिधित्व गरेका छन् भने रोजगारीको खोजीमा छिमेकी देश भारतको लुधियाना पुगेका मुसहरी टोलका जतरा र महादेव अनि घरमा खाने अन्न नभएर मालिकका घरमा लगनका बेला बचेखुचेका जुठोपुरोका भरमा आफू र आफ्ना केटाकेटीको पालनपोषण गर्न बाध्य मुसहरी टोलकै रवीन्द्रा डुमले निम्न वर्गको प्रतिनिधित्व गरेको स्पष्ट छ । यस उपन्यासमा धनी वर्गका मालिकहरू र गरिब वर्गका श्रमजीवी वर्ग बिच निकै ठुलो अन्तराल रहेको मधेसी समुदायको वास्तविकतालाई सटीक तवरले प्रस्तुत गरिएको छ ।

### ३.३ जातीय प्रतिनिधित्व

अनुसन्धानका लागि छनोट गरिएका उपन्यासहरूमा मधेसी समुदायका विविध जातजातिका सन्दर्भहरू प्रयोग भएका छन् । मधेसी समुदायमा पनि रहनसहन, चालचलन, रीतिथितिका आधारमा विविधता रहेका विविध जातीय प्रसङ्गहरूलाई कथ्यवस्तुका रूपमा चित्रण गरिएको पाइन्छ । त्यहाँ  रैथाने जातजातिहरू, मधेसीहरू, मधेसी दलितहरू र मधेसी मुस्लिमहरूको सामूहिक बसोबास रहेको तथ्यलाई शोध्य उपन्यासमा प्रस्ट देखाइएको छ । मधेसमा मधेसी आदिवासी जनजाति, मधेसी, मधेसी दलित तथा मधेसी मुस्लिम समुदायका मानिसहरू एकापसमा मिलेर बसेको भए तापनि तिनका जीवनपद्धति, रीतिथिति, प्रथाप्रणालीले गर्दा छुट्टै खालको सांस्कृतिक विमर्श निर्माण भएको छ ।

मधेसमा एउटा समुदाय र जातिले अर्को जाति र समुदायलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहार जातीय अध्ययनका सन्दर्भमा महत्त्वपूर्ण हुन्छन् । विवेच्य उपन्यासमा मधेसका विभिन्न समुदायका जातीय विश्वदृष्टिलाई वस्तुपरक तवरले अध्ययन गरिएको छ ।  शोध्य

उपन्यासहरूमा मधेसी समुदायका उपसमूहहरू जस्तै मधेसी आदिवासी जनजाति समुदाय, मधेसी समुदाय, मधेसी दलित समुदाय र मधेसी मुस्लिम समुदाय रहेकाले तिनका बारेमा उपवर्गीकरण गरेर वस्तुपरक अध्ययन गर्नु औचित्यपूर्ण हुने देखिन्छ । यहाँ सोहीअनुसार छनोट गरिएका उपन्यासहरूको विश्लेषण गरिएको छ ।

### ३.३.१ अलिखित उपन्यासमा जातीय प्रतिनिधित्व

*अलिखित* उपन्यासमा मधेसी समुदायमा बसोबास गर्ने बहुल जातिको प्रतिनिधित्वलाई उजागर गरिएको छ । यस उपन्यासमा मधेसमा बसोबास गर्ने मधेसी आदिवासी जनजाति समुदाय, मधेसी समुदाय, मधेसी मुस्लिम समुदाय र मधेसी दलित जातिका पात्रहरूको प्रतिनिधित्व गराइएको छ । उपन्यासमा पात्रका जातीय सन्दर्भ, तिनका सजातीय र अन्तर्जातीय सहसम्बन्ध, व्यवहार आदिबारे प्राज्ञिक विश्लेषण गरिएको छ । यहाँनेर *अलिखित* उपन्यासमा मधेसी समुदायका के कस्ता जातीय पात्रहरूको उपस्थापन गरिएको छ सोको बारेमा सूक्ष्म, गहन र वस्तुपरक विश्लेषण गरिएको छ ।

#### (क) मधेसी आदिवासी जनजाति समुदायको प्रतिनिधित्व

*अलिखित* उपन्यासमा मधेसी आदिवासी जनजाति थारू समुदायका पात्रको प्रतिनिधित्व गराइएको छ । यस उपन्यासमा मङ्गल खाँ थारूलाई मधेसी आदिवासी जनजाति थारू समुदायको पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ । शक्तिसम्बन्धको हिसाबले कमजोर रहेको मङ्गल खाँ थारूबारे उपन्यासमा यसरी उल्लेख गरिएको छ, "त्यो एउटा थारूको घर थियो । मङ्गल खाँव अर्थात् मङ्गल खाँ थारू । हातमा सधैं नरिवलको हुक्का लिएर हिँड्थ्यो, हाँस पाल्थ्यो र आफ्ना दुइटी तरूनी छोरीलाई बिदा गरेर कसरी पठाउने भन्ने फिक्रीले दुब्लो हुने गर्थ्यो" (पृ. ७१) । यस साक्ष्यमा मधेसी आदिवासी जनजाति थारू समुदायको मङ्गल खाँ थारूको अवस्थाबारे उल्लेख गरिएको छ । यस प्रसङ्गले उसको दयनीय आर्थिक अवस्थाको सङ्केत गर्दै मधेसको सामाजिक सांस्कृतिक संरचनाबारे सङ्केत गर्न खोजिएको छ । हाँस पालन थारू समुदायको पहिचानसँग जोडिएको विषयवस्तु हो ।

जाति, समुदाय सामाजिक सांस्कृतिक निर्मितिसँग सम्बन्धित विषयवस्तु हो । जाति सामाजिक सांस्कृतिक निर्मितिका कारण वंश, धर्म, संस्कृति आदिले निर्धारित विभेदीकृत सामाजिक समूह हो (शर्मा, २०६४, पृ. ५४३) । यस प्रसङ्गमा मङ्गल खाँ थारू नाम उल्लेख हुनुले ऊ मधेसी आदिवासी जनजाति थारू समुदायको पात्र रहेको पुष्टि हुन्छ । यस

उपन्यासमा मङ्गल खाँ थारूका छोरीहरू रजकलिया, लजकलिया र जयकलियालाई मधेसी आदिवासी जनजाति थारू समुदायका पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ ।

### (ख) मधेसी समुदायको प्रतिनिधित्व

मधेसको सामाजिक जीवनपद्धतिलाई उपन्यासको मूल कथ्य बनाएर लेखिएको *अलिखित* उपन्यासमा मधेसी समुदायका धेरै जाति एवम् समुदायका पात्रहरूको प्रतिनिधित्व गराइएको छ । यस उपन्यासमा विभिन्न पात्रहरूका जातीय पहिचान खुलस्त पारिएको छ भने कतिपय पात्रका नाम मात्र उल्लेख गरिएकाले तिनका जातीय पहिचान र प्रतिनिधित्वबारे अध्ययन गर्न अप्ठ्यारो हुने भएकाले यहाँनेर जातीय पहिचान सुनिश्चित भएका पात्र मात्रका विश्लेषण गरिएको छ । मधेसी समुदायका जातीय पहिचान उल्लेख गरिएका पात्रहरूअन्तर्गत जमिनदार विश्वनाथप्रसाद सिंह, पटवारी, धरीछन कोइली, रामविरिछ, गोकुल महतो, जोखु भगत, शङ्कर राउत, विसुन राउत, विसुन राउतकी स्वास्नी, विसुन राउतकी भाञ्जी, भीखम गोडाइत, शिवगुलाम कानु, शिवगुलाम कानुकी दोस्री पत्नी पार्वती, नथुनी तेली, अनुप मिस्तिरी रहेका छन् ।

*अलिखित* उपन्यासमा अनुपकी पत्नी बीननी, जमिनदार विश्वनाथप्रसाद सिंहकी भतिजी सावित्री, जमिनदारकी पत्नी मालिकनी, महावीर कुर्मी, ठाकुर सिंह, लछुमन राउत, ब्रह्मदेउवा, राउत बुढाका जातीय पहिचान प्रस्ट खुलाइएकाले तिनका जातीय प्रतिनिधित्वसम्बन्धी अध्ययन गर्न सहज हुन्छ । यस उपन्यासमा नागा बाबा, विधुवी, मतिया, मतियाकी आमा, मतियाका बाबु, सरजु, गनपत भाइ, मधुरी, फुलवा, बटेसर, इनरा, भिखारी, बन्ती, सुरूजा, कथनी बुढिया, अकलु, अकलुका छोराहरू, मोग्लानियाँहरू, सुनरा, मनतुरनी, बटैयादारहरू, असर्फी, दुखनी, रवि, रङ्गलाल पहलमान, बैजनाथ, नाऊ, जोधवा, कुल्लीहरूका जातीय पहिचानबारे नखुलाइएकाले तिनका पहिचान र प्रतिनिधित्वबारे अध्ययन गर्न असहज भएको हो तसर्थ यस अनुसन्धानमा उपन्यासमा जातीय पहिचान प्रस्ट रूपमा खुलाइएका पात्रका जातीय पहिचान र प्रतिनिधित्वबारे अध्ययन गरिएको हो । जातीय पहिचान र प्रतिनिधित्व समुदायका शक्तिसम्बन्धसँग अन्तर्सम्बन्धित विषयवस्तु हो । जाति, वर्ग, हैसियत, लिङ्ग, यौनिकताका माध्यमबाट शक्तिको अभ्यास गरिनुका साथै समुदायसँग यसको सम्बन्ध गाँसिएको हुन्छ (स्टेफेन, सन् २००६, पृ. १०५) । सामाजिक भौतिकीसँग शक्तिको अन्योन्याश्रित सम्बन्ध कायम भएको हुन्छ । समुदायमा वर्गका मानिससँग रहेका

उत्पादनका साधन स्रोतसँगको सम्बन्ध एवम् नियन्त्रणले शक्तिसम्बन्धलाई निर्धारण गर्ने काम गर्दछ ।

जमिनदार विश्वनाथप्रसाद सिंहले मधेसको प्रभुत्वशाली राजपुत जातिको प्रतिनिधित्व गरेको छ । उपन्यासमा उसको जातीय प्रतिनिधित्वलाई यसरी उल्लेख गरिएको छ :

> गाउँमा जिम्दारसाहेबजति सही र उचित मान्छे अरू कोही मानिँदैनथ्यो दोस्रो मानिस त मात्र ठीक, जब जिम्दारसाहेब त्यसलाई ठीक मानून् । उनको यो, मात्र रोबरबाफ आजदेखिको होइन, प्राचीन र पौराणिक हो । अक्सर गरेर कुराकानीको बीच कुनै पनि क्षणमा, म त राजपूतको बच्चो हजुर' भनेर जनाउ दिन चुक्तैनथे । (पृ. १५७)

उपर्युक्त साक्ष्यमा जमिनदार विश्वनाथप्रसाद सिंहको जातीय पहिचानबारे स्पष्ट उल्लेख गर्दै उसको जातीय अहम्को रोबरबाफबारे समेत उल्लेख गरिएको छ । विश्वनाथप्रसाद सिंह एकातिर भूमिपति भएको र अर्कोतिर कथित उच्च राजपुत जातिको पात्र भएकाले उसमा अहंकारको भाव उत्पन्न भएको देखिन्छ । गाउँमा जमिनदारको प्रभुत्व कायम रहेको सन्दर्भलाई यस साक्ष्यमा पुष्टि गर्दै उसको बोली नै निर्णायक र मानक मानिने तथ्यलाई उजागर गरिएको छ । जमिनदारले ठीक भनेपछि ठीक हुने उसले बेठीक भनेपछि बेठीक हुने कथनले जमिनदारको शक्तिसम्बन्धसमेतलाई इङ्गित गर्दछ । जमिनदार स्वयम्ले आफूलाई 'राजपुतको बच्चो' भनेर सम्बोधन गरेको प्रसङ्गसमेतले उसको जातीय पहिचानलाई उजागर गरेको छ । मधेसी आयोगद्वारा प्रकाशित प्रतिवेदनमा सिंह, शाह, चौहान, कुवंर, राणा थरहरूलाई राजपुत जातिअन्तर्गत राखिएको छ (नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८, पृ.३३) । उपन्यासको कथ्यवस्तुमा महत्त्वपूर्ण भूमिका ओगटेका विश्वनाथप्रसाद सिंह प्रमुख पात्र हो । यस प्रसङ्गमा उपन्यासकार गौतमले राजपुत जातिको जमिनदार विश्वनाथप्रसाद सिंहको प्रभुत्वशाली प्रतिनिधित्व गराएका छन् ।

यस उपन्यासमा अनुप मिस्तिरीले राजपुत जातिको प्रतिनिधित्व गरेको स्पष्ट छ । अनुप मिस्तिरीको बारेमा उपन्यासमा यस्तो उल्लेख गरिएको छ :

> राधेश्याम जुन घरमा खान्थ्यो, त्यो घरको मालिक अनुप मिस्तिरी भनेर चिनिन्थ्यो । केही समय अघिसम्म त्यसको जात काढिएको थियो । त्यसले छोएको पानी गाउँलेहरू खाँदैनथे । तर अनुप मिस्तिरी, अनुप सिं थियो, जातको राजपुत,

काँधमा जनै बेरेर बसेको थियो । पूजाआजा सब गर्थ्यो, पानी एउटा चल्दैनथ्यो । (पृ. १२८)

उपर्युक्त साक्ष्यमा काठमाडौँबाट उत्खननका निम्ति बिरहिनपुर बरेवा पुगेको टोलीसदस्यमध्ये एकजना राधेश्यामले खाना खाने घर राजपुत जातिको अनुप सिंहको रहेको तथ्यलाई उजागर गर्दछ । यस साक्ष्यमा अनुप मिस्तिरी पहिले अनुप सिंह रहेको तथ्यलाई प्रस्ट पार्दै उसले कुनै असामाजिक र अनैतिक काम गरेकाले उसलाई जातिबाट बहिष्करण गरी जाति काढिएको यथार्थ वर्णन गरिएको छ ।

उपन्यासको पूर्वापर प्रसङ्गलाई केलाउँदा के प्रस्ट हुन्छ भने अनुप सिंहले सामाजिक संरचनामा आफूभन्दा कथित तल्लो मानिने बिन जातिकी केटीसँग विवाह गरेकाले उसलाई कथित उच्च राजपुत जातिबाट निकाला गरिएको देखिन्छ । जातिबाट निकाला गरी पानी नचल्ने बनाइएको सन्दर्भले मधेसी समुदायमा जाति निकाला गर्ने संस्कृति रहेको वास्तविकतालाई उद्घाटन गरिएको छ । प्रस्तुत साक्ष्यमा अनुप मिस्तिरी पहिले राजपुत जातिको पात्र रहेको प्रस्ट देखाइएको छ ।

विवेच्य उपन्यासमा जमिनदार विश्वनाथप्रसाद सिंहको कारिन्दाका भूमिकामा रहेका पटवारीले मधेसको कायस्थ जातिको पहिचानलाई इङ्गित गर्दछ । उपन्यासले पटवारीको बारेमा यस्तो उल्लेख गरेको छ, “त्यसपछि विश्वनाथले आफ्नो पटवारीलाई सोधे- “के लालजी, बर्वाको तिम्रो गोवास हुँदैन, यहाँहरूलाई बस्नलाई ?” (पृ. १२) । यस साक्ष्यमा जमिनदार विश्वनाथप्रसाद सिंहले आफ्ना कारिन्दा पटवारीलाई ‘लालजी’ भनेर बोलाएकोबाट मधेसको कायस्थ जातीय पहिचानलाई उजागर गरिएको छ । मधेसमा लालजी, लालाजी भनेर कायस्थ जातिका मानिसहरूलाई सम्बोधन गर्ने प्रचलन छ । कायस्थ मधेसी समुदायअन्तर्गत पर्दछ । मधेसी आयोगले प्रकाशन गरेको प्रतिवेदनमा कर्ण, कण्ठ, कंठ, कायस्थ ‘लाल’ लगायतका थरहरूलाई कायस्थ जातका थरहरू अन्तर्गत राखिएको छ ( नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८, पृ.९) । यस आधारमा ‘पटवारी’ भन्ने पात्र मधेसको कायस्थ जातिको रहेको पुष्टि हुन्छ ।

मधेसको कायस्थ जातिका मानिसहरू धेरै पहिलेदेखि नै पढेलेखेका भएकाले तिनीहरू सामन्त एवम् जमिनदारका लेखनदासका रूपमा पटवारी भएर बहीखाता सञ्चालत गरेको पाइन्छ । मधेसको कथित उच्च राजपुत जातिको जमिनदार विश्वनाथप्रसाद सिंहले त्यहीँकै

कथित उच्च कायस्थ जातिको कारिन्दा नियुक्त गरेको प्रसङ्गले तिनका जातीय मनोविज्ञानसमेतलाई इङ्गित गर्दछ । जमिनदारले भनेको 'लालजी' शब्दले मधेसी समुदायको कायस्थको पहिचान र प्रतिनिधित्वलाई उजागर गरेको छ ।

*अलिखित* उपन्यासमा धरीछन कोइली ृयथो (हुनुपर्ने कोइरी) र उसको बुबा रामविरिछले मधेसको कोइरी जातिको प्रतिनिधित्व गरेका छन् । त्यसैगरी गोकुल महतो र जोखु भगत भन्ने पात्रका माध्यमबाट मधेसको कोइरी जातिको प्रतिनिधित्व गराइएको छ । उपन्यासमा यी पात्रलाई फरक फरक प्रसङ्गमा यसरी उल्लेख गरिएको छ, "पोखरीको सबभन्दा रोमाञ्चक वर्णन धरीछन कोइलीले गर्छ । ऊ गाउँका केही प्राचीन वृद्धमध्ये एक जना हो" (पृ. ४४) । यस साक्ष्यमा प्रयुक्त कोइली थर मधेसको कुनै पनि जातिमा भेटिँदैन बरू कोईरी जाति नै रहेको छ ।

कोइरी जातिमा महतो र भगत थर लेख्ने चलन भने रहेको छ । मधेसी आयोगबाट प्रकाशित प्रतिवेदनमा कोइरी, कुशवाहा, महतो, सिंह, आर्य, सिंहा, मोर्य, वर्मा, भगत, महत्तो, मुराउ, चौधरी र मेहता थरहरूलाई कोईरी/कुशवाहा जातिअन्तर्गत राखिएको छ (नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८, पृ. १२) । यस साक्ष्यमा प्रयुक्त कोइली, महतो र भगत थरले मधेसको कोइरी जातिको प्रतिनिधित्व गरेको स्पष्ट छ ।

*अलिखित* उपन्यासमा मधेसको राउत थरका पात्रहरूको प्रतिनिधित्व गराइएको छ । यस उपन्यासमा शङ्कर राउत, शङ्करकी स्वास्नी, विसुन राउत, विसुन राउतकी स्वास्नीको प्रतिनिधित्व गराइएको छ । तिनका बारेमा उपन्यासमा यसरी उल्लेख गरिएको छ, "... शङ्कर राउत र विसुन राउतको । दुई जना दाइ भाइ । छोराहरू खेतमा काम गर्न सक्ने भइसकेका छन्" (पृ .७४) । यस साक्ष्यमा शङ्कर राउत, विसुन राउतका माध्यमबाट उपन्यासकार गौतमले मधेसको कुर्मी जातिको प्रतिनिधित्व गराएको देखिन्छ । मधेसी आयोगद्वारा प्रकाशित प्रतिवेदनमा कुर्मी, पटेल, राय, राउत, सिंह, वर्मा, चौधरी, महतो, जयसवार, जयसवाल, कैराती थरहरूलाई कुर्मी जातअन्तर्गत राखिएको छ .(नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८, पृ. १०) । यस साक्ष्यमा प्रयुक्त 'राउत' थरले मधेसको कुर्मी जातिको प्रतिनिधित्व गरेको स्पष्ट छ ।

*अलिखित* उपन्यासमा कानु जातिको पात्रका रूपमा शिवगुलाम कानुको प्रतिनिधित्व गराइएको छ र यसका साथै शिवगुलाम कानुकी दोस्री पत्नी पार्वतीको प्रतिनिधित्व

गराइएको छ । तिनीहरूलाई कमजोर, पराश्रयी र निरीह पात्रका रूपमा उपस्थापन गरिएको छ । उपन्यासमा यिनका बारेमा यसरी उल्लेख गरिएको छ, “शिवगुलाम कानु पनि धान लिन भनेर गयो । जिम्दारको आङ्गनमा निकै भीड थियो । धान पनि तौल गरिँदै थियो जिम्दार प्रत्येक धान लिने आसामीलाई कुनै न कुनै वचनद्वारा अलङ्कृत पनि गरेर पठाउँथे” (पृ. ८८) । यस साक्ष्यमा मधेसको सीमान्तीकृत कानु जातिको बारेमा उल्लेख गर्दै तिनका घर गृहस्थीको अवस्थाको बारेमा समेत जानकारी गराइएको छ ।

जमिनदारको घरमा धान लिन जानुले शिवगुलाम विपन्न वर्गको रहेको सन्दर्भ इङ्गित भई जिम्दारले प्रत्येक असामीलाई एउटा एउटा संज्ञा दिएर पठाउने प्रसङ्गले केही न केही उपनाम दिएर पठाउने तथ्यलाई उजागर गर्दछ । कानु मधेसको एउटा सीमान्तीकृत जाति हो । मधेसी आयोगद्वारा प्रकाशित प्रतिवेदनमा कानु जातिअन्तर्गत कानु, गुप्ता, साह, शाह, साव, साहुलगायतका धेरै थरहरूबारे उल्लेख गरिएको पाइन्छ (नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८, पृ. १०) । कानु जातिको सन्दर्भले सीमान्तीकृत मधेसी समुदायलाई इङ्गित गरेको छ । यस उपन्यासमा उपन्यासकार गौतमले सीमान्तीकृत मधेसी समुदायको कानुलाई प्रतिनिधित्व गराएको तथ्यबारे देखाउन खोजिएको छ ।

*अलिखित* उपन्यासमा सीमान्तीकृत मधेसी तेली समुदायका पात्रको बारेमा वर्णन गरिएको छ । उपन्यासमा नथुनी तेलीको प्रतिनिधित्व यसप्रकार रहेको छ, “उनले आफ्नो एउटा हटवे अर्थात् धान तौलिने मानिस राखेका थिए, जसको नाउँ थियो नथुनी तेली । त्यो जिम्दारको गडी पनि हाँक्थ्यो, घोडामा धान र तोरी लादेर कलैया बजारमा बेच्न पनि जान्थ्यो, अनि आफ्नो घरमा तोरी पेलेर तेल पनि चुहाउँथ्यो” (पृ. ८८) । यस साक्ष्यमा विपन्न वर्गीय पात्र नथुनी तेलीको पराश्रयी एवम् दयनीय अवस्थाको चित्रण गरिएको छ । प्रस्तुत सङ्कथनको माध्यमबाट मधेसको सीमान्तीकृत तेली जातिको प्रतिनिधित्वलाई उजागर गर्न खोजिएको छ । जमिनदार विश्वनाथप्रसाद सिंहको मातहतमा धान तौलिने र उसको मालसामान खरीद बिक्री गर्न कलैयासम्म पुग्ने प्रसङ्गले नथुनी तेलीको अधीनस्थता र कमजोर अनि पराश्रयी अवस्थाको द्योतन गर्दछ ।

उपर्युक्त साक्ष्यमा नथुनी तेली जमिनदारको कारिन्दा रहेको तथ्य उद्घाटित हुँदै उसको तोरी पेलेर बिक्री वितरण गर्नु उसको जातिगत पेसा रहेको तथ्य छर्लङ्गिएको छ । मधेसमा कामको आधारमा जातिको निर्माण भएको पाइन्छ । कामसँगै जातीय पहिचान पनि

जोडिएको छ । खासमा यो त हिन्दु धर्मको वर्ण व्यवस्थाकै विस्तारित रूप हो भन्दा हुन्छ । मधेसमा तोरी खरीद बिक्री गरी तेल पेलेर त्यसको तेल बिक्री गर्ने जातिलाई तेली भन्ने गरिन्छ ।

परम्परागत रूपमा तोरी खरीद गरी त्यसको तेल पेलेर तेलको व्यवसाय गर्ने जाति नै तेली हो । अचेल यस जातिका मानिसहरू यसबाहेक विभिन्न पेसा व्यवसाय तथा जागिरमा संलग्न भएको पाइन्छ । तराई/मधेसमा यस जातिका मानिसहरू 'साहु' संज्ञाले बढी चिनिन्छन् (चौधरी, सन् २०१५, पृ. ८३) । उपन्यासमा नथुनी तेलीको माध्यमबाट मधेसको तेली जातिको प्रतिनिधित्व गराइएको स्पष्ट छ । मधेसी आयोगले प्रकाशन गरेको प्रतिवेदनमा तेली जातिका थरहरूको सूची दिइएको छ । यस प्रतिवेदनमा साह, शाह, तेली, साहु, साहू, गुप्ता, गुप्त, नायक, प्रसाद, चौधरी, सेठ थरहरूलाई तेली जातिका थरअन्तर्गत राखिएको पाइन्छ (नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८, पृ.१८) । उपर्युक्त साक्ष्यमा उपन्यासकार गौतमले नथुनी तेलीको माध्यमबाट सीमान्तीकृत मधेसी तेली समुदायको प्रतिनिधित्व गराएका छन् ।

विवेच्य उपन्यासमा मधेसी समुदाय र मधेसी संस्कृतिसँग सम्बन्धित धेरै पात्रहरूलाई प्रतिनिधित्व गराइएको छ । उपन्यासकार गौतमले धेरै पात्रहरूका जातीय पहिचान नखुलाए पनि उपन्यासको कथ्यवस्तु मधेसको विषयवस्तुमा केन्द्रित रहेको र ती पात्रहरू गैरमधेसी समुदायको नभएकाले तिनलाई मधेसी समुदायको प्रतिनिधित्वअन्तर्गत राखेर अध्ययन गरिएको छ । यस उपन्यासमा लोहार जातिको पात्रको बारेमा यस्तो उल्लेख गरिएको छ, "कहिलेकाहीँ बरेवाको भुइँमा घाँसहरू सुकेपछि ठिटाठिटीहरू यहाँसम्म पनि घाँस काट्न आउँथे, कलुवा लोहारको भाथीमा, आ-आफ्नो खुर्पीमा सान हालेर" (पृ. ६५) । यस साक्ष्यमा मधेसको लोहार जातिको बारेमा उल्लेख गर्दै उसको परम्परागत पेसाको बारेमा सङ्केत गरिएको छ । मधेसी लोहार जातिले भाथीको सहायताले खुर्पी, हँसिया, कोदालो, फाली आदिमा पाइन लगाउनुका साथै यस्तै प्रकारका फलामसँग सम्बन्धित काम गर्ने तथ्यलाई प्रस्तुत प्रसङ्गले उजागर गरेको छ । लोहार मधेसी समुदायको एउटा जाति हो । मधेसी आयोगद्वारा प्रकाशित प्रतिवेदनमा लोहार जातिअन्तर्गत ठाकुर, विश्वकर्मा, शर्मा, लोहार, वर्मा, सुतिहार, मिस्त्री, घतानी थरहरूलाई समावेश गरिएको छ (नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८, पृ. ३५) । प्रस्तुत साक्ष्यको माध्यमबाट मधेसी समुदायको लोहार जातिको प्रतिनिधित्व गराइएको छ ।

*अलिखित* उपन्यासमा विसन राउतकी भान्जी फुलुवाको बारेमा यस्तो उल्लेख गरिएको छ, "घरमा एउटी भान्जी थिई । फुलवा । लोग्नेले छाडिदिएको थियो तर किन छाडेको, फुलवालाई देखेर यो कसैले भन्न सक्तैन । गाउँका लागि नसुहाउने गरी राम्री" (पृ.७४) । यस साक्ष्यमा विसुन राउतकी भान्जी फुलवाको बारेमा उल्लेख गरिएको छ । पतित्यक्ता फुलवा आफ्नो घरबाट निष्काशन गरिएकी महिला पात्र हो, यसको माध्यमबाट मधेसी समुदायको प्रतिनिधित्व गराइएको छ ।

**(ग) मधेसी दलित समुदायको प्रतिनिधित्व**

*अलिखित* उपन्यासमा सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक हिसाबले उपेक्षित पात्रलाई मधेसी दलित पात्रका रूपमा उपस्थापन गरिएको छ । मधेसमा आर्थिक हिसाबले कमजोर जाति र वर्ग नै दलितका नामले अभिशप्त जीवन बाँच्न बाध्य रहेको तथ्यलाई उपन्यासमा चित्रण गरिएको छ । सामाजिक, आर्थिक हिसाबले उपेक्षित र दलनमा परेका श्रमजीवी समूह र वर्ग अनि शिल्पी समूह नै मधेसी दलितअन्तर्गत राखिएको पाइन्छ । तिनीहरू सबै हिसाबले सीमान्तीकृत जीवन बाँच्न बाध्य रहेका छन् । यस उपन्यासमा मुसहर जातिको पात्र रामफल माझीको बारेमा यस्तो उल्लेख गरिएको छ :

> गाउँमा रामफल माझी सबभन्दा ठूलो झारफुके मानिन्थ्यो । जातको मुसहर तर देवीसाधना सशक्त रूपमा गरेको थियो । चाहेको भए मिनेटमा धनी हुन सक्थ्यो । तर यस्ता साधनबाट आफू धनी बन्नु हुँदैन, लोकोपकार गर्नुपर्छ, यस्तो एउटा सिद्धान्त प्रचलित थियो गाउँमा । जसको परिणाम के भयो भने रामफल नाङ्गो जीउ कैयौँ कोसपरको गाउँमा जान्थ्यो । (पृ. ३९)

उपर्युक्त साक्ष्यमा मधेसी दलित मुसहर जातिको पात्रका रूपमा रामफल माझीको प्रतिनिधित्व गराइएको छ । धामीको रूपमा उपस्थापन गरिएको रामफल माझी जीउमा कपडा विना नै कैयौँ कोसपरको गाउँमा फुकफाक गर्न जानुले उसको दयनीय आर्थिक अवस्थाको सङ्केत गर्दछ किनभने ऊसँग रुपियाँ भएको भए उसले शरीर ढाक्ने वस्त्र अवश्य खरीद गर्थ्यो । गाँस, बास र कपास आधारभूत आवश्यकताअन्तर्गत पर्दछन् यहाँनेर तीमध्ये कपासको समेत जोहो गर्न असमर्थ रहेको रामफल माझीको हैसियतले उसको चरम गरिबीलाई सङ्केत गर्दछ । मुसहर मधेसी दलित जाति हो । रिस्लेलाई उद्धृत गर्दै दीपक चौधरी प्रस्तुत गर्छन्, मुसोको आहारा गर्ने जाति 'मुसहर' हो (चौधरी, सन् २०१५, पृ.

१३८) । मुसहर पात्रले सीमान्तीकृत मधेसी दलित मुसहर समुदायको किनारीकृत पात्रको प्रतिनिधित्व गरेको छ ।

नेपालमा बसोबासको आधारमा यहाँका दलितहरूलाई पहाडी मूल र मधेसी मूल दलित गरी दुई समूहमा वर्गीकरण गरिएको छ । यस आधारमा तराई मधेसमा बसोबास गर्ने मुसहर जातिलाई मधेसी दलितअन्तर्गत राखिएको छ (रसाइली, २०७६, पृ. १०२–१०३) । शरीर ढाक्नका लागि एक सरो कपडा किन्ने हैसियतसमेत नहुनुले मुसहर जातिको पात्र रामफल माझीको आर्थिक पछौटेपनलाई इङ्गित गर्दछ । यस प्रसङ्गमा उसको दीनहीन अवस्थालाई उजागर गरेको छ । पहाडी मूलका दलितभन्दा मुसहरहरू सामाजिक तथा आर्थिक रूपमा अत्यन्त पछाडि परेका छन् (भगत, २०७०, पृ. २२२) । यस प्रसङ्गमा मधेसी दलित समुदायको अतिसीमान्तीकृत मुसहर जातिको प्रतिनिधित्व गराइएको स्पष्ट छ ।

*अलिखित* उपन्यासमा मधेसी दलित समुदायअन्तर्गत पर्ने मुसहर जातिको अर्को पात्र गोकुलको प्रतिनिधित्व गराइएको छ । यस उपन्यासमा मुसहर जातिको पात्र गोकुलको बारेमा यस्तो उल्लेख गरिएको छ :

> ... गोकुल मुसहरको सुँगुरको खोरबाट दुइटा सुँगुर निस्केर दर्शकहरूतिर लम्के । तीमध्ये एउटा सुँगुर त सोझो थिया, अर्को झन् दुब्लोचाहिँ सुँगुर दर्शकहरूको बीचमा सोझै पसेर, टोक्ने, चिथोर्ने, गर्न थाल्यो । दर्शकहरूमा भागाभाग मच्चियो र केही जना भाग्ने क्रममा सुँगुरमाथि नै लडे पनि । एकैछिनपछि थाहा भयो । त्यो सुँगुर होइन, स्वयम् गोकुल मुसहर नै रहेछ, जसले प्रहसनका लागि आफू सुँगुर बन्दै वास्तविक सुँगुरलाई आफ्नो विश्वासमा लिएको रहेछ । (पृ. २३७)

उपर्युक्त साक्ष्यमा गोकुल मुसहरको आर्थिक अवस्थाको चित्रण गर्दै उसको अत्यन्त कष्टकर जीवनशैलीको वर्णन गरिएको छ । गोकुलको अरू पेसा व्यवसाय नभएकोले आजीविका चलाउनका लागि सुँगुर पालन गरेको तथ्यलाई यस प्रसङ्गले उजागर गरेको छ । गोकुल मुसहरको खोरबाट दुइटा सुँगुर निस्केकोमा एउटा साँच्चिकैको सुँगुर रहेको र अर्को सुँगुर नभएर कालोमैलो, फोहोरी सुँगुरको आवरणमा गोकुल मुसहर स्वयम् रहेको तथ्यले उसको दीनहीन अवस्थालाई प्रस्ट पारेको छ । यस साक्ष्यको माध्यमबाट मधेसी दलित समुदायको मुसहर जातिको सीमान्तीकृत अवस्थाको प्रतिनिधित्व गराउन खोजिएको छ ।

*अलिखित* उपन्यासमा सीमान्तीकृत मधेसी दलित समुदायको अल्प प्रतिनिधित्व रहेको तथ्य पुष्टि हुन्छ ।

*अलिखित* उपन्यासमा मधेसी दलित समुदायको चमार जातिका पात्रहरूको बारेमा यस्तो चित्रण गरिएको छ, "…. छाला चमारहरूले काढेर लगेका थिए । अब गाईको रातो मासुले भरिएको बीभत्स शरीर थियो । आधा घण्टापछि तिनीहरूले फर्कँदा देखे । गाईमाथि गिद्ध र कुकुरहरूको हमला छ । आँखा लुछिसकेका थिए । त्यहाँ एउटा खोबिल्टो थियो, आँखाको फ्रेम" (पृ. १६१) । यस साक्ष्यमा चमार पात्रहरूको अतिसीमान्तीकृत अवस्थाको वर्णन गर्दै तिनका अत्यन्त दुरुह जीवनशैलीको बारेमा प्रकाश पारिएको छ ।

सामाजिक संरचनामा प्रतिस्पर्धामा उत्रन नसक्ने मधेसी दलित चमारहरू अपहेलित र उपेक्षित जीवन बाँच्न बाध्य रहेको तथ्यलाई प्रस्तुत प्रसङ्गले उजागर गरेको छ । रिस्लेलाई उद्धृत गर्दै दीपक चौधरी उल्लेख गर्छन् 'चमार' शब्द संस्कृतको चर्मकार शब्दबाट अपभ्रंश हुँदै निर्माण भएको शब्द हो (चौधरी, सन् २०१५, सन् १४१) । चर्म अर्थात् छालाको काम गर्ने जातिलाई चमारको संज्ञा दिइएको पाइन्छ । मधेसमा चमार जातिको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक अवस्था सीमान्तीकृत रहेको पाइन्छ । उनीहरू समुदायमा अपहेलित र उपेक्षित जीवन बाँच्न बाध्य देखिन्छन् । नेपालमा दलितका अवस्था साह्रै नै दयनीय रहेको छ यद्यपि खस-पर्वते र नेवार दलितका तुलनामा मधेसी दलितको अवस्था गम्भीर र दर्दनाक रहेको छ (आहुति, २०६७, पृ. १८५) । यस साक्ष्यमा मधेसी दलित समुदायको चमार पात्रहरूको दयनीय अवस्थाको प्रतिनिधित्व गराइएको छ ।

### (घ) मधेसी मुस्लिम समुदायको प्रतिनिधित्व

*अलिखित* उपन्यासमा मिश्रित समुदायको बसोबास रहेको चित्रण गरिएको छ । उपन्यासमा मधेसी मुस्लिम पात्रको चित्रण गरिएको पाइन्छ । यस उपन्यासमा फरिद मियाँको बारेमा उपन्यासमा यस्तो उल्लेख गरिएको छ :

> फरिद मियाँ, खसीहरू लगेर काठमाडौँमा बेच्छ । त्यो पनि त्यस्तै सोच्छ, थोरै नाफा र धेरै आशाले गर्दा । एकपटक उसका धेरै खसीहरू काठमाडौँ पुग्नासाथ मरेका थिए, जसलाई उसले चौथाइ मोलमा बेचेर फर्कनु परेको थियो । आखिर त्यो घाटा,कक लगातार चार पाँच पटक खसी नलगी कसरी पूरा हुन्छ ? (पृ. १४६)

उपर्युक्त साक्ष्यमा फरिद मियाँ निम्न वर्गीय खसी व्यापारी रहेको प्रस्ट पार्दै उसको दयनीय अवस्थाको चित्रण गरिएको छ । उसले गर्ने खसीको व्यापार निकै नै जोखिमपूर्ण रहेको तथ्यलाई यस प्रसङ्गमा उजागर गर्दै उसको बाध्यतालाई दर्शाउन खोजिएको छ । काठमाडौं खसी लैजाँदै गर्दा खसी बाटैमा मरेर आफूले किनेको मोलभन्दा निकै सस्तो एक चौथाइ मूल्यमा बिक्री गर्नु परेको तथ्यले फरिद मियाँको घाटाको व्यापारलाई इङ्गित गर्दछ । प्रस्तुत साक्ष्यमा फरिद मियाँको माध्यमबाट मधेसी मुस्लिमको प्रतिनिधित्व गराउन खोजिएको छ । यस उपन्यासमा सलिमा मुस्लिमको उपस्थापन गरिएको छ । सलिमाको बारेमा उपन्यासमा यस्तो उल्लेख गरिएको छ :

> ....सलिमा गाउँमा एउटा सानो पसल थापेर आफ्नो काम चलाउँथ्यो । ऊ गढ, बरियारपुर र कलैयाका बजारहरूमा माल किन्थ्यो र आफ्नो पसलमा नाफा लिएर बेच्ने गर्थ्यो । पसलमा धेरै मानिस आउँथे र धेरै मानिसले उसको उधारो खाएका थिए । त्यसकारण ती उसका कुरा सुन्न उत्सुक रहन्थे । (पृ. २१८)

उपर्युक्त साक्ष्यमा सलिमालाई निम्न वर्गीय व्यापारीको रूपमा चिनाउँदै उसको दीनहीन अवस्थाको वर्णन गरिएको छ । नजिकका बजारहरूबाट दैनिक सामान किनेर ल्याई आफ्नो पसलबाट बिक्री वितरण गरी आफ्नो आजीविका चलाउने सलिमाको माध्यमबाट मधेसी मुस्लिमको प्रतिनिधित्व भएको स्पष्ट छ ।

विवेच्य उपन्यासमा सलिमाका दाजु अब्दुलको बारेमा यस्तो उल्लेख गरिएको छ, “सलिमाको दाजु अब्दुल नजिकको कुनै गाउँमा निकै सम्पन्न मानिसका रूपमा चर्चित थियो । आसपासका गाउँहरूमा धनी र धूर्त मानिसहरूको नाउँ लिँदा अब्दुलको नाउँ पहिलो-दोस्रोमै लिइन्थ्यो” (पृ. २४९) । यस साक्ष्यमा सलिमा मुस्लिमको दाजु अब्दुललाई सम्भ्रान्त वर्गको पात्रको रूपमा चित्रण गरिएको छ । अब्दुललाई धनीका साथसाथै बाठो व्यक्तिका रूपमा प्रस्तुत गरिएको देखिन्छ । अब्दुल नामबाटै मधेसी मुस्लिमको प्रतिनिधित्व भएको स्पष्ट छ । उपन्यासमा अब्दुलकी छोरीको बारेमा यस्तो उल्लेख गरिएको छ, “अब्दुलकी छोरीको बिहामा जन्तीलाई गाईको मासु ख्वाइयो र त्यो मासु मुग्लान गएर ल्याउने सलिमा थियो” (पृ. २५०) । यस साक्ष्यमा अब्दुलकी छोरीको वर्णन गर्दै मधेसी मुस्लिम पात्रको प्रतिनिधित्व गराउन खोजिएको छ । *अलिखित* उपन्यासमा मधेसी मुस्लिम समुदायका पात्रको अल्पप्रतिनिधित्व गराइएको छ ।

### ३.३.२ उलार उपन्यासमा जातीय प्रतिनिधित्व

नेपालको बहुजातीय संरचना मधेसी समुदायमा पनि विद्यमान रहेको छ । मधेसी समुदायको विषयवस्तुलाई आधार बनाएर लेखिएको *उलार* उपन्यासमा पनि विविध जातजाति एवम् जनजातिका विषयवस्तुहरूको यथोचित उपस्थापन गरिएको पाइन्छ । *उलार* उपन्यासमा प्रयुक्त विविध जातीय पात्र एवम् तिनका प्रतिनिधित्वको अवस्थाबारे यहाँनेर विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

#### (क) मधेसी आदिवासी जनजाति समुदायको प्रतिनिधित्व

*उलार* उपन्यासमा मधेसी आदिवासी जनजाति थारू समुदायको पात्र लौटनसिंह थारूको चित्रण गरिएको छ । उसलाई गौण भूमिकाका प्रस्तुत गराइए पनि प्रभुत्वशाली पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ । शक्तिशाली भूमिकामा रहेको आदिवासी थारू समुदायका लौटनसिंह थारूलाई उपन्यासमा यसरी चित्रण गरिएको छ, "....पञ्चायतका पालामा ननकउले लौटनसिंह थारूको पछिपछि लागेर पक्की घर ठड्याएको कुरा पनि उसलाई थाहा छ" (पृ. ३९) । मधेसी आदिवासी जनजाति थारू समुदाय आर्थिक पछौटेपनको समस्या भोग्नुका साथै मूलधारबाट वञ्चितीकरणको पीडासमेत भोग्दै आएको प्रस्ट छ । उपन्यासमा लौटनसिंह थारूको उत्पादनका साधनमा स्वामित्व देखाइएको छैन । कथ्यवस्तुमा लौटनसिंह थारूलाई मन्त्री पदमा मनोनित गरेको देखाइएकोले उक्त सन्दर्भमा उसले अभिजात वर्गको प्रतिनिधित्व गरेको देखिन्छ । पञ्चायतकालीन मन्त्रीका रूपमा उपस्थापन गरिएका लौटनसिंह थारू शक्तिसम्बन्धका हिसाबले प्रभुत्वशाली पद ओगटेकाले उसको अभिजात वर्गीय प्रतिनिधित्वलाई इङ्गित गर्दछ । यस सन्दर्भमा मधेसी आदिवासी जनजाति थारू समुदायका लौटनसिंह थारूको प्रभुत्वशाली प्रतिनिधित्व गराइएको प्रस्ट छ ।

#### (ख) मधेसी समुदायको प्रतिनिधित्व

*उलार* उपन्यासको मुख्य पात्र प्रेमललवाले मधेसी समुदायको प्रतिनिधित्व गरेको छ । उपन्यासको कथ्यवस्तुमा कहीँ पनि प्रेमललवाको जातीय पहिचानबारे उल्लेख गरिएको छैन यद्यपि प्राक्कथन खण्डमा उसलाई उपन्यासकारले नेपालगञ्जको चिडीमार जातिको पात्र भनेकोले प्रेमललवा मधेसी समुदायको रहेको कुरा प्रस्ट हुन्छ । उपन्यासकार पाण्डेको प्रेमललवाको जातीय पहिचानसँगको अभिव्यक्ति यस प्रकार रहेको छ, "प्रेमलाल हाम्रो घरमा बेलाबेला घरायसी काम सघाउन आउने हसनु चिडिमारको छोराको नाम हो । केही वर्ष

अघिसम्म त्यसले रिक्सा चलाउँथ्यो” (पाण्डे, २०६५, पृ. बे.) । प्रेमललवाको माध्यमबाट मधेसी समुदायको चिडिमार जातिको पहिचान गराउनुका साथै सोही जातिको प्रतिनिधित्वसमेत गराइएको स्पष्ट छ ।

नेपाल सरकारको सम्मानित संस्था मधेसी आयोगद्वारा प्रकाशित ‘नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८’ को जातीय क्रम सङ्ख्याको ४९ औं क्रममा चिडिमार जाति र यसका थरहरू भनेर उल्लेख गरिएकोले चिडिमार मधेसी समुदायको जाति हो भन्ने कुराको पुष्टि हुन्छ (मधेसी आयोग, २०७८, पृ. १६) । प्रेमललवाले सीमान्तीकृत मधेसी समुदायअन्तर्गत पर्ने चिडिमार जातिको प्रतिनिधित्व गरेको छ । उपन्यासको प्रमुख महिला पात्र द्रौपदी र उसको परिवारले मधेसी समुदायको वादी जातिको प्रतिनिधित्व गरेका छन् ।

कथ्यवस्तुमा द्रौपदीको पेसाबारे उद्घाटन गरिएको छ । आर्थिक हिसाबले सीमान्तीकृत वादी जातिकी महिला द्रौपदी परपुरुषसँग शारीरिक सम्पर्क राखेर आफ्नो पारिवारिक गुजारा चलाउन बाध्य रहेकी सामाजिक यथार्थमाथि प्रकाश पारिएको छ । नेपाल सरकारको मधेसी आयोगद्वारा प्रकाशित ‘नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन,२०७८’ को जातीय क्रम सङ्ख्याको ९५औं क्रममा वादी (बादी ) जाति र यसका थरहरू भनेर उल्लेख गरिएकोले वादी मधेसी समुदायको जाति हो भन्ने कुरा पुष्टि हुन्छ ( मधेसी आयोग, २०७८, पृ. १६) । उपन्यासमा मुख्य महिला पात्र द्रौपदीको जातीय पहिचानलाई यसरी चिनाइएको छ, “...द्रौपदी उसको अँगालोमा टाँसिइरही । उसले मायाले सुम्सुम्याई मात्र रह्यो । उसले द्रौपदीमा त्यतिखेर ‘रन्डी देखेन । वेश्या देखेन । वदिनी देखेन” (पृ. १६) । यस सन्दर्भमा द्रौपदीको वादी जातीय पहिचान खुलाइएको छ । प्रस्तुत कथ्यमा द्रौपदीलाई मधेसी समुदायको वादी जातिकी महिला पात्रका रूपमा प्रतिनिधित्व गराइएको प्रस्ट देखिन्छ । द्रौपदीकी आमा, द्रौपदीका बाबु, छोरी सीता सबैजनाले मधेसी समुदायको वादी जातिका भए पनि आर्थिक अभावका कारण द्रौपदीको परिवारले देहव्यापार पेसा अपनाएको हो भन्ने सन्दर्भलाई उपर्युक्त साक्ष्यले पुष्टि गरेको देखिन्छ । उपन्यासमा वादी समुदायकी द्रौपदीलाई कथावस्तुको सहायक पात्र र मुख्य महिला पात्रका रूपमा उपस्थापन गरिएको छ । द्रौपदीका परिवारका बाँकी सदस्यहरूलाई उपन्यासमा गौण भूमिका प्रदान गरिएको छ ।

उपन्यासमा गुप्तालाई अर्काकोमा काम गर्ने श्रमिक वर्गको पात्रका रूपमा चित्रण गरिएको छ । उसलाई चलचित्रको प्रचारप्रसारका निम्ति माइकिङ गर्ने श्रमिकको रूपमा चित्रण गरिएको छ, "...माइक, माइक ब्याट्री, माइकमा बोल्ने गुप्तासहित टाँगा नगर परिक्रमामा व्यस्त भयो" (पृ. १०) । गुप्ता नामको पात्रले मधेसी समुदायको कुनै जातजाति र जनजातिलाई जनाउनुभन्दा पनि मधेसका धेरै समुदायका थरलाई जनाउँछ ।

मधेसमा गुप्ता नामको कुनै जाति अस्तित्वमा नरहेको तथ्य मधेसी आयोगको प्रतिवेदन २०७८ बाट पुष्टि हुन्छ । मधेसमा विभिन्न जातजातिमा गुप्ता थर लेख्ने चलन रहेको पाइन्छ । मधेसी आयोगवाट प्रकाशित नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८ मा अग्रहरि, कथबनियाँ, कमलापुरी वैश्य, कलवार, कानु, तेली, दोसर वैश्य, बरनवाल, मारवाडी, रौनियार, सुडी, सोनार, हलुवाई जातिहरूमा गुप्ता थर लेख्ने उल्लेख गरिएको छ (मधेसी आयोगको प्रतिवेदन, २०७८, पृ. ५) । गुप्ता नामक पात्रले मधेसी समुदायकै जातिका थरलाई सङ्केत गरेकाले यसले मधेसी समुदायकै प्रतिनिधित्व गरेको पुष्टि हुन्छ ।

गुप्ताको बारेमा उपन्यासमा यसरी व्यक्त गरिएको छ, "कलुवा, पोस्टर, माड, माइक ब्याट्री, माइकमा बोल्ने गुप्तासहित टाँगा नगर परिक्रमामा व्यस्त भयो" (पृ. १०) । यस साक्ष्यले गुप्ता नामक पात्रले मधेसी समुदायको प्रतिनिधित्व गरेको देखिन्छ । यस उपन्यासमा मधेसी समुदायको कलुवाको बारेमा यसरी चित्रण गरिएको छ, "कलुवाको यो घर घसियारन टोलमा पर्छ । ऊ जातले पनि घसियारा नै हो । ऊ आफूले घसियाराको काम उहिले ने गर्न छाडे पनि उसकी स्वास्नी र आमा अझै यही काममा छन्" (पृ. ३६) । घसियाराले घाँस काटेर बजारमा लगी बिक्री वितरण गरी जीविकोपार्जन गर्ने समुदायलाई इङ्गित गर्दछ । प्रस्तुत कथनमा कलुवा र उसको परिवारलाई घसियारा भनिएको छ । पाण्डेले यस उपन्यासमा घसियारा जातिको संज्ञा दिए तापनि मधेसी समुदायमा घसियारा जातिको उल्लेख भने पाइँदैन । उपन्यासकारले यस उपन्यासमा नेपालगञ्जको स्थानीय तहमा बसोबास गर्दै आएका पिछडिएका र अल्पसङ्ख्यक घसियारा समुदायको यथार्थ प्रतिनिधित्व गराएका छन् ।

नेपालगञ्जको स्थानीय तहमा सीमान्तीकृत, पहिचानविहीन घसियारा जातिको बसोबास रहेको छ । उपन्यासकार पाण्डेले नेपालगञ्जको स्थानीय तहमा बसोबास गर्ने

घसियारा जातिको न्यून प्रतिनिधित्व गराएको देखिन्छ । उपन्यासमा देहव्यापार पेसा अपनाएका सावित्री र कुन्तीका जातीय सन्दर्भका बारे कतै उल्लेख नगरिएकाले तिनका जातीय प्रतिनिधित्वबारे यकिनका साथ उल्लेख गर्न भने गाह्रो छ । त्यसैगरी गौण पात्र ननकउको जातीय पहिचानबारे कतै केही पनि उल्लेख नगरिएकोले जातीय प्रतिनिधित्वबारे व्याख्या गर्न सहज देखिँदैन । उसको जातीय पहिचान स्पष्ट छैन ।

### (ग) मधेसी मुस्लिम समुदायको प्रतिनिधित्व

मधेसमा धार्मिक अल्पसङ्ख्यक मुस्लिम समुदायको पनि बसोबास पाइन्छ । *उलार* उपन्यासमा मधेसी मुस्लिमको जातीय प्रतिनिधित्व गराइएको छ । प्रेमललवाले मुस्लिम समुदायका इस्माइलबाट टाँगा सिकेको सन्दर्भलाई उपन्यासले यसरी प्रस्तुत गरेको छ, "घोडी किनेपछि उसले एक महिनाजति इस्माइललाई टाँगा चलाउन लगाएर आफू इस्माइलसँगै हेल्पर जस्तो भएर बस्यो । वास्तवमा उसलाई टाँगा चलाउन सिक्नु थियो" (पृ. ९) । यस साक्ष्यमा उपन्यासकार पाण्डेले इस्माइल भन्ने पात्रको माध्यमबाट मधेसी मुस्लिम पात्रको प्रतिनिधित्व गराएका छन् ।

इस्माइलको नामबाटै ऊ मुस्लिम समुदायको भएको स्पष्ट हुन्छ । नेपाली समुदाय बहुलतायुक्त छ र यहाँ मान्छेको नामबाटै पनि कतिपय जातजाति एवम् जनजातिको छुट्टै जातीय पहिचान थाहा पाउन सकिन्छ । यस उद्धरणमा इस्माइलले मुस्लिम जातीय पहिचानका साथसाथै मुस्लिम जातीय प्रतिनिधित्वसमेत गरेको देखिन्छ । त्यसैगरी अर्को प्रसङ्गमा अर्का मुस्लिम पात्र असलमका बारेमा यसरी प्रस्तुत गरिएको छ, "के ल्याइस् बे काठमाडौँबाट ? टाँगावाल असलमले सोध्यो । प्रेमललवाले उत्तर दिएन" (पृ. ५३) । यस साक्ष्यमा असलमले मधेसी मुस्लिमको प्रतिनिधित्व गरेको छ । असलम भन्ने नाम गैरमुस्लिम समुदायमा भेटिँदैन । यस सन्दर्भमा असलमले मधेसी मुस्लिमको पहिचान र प्रतिनिधित्व गरेको छ ।

*उलार* उपन्यासमा मधेसी आदिवासी जनजाति थारू समुदायका लौटनसिंह थारूको प्रभुत्वशाली प्रतिनिधित्व रहेको छ भने उपन्यासको मुख्य पात्र प्रेमललवा मधेसी समुदायको चिडिमार जातिको रहेको प्रस्ट छ । गुप्ता नामक पात्र अनि घसियारा जातिका कलुवा र उसकी पत्नी भौजीले मधेसी समुदायकै प्रतिनिधित्व गरेका छन् । त्यसैगरी इस्माइल र असलमहरूले मधेसको धार्मिक अल्पसङ्ख्यक मुस्लिम समुदायको प्रतिनिधित्व गरेको

पाइन्छ । यस उपन्यासमा जातीय पहिचान र प्रतिनिधित्वका हिसाबले मधेसी समुदायको चिडिमार जातिको प्रेमललवा, गुप्ता, घसियारा जातिका कलुवा र उसकी श्रीमती भौजी अनि मधेसको धार्मिक अल्पसङ्ख्यक इस्माइल र असलमको न्यून प्रतिनिधित्व गराइएको छ ।

### ३.३.३ घुर उपन्यासमा जातीय प्रतिनिधित्व

मधेसमा बसोबास गर्ने बहुजातीय संरचनाको प्रतिविम्बन *घुर* उपन्यासमा प्रस्ट देख्न सकिन्छ । यस उपन्यासमा मधेसमा बसोबास गर्ने मधेसी तथा गैरमधेसी समुदायका पात्रहरूको वास्तविक चित्रण गरिएको छ । विवेच्य उपन्यासमा मधेसी समुदायका आदिवासी जनजाति, मधेसी, दलित र मुस्लिम समुदायका पात्रहरूको चित्रण गरिएको छ भने गैरमधेसी समुदायअन्तर्गत पर्वते समुदायका पात्रहरूको उपस्थापन गरिएको छ । प्रस्तुत अनुसन्धान मधेसी प्रतिनिधित्वमा केन्द्रित रहेकोले यहाँ मधेसमा बसोबास गर्ने विभिन्न जातजाति, जनजाति, दलित तथा मुस्लिम समुदायको प्रतिनिधित्वबारे विश्लेषण गरिएको छ ।

#### (क) मधेसी आदिवासी जनजाति समुदायको प्रतिनिधित्व

*घुर* उपन्यासमा मधेसका आदिवासी जनजातिका पात्रहरूको चित्रण गरिएको छ । यस उपन्यासमा मूलभूत रूपमा मधेसको आदिवासी जनजाति थारू समुदायका पात्रको उपस्थापन गरिएको छ । प्रस्तुत उपन्यासमा थारू समुदायका पात्र भवनन्द माझीको बारेमा यस्तो उल्लेख गरिएको छ, "....यहीँ उपचार हुन सक्ने बिरामीलाई अन्त लान रेफर गरिन्छ । सक्नेले लान्छन् । नसक्ने बिचरा यहीँ थन्किन्छन् । पछि भवनन्द माझीले क्षमायाचना गरे" (पृ. ३७) । प्रस्तुत उद्धरणमा प्रयुक्त भवनन्दको माझी थरले मधेसको आदिवासी जनजाति थारू समुदायलाई इङ्गित गर्दछ तसर्थ भवनन्द माझीले मधेसी आदिवासी जनजाति थारू समुदायको प्रतिनिधित्व गरेको छ । प्रस्तुत उपन्यासमा सोही समुदायकै बुधनीदेवी थारूको बारेमा यस्तो उल्लेख गरिएको छ :

> बुधनीदेवी थारूका पाखुरादेखि नाडीसम्म गोदना गोदिएका थिए । कुन्ताकी काली बुधनीदेवी थारू, गोदनाका कारण झन् काली देखिन्थिन् । कालो रङको घाँटीलाई बेरेर बसेको मोहरको सेतो माला टलक्क टल्कन्थ्यो । बुधनीदेवी थारूले हलचल गर्दा त्यो 'छनछन' बज्थ्यो । बुधनीदेवी थारूको गतिमा गतिमान हुने र निश्चलतामा टक्क अडिने त्यो मोहरको माला मलाई निकै मन पर्‍यो । (पृ. ७०)

उपर्युक्त साक्ष्यमा मधेसी आदिवासी जनजाति थारू समुदायकी महिला बुधनी देवी थारूको जातीय पहिचान झल्किने गरी वर्णन गरिएको छ । मधेसी आदिवासी जनजाति थारू समुदायका महिलाहरूले शारीरिक सौन्दर्य अभिवृद्धिका लागि हातका पाखुरामा र गर्दन वरिपरि गोदना गोदाउने प्रचलन रहेको छ । यसका साथै तिनले गरगहनाका रूपमा सिक्का र मोहरका माला बनाएर घाँटी, हात, पाखुरा आदिमा लगाउने परम्परा रहेको छ । यसले एकातिर थारू समुदायको आदिम संस्कारलाई इङ्गित गर्दछ भने अर्कोतिर तिनका चेतनाको स्तर र आर्थिक पक्षसमेतलाई इङ्गित गर्दछ ।

बुधनीदेवीको नामपछाडि उसको जातीय पहिचान प्रस्टसँग झल्किने थारू शब्द प्रयोग गरिएबाट उसको जातीय पहिचानलाई उजागर गर्दछ । थारू मधेसी आदिवासी जनजाति हो । अतः बुधनीदेवी थारूको माध्यमबाट मधेसी आदिवासी जनजाति थारू समुदायको प्रतिनिधित्व गराइएको स्पष्ट छ । यस प्रसङ्गमा थारू जनजातीय पहिचानका केही सन्दर्भहरू अवश्य आएका छन् । नेपालका आदिवासी जनजातिले जे जसरी जीवन बिताए त्यस किसिमको सङ्घर्षको वैज्ञानिक र वस्तुपरक निरूपण हुन सकेको छैन (चन्द्र, २०८०, पृ. ४१) । यस उपन्यासमा पनि मधेसी आदिवासी जनजाति थारू समुदायको सन्दर्भ मात्र आएको प्रस्ट हुन्छ ।

**(ख) मधेसी समुदायको प्रतिनिधित्व**

*घुर* उपन्यासमा मधेसी समुदायका पात्रहरूको यथार्थ चित्रण गरिएको छ । यस उपन्यासमा मधेसको यादव जातिका पात्रहरूको सटीक प्रस्तुति छ । विवेच्य उपन्यासमा चालकको बारेमा यस्तो उल्लेख गरिएको छ, “गाडी हाँक्ने चालक तेजनारायण यादव सुरुदेखि तयार थिए । आवश्यक कागजी प्रक्रिया पूरा गरी सुरु भयो, उपचार यात्रा” (पृ. ३१) । यस साक्ष्यमा प्रयुक्त सन्दर्भले गाडी चालक मधेसको यादव जातिको रहेको प्रस्ट हुन्छ । उपन्यासकार श्रेष्ठले गाडी चालक तेजनारायणका पछाडि ‘यादव’ लेखेर मधेसको यादव जातिको पहिचानलाई इङ्गित गर्न खोजेका छन् ।

*घुर* उपन्यासमा मधेसी समुदायको मण्डल थर लेख्ने पात्रको बारेमा चित्रण गरिएको छ । मण्डल थरको पात्रको बारेमा कथ्यवस्तुमा यस्तो उल्लेख गरिएको छ, “वीर अस्पतालमा सेवा पुऱ्याइसकेका लक्ष्मण मण्डलले समेत ‘हो’ मा ‘हो‘ मिलाए” (पृ. ३५) । यस साक्ष्यले मधेसी समुदायको पात्रको उपस्थापनलाई स्पष्ट पारेको छ । मधेसी समुदायअन्तर्गत पर्ने

केवट, कोल र धानुक जातिमा मण्डल थर लेख्ने गरेको पाइन्छ । त्यसैगरी मधेसी दलित खत्वे र महतोमा समुदायमा पनि मण्डल थर लेखिन्छ (नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८, पृ. ११–१९) । मधेसी दलितहरू सामाजिक, आर्थिक, राजनीतिक हिसाबले निकै पछाडि परेका र राज्यको मूलप्रवाहमा तिनका पहुँचसमेत नभएकाले नेपालको राजधानी काठमाडौँमा अवस्थित वीर अस्पतालमा कार्यरत लक्ष्मण मण्डल मधेसी समुदायकै पात्र रहेको पुष्टि हुन्छ । उपन्यासकार श्रेष्ठले लक्ष्मण मण्डलको माध्यमबाट मधेसी समुदायको जातीय प्रतिनिधित्व गराउन खोजेका छन् ।

*घुर* उपन्यासमा मधेसको साह थर लेख्ने मधेसी समुदायका पात्रको उपस्थापन गरिएको छ । यस उपन्यासमा मधेसी समुदायको साह थर लेख्ने पात्रको बारेमा यस्तो भनिएको छ, "शिवनारायण साहले सम्पूर्ण जिम्मा लिई छिमेकी देशको बाटो विराटनगर पठाउन चाहे" (पृ. ८०) । यस साक्ष्यको माध्यमबाट मधेसको साह थर लेख्ने मधेसी समुदायको प्रतिनिधित्व गराउन खोजिएको छ । मधेसमा कलवार, कलाल, कानु, केशरी, तुराहा, दोसर वैश्य, बरनवाल, माली र हलुवाई जातिमा साह थर लेख्ने गरिन्छ ( नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८, पृ. ७–३८) । अतः के भन्न सकिन्छ भने शिवनारायण साह मधेसी समुदायको पात्र हो । यस उपन्यासमा यसैगरी मधेसी समुदायका कायस्थ जातिका पात्रको उपस्थापन गराइएको छ । उपन्यासमा कायस्थ जातिको पात्रको बारेमा यस्तो उल्लेख गरिएको छ, "केही बेरमा नानु र अजय कर्णसमेत आइपुगे" ( पृ. ८०) । यस साक्ष्यमा उल्लेख गरिएको अजय कर्णले मधेसको शिक्षित कायस्थ समुदायको प्रतिनिधित्वलाई इङ्गित गर्दछ । मधेसमा बसोबास गर्ने कायस्थ जातिमा कर्णलगायत पैतालीस थरहरू लेख्ने चलन छ (नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८, पृ. ९) । वस्तुतः अजय कर्णको माध्यमबाट मधेसी कायस्थ समुदायको प्रतिनिधित्व गराउन खोजिएको छ ।

**(ग) मधेसी दलित समुदायको प्रतिनिधित्व**

मधेसमा विभिन्न पेसा, व्यवसाय अपनाएर बसेका शिल्पी समूहहरू छन् जसलाई दलित भन्ने गरिएको पाइन्छ । राज्यमा पहुँच नभएका र अवसरबाट वञ्चित यस्तो शिल्पी समूहका पात्रबारे *घुर* उपन्यासमा चित्रण गरिएको छ । यस उपन्यासमा मधेसी दलित बाँतर समुदायको पात्रको बारेमा यस्तो उल्लेख गरिएको छ, "....बेचनी बातर अर्थात् मेरी बालसखा । हामी सँगसँगै सोनराको धूलामा खेलेर हुर्केका थियौँ" (पृ. ४४) । यस साक्ष्यमा

मधेसमा बसोबास गर्ने मधेसी दलित बाँतर समुदायको प्रतिनिधित्व गर्ने बेचनी बाँतरको बारेमा चित्रण गरिएको छ ।

राष्ट्रिय दलित आयोगले मधेसमा बसोबास गर्ने बाँतर जातिलाई मधेसी दलितको सूचीअन्तर्गत राखेको छ (राष्ट्रिय दलित आयोगको मिति २०८०/०१/३१ को निर्णयसँग सम्बन्धित दलित समुदायको जात थर सूचीकरण सम्बन्धी विवरण, पृ.बे) । बेचनीको नामको लगत्तै पछाडि जोडिएको बाँतर शब्दले मधेसी दलित बाँतर जातिको प्रतिनिधित्वलाई उजागर गर्दछ । मधेसका विभिन्न जिल्लामा बसोबास गर्ने बाँतर जातिका मानिसहरू सामाजिक, आर्थिक र राजनीतिक हिसाबले निकै पछि परेका छन् (चौधरी, सन् २०१५, पृ. १५१) । यस उपन्यासमा बेचनी बाँतरको माध्यमबाट मधेसी दलित समुदायको प्रतिनिधित्व गराइएको छ ।

### (घ) मधेसी मुस्लिम समुदायको प्रतिनिधित्व

*घुर* उपन्यासमा धार्मिक अल्पसङ्ख्यक मुस्लिम समुदायका पात्रहरूको उपस्थापन गरिएको छ "…. थुप्रै सकिला बानो र इस्लाम मियाँहरू संलग्न भए" (पृ. ७७) । यस साक्ष्यमा प्रयुक्त नाम सकिला बानो र इस्लाम मियाँहरूले मुस्लिम समुदायलाई इङ्गित गर्दछ । *घुर* उपन्यासमा प्रयुक्त सप्तरी र सिराहा जिल्लाको भावभूमिले त्यहाँ बस्ने मुस्लिम समुदायको प्रतिनिधित्वलाई सङ्केत गरेको छ । उपन्यासको अर्को प्रसङ्गमा मुस्लिम पात्रको यसरी चित्रण गरिएको छ, "….पर्सिपल्ट बिहान, एकजना इस्लाम धर्माबलम्बी उपस्थित भए । नाम थाहा भएन" (पृ. ८१) । यस साक्ष्यमा समाख्याताले इस्लाम धर्मावलम्बी पात्र भनेकाले उक्त पात्र मुस्लिम समुदायको हो भन्ने पुष्टि हुन्छ । धार्मिक आस्थाका आधारमा उपर्युल्लिखित पात्रले मधेसी मुस्लिम समुदायको प्रतिनिधित्व गरेको स्पष्ट छ । यस उपन्यासमा मुस्लिम समुदायमा गरिने अभिवादनको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ, "'सलाम आले कुम' रूपनी पुगेपछि उनले स्थानीय एकजनालाई अभिवादन गरे । आलेकुम सलाम अभिवादितले अभिवादन फर्काए" (पृ.८१) । यस साक्ष्यमा प्रयुक्त सलाम आले कुम र त्यसको प्रत्युत्तरमा प्रयुक्त गरिएको 'आलेकुम सलाम' मूलतः मुस्लिम समुदायमा गरिने अभिवादन हो । यस अभिवादनले मधेसी मुस्लिम समुदायको प्रतिनिधित्वलाई इङ्गित गर्दछ ।

### ३.३.४ गुलरको फूल उपन्यासमा जातीय प्रतिनिधित्व

*गुलरको फूल* उपन्यासमा मधेसका विभिन्न जातजाति एवम् समुदायका पात्रहरूको यथोचित उपस्थापन गरिएको छ । मधेसमा आदिवासी जनजाति, मधेसी, मधेसी दलित र मुसलमान समुदायका मानिसहरूको मिश्रित बसोबास हुनुका साथै गैरमधेसी पर्वते समुदायका मानिसहरूको समेत बसोबास पाइन्छ । प्रस्तुत अध्ययन मधेसी प्रतिनिधित्वमा केन्द्रित रहेकाले यसमा मधेसी आदिवासी जनजाति, मधेसी, मधेसी दलित र मुस्लिमका प्रतिनिधित्वबारे क्रमशः चर्चा गरिएको छ ।

#### (क) मधेसी आदिवासी जनजाति समुदायको प्रतिनिधित्व

*गुलरको फूल* उपन्यासमा मधेसका आदिवासी जनजातिको थारू समुदायका पात्रको प्रतिनिधित्व गराइएको छ । उपन्यासमा थारू समुदायको पात्रका बारेमा यस्तो उल्लेख गरिएको छ, "बजारतिर एउटा चौधरीटोल छ । एक जना चौधरी जमिनदार छन् सौखिनका" (पृ. ८५) । यस साक्ष्यमा मधेसी आदिवासी थारू समुदायको जमिनदारको बारेमा वर्णन गर्नुका साथसाथै उसको वर्गीय हैसियतसमेतलाई प्रस्ट बताइएको छ । मधेसमा चौधरी थर प्रायजसो त्यहाँका रैथाने थारूहरूले लेख्ने गर्दछन् ।

मधेसको वास्तविक समुदायमा मधेसी आदिवासी थारू समुदायका व्यक्तिहरू शासन सत्ताको मूल प्रवाहबाट वञ्चित भई किनारीकरणको समस्या भोग्दै आए पनि उपन्यासको यस प्रसङ्गमा चौधरी जमिनदार शब्दले मधेसको थारू समुदायको सन्दर्भलाई अभिव्यञ्जित गर्दछ । मधेसका आदिवासी जनजाति थारू समुदायका बहुसङ्ख्यक मानिसहरू सामाजिक, आर्थिक र राजनीतिक हिसाबले वञ्चितीकरणको पीडा भोग्दै आएको भए तापनि यस उपन्यासमा प्रयुक्त चौधरी जमिनदारले मधेसी आदिवासी जनजाति थारू समुदायको प्रतिनिधित्व गराइएको स्पष्ट हुन्छ ।

#### (ख) मधेसी समुदायको प्रतिनिधित्व

*गुलरको फूल* उपन्यासमा मधेसका सीमान्तीकृत मधेसी समुदायको प्रतिनिधित्व गराइएको छ । यस उपन्यासमा भारतको भैँसालोटनबाट अवसरको खोजीमा नेपालको फत्तेपुर नजिकको गोठ ृयथो हुनुपर्ने (गोढ) टोलमा बसोबास गरेको तथ्यलाई यसरी उल्लेख गरिएको छ :

> रुदलका दादापरदादाहरू भैँसालोटनकै स्थायी बासिन्दा हन् । जातले मलाह हुन् उनीहरू । सबैले मछुवार भनेर बोलाउँछन् । पुर्खौंदेखि यही मछुवार बस्तीमा बस्छन् । गण्डकमा माछा मार्न र बजारमा लगेर बेच्न उनीहरूको पर्ख्यौली पेसा हो । उनीहरू माछा मार्छन् र नजिकको हाटमा लगेर बेच्छन् । कहिले गाउँमा डुलेर माछासँग अनाज पनि साट्छन् । (पृ. ३७)

उपर्युक्त साक्ष्यले रुदलको मधेसी पहिचान र प्रतिनिधित्वलाई सङ्केत गरेको छ । ऊ भारतको बिहार प्रान्तको भैँसालोटन भन्ने ठाउँबाट बसाइँ सरी सीमावर्ती नेपालको फत्तेपुर भन्ने ठाउँमा आएर बसोबास गरेको कथावस्तु छ । ऊ गण्डक नदीमा माछा मारेर आजीविका चलाउने मधेसी समुदायको पात्र हो । विवेच्य कथनमा ऊ मधेसको गोढी जातिको पात्र भएकाले उसले गण्डक नदीमा माछा मारेर स्थानीय हाटमा र वरपरका गाउँमा समेत कहीँ नगद त कहीँ जिन्सीमा माछा बिक्री गरी जीवनयापन गर्ने तथ्यलाई प्रकट गरिएको छ ।

नदी वा तलाउमा दैनिक माछा मारेर त्यसलाई बिक्री वितरण गरी आफ्ना जहानबच्चा पाल्ने रुदलले मधेसको सीमान्तीकृत जातिको प्रतिनिधित्व गरेको छ । भारतीय गरिब माझी रुदल आफ्नो परिवारसहित नेपालको सीमावर्ती फत्तेपुर गाउँमा बसोबास गरेको विषयवस्तु उद्घाटित छ (शर्मा, २०७१, पृ. क–ख) । यस उद्धरणले उपन्यासको केन्द्रीय चरित्र रुदल मधेसको सामाजिक, आर्थिक र राजनीतिक हिसाबले सीमान्तीकृत गोढी समुदायको प्रतिनिधित्व गरेको प्रस्ट छ ।

*गुलरको फूल* उपन्यासमा मधेसी समुदायका पात्रहरूको जीवन्त चित्रण गरिएको छ । यस उपन्यासमा महतो थरका पात्रको बारेमा यस्तो उल्लेख गरिएको छ :

> ... परैबाट नगिना महतो लखरलखर आइरहेको देखे । उनको मनमा खलदली मच्चियो । झिमिक्क आँखा नझिम्क्याई उतैतिर हेरिरहे । नगिना रुदल भएकै ठाउँमा टुप्लक्क आइपुगे । उनले बडो उत्साहपूर्वक खसीको खबर सुनाए-रुदल भैया ! गंडक मे बान बन्हाई आ पलो बनी ! नेपाल आ भारत दूनू ओर नाहरो बनी ! मालुम भइल कि ना तोहरा ? (पृ. ८)

मधेसी समुदायका सातवटा जाति र दुईवटा आदिवासी जनजातिमा महतो थर लेखिने गरिएको पाइन्छ । मधेसमा कमकड, कहार, कुर्मी, कोईरी, नुनिया, पासी मधेसी समुदायमा

'महतो' थर लेखिन्छ, त्यसैगरी मधेसी आदिवासी जनजाति दनुवार र धानुकमा समेत 'महतो' थर लेखिने गरिन्छ (नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८, पृ. ८–२२) । उपन्यासको कार्यपीठिका गण्डक वरपरको क्षेत्र भएकोले त्यतातिर मधेसी आदिवासी जनजाति दनुवार र धानुकभन्दा पनि मधेसी समुदायका जातिकै महतो थर लेख्ने पात्र हुनसक्ने भन्न सकिन्छ ।

*गुलरको फूल* उपन्यासमा मधेसको राजपुत जातिको पात्रको यथोचित उपस्थापन गरिएको छ, "रुदलको गाउँभन्दा अलि तल राजपुत थरका जमिनदार दुःख पर्दा सबैका आडभरोसा थिए" (पृ. २०) । प्रस्तुत उद्धरणमा प्रयुक्त राजपुतले मधेसी समुदायको राजपुत जातिलाई जनाउँछ । मधेसी आयोगद्वारा प्रकाशित मधेसी समुदायको थर सूचीकरण प्रतिवेदन, २०७८ मा राजपुतलाई मधेसी समुदायअन्तर्गत राखिएको छ (नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८, पृ. ३३) । राजपुत जातिले मधेसी समुदायलाई जनाउँछ ।

*गुलरको फूल* उपन्यासमा भारततिरबाट नेपालमा आएर व्यापार गर्ने एकजना व्यापारीको बारेमा उल्लेख गरिएको छ, "…. व्यापार ठीकै थियो उनको" (पृ. ५८) । यस साक्ष्यले भारततिरबाट नेपालको त्रिवेणीमा आएर व्यापार गर्ने अन्न व्यापारीको बारेमा वर्णन गरिएको छ । मधेसमा मारवाडी समुदायले व्यापार गर्छ या गुप्ता जातिको मानिसले व्यापार गर्छ । उक्त गल्लावाल मारवाडी वा गुप्ता जुनसुकै जातिसँग सम्बद्ध भए पनि त्यसले मधेसी समुदायको जातीय सन्दर्भलाई इङ्गित गर्दछ । भारततिरबाट आएको व्यापारीले मधेसी समुदायको प्रतिनिधित्व गरेको प्रस्ट छ ।

*गुलरको फूल* उपन्यासमा मधेसी समुदायमा गाईभैँसी पालन गर्ने जातिका बारेमा यस्तो उल्लेख गरिएको छ, "ग्वालाहरूको भैँसी पाल्ने र दहीदूध बेच्ने पेसा, पुर्ख्यौली हो" (पृ. ८२) । यस साक्ष्यमा प्रयुक्त ग्वाला मधेसको यादव जातिका विभिन्न थरमध्येको एउटा थर हो । प्रस्तुत साक्ष्यले मधेसमा परम्परागत तवरले गाईभैँसी पालन गर्ने ग्वाला थरले यादव जातिको पुर्ख्यौली पेसालाई इङ्गित गर्दै सोही जातिको प्रतिनिधित्वलाई उजागर गरेको छ । तराईमा विगतदेखि नै खेतीपातीसँगै गाईभैँसी पालन गर्नु यादवहरूको परम्परागत पेसा हो ( चौधरी, सन् २०१५, पृ. ६०) । उपर्युक्त साक्ष्यमा प्रयुक्त 'ग्वाला' शब्दले मधेसको यादव जातिलाई प्रतिनिधित्व गराएको प्रस्ट छ ।

*गुलरको फूल* उपन्यासमा व्यापार गर्ने एकजना भगत नामक पात्रको यसरी उपस्थापन गरिएको छ, "....भगतको दोकानमा गएर एक मुठा बिँडी र एक बट्टा सलाई किनेर लुङ्गीको फेरमा पोको पारे" (पृ. १०६) । भगत मधेसी समुदायको पात्र हो । .प्रस्तुत उद्धरणमा भगतलाई एउटा व्यापारीको रूपमा चित्रण गरिएको छ । मधेसी आदिवासी जनजाति उराँवमा भगत थर लेख्ने गरिएको पाइन्छ । त्यसैगरी मधेसमा कलवार, कोईरी, गडेडीया, बरई, बीन, माली र सुडी समुदायमा भगत थर लेख्ने गरिएकाले भगत मधेसी समुदायकै पात्र हो भन्ने पुष्टि हुन्छ । यस सन्दर्भमा भगत व्यक्तिवाचक नाम नभएर जातिविशेषको प्रतिनिधित्व गराउनका निम्ति प्रयोग गरिएको देखिन्छ (नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८, पृ. ७–३७) । अतः भगत भन्ने पात्रले मधेसी समुदायकै प्रतिनिधित्व गरेको छ ।

*गुलरको फूल* उपन्यासमा चियानास्ताको होटल गर्ने एकजना पात्रको चित्रण गरिएको छ । कथ्यवस्तुमा करमचन नामक पात्रको उपस्थापन यसरी गरिएको छ, "....बाजेले बिहान बेलुकाको दूध करमचनको होटलमा लगेर बेच्छन्" (पृ. १३३) । यस साक्ष्यमा गैरमधेसी पात्र बाजेले आफ्नो गाईभैँसीको दूध स्थानीय तहमै चियाखाजाको होटल सञ्चालन गरेर बसेका करमचनको होटलमा पुऱ्याउने गरेको प्रसङ्गलाई अभिव्यञ्जित गरेको छ । आर्थिक हिसाबले विपन्न कर्मचन्द्र नै अपभ्रंश भएर करमचन भएको देखिन्छ । करमचन नामबाट पनि मधेसको कुनै जातिकै मानिसको प्रतिनिधित्व गराइएको छ ।

*गुलरको फूल* उपन्यासमा मधेसमा फलामको काम गर्ने लोहार जातिको पात्रका बारेमा वर्णन गरिएको छ । यस उपन्यासमा लोहार जातिको पात्रलाई यसरी प्रस्तुत गरिएको छ, "जेठको त्यस्तै चारपाँच गते भएको छ । खुर्पी र फाली पिटाउन लोहारकहाँ गएका छन् रुदल । चौधरी टोलमा छ गजपत लोहारको घर । वरिपरि त्यही एउटा मात्र लोहार छन् । चाँडै गएन भने पालै पाउन गाह्रो हुन्छ" (पृ. १५४) । यस उद्धरणले मधेसमा फलामको काम गर्ने लोहार जातिको सन्दर्भलाई इङ्गित गर्दै सोही जातिको प्रतिनिधित्व गराइएको छ । मधेसमा फलामलाई 'लोहा' भन्ने गरिन्छ । मैथिली र भोजपुरी भाषामा 'लोहा' शब्द प्रयोग गरिने चलन छ । लोहा अर्थात् फलामको काम गर्ने भएकोले गजपतको पहिचान कामसँगै लोहार जातिमा रूपान्तरित भएको देखिन्छ । वास्तवमा भन्नुपर्दा मधेसमा 'लोहार' फलामको काम गर्ने शिल्पी समूह हो (चौधरी, सन् २०१५, पृ. ९१) । गजपत लोहारले मधेसको

शिल्पी समूहको प्रतिनिधित्व गरको प्रस्ट छ । यस उपन्यासमा बढई जातिको पात्रको बारेमा वर्णन गरिएको छ ।

*गुलरको फूल* उपन्यासमा बढई जातिको पात्रको बारे उपस्थापन गरिएको छ । यसको कथ्यवस्तुमा बढई जातिको पात्रको बारेमा यस्तो अभिव्यक्ति छ, "....उही भैँसालोटनकै सोनालाल बढईले बनाएको पहिलकै चारपाई रहेछ । नरिवलको डोरीवाला" (पृ. १६२) । यस उद्धरणले काठको काम गर्ने बढई जातिलाई इङ्गित गरेको छ । पेसासँगै जाति निर्माण भएको बढई जाति मधेसको एउटा शिल्पी समूहअन्तर्गत पर्दछ । मधेसमा यस जातिका मानिसहरू काठसँग सम्बन्धित फर्निचरलगायत अन्य कामकाज गर्दै आएको पाइन्छ । यस जातिका मानिसहरूले काठको हलो, काठका गाडा र विभिन्न खालका फर्निचर बनाउने गर्दछन् । यो उनीहरूको परम्परागत पेसा हो (चौधरी, सन् २०१७, पृ. ९२) । सोनालाल बढईले नरिवलको डोरीले बेरेर बस्न, सुत्न मिल्ने खाट बनाएको सन्दर्भलाई उपर्युक्त उद्धरणले पुष्टि गर्दछ । यहाँ उद्धृत सोनालाल बढईले मधेसी समुदायको शिल्पी समूहको प्रतिनिधित्व गरेको छ ।

*गुलरको फूल* उपन्यासमा मधेसको माछा मार्ने जातिको बारेमा उल्लेख गरिएको छ । मधेसमा माछा मार्ने पेसासँगै उसको जातिको निर्माण भएको देखिन्छ । *गुलरको फूल* उपन्यासमा मछुवारहरूको बारेमा यस्तो उल्लेख गरिएको छ, "....मछुवारहरू डुङ्गामै बसेर छ्वाप्लाङ्ग छ्वाप्लाङ्ग गर्दै पानीमा जाल फ्याँक्दै रहेछन्" (पृ. २२३) । यस साक्ष्यमा माछा मार्ने पेसा भएका 'मछुवार'हरूका जीवनवृत्तिलाई सङ्केत गरिएको छ । मधेसमा बसोबास गर्ने मल्लाह जातिका मानिसहरूको पुर्ख्यौली पेसा नदीनाला, तालतलैया आदिमा माछा मारी बिक्री वितरण गरी जीविकापार्जन गर्नु रहेको छ (चौधरी, सन् २०१५, पृ. ९२) । माछा मार्ने पेसामा आवद्ध भएकाले यस जातिलाई स्थानीय भाषामा 'मछुवार' भनिएको हो । यस उद्धरणमा सोही विषयवस्तुलाई उजागर गर्न खोजिएको छ । मधेसमा बसोबास गर्ने मल्लाह शिल्पी समूह हो । उपन्यासकार प्याकुरेलले मछुवारहरूलाई मधेसको शिल्पी समूहका रूपमा प्रतिनिधित्व गराएका छन् ।

### (ग) मधेसी दलित समुदायको प्रतिनिधित्व

*गुलरको फूल* उपन्यासमा मधेसको सीमान्तीकृत दलित डुम जातिका पात्रको सटीक प्रतिनिधित्व गराइएको छ । कथ्यवस्तुमा डुम जातिको पात्रको बारेमा यस्तो उल्लेख

गरिएको छ, “बजारको डोम बाँसको कर्चीले डगरा, सपा, डेली, टोकरी, बेना, छैँटा, आदि बन्छन् र गाउँगाउँ डलेर बेच्छन्” (पृ. ९०) । यस साक्ष्यले मधेसी दलित डुम जातिको पेसागत कारोबारसमेतलाई इङ्गित गर्दै उसको आर्थिक अवस्थासमेतको सङ्केत गरेको स्पष्ट छ । सामाजिक, आर्थिक र राजनीतिक हिसाबले समुदायमा वञ्चितीकरणको पीडा भोग्दै आएको मधेसी दलित समुदायको अवस्था निकै नै कष्टकर रहेको तथ्यलाई उपर्युक्त साक्ष्यले पुष्टि गरेको छ । तिनले बाँसबाट विभिन्न घरेलु उपयोगी सामग्री बनाई तिनको बिक्री वितरणबाट आय आर्जन गरी परिवार पाल्ने सन्दर्भलाई यस साक्ष्यले उजागर गरेको छ । यस पात्रले मधेसी दलित समुदायअन्तर्गतको डुम जातिको प्रतिनिधित्व गरेको प्रस्ट देखिन्छ ।

उपन्यासमा मधेसी दलित मुसहर जातिको बारेमा उल्लेख गरिएको छ । समाख्याताले मुसहरको बारेमा यस्तो उल्लेख गरेका छन् ,“....धानका बाला खोज्न आउने मुसहरहरू मुसाको दूलो खन्दैछन्” (पृ. १०६) । यस साक्ष्यमा सामाजिक विमर्शात्मक संरचनामा अतिपिछडिएको मुसहर जातिको बारेमा उल्लेख गरिएको छ । उपन्यासकार प्याकुरेलले मुसहर जातिले मङ्सिर महिनामा धानखेततिर मुसाका दुलाबाट धान झिक्ने काम गर्नुका साथसाथै मुसासमेत मारेर खाने गरेको तथ्यलाई उजागर गरेका छन् । मुसहर नाम प्रस्ट उल्लेख गरिएबाट मधेसी दलित समुदायको मुसहर जातिको प्रतिनिधित्व छर्लङ्ग भएको छ ।

उपन्यासमा घुमन्ते जीवन बिताउने मधेसी दलित नटवा जातिको बारेमा यथार्थपरक वर्णन गरिएको छ । उपन्यासकार प्याकुरेलले नटवालाई यसरी प्रस्तुत गरेका छन् :

> इन्डियाबाट आएर केही वर्षपहिले नटवाहरू बसेका थिए । उनीहरू घर बनाएर लामोसमयसम्म एकै ठाउँमा बस्दैनन् । बगैँचाको छेउछाउ, खोलाको किनार, शहरको पुलमनि अस्थायी रूपमा छाप्रो हाल्छन् । छाप्रोहाल्ने सामान आफैँ बोकेर हिँड्छन् । लोग्नेमान्छेहरू जङ्गली जनावरको सिकार गर्छन् । खरायो, स्याल, न्याउरीमुसो, वनबिरालो र चराचुरुङ्गी मारेर ल्याउँछन् । आइमाई र केटाकेटी गाउँमा आइमाई र केटाकेटी गाउँमा माग्न जान्छन् । ‘हामी नटवा हौँ भन्छन्’ । कोही आफूलाई ‘बन्जारण’ हौँ पनि भन्छन् । ‘मागेर खान हाम्रो परम्परा हो’ पनि भन्छन् । (पृ. १४०)

उपर्युक्त साक्ष्यमा भारतबाट नेपालमा प्रवेश गरी घुमन्ते र शिकारी जीवन बाँच्ने मधेसी दलित नटवा जातिको बारेमा वर्णन गरिएको छ । यस साक्ष्यले तिनका रहनसहन, जीवनपद्धति आदिलाई इङ्गित गर्दै तिनका फिरन्तेपनसमेतलाई उजागर गरेको छ । नेपालमा नटवाहरूले माहुरीको मह काढ्ने, कुकुर पाल्ने र जङ्गली स्यालगायत जनावरको सिकारको पेसा गर्छन् (रसाइली, २०७६, पृ. ३०२) । नटवा जातिका मानिसहरूमध्ये पुरुषहरू घरबाहिर सिकार गर्न जाने अनि महिला तथा केटाकेटीहरू आफू बसेका गाउँटोल नजिकबाट मागेर अन्नपात ल्याई जीविकोपार्जन गर्ने तथ्य उद्घाटित छ । तिनीहरू कुनै पनि स्थानमा स्थायी बसोबास भने गर्दैनन् राष्ट्रिय दलित आयोगले नटुवा जातिलाई मधेसी दलितअन्तर्गत सूचीकरण गरेको छ (राष्ट्रिय दलित आयोगको मिति २०८०/०१/३१ को निर्णयसँग सम्बन्धित दलित समुदायको जात थर सूचीकरण सम्बन्धी विवरण) । उपर्युक्त साक्ष्यमा मधेसी दलित नटवा जातिको बारेमा यथार्थपरक वर्णन गरिएबाट नटवा जातिको प्रतिनिधित्व भएको प्रस्ट छ ।

*गुलरको फूल* उपन्यासमा मधेसी दलित धोबी जातिका पात्रको बारेमा उल्लेख गरिएको छ । बैठाको बारेमा उपन्यासमा यसरी प्रस्तुत भएको छ, "....भेट भए बालसखा छोटेलाल बैठा जातले उनी धोबी हुन् । अरूका लुगा धोएर जीविका चलाउँछन् । गण्डकमा लुगा धुन हिँडेका रहेछन्" (पृ. १६५) । यस साक्ष्यमा मधेसी दलित धोबी समुदायको पेसागत व्यवहार बारे प्रस्ट उल्लेख गरिएको छ । मधेसमा धोबी समुदायका मान्छेले अरूका खासगरिकन गैरदलित जातिका मानिसहरूका फोहोर लुगाफाटो धोएर त्यसबाट प्राप्त आम्दानीबाट परिवारको गुजारा चलाउने गरेको पाइन्छ । लुगाफाटो धोएर जीविका चलाउनु धोबी समुदायको परम्परागत पेसा हो (रसाइली, २०७६, पृ. २८८–२८९) । उपर्युक्त साक्ष्यमा प्रयुक्त छोटेलाल बैठाले मधेसी दलित धोबी समुदायको प्रतिनिधित्व गरेको स्पष्ट छ ।

*गुलरको फूल* उपन्यासमा रुदलकी छोरी कलौतियाको बिहेमा गाउँटोलका सबैलाई निमन्त्रणा दिई जातअनुसारको भोजको आयोजन गरेको विषयवस्तु उल्लेख गरिएको छ । "....गाउँका डोम, दुसाध, चमारहरू पनि छुटेका छैनन् । जातअनुसार खाने व्यवस्था मिलाइएको छ" (पृ. १९५) । यस साक्ष्यले रुदल बसेको समुदायको बहुजातीय संरचनालाई इङ्गित गरेको छ । यसका साथै समुदायमा जातीय सोपानक्रम विद्यमान रहेको जातीय विभेदकारी अवस्थाको द्योतनसमेत गरेको छ ।

मधेसमा बसोबास गर्ने सामाजिक, आर्थिक र राजनीतिक हिसाबले सीमान्तीकृत र वञ्चितीकृत जीवन भोग्दै आएका डोम, दुसाध र चमार पात्रहरूले बहिष्कृत मधेसी दलित जातिको प्रतिनिधित्वलाई अभिव्यञ्जित गरेको छ । मधेसी दलित डुम जातिको परम्परागत पेसा बाँसका सामग्रीहरू बनाएर बिक्री वितरण गर्नुका साथै सुँगुर पालन गरी आजीविका चलाउनु रहेको छ (रसाइली, २०७६, पृ. २८१) । त्यसैगरी मधेसी दलित दुसाध समुदायका मानिसहरू मूलतः शारीरिक श्रम गरेर परिवारको गुजारा चलाउँछन् (रसाइली, २०७६, पृ. २८६) । मधेसमा बसोबास गर्ने चमार जातिका मानिसहरूले छालाको काम गर्ने परम्परागत चलन रहेको पाइन्छ । रिस्लेलाई उद्धृत गर्दै मानवशास्त्री दीपक चौधरीले 'चर्मकार्य' शब्दबाट अपभ्रंश भई 'चमार' शब्दको निर्माण भएको उल्लेख गरेका छन् ( चौधरी, सन् २०१५, पृ. १४१) । मधेसमा सीमान्तीकृत र अपहेलित जीवन बाँच्न बाध्य चमार जातिको सन्दर्भले मधेसी दलितको प्रतिनिधित्वलाई स्पष्ट पारेको छ ।

छालाको कामबाट गुजारा चलाउने चमार जातिका मानिसहरूको जीवनशैली अत्यन्त कष्टकर रहेको पाइन्छ । यस जातिका मानिसहरूले छाला तथा छालाका वस्तु बनाउनुका साथै बाजा बजाउने काम गर्दै परम्परालाई निरन्तरता दिँदै आएको पाइन्छ ( रसाइली, २०७६, पृ. २७७) । यहाँ उल्लेख गरिएका मधेसी दलित समुदायका डुम, दुसाध र चमारहरू भनेका वास्तवमा शिल्पी समूहहरू हुन् । तर नेपाली समाजमा हिन्दु वर्णाश्रमको प्रभाव परेकाले उँचनीचका आधारमा जातीय सोपानक्रमको संस्कृति निर्माण भएको हो । उपर्युक्त साक्ष्यले रुदलको समाजमा जातीय श्रेणीकरण विद्यमान रहेकाले उसले सबैका निम्ति एकै ठाउँमा सहभोज आयोजना गर्न असमर्थ भई जातअनुसारको खानपानको प्रबन्ध गरेको तथ्यलाई उजागर गरेको छ । यसरी यस साक्ष्यले सामाजिक विमर्शात्मक संरचनामा मधेसी दलित समुदायका विशेष गरी डुम, दुसाध र चमार जातिका मानिसहरूको सामाजिक बहिष्करण र वञ्चितीकरण अनि सीमान्तीकरणको अवस्थालाई अभिव्यञ्जित गरेको छ ।

विवेच्य उपन्यासमा डोली बोक्ने जातिको पात्रका बारेमा सटीक चित्रण गरिएको छ । कथ्यवस्तुमा डोली बोक्ने जातिका बारेमा यस्तो उल्लेख गरिएको छ, "....दुलाहाका लागि त पाल्की पठाएका रहेछन् । खुसुक्क गएर भुलुवा पाल्कीभित्र पस्यो । कँवारले पाल्की बोके । कँवारका पछिपछि बरयाँती पैदल हिँड्न थाले" (पृ. २४४) । उपर्युक्त भाष्यमा मधेसमा डोली बोक्ने छुट्टै जाति हुने तथ्यलाई इङ्गित गर्दै तिनका पेसासमेतको बारेमा वर्णन

गरिएको छ । मधेसमा डोली बोक्ने जातिका मानिसहरूलाई 'खत्वे' भन्ने गरिन्छ । यस जातिको परम्परागत पेसा भनेको बिहेमा बेहुलाबेहुलीका निम्ति डोली बोक्नु हो (चौधरी, सन् २०१५, पृ. १४३) । यस सन्दर्भले खत्वे जातिको परम्परागत पेसालाई उजागर गरेको छ ।

सामाजिक, आर्थिक र राजनीतिक हिसाबले निकै पछिपरेको यस जातिलाई मधेसी दलित समुदायअन्तर्गत राखिएको छ । राष्ट्रिय दलित आयोगले प्रकाशन गरेको दलित समुदायको जात थर सूचीकरण सम्बन्धी विवरणअन्तर्गत मधेसमा बसोबास गर्ने खत्वे जातिलाई मधेसी दलितको सूचीमा राखेको छ (राष्ट्रिय दलित आयोगको मिति २०८०/०१/३१ को निर्णयसँग सम्बन्धित दलित समुदायको जात थर सूचीकरण सम्बन्धी विवरण) । कवाँर अर्थात् खत्वे जातिले मधेसी दलित समुदायको प्रतिनिधित्व गरेको छ ।

**(घ) मधेसी मुस्लिम समुदायको प्रतिनिधित्व**

*गुलरको फूल* उपन्यासमा मधेसको विषयवस्तुको आख्यानीकरण गरिएकाले यस कृतिमा मधेसी मुस्लिम समुदायको प्रतिनिधित्व गराइएको छ । मधेसमा बसोबास गर्ने मुस्लिम समुदाय धार्मिक हिसाबले अल्पसङ्ख्यक समुदायमा पर्दछ । यस समुदायको रहनसहन, जीवनपद्धति अरू धर्मावलम्वीहरूभन्दा पृथक् हुन्छ । यस उपन्यासमा इद्रिसको बारेमा यस्तो उल्लेख गरिएको छ, "इद्रिस भनेको हलाल गरेको मात्र खान्छ । कसरी मिलाउने सबैको सल्लाह भयो, इद्रिसलाई नै सबै बचेराहरू हलाल गर्न लगाउने । इद्रिसले टाउकोमा रुमाल राख्यो र चुलेँसीले रेटेर हलाल गऱ्यो" (पृ. १०२) । यस साक्ष्यमा प्रयुक्त इद्रिस नामले नै मुस्लिम समुदायलाई इङ्गित गर्दछ । त्यसमाथि हलाल गर्ने सन्दर्भले मुस्लिमको सांस्कृतिक पहिचानसमेतको झल्को दिएको छ किनभने मुस्लिम समुदायका मानिसहरू खसी, बोका आदि सोझै नकाटी हलाली गर्ने प्रचलन छ । यस साक्ष्यमा इद्रिसले बचेराहरू चुलेँसीले रेटेर हलाल गरेको कथ्यवस्तुले ऊ मुस्लिम भएको तथ्यको पुष्टि गर्दछ । उपन्यासकार माधव प्याकुरेलले उपर्युक्त भाष्य निर्माण गरेर इद्रिसको माध्यमबाट मधेसी मुस्लिमको प्रतिनिधित्व गराएको प्रस्ट छ ।

प्रस्तुत उपन्यासको कथ्यवस्तुमा मधेसी मुस्लिम समुदायकी नेजमाको बारेमा यस्तो उल्लेख गरिएको छ, "....फारुक चाचाकी पत्नी नेजमा आइन्" (पृ. १२०) । यस साक्ष्यमा नेजमा नामले नै मधेसी मुस्लिमको प्रतिनिधित्व गराएको प्रस्ट देखिन्छ । प्रस्तुत उपन्यासमा

फारुक चाचाको बारेमा यस्तो उल्लेख गरिएको छ, "... फारुक अहमदले आफ्नो घरमा साँप पालेका छन् । साँपलाई खुशी पार्न सधैँजसो बिन बाजा बजाउँछन्" (पृ. १४१) । प्रस्तुत साक्ष्यले फारुक अहमद मधेसी मुस्लिम भएको तथ्य उद्घाटन गरेको छ ।

सर्पपालन गरेर उक्त सर्पलाई खुसी तुल्याउनका निम्ति उसले बिन नामक एक खालको बाजाको प्रयोग गरेको विषयवस्तु यहाँनेर उद्धृत गरिएको छ । उसको पेसालाई उजागर गर्दै उपन्यासकार प्याकुरेलले फारुक अहमद मधेसी मुस्लिम भएको तथ्यलाई पुष्टि गर्न खोजेका छन् । मधेसमा सर्प समातेर ल्याउने र सर्पको खेल देखाएर जीविकोपार्जन गर्ने अनि ताबिज आदि बिक्री वितरण गरेर परिवारको गुजारा चलाउने काम भने मुस्लिम समुदायका मानिसहरूले नै गर्दछन् । अतः फारुक अहमदको माध्यमबाट मधेसी मुस्लिम समुदायको प्रतिनिधित्व गराइएको छ ।

उपन्यासमा फारुक चाचाका जेठा छोरा जवाहिरको बारेमा यस्तो उल्लेख गरिएको छ, "जवाहिर काठमाडौँमै बस्छ र खेलतमासा देखाउँछ । साँप नचाउने र ताबिज बेच्ने उसको पुरानो पेसा हो । दिनभर ऊ रत्नपार्कतिरै हुन्छ" (पृ. १४१) । प्रस्तुत साक्ष्यले फारुक अहमद चाचाको जेठो छोरा जवाहिरले बुबाकै सर्प नचाउने पेसालाई निरन्तरता दिएको तथ्यलाई सङ्केत गर्दै उसको जातीय पहिचान र परम्परागत पेसासमेतलाई उजागर गरेको प्रस्ट छ । जवाहिर काठमाडौँको मध्यमा अवस्थित रत्नपार्कमा गएर सर्पको नाच देखाउनुका साथसाथै ताबिज बिक्री वितरण गर्दै केही आयआर्जन गर्न थालेका सन्दर्भले उसको मुस्लिम जातीय पहिचानलाई अभिव्यञ्जित गरेको छ । यस साक्ष्यको माध्यमबाट जवाहिर मधेसी मुस्लिमको प्रतिनिधित्व गराइएको छ । *गुलरको फूल* उपन्यासमा टायरगाडा चलाउने नेजारुल हकको बारेमा यस्तो उल्लेख गरिएको छ, "....बजारको नेजारुल हकको टायर त्यत्तिकै राखिएको थियो द्वारमा । उनको एउटा पाडा दुई महिनापछि खोरेतले मरेको थियो" (पृ. २३७) । यस साक्ष्यमा उल्लेख गरिएको नेजारुल हक नामले मधेसी मुस्लिम समुदायको प्रतिनिधित्व गराइएको छ किनभने मधेसमा गैरमुस्लिमको यस्तो नाम राखिने चलन छैन ।

नेजारुल हकको माध्यमबाट उपन्यासकार प्याकुरेलले मधेसी मुस्लिमको प्रतिनिधित्व गराएका छन् । त्यसैगरी अर्को मुस्लिम पात्र मुस्तफा अलीको बारेमा उपन्यासमा वर्णन गरिएको छ । कथ्यवस्तुमा मुस्तफा अलीको बारेमा यस्तो उल्लेख गरिएको छ, "बजारको

मुस्तफा अलीकहाँ भुलुवाले कपडा सिउन दिएको छ” (पृ. २४०) । उपर्युक्त साक्ष्यले मधेसी मुस्लिम समुदायको प्रतिनिधित्व गराइएको छ किनभने मुस्तफा अली भन्ने नाम केवल मधेसी मुस्लिम समुदायमा राखिन्छ । यस साक्ष्यमा उसको लुगा सिउने पेसाको बारेमा समेत उद्धृत गरिएको छ । प्रस्तुत उपन्यासमा मधेसी मुस्लिम समुदायको न्यून प्रतिनिधित्व गराइएको देखिन्छ । शक्तिसम्बन्धका हिसाबले तिनीहरू कमजोर भूमिकामा रहेकाले तिनले न्यून प्रतिनिधित्व गरेका. प्रस्ट छ ।

### ३.३.५ मालिकहरूको मधेस उपन्यासमा जातीय प्रतिनिधित्व

*मालिकहरूको मधेस* उपन्यासमा बहुजातीय पात्रहरूको प्रयोग गरिएको छ । यस उपन्यासमा प्रयुक्त मधेसका विभिन्न जातिका पात्रको प्रतिनिधित्वको अवस्थाबारे विश्लेषण गर्नु उपयुक्त हुन्छ । *मालिकहरूको मधेस* उपन्यासमा मधेसी तथा गैरमधेसी समुदायका पात्रहरूको उपस्थापन गरिएको छ । तिनका जातीय प्रतिनिधित्वबारे प्राज्ञिक विश्लेषण गर्नु वाञ्छनीय देखिन्छ ।

#### (क) मधेसी आदिवासी जनजाति समुदायको प्रतिनिधित्व

*मालिकहरूको मधेस* उपन्यासमा पुलकितलाल चौधरीलाई मुख्य पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ । मधेसमा चौधरी थर लेख्ने अन्य अरू जातजातिका मान्छेहरू भए तापनि उपन्यासको कथ्यवस्तुमा आदिवासी जनजाति थारूलाई लक्षित गरिएको छ । पुलकितलाल चौधरी थारू समुदायको पात्र हो । यस उपन्यासमा मधेसका आदिवासी जनजाति थारू समुदायका विभिन्न पात्रहरूको प्रतिनिधित्व गराइएको छ । विवेच्य उपन्यासमा पुलकितलाल चौधरी, पुलकितलाल चौधरीका बाबु सबुरलाल चौधरी, पुलकितलाल चौधरीका छोरा भागवता, उसको नाति झबरूलाई थारू समुदायका पात्रको रूपमा प्रतिनिधित्व गराइएको छ ।

उपन्यासको कथावस्तुमा पुलकितलाल चौधरीका बाबुबाजेहरूले मधेसको जङ्गल फँडानी गरेर आवाद योग्य जमिन बनाएर भोगचलन गरे पनि सरकारलाई कुत बुझाउन असमर्थ भएकाले तिनका जग्गा पहाडबाट मधेस झरेका र पारि भारतबाट मधेस पसेका अभिजात वर्गका मान्छेहरूले जग्गा हडपेको विषयवस्तु छ । प्रस्तुत उपन्यासमा मधेसका रैथाने थारू जातिका पात्रहरूलाई सीमान्तीकृत अवस्थामा पुऱ्याइएको विषयवस्तुबारे चित्रण गरिएको छ ।

प्रस्तुत उपन्यासमा शक्तिसम्बन्धका हिसाबले थारू समुदायको पुलकितलाल चौधरी निकै नै कमजोर देखिन्छ । आर्थिक हिसाबले कमजोर पुलकितलाल चौधरीको परिवारलाई प्रहरी प्रशासनले र त्यहाँका अभिजात वर्गका मान्छेहरू समेतले विभिन्न लाञ्छना लगाएर दुःख दिएको कथावस्तु छ । उपन्यासको कथावस्तुमा थारू समुदायका पुलकितलाल चौधरीलाई सङ्घर्षशील र गतिशील पात्रका रूपमा प्रस्तुत गरिएको छ, "साँचो अर्थमा मधेसीहरूले नेपाली हुन पाउनु पर्छ भन्ने कुराले पुलकितलाललाई जीवनभर आन्दोलित बनाइरहयो । त्यसकारण कसैले पनि र उनी स्वयम्ले पनि 'राजनीति' भनेर नाम नदिइएको राजनीतिबाट उनी टाढा रहन सकेनन्" (पृ. ६६) । प्रस्तुत साक्ष्यले मधेसीहरू राज्यबाट आफ्ना राष्ट्रिय स्तरको पहिचान पाउनबाट वञ्चित रहेको यथार्थ अभिव्यञ्जित छ ।

मधेसीहरूले पनि अरूसरह नेपाली नागरिकको समानुभूति गर्न पाउनु पर्छ भन्ने जिकिर गरिएको छ । यस प्रसङ्गको कथनबाट मधेसीहरूसँग राजकीय स्तरमा विभेद भएको वास्तविकता पुष्टि हुन्छ । यदि राज्यमा मधेसी समुदायका मान्छेहरूलाई पनि गैरमधेसी नेपालीहरूसरह सम्मानजनक पहिचान दिएर तिनका अस्तित्व स्वीकारेको भए यस्तो विभेदकारी शब्दावली प्रयोग गरिने नै थिएन । यस प्रसङ्गले राज्यले मधेसी समुदायप्रति जातीय आधारमा गरेको भेदभावपूर्ण व्यवहारलाई छर्लङ्ग्याउँछ । यस प्रसङ्गले राज्यमा जातीयताका आधारमा मधेसी समुदायप्रति असमान व्यवहार भएको तथ्यलाई उजागर गर्दछ । यस्तो असमान व्यवहार राजनीतिक प्रणालीका कारण हुन्छ । राजनीतिक प्रणालीका कारण कुनै जातिलाई विशेष ग्राह्यता दिँदा विशेष जाति समूह वहिष्करणमा पर्दछ (म्याक्लिन र म्याकमिलन, सन् २००९, पृ. १५५) । राज्य संरचनामा शक्ति सम्बन्धको हिसाबले अप्रभुत्वशाली र पहुँचविहीन जाति सीमान्तीकृत अवस्थामा हुन्छ । सीमान्तीकृत जातिले नै मूलधारीय जातिसँग पहिचानको खोजी गर्ने हो । प्रस्तुत साक्ष्यमा मधेसी समुदाय अप्रभुत्वशाली र पहुँचविहीन तथा परिचयविहीन भएकाले मधेसी समुदायको पहिचानको सन्दर्भ आएको प्रस्ट छ ।

मधेसी समुदायका फूलवडिया कामतवाला जमिनदार देवनबाबुले पुलकित चौधरीमाथि गरको असमान व्यवहार यस उपन्यासमा प्रस्तुत गरिएको छ :

> यस्तैमा एकपटक पुलकितलाई उनको बाबुले स्थानीय जमिन्दारको कामतमा जागिरे पनि गराएका थिए । त्यसैकारण गाउँमा केही समयसम्म उनलाई कम्तिया

> पनि भन्ने गरिन्थ्यो । उनले त्यो जागिर धेरै दिनसम्म थाम्न भने सकेनन् । यसको कारण थियो उनको स्वाभिमानी चरित्र । जमिन्दारको थिचोमिचो पुलकितलाललाई मन पर्दैनथ्यो । त्यसको विरोध गर्दा उनको जागिर गएको थियो । (पृ. ५६)

उपर्युक्त साक्ष्यमा मधेसी समुदायको जमिनदारले त्यहीँकै आदिवासी जनजाति थारू समुदायका पुलकित चौधरीमाथि अन्याय गरेको प्रस्ट उल्लेख गरिएको छ । मधेसमा पनि आर्थिक हिसाबले सम्पन्न मधेसी भूमिपतिले मधेसकै थारू जातिमाथि गरेको उत्पीडनको विषयवस्तुले त्यहाँको वर्गीय उत्पीडन र जातीय शोषणलाई इङ्गित गर्दछ । यस वर्गीय असमानताकै आडमा जातीय शोषण गरेको देखिन्छ । यस प्रसङ्गमा मधेसको जमिनदारलाई अभिजात वर्गीय मालिकको रूपमा प्रस्तुत गरिएको छ भने थारू समुदायका पुलकितलाल चौधरीलाई निम्न वर्गीय श्रमिकका रूपमा चित्रण गरिएको छ । यसरी असमान व्यवहार सामाजिक आर्थिक पक्षसँग अन्तरसम्बन्धित हुने तथ्य पुष्टि हुन्छ । प्रस्तुत उपन्यासमा थारू समुदायका सबुरलाल चौधरीको कमजोर प्रतिनिधित्व गराइएको छ ।

*मालिकहरूको मधेस* उपन्यासमा थारू समुदायका सबुरलाल चौधरीको चित्रण गरिएको छ । कथ्यवस्तुमा पुलकितलाल चौधरीका बुबा सबुरलाल चौधरीलाई निरीह पात्रका रूपमा प्रस्तुत गरिएको छ :

> सबुरलाल चौधरी त्यसै ठाउँमा थुचुक्कै बसे । हतारिएर समाउन पुगेको असर्फीलाई पन्छाउँदै उनले दुवै हात जमिनमा पसारेर तिनमाथि आफ्नो सेतै फुलेको कपाल भएको शिर टेकाउँदै भने–न्याधिस साहेव, भगवान ! हमर बेटा डका, खुन कुछो नही केनै य ।' यति विन्ती बिसाएपछि उनी अदालतको चारदिवारी नै चर्केला झैँ डाँको छोडेर रून थाले । (पृ. ११३–११४)

*मालिकहरूको मधेस* उपन्यासमा थारू समुदायबाट उपस्थापन गरिएको अर्को पात्र गुजाई चौधरी हो । उपन्यासमा मधेसको आदिवासी जनजाति गुजाई चौधरीलाई एउटा निम्न वर्गका पात्रको रूपमा प्रस्तुत गरिएको छ, "... गुजाई चौधरीके बरतको बारेमा छ । कोशी बानमा ढुङ्गा ढुवानी गरेर दुईचार पैसा कमाउन भनेर लगेको गुजाईको बरत किन्न सक्ने हबिगत छैन । त्यसैले सबैले हारगुहार गरेर गुजाईको हलगोरु बनाइदिनु पऱ्यो" (पृ. १३२) । प्रस्तुत साक्ष्यमा थारू समुदायका विपन्न वर्गका पात्र गुजाईको अत्यन्त दयनीय अवस्थाको चित्रण गरिएको छ ।

माथिको सन्दर्भमा गुजाई चौधरीको व्यक्तिगत पहिचानभन्दा पनि जातीय पहिचान देखाउन खोजिएको छ । प्रतिनिधित्व र पहिचान एकार्कासँग अन्तरसम्बन्धित विषयवस्तु हो । यी दुइटैको साँठगाँठ राजनीतिक विषयवस्तुसँग जोडिएको हुन्छ । पहिचानले जातीय पहिचानको मुद्दालाई उजागर गर्दछ । पहिचानसँगै जोडिएर आउने विषयवस्तु प्रतिनिधित्व हो । प्रतिनिधित्व सांस्कृतिक निर्मिति हो र हामी कस्ता छौँ भन्ने कुरा पनि हो (बार्कर, सन् २००४, पृ. १७७) । उपन्यासकार अधिकारीले उपन्यासको कथावस्तुमा राज्यमा सत्तामा शासन गरेकाभन्दा इतर जाति र समुदायका पात्रको चयन गरेर थारू पहिचानलाई विशेष प्राथमिकता प्रदान गर्न खोजेको देखिन्छ ।

**(ख) मधेसी समुदायको प्रतिनिधित्व**

*मालिकहरूको मधेस* उपन्यासमा फूलवडिया कामतवाला भन्ने पात्रलाई मधेसी समुदायको चरित्रका रूपमा चिनाइएको छ । फूलवडिया कामतवालाको वास्तविक नाम देवनबाबु हुन्छ । मधेसी समुदायका सम्पन्न घरानाका देवनबाबुमा अहम् भाव रहेको प्रस्ट हुन्छ, "कह पुलकित बुढुवा, तुँ कुशल मंगल छि ?" (पृ. ६९) । प्रस्तुत साक्ष्यमा थारू समुदायको पुलकितलालमाथि मधेसी समुदायका भूमिपति देवनबाबुको प्रभुत्व देखिन्छ । शक्तिसम्बन्धका आधारमा यहाँ थारू जातिको पुलकितलाल चौधरी मधेसी समुदायका जमिनदार देवनबाबुको अधीनस्थ देखिन्छ । जातीय सोपानक्रमको सम्बन्ध सामाजिक आर्थिक संरचनासँग अभिन्न रूपले गाँसिएको हुन्छ । यहाँ मधेसी समुदायका सम्पन्न व्यक्तित्व देवनबाबुको प्रभुत्वशाली प्रतिनिधित्व देखिन्छ । ऊ प्रभुत्वशाली भएकै कारण उसले आफ्नो उमेरभन्दा जेठो पुलकितलाल चौधरीलाई हेपेर असमान व्यवहार गरेको प्रस्ट छ । यस प्रसङ्गमा मधेसी समुदायका देवनबाबुको शक्तिशाली प्रतिनिधित्व गराइएको छ । तराई मधेसमा आर्थिक रूपले आफूभन्दा सम्पन्न वर्ग, जाति र व्यक्तिलाई 'बाबु' भनेर अदवका साथ सम्बोधन गर्ने प्रचलन अद्यापि छ । उपन्यासको प्रस्तुत कथ्यमा देवनबाबु आर्थिक रूपले सम्पन्न भएकाले पुलकितलालले उसलाई देवनबाबु भनेर सम्बोधन गरेको तथ्य झल्किन्छ । फूलवरिया कामतवाला देवनबाबुले मधेसी समुदायको प्रभुत्वशाली प्रतिनिधित्व गरेको प्रस्ट छ ।

*मालिकहरूको मधेस* उपन्यासमा असर्फीलाललाई माछा मार्ने जातिका रूपमा चिनाइएको छ । मधेसमा माछा मार्ने पेसा अपनाउने जातिका मान्छेहरूलाई स्थानीय भाषामा 'गोढी' वा 'मल्लाह' भन्ने गरिन्छ । यस जातिका मान्छेहरू आफ्ना नामका पछाडि

प्रायजसो सहनी लेख्ने गर्दछन् । नदी, तलाउ वा पोखरीमा माछा समाती स्थानीय हाटबजारमा बिक्री वितरण यस जातिका मान्छेहरू निम्न आयस्रोतका हुन्छन् ।

प्रस्तुत उपन्यासमा मधेसको मल्लाह जातिका असर्फीलालको कमजोर आर्थिक अवस्था दर्शाइएको छ, "असर्फीले माछा मारेर घरको रसद पानी चलाउँथ्यो । बिहान सबेरै उठेर ऊ पूर्वतर्फ लाग्दथ्यो । खाता खोल्सामा गएर मैदान बसेपछि सिधै ऊ कोशीमा पुग्थ्यो" (पृ. ४८) । असर्फीलालले मधेसको गोढी जातिको प्रतिनिधित्व गरेको छ । पुँजीवादी अर्थव्यवस्थामा जातीय सोपानक्रमको सम्बन्ध वर्गीय संरचनासँग जोडिएको हुन्छ । नित्य माछा मार्ने श्रमिक वर्गअन्तर्गत पर्ने मल्लाह जाति गरिब हुन्छ । यस्तो पेसा अपनाउने जातिलाई तराई मधेसी समुदायमा राखिएको पाइन्छ । प्रस्तुत साक्ष्यमा माछा मार्ने जातिसँग आबद्ध असर्फीलाल आर्थिक हिसाबले सीमान्तीकृत देखिन्छ । यस उपन्यासमा असर्फीलालले मधेसको गोढी जातिको प्रतिनिधित्व गरेको छ ।

### (ग) मधेसी दलित समुदायको प्रतिनिधित्व

*मालिकहरूको मधेस* उपन्यासमा विन्दीलाई मधेसको दलित समुदायमा पर्ने डुम जातिको पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ । मधेसमा यस जातिलाई दलित जाति मानी असमान व्यवहार गर्ने चलन रहेको छ । हिन्दु धर्मको वर्णव्यवस्थालाई ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र भनी चार प्रवर्गमा श्रेणीकरण गरिएकोमा 'शूद्र'लाई सबभन्दा तल्लो वर्णको कोटीमा राखिएको छ । शूद्रअन्तर्गत पर्ने श्रमिक वर्गका जातिहरूमाथि गैरदलित मान्दै आएका ब्राह्मण, क्षेत्री, वैश्य तीनवटै वर्णका जातिहरूले भेदभावपूर्ण व्यवहार गर्दै आएको पाइन्छ ।

मधेसमा यही शूद्र वर्णमा पर्ने उत्पीडित जातिका मान्छेहरूलाई 'दलित' शब्द प्रयोग गरिन्छ । शूद्र शब्द होच्याउने र गैरकानुनी हुनाले शोषित जनाउने 'दलित' जस्तो तटस्थ शब्द प्रयोग गर्न थालिएको हो (गुरुङ, सन् २००३, पृ. १४) । सामाजिक विमर्शात्मक संरचनामा श्रममा आवद्ध शिल्पीसमूहलाई हिन्दु वर्णव्यवस्थाअन्तर्गत चौथो अर्थात् तल्लो शूद्र भनिएकोमा पछि त्यही समूहलाई समाजमा असमान र अपमानजनक व्यवहार गर्दै शोषित, उत्पीडित, उपेक्षितका सन्दर्भमा दलित भनिएको पाइन्छ ।

हिन्दु समुदाय व्यवस्थाअन्तर्गत माथिल्लो मानिएका वर्णहरू पछि जातिहरू ब्राह्मण, क्षेत्री, वैश्यहरूबाट दबाइएको, उत्पीडनमा पारिएको, कुल्चिएको र हेपिएको जाति समूह नै

दलित जाति हो । 'दलित' चाहिँ अछुत भनिएका जातीय समुदायका लागि प्रयुक्त शब्द हो । 'दलित' शब्दले समुदायमा विभिन्न हिसाबले दलनमा पारिएको जाति एवम् समुदायलाई जनाउँछ । प्रस्तुत उपन्यासमा विन्दीलाई मधेसको दलित मानिएको डुम जातिकी पात्रका रूपमा चित्रण छ :

> टल्का डोमकी छोरी बिन्दीले बनाएका सिपुली किन्नका लागि निकै हारालुछ जस्तो भयो । बिन्दी अठार–बीस वर्षकी युवती थिई उसले । अछुत जाति बसेको वस्ती भनेर अघिपछि सो वस्तीमा कमै मानिस आउने जाने गर्थे । यो जातिमाथि हुने गरेको उपेक्षा, घृणा, असहयोग र दुराचार तल्लो भनिएका अन्य जातिहरूमा यो भन्दा कमै हुने गर्छ । त्यसै कारण बल्लतल्ल वर्षदिनको चाड मनाउन आवश्यक पर्ने सामान किन्न थौरवीबाट आएका ठिटाहरूलाई कर्के नजरले हेर्दै बिन्दीले भनी–'हमरा सवके त पाइने छुवाइय' सबकुछ छुवाइय, सिपुली, डला, सुपा सब नै छुवाइत ? (पृ. ६२)

प्रस्तुत साक्ष्यमा टल्का डुमकी छोरी बिन्दी आफ्नो श्रम र सीप खर्चेर नाङ्लो आदि बनाउने गरेकी प्रसङ्ग प्रस्ट छ । डुमहरूको वस्तीलाई मधेसी समुदायमा अछुत भनेर विभेदकारी व्यवहार गरिएको देखिन्छ । त्यहाँ डुमहरूको वस्ती अछुत मानिएकाले अघिपछि त्यस वस्तीमा माथिल्लो मानिएका जातिका मान्छेहरूको निकै कम आवतजावत हुने तथ्य सङ्केतित छ । मधेसमा डुम जातिमाथि सबैभन्दा बढी सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक उत्पीडन भएको तथ्यलाई प्रस्तुत साक्ष्यले उजागर गरेको छ । यस साक्ष्यको पूर्वापर प्रसङ्गलाई जोडेर हेर्दा छठ पर्वको पूर्व सन्ध्यामा थौरवी अर्थात् थारूको वस्तीका केटाहरू सुपली किन्न डुम वस्तीमा गएको तथ्य छर्लङ्ग छ । सोही प्रसङ्गमा टल्का डोमकी छोरी बिन्दीले आफूहरूको पानी पनि अछुत हुने असमान व्यवहारको अभिव्यक्ति छ । पानी नचल्ने जातिको त सिपुली, डला, सुपा सबै अछुत हुने व्यङ्ग्य प्रहार गरिएको छ । मधेसमा शूद्र वर्णअन्तर्गत गणना गरिएको डुम जातिसँग त्यहाँका माथिल्लो मानिएका गैरदलितका असमान र अमानवीय व्यवहार गरेको तथ्य उद्घाटित छ । डुम जातिकी बिन्दीको अभिव्यक्तिमा तीव्र आक्रोश प्रकट भएको देखिन्छ । डुम जाति वास्तवमा शिल्पी समूह हो ।

शिल्पको माध्यमबाट आफ्नो आजीविका चलाउने जातिलाई वर्णव्यवस्थाअन्तर्गत 'अछुत' वा दलित भनी भाष्य तयार गरिएको पाइन्छ । हिन्दु वर्णव्यवस्थामा डुम जातिलाई

सबभन्दा तल्लो सामाजिक समूह दलितअन्तर्गत राखिएको छ (चौधरी, सन् २०१५, पृ. १३५) । 'अछुत' वा 'दलित' शब्द शक्तिसम्बन्धसँग गाँसिएको विषयवस्तु हो । यो राजनीतिसँग पनि जोडिएको हुन्छ । दलित शब्द आक्रोश, चित्कार, वेदना, पीडा, घुलन र छटपटाहटको प्रतीक हो जो आफ्नो अस्मिता, स्वाभिमान र गौरवमय इतिहासलाई बिर्सेर कथित उच्च जातिका मानिसले थोपरिदिएको अमानवीय व्यवहार भोग्न बाध्य छ (प्रसाद, सन् २००१, पृ. १९) दलित जातिका मान्छेहरूले सबै किसिमका उत्पीडन भोग्नुपर्ने हुन्छ । प्रस्तुत साक्ष्यमा डुम जातिकी किशोरी बिन्दीको अभिव्यक्तिबाट मधेसमा छुताछुतको व्यवहार विद्यमान रहेको तथ्यलाई उजागर गर्दछ । यस उपन्यासमा गीतको माध्यमबाट डुम जातिलाई अछुत मानिएको तथ्य सार्वजनिक गरिएको छ ।

प्रस्तुत उपन्यासमा मधेसी दलितका विभिन्न पात्रहरूको प्रतिनिधित्व गराइएको छ । कथावस्तुमा ती पात्रहरूको भूमिका गौण भएकाले छुट्टै विश्लेषण गर्न उपयुक्त देखिँदैन । यस उपन्यासमा आर्थिक हिसाबले अतिविपन्न रहेका अतिसीमान्तीकृत मधेसी दलित पात्रहरूको प्रयोग गरिएको छ :

> मधेसको सबै थोक लुटेर त्यहाँका मानिसलाई पेटको दास मात्र बनाइएको छ । हुन त मानव इतिहासको स्पार्टाकस भोकी आमाकै पेटबाट जन्मेको थियो । भोका नाङ्गाहरूको विद्रोह यो संसारमा उसैले सुरू गरेको हो । मधेसलाई त्यतै धकेलिँदै छ । केही महिना पहिले मोग्ना र दरपिया बातरहरूलाई यसैगरी लगेको मानिसले देखेका थिए त्यसपछि तिनको कुनै अत्तोपत्तो छैन । तिनको खोजखबर गर्ने कोही छैन । (पृ. ७४)

उपर्युक्त साक्ष्यको पूर्वापर प्रसङ्ग अध्ययन गर्दा के देखिन्छ भने मधेसमा पर्वते समुदायका अभिजात वर्ग र मधेसी समुदायका अभिजात वर्गले त्यहाँका श्रमिक र शिल्पी समूहमाथि सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक शोषण गर्दै आएको देखिन्छ । मधेसको श्रमजीवी वर्गका तल्लो मानिएका जातिका मानिसहरू सदियौँदेखि आर्थिक शोषणको चपेटामा पर्दै आएका छन् । उपर्युक्त साक्ष्यमा उपन्यासकारले मधेसका दमित, शोषित, उत्पीडित शिल्पी समूहलाई अन्याय, अत्याचार र असमान व्यवहारका विरुद्ध विद्रोह गर्न उत्प्रेरणा दिएको देखिन्छ ।

मधेसमा राज्यको प्रशासकीय दमनको ज्यादती विद्यमान रहेको विषयवस्तुलाई यस साक्ष्यले प्रस्ट पारेको छ । मधेसमा शारीरिक श्रम गरेर जीवनयापन गर्ने तल्लो मानिएका बाँतर जातिका पात्र मोग्ना र दरपियाहरूलाई प्रहरीहरूले समातेर थानासम्म लैजाँदा पनि कसैले खोजखबर नगर्नुबाट उनीहरूको अतिसीमान्तीकृत अवस्थालाई इङ्गित गर्दछ । श्रम त आफैँमा सौन्दर्य हो । मधेसमा श्रम गर्ने समूह जाति नै दलितअन्तर्गत दरिएको छ, ।

प्रस्तुत साक्ष्यको कथ्यवस्तुका आधारमा के भन्न सकिन्छ भने मोग्ना र दरपिया पात्रहरूले मधेसको बाँतर जातिको प्रतिनिधित्व गरेको छ तर यिनीहरूको प्रतिनिधित्वको अवस्था भने निकै नै कमजोर रहेको छ । यस उपन्यासमा मधेसका कथित तल्लो जातिका धेरै पात्रहरूलाई गौण प्रतिनिधित्व गराइएको विषयवस्तु छ । तल्लो जातिका पात्रहरूलाई मूलतः श्रमजीवी पात्रका रूपमा उपस्थापन गरिएको छ । सदियौँदेखि श्रम र सीप खर्चँदै आएका मधेसका तल्लो जातिका मान्छेहरूको आर्थिक शोषण र उत्पीडनको जीवन्त तस्बिर प्रस्तुत गरिएको छ :

> मधेसमा ज्यालामजुरीको कामगर्ने मजदूर भनेका डोम, चमार, खत्वे, मुसहर, बातर, आदि अनेक कथित तल्लो जातिका मानिसहरू नै हुन्छन् । तर गहिरिएर हेर्ने हो भनेयी मजदूर वर्गका मानिसहरू सबै नै भूमिहीन हुन् । यिनीहरूलाई भूमिहीन कसरी बनाइयो, यसको बारेमा आजसम्म कसैलै चर्चासम्म पनि गरेको छैन । जमिनमा हाड घोटेर सुन फलाउने यी जातिका हातमा जमिन पुऱ्याउने कुरा त एउटा सपना जस्तै हो । यिनको जातीय उत्थानको बारेमा कसैले कुरासम्म पनि गर्दै । (पृ. १०१)

प्रस्तुत साक्ष्यमा मधेसका दलित समुदायमा राखिएका डोम, चमार, खत्वे, मुसहर, बाँतर जातिका पात्रहरूको कष्टकर जीवनबारे उल्लेख गरिएको छ । उपर्युल्लिखित जातिका मानिसहरू श्रमजीवी वर्गअन्तर्गत पर्दछन् । दिनरात परिश्रम गरे पनि यिनका आर्थिक अवस्थामा कहिल्यै सुधार नआएकोप्रति उपन्यासकारले संशय व्यक्त गरेका हुन् । सामाजिक संरचनामा जातीय सोपानक्रममा सबभन्दा मुन्तिर राखेर विभिन्न किसिमका अपहेलना, घृणा, तिरस्कार, असमान र अमानवीय व्यवहार भोग्दै आएका मधेसका यी दलितका बारेमा हालसम्म कसैले केही बहस गरेको देखिँदैन । यिनका जातीय समस्या, वर्गीय समस्या शक्तिसम्बन्धसँग अभेद्य रूपमा गाँसिएको प्रस्ट छ ।

सदियौँदेखि यस वर्गको श्रमको शोषणका साथै सामाजिक अपमान, दुर्व्यवहार र छुवाछुतको भेदभावपूर्ण व्यवहार भोग्दै आएको देखिन्छ । मधेसी दलितका अवस्था दयनीय रहेको प्रस्तुत साक्ष्यले प्रस्ट पार्दछ । यिनका श्रम शोषण हुनुका साथसाथै यिनीहरूमाथि माथिल्लो जातिका मान्छेहरूले दमनसमेत गरेको हुन्छ । जातीय दमनको शृङ्खला, श्रम, रोजगार, परिवार तथा अन्य क्षेत्रमा पनि देखिन्छ । उच्च जातिकाले तल्लो जातिका मान्छेलाई काममा लगाएर ज्याला नदिने वा कम ज्याला दिने, बाँधा, कम्लरी प्रथा कायम रहने जस्ता शोषणका जातीय स्वरूपहरू देखा परे (भट्टराई, २०७७, पृ. १७५) । यसरी कथित तल्लो जातिका मान्छे माथि सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक सबै क्षेत्रमा दमन गरेको देखिन्छ । यस साक्ष्यमा प्रयुक्त डोम, चमार, खत्वे, मुसहर, बातर शब्दहरूले मधेसका तल्लो जातिका सन्दर्भलाई इङ्गित गर्दछ । यस उपन्यासमा मधेसी दलित समुदायको अल्प प्रतिनिधित्व भएको पुष्टि भएको छ ।

**(घ) मधेसी मुस्लिम समुदायको प्रतिनिधित्व**

*मालिकहरूको मधेस* उपन्यासमा मुस्लिम समुदायका पात्र हदिस मियाँको प्रतिनिधित्व गराइएको छ । यस पात्रलाई कथावस्तुमा गौण पात्रको रूपमा प्रस्तुत गरिएको छ । कथावस्तुमा हदिस मियाँको स्थान र भूमिका सीमित छ । हदिस मियाँ मधेसको राजनीतिक गतिविधिप्रति रुचि राख्ने पात्र हो । हदिस मियाँले पुलकितलाल चौधरीलाई आफ्नो अगुवा, आदर्श र अभिभावक मानेर राजनीतिक गतिविधिबारे सोधपुछ गर्ने सन्दर्भ उपन्यासको कथावस्तुमा उल्लेख गरिएको छ, "....हरिलाल यादव र हदिय मियाँले एकै स्वरमा पुलकितसँग सोधे, यी राज्यके बारेमे आपन बात उठोलिए दादा, यी कथि छिए ?" (पृ. १३३) । प्रस्तुत साक्ष्यमा हदिस मियाँको व्यक्तित्वलाई प्रस्ट्याइएको छ । उसले गाउँले हजुरबुबा पर्ने पुलकितलाललाई राज्यमा आफ्नो बारेमा प्रसङ्गवश कुराकानी गर्नु भयो कि भएन भनेर जिज्ञासा राखेको प्रस्ट छ । यस सन्दर्भमा हदिस मियाँको न्यून प्रतिनिधित्व गराएको देखिन्छ । हदिसको नाम पछाडि जोडिएको मियाँ पदले ऊ मधेसको मुस्लिम समुदायको पात्र भएको तथ्यलाई पुष्टि गर्दछ । यस उपन्यासमा जलिलले मधेसको मुस्लिमको प्रतिनिधित्व गरेको छ ।

### ३.३.६ दुलारी उपन्यासमा जातीय प्रतिनिधित्व

मधेसी समुदायको सामाजिक विषयवस्तुलाई कथ्यवस्तुको आधार बनाएर लेखिएको *दुलारी* उपन्यासमा मधेसी समुदायको वस्तुपरक वर्णन गर्नुका साथै त्यहाँको समुदायमा रहेका जातीय वैविध्यसमेतलाई उजागर गरिएको छ । मधेसमा विविध जातजाति, आदिवासी जनजाति, मधेसी, मधेसी दलित एवम् मधेसी मुसलमालगायत गैरमधेसी पर्वते समुदायका मानिसहरूको सघन बसोबास रहेको सन्दर्भमा *दुलारी* उपन्यासमा मधेसी आदिवासी जनजाति, मधेसी, मधेसी दलित समुदायका पात्रहरूको समुचित प्रतिनिधित्व गराइएकाले तिनका बारेमा यहाँ विश्लेषण गरिएको छ ।

#### (क) मधेसी आदिवासी जनजाति समुदायको प्रतिनिधित्व

मधेसमा मधेस मूलका आदिवासी जनजाति समुदायका मानिसहरूको बसोबास रहेको पाइन्छ । मधेसका आदिवासी जनजातिहरूका रहनसहन तथा जीवनशैली पहाडका जनजातिका तुलनामा फरक खालका हुन्छन् । *दुलारी* उपन्यासमा मधेसी आदिवासी जनजाति थारूका बारेमा विस्तृत वर्णन गरिएको छ । सिराहा जिल्लाको सामाजिक विषयवस्तुलाई आधारभूमिका रूपमा प्रयुक्त *दुलारी* उपन्यासमा त्यहाँका आदिवासी जनजाति थारू समुदायको यथोचित प्रतिनिधित्व गराइएको छ ।

उपन्यासकार स्वयम् पनि थारू समुदायको पात्र भएकीले उसले थारू समुदायका पात्रहरूलाई प्राथमिकता प्रदान गरेको देखिन्छ । उपन्यासमा थारू समुदायका रमाकान्त चौधरीको परिवारको प्रतिनिधित्व गराइएको छ । यस उपन्यासमा थारू समुदायको पात्र रमाकान्त चौधरीलाई यसरी चित्रण गरिएको छ, “गाउँका गिरहत रमाकान्त चौधरीले आफ्नो आँगनमा बसेको खम्बामा ठूलो रेडियो टाँगेका थिए” (पृ. १९) । यस साक्ष्यमा गाउँका मालिक रमाकान्तको नामका पछाडि प्रयुक्त चौधरी थरले मूलभूत रूपमा मधेसी आदिवासी जनजाति थारू समुदायलाई  जनाउँछ । कथ्यवस्तुमा उपन्यासकार चौधरीले हालको मधेस प्रदेशअन्तर्गत पर्ने सिराहा जिल्लाको विषयवस्तुलाई कार्यपीठिकाको आधार बनाएकाले रमाकान्त चौधरीको उपस्थापनले मधेसी आदिवासी जनजाति थारू समुदायलाई प्रतिनिधित्व गराइएको प्रस्ट देखिन्छ । उपन्यासकार स्वयम् पनि सोही समुदायकै सचेत पात्र भएकीले उसले राष्ट्रमा आफ्नो थारू जातीय पहिचानलाई अझ बलियो र दीगो बनाउनका निम्ति स्वजातीय पात्रका नाम प्रयोग गरेको देखिन्छ ।

*दुलारी* उपन्यासमा मधेसी आदिवासी जनजातिअन्तर्गत पर्ने थारू जातिको पात्रको उपस्थापन गरिएको छ । यस उपन्यासमा थारू समुदायको अर्को मालिक उमाकान्त चौधरीको बारेमा चित्रण गरिएको छ । उपन्यासमा उमाकान्त चौधरीको वैभवशाली व्यक्तित्वलाई यसरी वर्णन गरिएको छ, "भोलिपल्ट पुबरिया टोलमा उमाकान्त गिरहतको छोराको विवाह थियो" (पृ. १६३) । यस साक्ष्यमा उमाकान्तको नामका पछाडि प्रयुक्त चौधरी थरले मधेसको रैथाने थारू जातिलाई इङ्गित गर्दछ ।

उपन्यासकार मुना चौधरीले आफ्नो थारू जातीय पहिचानलाई स्थापित गर्न र राष्ट्रिय स्तरमा विमर्शको विषयवस्तु बनाउनका निम्ति रमाकान्त चौधरी र उमाकान्त चौधरीलाई कथ्यवस्तुमा मालिकका भूमिकामा प्रतिनिधित्व गराएको छ । यस उपन्यासमा तत्कालीन माओवादी पार्टीद्वारा राज्यविरुद्ध सञ्चालित जनयुद्धमा लागेको महेश चौधरीका बारेमा वर्णन गरिएको छ । उत्पीडित नेपाली नागरिकका उन्मुक्ति र आर्थिक क्रान्ति एवम् सामाजिक रूपान्तरणका लागि महेश चौधरी माओवादी जनयुद्धमा लागेको उल्लेख गरिएको छ ।

**(ख) मधेसी समुदायको प्रतिनिधित्व**

मधेसमा त्यहाँका आदिवासी जनजातिभन्दा पृथक् पहिचान र सांस्कृतिक जीवनपद्धति बोकेका मधेसी समुदायका मानिसहरूको सघन बसोबास रहेको विषयवस्तुलाई *दुलारी* उपन्यासमा चित्रण गरिएको छ । मधेसी समुदायका मानिसहरूमा रहनसहन, खानपान, संस्कार तथा संस्कृति त्यहाँका आदिवासी जनजाति, दलित र मुस्लिमभन्दा पृथक् रहेको छ । *दुलारी* उपन्यासमा मधेसी समुदायका पात्रहरूको यथोचित चित्रण गरिएको छ । यस उपन्यासमा ठाकुर, दुलारी पढ्ने विद्यालयको विज्ञान विषयका शिक्षक महतो सर र दुलारीको सहपाठी चलितरालाई मधेसी समुदायका पात्रका रूपमा प्रतिनिधित्व गराएको देखिन्छ ।

*दुलारी* उपन्यासमा मधेसी समुदायको ठाकुर जातिको पात्रका बारेमा यस्तो उल्लेख गरिएको छ, "बाप ठाकुर के बोल्या के केश कट्या देतौ ।' (बाउले ठाकुरलाई बोलाएर कपाल कटाइदिनुहुन्छ ।) भाइलाई माईले काखमा बोकेर दूध खुवाउँदै भनिन्" (पृ. ८७) । यस साक्ष्यमा मधेसमा कपाल काट्ने नाइँ जातिको मानिसलाई 'ठाकुर' भनेर सङ्केत गर्दै उसको परम्परागत कपाल काट्ने पेसा रहेको विषयवस्तु समेतको उजागर गरिएको छ । यस प्रसङ्गमा दुलारीको सानो भाइ बौका बालुवामा खेलेर बालुवैबालुवाले शरीर फोहोर गरेर घर आएपछि उसकी आमाले रिसाएर उपर्युक्त कथन भनेकी हुन् । मधेसमा ठाकुरले त्यहाँका

मानिसहरूको कपाल काट्ने र दाह्री खौरने काम गर्दै आएको पाइन्छ .(चौधरी, सन् २०१५, पृ. ९५) । यस सन्दर्भमा मधेसमा पेसागत रूपमा काम गर्ने ठाकुर जातिको प्रतिनिधित्वलाई स्पष्ट पारेको छ ।

विश्लेष्य उपन्यासमा मधेसी समुदायकै महतो जातिका पात्रको चित्रण गरिएको छ । उपन्यासमा उक्त पात्रलाई पढेलेखेको शिक्षकका रूपमा चिनाइएको छ, "....उनलाई स्कुलमा सबैले महतो सर भन्थे" (पृ. १०१) । यस साक्ष्यमा पात्रको नाम महतो मात्र राखेर महतो थर लेख्ने मधेसी समुदायको जातिलाई सङ्केत गर्न खोजिएको छ । उपन्यासकार चौधरीले मधेसी समुदायको महतो थर लेख्ने जातिको प्रतिनिधित्व गराउन खोजेकी प्रस्ट देखिन्छ ।

उपन्यासकार चौधरीले प्रस्तुत उपन्यासमा चलितरा भनेर मधेसी समुदायकै पात्रको प्रतिनिधित्व गराउन खोजेकी हुन् । मधेसमा सामाजिक तथा आर्थिक रूपले मान्छे कमजोर भएपछि उसको नाम अलिक बिगारेर बोलाइने चलन रहेको छ । यस सन्दर्भमा चलितराको उपस्थापन पनि सोही दृष्टिकोणबाट भएको हो भन्न सकिन्छ । उपन्यासकार चौधरीले महतो सरको अगाडिको नाम नराख्नु र चलितराको पछाडिको थर नलेख्नुले उनको चलाखीलाई इङ्गित गर्दछ ।

### (ग) मधेसी दलित समुदायको प्रतिनिधित्व

*दुलारी* उपन्यासमा मधेसी दलित सदा (मुसहर) र डुम जातिका पात्रको प्रतिनिधित्व गराइएको छ । यस उपन्यासको केन्द्रीय चरित्र दुलारी नै मधेसी दलित सदा अर्थात् मुसहर समुदायको पात्र हो । मधेसी दलित मुसहर समुदायका मानिसहरूले 'सदा' र 'ऋषिदेव' थरका रूपमा प्रयोग गर्ने चलन छ (चौधरी, सन् २०१५, पृ. १४०) । उपन्यासमा मुसहर र डुम जातिका पात्रको सीमान्तीकृत सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक अवस्थाको जीवन्त चित्रण गरिएको छ । मधेसका गैरदलित समुदायले त्यहाँका दलित समुदायमाथि गर्ने विभेदकारी व्यवहारलाई यसरी प्रस्तुत गरिएको छ :

> मुसहरी टोलमा पनि इनार थियो । टोलको इनारबाहेक हामी कुनै इनार प्रयोग गर्दैनथ्यौं । चौधरी (थारू) को इनारमा जाने अनुमति हामीलाई थिएन । हामीलाई गाउँ बाहिरको पोखरीमा नुहाउने अनुमति पनि थिएन । मुसहरी टोलको छेउमा

> रवीन्द्रा डुमको छाप्रो नजिकै डबरा (सानो पोखरी) थियो । हाम्रो टोलका मान्छे त्यही डबरामा नुहाउँथे र भाँडाकुँडा माझ्थे । (पृ. २०)

उपर्युक्त साक्ष्यमा मुसहरीमा बसोबास गर्ने मधेसी दलित समुदायका मुसहरहरूलाई गैरदलित चौधरीका इनारमा जाने अनुमति नहुनुले तिनीहरू कथित दलित भएकाले तिनीहरूसँग यस्तो व्यवहार गरिएको हो भन्न सकिन्छ । गैरदलितहरू आफूलाई दलितभन्दा उच्च र अस्पर्श्य मान्ने भएकाले यस्तो असमान व्यवहार गरेको देखिन्छ । गाउँबाहिर गैरदलितको पोखरीमा दलित मुसहरहरूलाई नुहाइधुवाइ गर्न निषेध गरिनुले पनि मुसहरहरू प्रतिको असामाजिक र असमान व्यवहारलाई इङ्गित गर्दछ ।

मधेसमा सामाजिक, आर्थिक, सांस्कृतिक एवम् राजनीतिक हिसाबले सीमान्तीकृत जीवन बाँचिरहेका मुसहर समुदायलाई मधेसी दलितअन्तर्गत राखिएको छ । यस साक्ष्यमा हामी भन्नाले समाख्याताले समुदायमा उत्पीडित र छुवाछुतको समस्या झेल्दै आएका मुसहर समुदायको प्रतिनिधित्वलाई उजागर गर्न खोजिएको स्पष्ट छ । समाख्याताको ‘हामी’ भन्ने सम्बोधनले दुलारी सदाको परिवारलगायतका मुसहरी टोलमा बसोबास गर्ने समस्त मुसहर समुदायको प्रतिनिधित्वलाई जनाएको हो ।

प्रस्तुत साक्ष्यमा मधेसी दलित डुम समुदायको रवीन्द्रा डुमको दारुण पक्षको उद्घाटन गर्दै उसप्रति गरिएको विभेदकारी व्यवहारको पर्दाफास गरिएको छ । यस सन्दर्भमा मधेसी दलित मुसहर र डुम समुदायका व्यथाको कारुणिक प्रस्तुति गरिनुका साथै तिनका पीडाको उद्बोधन गरिएको छ (न्यौपाने, २०७६, annapurnapost.com/news/148603) । यस साक्ष्यमा मधेसी दलित मुसहर र डुम जातिको वास्तविक प्रतिनिधित्व गराइँदै मधेसी समुदायमा गैरदलित मधेसी समुदायका मानिसहरू मधेसी दलित समुदायका मानिसहरूप्रति गर्ने गैरकानुनी र अमानुषिक व्यवहारको जीवन्त तस्बिर प्रस्तुत गरिएको छ । यस उपन्यासमा मधेसी दलित समुदायका मुसहर र डुम जातिका पात्रहरूको उपस्थापन गर्दै तिनका प्रति गैरदलितको व्यवहार र मनोविज्ञानलाई राम्ररी चित्रण गरिएको छ । उपन्यासमा प्रयुक्त मधेसी दलित पात्रहरू मूलभूतहरू उपर्युक्त दुइटा दलित समुदायका प्रतिनिधित्व गराइएका छन् ।

### ३.४ लैङ्गिक प्रतिनिधित्व

प्रस्तुत शोधमा मधेसी समुदायको लैङ्गिक प्रतिनिधित्वको अध्ययन महत्त्वपूर्ण रहेको छ । यस शोधमा मधेसी समुदायमा सामुदायिक स्तरमा र पारिवारिक स्तरमा पुरुष र महिलालाई हेर्ने दृष्टिकोण अनि गरिने व्यवहारका सन्दर्भबारे व्याख्या गर्नु आवश्यक देखिन्छ । मधेसी समुदायमा पुरुषले महिलालाई दिने भूमिका र गर्ने व्यवहारका बारेमा गहन अध्ययन महत्त्वपूर्ण छ । पितृसत्तात्मक संरचना विद्यमान रहेको मधेसी समुदायमा पुरुषको सर्वोच्चता र महिलाका अधीनस्थताका बारेमा उपन्यासका कथ्यवस्तुका आधारमा केलाउनु उपयुक्त हुन्छ ।

लेङ्गिक प्रतिनिधित्वअन्तर्गत पुरुषले पुरुषसँग गर्ने व्यवहार र महिलाले महिलासँग गर्ने व्यवहार त्यसैगरी पुरुषले महिलासँग गर्ने व्यवहार र महिलाले पुरुषसँग गर्ने व्यवहार लैङ्गिक प्रतिनिधित्वको अध्ययनका सन्दर्भमा बडो महत्त्वका साथ हेरिन्छ । मधेसी समुदायमा पुरुषका स्थान र भूमिका अनि महिलाका स्थान र भूमिकाका बारेमा अध्ययन गर्दै लैङ्गिक प्रतिनिधित्वको निष्कर्ष निकाल्ने काम गरिएको छ ।

#### ३.४.१ अलिखित उपन्यासमा लैङ्गिक प्रतिनिधित्व

*अलिखित* उपन्यासमा पुरुष तथा महिला पात्रहरूको यथोचित उपस्थापन गराइएको छ । उपन्यासमा पुरुष तथा महिला पात्रका स्थान तथा भूमिका केकस्तो रहेको छ सोको वस्तुपरक अध्ययन वाञ्छनीय रहेको छ । शक्तिसम्बन्धका हिसाबले पुरुष वा महिला कुन वर्गका पात्रहरू शक्तिशाली भूमिकामा छन् र कुन वर्गका पात्रहरू अधीनस्थ भूमिकामा रहेका छन् तिनको सूक्ष्म र गहन अध्ययन महत्त्वपूर्ण हुने भएकोले यहाँनेर सोही विषयवस्तुको प्राज्ञिक अध्ययन गर्नु औचित्यपूर्ण देखिन्छ ।

**(क) पुरुषको प्रतिनिधित्व**

*अलिखित* उपन्यासमा परम्परागत पितृसत्तात्मक विचारधारालाई प्राथमिकता प्रदान गरिएकोले पुरुषवाद नै हावी रहेको देखिन्छ । यस उपन्यासमा पुरुष पात्रहरू नै निर्णायक र सर्वेसर्वा भूमिकामा रहेका छन् । सामाजिक संरचनामा तथा सांस्कृतिक पक्षका महत्त्वपूर्ण भूमिकामा पुरुष पात्रहरूकै सर्वेसर्वापन प्रदान गरेर पुलिङ्गी पात्रहरूलाई प्रभुत्वशाली भूमिकामा प्रतिनिधित्व गराइएको छ । उपन्यासको कथ्यवस्तुमा मुख्य भूमिकामा पुरुष

पात्रहरूलाई प्राथमिकता प्रदान गर्नुले यस उपन्यासमा पुरुषवाद हावी रहेको तथ्य पुष्टि हुन्छ । सामाजिक गतिविधिदेखि लिएर राजनीति तथा प्रशासनिक लगायतका सबै क्रियाकलापमा पुरुष पात्रहरूकै प्रभुत्व रहेकाले पुरुष पात्रको शक्तिशाली प्रतिनिधित्व प्रस्ट भएको छ ।

उपन्यासमा महिला पात्रका तुलनामा पुरुष पात्रहरूको सङ्ख्यात्मक र गुणात्मक उपस्थिति बढी रहेकाले यस उपन्यासमा पुरुष पात्रहरूको अधिक प्रतिनिधित्व रहेको छ । *अलिखित* उपन्यासमा मधेसको राजपुत जातिको विश्वनाथप्रसाद सिंहलाई प्रभुत्वशाली भूमिकामा राखिएको छ । यसका साथै उसको कारिन्दा लालजी पटवारी, उसको सेवक नथुनी तेली, धरीछन कोइली, सरजु, सुनरा, इनरा, मङ्गल खाँ थारू, अनुप मिस्तिरीलाई उपन्यासको कथ्यवस्तुमा महत्त्वपूर्ण भूमिकामा चित्रण गरिएको छ ।

*अलिखित* उपन्यासमा नागा बाबा, मतियाका बाबु, सरजु, रामफल माझी, रामबिरिछ, गोकुल महतो, जोखु भगत, कलुवा लोहार, गनपत भाइ, सम्मन खाँ, शङ्कर राउत, विसुन राउत, भीखम गोडाइत, शिवगुलाम कानु, शिवगुलामको छोरो, बटेसर, भिखारी, ब्रह्मदेउवा, सुरूजा, अकलु, अकलुका छोराहरू, मोग्लानियाँहरू, राउत बुढा, चमारहरू, बटैयादारहरूलाई गौण भूमिका प्रदान गरिएको छ । यस उपन्यासमा असर्फी, बौवा, पर्दास कानु, रवि, रङ्गलाल पहलमान, महावीर कुर्मी, ठाकुर सिंह, लछुमन राउत, गोकुल मुसहर, बैजनाथ, अब्दुल, नाऊ, जोधवा, कुल्लीहरू र पिउनहरू गौण भूमिकामै रहेका छन् । यस उपन्यासमा पुरुष पात्रहरूको अधिक प्रतिनिधित्व भएको तथ्य उजागर भए तापनि तिनमध्ये कथ्यवस्तुमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पात्रका प्रतिनिधित्वबारे विश्लेषण गर्नु उपयुक्त हुने देखिन्छ ।

*अलिखित* उपन्यासमा विश्वनाथप्रसाद सिंहलाई प्रभुत्वशाली पुरुष पात्रको भूमिकामा प्रतिनिधित्व गराइएको छ । सामाजिक, आर्थिक, राजनीतिक हरेक हिसाबले शक्तिशाली विश्वनाथप्रसाद सिंहलाई जमिनदारका रूपमा चित्रण गर्नुले पनि उसको प्रभुत्व सावित हुन्छ । उसले समुदायमा खनखाँचोदेखि लिएर, नदीमा बाँध बाँध्न अगुवाई गर्ने, गाउँमा कोही विरामी पर्दा सरसहयोग गर्नेदेखि लिएर पुलिस प्रशासनमा समेत सम्बन्ध कायम गरेकाले उसको प्रभुत्वशाली भूमिका प्रस्ट हुन्छ । यस उपन्यासमा उसलाई चुनौती दिने अथवा उसलाई खतरा लाग्ने पात्रलाई षड्यन्त्रपूर्ण तरिकाले मार्न लगाएर दोरहन्तल तालमा रहस्यमयी तरिकाले फ्याँक्न लगाई त्यसको भोलिपल्ट समवेदनासमेत प्रकट गर्ने कुटिल

पात्रका रूपमा विश्वनाथप्रसाद सिंहको प्रतिनिधित्व गराइएको छ । आफ्नो व्यक्तिगत स्वार्थपूर्तिका लागि आफ्नी भतिजी सावित्रीलाई हाकिमसँग सुत्नसमेत पठाउने गतिविधिले उसको चरित्र उदाङ्गो पारिदिएको छ । *अलिखित* उपन्यासमा अर्को पुरुष पात्र जमिनदारको कारिन्दा पटवारीको बारेमा यस्तो अभिव्यक्ति छ :

> ...पटवारीले, जो निकै पुड्को थियो, पर्याप्त उमेर, प्रशस्त परिश्रम र जग्गाजमिनसाथ पचाइसकेको देखिन्थ्यो, चश्माबाट आशङ्कित भएर हेरेको थियो । चस्माको एकातिरको कमानीको ठाउँमा धागाको उपयोग गरिएको थियो । जसले पटवारीको कान र अनुहार लघुशङ्काको तोडमा जनै हालेर हिँड्नै आँट्न थालेझैँ देखिन्थ्यो । (पृ. १०)

उपर्युक्त साक्ष्यमा जमिनदारको कारिन्दा पटवारीको शारीरिक बनोटका साथसाथै उसको कार्यशैली र मनोविज्ञानको बारेमा प्रस्ट उल्लेख गरिएको छ । यस प्रसङ्गमा पटवारीले शासक वर्गीय विचारधाराका विश्वनाथप्रसाद सिंहको अन्याय, अत्याचारमा सहभागी भएकोले ऊ पनि शोषक रहेको तथ्य उद्घाटित भएको छ । शक्तिसम्बन्धको हिसाबले जमिनदारको निकटस्थ र मतियार पटवारीको माध्यमबाट शक्तिशाली प्रतिनिधित्व गराइएको छ । *अलिखित* उपन्यासमा मिथकीय पोखरी दोरहन्तलको बारेमा रोचक ढङ्गबाट कथा सुनाउने पुरुष पात्र धरीछन कोइली ृएवमेवे को बारेमा चर्चा गरिएको छ । कथ्यवस्तुमा धरीछन कोइलीलाई आदर्शवादी विचारधारा मान्ने धामीझाँक्रीको रूपमा यसरी प्रस्तुत गरिएको छ :

> ...धरीछनलाई राम्रो गुनी मानिन्थ्यो गाउँमा । उसलाई बोक्सी र प्रेत दुवै नियन्त्रण गर्ने विद्या आउँछ, यस्तो गाउँमा प्रचलित थियो । यस्तै नियन्त्रण गर्दागर्दै उसले एक दिन एउटी स्वास्नी भगाएर ल्याएको थियो, जो आज आइमाई कम, बोक्सी बढी मानिन्थ्यो : ऊ झारफुक मात्र होइन, केही जडिबुटीको समेत ज्ञान राख्तथ्यो । (पृ. ४६–४७)

उपर्युक्त साक्ष्यमा मधेसी समुदायको पात्र धरीछन कोइली एउटा झारफुके वैद्यको रूपमा रहेको पुष्टि हुन्छ । ऊ भूतप्रेत, पिचास, काँचोवायुलाई नियन्त्रण गर्ने मन्त्रशक्ति प्रयोक्ता हुनुका साथसाथै ऊसँग मारण, मोहन र उच्चाटणसम्बन्धी तान्त्रिक ज्ञान रहेको वास्तविकता यहाँ उजागर गरिएको छ । प्रस्तुत प्रसङ्गमा धरीछन कोइलीमा तन्त्रमन्त्र ज्ञान रहेकाले उसलाई धामीझाँक्रीको रूपमा प्रतिनिधित्व गराइएको छ । यस उपन्यासमा मङ्गल

खाँ थारूको कमजोर प्रतिनिधित्व गराइएको छ । उपन्यासमा उसको बारेमा यस्तो अभिव्यक्त छ, "... मङ्गल खाँव अर्थात् मङ्गल खाँ थारू । हातमा सधैँ नरिवलको हुक्का लिएर हिँड्थ्यो, हाँस पाल्थ्यो र आफ्ना दुइटी तरूनी छोरीलाई विदा गरेर कसरी पठाउने भन्ने फिक्रीले दुब्लो हुने गर्थ्यो । ऊ आफू त अब निकै बूढो भइसकेको थियो" (पृ. ७१) । प्रस्तुत साक्ष्यमा मधेसी आदिवासी जनजाति मङ्गल खाँ थारूको अप्रभुत्वशाली भूमिका देखाइएको छ । यस कथनमा विपन्न वर्गको मङ्गल खाँ शक्तिसम्बन्धको हिसाबले कमजोर भएकोले ऊ आफ्ना छोरीका विवाह कसरी सम्पन्न गराउने भनी चिन्तित भएको देखिन्छ ।

विवेच्य उपन्यासको कथ्यवस्तुमा मधेसी आदिवासी जनजाति थारू समुदायको पुरुष पात्र मङ्गल खाँ थारूको कमजोर प्रतिनिधित्व देखाइएको छ । प्रस्तुत उपन्यासमा सीमान्तीकृत मधेसी समुदायको तेली जातिको नथुनी तेलीको बारेमा यस्तो अभिव्यक्त छ, "कउनले आफ्नो एउटा हटवे अर्थात् धान तौलिने मानिस राखेका थिए, जसको नाउँ थियो नथुनी तेली । त्यो जिम्दारको गडी पनि हाँक्थ्यो, घोडामा धान र तोरी लादेर कलैया बजारमा बेच्न पनि जान्थ्यो, अनि आफ्नो घरमा तोरी पेलेर तेल पनि चुहाउँथ्यो" (पृ. ८८) । यस साक्ष्यमा विपन्न वर्गीय नथुनी तेलीलाई जमिनदारको सेवकको रूपमा प्रतिनिधित्व गराइएको छ । मालिकको आज्ञापालन गर्ने र मालिकको निर्देशनबमोजिम काम गर्ने नथुनी तेली स्वतन्त्र रूपले काम गर्ने हैसियतमा नभएकाले उसको अधीनस्थता स्वतः प्रस्ट हुन्छ । शक्तिशाली जमिनदारको मातहतमा काम गर्ने नथुनी तेली शक्तिसम्बन्धको हिसाबले कमजोर हुनु स्वाभाविक हो । ऊ अतिविपन्न भएकाले परिवारको पालनपोषणका निम्ति मालिकको गाडी हाँक्ने र बचेको समयमा तोरी पेलेर घरघरमा बिक्री वितरण गर्नुले उसको दरिद्रतालाई उजागर गर्नुका साथै अप्रभुत्वशाली भूमिकालाई इङ्गित गर्दछ । अर्काको कृपापात्र भएको नथुनी तेली निम्छरा भएकोले उसको कमजोर प्रतिनिधित्व प्रस्ट हुन्छ ।

*अलिखित* उपन्यासमा इनरा भन्ने पात्रलाई जमिनदारको विद्रोही पात्रका रूपमा चित्रण गरिएको छ । कथ्यवस्तुमा इनराको बारेमा यस्तो अभिव्यक्त गरिएको छ :

> एक दिन बिहान इनराको लास दोरहन्तल पोखरामा उत्रिरहेको देखियो । इनरा कसै गरी कक्षा आठसम्म पढेको बासिन्दा थियो प्रायः जिम्दार सित ऊ बहस गरिरहन्थ्यो, असहमत भइरहन्थ्यो । स्पष्ट छ, जिम्दारलाई त्यस्तो विद्रोह प्रकृतिको नाइके, गाउँको हावा-पानी-माटोमा अलि अप्राकृतिक लाग्थ्यो । इनरा जिम्दारलाई

> एउटा रोगजस्तो लाग्दथ्यो, जसको उपचार समयमै हुनु जरूरी छ । गाउँको स्वास्थ्यका लागि । (पृ. १०४)

उपर्युक्त साक्ष्यमा शासक वर्गीय विचारधाराको पृष्ठपोषक जमिनदारको शोषण, अन्याय, अत्याचारको विरुद्धमा आवाज बुलन्द गर्ने इनरालाई प्रतिरोधीचेत भएको पुरुष पात्रको रूपमा प्रतिनिधित्व गराइएको छ । कम पढेलेखेको भए पनि इनरामा राजनीतिक सुझबुझ र समसामयिक गतिविधिबारे जानकारी भएकाले ऊ प्रायजसो जमिनदारसँग बाझिरहने तथ्यलाई यस साक्ष्यले पुष्टि गरेको छ । इनराको विद्रोही स्वभाव जमिनदारको लागि अप्रिय भएकाले जमिनदारले उसको गतिविधि मन नपराई षड्यन्त्रपूर्वक हत्या गराएर रहस्यमयी दोरहन्तल पोखरीमा फ्याँक्न लगाएको तथ्य पुष्टि हुन्छ । सामाजिक विमर्शात्मक संरचनामा शक्तिसम्बन्धको हिसाबले इनराको कमजोर प्रतिनिधित्व गराइएको छ ।

**(ख) महिलाको प्रतिनिधित्व**

*अलिखित* उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनाबाट निर्मित संस्कृतिलाई प्रस्तुत गरिएको हुनाले महिला पात्रहरू अधीनस्थ भूमिकामा प्रतिनिधित्व गराइएका छन् । उपन्यासका महिला पात्रहरूलाई पुरुषाश्रित भूमिकामा प्रस्तुत गरिएको छ । यसका साथै महिलाहरूलाई पुरातनवादी दृष्टिकोणबाट चित्रण गरिएको छ । यस उपन्यासका महिला पात्रहरू शक्तिसम्बन्धको हिसाबले कमजोर भूमिकामा रहेका छन् । उपन्यासकार स्वयम् पनि पुरुष भएकोले होला प्रस्तुत उपन्यासको कुनै पनि महिला पात्रलाई मुख्य भूमिका प्रदान नगरेका हुन् कि भन्न सकिन्छ । उपन्यासमा केवल पुरुष पात्रहरूलाई अहम् भूमिका प्रदान गरिएको छ । यस उपन्यासमा विधुवी, मतिया, मतियाकी आमा, रजकलिया, लजकलिया, जयकलिया, मधुरी भट्टी, शङ्कर राउतकी पत्नी, विसुन राउतकी पत्नी, विसुन राउतकी भान्जी, शिवगुलाम कानुकी दोस्री पत्नी पार्वती, बन्ती, अनुपकी जेठी पत्नीकी छोरी जलेसरी, अनुपकी पत्नी बीननी, अनुपकी सानी छोरी, कथनी बुढिया, जिम्दार्नी अथवा मलकिनी, विश्वनाथप्रसाद सिंहकी भतिजी सावित्री, मनतुरनी, जोखुकी छोरी चम्पवा, दुखनी, सलिमा मुस्लिम, नथुनीकी स्वास्नी, अब्दुलकी छोरी महिला पात्रका रूपमा प्रतिनिधित्व गराइएका छन् । तेह्रवटा फरक फरक शीर्षकहरूमा रचित यस उपन्यासमा कुनै पनि महिला पात्रलाई केन्द्रीय चरित्रको रूपमा उपस्थापन गराइएको छैन ।

*अलिखित* उपन्यासमा रजकलिया, लजकलिया, जयकलिया, शङ्कर राउतकी पत्नी, विसुन राउतकी पत्नी, फुलवा, फुलवाका माइजूहरू, पार्वती, बन्ती, जलेसरी, कथनी बुढिया, विधुवी, मनतुरनी, चम्पवा, नथुनीकी स्वास्नी, नथुनीकी पत्नीलाई कथावस्तुमा गौण भूमिकामा प्रतिनिधित्व गराइएकाले तिनका बारेमा विश्लेषण गर्नु त्यति उपयुक्त देखिँदैन । उपन्यासमा प्रस्तुत उपन्यासमा सहायक भूमिका प्रदान गरिएका मतिया, मतियाकी आमा, मधुरी भट्टी, बीननी, सलिमा मुस्लिम, जिम्दार्नी/मलकिनी, सावित्री, दुखनी महिला पात्रका लैङ्गिक प्रतिनिधित्वको बारेमा अध्ययन गरिएको छ ।

*अलिखित* उपन्यासमा महिला पात्र मतियालाई सहायक पात्रको रूपमा चित्रण गरिएको छ । उसलाई एउटी गरिब महिलाको रूपमा यस्तो चित्रण गरिएको छ, "मतियाले सानो डोलमा इनारबाट पानी झिकेर ल्याई । ल्याउँदाल्याउँदै चौथाइ जति पानी चुहिएछ । संयोगले इनार नजिकै थियो । टाढा भएको भए आधी वा तीन चौथाइ पनि चुहिन सक्थ्यो" (पृ. २३) । यस साक्ष्यमा मतिया घर व्यवहार तथा चुलो चौकोमा संलग्न भएकी तथ्य उद्घाटन गर्दै ऊ महिला भएकीले घर व्यवहारको काममा केन्द्रित र सीमित रहनुपर्ने तथ्य उजागर गरिएको छ । पुरुषप्रधान विचारधारामा परिवारका महिला सदस्यहरू घरायसी काममा जुट्नुपर्ने तथ्यलाई यस सन्दर्भले इङ्गित गरेको छ । समुदायमा लैङ्गिक आधारमा कामको बाँडफाँड तथा विभाजन भनेको लैङ्गिकतासँग सम्बन्धित विषयवस्तु हो किनभने घरबाहिरको कामचाहिँ परिवारका पुरुष सदस्यले सम्पन्न गर्ने र घरभित्रका कामधन्दाचाहिँ परिवारका महिला सदस्यले सम्पन्न गर्ने संस्कृतिले पुरुष महिला बिचका विभेदकारी विश्वदृष्टिलाई इङ्गित गर्दछ ।

मतिया महिला भएकीले ऊ घरको कामधन्दामा संलग्न हुनुपरेकी तथ्यले समाजको परम्परित व्यवहारलाई इङ्गित गर्दछ । यस प्रसङ्गमा महिलाको भूमिका घरभित्रको काममा केन्द्रित हुने प्रस्ट पार्न खोजिएको छ । उपन्यासमा मतियाकी आमाको भूमिकालाई यसरी चित्रण गरिएको छ, "....त्यसको काखमा, यही मतिया थिई कि कुनै अर्को बच्चा थियो । उसले उपाय झिकी, ऊ घरबाहिर जहाँ निस्के पनि मतिया वा त्यो बच्चालाई च्यापेर आफ्नो एउटा पाटो ढाक्थी र हिँड्थी करिब तीन महिनासम्म त्यसले त्यसै गरेर काम चलाई" (पृ. २५) । यस साक्ष्यमा मतियाकी माई पनि घरायसी काममै संलग्न रहेकी तथ्य उजागर गर्दै उसको सीमित भूमिकालाई सङ्केत गरिएको छ । हाम्रो समुदायमा बच्चाको

रेखदेखको जिम्मेवारी मूलभूत रूपमा महिलाले ग्रहण गर्नुपर्ने संस्कृतिले महिलाको घरभित्रको सीमित दायरालाई इङ्गित गर्दछ ।

पितृसत्तात्मक विचारधाराबाट सञ्चालित समुदायमा पुरुष शारीरिक हिसाबले बलिया हुने भनिन्छ । तिनले घरबाहिरका काम गर्ने अनि महिलाचाहिँ पुरुषका तुलनामा शारीरिक रूपले कम बलिया हुने भएकाले तिनले घरभित्रका सरल काम गर्नुपर्ने मनोविज्ञानले पुरुष र महिलाका पृथक् पृथक् भूमिका निर्धारण गरिएको छ जुन लैङ्गिकतासँग अन्तर्सम्बन्धित विषयवस्तु हो । परिवारका महिला सदस्यहरू खासगरिकन आमाले बच्चाको पालनपोषण गर्नुपर्ने, हुर्काउनु बढाउनुपर्ने संस्कृति निर्माण गरी समुदायमा चलन चलाइएको पाइन्छ ।

पुरुष र महिलाका फरक फरक भूमिका निर्धारण सामाजिक प्रतिनिधित्वसँग सहसम्बन्धित विषयवस्तु हो । सामाजिक प्रतिनिधित्वहरू पुरुष र महिलाका मानसिकतामा अवस्थित रहने विषयवस्तु हो जुन संसारभरि पाउन सकिन्छ र जसको परीक्षण अलग अलग गर्न सकिन्छ (मस्कोभिसि, सन् १९८८, पृ. २१४) । यहाँनेर महिला सदस्यले नै बच्चाको रेखदेख गर्नुपर्ने सन्दर्भले महिलाको सीमित भूमिकालाई प्रतिनिधित्व गराइएको छ जुन लैङ्गिकतासँग सम्बन्धित विषयवस्तु हो ।

### ३.४.२ उलार उपन्यासमा लैङ्गिक प्रतिनिधित्व

नेपाली समाजमा पितृसत्तात्मक संरचना नै हावी भएकाले *उलार* उपन्यासमा सोही संस्कृतिको प्रतिविम्बन भएको छ । यस उपन्यासमा पितृसत्तात्मक संरचना नै प्रभुत्वशाली भूमिकामा देखिनुका साथै महिला पात्रहरू लैङ्गिक विभेद र उत्पीडनका समस्या भ्रेलेका थुप्रै उदाहरणहरू भेटिन्छन् । यस उपन्यासमा प्रयुक्त पुरुष पात्रलाई मुख्य भूमिकामा राखिएकाले महिला पात्रहरू परम्परित र गौण भूमिकामा प्रस्तुत गरिएका छन् ।

#### (क) पुरुषको प्रतिनिधित्व

*उलार* उपन्यासमा पुरुष पात्रकै उपस्थापन मुख्य भूमिकामा रहेको छ । परम्परित पितृसत्तात्मक विचारधारालाई प्राथमकिता प्रदान गरी लेखिएको *उलार* उपन्यासमा पुरुष पात्रहरूलाई प्रभुत्वशाली प्रतिनिधित्व गराइएको छ । यस उपन्यासमा पुरुष पात्रहरूको अधिक प्रतिनिधित्व गराइएको छ । अधिक प्रतिनिधित्व सङ्ख्यात्मक गणनाभन्दा पनि शक्तिसम्बन्धसँग अन्तर्सम्बन्धित विषयवस्तु हो । उपन्यासको कथ्यवस्तुमा पुरुष पात्रहरूलाई

नै कथावस्तुको केन्द्रीय भूमिका प्रदान गरिएकोले पुरुष पात्रको अधिक प्रतिनिधित्व भनिएको हो ।

विवेच्य उपन्यासमा निम्न वर्गीय मधेसी पुरुष पात्र प्रेमललवालाई मुख्य भूमिकामा राखिएको छ । आर्थिक हिसाबले सीमान्तीकृत प्रेमललवाले कथावस्तुको मुख्य भाग ओगटेकोले लैङ्गिक हिसाबले उसको प्रभुत्वशाली भूमिका रहेको छ । *उलार* उपन्यासको केन्द्रीय कथ्य प्रेमललवाकै वरिपरि केन्द्रित रहेकोले यसमा पुरुष पात्रको प्रभुत्वशाली स्थान रहेको छ । प्रस्तुत उपन्यासमा मधेसी आदिवासी जनजाति थारू समुदायका लौटनसिंह थारूलाई प्रभुत्वशाली पुरुष पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ । ऊ पञ्चायतकालीन राजनीतिमा लागेर प्रभुत्वशाली मन्त्रीसम्म बन्न सफल भएको प्रसङ्गले पुरुष पात्र लौटनसिंह थारूको प्रभुत्वशाली प्रतिनिधित्वलाई इङ्गित गर्दछ ।

लौटनसिंह थारूको प्रभुत्वशाली प्रतिनिधित्वलाई उपन्यासमा यसरी प्रकट गरिएको छ, "पञ्चायतका पालामा ननकउले लौटनसिंह थारूको पछिपछि लागेर पक्की घर ठड्याएको कुरा पनि उसलाई थाहा छ । लौटनसिंह त्यतिखेर राष्ट्रिय पञ्चायतमा जितेर मन्त्री भएका थिए" (पृ. ३९) । मधेसी आदिवासी जनजाति थारू समुदायका लौटनसिंह थारू देशको निर्णायक स्थानमा पुग्न सक्ने सन्दर्भले उसको शक्तिशाली प्रतिनिधित्वलाई पुष्टि गर्दछ । सामाजिक संरचनामा मधेसी आदिवासी जनजाति थारू समुदाय आर्थिक रूपले विपन्न भए पनि शासक वर्गले राज्यमा थारू समुदायको अभिकर्ताका रूपमा लौटनसिंह थारूको प्रतिनिधित्व गराएको प्रस्ट छ । राज्यले शासन प्रणालीलाई समावेशी देखाउनका लागि थारू समुदायका व्यक्तिहरूमध्ये सबभन्दा धनी व्यक्ति लौटनसिंह थारूको प्रतिनिधित्व गराएको हो भन्ने पुष्टि हुन्छ । शक्तिसम्बन्धका हिसाबले लौटनसिंह थारू प्रभुत्वशाली भूमिकामा देखिएकाले उसको प्रभुत्वशाली प्रतिनिधित्वलाई व्यक्त गरेको छ । यस उपन्यासमा श्रमिक वर्गका मेहनतजीवी प्रेमललवालाई टाँगा चालकका रूपमा चित्रण गरिए पनि कथावस्तुमा उसको प्रमुख भूमिका रहेकाले उसले मुख्य पात्रको प्रतिनिधित्व गरेको छ । प्रेमललवा उपन्यासको मुख्य पात्र हुनुका साथै प्रमुख पुरुष पात्रसमेतको प्रतिनिधित्व गरेको छ ।

उपन्यासमा गौण भूमिकामा रहेका इस्माइल र असलमहरूलाई टाँगावाला पुरुष पात्रका रूपमा चित्रण गरिएको छ । टाँगावाल इस्माइल र असलमका बारेमा कथ्यवस्तुमा

यसरी व्यक्त गरिएको छ, “घोडी किनेपछि उसले एक महिनाजति इस्माइललाई टाँगा चलाउन लगाएर आफू इस्माइलसँगै हेल्पर जस्तो भएर बस्यो । वास्तवमा उसलाई टाँगा चलाउन सिक्नु थियो” (पृ. ९) । “के ल्याइस् बे काठमाडौँबाट ? टाँगावाल असलमले सोध्यो । प्रेमललवाले उत्तर दिएन” (पृ. ५३) । यस उद्धरणमा इस्माइल र असलमले पुरुष पात्रको प्रतिनिधित्व गरेका छन् । यस उपन्यासमा मधेसी आदिवासी जनजाति थारू समुदायका लौटनसिंह थारूले प्रभुत्वशाली पुरुष पात्रको प्रतिनिधित्व गरेको छ । उपन्यासमा कलुवा, गुप्ता र ननकउ, इस्माइल र असलमहरूले मधेसी समुदायका शक्तिविहीन पुरुष पात्रका प्रतिनिधित्व गरेका छन् ।

**(ख) महिलाको प्रतिनिधित्व**

*उलार* उपन्यासमा मधेसी समुदायका विपन्न वर्गीय महिला पात्रका सीमान्तीकृत आर्थिक अवस्था, तिनका चरम अभाव तथा तिनले भोगेका लैङ्गिक उत्पीडनका समस्याहरूको सजीव चित्रण गरिएको छ । पितृसत्तात्मक सामाजिक संरचना र संस्कृतिले निर्माण गरेका प्रतिमानका आधारमा महिलाहरू उत्पीडित भई आफ्ना हक अधिकारका कुरासमेत राख्न नसक्ने निरीह तथा परम्परित भूमिकामा प्रस्तुत गरिएका छन् । उपन्यासमा पुरुषवाद हावी रहेको मधेसी समुदायमा महिलाहरू दोस्रो दर्जाका नागरिकको जीवन गुजार्न बाध्य रहेका तथ्य सार्वजनिक गर्दै महिलाका पीडा र अन्तरवेदनाका विषयवस्तुको यथार्थ प्रस्तुति छ ।

*उलार* उपन्यासमा पितृसत्ताले निर्माण गरेका सांस्कृतिक निर्मितिका आधारमा मधेसी समुदायका महिलाहरू लैङ्गिक विभेदका शिकार भएका विषयवस्तुको सटीक चित्रण पाइन्छ । उपन्यासकार नयनराज पाण्डेले विपन्न वर्गीय वादी समुदायकी द्रौपदीलाई मुख्य नारी पात्रको भूमिका दिएर पात्रप्रति न्याय गरेको देखिन्छ । द्रौपदी अतिसीमान्तीकृत र अपहेलित वादी समुदायकी बेरोजगारी र निर्धनताका कारण देहव्यापार गर्ने पात्र हो । वादी समुदायकी द्रौपदी पुरुषवादी सत्तासंस्कृति र स्वार्थले निर्माण गरेको संरचनाका आधारमा देहव्यापार पेसा अपनाउन बाध्य भएकी हो ।

पितृसत्तात्मक विमर्शात्मक सामाजिक संरचनामा पुरुषसत्ताद्वारा निर्मित संस्कृतिका आधारमा महिलाहरू बाँच्न बाध्य हुन्छन् (लर्नर, सन् १९८७, पृ. २१३) । उपन्यासमा लैङ्गिक उत्पीडन र शारीरिक यातनाका विषयवस्तुहरू द्रौपदीका संवाद, व्यवहार तथा उसलाई

दिइएको भूमिकाका माध्यमबाट व्यक्त गरिएको छ । उपन्यासको प्रमुख पात्र द्रौपदीलाई देहव्यापार गर्ने महिलाको रूपमा उपस्थापन गरिएको छ। वदिनी द्रौपदीले आफ्नो घरपरिवार पाल्नका लागि यौनकर्मीका रूपमा काम गर्दा धेरै पुरुषहरू शारीरिक सम्पर्क राख्नका निम्ति धाउँदै गरेको सामाजिक यथार्थलाई उपन्यासमा व्यक्त गरिएको छ । यस उपन्यासमा द्रौपदीले आत्मनिर्भर हुन नसकेका प्रेमललवाको गतिविधिप्रति विरोध जनाएकी तथ्यलाई कथ्यवस्तुमा यसरी उजागर गरिएको छ :

> द्रौपदीले उसको कालो मैलो अनुहारमा प्याच्च थुकी । राजिन्दरबाबुको खुब धाक लगाउँथिस् नि भनेर गाली गरी । उसले म्वाइँ खान खोज्दा दुलत्ती दिएर भुइँमा लडाइदिई । र उसकै छातिमाथि चढेर साला रँडुवा । एउटी मेहारु (स्वास्नी) ल्याउन नसक्नेले मलाई भुत्राको हात हाल्छस् ?' भनेर झपारी । द्रौपदीको व्यवहारले ऊ असाध्य दुःखी भयो । चिन्तित पनि भयो । छटपटियो पनि । र रून थाल्यो । द्रौपदी उसकै अगाडि ननकउसित सुती । रातभर द्रौपदीलाई ननकउले मादल बनायो र मादलको आवाज उसले रूँदै, चित्त दुखाउँदै सुनिरह्यो । (पृ. २)

उपर्युक्त साक्ष्यमा प्रेमललवाले आफू सक्षम भएर केही गर्न नसकी खाली आफ्ना मालिक राजेन्द्रबाबुको धक्कु लगाएको कुरा द्रौपदीलाई किञ्चित मन परेको देखिँदैन । त्यसैले द्रौपदीले आफूले मन पराएको व्यक्ति प्रेमललवालाई आक्रोश पोख्दै 'रँडुवा' भनेर गाली गर्नुका साथै एउटी केटी बिहे गरेर ल्याउन नसक्ने नामर्दको संज्ञा दिएकी प्रस्ट छ । प्रेमललवाको पुरुषत्व जागोस् र ऊ चाँडै आफूसँग घरजम गरोस् भन्ने इच्छाले अभिप्रेरित भएर प्रेमललवाको सामुन्नेमै ननकउसित संसर्ग गर्न गएकी हो भनी अर्थ्याउन सकिन्छ।

उपर्युक्त सन्दर्भमा सीमान्तीकृत आर्थिक अवस्था भएकी द्रौपदीको दयनीय अवस्थाको चित्रण गरिएको छ । आफ्ना मायालुका अघिल्तिर परपुरुष ननकउसित शारीरिक सम्पर्कका लागि जान तयार हुनुपर्ने बाध्यात्मक परिस्थितिले द्रौपदीको गरिबीले आक्रान्त अवस्थालाई उजागर गर्दै उसको चरम यौनशोषण भएको तथ्यलाई उद्घाटन गर्न खोजिएको छ । समुदायको आधार पक्ष आर्थिक पक्ष हो र यसमा पुरुष सत्ता नै हावी रहेकाले अधिरचनामा समेत पुरुष सत्ताकै प्रभुत्व देखिन्छ । द्रौपदीमाथि पुरुष सत्तालाई निरन्तरता दिने ननकउले शारीरिक शोषण गरेको देखिन्छ । ननकउले आर्थिक लेनदेन गरेर द्रौपदीसँग शारीरिक

सम्पर्क राख्न सफल भएको प्रस्ट छ । लैङ्गिक शक्तिसम्बन्धका हिसाबले ननकउ द्रौपदीभन्दा प्रभुत्वशाली देखिन्छ ।

पितृसत्तात्मक समाजमा पुरुषसत्ता प्रभुत्वशाली हुन्छ । यस्तो सामाजिक संरचनामा महिलाहरू पुरुषका आश्रयमा हुन्छन् । नीतिनिर्माण गर्ने तहमा पुरुष हुन्छ भने पुरुषसत्ताले निर्माण गरेको सांस्कृतिक विषयवस्तु व्यवहारमा अपनाउने काम कमजोर पुरुष तथा महिलाहरूले गर्दछन् । साहित्यमा सामाजिक विषयवस्तुको प्रतिविम्बन गरिएको हुन्छ । साहित्य स्वयम्मा संस्कृतिको विषयवस्तु हो । साहित्यमा प्रयोग गरिएका विषयवस्तु सांस्कृतिक विषयवस्तु हुन् । सांस्कृतिक विषयवस्तुको द्योतन भाषाको माध्यमबाट गरिएको हुन्छ । भाषाको माध्यमबाट सांस्कृतिक प्रतिमानहरू निर्माण गरिन्छन् र समुदायमा चलाइन्छन् ।

द्रौपदीको नामकरणमा पुरुष सत्ताकै प्रभुत्वशाली भूमिका देखिन्छ । यस सन्दर्भलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ, “उसको नाम द्रौपदी किन राखियो भन्नेतिर उसले कहिल्यै विचार गरिन । वास्तवमा पहिला उसको नाम द्रौपदी थिएन, सीता थियो” (पृ. १०) । वादी परिवारमा जन्मेकी द्रौपदीको साविकको नाम सीता राखिएको हो तर हालको नाम भने द्रौपदी राखिएको उद्घाटित छ । पितृसत्तात्मक समुदायमा बालबच्चाको नामकरणको काम मूलभूत रूपमा पुरुषले नै गर्ने चलन रहेको छ चाहे त्यो गुरु पुरोहितका रूपमा होस् या पिता, दाजुका रूपमा होस् । यस कथनमा साविकमा सीता नाम राखिए पनि परिवर्तन गरेर द्रौपदी राखिनुले शक्तिसम्बन्धका हिसाबले ऊ कमजोर र पराश्रयी देखिन्छे ।

पितृसत्तात्मक सामाजिक संरचनामा बालबालिकाको नामकरणमा महिलालाई प्राधिकार प्रदान नगरिएकाले महिला कमजोर हुने स्पष्ट छ । यस सन्दर्भमा द्रौपदीको माध्यमबाट महिलाका अधीनस्थ अवस्थाको प्रतिनिधित्व गराइएको देखिन्छ । उपन्यासमा देहव्यापार पेसा अपनाएकी द्रौपदीको आत्मकथन यसप्रकार उल्लेख गरिएको छ, “आखिर नाममा के छ ? मुख्य कुरो त काम नै हो । कामले त म रन्डी हुँ । त्यसैले मेरा लागि मेरो नाम र गाली दुवै बराबर” (पृ. ११) । यस कथनमा यौनकर्मको पेसा अपनाएकी वदिनी महिला द्रौपदीले आफ्नो पेसालाई घृणित नठानीकन सहज रूपमा लिएकी देखिन्छ । द्रौपदी कहाँ रतिक्रीडाका लागि आउने विभिन्न पुरुषहरूले ऊसँग संसर्ग गर्ने र उसैलाई ‘रन्डी’, ‘वेश्या’ भनेर गाली गरी मानमर्दन गर्ने विषयसन्दर्भलाई कटाक्ष गरेको देखिन्छ ।

पितृसत्तात्मक संरचना भएको समाजमा देहव्यापार पेसा अपनाएकी द्रौपदी  बाइफाले कहलाउने तर त्यही कर्ममा संलग्न पुरुष भने चोखै रहने, बिटुलो नहुने आशयले समाजमा गलत सही पर्गेल्नेभन्दा पनि लैङ्गिक विद्वेषी व्यवहार विद्यमान रहेको तथ्यलाई उजागर गर्दछ । यदि यौनधन्दामा लागेकी महिला चरित्रहीन हुन्छे भने त्यही हिसाबले भन्नुपर्दा उक्त कर्ममा संलग्न पुरुष फुँडो नकहलाउने यो समाज आफैँमा लैङ्गिक विभेदकारी देखिन्छ । द्रौपदीकहाँ आउने ग्राहकहरूले ऊसँग शारीरिक सम्पर्क गरेपछि गाली, बेइज्जती गरेर आआफ्ना घरतिर लाग्ने गरेको प्रस्ट बुझिन्छ । द्रौपदीको उपर्युक्त आत्मकथनमा उसले पुरुषबाट लैङ्गिक उत्पीडन भोग्नुका साथै पुरुषसत्ताबाट गाली बेइज्जतीसमेत सहनु परेको स्पष्ट देखिन्छ ।

### ३.४.३ घुर उपन्यासमा लैङ्गिक प्रतिनिधित्व

*घुर* उपन्यासमा मधेसी समुदायका पुरुष र महिला पात्रहरूको यथोचित चित्रण गरिएको छ । कथ्यवस्तुमा पुरुष र महिला पात्रमध्ये पुलिङ्गी वा स्त्रीलिङ्गी कुन पात्रलाई बढी भूमिका प्रदान गरिएको छ सोको अध्ययनका लागि लैङ्गिक प्रतिनिधित्वको विश्लेषण आवश्यक हुन्छ । यस उपन्यासमा पुरुष र महिला पात्रहरूको यथोचित चित्रण गरिएको छ । विवेच्य उपन्यासमा सङ्ख्यात्मक रूपमा पुरुष पात्रहरूको बढी प्रयोग गरिएको भए पनि महिला पात्रहरूलाई महत्त्वपूर्ण भूमिकामा चित्रण गरिएको छ (आचार्य, २०७७, पृ. ६०) । विगत लामो समयदेखि केन्द्रीकृत शासनप्रणालीबाट शासित मधेसीको मुक्तिकामी चेतनाको संवहन महिला पात्रबाट भएको छ ।

#### (क) पुरुषको प्रतिनिधित्व

*घुर* उपन्यासमा गाडी चालकका रूपमा तेजनारायण यादवलाई प्रस्तुत गरिएको छ भने सहचालकका रूपमा भूपेन्द्रलाई उपस्थापन गरिएको छ । उपन्यासमा तिनका भूमिका केवल गाडी चालक र सहचालककै रूपमा वर्णन गरिएको छ :

> गाडी हाँक्ने चालक तेजनारायण यादव सुरुदेखि तयार थिए । आवश्यक कागजी प्रक्रिया पूरा गरी सुरु भयो उपचार यात्रा । चालक तेजनारायण यादवको समानान्तर अगाडि सिटमा म बीचमा बिरामी न्याय बेहोस अवस्थामा लमतन्न र पछाडि नानु तथा भूपेन्द्रलाई लिएर हुँइकियो बा १ च ९९९९को बोलेरो । (पृ. ३१)

उपर्युक्त साक्ष्यमा चालक तेजनारायण यादवलाई केवल बोलेरो जिप चालकका रूपमा चित्रण गर्दै उसको सहयोगी भूमिका प्रस्तुत गरिएको छ । प्रस्तुत सन्दर्भमा गाडी चालक तेजनारायण यादवको गाडी चलाउने बाहेक खासै भूमिका नदेखिएकाले उसको सामान्य भूमिका रहेको प्रस्ट हुन्छ । पुरुष पात्र तेजनारायण यादवलाई चालकको भूमिकामा मात्र देखाइएकोले उसको अल्प प्रतिनिधित्व भएको पुष्टि हुन्छ ।

प्रस्तुत उपन्यासमा पुरुष पात्र भवनन्द माझीलाई चिकित्सकको भूमिकामा प्रस्तुत गरिएको छ, “के गर्नु ! यस्ता कुरा कसैलाई भन्न हुन्न म परेँ जुनियर डाक्टर । सिनियरले भनेपछि मान्नैपऱ्यो । अब यस्तो अस्पतालमा बस्दिनँ ।’ उनले आफ्नो विवशता प्रकट गरे” ( पृ. ३७) । यस उद्धरणमा वरियताक्रममा कनिष्ठ रहेका चिकित्सक भवनन्द माझीले आफूभन्दा माथिल्लो निकायका चिकित्सकको आदेशानुसार काम गर्नुपर्ने तथ्य इङ्गित छ । कनिष्ठ चिकित्सक भवनन्द माझीको स्वाभिमान र आत्मसम्मानमा ठेस लागेकाले उसले अबउप्रान्त यस्तो अस्पतालमा काम नगर्ने अभिव्यक्ति दिएको उपर्युक्त साक्ष्यबाट पुष्टि हुन्छ । प्रस्तुत सन्दर्भमा पुरुष पात्र भवनन्द माझीको सीमित भूमिका रहेकाले उसको सीमित प्रतिनिधित्व भएको पुष्टि हुन्छ ।

**(ख) महिलाको प्रतिनिधित्व**

*घुर* उपन्यासमा महिला पात्रहरूको क्रियाशील भूमिका देखाइएको छ । यस उपन्यासमा मधेसी यादव जातिकी कल्पना यादवलाई शिक्षित महिला पात्रका रूपमा उपस्थापन गरिएको छ, “कल्पना यादव स्थानीय क्याम्पसमा स्नातक तहमा अध्ययन गरिरहेकी युवति थिइन् उनका बारेमा त्यहाँभन्दा बढी थाहा भएन” (पृ. ३४) । यस उद्धरणमा मधेसी यादव जातिकी कल्पना यादवलाई एउटी शिक्षित महिला पात्रका रूपमा चित्रण गरिएको छ । उपन्यासको अर्को प्रसङ्गमा कल्पना यादवलाई यसरी प्रस्तुत गरिएको छ :

> हामी आपसमा लडेर केही फाइदा पुग्ने होइन, पुग्छ भने हामीलाई लडाएर मोज गर्ने नेताहरूलाई । पहाडी-मधेसी दुवै यस देशका बासिन्दा हुन् । दुवैको रगत रातो छ । दुवैलाई यस देशमा उत्तिकै अधिकार छ । यो कुरा नबुझ्ने वर्गलाई उल्क्याएर आन्दोलनमा होमिएको छ । म त जसलाई पनि यो कुरा भनिदिन्छु । त्यसैले जो-कोही मेरो छेउ पर्दैनन् । कल्पना यादव प्रस्ट पार्थिन् । (पृ. ३७)

उपर्युक्त साक्ष्यमा कल्पना यादवको अभिव्यक्तिका माध्यमबाट पहाडी र मधेसी दुवै समुदायलाई उक्साएर राजनीतिकर्मीहरूले फाइदा उठाइरहेका तथ्यलाई उजागर गरिएको छ । प्रस्तुत साक्ष्यमा नेपालमा बसोबास गर्ने पहाडी र मधेसी दुवै नेपालका बासिन्दा हुन् र दुवै थरिका रगत रातो रहेको भाष्यलाई अघि सारिएको छ । कल्पना यादवको अभिव्यक्तिमा आदर्शवादी भावको झलक देखिन्छ । नेपाली समुदाय विद्वेषरहित हुनु पर्छ भन्ने भावधारा कल्पनाको विचारबाट पुष्टि हुन्छ ।

समुदायमा सहिष्णुताको चाहना राख्ने कल्पना यादव उपन्यासको अनुकूल नारी पात्र हो (कोइराला, २०६८, पृ. १३३) । उपन्यासकार श्रेष्ठले कल्पना यादवको अभिव्यक्तिका माध्यमबाट आफ्नो समन्वयवादी विचार प्रस्तुत गर्न खोजेका छन् । समन्वयवादी विचारलाई प्राथमिकता दिन खोज्ने कल्पना यादवको सीमित भूमिका देखिएकाले उसको सीमित प्रतिनिधित्व भएको हो ।

*घुर* उपन्यासमा मधेसी समुदायकै महिला पात्र अविदिता मण्डललाई एउटी क्रान्तिकारी पात्रका रूपमा चित्रण गरिएको छ, “आन्दोलनकै क्रममा एक दिन मेरो भेट अविदिता मण्डलसँग भयो । उनी आन्दोलनकारीमध्येकी थिइन् । संवाद स्थापित गर्न खोजें । तर मेरो प्रयासलाई तिलजति महत्त्व दिइनन्” (पृ. ४३) । यस साक्ष्यबाट अविदिता मण्डल आन्दोलनमा सक्रिय भूमिकामा रहेकी महिला पात्र हो भन्ने तथ्य पुष्टि हुन्छ । प्रस्तुत चरित्रलाई उपन्यासकार श्रेष्ठले नायकत्व प्रदान गरेका छन् । यस सन्दर्भमा अविदिता मण्डललाई सामाजिक परिवर्तन र रूपान्तरणका निम्ति लड्ने जोदाहा महिला पात्रका रूपमा उपस्थापन गरिएको देखिन्छ । मधेसीमाथि भएको राजकीय असमान व्यवहार, अन्याय र अत्याचारका विरुद्ध आन्दोलित अविदिता मण्डल गतिशील महिला पात्र हो । अविदिता मण्डल मधेस आन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्ने चरित्र हो भन्ने सन्दर्भलाई यस साक्ष्यले प्रस्ट पार्दछ, “अविदिता मण्डलले भेटी मने ‘मार सार पहडियाके’ भनेर अरिङ्गालको गोला खनिएझैँ खनिएली भन्ने चिन्ता थियो । अविदिता मण्डलको यही डरका कारण कोही बाहिर निस्कँदैनथे” (पृ. ४६) । यस साक्ष्यमा अविदिता मण्डल शासनसत्तामा हालीमुहाली गरेको प्रभुत्वशाली पर्वतेका विरुद्धमा आक्रोशित रहेकी देखिन्छ । समाख्याताको प्रस्तुत अभिव्यक्तिबाट विगत लामो समयदेखि शोषित, उत्पीडित र उपेक्षित मधेसी समुदायका हक, हित तथा आत्मनिर्णयको अधिकारका लागि आन्दोलनरत अविदिता मण्डलको क्रान्तिचेत प्रस्टिनुका साथै उसको जोदाहा स्वभावसमेत उजागर भएको छ ।

राज्यमा लामो समयदेखि पर्वते समुदायका पहुँचवाला व्यक्तिहरूले एकल शासन गर्दै आएकाले त्यस्तो अनुहारका सबै पर्वतेप्रति वितृष्णा भाव जागृत भई अविदिता मण्डलले 'मार सार पहडियाके' भन्ने आशय व्यक्त भएको देखिन्छ । यस भाष्यमा शासक वर्गीय पर्वते समुदायप्रतिको आक्रोश र वितृष्णाको भाव अभिव्यक्त भएको छ । अविदिताको क्रान्तिकारी, मधेसी मुक्तिकामी र परिवर्तनकारी स्वभावका कारण समाख्याताले यस्तो भाष्य निर्माण गरेको देखिन्छ ।

प्रस्तुत साक्ष्यमा उपन्यासको केन्द्रीय कथ्य बोक्ने अविदिता मण्डल प्रमुख पात्र हो । अन्याय, अत्याचार र असमान व्यवहारका विरुद्ध मधेसी समुदायको मुक्तिकामी चेतलाई तिखार्दै क्रान्तिको विगुल फुकेकी अविदिता मण्डललाई  कुमार कोइरालाले प्रतिकूल पात्रको संज्ञा दिएका छन् (कोइराला, २०६८,पृ. १३३) । यस सन्दर्भमा कोइरालाको पूर्वाग्रही र यथास्थितिवादी चिन्तनले काम गरेको हो । प्रस्तुत साक्ष्यमा अविदिता मण्डल बाहिरबाट पहाडेविद्वेषी देखिए पनि उसको अन्तर्यमा मधेसी मुक्तिकामी चेतना नै सन्निहित रहेको छ ।

*घुर* उपन्यासमा मधेसी दलित समुदायकी महिला पात्र बेचनी बाँतरको सामान्य चित्रण गरिएको छ, "नाङ्गै टपक्क टिपेर लगिएकी बेचनी बाँतर पाँच दिनपछि फर्किंदा सिउँदोभरि पोतेर आइन् । उनका गलामा पोते र नाडीमा प्लास्टिकका चुरा थिए । मोहरैमोहरले बनेको माला उनका गलाबाट गायब थियो, जुन मलाई अति मन पर्थ्यो" (पृ. ४४) । उपर्युक्त साक्ष्यमा मधेसी दलित बाँतर समुदायकी महिला बेचनीको बालविवाहको सन्दर्भलाई उजागर गर्दै त्यस समुदायको चेतनाको तहलाई प्रस्ट पारिएको छ ।

बाँतर समुदायको पात्र बेचनी विपन्न वर्गको भएकीले गरगहनाका नाउँमा नाडीमा प्लास्टिकका चुरा र मोहरैमोहरले बनेको माला उसले लगाएकी तथ्यलाई चित्रण गरिएको छ । मधेसी दलित बाँतर समुदायमा शिक्षाको कमी भएकोले तिनले आफ्ना बालबालिकालाई कम उमेरमै विवाह गरिदिने सन्दर्भ उपर्युक्त भाष्यमा इङ्गित छ । बाँतर समुदायमा विगतमा बालविवाह प्रचलनमा थियो (चौधरी, सन् २०१५, पृ. १५०) । यस साक्ष्यको माध्यमबाट मधेसी दलित बाँतर समुदायमा बालविवाह विद्यमान रहेको तथ्यलाई देखाइएको छ ।

प्रस्तुत उपन्यासमा बेचनी बाँतरकी आमालाई यसरी चित्रण गरिएको छ, "....त्यसमाथि बेचनी बाँतरकी आमा ठूलठूलो स्वरले झगडा गर्न वरिपरिका सात गाउँमा

कहलिएकी थिइन् । आमाका अगाडि उनका बाबु मुसा हुन्थे । ‘हो’ मा ‘हो’ नमिलाए टिकिखानै दिँदैन्थिन्” (पृ. ४५) । प्रस्तुत साक्ष्यमा महिला पात्र बेचनी बाँतरकी आमाको कडा स्वभावको वर्णन गर्दै उसले घरपरिवारमा पतिसमेतलाई कजाएर हैकम चलाउने तथ्यलाई चित्रण गरिएको छ । बेचनी बाँतरकी आमा कडा स्वभावको भएकीले गाउँटोल वरिपरि सर्वत्र प्रतिवाद गर्ने प्रसङ्गलाई यहाँ प्रस्ट्याउन खोजिएको छ । यस प्रसङ्गमा बेचनी बाँतरकी आमाको सामान्य चित्रण गरिएकाले उसको  सीमित प्रतिनिधित्व भएको छ ।

*घुर* उपन्यासमा थारू समुदायको बुधनी देवी थारूको चित्रण गरिएको छ । उपन्यासमा उसलाई सामान्य तवरले यसरी प्रस्तुत गरिएको छ, “कसरी चिन्छस् । तिमरूको गाउँमा म आउँदा टकटकी लाएर हेरिरहन्थिस् । मैले खोँचामा एकएक मुठी चिउरा राखिदिएपछि उफ्रँदै कुद्थिस्” (पृ. ७१) । यस साक्ष्यमा बुधनी देवी थारू आफू गाउँमा चिउरा बेच्न जाँदाखेरि समाख्याता सानो उमेरको भएकाले  पोल्टाबाट चिउरा झिकेर दिने गरेकी विषयवस्तुबारे चित्रण गरिएको छ । महिला पात्र बुधनी देवी थारूको सामान्य भूमिकाले उसको सीमित प्रतिनिधित्वलाई इङ्गित गर्दछ ।

## ३.४.४ गुलरको फूल उपन्यासमा लैङ्गिक प्रतिनिधित्व

*गुलरको फूल* उपन्यासमा मधेसी पुरुष र महिला पात्रहरूको उपस्थापन गरिएको छ । ती पात्रहरूलाई कथ्यवस्तुमा कुन लिङ्गका पात्रलाई कस्तो भूमिका प्रदान गरिएको छ सोको गहन अध्ययन आवश्यक देखिन्छ । लैङ्गिक प्रतिनिधित्व सत्ताशक्तिसँग सम्बन्धित विषयवस्तु पनि हो । यस उपन्यासमा पुलिङ्गी पात्रलाई कस्तो भूमिका प्रदान गरिएको छ र महिला पात्रलाई कस्तो भूमिका प्रदान गरिएको छ । उक्त विषयवस्तुलाई लैङ्गिक प्रतिनिधित्वअन्तर्गत  अध्ययन गरिएको छ ।

### (क) पुरुषको प्रतिनिधित्व

*गुलरको फूल* उपन्यासमा परम्परागत हिसाबले पुरुष पात्रकै प्रभुत्वशाली प्रतिनिधित्व गराइँदै पुलिङ्गी पात्रहरूलाई मुख्य भूमिका प्रदान गरिएको छ । *गुलरको फूल* उपन्यासमा सङ्ख्यात्मक र गुणात्मक दुवै हिसाबले पुरुष वर्गकै पात्रलाई वर्चश्वशाली भूमिका प्रदान गरिएकाले  पुरुष पात्रको अधिक प्रतिनिधित्व गराइएको छ । प्रस्तुत उपन्यासमा मल्लाह जातिका रुदल सहनीलाई केन्द्रीय पात्रका रूपमा उपस्थापन गरिएको छ भने रुदल सहनीका जेठा छोरा रामाज्ञालाई सहायक पात्रका रूपमा चित्रण गरिएको छ । यस

उपन्यासमा पुजारी, जोगी, नगिना महतो, रुदलका बाबु, कृषकहरू, श्रमिकहरू, कर्मचारीहरू, गोठालाहरू, चौकीदारहरू, रिक्सावाल, चौधरी, कुल्लीलाई गौण पात्रका रूपमा चित्रण गरिएको छ ।

विवेच्य उपन्यासमा गल्लावाल, दूधवाला, ड्राइभर, ग्वाला, डोम, सर, हेडसर, रघुनाथ, इद्रिस, मुसहरहरू, नटुवाहरू, भगत, फारुक अहमद, करमचन, छोटु चौधरी, फारुक अहमदको जेठो छोरो जवाहिर, फारुक अहमदको कान्छो छोरो इद्रिस, गनपत लोहार, रामाज्ञाको नाबालक छोरो, सोनालाल बढई, छोटेलाल बैठा, किशोरी साहु, मछुवारहरू, मदारी पठान, किसानहरू, नेजारुल हक, मुस्तफा अली, कँवार, बिर्जु अग्रवाल, रुदलको ज्वाइँ अखिलेश, रुदलको सम्धी, छठ्ठु कलवारलाई गौण भूमिका प्रदान गरिएको छ । यस उपन्यासमा पुलिङ्गी पात्रहरूको बढी चित्रण भएकाले पुरुष पात्रहरूको अधिक प्रतिनिधित्व भएको छ ।

*गुलरको फूल* उपन्यासमा मधेसी समुदायको मल्लाह जातिका रुदल सहनीलाई केन्द्रीय भूमिकामा प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यास भारतको विहार प्रान्तको भैँसालोटन भन्ने जन्मथलोबाट अवसरको खोजीमा नेपालको सीमावर्ती फत्तेपुरको गोठ टोलमा स्थायी भई बसोबास गरेका रुदल सहनीको सङ्घर्षको कथाव्यथा हो । यस उपन्यासमा मूलभूत रूपमा पुरुष पात्र रुदल सहनीको सङ्घर्षको विषयवस्तुलाई उपन्यासको केन्द्रीय कथ्यका रूपमा चित्रण गरिएको छ । भारतको भैँसालोटनबाट रोजगारीको खोजीमा नेपालको फत्तेपुर आइपुगेका रुदल सहनीको बारेमा उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ, “रुदललाई पनि उताको यादले सताउँदै छ । गण्डकको बलौटे बगरमा नाङ्गा पैतालाले हिँडेको सम्झिन्छन् । डुङ्गामा बसेर गण्डकमा जाल हालेको सम्झिन्छन् । रामाज्ञाको अनुहार झलझली आँखा अगाडि नाँचिरहन्छ” (पृ. ८८) । यस साक्ष्यमा रुदल सहनी भारतको भैँसालोटन भन्ने जन्मथलोमा आफ्नो जेठो छोरा रामाज्ञालाई छोडेर आएको विषयवस्तु उद्घाटित छ ।

मल्लाह समुदायका विपन्न वर्गीय रुदल सहनी आफ्नो जेठो छोरा रामाज्ञालाई भारतको भैँसालोटनमा एक्लै छोडेर आएकोमा उसलाई निकै छटपटी भएको छ । भारतको समतल भूभागमा जन्मेर पनि आफ्नो परिवारको उद्धार नहुने देखी रुदल सपरिवार नेपालको सीमावर्ती फत्तेपुर आएर बसेको प्रस्ट छ । उसले परिवारको गुजारा चलाउनका लागि

डुङ्गामा चढेर गण्डक नदीमा जाल हान्ने गरेको तथ्यलाई उपर्युक्त उद्धरणले पुष्टि गरेको छ । गरिब रुदल आफ्नी छोरी कलौतियाको बिहे हुने भएकोमा निकै खुसी देखिएको विषयवस्तु उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> छोरीको घर बसेकोमा रुदल खुशी छन् । बिहेको कर्जा बाँकी नै भए पनि दहेजको टन्टा हटेको छ । कर्जा भन्या कमाएर तिरौँला भन्छन् । अरूको खेत हुन्डाबटैयामा जोत्छन् । त्यसले मात्र वर्षभरि धानिन गाह्रो छ । के काम गरेर कर्जा तिर्ने होला ? यस्तै विचार गर्दै छन् रुदल । (पृ. २०४)

उपर्युक्त साक्ष्यमा रुदलले आफ्नी छोरीको बिहे सम्पन्न गराउन पाएकोमा हर्षित भएको भाव मुखरित भएको छ । कुनै पनि बाबु आफ्नी छोरीको बिहे सम्पन्न गराउन पाउँदा खुसी हुनु स्वाभाविकै हो । कर्जा गरेरै भए पनि उसले आफ्नो ज्वाइँलाई दाइजो दिनुपरेको तथ्यलाई उपर्युक्त उद्धरणले पुष्टि गरेको छ । अर्काको जग्गा हुन्डाबटैया गरेर परिवारको जीउपाला गर्ने रुदल भूमिहीन भएकाले उसको जीवन कष्टकर रहेको पुष्टि हुन्छ । वर्षभरि परिवार पाल्न गाह्रो भएको रुदललाई छोरीको दाइजोका लागि लिएको कर्जा कसरी तिर्ने भन्ने सुर्ता परेको प्रस्ट छ । यस उद्धरणमा रुदल सहनीको सङ्घर्षको भाव अभिव्यञ्जित भएको छ ।

पहुँचविहीन रुदलको लागि नेपाली नागरिकता गुलरको फूलतुल्य अप्राप्य भएको छ । गुलरको फल त लाग्छ तर फुलेको कसैले देखेको हुँदैन । गुलरको फूल दु:साध्य र अप्राप्यको सन्दर्भमा प्रयोग गर्ने चलन छ । नेपाली भाषामा आकाशको फल आँखातरि मर भने जस्तै हो । रुदलले वर्षौंदेखि नेपाली नागरिकताको चाहना राखे पनि उसले जीवनको अन्तिम सास फेर्ने बेला उक्त नागरिकता पाएकाले उसको लागि सो नेपाली नागरिकता गुलरको फूलतुल्य भएको छ । उपन्यासमा उक्त विषयवस्तुलाई यसरी प्रस्तुत गरिएको छ :

> रुदलले नागरिकतालाई एकमुखे रुद्राक्ष र गुलरको फूल सम्झेका थिए । अहिले आएर उनको हातमा त पऱ्यो । सिमलको भुवाझैँ हलुको भयो । कुनै महत्त्व नै भएन नागरिकताको । सजिलै प्राप्त गर्न सकिने वस्तुको कुनै महत्त्व नै हुँदो रहेनछ क्यार ! त्यसको मोल घट्दो रहेछ क्यार ! जुन चीज पाउनका लागि बर्सौंको प्रतीक्षामा थिए । आज आएर पाउन त पाए तर त्यसको कुनै महत्त्व नै भएन ।

नागरिकता उपभोग गर्न होइन कि केवल हेर्नका लागि मात्र बाँचेका रहेछन् रुदल । (पृ. ३०२)

उपर्युक्त साक्ष्यमा पहुँचविहीन रुदलको नेपाली नागरिकता प्राप्तिको दीर्घप्रतीक्षालाई इङ्गित गर्दै उसको कष्टकर जीवनशैलीलाई उजागर गरिएको छ । यस सन्दर्भमा उसले आफ्नो जीवनकालमा घरव्यवहार चलाउनका लागि नागरिकताको आवश्यकता परेको बेला नेपाली नागरिकता पाउन असमर्थ भई विभिन्न अप्ठ्यारा परिस्थितिहरूको सामना गर्नुपरेको यथार्थ प्रकट भएको छ । सीमान्तीकृत रुदलले नेपाली नागरिकता पाउनका लागि अथक प्रयास गरे पनि केही सीप नलागी मृत्युको मुखमा आइपुग्दा बल्ल उसको नागरिकता हात पर्नुले नागरिकता प्राप्तिका लागि मृत्यु नै कुर्नु परेको तथ्य उद्घाटित छ (नेपाल, २०७२, पृ. ४७) । पहुँच नभएका रुदलका लागि नागरिकता प्राप्ति एउटा ठुलो चुनौतीको विषय बनेको देखिन्छ ।

नेपाली समुदायमा एकमुखे रुद्राक्षको चर्चापरिचर्चा भए पनि उक्त रुद्राक्ष कसैले पनि प्राप्त गर्न नसकेझैँ सीमान्तीकृत रुदलको निम्ति नेपाली नागरिकता अप्राप्य भएको तथ्यलाई अभिव्यञ्जना गरिएको छ । यस सन्दर्भमा गुलरको फूल अप्राप्य, असम्भवको पर्याय बनेको छ (शर्मा, २०७१, पृ. ग) । उपर्युक्त साक्ष्यको माध्यमबाट सीमान्तीकृत र निरीह पात्र रुदल नागरिकता जीवनकालमा नेपाली नागरिकता पाउनबाट वञ्चित रहेको यथार्थ इङ्गित गरिएको छ ।

**(ख) महिलाको प्रतिनिधित्व**

*गुलरको फूल* उपन्यासमा महिला पात्रहरूको यथोचित चित्रण गरिएको छ । यस उपन्यासमा महिला पात्रहरूलाई परम्परागत भूमिका प्रदान गरिएको छ । विवेच्य उपन्यासका महिला पात्रहरूलाई सङ्ख्यात्मक र गुणात्मक दुवै हिसाबले कम प्रतिनिधित्व गराइएकाले महिला पात्रको न्यून प्रतिनिधित्व गराइएको छ । प्रस्तुत उपन्यासमा रुदलकी छोरी कलावती चलनचल्तीको नाम कलौतियालाई मुख्य महिला चरित्रका रूपमा चित्रण गरिएको छ ।

कलौतियालाई मुख्य भूमिका प्रदान गरिए पनि तिनमा विद्रोहचेत पलाएको देखिँदैन । रुदलकी पत्नी गेगरीलाई सहायक भूमिकामा राखिएको छ । त्यसैगरी कर्मचारीकी पत्नी, रामाज्ञाकी पत्नी, चौधरीकी पत्नी, नटुवा महिलालाई महत्त्वपूर्ण भूमिकामा नराखिएकाले ती

पात्रहरू गौण भूमिकामा रहेका छन् । यस उपन्यासमा फारुक अहमदकी पत्नी नेजमा, रामदुलारी, रामदुलारीकी छोरी सोनवा, लालमतिया, कञ्चनपुरतिरका आइमाई, भुलुवाकी पत्नी, नेजारुल हककी छोरीलाई गौण भूमिकामा राखिएको छ । उपन्यासमा प्रमुख भूमिका प्रदान गरिएका महिला पात्रहरूबारे विस्तारमा विश्लेषण गर्नु आवश्यक छ ।

*गुलरको फूल* उपन्यासको केन्द्रीय महिला पात्र रुदल सहनीकी छोरी कलौतिया हो । उपन्यासमा घरको काम गर्ने, घाँसदाउरा गर्ने आदिलाई प्रस्तुत गर्दै कलौतियाको परम्परागत भूमिकामा देखाइएको छ, "दूबो खुर्कने ठाउँ सबैतिर सुकिसकेको छ । कलौतियालाई एक डेली घाँस खोज्न पनि गाह्रो छ" (पृ. १८२) । यस साक्ष्यमा कलौतियाले घरका वस्तुभाउका निम्ति चउरतिरबाट घाँस खुर्केर ल्याउने गरेकी तथ्यलाई उजागर गरिएको छ । मधेसी समुदायमा छोरीचेलीलाई घरका वस्तुभाउका लागि घाँसको व्यवस्थापन गर्न पठाइने यथार्थलाई यस उद्धरणले पुष्टि गर्दछ ।

उपर्युक्त सन्दर्भमा मधेसी महिला कलौतियाको परम्परागत र सीमित भूमिका रहेको स्पष्ट छ । उपन्यासमा कलौतियाको विवाह भएर पनि गौना नहुँदाखेरि ऊ विचलित भई बसेकी विषयवस्तु यसरी अभिव्यक्त गरिएको छ, "कलौतियालाई त के असार, के मङ्सिर, एकनास छ, गौनाको घाउ झन्झन् बल्झिँदो छ, जतिजति ऊ बुझ्ने हुँदै छे, उतिउति पीडा थपिँदो छ । उसका इच्छाहरू न कुनै असारमा रोपिए, न कुनै मङ्सिरमा थन्किए । मनमा गौनाको कुरा मात्र खेल्छ" (पृ. २२८) । प्रस्तुत साक्ष्यमा विवाह गरेर लामो समयदेखि माइतीमा बसेकी कलौतियाको दमित यौन मनोविज्ञानलाई इङ्गित गर्दै उसको सन्तापबारे उद्घाटन गर्न खोजिएको छ । यस साक्ष्यले एकातिर मधेसको विवाह संस्कृतिपछि गरिने गौनाको सन्दर्भलाई सङ्केत गर्न खोजिएको छ भने अर्कोतिर कलौतियाका परिवारको सीमान्तीकृत अवस्थाको चित्रण गरिएको छ । विवाह भएर पनि दाम्पत्य सुखबाट वञ्चित रहेकीले कलौतियाका लागि कुनै पनि मौसम प्रिय हुन नसक्नुले उसको दग्ध मानसिकताको चित्रण गरिएको छ ।

कलौतियाको प्रसङ्ग जोड्दै नारी जातिले सबै कुरा सहनुपर्ने विषयवस्तुलाई उपन्यासमा समाख्याताले यसरी प्रस्तुत गरेका छन्, "नारी जातिले हरेक कुरा सहनु पर्दो रहेछ । सहनैका लागि नारी जन्मिएका हुन् जस्तो लाग्छ । नारीलाई पृथ्वीसँग तुलना गरेको त्यसै कारण हो क्यारे । कलौतिया पनि आजकल पृथ्वीजस्ती भएकी छे" (पृ. २४२) । यस साक्ष्यमा

कलौतियाको सहनशीलताको भावलाई अभिव्यक्त गर्न खोजिँदै महिलामाथिका पीडा, विभेद सबै सहेरै बस्नुपर्ने तथ्यको उद्घाटन गरिएको छ ।

उपर्युक्त साक्ष्यअन्तर्गत समुदायमा महिलालाई पृथ्वीजस्तै सहनशीलाको भाष्य निर्माण गरेर सदियौँदेखि शोषण, दमन गरिँदै आएको सामाजिक सांस्कृतिक पक्षको उद्घाटन गर्न खोजिएको छ । कलौतियको विवाह भएर पनि गौना नभएकोले उसले सबै कुरा सहेर बस्नु परेकी सन्दर्भमा उपर्युक्त साक्ष्यको प्रयोग भएको देखिन्छ । समुदायका लैङ्गिक सम्बन्धहरू शक्तिका अभ्यासबाट निर्मित हुन्छन् (कोएस्टर, सन् २०१५, पृ. २) । गौनाको सन्दर्भमा कलौतियाको केही सीप नलागेकोले ऊ आजित भएर धर्तीजस्ती सहनशीला हुन बाध्य भएकी वास्तविकतालाई यस साक्ष्यले पुष्टि गरेको छ । कलौतियाले नागरिकता पाउने भए पनि उसमा कुनै जोशजाँगर उमङ्ग भने देखिँदैन । उक्त विषयवस्तुलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> बसौँवर्षको प्रतीक्षा पछि कलौतियाले पनि नागरिकता पाउने भएकी छे । रुदलको परिवारमा खुशीयाली छाएको छ । सोन्दै छे कलौतिया–‘नागरिकता बने पनि के यो उमेरमा आएर गौना होला र ? अहिलेसम्म लोग्नेको अत्तोपत्तो छैन । कहाँ छ ऊ ? के गर्दै होला ऊ ? कि अर्कैसँग विहे गरिसक्यो । अब गौना गर्न आउला र ? कि अहिलेसम्म मलाई नै कुरेर बसेको छ ? यस्तै कुरा मनमा खेलाएर बसेकी छे ऊ । (पृ.२९५)

उपर्युक्त साक्ष्यमा विवाह गरेर गौना नभइकन बसेकी कलौतियाको मनमा अनेक तर्कनाहरू उत्पन्न हुनु स्वाभाविक देखिन्छ । कलौतियाले विवाह गरेको पनि लामो कालखण्ड व्यतीत भइसकेको हुनाले उसको मनमा अनेकानेक तर्क वितर्क पैदा भई ऊ मानसिक तवरले विचलित भएकी छ । विवाह सम्पन्न भएको धेरै समय बितिसकेकाले कलौतिया आफ्ना पति आएर गौना गरेर आफ्नो घर लैजाला भन्नेतिर उसको ध्यान गएको देखिँदैन । उपर्युक्त साक्ष्यमा बिहे भएर पनि आफ्नो घर जान नपाई पतिसुखबाट वञ्चिता कलौतियाको भग्न मनोरथको चित्रण गरिएको छ ।

उपर्युक्त साक्ष्यमा कलौतियाको पति आगमनको दीर्घ प्रतीक्षा, आशा, निराशा, कुण्ठाजस्ता विविध भावहरू अभिव्यञ्जित भएका छन् । गौनाको दिन कुर्दाकुर्दै कलौतियाको कपाल फुल्नुले पनि उसको दीर्घप्रतीक्षालाई पुष्टि गर्दछ कदाचित् गुलरको बोटमा फूल

देखिन्छ कि भन्ने आशैआशमा कलौतियाको रूप र यौवन दुवै सिद्धिएको कारुणिक पक्षलाई यस सङ्कथनका माध्यमबाट प्रस्तुत गर्न खोजिएको छ (भट्टराई, २०७१, पृ. त) । यस साक्ष्यको कथ्यवस्तुले गौना नभई बसेकी कलौतियाको भग्न मनोरथको सटीक चित्रण गरेको छ । यसमा कलौतियाको अधीनस्थता प्रस्ट देखिन्छ ।

मधेसी समुदायको भूमिहीन किसान रुदल सहनीकी छोरी कलौतियाको विवाह भइसकेर गौना गर्न असमर्थ भएकाले माइतमा उसको जवानी त्यतिकै खेर गएको कारुणिक पक्षलाई उपन्यासमा सजीव चित्रण गरिएको छ । उसको गौना नहुनुमा उसले समयमा नागरिकता नपाउनु नै मुख्य कारक देखिन्छ । कलौतियाले नागरिकता नपाएकीले उसको पति भारतीय नागरिक अखिलेश गौना गर्न नआएको विषयवस्तु उपन्यासमा वर्णित छ । उपन्यासको केन्द्रीय कथ्य कलौतियाको गौना नहुनुसँग  जोडिएको छ । गुलरको फूल अप्राप्य भएझैँ कलौतियाको निम्ति उसको गौना पनि गुलरको फूलतुल्य भएको छ ।

### ३.४.५ मालिकहरूको मधेस उपन्यासमा लैङ्गिक प्रतिनिधित्व

*मालिकहरूको मधेस* उपन्यासमा पुरुष र महिला पात्रहरूको यथोचित प्रयोग गरिएको छ । पुलकितलाल चौधरी, भिखारी चौधरी, फूलवडिया कामतवाला जमिनदार (देवनबाबु), सबुरलाल चौधरी, भागवता, असर्फीलाल, गुजाई चौधरी, रामपुरवा खत्वे, हदिस मियाँ, जुमन मियाँ, हरिलाल यादव र झबरू चौधरीलाई पुरुष पात्रका रूपमा चित्रण गरिएको छ । त्यसैगरी भुलुर भन्ने सविता, लकडीवाली, सञ्जा अर्थात् गामबाली, असर्फीकी बुढी आमालाई महिला पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ ।

प्रस्तुत उपन्यासमा प्रगतिवादी विचारधाराको सम्प्रेषण गर्ने उद्देश्य भएकाले यसका पात्रहरू त्यति धेरै शक्तिशाली देखिँदैनन् । यस उपन्यासमा परम्परित तवरले पुरुष पात्रलाई नै मुख्य भूमिका प्रदान गरिएको छ । पुरुष पात्रहरूमध्ये निम्न वर्गका पुलकितलाल चौधरीलाई कथावस्तुको केन्द्रीय भूमिकामा राखिएको छ । पुलकितलाल चौधरी कथावस्तुको मुख्य पात्र हुनुका साथसाथै प्रमुख पुरुष पात्र पनि हो । भिखारी चौधरी, देवनबाबु, असर्फीलाल, गुजाई चौधरी र रामपुरवा खत्वेलाई सहायक भूमिका प्रदान गरिएको छ । बाँकी पुरुष पात्रहरूलाई गौण भूमिकामा चित्रण गरिएको छ । प्रस्तुत उपन्यासमा भुलुर भन्ने सवितालाई मुख्य महिला पात्रका रूपमा उपस्थापन गरिएको छ ।

प्रस्तुत उपन्यासमा उपन्यासकारले भुलुरलाई मुख्य महिला पात्रका रूपमा प्रस्तुत गर्नुका साथै कथावस्तुमा सहायक पात्रका रूपमा चित्रण गरिएको छ । उपन्यासकारले भुलुरलाई सशक्त प्रतिरोधी चेत भएकी महिला पात्रका रूपमा उपस्थापन गरे पनि बाँकी महिला पात्रहरूलाई गौण पात्रका रूपमा वर्णन गरेका छन् । आधुनिक नेपाली उपन्यास लेखनमा पुरुष उपन्यासकारहरूकै बाहुल्य रहँदै आएकोले औपन्यासिक पात्रमा समेत पुरुष पात्रकै सर्वेसर्वापन देखिन्छ । यहाँनेर पुरुष र महिला पात्रका स्थान एवम् भूमिकाका आधारमा तिनका प्रतिनिधित्वबारे अध्ययन गरिएको छ ।

**(क) पुरुषको प्रतिनिधित्व**

*मालिकहरूको मधेस* उपन्यासमा पुलकितलाल चौधरीलाई केन्द्रीय भूमिका प्रदान गरिएको छ । उपन्यासमा उसलाई प्रदान गरिएको भूमिका, उसको राजनीतिक सुझबुझ, प्रतिरोधी चेत, साङ्गठनिक क्षमता आदिले गर्दा ऊ महत्त्वपूर्ण भूमिकामा रहेको प्रस्ट हुन्छ । प्रस्तुत उपन्यासमा पुलकितलाल चौधरीले आदिवासी जनजाति र मधेसी समुदायको पहिचानको खोजी गरेबाट ऊ सचेत पात्र हो भन्ने पुष्टि हुन्छ । उपन्यासको कथावस्तुमा पुलकितलाललाई निर्भीक पात्रका रूपमा चित्रण गरिएको छ । पुलकितलालले मधेसको आन्दोलनमा अगुवाइ गरेबाट उसको अटल साहस र निर्भीकता प्रस्ट हुन्छ :

> झन् आज त पुलकित लालले नाती झबरूलाई विशेष निर्देशन दिएका छन्
> 'यने सुन झबरू, मैयाँके अगा राखिहे । तुँ उन्कर पिछा नै छोडि ।'
> 'जव पुलिस लाठी चार्ज करे लाग्तो तुँ फट्सिन अगा बैडजो । मैयाके पिछे धकेलदहि ।'
> 'उन्कर जिमा भागवता लेतो ।'
> 'त फेन यने सुन झबरू, लाठी चार्ज जब ह्वेतलाक्तो, त जुलुस मे से सब कोइके भागे लाग्तो, मगर तु नै भागिहे । (पृ.४२–४३)

प्रस्तुत साक्ष्यमा पुलकितलालको राजनीतिक सुझबुझ र निर्भीकता दुवै पक्ष प्रस्ट देखिन्छ । उसले आफ्ना नाति झबरूलाई मधेस आन्दोलनको अगुवाइ गर्न निर्देश गरेबाट पुलकितलाल चौधरीको निर्भीकता स्पष्ट हुन्छ । पुलकितलालले राजकीय शक्तिका विरुद्ध डटेर लड्नका निम्ति आफ्ना नाति झबरूको मनोबल उच्च पार्न खोजेको तथ्य अभिव्यञ्जित भएको छ । सामाजिक सांस्कृतिक निर्मितिअनुसार पुरुषलाई बलशाली र निडर रूपमा चित्रण गरिन्छ (चो, सन् २०२०) । उक्त निडरपना मुख्य पुरुष पात्र

पुलकितलालमा आरोपित गरिएको छ । लैङ्गिक प्रतिनिधित्वमा पात्रको सांस्कृतिक भूमिका अहम् विषयवस्तुका रूपमा प्रयुक्त हुन्छ ।

उपन्यासकार स्वयम् पनि पुरुष भएकाले उनले उपन्यासको कथावस्तुमा पुरुष पात्र पुलकितलाललाई मुख्य भूमिका प्रदान गरेको देखिन्छ । लैङ्गिक प्रतिनिधित्वअन्तर्गत केटा र केटीका बिचका भिन्नताको तुलना गरिन्छ । यसअन्तर्गत केटीलाई केटाका तुलनामा कमजोर र निम्न देखाउने गरिन्छ । वास्तवमा लिङ्ग जैविक निर्मिति हो भने लैङ्गिकता सामाजिक सांस्कृतिक निर्मिति हो । प्रस्तुत साक्ष्यमा पुलकितलाललाई अगुवा पात्रका रूपमा चरित्राङ्कन गर्नु भनेको पितृसत्तात्मक  मानसिकताको उपज हो ।

*मालिकहरूको मधेस* उपन्यासमा उपन्यासकार गणेश अधिकारीले पुलकितलाललाई मुख्य भूमिकामा प्रस्तुत गरेका छन् । पुलकितलालको प्रतिनिधित्व पितृसत्तात्मक ज्ञानबाट निर्मित देखिन्छ । यस्तो सामाजिक संरचनामा घर, परिवार, समूह, समुदाय तथा वर्गको नायकत्व पुरुषलाई प्रदान गरिन्छ (हवि, सन् २००७, पृ. २४०) । उपन्यासकारले पुलकितलाल चौधरीलाई नै प्रमुख भूमिकामा राखेर उपन्यासको परम्परित लेखनशैलीलाई नै निरन्तरता दिन खोजेको प्रस्ट छ । उपन्यासकार स्वयम् पुरुष भएकाले पनि यसो हुन सक्छ । प्रस्तुत उपन्यासमा सामाजिक वर्गहरूमध्ये पुरुष वर्गको प्रभुत्वशाली प्रतिनिधित्व गराइएको छ ।

प्रस्तुत उपन्यासमा पुरुष पात्रहरूलाई क्रियाशील भूमिका प्रदान गरिएको छ । उपन्यासको कथ्यवस्तुमा पितृसत्तात्मक सामाजिक संरचनालाई बढी महत्त्व दिएको देखिन्छ :

> पुलकितलालले भनेका यी कुराहरू चुपचाप सुनिरहेका थिए त्यस दिन उनकहाँ भेला भएका गाउँलेहरूले । कतिले बुझे कतिले बुझेनन् । तर एउटा कुनामा सबैको एकमत रह्यो त्यो के भने पुलकितलाल हाम्रो समुदायको एउटा चमकदार हीरा हो, निर्विवाद अगुवा हो, पथप्रदर्शक हो यसलाई साथ नदिने मुर्खता गरेमा सम्पूर्ण गाउँ र गाउँलेको भविष्य अन्धकारमय हुने निश्चित छ । (पृ. १३५)

उपर्युक्त साक्ष्यमा पुरुष पात्र पुलकितलाललाई समुदायको नायकत्व प्रदान गरिएको छ । यस उपन्यासमा मुख्य पात्र पुलकितलालको महिमामण्डन गरिएको छ । यस सन्दर्भमा गाउँलेहरूका एकमात्र साहसी, अगुवा र निडर व्यक्तित्व केवल पुलकितलाल रहेको ठोकुवा गरिएको छ । उसको व्यक्तित्वलाई बहुमूल्य चमकदार हिरासँग दाँजिएको छ । पितृसत्तात्मक

सामाजिक संरचनामा पुरुषले पुरुषकै गौरवगान गरेको हुन्छ । यस प्रसङ्गमा उपन्यासकार स्वयम् पनि पुरुष भएकाले उनले स्वलिङ्गी पुरुष पात्र पुलकितलालको व्यक्तित्वको बढाइचढाइ गरेका हुन् ।

पितृसत्तामा पुरुषलाई निडर, साहसी र अगुवा व्यक्तित्वका रूपमा प्रस्तुत गरिन्छ । लैङ्गिक प्रतिनिधित्वका सन्दर्भमा पुरुषहरूले पुरुषहरूलाई सक्रिय भूमिकामा प्रस्तुत गर्छन् (चो, सन् २०२०, पृ. ४०) । यस साक्ष्यमा पुलकितलालको नेतृत्वदायी भूमिका अस्वीकार गरेर अघि बढेमा गाउँ र गाउँलेको भविष्य अनिश्चित र अन्धकारमय हुने उल्लेख गरिएको छ । प्रस्तुत साक्ष्यले पुरुषप्रधान समुदायमा एक मात्र सबल र सक्षम व्यक्तित्व पुलकितलाल रहेको तथ्यलाई इङ्गित गर्दछ ।

*मालिकहरूको मधेस* उपन्यासमा असर्फीलाललाई सहायक चरित्रका रूपमा प्रस्तुत गरिएको छ । आर्थिक हिसाबले विपन्न वर्गको असर्फीलाललाई मुख्य पात्र पुलकितलालको सहयोगी पात्रका रूपमा चित्रण गरिएको छ । माछा मार्ने पेसा अपनाएका असर्फीलालले छोरी भुलुरलाई अभिभावकत्व प्रदान गरेबाट सामाजिक संरचनाको पितृसत्तात्मक विचारधारालाई प्रस्ट पार्दछ । असर्फीलाल आर्थिक हिसाबले कमजोर भए पनि उसले बाबुको नाताले छोरी भुलुरलाई संरक्षण र अभिभावकत्व प्रदान गरेको हो । यस सन्दर्भबाट पुरुषप्रधान सामाजिक संरचना प्रस्ट हुन्छ, “असर्फी गाउँको एउटा गरिब मानिस थियो । ऊ जमिनदारको जग्गामा एउटा सानो झोपडी बनाएर बसेको थियो । खरको छानो र माटाले बनाएको भित्तो भए पनि भित्र राम्रोसँग लिपपोत गरेको झोपडी थियो असर्फीको । भुलुर उसकी एक्ली छोरी थिई” (पृ. ४८) । असर्फीलाललाई भुलुरको संरक्षक पिताका रूपमा प्रस्तुत गर्नुले पुरुषको प्रधानतालाई सङ्केत गर्दछ । प्रस्तुत साक्ष्यमा असर्फीलाललाई भुलुरको पिताका रूपमा उपस्थापन गरिएको छ । असर्फीलाल गरिब भए पनि छोरीको अभिभावकत्व उसैले ग्रहण गरेको छ । पितृसत्तात्मक सामाजिक विमर्शात्मक संरचनामा घर परिवार हुँदै राज्य व्यवस्थासम्मको मुख्य भूमिकामा पुरुष हुन्छ । महिला हुँदैन ।

पुरुषमा बुबा, दाजु, भाइ, जोकोही पनि हुन सक्तछ तर यस्तो संस्कृति भएको समुदायमा महिलाको प्रमुख भूमिका स्वीकार गरिँदैन । यस साक्ष्यमा असर्फीलाललाई निम्न वर्गीय पात्रका रूपमा प्रस्तुत गरिए पनि लैङ्गिक शक्तिसम्बन्धका आधारमा ऊ प्रभुत्वशाली भूमिकामा छ । पितृसत्तात्मक सामाजिक संरचनामा धनी परिवार होस् अथवा गरिब परिवार

होस्–परिवारको मुख्य भूमिकामा कुनै न कुनै पुरुष सदस्य रहने संस्कृति छ । पितृसत्तात्मक सामाजिक अभ्यासका संस्था चर्च, परिवार (राज्य)हरू र सांस्कृतिक विम्बहरूका कारण महिला माथिको प्रभुत्वलाई जनाउँछ (हवि, सन् २००७, पृ. २४०) । उपन्यासकारले प्रस्तुत साक्ष्यको माध्यमबाट एउटा पुरुष पात्र असर्फीलालको प्रभुत्वशाली भूमिकामा प्रतिनिधित्व गराउन खोजेको प्रस्ट छ ।

**(ख) महिलाको प्रतिनिधित्व**

*मालिकहरूको मधेस* उपन्यासमा प्रयुक्त महिला पात्रका स्थान, भूमिका एवम् तिनका गतिविधि तथा संवादका आधारमा महिला पात्रका प्रतिनिधित्वबारे व्याख्या गर्न खोजिएको छ । *मालिकहरूको मधेस* उपन्यासको कथ्यवस्तुमा भुलुरलाई सहायक पात्रका रूपमा प्रस्तुत गरिएको छ । उसलाई प्रमुख महिला चरित्रको रूपमा चित्रण गरिएको छ । असर्फीलालकी छोरी भुलुरको नाम नै सविता राखिएको छ । विवेच्य उपन्यासको कथावस्तुमा गाउँमा उसलाई सबैले भुलुर भने पनि क्याम्पसमा बोलाइने नाम भने सविता भनिएको छ । मधेसमा भएको थिचोमिचो, अन्याय, असमान व्यवहार, राजनीतिक हकअधिकारको वञ्चितीकरणको बोध भुलुरमा देखिन्छ ।

काठमाडौँको त्रिचन्द्र कलेजमा स्नातक तहमा पढ्न गएकी भुलुरमा प्रखर विद्रोह चेत देखिन्छ । उसमा मधेस पहिचान र मधेसको निम्न वर्गीय हकहितका लागि शक्तिशाली राज्य संरचनाका विरुद्धमा सशक्त आवाज उठाउने साहस देखिन्छ, "हामी मधेसीका छोराछोरी हौँ । तिमीहरू जस्ता काठमाडौँमै जन्मेर हुर्केका मानिसहरूलाई हाम्रा बारेमा यत्तिको चासो रहनु पनि ठूलै कुरा हो । ल सुन हामी कसैकोमा घरधन्दा गर्छौँ । कसैको घरभित्रको सरसफाइ गर्छौँ" (पृ. १४४) । प्रस्तुत साक्ष्यमा भुलुर अर्थात् सविताले आफ्ना सहपाठी कोकिल बाबुलाई भनेकी शक्तिशाली स्वर हो । यस प्रसङ्गमा एकातिर मधेसी पहिचानको स्वर मुखरित भएको छ भने अर्कोतिर विपन्न वर्गीय मधेसी समुदायको चरम आर्थिक पछौटेपन उजागर गरिएको छ ।

कथ्यवस्तुको प्रस्तुत अंशमा महिला पात्र सविताको निडरपना व्यक्तित्व प्रकट भएको छ । देशको राजधानीमा अवस्थित त्रिचन्द्र कलेजमा पढ्न गएकी सविताले निर्धक्कताका साथ आफूहरूलाई मधेसीका सन्तानका रूपमा चिनाउने प्रयास गर्नु अवश्य पनि अत्यन्त साहसी कुरा हो । उसले उपर्युक्त कथन अभिजात वर्गका कोकिल बाबुलाई बिना

हिच्किचाहट सुनाउन सक्नुले सविताको निर्भीक व्यक्तित्व मुखरित भएको छ । उपन्यासकार अधिकारीले सवितालाई सक्रिय नारी पात्रका रूपमा उपस्थापन गरेको कुरा उपर्युल्लिखित कथनबाट पुष्टि हुन्छ । साहित्यमा प्रायजसो महिला पात्रलाई लेखकको व्यक्तिगत अवधारणाका आधारमा परम्परित सामाजिक भूमिकामा राख्ने गरिन्छ । तर प्रस्तुत सन्दर्भमा उपन्यासकारले महिला पात्र सवितालाई परम्परागत लेखकीय दृष्टिकोणभन्दा फरक र शक्तिशाली रूपमा चरित्रचित्रण गरेका छन् ।

*मालिकहरूको मधेस* उपन्यासमा भुलुर भन्ने सवितालाई आधुनिक महिलाको रूपमा चित्रण गरिएको छ । ऊ सार्वजनिक कार्यक्रममा बोल्न, गीत गाउन तथा नृत्य गर्न हिच्किचाउँदिन, "सांस्कृतिक कार्यक्रम सुरूभयो सविता स्वयम्को गीतिनृत्यबाट । मैथिली भाषामा रचिएको गीतको बोल थियो : 'यहि ठीन टिकुली हर्‌यागेले दैया गे, ससुरजी से पुछली, ननेद जी से पुछली, देवरजी से पुछली, लज्या गेले दैया गे" (पृ. १५०) । यस साक्ष्यमा सविताको फरासिली स्वभाव देखिन्छ । मधेसबाट उच्च शिक्षा हासिल गर्न काठमाडौँको त्रिचन्द्र कलेज भर्ना भएकी सविताले मञ्चमा मैथिली गीतमा नृत्य गरेकी प्रसङ्गले उसको निर्भीक व्यक्तित्वलाई झल्काउँदछ । प्रायजसो मधेसका छोरीचेलीहरू सार्वजनिक कार्यक्रममा भाग लिन हिच्किचाउने गर्दछन् तर सविताले ती पुरातन सोच र मान्यतालाई भङ्ग गर्दै कलेजको सांस्कृतिक कार्यक्रममा नृत्य गरेर आफ्नो छुट्टै व्यक्तित्व प्रदर्शन गर्न सफल भएकी छ । यस प्रसङ्गमा सविताको उदात्त आख्यानीकरण गरिएको स्पष्ट छ । प्रस्तुत साक्ष्यमा उपन्यासकार अधिकारीले सवितालाई परम्पराभन्दा भिन्न किसिमको भूमिका प्रदान गरेको देखिन्छ ।

*मालिकहरूको मधेस* उपन्यासमा महिला पात्र विन्दीलाई गौण पात्रका रूपमा प्रस्तुत गरिएको छ । विन्दीलाई अन्य जातका केटाहरूले जिस्काउँदा उसले प्रतिरोध गरेकी छ, "विन्दीले फेरि केटाहरूलाई छड्के नजरले हेर्दै भनी, 'देखियौ डोमराहीमे आइवके यी टिकढौवा केना केना बाजैय ?" (अधिकारी, २०७५, पृ. ६३) । यस प्रसङ्गमा मधेसको दलित समुदायमा पर्ने तल्लो जातिको मानिँदै आएको डोम जातिकी चेली विन्दीले उच्च जातीय गैर डुम जातिका केटाहरूलाई गाली गरेकी प्रस्ट छ (आहुति, सन् २०६७, पृ. १८५) । प्रस्तुत साक्ष्यले डुम जातिकी विन्दीको पुरुषहरू विरुद्धको चेतलाई उजागर गर्दछ । नेपाली समाजमा कथित तल्लो जातिका मान्छेहरू कथित माथिल्लो मानिएका जातिका मान्छेहरूबाट डराएर बस्ने अधीनस्थता स्वीकार गर्ने चलन छ । यस्तो सामाजिक प्रचलन

हुँदाहुँदै पनि उपन्यासकारले विन्दीको भूमिकालाई विशेष महत्त्व प्रदान गरेको छ । प्रस्तुत उपन्यासमा मधेसी दलित समुदायको कथित तल्लो जातिको मानिएकी विन्दीलाई जोदाहा पात्रका प्रतिनिधित्व गराइएको प्रस्ट छ ।

प्रस्तुत उपन्यासमा सञ्जालाई गौण महिला पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ । यस उपन्यासको कथ्यवस्तुमा पुरनदहकी सञ्जालाई पुलकितलाल चौधरीको दोस्रो पत्नीका रूपमा चित्रण गरिएको छ :

> पुलकितको दोस्रो चुमौन पुरनदहकी एउटी चौधरी केटीसँग गराइदिएका थिए । मनमा लकडीवालीको सम्झना ताजै रहेका बखत दोस्री कनियाँ घरमा ल्याउनुपर्दा त्यसले पनि उनको जीवनमा कुनै खुसीयाली ल्याउन सकेको थिएन । दोस्री दुलहीको नाम सञ्जा राखेका थिए पुलकितले । (पृ. ५६)

उपर्युक्त साक्ष्यमा महिला पात्र सञ्जालाई पुलकितलाल चौधरीको दोस्रो पत्नीका रूपमा उपस्थापन गरिएको छ । पुलकितलाल चौधरीको पहिलो श्रीमती लकडीवालीलाई सर्पले टोकेर मृत्यु भएपछि उनका बाबु सबुरलाल चौधरीले पुरनदहकी चौधरी केटीसँग पुलकितलाल चौधरीको चुमौन गराइदिएको प्रसङ्ग छ, । यस साक्ष्यले मधेसमा बस्ने आदिवासी जनजाति थारू समुदायमा  पुरुषले बहुविवाह गर्ने परम्परालाई इङ्गित गर्दछ । पुरुषले सहजै कन्या केटीसँग विवाह गर्न पाउने सन्दर्भले पितृसत्तात्मक पुरुषप्रधान सामाजिक संरचनालाई जनाउँछ । यस्तो सामाजिक संरचनामा पुरुष सर्वोच्च र निर्णायक अवस्थामा हुन्छ । उसले आफूखुसी कुनै पनि केटीसँग बहुविवाह गर्न सक्तछ (भद्रा, २०६६, पृ. १०) । यस साक्ष्यमा पुलकितलालले विवाह गरेकी सञ्जाले उसको जीवनमा खुसीयाली ल्याउन नसकेको विषयवस्तुलाई सङ्केत गर्दछ । यस सन्दर्भमा खुसीयाली भन्ने शब्दले पितृसत्तात्मक सामाजिक संरचनामा पत्नी पतिको सेविका भएर आफ्नो पतिलाई खुसी पार्नुपर्ने तथ्यलाई उजागर गर्दछ । यस साक्ष्यमा सञ्जालाई उसका पति पुलकितलालको अधीनस्थ र कमजोर पात्रका रूपमा देखाइएको छ । प्रस्तुत उपन्यासमा सञ्जाको प्रतिनिधित्व कमजोर र गौण रहेको देखाइएको छ । सञ्जा पुरुष पुरुषाश्रित भएकीले उसको स्थान र भूमिका कमजोर रहेको प्रस्ट हुन्छ ।

### ३.४.६ *दुलारी* उपन्यासमा लैङ्गिक प्रतिनिधित्व

*दुलारी* उपन्यासमा मधेसी समुदायका महिला तथा पुरुष पात्रहरूको उपस्थापन गरिएको छ । लैङ्गिक प्रतिनिधित्वअन्तर्गत पुरुष र महिला पात्रमध्ये कुन लिङ्गका पात्रलाई बढी प्राथमिकता प्रदान गरिएको छ सो कुरालाई महत्त्वका साथ हेरिन्छ । यस उपन्यासमा उपस्थापन गरिएका पुरुष तथा महिला पात्रहरूका गतिविधि एवम् तिनले बोलेका संवादका आधारमा तिनका स्थानाङ्कन गर्दै प्रतिनिधित्वको अवस्थाबारे अध्ययन गर्नु उपयुक्त हुन्छ ।

**(क) पुरुषको प्रतिनिधित्व**

*दुलारी* उपन्यासमा मधेसी समुदायका विभिन्न पुरुष पात्रहरूको प्रतिनिधित्व गराइएको छ । नेपाली समाजमा पितृसत्तात्मक विचारधारा हावी भएकाले पुरुष शक्ति संरचनामा पुरुष पात्रहरू बढी प्रभुत्वशाली देखिन्छन् (चो, सन् २०२०, पृ. ४०) । यस उपन्यासमा रमाकान्त चौधरीको प्रभुत्वशाली प्रतिनिधित्व गराइएको छ, "गाउँका गिरहत रमाकान्त चौधरीले आफ्नो आँगनमा बाँसको खम्बामा ठूलो रेडियो टाँगेका थिए । त्यो रेडियोमा गाउँभरिका मान्छेले सुन्नेगरी गीत बज्थ्यो" (पृ.१९) । यस साक्ष्यमा रमाकान्त चौधरीको प्रभुत्वशाली भूमिका देखाइँदै शक्तिसम्बन्धको हिसाबले ऊ निकै प्रभुत्वशाली रहेको तथ्य प्रस्ट पारिएको छ । ऊ शक्तिशाली भएकाले उसले गाउँका सबैजनाले सुन्ने गरी ठुलो स्वरमा रेडियो घन्काएर बजाएको भन्ने पुष्टि हुन्छ । प्रस्तुत साक्ष्यमा गाउँमा अरूसँग रेडियो नहुनु र ऊसँग भएको रेडियो नै गाउँले सबैका निम्ति एकमात्र समाचार तथा गीत सुन्ने साधन भएकाले पनि पुरुष पात्र रमाकान्त चौधरीको शक्तिशाली प्रतिनिधित्वलाई इङ्गित गर्दछ । समुदायमा शक्तिसम्बन्ध कायम रहेको हुन्छ । शक्ति बिनाको कुनै समुदाय नभएकाले शक्तिभन्दा बाहिर कोही पनि छैन (शर्मा, सन् २०१८, पृ. २७) । यस साक्ष्यमा पुरुष पात्र रमाकान्त चौधरीलाई प्रभुत्वशाली पुरुष पात्रका रूपमा प्रतिनिधित्व गराइएको प्रस्ट छ ।

*दुलारी* उपन्यासमा विद्यालयको प्रधानाध्यापकलाई प्रभुत्वशाली पुरुष पात्रका रूपमा चित्रण गरिएको छ । प्रधानाध्यापक सबै शिक्षकका प्रमुख हुने भएकाले ऊ शक्तिशाली हुनु स्वाभाविक देखिन्छ । उपन्यासमा प्रधानाध्यापकको उपस्थितिलाई यसरी प्रस्तुत गरिएको छ, "कुर्सीमा बसेको मोटो मान्छेलाई देखे मामाले 'नमस्कार हेडसर !' भने । त्यसपछि मैले थाहा पाएँ, ती मान्छे हेडसर थिए" (पृ. २६) । यस साक्ष्यमा हेडसर विद्यालयको प्रशासकका

साथै शिक्षकहरूका मुख्य व्यक्ति पनि हुने भएकाले ऊ शक्तिशाली हुनु स्वाभाविक रहेको छ ।

कथ्यवस्तुमा हेडसरसँग विद्यालय सञ्चालनका निम्ति प्रशासनिक शक्ति निहित रहेकाले दुलारीका मामाले उसलाई अदवसाथ नमस्कार गरेको हो । यस सन्दर्भमा पुरुष पात्र हेडसरको शक्तिशाली भूमिका रहेको पुष्टि हुन्छ । यस उपन्यासमा दुलारी पढ्न गएकी विद्यालयमा मुरारी सर कार्यरत रहेको यसरी चित्रण गरिएको छ, “मुरारी सरले पहिलो पटक मेरो नाम के हो भनेर सोधे । एउटा मोटो कापिमा मुरारी सरले लेखे” (पृ. २७) । प्रस्तुत साक्ष्यमा मुरारी सरको महत्त्वपूर्ण भूमिका देखाइएको छ । दुलारीको मामाले भर्ना गराउन गएको विद्यालयमा मुरारी सरले नै दुलारीको नाम मोटो कापिमा टिपोट गरेर भर्ना गर्नुले सरको अहम् भूमिकालाई प्रस्ट्याउँदछ ।

*दुलारी* उपन्यासमा मुख्य पात्र दुलारीका काका भुथरा र दाजु सिरियाका बारेमा चित्रण गरिएको छ । कथ्यवस्तुमा तिनका उपस्थितिलाई भट्टामा काम गर्ने मजदुरका रूपमा प्रतिनिधित्व गराइएको छ । तिनले पैसा कमाएपछि एकार्कालाई धक्कु लगाउने विषयवस्तुलाई उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ, “भुथरा कहैछे लै हम बेसी पैसा कमाइ चियै भट्टा मे । सिरिया भैया कहै छेलै हम बेसी पैसा कमाई चियै” (पृ. ६३) । यस साक्ष्यमा पुरुष पात्र भुथरा र सिरिया दुवैजना श्रमजीवी वर्गका पात्र रहेका चित्रण गर्दै तिनका सङ्कीर्ण सोचाइको पर्दाफास गरिएको छ किनभने ती दुवैजना भट्टामा काम गर्दछन् र एकापसमा फुर्तिसमेत लगाउँदा रहेछन् भन्ने कथ्यलाई प्रस्तुत गरिएको छ ।

शक्तिसम्बन्धका हिसाबले सामाजिक संरचनामा यी दुवैको हैसियत अप्रभुत्वशाली हुने निश्चित छ । अर्काको अधीनमा काम गर्ने मानिस शक्तिशाली नहुने भएकाले भुथरा र सिरियाले कमजोर पुरुष पात्रको प्रतिनिधित्व गरेका छन् । *दुलारी* उपन्यासमा दुलारीका मालिक रमाकान्त चौधरीको छोरा चन्द्रनारायणको प्रतिनिधित्व गराइएको छ । उसलाई कथ्यवस्तुमा चन्द्रसमेत उल्लेख गरिएको पाइन्छ । रमाकान्त चौधरी धनी भएकाले उसको बुबाको रोवरवाफको प्रभाव छोरामा समेत परेको देखिन्छ ।

चन्द्रले आफ्नो घरमा काम गर्ने दुलारीलाई हेपेर दुर्व्यवहार गरेको विषयवस्तुलाई यसरी प्रस्तुत गरिएको छ, “ऊ मेरो छेउमा आयो । मलाई एक्लै देखेर एकान्तको मौका छोपी उसले लातले हान्यो र भन्यो, ‘मुसहरनी, जो आपन घर ( मुसहरनी आफ्नो घर जा”

(पृ. ७८) । यस साक्ष्यमा चन्द्रु धनी बाबुको छोरा भएकाले उसले आफ्नो घरमा काम गर्ने नोकर्नी दुलारीलाई लात्तीले हिर्काउनुका साथै मुसहरनी भनेर हेपेको तथ्य उद्घाटित छ । सामाजिक संरचनामा चन्द्रुका बाबु धनी भएकाले त्यसको प्रभाव चन्द्रुमा पर्न गएको हो । यस सन्दर्भमा पुरुष पात्र चन्द्रुको शक्तिशाली प्रतिनिधित्व भएको स्पष्ट छ ।

*दुलारी* उपन्यासमा चुनिलालको शक्तिशाली प्रतिनिधित्व गराइएको छ । कथ्यवस्तुमा उसलाई 'गिरहत' भनी सम्बोधन गरिएकाले उसको उपस्थिति प्रभुत्वशाली रहेको छ । मधेसमा गरिबगुरुवाले आफूभन्दा सम्पन्न व्यक्ति एवम् धनी वर्गका मालिकलाई मात्र 'गिरहत' सम्बोधन गर्ने प्रचलन छ । यस उपन्यासमा चुनिलालको बारेमा यस्तो चित्रण गरिएको छ, "चुनिलाल गिरहतको खम्हाल (खल्यान) मा नाच देखाउन थाल्यौँ" (पृ. १४३) । प्रस्तुत साक्ष्यमा सामाजिक संरचनामा चुनिलालको शक्तिशाली उपस्थितिलाई इङ्गित गरिएको छ । चुनिलाल प्रभुत्वशाली पुरुष भएकाले गरिबगुरुवाहरू उसको खलियानमा नाच देखाउन गएका हुन् भन्ने तथ्यलाई यस साक्ष्यमा प्रस्तुत गर्न खोजिएको छ ।

कथावस्तुमा लुटना, गिरहतनीका ज्वाइँ, गार्ड, सुपरिटेन्डेन्ट, चुनिलाल गिरहत, मोदना, रवीन्द्रा डुमको छोरा छटुवा, रवीन्द्रा डुमको मामा, मुतना दाइलाई कम महत्त्व दिएर गौण पात्रका रूपमा चित्रण गरिएको छ । झपटा काका, मुसहरी टोलका र बड्का बाउहरू, माओवादी पार्टीका कार्यकर्ता महेश चौधरी, बिल्टौनको पति, बिल्टौनको ससुरा, हरिया, डाक्टर, गोसाई साहु, धामी, दुलारीको पति रामसुखलाहा, चन्द्रुका दुई छोराहरूलाई कथानकमा कम स्थान दिएर गौण पात्रका रूपमा चित्रण गरिएको छ । कथावस्तुमा गौण पुरुष पात्रका कम भूमिका र स्थान दिइएकाले यी पात्रहरूको अल्प प्रतिनिधित्व भएको हो ।

**(ख) महिलाको प्रतिनिधित्व**

*दुलारी* उपन्यासमा मधेसी समुदायका विभिन्न महिला पात्रहरूको चित्रण गरिएको छ । कथावस्तुमा फरक फरक महिला पात्रहरूलाई आवश्कताअनुसार फरक फरक भूमिका प्रदान गरिएको छ । कसैलाई मुख्य भूमिकामा राखिएको छ भने कसैलाई सहायक भूमिकामा र कसैलाई गौण भूमिकामा चित्रण गरिएको छ । उपन्यासको शीर्षक नै सदा अर्थात् मुसहर समुदायको महिला पात्र दुलारीको नामबाट शीर्षकीकरण गरिएकाले दुलारी नै यस उपन्यासको प्रमुख पात्र हो भन्ने पुष्टि भएको छ । यस उपन्यासमा मधेसी आदिवासी जनजाति थारू समुदायका महिला पात्र, मधेसी समुदायकी महिला पात्र र मधेसी

दलित मुसहर समुदायका महिला पात्र एवम् मधेसी दलित डुम समुदायका महिला पात्रहरूको वस्तुपरक चित्रण गरिएको छ ।

*दुलारी* उपन्यासको कथावस्तुमा आद्योपान्त दुलारीकै भूमिका देखाइएकाले ऊ यस उपन्यासको केन्द्रीय चरित्र हो । उपन्यासमा मुसहर समुदायकी दुलारी विद्यालयमा पढ्ने भएकीले अन्य मधेसी दलितभन्दा उसको चेतनाको स्तर माथि नै उठेको देखिन्छ जुन स्वाभाविक पनि हो । विद्यालयमा पढ्न जाने दुलारीको विषयवस्तुलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, "मुरारी सर, अई बचिया के दुई कलास मे राइख दियौ । उमेर के हिसाब से त यी बचिया अखैन चाइर कलास मे रहक चाही लेकिन कि करबै ? मुसहर के बेटी चियै" (पृ. २८–२९) । प्रस्तुत साक्ष्यमा बढी उमेरकी दुलारीलाई उसको मामाले पढाउनका निम्ति विद्यालयमा भर्ना गराउन लैजाँदा दुलारीको मामाको अनुरोधमा विद्यालयको हेडसरले सोही विद्यालयका सहायक शिक्षक मुरारी सरलाई भनेर दुलारीलाई दुई कक्षामा भर्ना गर्न आदेश दिएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । चार कक्षामा पढ्नु पर्ने उमेरमा दुई कक्षामा पढ्ने अनि मुसहरकी छोरी हो भन्ने तथ्यलाई यस प्रसङ्गमा प्रस्ट पारिएको छ । मुसहर समुदायमा चेतनाको अभाव भएकाले समयमै दुलारीलाई विद्यालय पढ्न नपठाई बढी उमेरमा विद्यालय भर्ना गर्न लगिएको देखिन्छ, मधेसी दलित मुसहर जातिको अशिक्षाको अवस्था अभाव र आर्थिक पछौटेपनसँग घनिष्ठ रूपमा जोडिएको छ .आहुनि, ढिलै भए पनि विद्यालयमा पढ्न गएकी दुलारीमा शिक्षाको प्रभावका कारण चेतनाको विकास हुने देखिन्छ ।

*दुलारी* उपन्यासमा प्रयुक्त मधेसी दलित मुसहर समुदायका पात्रमध्ये केवल दुलारी मात्र विद्यालय त्यसपछि क्याम्पसमा भर्ना भई पढेकीले उक्त समुदायमा ऊ मात्र चेतनशील र पढेलेखेकी पात्रका रूपमा चित्रित छे । क्याम्पसमा पढ्न थालेकी दुलारीका बारेमा कथ्यवस्तुमा यस्तो उल्लेख गरिएको छ, "दुई-तीन दिनपछि मामा आए माईको हातमा एक हजार दिए । त्यो पैसाले म कलेजमा भर्ना भएँ । किताब-कापी थिएन । एउटा पुरानो कापी बोकेर कलेज गए । बिल्टौनको टालटुल पारेको पुरानो कुर्ता सलवार लगाएर" (पृ. १७१) । प्रस्तुत साक्ष्यमा दुलारीको घरमा दुलारीलाई पढाउने रुपियाँ नभएकाले उसको मामाले एक हजार दिएर दुलारी क्यापसमा भर्ना भई पढ्न थालेकी तथ्यलाई उजागर गर्दै उसको दयनीय अवस्थासमेतको चित्रण गरिएको छ । पैसा नभएकाले दुलारीले पुरानै कापी

र आफ्ना मालिक रमाकान्त चौधरीकी कान्छी छोरी बिल्टौनकी जडाउरी लगाएर ऊ क्याम्पस पढ्न जान बाध्य भएकी यथार्थलाई प्रस्तुत साक्ष्यले प्रस्ट्याएको छ ।

प्रस्तुत उपन्यासमा क्याम्पस भर्ना भई पढ्न थालेकी दुलारी विभिन्न कारणवश आफ्नो पढाइ पूरा गर्न नसकेकी अवस्था उत्पन्न भएको कथावस्तुमा देखाइएको छ । क्याम्पस तहसम्म भर्ना भई पढ्न थालेकी दुलारीले सामाजिक विकृति विसङ्गतिका विरुद्ध सङ्घर्ष गर्न नसक्नु अस्वाभाविकजस्तो प्रतीत हुन्छ, “पढाइलाई बीचमै टुंग्याइदिएर आफैंमाथि अन्याय गरेकी छिन् दुलारीले । हुन त पढ्ने वातावरण भएको भए पढ्थिन् होला । उसले सङ्घर्ष गर्न नसकेको देखिन्छ” (न्यौपाने, २०७६, annapurnapost.com/news/148602) । उपन्यासको केन्द्रीय चरित्र दुलारी विद्यालय एवम् क्याम्पस तहमा भर्ना भई धेरथोर पढेर पनि सङ्घर्ष गर्न नसक्नुले उसको चरित्र विकासमा ह्रास आएको स्पष्ट छ । पढेलेखेर पनि सामाजिक संरचनामा प्रभाव पार्न नसक्नु, शक्तिसम्बन्धमा प्रत्यक्ष परोक्ष हस्तक्षेप गर्न नसक्नु अनि उसको क्रियाकलापमा कुनै प्रतिरोधचेतसमेत नदेखिनुले दुलारीको अप्रभुत्वशाली प्रतिनिधित्व भएको प्रस्ट हुन्छ ।

*दुलारी* उपन्यासमा दुलारीका मालिक रमाकान्त चौधरीकी कान्छी छोरी बिल्टौनलाई सहायक पात्रका रूपमा चित्रण गरिएको छ । बिल्टौन धनी बाबुकी छोरी भएकीले उसले नयाँनयाँ कपडा लगाउने आफ्ना पुराना लुगाफाटो आफूकहाँ काम गर्ने दुलारीलाई दिने विषयवस्तु उपन्यासमा यसरी प्रयुक्त छ, “बिल्टौन गिरहतनीकी छोरी थिइन् । मभन्दा ठूली” (पृ. ६८) । यस साक्ष्यमा बिल्टौन दुलारीका मालिक रमाकान्त चौधरीकी छोरी भएकी सन्दर्भलाई उजागर गरिएको छ । दुलारीभन्दा जेठी भए पनि ऊ धनी बाबुकी छोरी भएकीले घरमा आराम गरेर बस्ने त्यहींनेर गरिब बाबुकी छोरी दुलारीचाहिँ सेवाटहल गरेर बस्नुपर्ने सन्दर्भ इङ्गित छ । बिल्टौन तरुनी भएपछि उसको विवाहको लागि भव्य तयारी भएको विषयवस्तुलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, “बिल्टौनको कुमरौन ( मटकोर) थियो । कुमरौनको दिन बिल्टौनकी माइजू र मेरो माई बजार गएर बिहेको विधिमा चाहिने डवनी (गाग्री), ढकना (पाला), र पतली (ठुलो गाग्री) किनेर ल्याए” (पृ. २३५) । यस साक्ष्यमा बिल्टौनको विवाहका निम्ति चाहिने विविध सामग्री बजारबाट खरीद गरेर ल्याइएको विषयवस्तुबारे उल्लेख गर्दै बिल्टौनको धुमधामसँग विवाह सम्पन्न गराउन लागिएको भाव अभिव्यञ्जित भएको छ । बिल्टौन धनी बाबुको छोरी भएकीले उसको शानशौकतका साथ विवाह सम्पन्न गराउन लागिएको भन्ने तथ्य प्रकट भएको छ ।

बिल्टौनको विवाहपश्चात् ऊ आफ्नो घर गएपछि उसको माइतीका सुखसयल तथा स्वतन्त्रता सबै गुमेको पीडा ऊ दुलारीलाई सुनाउँछे । माइतीमा आफूखुसी गर्न पाइने र विवाह गरेर गएपछि ती सबै स्वतन्त्रता खोसिएका विषयवस्तुलाई विश्लेष्य कथ्यवस्तुमा वर्णन गरिएको छ । माइतीमा भएको आफ्नो व्यक्तिवाचक नामसमेत विवाहपश्चात् लोप भएको दुखेसो पोख्तै बिल्टौन दुलारीलाई भन्छे :

> अझ थाहा छ दुलारी ? मेरो नाम र परिचय सबै हरायो । म बिल्टौनबाट मैझली (माइली) बनैँ किनकि म त्यस घरकी माइली बुहारी थिएँ । मेरो नाम नै नभएजस्तो । मलाई मेरो ससुरालका मानिस र गाउँलेहरूले मैझली भनेर बोलाउँछन् । कति सजिलै मेरो परिचय मबाट खोसियो । बिल्टौनको नामनिसाना केही रहेन । आमाबाबुले राखिदिएको नाम ससुरालमा केही काम लाग्दो रहेछन । ( पृ. २४७)

उपर्युक्त साक्ष्यमा विवाहपश्चात् बिल्टौनको निजी पहिचान हराएकोमा चित्त दुखाइको विषय बनेको देखिन्छ । माइतीमा बिल्टौन नामबाट चिनिएकी महिला विवाहपश्चात् आफ्नो घरमा जाँदाखेरी उसको पहिलेको परिचय र पहिचान लोप भएर अर्कै नामको पहिचान हुन गएकोप्रति बिल्टौनको आपत्ति रहेको स्पष्ट छ । ऊ घरकी माहिली बुहारी भएकीले उसको घरका र गाउँका सबैजनाले स्थानीय थारू भाषामा 'मैझली' भनेर सम्बोधन गरेकोमा बिल्टौनको घोर आपत्तिको भाव प्रकट भएको छ । सामाजिक संरचनामा पुरुषकै बोलबाला रहेकाले महिलाका नाम खास गरिकन विवाहपश्चात् फेरिने तथ्यलाई यस साक्ष्यमा दर्शाउन खोजिएको छ । यस सन्दर्भमा के प्रस्ट देखिन्छ भने समुदायमा महिलामाथि पुरुषको प्रभुत्वशाली प्रभाव रहन्छ । 'लैङ्गिक' लिङ्गको सामाजिक अर्थ हो । पुरुष र महिला सामाजिक वर्गका स्वरूप हुन् । पुरुषप्रधान समुदायमा पुरुष प्रभुत्वशाली र महिला अधीनस्थ अवस्थामा संस्थागत रूपमा काम गर्दछन् (हेसलेङ्गर, सन् २०००, पृ. ३७) । यस साक्ष्यमा बिल्टौनको अधीनस्थ अवस्था भएकाले विवाहपश्चात् उसको घरपरिवारका मानिसहरूले उसको बाबुआमाले राखिदिएका नाम परिवर्तन गरेर 'मैझली' राखिदिएको तथ्यलाई उजागर गरिएको छ । प्रस्तुत सन्दर्भमा बिल्टौनको पहिलेको नाम र पहिचान हराएर 'मैझली' राखिए तापनि प्रतिरोध गर्न असमर्थ भएकीले उसको अप्रभुत्वशाली प्रतिनिधित्व देखाइएको छ ।

## ३.५ निष्कर्ष

प्रस्तुत शोधमा विश्लेषण गरिएका उपन्यासहरूमा गैरमधेसी र मधेसी समुदायका भूमिपतिहरूलाई अभिजात वर्गीय पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ । गैरमधेसी समुदायका भूमिपति, राज्यका विभिन्न निकायमा कार्यरत राज्य प्रशासनसम्बद्ध उच्च पदस्थ कर्मचारीहरूलाई अभिजात वर्गका रूपमा चित्रण गरिएको छ । *अलिखित* उपन्यासमा मधेसी समुदायका भूमिपति विश्वनाथ प्रसाद सिंहले अभिजात वर्गको प्रतिनिधित्व गरेको छ । *उलार* उपन्यासमा गैरमधेसी समुदायका राजेन्द्रराज शर्मा, शिलाबाबु र शान्तिराजाले अभिजात वर्गको प्रतिनिधित्व गरेका छन् ।

प्रस्तुत उपन्यासमा राष्ट्रिय पञ्चायतमा चुनाव जितेर मन्त्रीसम्म बनेका मधेसी आदिवासी जनजाति थारू समुदायका लौटन सिंह थारूले अभिजात वर्गको प्रतिनिधित्व गरेको छ । *घुर* उपन्यासमा चिकित्सक भवनन्द माझी र अर्कालाई जहाजको टिकट किनिदिएर सहयोग गर्ने शिवनारायण महतो तथा प्रमुख जिल्ला अधिकारी मोहन कृष्ण सापकोटाले अभिजात वर्गको प्रतिनिधित्व गरेका छन् । *गुलरको फूल* उपन्यासमा राजपुत थरका जमिनदार, गल्लावाल, बिर्जु अग्रवाल, राणाजी, राणाकी बहिनी छायादेवी, चौधरी जमिनदार र किशोरी साहुले अभिजात वर्गको प्रतिनिधित्व गरेका छन् । *मालिकहरूको मधेस* उपन्यासमा भिखारी चौधरी, फुलबडिया कामतवाला जमिनदार (देवनबाबु), मधेसी जमिनदार र सेठले अभिजात वर्गको प्रतिनिधित्व गरेका छन् भने *दुलारी* उपन्यासमा मधेसी आदिवासी जनजाति थारू समुदायका रमाकान्त चौधरी, उमाकान्त चौधरी र गोसाई साहुले अभिजात वर्गको प्रतिनिधित्व गरेका छन् । यस अनुसन्धानमा मधेसी आदिवासी जनजाति, मधेसी र गैरमधेसी समुदायका पात्रहरू अभिजात वर्गका रहेका पुष्टि भएको छ ।

*अलिखित* उपन्यासमा मतिया र उसकी आमाले निम्न वर्गको प्रतिनिधित्व गरेका छन् । त्यसैगरी सरजुको सालो र अनुप मिस्त्रीले निम्न वर्गको प्रतिनिधित्व गरेका छन् । *उलार* उपन्यासमा प्रेमललवा, टाँगा चलाएर जीविका चलाउने असलम, इस्माइल, पोस्टर टाँस्दै हिँड्ने कलुवा र गुप्ताले निम्न वर्गको प्रतिनिधित्व गरेका छन् । *घुर* उपन्यासमा बस चालक तेजनारायण यादव, सहचालक भूपेन्द्र र गाउँगाउँमा चिउरा बेच्दै हिँड्ने बुधनीदेवी थारूले निम्न वर्गको प्रतिनिधित्व गरेका छन् ।

*गुलरको फूल* उपन्यासमा गरिब रुदलको परिवार, डुम समुदायको पात्रले निम्न वर्गको प्रतिनिधित्व गरेका छन् । *मालिकहरूको मधेस* उपन्यासमा सबुरलाल चौधरी, पुलकितलाल चौधरी, असर्फीलाल, हदिस मियाँ, जलिल, जुमन बुढुवा, बिन्दीहरूले निम्न वर्गको प्रतिनिधित्व गरेका छन् । *दुलारी* उपन्यासमा सदा समुदायको दुलारी सदा, उसका बाबुआमा र भाइ अनि मुसहरीका मजदुरहरू तथा रवीन्द्रा डुमले निम्न वर्गको प्रतिनिधित्व गरेका छन् ।

गैरमधेसी र मधेसी समुदायका अभिजात वर्गीय पात्रहरूले निम्न वर्गीय मधेसी समुदायमाथि शासन गरेका र तिनका श्रमशोषणका साथसाथै आर्थिक शोषणसमेत गरेका विषयवस्तुहरू अभिव्यञ्जित छन् । निम्न वर्गीय मधेसीहरू मधेसी तथा गैरमधेसी अभिजात वर्गका असमान र असामाजिक व्यवहार, चरम यातना, उत्पीडन, श्रम तथा आर्थिक शोषणको मारमा सीमान्तीकृत जीवन बाँच्न बाध्य रहेका तथ्य उद्घाटन गरिएको छ । मधेसमा अभिजात वर्ग र निम्न वर्गका बिचमा आर्थिक असमानताको ज्यादै ठुलो अन्तराल रहेको तथ्यलाई शोध्य उपन्यासहरूमा उजागर गरिएको छ । अनुसन्धान गरिएका उपन्यासमा सीमान्तीकृत मधेसीहरू स्थानीय अभिजात वर्गीय मधेसी र स्थानीय तथा केन्द्रीय तहका गैरमधेसी समुदायका अभिजात वर्गबाट शोषित, पीडित रहेका पुष्टि भएको छ ।

प्रस्तुत शोधमा प्रयुक्त उपन्यासहरूमा मधेसी समुदायको जातीय संरचनालाई राम्ररी प्रतिनिधित्व गराइएको छ । यी उपन्यासहरूमा मधेसको रैथाने थारू समुदायको प्रतिनिधित्व गराइएको छ । त्यसैगरी मधेसी समुदायअन्तर्गतका कानु, कायस्त, राजपुत, यादव, तेली, कोइरी, कुर्मी, मल्लाह, चिडिमार, घँसियारा जातिका पात्रहरूको प्रतिनिधित्व गराइएको छ । शोध्य उपन्यासहरूमा सामाजिक सम्बन्धका हिसाबले अपहेलित र उपेक्षित मधेसी दलित समुदायका चमार, डोम, खत्वे, मुसहर र दुसाध समुदायका पात्रहरूको यथोचित प्रतिनिधित्व गराइएको छ ।

उपन्यासहरूमा टाँगा चलाउने पेसा अँगालेका, सर्पको नाच देखाउने र बुटी बिक्री गर्ने अनि हाट बजारमा खसीबाखा हलाली गरेर जीविकोपार्जन गर्ने मधेसी मुस्लिम समुदायका पात्रको प्रतिनिधित्व गराइएको छ । शक्तिसम्बन्धका हिसाबले कमजोर रहेका मधेसी दलित समुदायका पात्रहरू प्रभुत्वशाली गैरदलित जाति समुदायबाट विभेदीकृत

व्यवहार सहन बाध्य भएका वास्तविकताको प्रस्ट तस्बिर प्रस्तुत गरिएको छ । मधेसी दलित समुदायका पात्रहरू गैरदलितबाट अमानवीय र छुताछुतजस्ता घिनलाग्दो तथा निकृष्ट व्यवहार भोग्दै आएका मधेसी समुदायको अश्वेत पक्षको पर्दाफास गरिएको छ । जातीय प्रतिनिधित्वका हिसाबले मधेसी समुदायका पात्रको अधिक प्रतिनिधित्व भएको छ भने मधेसी दलित र मधेसी मुस्लिम समुदायका पात्रको न्यून प्रतिनिधित्व भएको छ ।

प्रस्तुत शोधमा व्याख्या गरिएका उपन्यासहरूमा पुरुष र महिला पात्रहरूको सटीक प्रतिनिधित्व गराइएको छ । शोध्य उपन्यासहरूमध्ये *अलिखित, उलार, गुलरको फूल* उपन्यासहरूमा परम्परागत तवरले पुरुष पात्रलाई नै मुख्य भूमिकामा राखिएको छ भने *घुर, मालिकहरूको मधेस* र *दुलारी* उपन्यासहरूमा परम्परागत लेखनभन्दा पृथक् महिला पात्रलाई बढी ग्राह्यता दिइएको छ । *घुर, मालिकहरूको मधेस* र *दुलारी* उपन्यासका सर्जकहरू तुलनात्मक रूपमा लैङ्गिकमैत्री देखिएका छन् । *घुर*मा अविदिता मण्डलको सशक्त उपस्थिति, *मालिकहरूको मधेस*मा भुलुर भन्ने सविताको उपस्थापन र *दुलारी*मा दुलारी सदाको शक्तिशाली प्रतिनिधित्व बेजोड रहेको पाइन्छ । देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनपद्धति अवलम्बन गरिए पनि सीमान्तीकृत वर्ग, जातजाति एवम् लिङ्गका जीवनप्रति कुनै परिवर्तन नआई सामाजिक रूपान्तरणसमेतमा त्यसको सकारात्मक प्रतिच्छाया पर्न नसकेको यथार्थ पक्षको उद्घाटन गरिएको छ ।

## चौथो परिच्छेद

## आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायको विचारधाराका रूप

### ४.१ विषयपरिचय

उपन्यासमा मानव समुदायका आस्था, विचार, मिथक, लोकविश्वास, आदर्श एवम् राजनीतिक अवधारणा आदि विचारधाराका रूपमा प्रस्तुत गरिएका हुन्छन् । औपन्यासिक पात्रका संवाद, तिनका भूमिका एवम् व्यवहारका माध्यमबाट विचारधाराको प्रकटीकरण भएको हुन्छ । विचारधारा अमूर्त पक्ष हो । विचारधारा मानवीय समवेदनासँग जोडिएको हुन्छ (ग्राम्सी, सन् १९७१/१९९९, पृ. ७०४–७०५) । उपन्यासमा विचारधाराको प्रयोग सूक्ष्म ढङ्गबाट गरिनुका साथै पात्रका जाति, भाषा, धर्म, संस्कार, संस्कृति, रीतिरिवाज, आस्था, विचार, नीतिनियम, लोकपरम्परा, लोकविश्वास, दर्शन, कानुन, राजनीतिक जीवनपद्धति झल्किने गरी उजागर गरिएको हुन्छ । विचारधाराका माध्यमबाट पात्रका जीवनदर्शनलाई सङ्केत गर्ने काम हुन्छ । उपन्यासमा पात्रले कस्तो विचारधाराको प्रतिनिधित्व गरेको छ सोको अध्ययन महत्त्वपूर्ण हुन्छ । पात्रका सामाजिक जीवनपद्धतिमा तिनका विचारधारा सम्प्रेषित भएका हुन्छन् । विचारधारा पात्रका व्यक्तिगतभन्दा पनि सामूहिक चिन्तन पद्धतिमा आधारित भएर प्रकटीकरण हुन्छ अतः यसलाई सोही रूपमा केलाएर हेर्नु उपयुक्त हुने देखिन्छ ।

### ४.२ प्रभुत्वशाली विचारधारा

प्रस्तुत शोधका विवेच्य उपन्यासमा शासक वर्गीय मधेसी समुदायको पात्रका बोली र व्यवहारका माध्यमबाट तिनका शक्तिशाली विचारधारा अभिव्यञ्जित भएका सन्दर्भहरू रहेका छन् । यस वर्गका पात्रले आफूसँग भएका स्रोतसाधन र सम्पत्तिका आधारमा सामाजिक संरचनामा कसरी हावी भएर शासन गरेका छन् । सामाजिक संरचनामा अभिजात वर्गका बोली, व्यवहार, राज्यसंरचनासँग तिनका उठबस, सहसम्बन्धका आधारमा तिनले अप्रभुत्वशालीमाथि गर्ने रोवरवाफपूर्ण व्यवहार, हुकुमी व्यवहार आदिलाई प्रभुत्वशाली विचारधारामा अध्ययन गरिएको छ (डिक, सन् १९९८, पृ. १७९) । उक्त विषयसन्दर्भलाई प्रभुत्वशाली विचारधाराअन्तर्गत विश्लेषण गरिएको छ । अभिजात वर्गका मधेसी समुदायका पात्रहरूले आर्थिक सामर्थ्यकै आधारमा आफ्ना कथन, विचार र संस्कृतिलाई शक्तिशाली

बनाएर शासित वर्गमाथि थोपरेका कथ्यवस्तुलाई प्रभुत्वशाली विचारधारामा गहन किसिमबाट व्याख्या गरिएको छ ।

### ४.२.१ अलिखित उपन्यासमा प्रभुत्वशाली विचारधारा

प्रभुत्वशाली विचारधाराले शासक वर्गीय विचारधाराको संवहन गर्छ । *अलिखित* उपन्यासमा विश्वनाथप्रसाद सिंहलाई अभिजात वर्गको भूमिकामा प्रतिनिधित्व गराइएको छ । उत्पादनका साधन स्रोतमा पहुँच भएको जमिनदारको विचारधारा प्रभुत्वशाली हुनु स्वाभाविकै हो । यस उपन्यासमा काठमाडौँबाट उत्खनन गर्न बिरहिनपुर बरेवा पुगेको उत्खनन टोलीको बसाइको प्रबन्धका लागि जमिनदार विश्वनाथप्रसाद सिंहले आफ्ना कारिन्दालाई सोधेको कथ्यवस्तु उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ, “के लालजी, बर्वाको तिम्रो गोवास हुँदैन, यहाँहरू बस्नलाई” (पृ. १२) । यस साक्ष्यमा धनधान्यले भरिपूर्ण विश्वनाथप्रसाद सिंहले आफ्नो पटवारी लालजीलाई उत्खनन टोलीका मानिसहरूको बसाइको लागि पटवारीको बरेवाको गोवासमा व्यवस्थापन गर्न भनेबाट विश्वनाथप्रसाद सिंहको शक्तिशाली अभिव्यक्ति उजागर भएको छ ।

लालजी पटवारी विश्वनाथप्रसाद सिंहको मातहतमा काम गर्ने भएकाले विश्वनाथप्रसाद सिंहले पटवारीलाई घर व्यवस्थापनका निम्ति अह्राएको देखिन्छ । यस साक्ष्यमा सम्भ्रान्त वर्गको विश्वनाथप्रसाद सिंहको शासक वर्गीय प्रभुत्वशाली विचारधारा अभिव्यक्त भएको छ । उपन्यासमा विपन्न वर्गको शिवगुलामले विश्वनाथप्रसाद सिंहसँग धान ऋण माग्न गएको बेला धनी वर्गको विश्वनाथप्रसाद सिंहले अभिव्यक्त गरेको विषयवस्तु यस्तो रहेको छ, “जिम्दारको प्रश्न हुन्छ-तलाई किन दिने मैले, मेरो आफ्नै असामीलाई दिन पुग्दैन ? शिवगुलामले प्रमाणित गर्नुपर्ने हुन्छ, उसलाई किन दिने ? अनि जिम्दार सोध्छन्-घर सुक्रीबिक्री लेखाउन मन्जुर छ ? शिवगुलामले भन्नुपर्ने हुन्छ-मन्जुर छ” (पृ. ९४) ।

उपर्युक्त साक्ष्यमा सम्भ्रान्त वर्गको शासक वर्गको विचारधारा अभिव्यञ्जित भएको छ । आफू कहाँ धान ऋण माग्न आएको शिवगुलामलाई विश्वनाथप्रसाद सिंहले थर्काएर किन दिने भन्नुले विश्वनाथप्रसादको प्रभुत्वशाली व्यवहार उजागर भएको देखिन्छ । शिवगुलामले अभिजात वर्गको विश्वनाथप्रसाद सिंहबाट धान ऋण पाउनका लागि घरखेत धितो राख्नुपर्ने विश्वनाथप्रसाद सिंहको सर्तले उसको शोषण प्रवृत्ति उद्घाटित भएको छ ।

समुदायमा उत्पादनका साधनस्रोतमा पकड र पहुँच भएको अभिजात वर्गीय विश्वनाथप्रसाद सिंहको कथनमा शासक वर्गीय विचारधारा प्रस्ट झल्किन्छ । सम्भ्रान्त वर्गीय विश्वनाथप्रसाद सिंहको प्रस्तुत अभिव्यक्तिमा शासक वर्गीय विचारधारा सन्निहित रहेकोले यो प्रभुत्वशाली विचारधारा हो ।

*अलिखित* उपन्यासमा बाँध बाँध्न गएको लछुमनालाई सपनामै जमिनदारले हुर्मत लिएको विषयवस्तु यसरी अभिव्यक्त गरिएको छ, "जिम्दारले तीनवटै चितुवाबराबरको गर्जन गरे-एकरी बहिन के ... अपन बेटा के काहे न भेजले त ? बेटा जाइ कमावे, आ ई आ के बेमारी के बहाना बनइहन, त कमवा के करी तोहर बाप ? चन्दा ना दिहन आ बैठिहन नबाब के नाति लेखा" (पृ. १५९) । प्रस्तुत साक्ष्यमा जमिनदारले बाँधको काममा खटिएको बृद्ध र क्लान्त राउत बुढालाई हुर्मत लिँदै आमाचकारी गाली बेइज्जती गरेको प्रस्ट छ ।

राउत बुढाको छोरा अन्यत्र ज्यालामा काम गर्न गएर बुढाबालाई बाँध बाँध्ने काममा खटाएकोले जमिनदार राउत बुढाप्रति आक्रोशित भएको देखिन्छ । राउत बुढा गरिब भएकाले उसले चन्दा नदिई शारीरिक श्रमदान गर्न जाँदा थकित भएको बेला बसेर आराम गर्दाखेरि जमिनदारले कड्केर राउत बुढालाई गाली गरेको तथ्य अभिव्यञ्जित छ । सामन्त विश्वनाथप्रसाद सिंहले आफ्ना गाउँटोलका गरिब किसान तथा मजदुर वर्गका मानिसहरूलाई काममा लगाएर श्रम शोषण गरेको देखिन्छ । सामन्तवादी सामाजिक व्यवस्थामा राजा, महाराजा तथा सामन्तहरूले आफ्ना अधीनस्थ रैतीहरूलाई आफू खुसी युद्धमा जान, सार्वजनिक धारा, पाटीपौवा, कुलो निर्माण गर्न, किल्ला निर्माण गर्न प्रयोग गर्ने चलन थियो (तामाङ, २०८०, पृ. ११५) । जमिनदार विश्वनाथप्रसाद सिंहको सामन्तवादी चरित्रलाई यस साक्ष्यले उजागर गरेको छ ।

शक्तिसम्बन्धको हिसाबले जमिनदार शक्तिशाली र राउत बुढा अप्रभुत्वशाली भएकाले जमिनदारले राउत बुढालाई हप्काएको पुष्टि हुन्छ । प्रभुत्वशाली सामाजिक स्तरले समुदायका कला, संस्कृति, राजनीति, धर्म आदिलाई निर्धारण गर्दछ । विचारधारा र शक्ति एकार्कासँग अन्तर्सम्बन्धित हुन्छन् । विचारधाराको विमर्शमा विचारधारा र शक्तिलाई सीमाबद्ध गर्न नसकिने प्रस्तुति पाइन्छ (पियाकुलाइडेक, सन् २०२१, पृ. ४४) । उपर्युक्त साक्ष्यमा प्रभुत्वशाली विश्वनाथप्रसाद सिंहको प्रभुत्वशाली विचारधारा सम्प्रेषण भएको छ ।

### ४.२.२ उलार उपन्यासमा प्रभुत्वशाली विचारधारा

शक्तिसम्बन्धका हिसाबले प्रभुत्वशाली र वर्गका हिसाबले प्रभुत्वशाली अभिजात वर्गको विचारधारालाई प्रभुत्वशाली विचारधारा भन्न खोजिएको हो । *उलार* उपन्यासमा अभिजात वर्गका मधेसी समुदायका विचारधाराको के कसरी प्रयोग भएको छ ? सोको विश्लेषण गर्नु महत्त्वपूर्ण हुने देखिन्छ । यस उपन्यासमा गैरमधेसी समुदायका राजेन्द्रराजको विचारधारा प्रभुत्वशाली देखिन्छ, "जे होस्, सडककिनारमै त्यति किमती ठाउँमा उसको छाप्रो थियो । छाप्रोको त के मोल तर जग्गा नै हीरा थियो । निमोनियाँले पिरोलेपछि, टाँगा भाडामा लाग्न छुटेपछि र हातमुख जोर्ने अरू उपाय नभएपछि राजेन्द्रराजले प्रेमललवालाई सल्लाह दिए, घर बेच्" (पृ. ८) । यस कथनमा प्रेमललवा आर्थिक हिसाबले विपन्न भएकाले उसका मालिक राजेन्द्रराजले प्रेमललवालाई घर बेच्न आदेश दिएको सन्दर्भ स्पष्ट छ ।

सामाजिक संरचनामा राजेन्द्रराज अभिजात वर्गको मानिस भएकाले उसले आफ्नो मातहतमा हुर्केको टुहुरो र निर्धन प्रेमललवालाई उसको जग्गा बेच्नका निम्ति ठाडा आदेश दिएको सन्दर्भ इङ्गित छ । राजेन्द्रराज आर्थिक हिसाबले सम्पन्न भएकाले उसको विचारधारा पनि प्रभुत्वशाली देखिन्छ । यस प्रसङ्गमा राजेन्द्रराजको निर्देशनात्मक भूमिकाले गर्दा उसले प्रभुत्वशाली भूमिकाको प्रतिनिधित्व गरेको स्पष्ट हुन्छ ।

विपन्न वर्गको प्रेमललवालाई राज्यको प्रहरी प्रशासनका पदाधिकारीहरू समेतले हेपाहा व्यवहार गरेको देखिन्छ । उक्त सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> साला बित्ताभरिको भएर टाँगा चलाउँछस् ? भनी हकार्थे । कसैकसैले त गाँडमा बाल उम्रेको छैन, वडा टाँगा हाँक्छ सम्म भन्थे । अनि उसलाई राजेन्द्रराजले ढाँटेर उमेर पुगेको भनी बनाइदिएको 'नागिर्ता' र त्यसका आधारमा बनाएको 'लैसन' देखाउन कर लाग्थ्यो । पुलिसहरू नागरिकता र लाइसेन्स र त्यसमा टाँसिएको कलिलो प्रेमललवाको फोटो देखेर हाँस्थे र भन्थे, जा, टाँगा बढा । (पृ. ९)

प्रस्तुत साक्ष्यमा राज्यको पुलिस प्रशासनले श्रमिक वर्गको प्रेमललवालाई सानो कदको हेरेर हप्कीदप्की गरेको सन्दर्भ प्रस्तुत गर्दै राजकीय शक्तिको प्रभुत्वशाली विचारधारालाई इङ्गित गर्न खोजिएको छ । राज्य आफैँमा शक्तिशाली हुन्छ र राज्यका संयन्त्र पनि शक्तिशाली नै हुन्छन् । प्रहरी, सेना, अदालत आदिले राज्यको शक्तिलाई परिचालन गरेको हुन्छ । यहाँनेर प्रहरी प्रशासनले मजदुर वर्गका प्रेमललवामाथि प्रशासनिक शक्तिको प्रयोग

गरेको देखिन्छ जुन प्रभुत्वशाली विचारधाराको एउटा पाटो हो (आल्थुसर, सन् १९७०, पृ. १५) । उपर्युक्त साक्ष्यमा राज्यको प्रभुत्वशाली विचारधारा मुखरित भएको देखिन्छ ।

शासक वर्गीय विचारधारा प्रभुत्वशाली हुन्छ । शान्तिराजा चुनाव जितेर सांसद भएपछि राजकीय तहमा शक्तिशाली बनेको कथ्यवस्तु छ । यस उपन्यासमा गैरमधेसी समुदायका शान्तिराजाको प्रभुत्वशाली विचारधाराको चित्रण गरिएको छ । काठमाडौँको सिंहदरबारमा प्रवेश गर्न खोज्दा प्रेमललवालाई त्यहाँका प्रहरी तथा हबलदारहरूले प्रवेश गर्नमा रोक लगाएको विषयवस्तु उपन्यासमा यसरी व्यक्त गरिएको छ, “एकाएक त्यहाँ पुलिसहरू आए र सिंहदरबार गेट अगाडिबाट सबैलाई हटाउन थाले । उसले कुरो बुझेन । अटेर जस्तो गऱ्यो । एउटा हवल्दारले ठुल्ठुला आँखा देखाएर हकारेपछि ऊ लुरूक्क सिंहदरबार गेटबाट बाहिरियो र टाढा सडकपेटीमा उभियो” (पृ. ४२) । यस सन्दर्भमा नेपालको केन्द्रीय प्रशासनिक भवन सिंहदरबारमा श्रमिक वर्गको प्रेमललवाले सहजै प्रवेश पाउन नसक्नु उसको सीमान्तीकृत आर्थिक अवस्था र पहुँचविहीनताको परिचायक हो । यस सन्दर्भमा प्रहरी तथा हवलदारहरू राज्यका संयन्त्र अन्तर्गतका भएकाले प्रभुत्वशाली देखिन्छन् (आल्थुसर, सन् १९७०, पृ. १४–१५) । यस प्रसङ्गमा प्रेमललवा कमजोर र निरीह देखिन्छ ।

उपर्युक्त प्रसङ्गमा शासनसत्ताको संयन्त्रका रूपमा रहेका प्रहरी तथा हवलदारहरू प्रभुत्वशाली हुने भएकाले तिनका विचारधारासमेत प्रभुत्वशाली हुनु स्वाभाविकै हो । अधीनस्थ वर्गका प्रेमललवाको विचारधारा अधीनस्थ हुनु स्वाभाविक देखिन्छ । प्रेमललवा कमजोर तथा श्रमिक वर्गको भएकाले उसलाई सिंहदबारबाट प्रहरीहरूले धपाउनुका साथै एउटा हवलदारले समेत आँखा पल्टाएर हप्काएको तथ्यले शासक वर्गका मान्छेहरूले शासित वर्गका प्रेमललवालाई हेपेको यथार्थ प्रकट भएको छ । प्रस्तुत सन्दर्भमा प्रहरी तथा हवलदारका क्रियाकलाप तथा तिनका व्यवहारका माध्यमबाट प्रभुत्वशाली विचारधाराको संवहन भएको पुष्टि हुन्छ ।

### ४.२.३ घुर उपन्यासमा प्रभुत्वशाली विचारधारा

*घुर* उपन्यासमा गैरमधेसी समुदायका गतिविधि एवम् व्यवहारबाट प्रभुत्वशाली विचारधाराको प्रतिविम्बन भएको छ । सामाजिक विमर्शात्मक संरचनामा शासक वर्ग प्रभुत्वशाली हुन्छ र उसको विचारधारा प्रभुत्वशाली हुन्छ । *घुर* उपन्यासमा शासक वर्गको

विचारधारालाई यसरी प्रस्तुत गरिएको छ, "सदियौँदेखि पहडिया शासकहरूले मधेसी जनताको शोषण गरिरहेका छन्" (पृ. ४९) । यस साक्ष्यमा राज्यमा गैरमधेसी समुदायका मानिसहरू शासक वर्गका रूपमा चित्रण गरिएको छ र शासक वर्गीय विचारधारा प्रभुत्वशाली हुने प्रस्ट छ ।

शासक वर्गसँग राजकीय शक्ति हुने भएकाले उसले आफ्ना अधीनका नागरिकमाथि सहजै शासन गर्न सक्तछ (डिक, सन् १९९८, पृ. १७९) । प्रस्तुत साक्ष्यमा पर्वते समुदायलाई शासक वर्गका रूपमा चित्रण गरिएकाले उक्त वर्ग प्रभुत्वशाली हुनु स्वाभाविक देखिन्छ र सो वर्गले मधेसी समुदायमा माथि आफ्नो शासक वर्गीय विचारधारा प्रयोग गरी शासन गरेको पुष्टि हुन्छ । प्रस्तुत सन्दर्भमा पर्वते समुदायलाई शासक वर्गका रूपमा उपस्थापन गरिएकाले सो वर्गको विचारधारा प्रभुत्वशाली रहेको पुष्टि भएको छ ।

### ४.२.४ गुलरको फूल उपन्यासमा प्रभुत्वशाली विचारधारा

सामाजिक विमर्शात्मक संरचनामा शक्तिशाली शासक वर्गको विचारधारा प्रभुत्वशाली हुन्छ । वर्गीय हिसाबले अभिजात वर्ग र पितृसत्तात्मक समुदायमा पुरुषको विचारधारा प्रभुत्वशाली हुन्छ । *गुलरको फूल* उपन्यासमा जमिनदारको प्रभुत्वशाली विचारधाराको प्रतिविम्बन भएको छ । यस उपन्यासमा जमिनदारको शासक वर्गको चिन्तन यसरी अभिव्यक्त भएको छ, "वरिपरि गाउँलेहरू दिनभरि काममा जोतिन्थे । साँझ परेपछि घर फर्किन्थे । भात खाएर जमिनदारको घरमा पुग्थे । जमिनदारको आँगनमा थुप्रै मान्छे जम्मा भएका हुन्थे" (पृ. १३) । यस साक्ष्यमा जमिनदार आर्थिक रूपले सम्पन्न भएकाले समुदायमा उसकै बोलवाला हुने तथ्य इङ्गित गर्दै उसको शासक वर्गका विचारधाराको अभिव्यञ्जना भएको छ । गाउँमा जमिनदारकै हुकुम चल्ने भएकाले उसको शासक वर्गका विचारधारा नै प्रभुत्वशाली हुनु स्वाभाविक हो (डिक, सन् १९९८, पृ. १८०) । जमिनदारको मातहतमा रहेका गाउँलेहरू दिनभर कामधन्दा गरेर राति आआफ्ना घरमा फर्केपछि सबैजना जमिनदारलाई शासक मानेर उसको घरमा भेला भएका तथ्य पुष्टि हुन्छ ।

*गुलरको फूल* उपन्यासमा नागरिकता प्राप्त गर्नबाट वञ्चित, सीमान्तीकृत मधेसी नागरिकको कथाव्यथाबारे उल्लेख गरिएको छ । राज्यले नागरिकता दिन आलटाल गरेको विषयवस्तुलाई कथ्यवस्तुमा यसरी उल्लेख गरिएको छ, "तराईका आदिवासी हुन् वा इन्डियाबाट आएक हुन्, नागरिकताकै समस्या छ । इन्डियाबाट आएका त इन्डियन नै

भए । तराईका आदिवासीले पनि नागरिकता पाएका थिएनन्" (पृ. २४७) । यस साक्ष्यमा तराईका आदिवासी र इन्डियाबाट आएका निमुखा नागरिकले सहजै नागरिकता पाउन नसकेका तथ्य उद्घाटित छ । नागरिकता वितरण गर्ने नियामक निकाय भनेको राज्य हो । राज्य आफैँमा शक्तिशाली हुन्छ । शक्तिशाली राज्यको विचारधारा पनि शक्तिशाली नै हुने भएकाले मधेसका आदिवासी र भारतबाट आएका नागरिकहरू राज्यसँग बाझेर नागरिकता लिन असमर्थ भएका हुन् भन्न सकिन्छ ।

### ४.२.५ मालिकहरूको मधेस उपन्यासमा प्रभुत्वशाली विचारधारा

वर्गीय संरचना भएको समाजमा उत्पादनका साधन स्रोतमाथि स्वामित्व रहेको अभिजात वर्ग प्रभुत्वशाली हुन्छ । सामाजिक संरचनामा यस वर्गको शक्तिशाली उपस्थिति रहन्छ (डिक, सन् १९९८, पृ. १७९) । समुदायमा सोही अभिजात वर्गको विचारधारा प्रभुत्वशाली हुन्छ । अभिजात वर्गले निम्न वर्गमाथि आफ्नो प्रभुत्व कायम राख्ने काम गर्छ । अभिजात वर्गले निर्माण गरेको प्रभुत्वशाली विचारधारालाई अधीनस्थ निम्न वर्गले सहजै स्वीकार गरेको हुन्छ । *मालिकहरूको मधेस* उपन्यासमा अभिजात वर्गको पात्रका माध्यमबाट प्रभुत्वशाली विचारधाराको प्रयोग भएको देखिन्छ । प्रस्तुत उपन्यासमा प्रभुत्वशाली विचारधारा मधेसका जमिनदारहरू फूलवडिया कामतवाला देवनबाबु र भिखारी चौधरीका भूमिका तथा संवादका माध्यमबाट मुखरित भएको छ । वर्गीय सामाजिक संरचनामा अभिजात वर्ग प्रभुत्वशाली हुन्छ र समुदायमा सोही वर्गकै विचारधाराले प्रधानता पाएको हुन्छ । भिखारीको सामाजिक भूमिकालाई उपन्यासमा यसरी उपस्थापन गरिएको छ :

> गाउँमा भिखारी चौधरीको विशेष मान्यता थियो । गाउँमा कसैलाई मर्का पऱ्यो, कसैमाथि अन्याय भयो वा नियाँ निसाफ चाहियो भने सबै गाउँलेहरू भिखारीको देहरीमा आउँथे । धनधान्यले भिखारी गाउँभरिका सम्पन्न थिए । कुजराही टोलमा समेत परेका झमेला मिलाउन भिखारीलाई बोलाइन्थ्यो । हुन त कुजराही मुस्लिमहरूको वस्ती थियो तापनि त्यो समुदायका कुरा समेत भिखारी बुझ्न सक्ने भएकाले मुस्लिमहरू पनि उनैकहाँ धाउँथे ।। (पृ. ६०)

प्रस्तुत साक्ष्यमा भिखारी चौधरी सम्भ्रान्त वर्गको पात्रका रूपमा चित्रित छ । ऊ सम्भ्रान्त परिवारको भएकोले गाउँ वरिपरि उसैको विचारधाराले प्रमुखता पाएको हो । भिखारी चौधरी आर्थिक रूपले सम्पन्न भएकाले आफ्ना गाउँ र वरपरका गरिब वर्गका

मान्छेहरूलाई आपतविपत परेका बखत सरसहयोगसमेत गर्ने सन्दर्भलाई प्रस्तुत साक्ष्यले स्पष्ट पार्दछ । भिखारी चौधरीको सहयोग स्वीकार गर्नु भनेको उसको प्रभुत्व स्वीकार गर्नु हो । यसको तात्पर्य भिखारी चौधरीले भनेको विचार, धारणा पनि स्वीकार गर्नु हो । विचारधारा सामाजिक सम्बन्ध तथा शक्ति र प्रभुत्वसँग जोडिएको विषयवस्तु पनि हो ( बाटोमोर, सन् २००१, पृ. २५०) । यस प्रसङ्गमा शक्ति र प्रभुत्वका कोणबाट अभिजात वर्गको भिखारी चौधरी नै शक्तिशाली देखिएकाले उसको विचारधारा प्रभुत्वशाली रहेको तथ्य प्रस्ट हुन्छ । औपन्यासिक कथ्यवस्तुमा भिखारी चौधरी शासक वर्गको रहेकाले उसको विचारधारा शाासकीय देखिन्छ । शासक वर्गका साथमा शासकीय विचार एवम् शासकीय विचारधाराहरू रहन्छन् (डिक, सन् १९९८, पृ. १७९) । यस उपन्यासमा देवनबाबुको व्यवहारबाट प्रभुत्वशाली विचारधाराको अभिव्यञ्जना भएको छ ।

*मालिकहरूको मधेश* उपन्यासमा फूलवडिया कामतवाला जमिनदार देवनबाबुलाई अभिजात वर्गको रूपमा चित्रण गरिएको छ । कामतकै भूमिपति भएपछि वरिपरि उसकै हैकम चल्नु स्वाभाविक देखिन्छ । देवेनबाबु आर्थिक रूपले सम्पन्न भएकाले उसले आफूभन्दा विपन्न वर्गका मान्छेहरूलाई हप्की दप्की देखाउने गरेको पाइन्छ । प्रस्तुत उपन्यासमा जमिनदार युवकको व्यवहारलाई यसरी अभिव्यक्त गरिएको छ :

> परैबाट त्यसले पुलकितलाई चिनिहाल्यो र बढो शानका साथ हेपेको लवजमा भन्यो–कह पुलकित बुढुवा, तुँ कुशल मंगल छि?' त्यस जमिनदार लडकाको त्यो लवज पुलकितलाललाई पटक्कै मन परेन । तैपनि मन नपराई नपराई नै उनले भने–'पाउ लागै छि देवनबाबु । कुशलमंगल नै रहतीए त यना खडा हेतिए ? बलुसे आपन कहु केहन छिए ? (पृ. ६९)

उपर्युक्त सन्दर्भमा अभिजात वर्गका देवनबाबुले निम्न वर्गका पुलकितलाल चौधरीलाई हेपेर 'तुँ' अर्थात् 'तिमी' भनेर सोधेको प्रस्ट छ । भूमिपति देवेनबाबु पुलकित चौधरीका उमेरभन्दा कान्छो भए पनि आर्थिक हैसियतका हिसाबले समृद्ध भएकाले उसले हेपेर पुलकितलाल चौधरीलाई तिमी भनेर सोधेको स्पष्ट छ । आफूभन्दा कनिष्ठ भए पनि जमिनदार भएकाले पुलकितलालले देवनबाबुको हेपाहा व्यवहार स्वीकार गरेको देखिन्छ । शक्तिसम्बन्धका हिसाबले अभिजात वर्गीय देवनबाबु शासक वर्गको देखिन्छ भने पुलकितलाल चौधरी उमेरले जेठो भए पनि आर्थिक हिसाबले कमजोर शासित वर्गको रहेको

छ । शासक वर्गको विचारधारा प्रभुत्वशाली हुन्छ र अधीनस्थहरू शासक वर्गका विचारधारा मान्न बाध्य हुन्छन् । यस साक्ष्यमा भूमिपति देवनबाबुको सामाजिक सम्बन्ध बलियो भएकोले उसैको विचारधाराले प्राथमिकता पाएको प्रस्ट छ । शक्तिले अधीनस्थ समूह तथा वर्गमा शासन गर्नुका साथै विचारधाराहरूको विकाससमेत गर्छ (डिक, सन् १९९८, पृ. १३५) । यस प्रसङ्गमा देवनबाबु भूमिपति भएकाले उसको विचारधारा प्रभुत्वशाली देखिन्छ । देवनबाबु आर्थिक रूपले सम्पन्न भएकाले समाजमा उसको प्रभुत्व कायम भएको प्रस्ट छ ।

### ४.२.६ दुलारी उपन्यासमा प्रभुत्वशाली विचारधारा

*दुलारी* उपन्यासमा अभिजात वर्गका अभिव्यक्ति एवम् गरिब वर्गलाई हेर्ने हेपाहा व्यवहार प्रभुत्वशाली विचारधाराका रूपमा चित्रण गरिएको छ । त्यसैगरी जातीय हिसाबले गैरदलित समुदायले मधेसी दलित समुदायप्रति गर्ने व्यवहार र अपहेलनापूर्ण क्रियाकलापसमेत प्रभुत्वशाली विचारधाराका रूपमा उपस्थापन गरिएको छ । यस उपन्यासमा महिलामाथि पुरुषले गर्ने ज्यादती एवम् विभेदकारी व्यवहार प्रभुत्वशाली विचारधाराका रूपमा आएको देखिन्छ ।

*दुलारी* उपन्यासमा धनी वर्गका रमाकान्त चौधरीका घरमा कामधन्दा गर्ने दुलारीकी आमालाई मालिक्नीले दुर्व्यवहार गरेकी कथावस्तु छ । रमाकान्त चौधरीकी पत्नी गिरहतनी पनि दुलारीकी आमाजस्तै महिला भए पनि ऊ आर्थिक हिसाबले सम्पन्न भएकीले आफ्नो घरमा काम गर्ने सेविका दुलारीकी आमालाई हेपेकी सन्दर्भ उपन्यासमा यसरी अभिव्यक्त छ, "ले यी बसिया भात ल्या जो । खाई हे । (ल, यो बासी भात लिएर जा । खालिस् ।) माईको कुरा सुनेर गिरहतनी बासी भातको थाल बोकेर ओसरामा उभिँदै भनिन्" (पृ. ७९) । यस साक्ष्यमा धनी वर्गकी गिरहतनीले आफ्नो घरमा काम गर्ने दुलारीकी माईलाई हेपेर खानका निम्ति बासी भात दिएकी सन्दर्भ प्रस्तुत गर्दै गिरहतनीको वैभवको प्रभुत्वलाई प्रस्तुत गर्न खोजिएको छ ।

मालिक्नीको घरमा काम गरे पछि दुलारीकी माईले नगद रूपमा केही ज्याला पाउनु पर्ने हो, नगदी ज्याला नपाए जिन्सी पाउनु पर्ने हो तर दुलारीकी माईले आफ्नो परिश्रमवापत केवल बासी भात पाउनुले गिरहतनीको प्रभुत्वशाली विचारले काम गरेको हो । गिरहतनी महिला पात्र हो र दुलारीकी माई पनि महिला पात्र हो, यी दुवैजना लैङ्गिक हिसाबले स्त्रीलिङ्गी पात्र भए पनि गिरहतनी अभिजात वर्गको भएकीले उसले हेपेर बासी

दिएकी भन्ने पुष्टि हुन्छ । बुर्जुवा वर्गले श्रमिक वर्गमाथिको प्रभुत्वलाई सुनिश्चितता प्रदान गर्दछ (आल्थुसर, सन् १९७०, पृ. ९) । यहाँनेर गिरहतनी बुर्जुवा वर्गको भएकीले उसले आफ्नो मातहतमा श्रमजीवी भएर काम गर्ने महिलामाथि शासन गर्दै हेपेर बासी भात दिएकी तथ्य स्पष्ट हुन्छ ।

*दुलारी* उपन्यासमा धनी वर्गको रमाकान्त चौधरीका छोरा चन्द्रनारायण अर्थात् चन्द्रले नकटावाली भौजीकी छोरी नगिनालाई विवाह गर्ने प्रलोभन देखाएर शारीरिक सम्पर्क गर्दाखेरि नगिना गर्भवती हुन्छे । मुसहर समुदायको अशिक्षित नगिना चन्द्रसँग विवाह गर्ने सपना देख्छे । नकटावाली भौजीले आफ्नी छोरी गर्भवती भएकी कुरा गिरहतनीलाई जानकारी दिँदा गिरहतनी नकटावाली भौजीलाई उल्टै थर्काउँदै भन्छे,

> पागल जेखा बात करै चै त ठिकै छै । बेटी के ठेगान मे राख् । पेट मे बच्चा छै कैह के दया देखाई चियौ । ने त झोटा पकैर के गाम सै निकाइल देतियौ । ( पागल कुरा हो भने ठिकै छ । नत्र छोरीलाई ठेगानमा राख । पेटमा बच्चा छ भनेर मात्रै दया देखाएकी हुँ नत्र कपाल भुतालेर गाउँबाट निकालिदिन्थे ।) गिरहतनीले रूखो भएर भनिन् । (पृ. २८२)

उपर्युक्त साक्ष्यमा धनी वर्गकी गिरहतनीले विपन्न वर्गकी नकटावाली भौजीलाई डरधाक देखाउँदै थर्काउनुका साथै उसलाई आफ्नी छोरीलाई ठेगानमा राख्न भनेकी कथ्यवस्तुलाई उजागर गरिएको छ । चन्द्रकी आमाले नकटावाली भौजीलाई सहानुभूति दिएर उसकी गर्भवती छोरीको समस्या समाधानको उपाय खोज्नु साटो उल्टै पीडित नकटावाली भौजीलाई आफ्नो सम्पत्तिको प्रभावमा गाउँबाट निकाला गरिदिने डर देखाएकी छ, यस सन्दर्भमा अभिजात वर्गकी गिरहतनीको प्रभुत्वशाली विचारधाराले प्रत्यक्ष काम गरेको छ । मार्क्सवादअनुसार सबै समाज वर्गको संरचनामा आधारित रहन्छ । समाजहरू कुनै एक प्रभुत्वशाली वर्गबाट शोषित हुन्छ वा कुनै अर्को शोषक वर्गबाट शोषित हुन्छ । आर्थिक अवस्थाले जहिले पनि दमन गरेको हुन्छ (पियाकुलाइडेक, सन् २०२१, पृ. २९) । उपर्युक्त साक्ष्यमा गिरहतनीको छोरा चन्द्रले नगिनाको शारीरिक शोषण गरेर ऊ दोषी भए पनि उसकी आमा गिरहतनी आर्थिक हिसाबले प्रभुत्वशाली भएकीले उसले पीडितलाई नै दमन गर्न खोजेकीले यस कथनमा गिरहतनीको प्रभुत्वशाली विचारधारा अभिव्यञ्जित भएको छ ।

## ४.३ अधीनस्थ विचारधारा

प्रस्तुत शोधमा मधेसी समुदायका निम्न वर्गको पात्रका विचारधारा अधीनस्थ विचारधाराका रूपमा आएका छन् । निम्न वर्ग आर्थिक हिसाबले कमजोर भई रोजगारी पाउन अभिजात वर्गकोमा आश्रित हुनुपरेकाले तिनका विचारधारा कमजोर हुन्छ (डिक, सन् १९९८, पृ. १८१–१८२) । मधेसी समुदायका निम्न वर्गका पात्रहरूजस्तै भूमिहीन किसान, हली गोठालोका काम गर्ने श्रमिक, मालिकका घरमा काम गर्ने नोकरचाकर, मजदुर आदिका विचारधारालाई अधीनस्थ विचारधाराका रूपमा विश्लेषण गरिएको छ । मधेसी समुदायमा दैनिक र मासिक पारिश्रमिक लिएर अर्काको घरखेत तथा कलकारखानामा काम गर्ने श्रमजीवी वर्गका पात्रहरू छन् र तिनीहरू पराश्रयी हुनेभएकाले तिनका विचारधारा अधीनस्थ रहेका छन् । शोध्य उपन्यासमा निम्न वर्गका उपर्युल्लिखित पात्रका कमजोर भूमिकामा रहेका विचारधारालाई अधीनस्थ विचारधाराका रूपमा अध्ययन गरिएको छ ।

### ४.३.१ अलिखित उपन्यासमा अधीनस्थ विचारधारा

*अलिखित* उपन्यासमा निम्न वर्गको पात्रका विचारधारालाई अधीनस्थ विचारधाराका रूपमा प्रस्तुत गरिएको छ । शासित र श्रमिक वर्गको विचारधारा अधीनस्थ हुन्छ । शक्तिसम्बन्धका हिसाबले कमजोर वर्ग, जाति र लिङ्गको विचारधारा अधीनस्थ हुन्छ । वर्गीय हिसाबले निम्न र सर्वहारा, जातीय हिसाबले सीमान्तीकृत दलित र लैङ्गिक हिसाबले महिला, तेस्रोलिङ्गी, ट्रान्सजेन्डर, महिला समलिङ्गी तथा पुरुष समलिङ्गीका विचारधारा अधीनस्थ हुन्छन् (डिक, सन् १९९८, पृ. १८१–१८२) । सीमान्तीकृत मधेसी समुदायको विषयवस्तु बनाएर लेखिएको *अलिखित* उपन्यासमा अधीनस्थ विचारधाराको यथेष्ट प्रयोग गरिएको पाइन्छ । विपन्न वर्गको शिवगुलाम जमिनदार विश्वनाथप्रसाद सिंहकोमा धान ऋण लिन जाँदाको विषयवस्तु उपन्यासले यसरी प्रस्तुत गरेको छ :

> तर हे बाबा पशुपतिनाथ ! अहिले अलिकति भए पनि धान दिलाइदेऊ । शिवगुलाम जिम्दारका अघिल्तिर उभिएर यस्तैयस्तै सोच्न थाल्यो । उसको थुक सुक्न थालेको थियो । जिम्दार त जिम्दार, ऊ अब नथुनीतिर पनि याचनासहित निरीह आँखाले हेर्न थाल्यो । अस्तिको झगडाको अवशेष, कतै एक थोपो पनि बाँकी थिएन । अहिले त उसको अनुहारबाट लाग्दथ्यो, नथुनीले दश-बीस जुत्ता र आमा, बहिनी, छोरी, स्वास्नी जसलाई टिपेर गाली गऱ्यो भने पनि शिवगुलाम

भन्छ-ए नथुनी भाइ ! धनवा न दिलादे, तब नु गरियावलो सोभी अर्थात् ए नथुनी भाइ ! धान दिलाइदेऊ न त अनि यो गाली गरेको पनि सुहाउँछ । (पृ. ९५)

उपर्युक्त साक्ष्यमा शिवगुलाम विपन्न वर्गको भएकाले जमिनदारसँग धान ऋण पाउनको निम्ति उसले भगवान पशुपतिनाथलाई सम्भनुले उसको निरीहतालाई उजागर गर्दै उसको सीमान्तीकृत आर्थिक अवस्थाको उजागर गरिएको छ । शिवगुलाम जमिनदारबाट धान पाउनको लागि जमिनदारको कारिन्दा नथुनीको दसबीस जुत्ता पिटाई खानुका साथै आपत्तिजनक गाली सुन्नसमेत तयार रहेको देखिन्छ । सामाजिक विमर्शात्मक संरचनामा शिवगुलाम अधीनस्थ पात्र भएकाले ऊ आफ्नो समस्या टार्नका निम्ति जमिनदार र उसको कारिन्दा नथुनीको जस्तोसुकै नसिहत सहन तयार हुनुले शिवगुलामको अधीनस्थता प्रकट भएको छ । शिवगुलाम शासित वर्गको भएकोले उसको मनमा यस्तो भाव उत्पन्न हुनु स्वाभाविक देखिन्छ ।

शिवगुलामले नथुनीले धान दिलाई दियो भने मात्रै उसले गाली गरेको सुहाउँछ अन्यथा सुहाउँदैन भन्ने तथ्य यस साक्ष्यमा अभिव्यञ्जित भएको छ । प्रस्तुत साक्ष्यमा शासित वर्गको निरीह पात्र शिवगुलामको अधीनस्थ विचारधारा अभिव्यक्त भएको छ । जमिनदारबाट ऋण पाउनुलाई शिवगुलामले जमिनदारको कृपादृष्टि सम्झेको विषयवस्तु उपन्यासमा यसरी अभिव्यक्त छ, “ब्याज तिरेर के भयो ? मालिकले गरज त टारिदिए ? आमधारणा यही हुन्थ्यो । यसरी, जिम्दार अझै पर्याप्त लोकप्रिय थिए भन्न सकिन्छ” (पृ. ९६) । यस साक्ष्यमा गरिब वर्गका रैतीहरूले मालिकबाट ऋण प्राप्त गर्न सफल भएकामा खुसी व्यक्त गरेको प्रस्ट छ ।

उपर्युक्त साक्ष्यमा जमिनदारका रैतीहरू जमिनदारबाट ऋण पाउनुलाई मालिकको कृपादृष्टि ठान्दै धन्य भएको तथ्यलाई प्रकाश पारिएको छ । यस सन्दर्भमा जमिनदारका रैतीहरू शिवगुलामलगायत सबैमा शासित रहनुमा नै गर्वको अनुभूति गरेको देखिन्छ । जमिनदारले चर्को ब्याज लिएर शोषण गरे पनि तिनलाई त्यसको कुनै फिक्री छैन न त आफूहरू आर्थिक रूपले शोषित पीडित भएकोमा कुनै आक्रोश नै छ । प्रतिरोधचेत नभएकाले यहाँनेर अधीनस्थ विचारधाराको उद्बोधन भएको छ ।

उपन्यासमा व्यक्ति मात्र अधीनस्थ नभएर बिरहिनपुर बरेवा सिङ्गो गाउँका मानिस नै शक्तिशाली धरमपुर गाउँको अधीनस्थ भएको विषयवस्तु उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ :

> बिरहिनपुर बरेवाको अर्को पनि काम थियो । बाहिरबाट खटिएर आएको नापी, डोर, नेताजी वा पुलिस वा जिम्दारका नातेदार सबको सत्कार गर्नु ...आइमाई कुखुरा च्यापेर आउँथी र उसको पहिलो काम हुन्थ्यो, त्यो कुखुरा पकाएर ख्वाउनु । आइमाईको अर्थ जस्तो लगाए पनि हुन्थ्यो, छोरीको आमा वा आमाकी छोरी । (पृ. १०७)

उपर्युक्त साक्ष्यमा बिरहिनपुर बरेवाका शक्तिहीन गाउँलेहरू शक्तिशाली पात्र सबैका सेवासुश्रूषा गर्नुपर्ने तथ्यले तिनका शासित मानसिकताको प्रतिविम्बन गर्दछ । गाउँका मात्र नभएर राज्यका पुलिस प्रशासनदेखि लिएर सबैलाई बिरहिनपुर बरेवाका बासिन्दाहरूले सेवासत्कार गर्नुपर्ने सन्दर्भमा बिरहिनपुर बरेवाका बासिन्दा अधीनस्थ विचारधाराका देखिन्छन्

उपन्यासमा अनुप मिस्तिरीको विवशतालाई यसरी प्रस्तुत गरिएको छ, “मर जाएब मालिक, मउपर अलिक सुर्ता होखो, हम एसो, ना त आगा साल, सब चुक्ता कर देम । (मर्छु मालिक, मउपर अलिक कृपा होस्, म यसपालि, नभए आगुँ सब चुक्ता गरिदिन्छु” (पृ. १३२) यस साक्ष्यमा विपन्न वर्गको अनुप मिस्तिरी आफूले यसपालि ऋण चुक्ता गर्न नसक्ने भएपछि आफ्ना मालिक जमिनदारलाई आगुम ऋण तिर्ने भनी म्याद थप्नका लागि अनुनय विनय गरेको छ । अनुप मिस्तिरी आफू आर्थिक रूपले पिछडिएको हुनाले उसले जमिनदारका अगाडि म्याद थपका लागि हारगुहार गर्दै हात जोड्नु परेको हो । यस प्रसङ्गबाट अनुप मिस्तिरी शासित वर्गको रहेको प्रस्ट हुन्छ । शासित वर्गको मान्छेको विचारधारा निर्णायक नहुने भएकाले अधीनस्थ हुन्छ । प्रस्तुत सन्दर्भमा अनुप मिस्तिरीको कथनको माध्यमबाट अधीनस्थ विचारधाराको प्रतिनिधित्व गराइएको छ ।

### ४.३.२ *उलार* उपन्यासमा अधीनस्थ विचारधारा

प्रेमललवालाई राजेन्द्रराजले सानैदेखि सहयोग गरेकाले ऊ राजेन्द्रराजप्रति अनुगृहीत रहेको सन्दर्भ उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, “ऊ राजेन्द्रराज शर्माको चिर ऋणी थियो । त्यसैले उनका लागि जिउज्यान दिन पनि तयार थियो । राजेन्द्रराजको आफन्तलाई

उसले फिरीमा टाँगामा चढाइदिन्थ्यो, उनका लागि रूपैडिहाबाट सामान किनेर ल्याइदिन्थ्यो । अस्तिसम्म पनि गर्दै थियो” (पृ. २७) । प्रस्तुत सन्दर्भमा विपन्न वर्गका प्रेमललवाले राजेन्द्रराजले आफूलाई सानैमा लगाएको गुण पछिसम्म तिरेको स्पष्ट हुन्छ । प्रेमललवा मानसिक रूपले राजेन्द्रराजको सहयोगबाट कृतज्ञ भएकाले उसले त्यसबाट मुक्ति पाउनका निम्ति राजेन्द्रराजको हरेक काम निःशुल्क गरेको हुन्छ । यसबाट प्रेमललवाको मनोविज्ञानमा राजेन्द्रराज नै आफ्नो लागि सबथोक भएको भन्ने प्रभाव परेको छ ।

राजेन्द्रराजले आफूलाई सानैमा लगाएको गुणको सेवाभावबाट प्रेमललवा मुक्त हुन नसक्नु नै उसको पराधीनताको द्योतन हो । यस सन्दर्भमा सर्वहारा वर्गका प्रेमललवा दासत्व मनोविज्ञानबाट ग्रसित भएको देखिन्छ, यही नै उसको अधीनस्थ विचारधाराको परिचायक हो । प्रभुत्वशाली समूह वा वर्गले अप्रभुत्वशाली समूह वा वर्गमाथि आफ्नो विचारधारा थोपर्ने काम गर्दछ (डिक, सन् १९९८, पृ. १८०) । यहाँ अभिजात वर्गका राजेन्द्रराजले विपन्न वर्गको प्रेमललवालाई सरसहयोग गरेर आफ्नो प्रभुत्वशाली विचार थोपरेर उसलाई अधीनस्थ तुल्याएकोले प्रेमललवाको विचारधारा अधीनस्थ रहेको पुष्टि हुन्छ ।

*उलार* उपन्यासमा सर्वहारा वर्गका ननकउ र प्रेमललवाका अभिव्यक्ति, तिनका संवाद एवम् भूमिका शासित वर्गको रहेको छ । शासित वर्गको चिन्तन पराश्रयी र कमजोर खालको हुन्छ । वर्गीय हिसाबले सर्वहारा वर्गको मानसिकता कमजोर देखिएकाले प्रस्तुत उपन्यासमा अधीनस्थ विचारधाराको सफलतम प्रयोग भएको छ । यस उपन्यासमा सर्वहारा वर्गको पात्रलाई नै केन्द्रीय भूमिकामा राखिएकोले यस कृतिमा अधीनस्थ विचारधाराको सफलतम प्रतिनिधित्व भएको पाइन्छ ।

### ४.३.३ घुर उपन्यासमा अधीनस्थ विचारधारा

सामाजिक विमर्शात्मक संरचनामा शक्तिसम्बन्धका हिसाबले शासित वर्ग कमजोर हुने भएकाले उक्त वर्ग शासक वर्गको अधीनस्थ हुन्छ । *घुर* उपन्यासमा पर्वते समुदायलाई शासक वर्गको रूपमा चित्रण गरिएको छ भने मधेसी समुदायलाई शासित वर्गको रूपमा उपस्थापन गरिएको छ । यस उपन्यासमा मधेसी समुदाय राज्यमा पर्वते समुदायबाट शासित हुँदै आएको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ, “पात्र, कानुन र तरिका फेरिए पनि हामी आजसम्म आन्तरिक उपनिवेश भोगिरहेका छौँ । पहडियाले हामीउपर आफ्ना कानुन लादेर अन्याय-अत्याचार गरिरहेका छन्” (पृ. ४९–५०) । यस साक्ष्यमा नेपालमा

विभिन्न कालखण्डमा राजनीतिक व्यवस्था परिवर्तन भएर समय समयमा फरक फरक संविधान निर्माण भएको उल्लेख गरिएको छ । देशमा पटक पटक राजनीतिक व्यवस्थामा परिवर्तन भए पनि शासकका मानसिकता र राज्यसञ्चालनको तौरतरिकामा कुनै परिवर्तन नआई मधेसी समुदाय पर्वते समुदायबाट शासित हुँदै आएको विषयवस्तुलाई इङ्गित गरिएको छ । मधेसी समुदायका मानिसहरू आफूहरू सदियौँदेखि अपहेलित, उपेक्षित र आन्तरिक उपनिवेशको अनुभूति गर्दै आएका तथ्यलाई यहाँ उजागर गरिएको छ, “मधेसीहरूलाई सम्पूर्ण क्षेत्रबाट वञ्चित गरिएकै आधारमा मधेसलाई आन्तरिक औपनिवेशिकरणको शिकार बनाइयो एवं भू-राजनीतिक चपेटमा उनीहरूको ‘नेपालीय’ राष्ट्रियतालाई प्रश्नको दायरामा राखियो” (गौतम, २०६९, पृ. ६) । राज्यमा मधेसीहरूले सम्मानजनक नागरिकको अनुभूति गर्न नसकी अधीनस्थताको अनुभूति गरेको तथ्यलाई यस साक्ष्यले उजागर गरेको छ । प्रस्तुत औपन्यासिक सन्दर्भमा शासक वर्गका पर्वतेहरूले मधेस र मधेसी समुदायलाई गर्ने हेपाहा र असमान व्यवहारका कारण उपेक्षित मधेसी समुदाय आफूहरू अधीनस्थ रहेको अनुभूतिलाई यस साक्ष्यले प्रस्ट पारेको छ । यस सन्दर्भमा मधेसी समुदायका मानिसहरूले मधेस आन्तरिक उपनिवेश र मधेसी शासित एवम् उपेक्षित अधीनस्थ रहेको तथ्यलाई इङ्गित गरिएको छ ।

*घुर* उपन्यासमा मधेसका विभिन्न समुदायका दबिएको आवाजलाई मुखरित गर्ने काम भएको विषयवस्तुलाई यसरी प्रस्तुत गरिएको छ, “हामीले आदिवासी र जनजाति तथा दलित र पिछडा वर्गका आवाजलाई समेत उठाएका छौँ । वास्तवमा हाम्रो माग केवल मधेसीको मागभन्दा पनि बहुसङ्ख्यक जनताको माग हो । त्यसलाई केवल मधेसीले आवाज दिएका मात्र हुन्” (पृ. ६३) । प्रस्तुत साक्ष्यमा मधेसमा बसोबास गर्ने मधेसी आदिवासी जनजाति, मधेसी, दलित र पिछडावर्ग सबै समुदायहरू राज्यबाट शोषित, उत्पीडित र वञ्चितीकृत रहेकाले ती सबैका दबिएका स्वरलाई  उत्पीडित मधेसीहरूले आन्दोलनका माध्यमबाट आवाज दिने काम  गरेका हुन् । राज्यसत्तामा मधेसका सबै जातजाति, आदिवासी जनजाति, दलित एवम् पिछडावर्ग अधीनस्थ महसुस गरेका वास्तविकतालाई यस सन्दर्भमा चित्रण गरिएको छ । मधेसका यी सबै सीमान्तीकृत जातजाति एवम् पहुँचविहीन समुदायका शासित विचारधारालाई यहाँ प्रस्तुत गर्न खोजिएको छ ।

### ४.३.४ गुलरको फूल उपन्यासमा अधीनस्थ विचारधारा

*गुलरको फूल* उपन्यासमा विपन्न वर्गको विचारधारालाई अधीनस्थ विचारधाराका रूपमा चित्रण गरिएको छ । समुदायमा आर्थिक हिसाबले सम्पन्न अभिजात वर्ग शासक वर्ग हुन्छ भने आर्थिक हिसाबले विपन्न निम्न वर्ग, भूमिहीन किसान र सर्वहारा वर्ग शासित वर्ग हुन्छ । शासक वर्गको विचारधारा प्रभुत्वशाली हुन्छ भने शासित वर्गको विचारधारा अधीनस्थ हुन्छ । अधीनस्थ विचारधारा भएको वर्ग शक्तिसम्बन्धका हिसाबले कमजोर र पराश्रयी हुन्छ (डिक, सन् १९९८, पृ. १८१–१८२) । *गुलरको फूल* उपन्यासमा अधीनस्थ विचारधाराको यथोचित प्रयोग गरिएको छ, "गाउँलेहरू राणाजीलाई 'मालिक' भनेर बोलाउँछन् । सदरमुकामतिरका हाकिमहरू पनि भेट्न आउँदा केही न केही कोसेली ल्याइदिएकै हुन्छन् । कोही 'राजा' पनि भनेर सम्बोधन गर्दा रहेछन्" (पृ. ६७) । यस साक्ष्यमा राणाजीलाई मातहतका गाउँले एवम् अन्य व्यक्तिहरूले उसको प्रभुत्वलाई आत्मसात् गर्दै कोही मालिक त कोही राजा भनी सम्बोधन गर्ने तथ्यलाई उजागर गरिएको छ ।

राणाजी आर्थिक र प्रशासनिक दुवै हिसाबले शक्तिशाली भएकाले गाउँले तथा कर्मचारीहरूले उसको प्रभुत्व स्वीकार गरी उच्च कोटीको सम्मान प्रकट गरेका हुन् । राणाजीको रापतापको अधीनमा रहेका गाउँलेहरू र कर्मचारी तथा हाकिमहरू अधीनस्थ देखिन्छन् । अधीनस्थ समूह एवम् वर्गका मानिसको विचारधारासमेत अधीनस्थ हुन्छ । यस सन्दर्भमा अधीनस्थ मानिसका शासित र दमित मानसिकता एवम् विश्वदृष्टि उजागर भएको हो ।

### ४.३.५ मालिकहरूको मधेस उपन्यासमा अधीनस्थ विचारधारा

*मालिकहरूको मधेस* उपन्यासमा निम्न वर्गको विचारधारालाई अधीनस्थ विचारधाराका रूपमा प्रस्तुत गरिएको छ । *मालिकहरूको मधेस* उपन्यासमा पुलकितलाल चौधरीलाई निम्न वर्गको पात्रका रूपमा प्रस्तुत गरिएको छ । निम्नवर्गका मान्छेहरू शक्तिशाली अभिजात वर्गका मातहतमा बाँच्ने भएकाले तिनका विचारधारा पनि अभिजात वर्गका विचारधाराबाट प्रभावित हुन्छन् । निम्न वर्गका विचारधारा त ओझेलमै पर्छन् पनि भन्न सकिन्छ । यस उपन्यासमा पुलकितलाल चौधरीको जीवनशैली र आस्था विश्वास अधीनस्थ देखिन्छ :

पुलकितहरू यहाँ वर्षा याममा रूभ्दै भिज्दै खेती लगाई मसिना धान उब्जाएर बजार पुऱ्याउँथे । त्यही मसिना धानको चामल शहरमा बस्ने ठूला भनिने र देश चलाउनेहरूका मुखमा पुग्ने गर्थ्यो । तिनलाई किसानले गर्ने खेतीका बारेमा केही चासो हुँदैनथ्यो । भएको पनि छैन । (पृ. ३३)

उपर्युक्त साक्ष्यले अतिविपन्न वर्गका किसान पुलकितलाल चौधरीको आर्थिक शोषणलाई इङ्गित गर्दछ । पुलकितलालले बडो मिहिनेत गरेर आफ्नो खेतमा अव्वल खालका मसिनो धान उत्पादन गरे पनि चरम गरिबीका कारण उसले त्यो धान बेच्नु परेको यथार्थ पक्ष उल्लेख गरिएको छ । पुलकितलालजस्ता विपन्न वर्गका किसानहरूले उत्पादन गर्ने असल जातको धान सहरमा बस्ने अभिजात वर्गका घरमा पुग्ने तथ्यलाई उपर्युक्त साक्ष्यले प्रस्ट पारेको छ ।

सहरमा बस्ने सम्भ्रान्त वर्गका मान्छेहरूलाई गाउँमा खेती किसानी गर्ने कमजोर आय भएका किसानहरूको पीरमर्का थाहा नहुने वास्तविकता प्रस्ट पारिएको छ । सामाजिक-आर्थिक संरचनाअनुसार विपन्न वर्गका किसानहरूको आर्थिक हैसियत कमजोर हुन्छ । समुदायमा कमजोर आर्थिक अवस्था हुने श्रमिक वर्गको सामाजिक शक्तिसम्बन्ध पनि कमजोर हुन्छ (डिक, सन् १९९८, पृ. १८१–१८२) । यस्तो वर्गको सामाजिक विश्वास, अवधारणा र विचारधारा पनि अभिजात वर्गको अधीनस्थ हुन्छ । प्रस्तुत उपन्यासमा मधेसको गरिबी र चेतनाको कमीलाई उजागर गरिएको छ ।

उपन्यासमा निम्न वर्गीय मधेसीहरू निकै कष्टकर जीवन बाँचिरहेका सन्दर्भलाई सार्वजनिक गरिएको छ, "...मालिकहरूभने कित पहाडमा छन् कि भने काठमाण्डुमा छन् । हामी मधेसका वास्तविक भूमिपुत्रहरूत केवल नोकर मात्र न हौँ । अव तिमी नै सोच मेरो खर्च कसरी चलिरहेको होला त" (पृ. १४६) । यस सन्दर्भमा पर्वते समुदाय र देशको राजधानीमा बसोबास गर्ने सम्भ्रान्त वर्गीय नेपालीहरूलाई शासक वर्गको रूपमा चित्रण गर्दै मधेसका आदिवासी जनजातिहरूलाई शासित वर्गको रूपमा वर्णन गरिएको छ । समुदायमा शासक वर्ग प्रभुत्वशाली हुन्छ र उसको विचारधारा पनि प्रभुत्वशाली हुन्छ त्यहीँनेर सीमान्तीकृत शासित वर्ग अधीनस्थ हुन्छ र शासित वर्गको विचारधारा अप्रभुत्वशाली हुन्छ ।

शक्तिविमर्शका कोणबाट हेर्दा अधीनस्थ वर्गको विचारधारा अप्रभुत्वशाली हुने प्रस्ट छ । अल्पसङ्ख्यकहरू गरिब वर्ग, श्रमिकहरू अप्रभुत्वशाली विचारधाराको वर्गअन्तर्गत

पर्दछन् (डिक, सन् १९९८, पृ. १८१–१८२) । यस साक्ष्यमा मधेसमा दबिएर, हेपिएर शक्तिशाली गैरमधेसी समुदायका कृपापात्र भएर निरीह जीवन बाँच्नु परिरहेको सविताको अभिव्यक्ति तथा अनुभूतिबाट मधेसी समुदायको अधीनस्थ विचारधाराको अभिव्यञ्जना भएको छ । सविताले शक्तिसम्बन्धका हिसाबले कमजोर मधेसी समुदायलाई कमजोर नोकरको संज्ञा दिएर पहाड र काठमाडौँमा बस्नेहरूलाई मालिकको संज्ञा दिएबाट पनि अधीनस्थ वर्गीय विचारधाराको अभिव्यक्ति भएको प्रस्ट छ । । यहाँनेर शासित वर्गको सविताको अभिव्यक्तिमा अधीनस्थ विचारधाराको संवहन भएको देखिन्छ ।

### ४.३.६ दुलारी उपन्यासमा अधीनस्थ विचारधारा

*दुलारी* उपन्यासमा अभिजात वर्गका मातहतमा काम गर्ने र तिनका विरुद्धमा बोल्न नसक्ने निम्न वर्गको चिन्तन अधीनस्थ विचारधाराका रूपमा लिन सकिन्छ । यसैगरी जातीय कोणबाट भन्नुपर्दा गैरदलितका गलतका विरुद्धमा मधेसी दलित समुदायका मानिसले जवाफ फर्काउन नसक्नु अनि महिलाहरू पुरुषका मातहतमा आफूलाई सीमित राख्नु अधीनस्थ विचारधारा हो । तिनका बारेमा सविस्तार चर्चा गर्नु उपयुक्त हुन्छ । *दुलारी* आफ्नी माईसँगै रमाकान्त चौधरी गिरहतकोमा काम गर्न जान्छिन् । उसकी आमाले काम गरिरहेको बेला गिरहतका छोरा चन्द्रुले दुलारीलाई दुर्व्यवहार गर्छ । दुलारीकी माई उक्त गतिविधि देखेर पनि केही प्रतिक्रिया नजनाइकन बस्ने सन्दर्भ उपन्यासमा यसरी अभिव्यक्त भएको छ :

> ....माई मेरो आँसु पुछेर फेरि काम गर्न व्यस्त भइन् । माईले चन्द्रुलाई केही भनिनन् । गिरहतको छोरोलाई कसरी गाली गर्न सक्थिन् र ? गिरहतको हाम्रा लागि अन्नदाता थिए । गिरहतको अन्नपातले नै हाम्रो घर चलेको थियो । हामी त्यही गिरहतको घरको बासी नमीठो, रूख्खासुख्खा खाएर जीवित थियौँ । (पृ. ७९)

उपर्युक्त साक्ष्यमा गिरहतनीको छोरा चन्द्रुले दुलारीलाई कुट्दा पनि दुलारीकी आमाले केही प्रतिक्रिया जनाउन नसक्नुले उसको अधीनस्थतालाई जनाउन खोजिएको छ । गिरहतकै घरमा काम गरेर उसकै अन्नबाट पालितपोषित भएकीले दुलारीकी आमाले आफ्नी छोरीलाई चन्द्रुले कुटपिट गर्दासमेत केही बोल्न नसकी चुपचाप मालिकको काममा लागेकी हो भन्ने सन्दर्भले दुलारीका परिवारको अधीनस्थ अवस्थालाई इङ्गित गर्दछ ।

विपन्न वर्गकी दुलारीको परिवारका निम्ति मालिक अन्नदाता नै भएकाले दुलारीले मालिकको हातबाट कुटाइ खाए पनि विरोध गर्ने आँट नगरेकी हो भन्ने पुष्टि हुन्छ ।

शक्तिसम्बन्धका हिसाबले गिरहतनीको परिवार प्रभुत्वशाली र दुलारीको परिवार अधीनस्थ भएकाले दुलारीको परिवारले मालिकको छोरा चन्द्रको अपहेलनाप्रति प्रतिकार गर्न नसक्नु स्वाभाविक देखिन्छ । सामाजिक संरचनामा कतिपय नीतिनियमहरू अलिखित रूपमा लागु गरिएका हुन्छन् । फुको सङ्कथनको सम्बन्ध शक्तिसँग गाँसिएको हुनेमा बढी जोड दिन्छन् ( सन् २००३, पृ. ५४–५५) । दुलारीकी आमाले प्रभुत्वशाली आफ्ना अन्नदाता मालिकका विरोधमा प्रतिक्रिया जनाउन असमर्थ हुनुले उसको अधीनस्थ विचारधारालाई अभिव्यञ्जित गरेको छ ।

*दुलारी* उपन्यासमा विपन्न वर्गकी दुलारीको परिवारले मालिकको काम नगरिकन बस्न नसक्ने र काम गर्दा पनि केही नपाइने अवस्थाको बारेमा वस्तुपरक वर्णन गरिएको छ । यस उपन्यासमा दुलारीका परिवारको श्रमशोषणका साथसाथै उनीहरूका निरीहपना र बाध्यतालाई राम्ररी उजागर गरिएको छ । प्रस्तुत उपन्यासमा दुलारीका परिवारको अधीनस्थ अवस्थालाई यसरी चर्चा गरिएको छ :

> हामी भारी बोकेर पसिनैपसिना भयौँ । हाम्रो जीवन कस्तो थियो ? भारी बोकेर बजारसम्म लगिदिनुपर्ने, त्यही गहुँ बेचेर पैसा आयो भने गिरहतनीले राख्ने । भारी बोक्ने हामी पैसा राख्ने उनी । गहुँको भारी बोकेर पसिनाले निथ्रुक्क भिज्दा मलाई साह्रै रिस उठिरहेको थियो । केही पाउने होइन तैपनि अरूको भारी बोकिदिनु पर्ने ? बोक्दिनँ, भन्न नसक्ने । गधाझैँ चुपचाप भारी बोक्नैपर्ने । (पृ. २२९)

उपर्युक्त साक्ष्यमा प्रभुत्वशाली मालिक र अधीनस्थ श्रमजीवी बिचका दारुण कथावस्तुलाई यथार्थपरक ढङ्गबाट चित्रण गरिएको छ । दुलारी र उसकी आमाले मालिकको गहुँ बोकेर बजारसम्म लगीदिनुपर्ने अनि उक्त गहुँ बिक्री वितरण गरेर मालिक्नीले पैसा लिने तर भारी बोक्नेले ज्यालासमेत नपाउनुले श्रमिक दुलारी र उसकी आमाको निरीहतालाई झल्काएको छ । यस सन्दर्भमा दुलारी र उसकी आमाले मालिकको भारी बिना ज्याला बोक्नुपर्ने बाध्यात्मक परिस्थितिले उनीहरू मालिकको घरमा बँधुवा मजदुरका रूपमा बसेका हुन् की भन्ने प्रतीत हुन्छ । दुलारी र उसकी आमाले भारी बोक्दासमेत उक्त कामको पारिश्रमिक माग्न नसक्नुले अधीनस्थ विचारधाराको द्योतन गरेको छ । यहाँनेर दुलारीको परिवारको जीवन प्रस्तुत नगरी उसको पारिवारिक अवस्थाको प्रतिनिधित्वलाई चित्रण गरिएको छ । उपन्यासले जीवनको चित्रण गर्दैन बरू यसले त

जीवनले कसरी प्रतिनिधित्व गरेको छ त्यसको चित्रण गर्दछ । यस सन्दर्भमा दुलारीको परिवारको कमजोर प्रतिनिधित्व भएकोले उसको परिवार मालिकको मातहतमा अधीनस्थ रहेको प्रस्ट छ । अधीनस्थ परिवारको विचारधारासमेत अधीनस्थ हुने स्पष्ट छ ।

## ४.४ पितृसत्तात्मक विचारधारा

प्रस्तुत शोधमा प्रयुक्त उपन्यासहरूमा मधेसी समुदायमा पुरुष र महिला पात्रका फरक फरक भूमिका र स्थान अङ्कन गरिएका विषयवस्तु छन् । त्यहाँ पुरुषलाई बढी महत्त्व प्रदान गरेर अग्रणी र निर्णायक भूमिकामा राखिएको छ । त्यहीँनेर महिलालाई कम महत्त्व दिई तिनका भूमिका र स्थान सीमित गरिएका औपन्यासिक सन्दर्भहरू छन् । मधेसी समुदायका पात्रअन्तर्गत घरमूली, परिवारमूली र समुदायको नेतृत्वदायी भूमिकामा रहेका पुरुषले आफ्ना मातहतमा रहेका महिलालाई सीमित भूमिकामा राखिएको पाइन्छ । घरभित्र र घरबाहिरको काम अह्राउनुका साथै महिलाले कुन काम गर्ने नगर्ने निर्णयसमेत घरमूलीले लिने विचारधारा पितृसत्तात्मक विचारधाराका रूपमा इङ्गित भएको छ (अवेटर, सन् २०२२, पृ. ४०) । यस समुदायमा पुरुषलाई सर्वेसर्वापन प्रदान गर्दै घरपरिवार तथा समुदायमा निर्णायक भूमिकामा उपस्थापन गरिएका सन्दर्भ छन् । महिलालाई आज्ञापालक भूमिकामा चित्रण गरिएका सन्दर्भ भएकाले उक्त विषयवस्तुलाई पितृसत्तात्मक विचारधाराका दृष्टिकोणबाट विश्लेषण गरिएको छ ।

### ४.४.१ अलिखित उपन्यासमा पितृसत्तात्मक विचारधारा

*अलिखित* उपन्यासमा पुरुष तथा महिला पात्रहरूको यथोचित उपस्थापन गरिएको छ । यस उपन्यासमा पुरुष पात्रका भूमिका तिनका गतिविधि आदिलाई आधार मानेर पितृसत्तात्मक विचारधाराको अध्ययन गरिन्छ । पितृसत्तात्मक सामाजिक संरचनामा महिलालाई के कस्तो भूमिकामा राखिएको छ सोको प्राज्ञिक विश्लेषण आवश्यक हुन्छ । लैङ्गिक दृष्टिकोणबाट उपन्यासमा पुरुष र महिलामध्ये कुन पात्रलाई कतिको र कस्तो भूमिका प्रदान गरिएको छ उक्त सन्दर्भको वस्तुपरक अध्ययन यसअन्तर्गत गरिन्छ । *अलिखित* उपन्यासमा पुरुष पात्रहरू अधिक प्रतिनिधित्व गराइएको छ । मात्रात्मक र भूमिकाका आधारमा पुरुष पात्रहरूलाई निर्णायक भूमिका प्रदान गरिएकोले यसमा पितृसत्तात्मक विचारधाराको गहन अध्ययन आवश्यक देखिन्छ ।

*अलिखित* उपन्यासमा पुरुषको प्रभुत्व प्रस्तुतिका सन्दर्भमा शिवगुलामको बिहेको प्रसङ्ग यसरी प्रयुक्त छ, "शिवगुलामको यो दोस्रो बिहे हो, त्यसकारण ऊ चुप लाग्छ, किनभने ऊ तेस्रो बिहे गर्न चाहँदैन" (पृ. ८९) । यस साक्ष्यमा शिवगुलामले बहुविवाह गरेको प्रसङ्ग देखाई पुरुषको मनखुसी विवाह गर्न पाउने सामाजिक-सांस्कृतिक विमर्शलाई देखाउन खोजिएको छ । पितृसत्तात्मक संरचनामा पुरुषकै सर्वेसर्वा हुने भएकाले ऊ शक्तिशाली हुन्छ र ऊ आफूखुसी दुई तीनवटा विवाह गर्न सक्तछ । कथ्यवस्तुको पूर्वापर प्रसङ्ग केलाएर हेर्दा के देखिन्छ भने शिवगुलामको पुरुषत्वमा कमी भएर सन्तान नजन्मिए पनि उसले दोस्रो विवाह गर्ने निर्णय गर्ने भावबाट पुरुषसत्ताको प्रभुत्व अभिव्यञ्जित भएकाले यस कथनबाट पितृसत्तात्मक विचारधाराको द्योतन भएको छ ।

जमिनदारले विभिन्न उमेर समूहका आइमाईहरूलाई काठमाडौँबाट आएका हाकिमका निम्ति बन्दोबस्त गरिदिने विषयवस्तु उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ :

> जिम्दारले त्यसै दिन पहिलो पटक चालीसमुन्तिरका आइमाईहरूको उपयोग गरे, चालिसपछिका बुढियाहरू त्यस दिन मात्र उपक्षित रहे । आफ्ना घरका युवा आइमाईहरू ल्याएर हाकिमसँग परिचय गराइदिए । परिचय मात्र होइन, उनले सावित्रीलाई अराए, हाकिमसित साहित्यबारे केही गफ गरोस् । (पृ. १८४)

उपर्युक्त साक्ष्यमा समुदायको शक्तिशाली जमिनदारले आफ्ना व्यक्तिगत स्वार्थपूर्ति गर्नका लागि गाउँटोलका किशोरी तथा आइमाईहरूलाई शक्तिशाली हाकिमहरू कहाँ सेवा टहल गर्न पठाउने विषयवस्तुले जमिनदारले गाउँका महिलाहरूलाई दासीसरह व्यवहार गरको देखिन्छ ।

सावित्रीले साहित्यकारसँग गफ गरोस् भन्नुको तात्पर्य उसले हाकिमको मन बहलाओस्, उसलाई मनोरञ्जन प्रदान गरोस् भन्ने आशय निहित छ । जमिनदारले गाउँटोलका आइमाईहरूलाई मात्र नपठाएर आफ्नी भतिजीसमेतलाई पठाएबाट जमिनदारको प्रभुत्वशाली दुश्चरित्रलाई प्रस्ट्याउँदछ । जमिनदार आफ्नो व्यक्तिगत फाइदाको लागि जेजस्तो काम गर्न पनि पछि नपर्ने भएकाले उसको स्वार्थीपनका साथसाथै प्रभुत्वसमेतलाई यस साक्ष्यले इङ्गित गर्दछ । यहाँनेर जमिनदारले गाउँटोलका आइमाईहरूलाई वस्तुसरह उपयोग गरेको देखिन्छ । सामाजिक अभ्यासको सन्दर्भमा भन्नुपर्दा जमिनदार उच्च ओहोदामा आसिन देखिन्छ । पितृसत्तामा सामाजिक अभ्यासका संस्था (चर्च, परिवार,

राज्य)हरू र सांस्कृतिक विम्बहरूका कारण महिलामाथि पुरुषको प्रभुत्व कायम रहन्छ (हवि, सन् २००७, पृ. २४०) । यस प्रसङ्गमा समुदायको आधारपक्षमा जमिनदारको प्रभुत्व कायम रहेकोले उसले सोको प्रयोग गर्दै गाउँटोलका महिलाहरूमाथि आफ्नो प्रभुत्व लादेको हो जुन पितृसत्ताको उदाहरण हो ।

*अलिखित* उपन्यासमा पुरुष पात्रहरूलाई निर्णायक र प्रभुत्वशाली प्रतिनिधित्व गराइएको छ भने त्यहीँनेर महिला पात्रहरूलाई कमजोर र अधीनस्थ भूमिकामा राखिएको छ । जमिनदारले गाउँटोलका महिलाहरूलाई आफू खुसी दासीसरह सेवा टहलका निम्ति पठाएको छ । गाउँटोलका महिलाहरू सम्भ्रान्त वर्गीय जमिनदारले लाएअह्राएअनुसार परपुरुषसँग आफ्ना इच्छा विपरीत रतिक्रीडा गर्न बाध्य हुनुपरेको सन्दर्भले पितृसत्तात्मक विचारधाराको अभिव्यञ्जना भएको छ ।

## ४.४.२ उलार उपन्यासमा पितृसत्तात्मक विचारधारा

*उलार* उपन्यासमा महिला पात्रभन्दा पुरुष पात्रलाई शक्तिशाली र निर्णायक भूमिकामा चित्रण गरिएको छ । यस उपन्यासमा पुरुष पात्रकै सर्वेसर्वापन प्रस्तुत गर्नुका साथै महिला पात्रलाई केवल पुरुषको आदेशपालक पात्रका रूपमा उपस्थापन गरिएकाले यस कृतिमा पितृसत्तात्मक विचारधाराको प्राधान्य रहेको छ । उपन्यासमा शक्तिशाली पुरुषका क्रियाशील भूमिका र महिलाका चाहिँ गतिहीन एवम् निस्क्रिय भूमिका प्रस्तुत गरिएको छ । *उलार* उपन्यासमा वादी जातिकी महिला द्रौपदीको दीनहीन अवस्थाको चित्रण गरिएको छ ।

द्रौपदीलाई ननकउले भोग्याको रूपमा प्रयोग गरेको सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, "द्रौपदी उसकै अगाडि ननकउसित सुती । रातभर द्रौपदीलाई ननकउले मादल बनायो र मादलको आवाज उसले रूँदै, चित्त दुखाउँदै सुनिरह्यो" (पृ. २-३) । यस साक्ष्यमा विपन्न वर्गको द्रौपदीलाई विपन्न वर्गकै ननकउले समागमका निम्ति प्रयोग गरेको सन्दर्भले पुरुषको प्रभुत्वलाई पुष्टि गर्दछ । द्रौपदी आर्थिक रूपले विपन्न भएकीले उसले परिवारको पालनपोषणका निम्ति सवर्गीय पुरुष कहाँ आफ्नो अस्मिता बेच्नु परेको तथ्यले महिलाको निरीहता र पुरुषको प्रभुत्वलाई उजागर गरेकोले यस प्रसङ्गमा पितृसत्तात्मक सोच उजागर भएको देखिन्छ ।

शारीरिक सम्पर्कका लागि गएको कलुवा विपन्न वर्गको यौनकर्मी महिला सावित्रीलाई गाली गरेर दुर्व्यवहार गरेको प्रसङ्ग कथ्यवस्तुमा यसरी प्रस्तुत गरिएको छ, "एकछिनको

घटाघट र बढाबढपछि सावित्री र कलुवा एकअर्कालाई गाली गर्दै, हकार्दै कोठाभित्र पस्छन् । 'साली, बार्गेनिङ गर्छे" (पृ.४-५) । यस साक्ष्यमा पितृसत्तात्मक सामाजिक संरचनाका लैङ्गिक दृष्टिकोणबाट शक्तिशाली पुरुष कलुवाले महिला यौनकर्मी सावित्रीलाई आक्षेप लगाउन सकेको हो । कलुवा आफू गरिब वर्गको भए पनि उसमा पुरुषवादी अहंकार विद्यमान छ । तसर्थ उसले  समागमका निम्ति मोलमोलाइ पश्चात् गालीगलौज गरी सावित्रीलाई दुर्व्यवहार गरेको प्रस्ट छ । यस सन्दर्भमा  कलुवाको प्रभुत्वशाली भूमिका र सावित्रीको अधीनस्थ भूमिका देखाइएको छ ।

पितृसत्तात्मक समुदायमा शक्तिसम्बन्धका हिसाबले पुरुष शक्तिशाली हुने र महिला कमजोर हुने तथ्य यस साक्ष्यमा प्रस्ट देखिनुका साथै कलुवाको अपशब्दप्रति सावित्रीले प्रतिकार नगर्नुले पनि महिला पात्र सावित्रीको निरीहतालाई स्पष्ट गरेको देखिन्छ । सामाजिक संरचनामा शक्तिसम्बन्धका हिसाबले कलुवा पुरुष भएकैले उसले महिला यौनव्यवसायी सावित्रीलाई 'साली' भनेर अपशब्द प्रयोग गर्दा पनि सावित्रीले कडा प्रतिक्रिया जनाउन असमर्थ भएकी हो । पितृसत्तात्मक सामाजिक संरचनामा अधीनस्थ महिलाका आत्मसम्मान, स्वाभिमान, आत्मविश्वास, अभिलाषा एवम् भावनाहरू सीमित हुनुका साथै समाप्त पारिएका हुन्छन् (भासिन, सन् २०२१, पृ. ३) । यस कथनमा कलुवाले गरेको गालीले गर्दा सावित्रीको आत्मसम्मान र स्वाभिमानमा ठेस पुगेकाले यहाँनेर पितृसत्तात्मक विचारधाराको प्रतिनिधित्व भएको छ ।

देहव्यापार पेसा अपनाएकी द्रौपदीकोमा विभिन्न प्रभुत्वशाली पुरुषहरू यौन सम्पर्कका लागि धाउने र समागम गरेर द्रौपदीको यौन शोषण गरेको तथ्यलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ :

> द्रौपदीको बाउ छ । आमा छे । नौदस वर्षकी छोरी छे । छोरी कसबाट जन्मिई, उसलाई थाहा छैन । कहिलेकाहीँ उसलाई आफ्नी छोरीको अनुहार असइ कृष्णबहादुरको जस्तो लाग्छ । कहिले असइ जगतमानको जस्तो लाग्छ । कहिले भूतपूर्व प्रधानप्रञ्च हर्कमानको जस्तो लाग्छ । कहिले बहराइचको कबडिया असलमको जस्तो लाग्छ । (पृ. ११)

सामाजिक अर्थव्यवस्थाको आधार मानिने आर्थिक पक्षमा पुरुष वर्गकै प्रभुत्व कायम भई अधिरचनामा समेत सोही वर्गको हालीमुहाली हुनेभएकाले महिलाहरू उत्पीडित हुनु

स्वाभाविक हो (पाण्डेय, २०७३, पृ. १९) । आर्थिक हिसाबले सीमान्तीकृत वदिनी द्रौपदी परिवार पाल्नका लागि देहव्यापार पेसा अपनाएकी हो । उसकोमा समुदायका विभिन्न ओहोदाका प्रतिष्ठित मान्छेहरूले यौन सम्पर्क गरेर यौनशोषण गरेको तथ्य यस साक्ष्यमा उद्घाटित छ । द्रौपदीकोमा प्रहरी प्रशासनका पदाधिकारीदेखि लिएर स्थानीय तहका राजनीतिकर्मीसमेत शारीरिक सम्पर्कका लागि धाउने गरेको तथ्यले द्रौपदीको आत्मसम्मान र स्वाभिमानमा ठेस पुग्नुका साथै उसको यौनशोषण भएको सत्यलाई प्रस्तुत साक्ष्यले उजागर गरेको छ । यस सन्दर्भमा द्रौपदीको अधीनस्थता प्रस्ट देखिई पितृसत्तात्मक सामाजिक संरचनाको विचारधाराले प्रश्रय पाएको छ । पितृसत्तात्मक समाजले बाध्यतावश देहव्यापार पेसा अपनाएकी द्रौपदीको यौनशोषण गरेको छ । यस कथनमा पुरुषका कुकृत्य र महिला पात्र द्रौपदीको विवशता उजागर भएको छ ।

### ४.४.३ घुर उपन्यासमा पितृसत्तात्मक विचारधारा

*घुर* उपन्यासमा पुरुषप्रधान विचारको सम्प्रेषण भएको छ । यस उपन्यासमा सामाजिक संरचनामा पुरुषको एकल प्रभुत्व कायम रहेको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

> नाटकमा नायिकाको अनिकाल पर्‍यो । त्यसकारण सकभर एउटा मात्र नारीपात्र भएको नाटकलाई पहिलो प्राथमिकता दिइन्थ्यो । अरू नारीपात्र भए पनि जबरजस्ती तिनलाई काटेर नाटक खेलाइन्थ्यो । सामाजिक प्रताडनाका कारण नारीपात्र नपाइने सामाजिक यथार्थ अहिले पनि सम्भवतः मधेसको गाउँमा यथावत् होलान् । (पृ. ८६)

उपर्युक्त साक्ष्यमा मधेसमा महिलाहरूलाई मञ्च आदिमा सहजै भाग लिन नदिइने भएकाले नाटक मञ्चनका लागि महिला पात्रहरू नपाइने सन्दर्भलाई इङ्गित गरिएको छ । यस साक्ष्यमा मधेसी समुदायमा घुम्टोप्रथा विद्यमान भएकाले अभिभावकहरूले आफ्ना छोरीचेलीहरूलाई रङ्गमञ्चमा सहभागी हुन नदिने तथ्यलाई उजागर गरिएको छ । मधेसी समुदायमा पुरुषको सर्वेसर्वापन विद्यमान भएकाले महिलाहरू घरबाहिरका कुनै कार्यक्रममा भाग लिँदा महिलाका बारेमा चोकचौराहामा खिसिटिउरी हुन्छ । यस साक्ष्यमा ती सबका आलोचनाबाट जोगिनका निम्ति घरपरिवारका महिला सदस्यहरूलाई घरबाहिरका कार्यक्रममा सहभागी हुन नदिइने तथ्यलाई प्रस्तुत गर्न खोजिएको छ । मधेसी समुदायमा

पुरुषप्रधान विचार हावी रहेकाले घरपरिवारको निर्णय भने घरमूली पुरुषले नै निर्णय लिने काम गर्दछ, "मधेसी समुदायको पारिवारिक संरचना पितृसत्तात्मक सोच र विचारमा आधारित छ, जहाँ घरको मुली पुरुष रहन्छ । घरको वंश, अंश, निर्णय लिने र नियन्त्रण गर्ने अधिकार पुरुषमा निहित हुन्छ" (साह, २०८०, asmitamagazine.com) । यस साक्ष्यमा मधेसी समुदायमा महिलामाथि पुरुषको प्रभुत्व र नियन्त्रण कायम रहेको सन्दर्भलाई प्रस्तुत गरिएको छ ।

*घुर* उपन्यासमा राजकीय शासनसत्तामा हावी रहेको शासक वर्गको पर्वते समुदायको विचारधारालाई प्रभुत्वशाली विचारधाराको रूपमा प्रतिनिधित्व गराइएको छ भने मधेसका आदिवासी जनजाति, मधेसी, दलित र पिछडावर्गका विचारधारालाई अधीनस्थ विचारधाराका रूपमा उपस्थापन गरिएको छ । त्यसैगरी इस्लाम धर्मसँग सम्बन्धित मुहर्रम पर्व र हिन्दु धर्मसँग सम्बन्धित नवरात्रिको सन्दर्भलाई आदर्शवादी विचारधाराका रूपमा प्रतिनिधित्व गराइएको छ । यस उपन्यासमा मधेसी समुदायमा घरपरिवारका महिला सदस्यहरूलाई घरको चारदिवारीभित्र बस्नु पर्ने बाध्यात्मक परिस्थिति भएको प्रस्तुत गर्दै पितृसत्तात्मक विचारधाराको प्रतिनिधित्व गराइएको छ ।

### ४.४.४ गुलरको फूल उपन्यासमा पितृसत्तात्मक विचारधारा

समुदाय एवम् घरपरिवारमा पुरुषको सर्वेसर्वापन र महिलाको अधीनस्थता पितृसत्तात्मक विचारधारा हो । यस्तो विचारधारामा घरपरिवारका महिला सदस्यहरू घरपरिवारका नाइके पुरुषका मातहतमा काम गर्छन् । पितृसत्तात्मक सामाजिक संरचनामा पुरुष शक्तिशाली हुन्छ भने महिला अधीनस्थ हुन्छे । यस्तो सामाजिक विमर्शात्मक संरचनामा महिलामाथि अपहेलना, दुर्व्यवहार, यातना, उपेक्षा र असमान व्यवहार गरिएको हुन्छ (बेकर, सन् १९९९, पृ. २१) । नेपाली समाज मूलतः पितृसत्तात्मक संरचनामा आधारित छ । मधेसी समुदाय नेपाली समुदायकै एउटा अंश भएकाले यस्तो समुदायमा पनि पितृसत्तात्मक विचारधाराको प्रत्यक्ष परोक्ष प्रभाव परेको छ ।

*गुलरको फूल* उपन्यासमा मधेसी समुदायको यथार्थ प्रतिविम्बन भएको छ । यसमा पितृसत्तात्मक विचारधाराको प्रस्तुतीकरण भएको छ । मधेसी समुदायका महिलाहरूले आफ्ना टाउकाका कपाल पुरुषहरूलाई देखाउनु हुँदैन । त्यसो गरेमा अनुशासनहीन र अमर्यादित व्यवहार मानिन्छ । उपन्यासमा उक्त सन्दर्भबारे यस्तो उल्लेख गरिएको छ,

"....यताका आइमाईहरू धोती, साया, ब्लाउज आदि लगाउँछन् । धोतीको आँचलले टाउको ढाकिरहन्छन्" (पृ. ७५) । यस साक्ष्यमा मधेसी समुदायका महिलाहरू पुरुषसत्ताले निर्माण गरेका संस्कृतिका पालना गर्दै कडा नियन्त्रणमा बस्नुपर्ने तथ्यलाई उजागर गरिएको छ । मधेसी समुदायमा महिलाहरूले पुरुषका अगाडि आफ्ना निधार र कपाल देखाउन नहुने खालका प्रतिमान निर्माण गरेर चलाइएकाले त्यहाँ पुरुषको सर्वेसर्वापन झल्किन्छ ।

महिलाले साडी वा अन्य कुनै कपडाले आफ्नो टाउको वा निधार छोप्नु भनेको पर्दाप्रथाको प्रभाव हो । मधेसी समुदायमा पितृसत्तात्मक संरचनाले शासन गरेको देखिन्छ । गेजलाई उद्धृत गर्दै रिता साह उल्लेख गर्छिन्, तराईको समतल भूभागमा हिन्दु धर्म इस्लाम धर्मबाट प्रभावित रहेको छ । इस्लाम धर्ममा महिलाहरू टाउको छोप्नका लागि बुर्काको प्रयोग गर्दछन् त्यस समुदायमा पर्दाप्रथा विद्यमान छ । हिन्दुमा पनि पर्दाप्रथा इस्लाम धर्मबाट अङ्गीकार गरिएको हो (साह, २०८०, asmitamagazine.com) । पुरुषका निर्देशनमा तोकिएका नीतिनियमको परिपालना गर्दै महिलाहरू सीमित घेरामा बस्नुपर्ने बाध्यात्मक परिस्थिति पनि पितृसत्तात्मक विचारधारा हो ।

यस्तो विचारधारामा महिला पुरुषसत्ताले निर्माण गरेका संस्कृतिका अधीनस्थ हुन्छन् । शक्तिसम्बन्धका हिसाबले अधीनस्थ महिलाहरू कमजोर र पराधीन हुन्छन् । लैङ्गिक भूमिकाहरू भनेका शक्ति सम्बन्धहरू हुन् (कोएस्टर, सन् २०१५, पृ. ३) । सामाजिक विमर्शमा निर्मित लिङ्गका सन्दर्भहरू शासकको स्थानमा रहेका पुरुष र शासितका रूपमा रहेका महिलाका शक्तिसम्बन्धसँग सम्बन्धित रहेका हुन्छन् ।

मधेसी समुदायका महिलाहरू पुरुषाश्रित भएकाले तिनीहरू पुरुषसत्ताले निर्माण गरेका संस्कृतिका आधारमा बाँच्न बाध्य भएका देखिन्छन् । *गुलरको फूल* उपन्यासमा कलौतियालाई उसको पति अखिलेशले बिहेपश्चात् गौना गर्न नआई कलौतिया पतिवञ्चिता भएर बाँच्नु परेकी यथार्थ चित्रण गरिएको छ । कथ्यवस्तुमा कलौतियाको वितृष्णा यसरी अभिव्यक्त भएको छ, "बाबुजी, यत्रो लामो समय त जिइसकेँ । अब किन गर्नु पऱ्यो बिहे ? म जस्तै गौना नभएर माइतीमै बसेका र दहेज नल्याएको निहुँमा घरबाट निकालिएका अरू पनि त छन् नि" (पृ. २५६) । प्रस्तुत साक्ष्यमा विवाहपश्चात् आफ्नो पति गौना गर्न नआएकोमा ऊप्रति कलौतियाको तिक्तभाव अभिव्यक्त भएको छ । पुरुषप्रधान समुदायमा निर्मित गौना संस्कृतिमा पुरुषकै प्राधान्य प्रस्टिएको छ किनभने विवाहपश्चात्को गौनामा

वर पक्षले वधूपक्षसँग दाइजोका लागि मनपरि माग गर्न सक्ने यथार्थ उद्घाटित छ । पुरुषप्रधान समाजमा पुरुषहरूले विवाह गरेर गौना नगरिकन वधूलाई त्यसै छोड्न सक्नुका साथै गौना गरेर पनि दाइजोको माग गर्दै आफ्नी पत्नीलाई त्याग गर्न सक्ने मनपरि निर्णयको एकाधिकार पुरुष वर्गलाई मात्र प्राप्त भएको देखाइएको छ । पितृसत्तात्मक सामाजिक विमर्शात्मक संरचनामा आर्थिक पक्ष पुरुषको अधीनमा रहने भएकोले त्यस्ता समुदायमा महिलाहरू पुरुष वर्गका अधीनमा रहने गर्दछन् । यस्तो सामाजिक संरचनामा महिलाका तुलनामा पुरुष शक्तिशाली हुने भएकाले पुरुषले महिलामाथि शासन गर्ने वातावरण तयार हुन जान्छ (कोएस्टर, सन् २०१५, पृ. २) । पुरुषवादी विचारधाराका कारण समाजमा महिलालाई पुरुषभन्दा कमजोर मानिँदै सोहीअनुसार अपमानजनक र असमान व्यवहार गरिन्छ ।

### ४.४.५ मालिकहरूको मधेस उपन्यासमा पितृसत्तात्मक विचारधारा

*मालिकहरूको मधेस* उपन्यासमा पितृसत्तात्मक विचारधाराको प्रतिनिधित्व प्रभुत्वशाली देखिन्छ । उपन्यासमा परम्परागत तवरले पुरुष पात्रलाई नायकत्व प्रदान गरिएको छ । शक्तिसम्बन्ध र सङ्ख्यात्मक एवम् भूमिकाका आधारमा पुरुष पात्रहरूको प्रभुत्व रहेको छ । उपन्यासको कथावस्तुमा महिला पात्रलाई सहायक भूमिकामा सीमित राखिएको छ । उपन्यासको कथ्यवस्तुमा पुरुषको भूमिका निर्णायक रहेको छ । घरमूलीका रूपमा पुरुष पात्रलाई नेतृत्वदायी भूमिका प्रदान गरिएको छ । पुरुष पात्रका तुलनामा महिला पात्रका स्थान, भूमिका र प्रतिनिधित्व कमजोर रहेको छ । उपन्यासको कथानकमा पितृसत्तात्मक पुरुषप्रधान समुदायको हावी देखाइएको छ ।

प्रस्तुत उपन्यासमा पुरुषको प्रभुत्व देखाइएको छ । कथावस्तुमा पुलकितलालकी पत्नी लकडीवालीको बारेमा यस्तो उल्लेख गरिएको छ :

> पुलकितलालले आज फेरि लकडीवालीलाई सम्झे । सिराहा जिल्लाको लकडी भन्ने गाउँमा उनको पहिलो विवाह भएको थियो । गाउँमा विवाह गरेर ल्याइएकी दुलहीलाई उसको माइती गाउँको नामबाट बोलाउँने चलन भएकाले उनकी पत्नीलाई सबैले लकडीवाली भन्ने गरेका थिए । (पृ. ३८)

उपर्युक्त साक्ष्यमा पुलकितलाल चौधरीको पहिलो पत्नीलाई उसको माइती गाउँको नामबाट ‘लकडीवाली’ नामकरण गरिएको छ । मधेसी समुदायमा विवाहपश्चात्

महिलाहरूको व्यक्तिवाचक नाम हटाएर स्थानवाची विशेषण दिने चलन रहेको छ । प्रस्तुत सन्दर्भमा सिराहा जिल्लाको लकडी गाउँको पुलकितकी दुलहीको घरपरिवारमा बोलाइने नाम विवाहपश्चात् गौण भएर उसको माइती गाउँको नामसँग जोडिएर 'लकडीवाली' बन्दाखेरि लकडीवालीको वास्तविक नाम हराउनुले पुरुष सत्ताको प्रभुत्व र महिलाको अधीनस्थतालाई इङ्गित गर्दछ । यस सन्दर्भमा लकडीवाली भन्ने नाम सांस्कृतिक निर्मिति हो । 'लकडीवाली' नामकरणमा पुरुष सत्ताको प्रभुत्व देखिन्छ । पितृसत्ता सामाजिक अभ्यासका संस्था (चर्च, परिवार, राज्य) हरू र सांस्कृतिक विम्बहरूका कारण महिलामाथिको पुरुषको प्रभुत्वलाई जनाउँछ (हवि, सन् २००७, पृ. २४०) । पुरुषसत्ताको प्रभुत्व भएकाले पुलकितलालकी पत्नीको नाम उसको गाउँको नामसँग जोडिएर स्थानवाची विशेषण बनाउँदा पनि उसले प्रतिरोध गर्न नसकेकी हो । यसले मधेसी समुदायमा विद्यमान पितृसत्तात्मक पुरुषप्रधान मानसिकतालाई उजागर गर्दछ । प्रस्तुत उपन्यासमा मधेसी समुदायमा महिलाहरू घुम्टोभित्र बस्नुपर्ने सामाजिक सन्दर्भबारे उल्लेख गरिएको छ ।

विवेच्य उपन्यासमा पुलकितलाल चौधरीकी पत्नी लकडीवालीको बारेमा चर्चा गरिएको छ । यस उपन्यासमा पुलकितलाल चौधरीको पहिलो पत्नी लकडीवाली घुम्टो हालेर बाहिर निस्किने प्रसङ्ग छ :

> एकदिन विहानै पुलकितले देखेलकडीवाली उठेर मैदान जान तयार भएकी छिन् । अहिले अलि अध्यारै छ केही बेरपछि जाँदा हुँदैन ? हातमा लोटा लिएर *फरियाको फेरोको घुम्टो हाली घर अगाडिको डगरमा निस्किएकी पत्नीसँग* पुलकितले भनेका पनि थिए । हम सब जनिजाइतके बिना अनाहरके मैदानके सुविधा कहाँ मिलत ?' भन्दै उनी पलारीतर्फ गएकी थिइन् । (पृ. ३८–३९)

उपर्युक्त साक्ष्यमा बिहान सबेरै दिसा गर्न जान आँटेकी लकडीवालीलाई उसको पति पुलकितलाल चौधरीले आदेश दिएको सन्दर्भ छ । महिलाले आफूलाई शौच लागेको बखतमा जान पनि पुरुषको आदेशको पालना गर्नुपर्ने प्रसङ्ग स्पष्ट छ । मधेसमा महिलाहरू पुरुषको अदव मान्नुपर्ने, तिनका अगाडि खुला कपाल र खुला अनुहारमा हिँड्न निषेधित रहेको संस्कृतिलाई प्रस्तुत सन्दर्भले इङ्गित गर्दछ । मधेसमा विवाहित महिलाहरू परिवारका ज्येष्ठ पुरुष सदस्यहरूका अगाडि देखापर्दा घुम्टोभित्र देखिनुपर्ने प्रसङ्गले पुरुषसत्ताको हैकमलाई सङ्केत गर्द (साह, २०८०, asmitamagazine.com) । त्यहाँ संस्कृतिको नाममै भएपनि

महिला स्वतन्त्रताको हनन भएको छ। प्रस्तुत साक्ष्यमा मधेसमा महिलाहरू सीमित घेराभित्र बस्नुपर्ने वास्तविकतालाई उजागर गरिएको छ। यस साक्ष्यमा पुलकितलालकी पत्नी लकडीवालीले पुरुषको अधीनतालाई स्वीकार गर्नुपर्ने सांस्कृतिक भाष्यलाई प्रस्ट पारिएको छ। पितृसत्तात्मक सामाजिक विमर्शात्मक संरचनामा महिलाहरू पुरुषको अधीनता स्वीकार गर्न बाध्य हुन्छन् (श्रेष्ठ, चौलागाईं र सापकोटा, २०६६, पृ. १३)। विश्लेष्य उपन्यासमा प्रमुख पात्र पुलकितलाल चौधरीले टोलका महिला तथा युवायुवती सबैजनालाई मधेस आन्दोलनमा सहभागी हुनका लागि निर्देशन दिएको कथ्यवस्तु छ :

> बच्चावालीहरू पनि बच्च बोकरै जाओ। त्यसपछि हेरौँ त कसरी चार्ज गर्दा रहेछ, सरकारले।
>
> भरिसक बच्चावाली जनानीहरूलाई जुलुसको सबैभन्दा अगाडि लगाउनु'
>
> त्यस लगत्तैपछि लाठीवाला युवकहरू बस्नु ती बच्चा र महिलाहरूको सुरक्षाका लागि जव पुलिसले ती महिला र बच्चामाथि लाठी चलाउन सिट्ठी फुक्छ उत्तिखेरै महिला र बच्चालाई पछि पारेर युवकहरू अगाडि सरेर पुलिससँग भिड्नु भनेर पुलकितलालले जुलुसमा जानेहरूलाई निर्देशन दिएका हुन्थे। (पृ. ४२)

प्रस्तुत साक्ष्यमा गाउँटोलका जेठो पुरुष पात्र पुलकितलालले सुत्केरी महिला तथा युवायुवतीहरूलाई मधेस आन्दोलनमा सहभागी हुन निर्देश गरेको विषयवस्तु छ। यस सन्दर्भमा पुरुषपात्र पुलकितलालको प्रभुत्वशाली भूमिका स्पष्ट हुन्छ।

उपर्युक्त साक्ष्यमा महिला पात्रहरूलाई घरपरिवार र समुदायका जेठो अनि अगुवा पुरुष पुलकितलाल चौधरीले दिएको आदेश मान्नु पर्ने भएकाले महिलाहरू निर्णय गर्न स्वतन्त्र नभई पुरुषका आदेश पाल्न बाध्य भएकाले पितृसत्तात्मक विचारधाराको द्योतन भएको छ। पितृसत्तात्मक पुरुषप्रधान समुदायमा महिलाहरू पुरुषसत्ताका अधीनस्थ हुन्छन् (उद्धृत ढकाल, २०७२, पृ. २१)। प्रस्तुत साक्ष्यमा पुरुषपात्र पुलकितलालको प्रभुत्व र महिलाहरूको अधीनस्थता देखाइएको छ। पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषहरू सापेक्षिक रूपमा महिलाभन्दा बढी शक्तिशाली हुन्छन् (भद्रा, २०६६, पृ. २७)। प्रस्तुत साक्ष्यमा पितृसत्तात्मक विचारधारा हावी भएको देखिन्छ। मधेसमा पुरुषका तुलनामा महिलाका हकअधिकार न्यून रहेको सन्दर्भलाई प्रस्तुत उपन्यासले उजागर गरेको छ।

पुलकितलालले आफ्नो छोरा भागवताको चुलियासँग विवाह सम्पन्न गराएको कथ्यवस्तु छ । चुलियाको भागवतासँग विवाह सम्पन्न भएपछि सबैले चुलियालाई 'गामवाली' नामकरण गरे, "....चुलियासँग उसको विवाह भएको थियो । चुलिया गाउँकै केटी भएकीले उसलाई सबैले 'गामवाली' नाम राखेका थिए । अर्थात् गामवालीसँग भागवताको विवाहका लागि पुलकितलालले जेलभित्रबाट चाँजोपाँजो मिलाइदिएका थिए" (पृ. ४३) । प्रस्तुत साक्ष्यमा चुलियाको भागवतासँग विवाह सम्पन्न भएपछि चुलियाको नाम फेरिएर 'गामवाली' भएको सन्दर्भ छ । चुलिया भागवताको गाउँकै केटी भएकीले उसको नाम सबैले मिलेर 'गामवाली' राखेका हुन् भन्ने प्रस्ट छ ।

पुलकितलाल जेलभित्रै भएका बेला उसले चुलियाका पुरुष अभिभावकसँग आफ्ना छोरा भागवताको वैवाहिक सम्बन्ध कायम गर्ने कुरा टुङ्गो लगाएको सन्दर्भले मधेसमा पुरुषसत्ताकै बोलवाला रहेको स्पष्ट हुन्छ । वैवाहिक निर्णयमा मधेसका महिलाको सहभागिता नगराइने तथ्यलाई यस प्रसङ्गले प्रस्ट पार्दछ । विवाहसम्बन्धी निर्णय सांस्कृतिक पक्ष हो जुन सामाजिक अभ्यासअन्तर्गत पर्दछ । पितृसत्ता सामाजिक अभ्यासहरूमा विद्यमान हुन्छ (हवि, सन् २००७, पृ. २४०) । यस उपन्यासमा पुरुषप्रधान समुदायको निर्णायक भूमिकालाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ ।

### ४.४.६ दुलारी उपन्यासमा पितृसत्तात्मक विचारधारा

*दुलारी* उपन्यासमा पुरुषले महिलामाथि गर्ने थिचोमिचो दमन र असमान व्यवहारका विषयवस्तुको प्रस्तुत गर्दै पुरुषको प्रधानता र महिलाको कमजोर उपस्थितिलाई महत्त्वका साथ चित्रण गरिएको छ । पितृसत्तात्मक पारिवारिक र सामाजिक संरचनामा पुरुषको सर्वेसर्वापन देखाइनुका साथै महिलाको भूमिकालाई कम महत्त्व दिइन्छ (अवेटर, सन् २०२०, पृ. ४०) । *दुलारी* उपन्यासमा पितृसत्तात्मक विचारधाराको चित्रण भएकोले त्यसका बारेमा विश्लेषण गर्नु आवश्यक देखिन्छ । यस उपन्यासमा महिलापात्र दुलारीकी आमालाई घरपरिवारका कसैले पनि उसको नामबाट नबोलाइने सन्दर्भको वर्णन गरिएको छ । दुलारीकी माईको नाम के हो स्वयम् दुलारीसमेतलाई पनि थाहा नभएको विषयवस्तुलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, ".... माईको नाम मलाई थाहा थिएन किनभने माईलाई कसैले नाम लिएर बोलाएको कहिल्यै सुनेकी थिइनँ । आखिर माईलाई किन कसैले नाम लिएर बोलाउँदैनथे । कहिलेकाहीँ सोच्थेँ, के माईको नाम छैन ? उनी बेनाम स्वास्नी

मान्छे हुन् त ?" (पृ. २२) । यस साक्ष्यमा दुलारीकी आमाको कुनै व्यक्तिवाचक  नाम भए पनि घरपरिवारका मानिसहरूले उसको वास्तविक नामबाट नबोलाइनुबाट दुलारीकी आमाको पहिचानविहीनता  प्रस्ट हुन्छ  । यसले विवाहपश्चात् मधेसी महिलाको वास्तविक पहिचान गुमेर घरवालाहरूले दिने नयाँ नाम नै पहिचान बन्न पुग्दछ । 'दुलारीकी आमा' भनेर बोलाइनुमा पुरुषप्रधान समुदायको संरचनाले काम गरेको देखिन्छ । पितृसत्तात्मक सामाजिक संरचनामा निर्णय प्रक्रियामा पुरुषको हावी हुने भएकोले महिलाको केही सीप नचल्ने यथार्थलाई प्रस्तुत सङ्कथनले स्पष्ट पार्दछ । पितृसत्तामा पुरुष प्रभुत्वशाली भूमिकामा हुन्छ र परिवारका महिला तथा बच्चाहरू मुख्य पुरुष सदस्यको अधीनमा हुन्छन् ( निर्वाना, सन् २०१८, पृ. ८) । यस साक्ष्यमा दुलारीको परिवारमा पुरुषकै हालीमुहाली भएकाले दुलारीकी आमाको व्यक्तिगत नामबाट नबोलाइएको तथ्य उद्घाटित भएको छ ।

*दुलारी* उपन्यासमा बिल्टौनको विवाहपश्चात् ऊ नवदुलही भएर अन्मिँदा घरका महिला सखासम्बन्धी जति सबैलाई राति अबेरसम्म तेल लगाएर हातगोडा र शरीर मालिस गर्नु परेको तथ्य प्रस्तुत गरिएको छ । नवदुलहीलाई महिलाहरू कजाउनका निम्ति अन्मिएकै दिनदेखि आफ्ना स्याहारसुसारमा लगाउने विषयवस्तुलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, "…. ती २० जनालाई मालिस गर्दा-गर्दा रातको एक बज्यो । कसैले एकछिनमै भयो छोड्दे भन्थे, कसैले आधा घण्टासम्म मालिस गर्न लगाउँथे" (पृ. २४५) । यस साक्ष्यमा बिल्टौनको घरका महिला नातागोताहरूले नवविवाहिताबाट सेवासत्कार खोज्नु भनेको पुरुष मानसिकताको उपज हो ।

उपर्युक्त साक्ष्यमा महिलाहरूले नवविवाहित महिलालाई सुरुमै कजाउनु पर्छ भन्ने मानसिकता आफूलाई प्रताडना दिएका पुरुषबाट ग्रहण गरेर त्यही मानसिकतालाई निरन्तरता दिएका हुन् । घरपरिवारमा पुरुषअधीनस्थ महिला सदस्यहरू पुरुषलाई चिढाएर खतरा मोल्न नचाहेकाले घरमूली पुरुषलाई खुसी पार्नका निम्ति नवविवाहित महिला सदस्यलाई कज्याएको देखिन्छ । यस सन्दर्भमा पुरुषवादी विचारधाराले काम गरेको देखिन्छ । शक्तिसम्बन्धका हिसाबले प्रभुत्वशाली पुरुषले महिलालाई अधीनस्थ बनाएको हुन्छ (निर्वाना, सन् २०१८, पृ. ८) । परिवारका महिला सदस्यहरूले पुरुष सदस्यलाई स्याहारसुसार तथा सेवा गरेर आएका हुनाले त्यस्तै किसिमको व्यवहार नवविवाहित वधूबाट खोज्नु भनेको पितृसत्तात्मक चिन्तनको निरन्तरता हो ।

### ४.५ आदर्शवादी विचारधारा

प्रस्तुत शोधमा प्रयुक्त उपन्यासमा वर्गेतर विचारधाराहरू जस्तै धार्मिक आस्थाविश्वास, मिथकीय सन्दर्भहरू आदर्शवादी विचारधाराका रूपमा अध्ययन गरिएको छ । यसका साथै पारलौकिक ईश्वरीय शक्तिप्रतिको विश्वास, धामीझाँक्री, टुनामुना आदि आदर्शवादी विचारधाराका रूपमा आएका सन्दर्भहरू छन् (जोशी, २०५४, पृ. २७) । विवेच्य उपन्यासमा मधेसी समुदायका पात्रमा कर्मका आधारमा पाप वा पुण्यको फल भोग्ने सन्दर्भ, पूर्वजन्मको कर्मफलका आधारमा पुनर्जन्म हुने र शुभाशुभ प्राप्ति हुने कथन आदर्शवादी विचारधाराका रूपमा आएका आएका छन् ।

प्रस्तुत शोधका लागि विवेच्य उपन्यासमा मधेसी समुदायका पात्रमा घरपरिवारमा कसैलाई दुःखकष्ट, पीडा र रोगव्याधि लाग्दा पारलौकिक इन्द्रियातीत दैवी शक्तिको पूजाअर्चना, यज्ञअनुष्ठान गर्दा निको हुने लोकविश्वास एवम् पारम्परिक मूल्यमान्यता सम्प्रेषित भएका छन् । शोध्य उपन्यासमा मधेसी समुदायका बोक्सीले दुःख दिने, सताउने, रोग लगाइदिने कथ्यवस्तु आदर्शवादी विचारधाराका रूपमा आएका छन् । यहाँ तिनै परम्परागत आस्थाविश्वास, दैवी सत्ताप्रतिको आस्था, सामाजिक, धार्मिक, सांस्कृतिक, धामीझाँक्रीप्रतिका मूल्यमान्यता आदिलाई आदर्शवादी विचारधाराका रूपमा विश्लेषण गरिएको छ ।

#### ४.५.१ अलिखित उपन्यासमा आदर्शवादी विचारधारा

समुदायमा मानिने धर्म, संस्कार, संस्कृति, रीतिरिवाज, प्रथाप्रणाली, मिथक, आस्था विचार आदि आदर्शवादी विचारधाराअन्तर्गत पर्दछन् । सामाजिक प्राणी मान्छेले जीवन बाँच्ने क्रममा विभिन्न खालका आस्था एवम् विचारहरू परिपालना गर्दै अगाडि बढ्दछ । यसअन्तर्गत धामीझाँक्री एवम् झारफुक आदिका विषयवस्तुसमेत पर्दछन् । *अलिखित* उपन्यासमा मधेसी समुदायमा प्रचलित विभिन्न खालका लोकप्रथा, आस्था एवम् विचारहरूको प्रयोग गरिएको छ । यहाँनेर तिनै विषयवस्तुबारे केलाएर अध्ययन गरिएको छ । यस उपन्यासमा नागा बाबाको सपनाबारे यस्तो अभिव्यक्त गरिएको छ, "हमको काल्हु सपना हुआ, जाओ बाबा, बिरहिनपुर बरेवा, त हम चला आया । फेन जहाँ सपना होगा वहीँ चला जाएगा । हम तो, रमता जोगी बहता पानीये न ठहरा" (पृ. १७) । यस साक्ष्यमा भौतिक जीवनबाट विरक्तिएर जोगी बनेको नागाको कथन प्रयुक्त छ । यस साक्ष्यमा

बाबाको भौतिक संसारभन्दा पनि पराभौतिक चिन्तनप्रति बढी आस्था र निष्ठा देखिएकाले उसको विचारधारा आदर्शवादी हो (एटम, २०७४, पृ. २१४) । प्रस्तुत सन्दर्भमा सपनालाई आधार बनाएर नागा बाबा बिरहिनपुर बरेवा आएको उल्लेख गर्दै कुनै अलौकिक शक्तिलाई सङ्केत गर्न खोजिएको छ । अलौकिक शक्तिले आदर्शवादी विचारधारालाई इङ्गित गर्दछ ।

कथ्यवस्तुमा दैवी शक्तिप्रतिको आस्थाका बारेमा यस्तो अभिव्यक्ति छ, "सरजु पाँच-पाँच वर्षमा, गढीमाईको जुन मेला लाग्छ, त्यस्तो दुई मेलासम्ममा आफ्नो भाकल पूरा हुने आशा राख्दछ । तर अहिले मेला पहिले नै आउने दुई-तीन वर्ष बाँकी छ अर्थात् त्यसपछि पनि फेरि पाँच वर्ष" (पृ. ३८) । यस साक्ष्यमा सरजुले मनोवाञ्छित फल प्राप्तिका लागि बारा जिल्लामा पर्ने प्रसिद्ध गढीमाई देवीलाई गरेको भाकलले मनोकामना पूरा हुने सामूहिक लोकविश्वासलाई इङ्गित गर्दछ । यसबाट सरजुको दैवी शक्तिप्रतिको आस्था प्रकट भई भविष्यप्रति आशावादी भएको तथ्य प्रकट भएको छ । देवीदेवतालाई भाकल गरी पूजाआजा गर्दाखेरि मनोवाञ्छित फल प्राप्त हुनुका साथै अलौकिक शक्तिको आशीर्वाद एवम् कृपादृष्टिसमेत प्राप्त हुने सामूहिक लोकविश्वासको मानसिकता उजागर भएकाले यो आर्दशवादी विचारधारा हो ।

उपन्यासमा झारफुकप्रति आस्था राखेको विषयवस्तु अभिव्यक्त छ, "सरजुको बाबुले रगत थुक्न थालेपछि अलिकता झारफुके अवश्य गराएको हो । गाउँमा रामफल माझी सबभन्दा ठूलो झारफुके मानिन्थ्यो । जातको मुसहर तर देवीसाधना सशक्त सशक्त रूपमा गरेको थियो" (पृ. ३९) । यस साक्ष्यमा धामीझाँक्री तथा फुकफाक, लागलगानप्रतिको आस्थालाई वर्णन गरिएको छ । सरजुको बाबुले रगत थुक्न थालेपछि सरजु आत्तिएर धामी रामफल माझीलाई बोलाएर झारफुक गराएको देखाई अलौकिक शक्तिप्रतिको विश्वासलाई इङ्गित गर्दछ । इन्द्रियातीत सत्य एवम् विचारप्रति विश्वस्त हुनु भनेको आदर्शवादी विचारधारा हो । देवीसाधना प्रत्यक्ष परोक्ष अध्यात्मसँग सम्बन्धित विषयवस्तु हो (एटम, २०७४, पृ. २१४) । धर्म र अध्यात्म भनेको पारलौकिक सत्यको विषयवस्तु भएकाले यो आदर्शवादी विचारधारा हो

### ४.५.२ उलार उपन्यासमा आदर्शवादी विचारधारा

मान्छेमा हालसम्म पनि सामूहिक अवचेतनको गहिरो छाप भेटिन्छ । विज्ञानले सहजै स्वीकार नगर्ने विषयवस्तुप्रति पनि मान्छेले अटल आस्था र निष्ठा राख्दै आएको पाइन्छ ।

*उलार* उपन्यासमा तन्त्रमन्त्र तथा झारफुक एवम् लागलगानप्रति आस्था राख्नुका साथै तिनकाप्रति विश्वास गरिएको पाइन्छ । यस उपन्यासमा पात्रका गतिविधि, तिनका संवाद एवम् क्रियाप्रतिक्रियाका माध्यमबाट आदर्शवादी विचारधाराको प्रकटीकरण भएको छ । उपन्यासमा प्रेमललवालाई निमोनियाँ रोग लाग्दाखेरि औषधिउपचार गरेर निको नभए पछि धामीझाँक्रीकोमा गएको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

> एक पटक प्रेमललवा साह्रै बिरामी पऱ्यो । निमोनियाँ भएछ । तीन सयजति राजेन्द्रराजबाट सापटी लिएर उसले औषधि गरायो । आफूसित बल्लबल्ल जोगाएको साठी रूपैयाँ थियो, त्यो पनि स्वाहा । तर निको भएन । नानपारा गएर हकिमलाई देखायो । दरगाह बाबाकहाँ गयो । तर केही काम लागेन । (पृ. ७)

उपर्युक्त साक्ष्यमा आधुनिक चिकित्सा पद्धतिबाट निमोनियाँ रोग निको नभएपछि प्रेमललवा प्राचीन पद्धतिबाट उपचार गराउने हकिमकहाँ र हात हेर्ने तथा झारफुकको माध्यमबाट दरगाहबाबाकोमा पुगेको सन्दर्भले प्रेमललवाको पुरातन धामीझाक्रीप्रतिको विश्वासलाई उजागर गर्दछ । प्रेमललवाको मानसपटलमा समुदायमा प्रचलित धामीझाँक्रीप्रतिको विश्वासले आदर्शवादी विचारधाराको प्रतिनिधित्व भएको प्रस्ट छ ।

प्रेमललवाले कलुवाकी स्वास्नी भौजीसँग दुई सय रुपियाँ सापटी माग्दा भौजीले हिन्दु मुस्लिमको दङ्गा भएकोले घाँस बिक्री नभएको तथ्यलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ, "'भैया, त्यति पैसा त मसित कहाँ छ र ! हिन्दु र मुस्लिमको दङ्गा भएपछि हाम्रो घाँस बिक्री हुन छाडेको छ" (पृ. ३६) । यस साक्ष्यमा हिन्दु र मुस्लिम धर्मावलम्बीका बिचमा मतभेद हुँदा हिन्दु धर्म मान्ने कलुवाका परिवारकोमा मुस्लिम धर्मावलम्बी टाँगाचालकहरू घाँस किन्न नआई भौजीको घाँसको व्यापार चौपट भएको तथ्यलाई चित्रण गरिएको छ । धर्म मानवद्वारा निर्मित आस्था हो ।

मानवद्वारा निर्मित आस्थाकै आधारमा मान्छेले एकअर्काप्रति विरोधी व्यवहार गर्ने सन्दर्भलाई यस कथनले स्पष्ट पारेको छ । हिन्दु र मुस्लिम धर्मावलम्बी एकअर्काका विरोधी धर्म नभए पनि मान्छेका सङ्कीर्ण सोचका कारण मत मतान्तरका ससाना विषयवस्तुलाई पनि धर्मसँग जोडेर सामाजिक व्यवहारमा समेत दुस्प्रभाव पार्ने खालको व्यवहार गरेको सन्दर्भले समुदायमा धार्मिक विचारधाराले पनि प्रबल भूमिका निर्वाह गर्ने प्रसङ्गलाई प्रस्ट पार्दछ । यस सन्दर्भमा मुस्लिम धर्मावलम्बीहरूले शक्तिशाली हिन्दु धर्मालम्बीहरूको प्रतिरोध

गरेको देखिन्छ । यस साक्ष्यमा हिन्दु र मुस्लिम धर्मसम्बन्धी विषयवस्तु धार्मिक आस्था एवम् विचारधाराका रूपमा आएकाले यहाँ आदर्शवादी विचारधाराले प्रतिनिधित्व गरेको स्पष्ट छ ।

*उलार* उपन्यासमा प्रेमललवा दरगाहा बाबा कहाँ उपचार गराउन गएको सन्दर्भ, हिन्दु र मुस्लिम धर्म सम्प्रदायका आस्था विषयवस्तुहरू आदर्शवादी भाव एवम् विचारका रूपमा चित्रण गरिएको छ । यस उपन्यासमा मानवले आस्था राख्ने झारफुक, लागलगान तथा धार्मिक आस्था एवम् भाग्यवादी विचार आर्दशवादी विचारका रूपमा प्रयोग गरिएकोले उपन्यासमा आदर्शवादी विचारधाराले पनि प्रतिनिधित्व गरेको देखिन्छ ।

### ४.५.३ घुर उपन्यासमा आदर्शवादी विचारधारा

*घुर* उपन्यासमा मधेसी समुदायमा प्रचलित परम्परागत रीतिरिवाज, धार्मिक मूल्यमान्यताका सन्दर्भहरूको प्रयोग गरिएको पाइन्छ । यस उपन्यासमा मुस्लिम तथा हिन्दु धर्मावलम्बीका पारलौकिक ईश्वरीय सत्ताप्रतिका आस्था एवम् विश्वास र निष्ठालाई उपन्यासकारले कथ्यवस्तुमा प्रयोग गरेका छन् । *घुर* उपन्यासमा आदर्शवादी विचारधाराको यसरी प्रयोग भएको छ, "....त्यही क्रममा इस्लाम धर्मावलम्बीहरू मोहर्रम मनाउँदै भए पनि विरोध प्रदर्शनमा संलग्न भए" (पृ. ७६) । यस साक्ष्यले मुस्लिम समुदायको हिज्री सम्वत्अनुसार पहिलो महिनामा मनाइने चाडलाई जनाउँछ । यस साक्ष्यले इस्लाम धर्मावलम्बीहरूको धार्मिक आस्थाका साथै पार्विक संस्कारलाई इङ्गित गर्दछ ।

*घुर* उपन्यासमा हिन्दु धर्मसँग सम्बन्धित आध्यात्मिक विचारलाई यसरी प्रयोग गरिएको छ, "विशेषतः नवरात्रिका दिन मञ्चनिर्माणदेखि साजसज्जासम्मका काम सुरु हुन्थे" (पृ. ८६) । यस साक्ष्यमा हिन्दु धर्मावलम्बीहरूले दशैँताका नव दिनसम्म विभिन्न देवीहरूको पूजाअर्चनालाई इङ्गित गर्दछ । नवरात्रिलाई नवदुर्गा पूजा पनि भन्ने गरिन्छ । यसअन्तर्गत हिन्दु धर्मावलम्बीहरूले आश्विन शुक्ल प्रतिपदादेखि नवदिनसम्म नवदुर्गाका नौ रूपमा शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्मान्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्रीका विशेष पूजाआराधना गर्ने चलन रहेको छ (राई, जोशी, पुन र महतो (सम्पा)., २०७९, पृ .३९९) । यस्तो पूजाआजा गरेमा सुखसन्तोष, भौतिक तथा आध्यात्मिक समुन्नति, आत्मचेतना तथा आत्मज्ञानको प्राप्ति हुने विश्वास गर्दै आएको पाइन्छ । अलौकिक देवीदेवताको सर्वशक्तिमानपन र तिनलाई पूजाआराधना गरी खुसी

तुल्याउन सक्दा तिनका कृपाबाट आफ्नो जीवन चल्ने भक्तजनका पराभौतिक सोच नै आदर्शवादी विचारधारा हो । यस साक्ष्यको माध्यमबाट हिन्दु धर्मसम्बन्धी संस्कारको विचारलाई सङ्केत गरेको छ ।

### ४.५.४ गुलरको फूल उपन्यासमा आदर्शवादी विचारधारा

समुदायका जीवनपद्धति, मिथक, धर्म, तन्त्रमन्त्र आदिसँग सम्बन्धित विचारधारा आदर्शवादी खालको हुन्छ । *गुलरको फूल* उपन्यासमा आदर्शवादी विचारधाराको प्रतिविम्बन भएको छ, "....छोरालाई पनि भगवान्का चरणमा श्रद्धापूर्वक माथा टेक्न लगाउँदै भन्छन्- 'बौवासब भगवान्के चरणमे गोड लाग" (पृ. ३) । यस साक्ष्यमा धार्मिक आस्थाप्रतिको विचारधारा अभिव्यक्त भएको छ । रुदल सहनी आफ्ना छोरालाई भगवान्को मूर्तिमा ढोग्न भन्दै गरेको सन्दर्भले अलौकिक देवीदेवताप्रतिको अगाध आस्थाभावलाई इङ्गित गर्दछ । रुदल सहनीले भगवान्को गोडा ढोग्दा आशीर्वाद पाइनुका साथै अनिष्टबाटसमेत जोगिने विचारधारा प्रकट भएको छ । यो चाहिँ ईश्वरको पारलौकिक सत्ताप्रतिको आस्था एवम् विचार हो ।

माथिको साक्ष्यमा रुदल सहनीको ईश्वरप्रतिको अगाध आस्थाको विश्वदृष्टि प्रकट भएको छ । प्रस्तुत उपन्यासमा इस्लाम धर्मावलम्बीका संस्कारसम्बन्धी विषयवस्तुका बारेमा यसरी उल्लेख गरिएको छ, "अहिले रमजानको महिना हो । तीन दिन मात्र भएको छ । एक महिनासम्म उपवास बस्नु पर्छ । दिनभर पानीसम्म मुखमा हाल्न पाइँदैन । घाम डुबेपछि मात्र खान पाइन्छ । गाउँको मुस्लिम पनि रोजा बस्न थालेका छन्" (पृ. १४०) । प्रस्तुत उद्धरणमा इस्लाम धर्मावलम्बी मानिसका निम्ति रमजान एउटा महत्त्वपूर्ण पर्व हो जुन पर्वमा एकमहिना दिनभरि उपवास बसेर राति राति मात्र खाइने तथ्यलाई उजागर गरिएको छ । इस्लाम धार्मिक चलनअनुसार रमजानमा उपवास बस्नुलाई 'रोजा' भन्ने गरिन्छ । रोजाको वास्तविक अर्थ खानपिन मात्र छोड्नु नभई आत्मशुद्धि र सन्तुष्टि पनि हो । यसबाट मानिसको आत्मिक एवम् चारित्रिक उत्थानसमेत हुने लोकविश्वास रहेको छ ( खान, २०७१, पृ. १६७) । रमजानमा गरिने रोजाले मुस्लिम समुदायका मानिसको शारीरिक शुद्धिसँगै आत्मिक शुद्धि एवम् असल आचरणप्रतिको प्रतिबद्धतासमेतलाई इङ्गित गर्दछ ।

### ४.५.५ दुलारी उपन्यासमा आदर्शवादी विचारधारा

मान्छेले आफ्ना मानसिक सन्तुष्टिका लागि परम्परादेखि मान्दै आएका जीवनशैली एवम् चिन्तनसँग सहसम्बन्धित विषयवस्तुहरू नै आदर्शवादी विचारधारा हुन् । यसअन्तर्गत कतिपय चिन्तन परम्परित भए पनि आधारहीन र मिथ्या हुन्छन् तथापि मानिसहरूले जानी नजानी तिनलाई आफ्नो पारिवारिक र सामाजिक जीवनमा आत्मसात् गर्दै आएको पाइन्छ । *दुलारी* उपन्यासमा यस्ता कतिपय आदर्शवादी विचारधाराका रूपहरू हेर्न पाइन्छ । तिनका बारेमा यहाँ व्याख्या गर्नु उपयुक्त हुन्छ ।

प्रस्तुत उपन्यासमा थारू गाउँको बाहिर रहेको स्थानीय देवताले गाउँको रक्षा गर्ने मान्यतालाई उजागर गरिएको छ । उपन्यासमा डिहबार थानबारे यस्तो चर्चा गरिएको छ, “गाउँको बाहिर डिहबारको थान थियो । डिहबारको थान गाउँको रखबारी गरेर बसेको देखिन्थ्यो । गाउँभित्र कुनै पनि नराम्रो शक्तिलाई डिहबारले छिर्न दिँदैन भन्ने मान्यता थियो” (पृ. १९) । यस साक्ष्यमा थारूहरूको बसोबास रहेको लहानटोल बाहिर स्थानीय देवताको थान रहेको र उक्त देवताले बाहिरी दुष्ट शक्तिलाई गाउँमा प्रवेश गर्न नदिने जनविश्वासलाई उजागर गरिएको छ ।

‘डिहबार’ भनेको थारू समुदायको स्थानीय देवता हो जसले बाहिरी दुष्ट शक्तिलाई गाउँमा प्रवेश गर्नबाट रोक्छ भन्ने लोकमान्यता रहेको सन्दर्भलाई यहाँ प्रस्ट्याउन खोजिएको छ । यस्तो डिहबारका देवताले गाउँको रक्षा गर्ने जनविश्वास रहेको पाइन्छ । गाउँ वा बस्तीलाई सुरक्षा प्रदान गर्ने भएकोले यिनलाई ग्रामदेवता पनि भन्ने गरिन्छ (राई, जोशी, पुन र महतो (सम्पा.), २०७९, पृ. ३०४) । मधेसका रैथाने थारू समुदायले उक्त अलौकिक देवताप्रति परम्परादेखि विश्वास गर्दै आएको पाइन्छ ।

उपर्युक्त सन्दर्भले मधेसी आदिवासी जनजाति थारू समुदायको स्थानिक आस्था विश्वासको सन्दर्भसमेतलाई उजागर गरेको छ । डिहबार थानको देवताप्रतिको विश्वास लोकमान्यतामा आधारित छ । यस देवताले रक्षा गर्ने नगर्ने कोही कसैलाई थाहा नभए पनि त्यसले स्थानीय थारू समुदायको मानसिकतामा गहिरो छाप छोडेकाले यसले आदर्शवादी विचारधाराको संवहन गरेको छ । यसले पारलौकिक दैवी सत्ता प्रतिको आस्था र विश्वासलाई उजागर गरेकाले यो आदर्शवादी विचारधारा हो ।

*दुलारी* उपन्यासमा मालिकको घरमा काम गर्दागर्दै दुलारीको भाइ बौका अचानक हराएको विषयवस्तुको वर्णन गरिएको छ । बौका त्यसरी हराएकोमा त्यसलाई फेला पार्नका निम्ति उसका परिवारजनले आफ्ना इष्टदेवता दीनाभद्रीलाई भाकल गरेको सन्दर्भ उपन्यासमा यसरी अभिव्यक्त भएको छ, "भाइ हराएको खबरले मुसहरी टोलमा त्रास फैलिएको थियो । बाउ र माईले भाइ चाँडै भेटोस् हाम्रो कुलदेवता दीनाभद्रीलाई भाकल गरे" (पृ. २१६) । यस कथनमा कथित मधेसी दलित समुदायका इष्ट देवता मानिने दीनाभद्रीप्रतिका आस्था र विश्वासलाई उजागर गरिएको छ । प्रस्तुत सन्दर्भमा मधेसी दलित समुदायको मुसहर जातिको पारलौकिक दैवीसत्ता प्रतिको लोकविश्वासको सौन्दर्य मुखरित भएको छ ।

उपर्युक्त कथ्यको पूर्वापर प्रसङ्ग हेर्दाखेरि बौकालाई माओवादी कार्यकर्ताहरूले खेतबाट लगेको उल्लेख गरिएको छ । बौका मालिकको घरबाट एकाएक बेपत्ता भएपछि उसको परिवारका मान्छेहरू आफ्ना इष्टदेवता दीनाभद्रीलाई सम्झेर भाकल गरेको तथ्यलाई उपर्युक्त साक्ष्यले इङ्गित गरेको छ । यस प्रसङ्गमा दीनाभद्रीले हराएको आफ्नो छोरा बौकाको रक्षा गर्नुका साथसाथै भेटाइदिने जनविश्वासलाई प्रस्तुत गर्न खोजिएको छ । दीनाभद्री मधेसी दलित मुसहर समुदायका इष्टदेवताहरू हुन् । मुसहरहरूले दीनाभद्रीको सामूहिक पूजाआजा गर्ने प्रचलन रहेको छ, "मुसहर टोलमा माटोको चारकुने वा गोलो ढिस्को बनाई आफ्ना पुर्खा दिना र भद्रीको स्थायी थान मानेर वर्षमा एक पटक सामूहिक पूजा गर्दछन्" (भगत, २०७०, पृ. २१०) । दुलारीका बाबुआमाले आफ्ना इष्टदेवहरू दीनाभद्रीका भाकल गर्नुले उपन्यासमा आदर्शवादी विचारधाराको प्रतिनिधित्व भएको छ ।

## ४.६ निष्कर्ष

शोधप्रबन्धका लागि छनोट गरिएका उपन्यासहरूमा अभिजात वर्गीय विचारधारा प्रभुत्वशाली विचारधाराका रूपमा चित्रण गरिएको छ । शासकवर्गले शासितवर्ग माथि गरेका दमनकारी व्यवहार, बलशाली व्यवहार आदि प्रभुत्वशाली विचारधाराका रूपमा प्रस्तुत गरिएको छ । शोध्य उपन्यासहरूमा अभिजातवर्गीय मधेसी तथा गैरमधेसी समुदायका विचारधारा प्रभुत्वशाली विचारधाराका रूपमा प्रकट भएका छन् । शक्तिसम्बन्धका हिसाबले निम्नवर्ग कमजोर र अभिजातवर्ग आश्रयी हुने भएकाले निम्नवर्गको विचारधारा अधीनस्थ रहेको छ । सीमान्तीकृत निम्नवर्ग धनी वर्गप्रति आश्रयी हुने भएकाले निम्नवर्ग आफ्नो

अडानमा बस्न गाह्रो भई अधीनस्थ भावधारा बोक्न बाध्य हुने भई तिनका विचारधारासमेत अधीनस्थ हुने प्रस्तुति छ । अधीनस्थ निम्नवर्गले सामाजिक संरचनामा निर्णय गर्न असमर्थ रहने भएकाले यस्तो वर्गको विचारधारा अधीनस्थ देखाइएको प्रस्ट छ ।

मधेसी समुदायको सामाजिक संरचनामा पुरुषसत्ताकै प्रभुत्व रहेकाले पितृसत्तात्मक विचारधाराले प्रश्रय पाएको पुष्टि हुन्छ । यस्तो सामाजिक संरचनामा पुरुष निर्णायक र महिला पुरुषका अधीनस्थ हुने तथ्यबारे शोधमा प्रयुक्त उपन्यासहरूमा प्रकाश पारिएको छ । शोधका लागि विवेचना गरिएका उपन्यासहरूमा पुरुष पात्रहरूलाई निर्णायक भूमिकामा राखिएकाले तिनको अधिक प्रतिनिधित्वको अवस्था छ भने महिला पात्रहरूलाई पुरुषाश्रित अधीनस्थ देखाइएकाले तिनको न्यून प्रतिनिधित्व गराइएको छ । प्रस्तुत शोधमा प्रयुक्त उपन्यासहरूमा पुरुष पात्रहरूकै प्रभुत्वशाली भूमिका एवम् प्रतिनिधित्व गराइएकाले तिनमा पितृसत्तात्मक विचारधाराको संवहन गरेको छ ।

शोधमा विश्लेषण गरिएका उपन्यासमा धामीझाँक्रीप्रतिको विश्वास, देवीदेवताप्रतिको आस्थाविश्वास आदर्शवादी विचारधाराका रूपमा प्रयुक्त छन् । डाक्टरकोमा उपचार गरेर रोग निको हुने भए पनि हकिम र दरगाह बाबाकोमा उपचार गराउन जाने प्रसङ्ग, इस्लाम धर्मावलम्बीका रमजान र मोहर्रमसम्बन्धी सामूहिक विश्वास, मधेसी आदिवासी जनजाति थारू समुदायको गाउँ बाहिर हुने डिहबार थानको पूजासम्बन्धी सामूहिक चिन्तनपद्धति आदर्शवादी विचारधाराका रूपमा अभिव्यञ्जित छन् । झारफुक, टुनामुना, पूजाप्रार्थना, आस्थाविश्वास समुदायका सामूहिक अवचेतनमा अवस्थित रहने भएकाले यी सबबाट आदर्शवादी विचारधाराको सम्प्रेषण भएको छ । आदर्शवादी विचारधारा मान्छेका पारलौकिक सत्ताप्रतिको सामूहिक अवचेतनलाई इङ्गित गर्दछ । यसले मानवका वास्तविक जीवनमा प्रत्यक्ष प्रभाव पारे पनि नपारे पनि यसले तिनका अवचेतन र अचेतन मानसिकतालाई प्रभाव भने अवश्य पारेको हुन्छ ।

# पाँचौँ परिच्छेद

## आधुनिक नेपाली उपन्यासमा सीमान्त मधेसी समुदायको आवाज र प्रतिरोधी चेतना

### ५.१ विषयपरिचय

उपन्यासमा समाजका विविध गतिविधिहरू समेटिएर कलात्मक प्रस्तुति गरिएको हुन्छ । औपन्यासिक पात्रहरू समाजकै सदस्य हुन्छन् । उपन्यासमा तिनले पात्रका भूमिकामा अनेक गतिविधि एवम् क्रियाकलाप सञ्चालन गरेका हुन्छन् । शोधका निम्ति छनोट गरिएका आधुनिक नेपाली उपन्यासमा उपस्थापन गरिएका पात्रहरूका भूमिका, तिनका संवाद आदि के कसरी प्रस्तुत गरिएको छ ? उक्त विषयवस्तुको वस्तुपरक मूल्याङ्कन आवश्यक हुन्छ ।

उपन्यासमा विभिन्न विम्ब र प्रतीक अनि सङ्केतका माध्यमबाट पात्रको अवस्थाको प्रतिनिधित्व गराइएको हुन्छ । शक्तिसम्बन्धका हिसाबले अभिजात वर्ग र निम्न वर्ग, जातीय दृष्टिकोणबाट, मधेसी, गैरमधेसी, मधेसी आदिवासी जनजाति, मधेसी दलित र मधेसी मुस्लिम समुदायका पात्रका बोली प्रभुत्वशाली छ कि कमजोर छ आवाजअन्तर्गत उक्त विषयवस्तु केलाएर हेर्नु उपयुक्त हुन्छ ।

### ५.२ आवाज

उपन्यासमा पात्रका बोली एवम् संवादको अवस्थाको अध्ययन गरिन्छ । आवाजका माध्यमबाट तिनका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक अवस्थाको जानकारी पाउन सकिन्छ । औपन्यासिक पात्रका आवाजका माध्यमबाट उसको सामाजिक हैसियत र शक्तिसम्बन्ध थाहा पाउन सकिन्छ । त्यतिमात्र नभएर उसको वर्गीय, जातीय र लैङ्गिक अवस्थासमेतको अध्ययन गर्न सकिन्छ । पात्रका आवाजसँग उसको सामाजिक आर्थिक सहसम्बन्धसमेत गाँसिएको हुन्छ ।

उपन्यासमा सामाजिक, सांस्कृतिक तथा शक्ति विमर्शका दृष्टिकोणबाट पछि पारिएका सीमान्तीकृत वर्ग, जाति, लिङ्ग, समूह, समुदाय, क्षेत्रका पात्रका आवाजलाई प्राथमिकतामा राखेर अध्ययन गरिन्छ । प्रभुत्वशाली सामाजिक संरचनामा तिनका आवाज के कसरी मुखरित भएका छन् तिनका बारेमा गहन अध्ययन आवश्यक हुन्छ (मेकगवेन, सन् २००८, पृ. २) । परम्परित लेखनलाई चुनौती दिँदै सीमान्तीकृतका आवाजलाई अगाडि ल्याउनु आवश्यक छ जसले मूलधारमा प्रतिनिधित्व गरेकाहरूलाई समानुभूति गर्न र सामाजिक

परिवर्तन गर्नका लागि विरोधी कथा निर्माण गर्न सकोस् भन्ने आशा गरिन्छ । जसअन्तर्गत जाति, पहिचान र सामाजिक न्यायका लागि औपन्यासिक कथावस्तुमा जोडदार चर्चा होस् भन्ने सोचाइ राखिन्छ (मुस्तफा, सन् २०२४, पृ. १४) । आवाजअन्तर्गत सामाजिक न्याय पाउनबाट वञ्चित क्षेत्र, वर्ग, समूह, समुदाय तथा लिङ्गका विषयवस्तुको गहन अध्ययन गरिएको छ ।

### ५.२.१ वाचालता

उपन्यासमा प्रभुत्वशाली र अधीनस्थ वर्ग, जाति र लिङ्गका पात्रहरूको उपस्थापन गरिएको छ । कथ्यवस्तुमा कुन वर्ग, जाति र लिङ्गका पात्रले के कस्ता बोलेका छन् ? तिनका बोलीको सामर्थ्य कस्तो छ उक्त विषयवस्तुको प्राज्ञिक मापन र विश्लेषण आवश्यक रहेकाले यहाँनेर उपन्यासका पात्रका आवाजको बारेमा गहन विश्लेषण गरिएको हो । प्रस्तुत उपन्यासका पात्रहरूमध्ये अधीनस्थ पात्रका स्वर के कति कमजोर वा बलियो रहेको छ सोको अध्ययन गरिएको छ । प्रस्तुत शोधका लागि छनोट गरिएका उपन्यासमा मधेसी र गैरमधेसी समुदायका पात्रहरूको चित्रण गरिए पनि शक्तिसम्बन्धका हिसाबले सीमान्तीकृत र अधीनस्थ रहेको मधेसी समुदायका पात्रहरूको आवाजको अध्ययन गरिएको छ ।

#### (क) अलिखित उपन्यासमा वाचालता

*अलिखित* उपन्यासमा शिवगुलाम शक्तिसम्बन्धका हिसाबले कमजोर पात्र हो । *अलिखित* उपन्यासमा सर्वहारा वर्गका नथुनी तेली र शिवगुलामका बिच ठाकठुक परेको हुँदा शिवगुलामले जमिनदार विश्वनाथप्रसाद सिंहका कारिन्दा नथुनीलाई कडा शब्द यसरी प्रयोग गरेको छ, "....शिवगुलाम जुरूक्क उठ्यो । हातमा आफ्नो बामे सर्ने बच्चा च्याप्यो र भन्न थाल्यो-तोहर बाप के का धरले रहनि हम जे जाके अप्ना बापके चुक्ली लगौलेह रे तोरी बहिन ...आदि" (पृ. ९२) । प्रस्तुत साक्ष्यमा विपन्न वर्गको शिवगुलामले जमिनदारका कारिन्दा नथुनीले आफ्ना विरुद्ध जमिनदारलाई कुरा लगाएकोमा आक्रोश व्यक्त गर्दै आमाचकारी गालीसमेत दिएको स्पष्ट छ । शिवगुलाम र नथुनी तेलीका बिचमा पहिले झगडा भएको रिसइबिका आधारमा नथुनी तेलीले आफ्ना मालिकलाई चुक्ली लगाएकाले शिवगुलामलाई जमिनदारले दिएको जग्गासमेत खोसिएको अनि सोही पोलका आधारमा जमिनदारले शिवगुलामलाई धान ऋण नदिएको भन्ने शिवगुलामको ठम्याई रहेको देखिन्छ ।

यस्तो अवस्थामा शिवगुलाम नथुनी साहप्रति रिसाएर माथिको कथन व्यक्त गर्नु शिवगुलामको वाचालता हो भन्न सकिन्छ ।

**(ख) उलार उपन्यासमा वाचालता**

वाचालता पात्रका बोलीचालीसँग सम्बन्धित रहेको छ । *उलार* उपन्यासमा अधीनस्थ पात्र प्रभुत्वशाली पात्रका विरोधमा केकसरी मुख खोलेर बोलेका छन् ? सोको अध्ययन महत्त्वपूर्ण हुन्छ । प्रेमललवा आफ्ना मालिक राजेन्द्रराज चुनाव हारेपछि निराश भएर द्रौपदीलाई भेट्न जाँदा द्रौपदीले उसलाई गाली गरेकी सन्दर्भ उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, "...राजिन्दरबाबुको खुब धाक लगाउँथिस् नि' भनेर गाली गरी" (पृ. २) । यस कथनमा देहव्यापार पेसा गर्ने द्रौपदीले प्रेमललवालाई गाली गरेर आक्रोश पोखेकी देखिन्छ किनभने अभिजात वर्गका राजेन्द्रराजले चुनाव हार्दाखेरिको विषयवस्तुलाई लिएर विलौना गर्ने र दुःख मनाउ गर्ने प्रेमललवाको व्यवहारबाट द्रौपदी आजित भएकी देखिन्छ । प्रस्तुत कथनमा द्रौपदीले प्रेमललवालाई गाली गरेर विरोध जनाउनु द्रौपदीको वाचालता हो भन्न सकिन्छ ।

देहव्यापार पेसा अपनाउन बाध्य भएकी द्रौपदीले आफ्नो नामभन्दा पनि कामलाई प्राथमिकता प्रदान गर्दै दिएकी अभिव्यक्ति उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, "आखिर नाममा के छ र ? मुख्य कुरो त काम नै हो । 'कामले त म रन्डी हुँ । त्यसैले मेरा लागि नाम र गाली दुवै बराबर" (पृ. ११) । प्रस्तुत साक्ष्यमा द्रौपदी आफू यौनकर्मी भएकीले आफूलाई नाम र प्रतिष्ठासँग कुनै सरोकार नरहेको भन्दै उसले नाम र गाली दुवै बराबर भनेकी हो भन्ने भावलाई उजागर गरिएको छ । यसमा आत्मग्लानिको अनुभूति भएर उसले त्यसो भनेकी हो भन्न सकिन्छ ।

द्रौपदीले आफ्नो पेसालाई स्वीकार गर्दै आफू स्वयम्लाई रन्डीको संज्ञा दिनुलाई उसको वाचालताको अवस्था भन्न सकिन्छ । जसले शरीरलाई पण्यीकरण गरेर जीविकोपार्जन गर्दैछे उसको निम्ति के सम्मान के अपमान ? यस प्रसङ्गमा भौतिक उपभोक्तावादी पुँजीवादी समाज व्यवस्थाको विद्रुप चित्र प्रस्तुत भएको देखिन्छ जहाँ एकजना गरिब नारीको शरीरलाई केवल भोग्य वस्तुको रूपमा पुरुषहरूले उपभोग गर्छन् । उपभोक्तावादी चिन्तनको जगमा निर्मित सांस्कृतिक चिन्तनमा मानिसको शरीरलाई वस्तुको रूपमा परिभाषित गर्दै हरेक मालको बजारीकरण गरिन्छ । लैङ्गिक चेतनाका दृष्टिले नारीको शरीरलाई प्राथमिकता

क्रममा राखेर वस्तुको रूपमा बिक्री गरिन्छ (पौड्याल, २०७७, पृ. २८) । यस सन्दर्भमा द्रौपदीको शरीर केवल उपभोग्य वस्तुको रूपमा प्रयोग गर्दै आएकोले उसले आफ्ना निम्ति नाम र गाली दुवै बराबर भएको स्वीकार गरेकी छ जुन उसको वाचालताको स्थिति हो ।

काठमाडौँमा मन्त्री क्वार्टरमा शान्तिराजालाई भेट्न गएको प्रेमललवाले शान्तिराजाको विजय जुलुसमा आफ्नो घोडी मरेको विषयलाई नडराइकन प्रस्तुत गर्दै प्रेमललवा भन्छ, “उहाँ हजुरको जुलुसमा मेरो घोडी मरेको । हजुरले काठमाडौँ बोलाउनुभएको सरकार, माईबाप” (पृ. ४९) । यस साक्ष्यमा निम्न वर्गको प्रेमललवाले मन्त्री ओहोदाका शान्तिराजालाई आफ्नो विषयवस्तु राख्न सक्नु उसको निर्भीकता हो किनभने मन्त्री क्वार्टरमा पुगेर एउटा श्रमिकले यतिसम्म भन्नु उसको आँटिलो कथन भएकोले यसलाई प्रेमललवाको वाचालता भन्न सकिन्छ । सम्भ्रान्त वर्गद्वारा लिखित इतिहासमा सबाल्टर्नहरूले स्थान नपाए पनि सबाल्टर्नमैत्री साहित्यमा भने यस्तो समूहले स्पेस पाएको हुन्छ (श्रेष्ठ, २०६८, पृ. १५९) । *उलार* सबाल्टर्नमैत्री उपन्यास भएकाले यसमा सबाल्टर्न समूहका पात्र प्रेमललवाले शक्तिशालीका सामुन्ने बोलेको देखिन्छ । प्रेमललवाले शान्तिराजालाई विजय जुलसमा घोडी मरेको प्रसङ्ग सम्झना गराएर उसले अप्रत्यक्ष रूपमा आफ्नो मरेको घोडीको क्षतिपूर्ति माग गरेको आशय झल्किने भएकोले यो उसको वाचालता हो ।

### (ग) घुर उपन्यासमा वाचालता

पात्रले निर्धक्क भएर बोल्नु वाचालता हो । *घुर* उपन्यासमा अविदिता मण्डललाई हक्की स्वभावकी पात्रका रूपमा चित्रण गरिएको छ । *घुर* उपन्यासमा क्रान्तिकारी स्वभावकी अविदिता मण्डलको अभिव्यक्तिलाई यसरी प्रस्तुत गरिएको छ, “....पहडिया कानुन अनायासै अविदिता मण्डल ठुलो स्वरमा कराई” (पृ. ४७) । यस साक्ष्यमा अविदिता मण्डलले राज्यमा मौजुदा रहेको पर्वते समुदायको प्रभुत्वप्रति लक्षित गर्दै पहडिया कानुन शब्द कटाक्षका रूपमा प्रयोग गरेकी छ ।

मधेस आन्दोलनमा अगुवाई गरेकी अविदिता मण्डलले राज्यमा सदियौँदेखि उत्पीडित र उपेक्षित रहेका बहुसङ्ख्यक मधेसी समुदायका हकहितका पक्षमा र राजकीय शासन सत्तामा विराजमान पर्वते समुदायको एकल कानुनको घोर विरोधस्वरूप उसको मुखबाट ‘पहडिया कानुन’ शब्द प्रकट हुनुले उसको वाचालतालाई उजागर गरेको प्रस्ट छ । त्यसैगरी अविदिता मण्डलको निडरपनालाई कथ्यवस्तुमा यसरी प्रस्तुत गरिएको छ, “मधेसीको

भूमिमा मधेसीले शासन गर्न पाउनुपर्छ । आत्मनिर्णयको अधिकार हामीलाई दिनुपर्छ । अविदिता मण्डल हात हल्लाई हल्लाई भन्दै थिई" (पृ. ५०) । यस साक्ष्यमा उपन्यासको मुख्य पात्र अविदिता मण्डलले मधेसीले आफू बस्दै आएको मधेसमा शासन चलाउन पाउनु पर्छ भन्ने कडा नारा लगाएकी सन्दर्भलाई प्रस्तुत गर्नुका साथै मधेसीले राज्यमा आत्मनिर्णयको अधिकारसमेत पाउनु पर्छ भन्ने जिकिर गरिएको छ, "...उनीहरूको भोगाइ, हेपिएको अनुभव एवं अवहेलनाको पीडा सबैभन्दा सघन थियो" (गौतम, २०६९, पृ. ९) । राज्यमा विगत लामो समयदेखि शासन सत्ताबाट वञ्चित रहेका किनारीकृत मधेसी समुदायले आत्मनिर्णयको अधिकारसहित शासनसत्ता सञ्चालन गर्न पाउनु पर्छ भन्ने अविदिता मण्डलको अभिव्यक्तिमा अधिकार प्राप्तिको चाहनासँगै क्रान्तिचेतको भाव सन्निहित रहेकोले यो उसको वाचालताको अवस्था हो ।

### (घ) गुलरको फूल उपन्यासमा वाचालता

*गुलरको फूल* उपन्यासमा सीमान्त मधेसी समूहको वाचालताबारे चित्रण गरिएको छ । यस उपन्यासमा वि.सं.२०१५ सालमा तत्कालीन सरकारले भारतसँग असमान कोशी सन्धि गरेकाले सदनमा विपक्षमा बस्ने दलले उक्त सम्झौताको बारेमा खरो आवाज उठाएको सन्दर्भ यसप्रकार रहेको छ, "सरकारमा बस्नेले कोशी बेचे, अब देशै बेच्छन्" (पृ. १९) । यस साक्ष्यमा तत्कालीन सरकारले छिमेकी देश भारतसँग कोशी नदीको बारेमा द्विपक्षीय सन्धि गरेकोमा सन्धि असमान भएकाले विपक्षी दलका नेताहरूले उक्त सन्धिको बारेमा चर्चा गरेको देखिन्छ ।

उपर्युक्त सन्दर्भमा विपक्षी दलका नेताहरूको वाचालता प्रकट भएको देखिन्छ । रुदलका ज्वाइँले साइकिल दाइजो नपाएकाले उसले खाना नखाने कुरा गरेको प्रसङ्ग यसप्रकार उल्लेख गरिएको छ, "हिरो साइकिल चाहीं । ना त नाखाएम भात" (पृ. १२७) । प्रस्तुत साक्ष्यमा भारतको बसडिलवाका केटा अखिलेशले साइकल दाइजो नपाएर भात नखाने अभिव्यक्ति दिएको देखिन्छ । साइकल दाइजो नपाएका अखिलेशले भात नखाने भन्नु उसको वाचालता हो भन्न सकिन्छ । *गुलरको फूल* उपन्यासमा मधेसी समुदायमा वैवाहिक सन्दर्भमा आर्थिक लेनदेनको विषयवस्तुको उठान गरिएको छ । बहिनी ज्वाइँलाई दिनुपर्ने दाइजोका बारेमा कलौतियाका दाइ रामाज्ञा भन्छ, "दहेज के सामान तिलक मे दिलाइल बा ? कि ना ? अभीन आके काहे लहेंड उखाड ताड ? हमनी ना सकेम साइकिल देवे" (पृ. १९७) । यस साक्ष्यमा बहिनी ज्वाइँलाई पहिले नै तिलक दिई सकेको हुनाले उसको ज्वाइँ

अखिलेशले लफडा खडा गरेकाप्रति रामाज्ञा मुख खोल्न बाध्य भएको हो । यस सन्दर्भमा रामाज्ञाको वाचालता प्रस्ट उजागर भएको हो ।

### (ङ) मालिकहरूको मधेस उपन्यासमा वाचालता

राज्यमा राजनीतिक परिवर्तन भएर गणतन्त्रको स्थापना भए पनि सर्वसाधारणले त्यसको उपभोग गर्न नपाएका विषयवस्तुलाई *मालिकहरूको मधेस* उपन्यासमा यथार्थपरक ढङ्गबाट प्रस्तुत गरिएको छ । गणतन्त्रलाई राज्यमा केवल पहुँच भएका शासकवर्गका अभिकर्ताहरूले सञ्चालन गरेकाले सर्वसाधाराण त्यसको फाइदा लिन वञ्चित भएका सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> पुलकित भन्दै थिए । राजविराजमा भएका सबै अड्डा, अदालत, ब्यारेक, थाना आदि राज्यका हुन् । तर स्वयम् राजविराज भने देश हो । कुरालाई यसरी नबुझेसम्म हामीलाई अझै झुक्याउँन ठूलठूला योजनाहरू बनिरहेका हुन्छन् । तर हामी भने बुझिरहेका हुँदैनौं । विभिन्न पार्टीका मानिसहरू मधेस र मधेसीलाई ठूलो अधिकार दिएको छ भन्दै अहिले गाउँभित्र पस्न थालेका छन् । तर यो सबै फरेब हो, झुठ हो । अहिले पनि हाम्रो अवस्था यस्तो छ कि हामी जवसम्म एउटा टोपी लगाएको मानिसलाई अगाडि लगाएर अड्डाभित्र छिर्दैनौं, तबसम्महामी कसैको पनि सानोभन्दा सानो काम समेत हुँदैन । यसैबाट हामीले बुझ्ने गर्नु पर्छ कि राज्यमा हाम्रो पहुँच छँदै छैन । (पृ. १३५)

उपर्युक्त साक्ष्यमा अप्रभुत्वशाली पुलकितलाल चौधरीले राज्य संरचना र यसका शक्तिशाली संयन्त्रबारे चर्चा गर्दै सीमान्तीकृत मधेसी समुदायको राज्यमा पहुँच नभएको तथ्यलाई प्रस्तुत गरिएको छ । आल्थुसरले भनेअनुसार अड्डा, अदालत, ब्यारेक र थाना सबै प्रभुत्वशाली राज्यका संयन्त्रहरू हुन् (सन् १९७०, पृ. १४) । पुलकितलाल चौधरीले अभिव्यक्त गरेको उपर्युक्त साक्ष्यबाट स्थानीय राजविराजबासीहरूले राजकीय अनुभूति गर्न नपाएका तथ्यलाई उद्घाटन गरेको छ । राज्यमा उपस्थित विभिन्न ठुल्ठुला राजनीतिक दलहरूले सीमान्तीकृत मधेसी समुदायलाई विभिन्न योजना बनाएर रनभुल्ल पार्दै आइरहेको तथ्यलाई पुलकितलाल चौधरीको उपर्युक्त भनाइले प्रस्ट पार्दछ । मधेसीहरूलाई अधिकार दिइएका ठुला पार्टीका अभिमत सरासर झुठ र जालझेल भएको वास्तविकतालाई पुलकितलाल चौधरीले निर्भीकताका साथ भनेका छन् । मधेसीहरू विभिन्न कार्यालयमा

कामकाजका लागि जाँदाखेरि गैरमधेसी समुदायका टोपीवाल मानिसहरूलाई अघि लगाएर जानुपर्ने बाध्यात्मक परिस्थितिको रहस्योद्घाटन गरिएको छ । यस सन्दर्भले राज्यमा मधेसी समुदाय सीमान्तीकृत भएकाले तिनका पहुँच नभएको भाष्यलाई उजागर गरेको छ । उपर्युक्त साक्ष्यमा शक्तिसम्बन्धका हिसाबले राज्यमा मधेसी समुदाय अधिकारविहीन निरीह र शासनसत्ताबाट वञ्चित रहेको तथ्यमाथि प्रकाश पारिएको छ । उपन्यासकार अधिकारीले पुलकितलाल चौधरी अप्रभुत्वशाली भएर पनि उपर्युक्त अभिव्यक्ति दिनु उसको वाचालताको अवस्था हो भन्न सकिन्छ ।

**(च) दुलारी उपन्यासमा वाचालता**

*दुलारी* उपन्यासमा सीमान्त वर्ग, जाति र लिङ्गका पात्रको अभिव्यक्तिको अध्ययन आवश्यक रहेको छ । उपन्यासमा निम्न वर्ग, मधेसी दलित समुदाय र महिला पात्रहरू सीमान्त अवस्थामा चित्रण गरिएका छन् । सीमान्त पात्रहरू अभिजात वर्ग, गैरमधेसी तथा पुरुषका विरुद्धमा केकस्तो अभिव्यक्ति दिएका छन् । त्यसबारे यहाँ अध्ययन गर्नु उपयुक्त हुन्छ । मालिकको घरमा काम गर्दा पनि ज्याला नपाएकी दुलारी त्यहाँ काम गर्न जान अन्कनाउँछे । ऊ आफ्नो मालिकको घरमा काम गर्न नजाने भनी आफ्नी आमालाई भन्छे :

> हम गिरहतनी के घर फोकट मे काम करै दैले नै जेबौ । पैसा दैछै हाइने । पेटभात मे काम कर्रैले के जेतै । (म गिरहतनीको घर जान्नँ ) सित्तैमा किन उसको काम गरिदिने ? पैसा दिने होइन । पेटभात (खाना खुवाएर मात्र काम गराउने) मा मात्र को काम गर्न जान्छ ? (पृ. १८५)

उपर्युक्त साक्ष्यमा मालिकको घरमा गई काम गर्दा पनि पारिश्रमिक नपाएकीले दुलारी त्यहाँ गएर काम गर्न नजाने भनी आफ्नी आमासँग आनाकानी गरेकी हो । मालिक्नीको घरमा सित्तैमा काम गर्न नजाने दुलारीको मानसिकता रहेकोले उसले आफ्नो मनको कुरा आफ्नी आमालाई सुनाएकी हो । शक्तिशाली मालिक्नीले आफ्नो श्रमको शोषण गरेकीले अबउप्रान्त आफू त्यहाँ काम गर्न नजाने कथन आफ्नी आमालाई सुनाउनु दुलारीको साहसिक अभिव्यक्ति भएकोले यो उसको वाचालताको अवस्था हो ।

## ५.२.२ मौनता

उपन्यासमा प्रभुत्वशाली वर्ग, जाति र लिङ्गका पात्रहरूले जेजति ज्यादती गरे पनि अधीनस्थ पात्रले केही पनि नबोली चुप लागेर बस्नु भनेको मौनता हो । अधीनस्थ पात्रहरू

कहिलेकाहीँ प्रभुत्वशाली पात्रका अघिल्तिर केही नबोली पछिल्तिर भने दाह्रा किट्ने, टिकाटिप्पणी गर्ने, मुड्की बजार्ने काम गर्छन् जसलाई मौनता भन्न सकिन्छ । सामाजिक संरचनामा सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक हिसाबले सीमान्तीकृत वर्ग, जाति, समुदाय एवम् लिङ्गका पात्रहरू कमजोर हुने भएकाले तिनीहरू प्रभुत्वशाली वर्ग र समूहका विरुद्धमा आवाज उठाउन असमर्थ हुन्छन् र तिनमा भूमिकामा मौनताको भाव मुखरित हुन्छ ।

सामाजिक संरचना र शक्ति विमर्शका हिसाबले ती पात्रहरू सीमान्तीकृत अवस्थामा हुन्छन् । उपन्यासमा मौनता एउटा मानवीय रणनीति हो जसको माध्यमबाट पाठकलाई केवल पढ्न मात्र नभई तिनलाई महसुस गर्न लगाइन्छ (अमेर, नासेर र अब्दुलमाजिद, सन् २०१९, पृ. ५२–५४) । ग्राम्चीले सीमान्तीयताको अवधारणालाई राजनीतिसँग जोडेर हेरेका छन् । सामाजिक संरचनामा स्वायत्त राजनीतिक शक्तिको कमी भएका समूहहरू सीमान्तीकृत हुन्छन् ।

सीमान्तीयताले विशेष गरी किसानहरू र सर्वहाराहरूलाई आफ्नो अध्ययनको केन्द्रमा राख्तछ । उनले यसलाई व्याख्या गर्दै भनेका छन् विभिन्न धर्म वा संस्कृतिसँग आबद्ध मानिसहरू किनारीकृत जीवन बाँचेका हुन्छन् (स्मिथ, सन् २०१०, पृ. ३९) । सीमान्तीकृत पात्रहरू सत्ता संरचनामा कमजोर अवस्थामा हुने भएकाले तिनले प्रभुत्वशालीका विरुद्धमा बोल्न असमर्थ हुन्छन् ।  यसअन्तर्गत सामाजिक सम्बन्ध अनि शक्तिविमर्शका दृष्टिकोणबाट अप्रभुत्वशाली पात्रका मौनताका अवस्थाको अध्ययन गरिएको छ ।

**(क) अलिखित उपन्यासमा मौनता**

उपन्यासमा प्रभुत्वशाली जमिनदारले कर्मको बारे प्रवचन दिँदा धरीछन केही नबोलिकन चुप लागेर बसेको कथावस्तु यसप्रकार रहेको छ, "....यो सुनेर धरीछन त चुप लाग्यो । हो, उसको अनुहारको गम्भीरता अलिक अझै घनत्वयुक्त देखिन थाल्यो" (पृ. १४८) । यस साक्ष्यमा जमिनदारले गाउँटोलका सबैलाई थर्काएर मान्छेले आफ्नो कर्म गर्न बिर्सनु हुँदैन भन्ने सन्दर्भ धरीछन कोइली जो जमिनदारको कारिन्दा हुन्छ ऊ केही नबोलिकन चुप लागेर बसेको तथ्य उद्घाटन गरिएको छ ।

जमिनदार प्रभुत्वशाली भएकाले उसको कारिन्दा धरीछन कोइली प्रतिरोध गर्न असमर्थ भएको हो । यस प्रसङ्गमा धरीछनको अधीनस्थता पुष्टि हुन्छ । यस उपन्यासमा नदी किनारमा बाँध बाँध्न गएका मजदुरहरूलाई जमिनदारले तथानाम गाली गरेको विषयवस्तु यसरी अभिव्यक्त छ, "....जिम्दारले तीनवटै चितुवाबराबरको गर्जन गरे-एकरी बहिन के ...अपन बेटा के काहे न भेजले त ? बेटा जाइ कमावे, आ ई आ के बेमारी के बहाना बनइहन, त कमवा के करी तोहर बाप ? चन्दा ना दिहन आ बैठिहन नबाब के नाति लेखा" (पृ. १५९) । यस साक्ष्यमा सामाजिक विमर्शात्मक संरचनामा धनाढ्य व्यक्ति जमिनदारले आफ्नो मातहतका गरिबगुरुवालाई थर्काएर आमाचकारी गाली गर्दा पनि लछुमनाले केही बोल्न नसकेको तथ्य प्रस्ट छ ।

उपर्युक्त प्रसङ्गमा के देखिन्छ भने जमिनदार आर्थिक रूपले सम्पन्न भएकाले गाउँटोलमा उसकै रोवरबाफ र हैकम चलेकाले उसका अधीनस्थ लछुमनालगायत मजदुरहरू अवाक बस्नु परेका तथ्य उद्घाटित छ । जमिनदार विश्वनाथप्रसाद सिंहले आफ्नै सामुन्ने आमाचकारी गाली गर्दा समेत लछुमनाले केही जवाफ फर्काउन नसक्नु लछुमनाको मौनता हो जुन शक्तिसम्बन्धसँग पनि जोडिएको छ । सामाजिक आर्थिक अवस्थाअनुसार जमिनदार प्रभुत्वशाली र लछुमना श्रमिक वर्गको अधीनस्थ पात्र भएकोले ऊ मालिकका अगाडि केही बोल्न नसक्नु उसको निरीहता हो । शक्तिसम्बन्धका हिसाबले कमजोर लछुमना विवश भएर मौन बस्नु उसको बाध्यता हो ।

### (ख) उलार उपन्यासमा मौनता

*उलार* उपन्यासमा पुँजीपति वर्गका पात्रहरू प्रभुत्वशाली भूमिकामा प्रतिनिधित्व गराइएका छन् भने विपन्न वर्गका पात्रहरूलाई कमजोर भूमिकामा उपस्थापन गरिएको छ । प्रभुत्वशाली पात्रका क्रियाकलापका अघिल्तिर अधीनस्थ विपन्न वर्गीय पात्रहरू केवल मूक पात्रका रूपमा प्रयुक्त छन् । निम्न वर्गका कमजोर पात्रहरू समुदायका शक्तिशाली पात्रका गलत कामका विरोध गर्न नसकेका तथ्यलाई कथ्यवस्तुमा कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । यस उपन्यासमा सीमान्तीकृत मधेसी समुदायका पात्रहरू लाचार, निरूपाय भएकाले तिनका मौनतासम्बन्धी विषयवस्तु पनि मुखरित भएकाले त्यसको बारेमा विश्लेषण गर्नु उपयुक्त हुने देखिन्छ ।

प्रेमललवा आफ्नो मालिक राजेन्द्रराज चुनावमा पराजित भएपछि ऊ सन्ताप समन गर्नका निम्ति द्रौपदीकहाँ पुगेर द्रौपदीलाई 'रन्डी' भनेर गाली गर्दा पनि द्रौपदीले केही जवाफ नफर्काएकी सन्दर्भ उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, "...साली रन्डी, दुनियाँसित मुख टाँसेर सुत्छेस्, गन्हाउँदैन । मेरो गन्हाउने ?" (पृ. १३) । यस प्रसङ्गमा प्रेमललवा प्याज खाएर द्रौपदीसँग यौनसम्पर्क गर्न खोज्दाखेरि द्रौपदीले मुख गन्हाउने जवाफ दिएकीले प्रेमललवा रिसाएर उसलाई रन्डी भनेको हो । प्रेमललवाले द्रौपदीको सामुन्नेमै चरित्रहीन आइमाई  भनेर गाली गर्दा पनि उसले जवाफ नफर्काइन चुपचाप बस्नु वास्तवमा द्रौपदीको मौनता हो । लैङ्गिक दृष्टिकोणबाट प्रेमललवा शक्तिशाली र द्रौपदी अधीनस्थ भएकीले उसले विरोध जनाउन नसकेकी हो । प्रेमललवाले आफूलाई अपमानजनक चरित्रहीन आइमाई शब्द प्रयोग गर्दा पनि द्रौपदीले विरोध नगर्नु उसको मौनताको परिचायक हो ।

प्रहरी सहायक निरीक्षक विष्णुले पैसा नतिरिकन यौनसम्पर्क गर्दाखेरि सीमान्तीकृत द्रौपदीले मनमनै विरोध गरेकी प्रसङ्ग यस्तो छ, "....असइ विष्णु आयो र उसलाई गिजोल्न थाल्यो । साला, फिरीमा दिनुपर्छ, त्यो पनि दुखाइ सहेर, उसले मनमनै विष्णुलाई गाली गरी" (पृ. ३३) । विष्णु राज्यको प्रहरी प्रशासनमा भएकोले ऊ शक्तिशाली भूमिका छ  तसर्थ सीमान्तीकृत द्रौपदीसँग उसले पैसा नतिरिकन यौनसम्पर्क गर्दा पनि खुलेर विरोध गर्न असमर्थ भएकी हो । असइ विष्णुले आफ्नो अख्तियार दुरूपयोग गरेर एउटी वदिनीसँग उसको इच्छा विपरीत समागम गरेको छ । यस सन्दर्भमा यौनकर्मी द्रौपदी सीमान्तीकृत अवस्थामा भएकीले उसले शक्तिशाली पदाधिकारी असइ विष्णुलाई मनमनै गाली गरेकी हो । यस प्रसङ्गमा असइ विष्णुले द्रौपदीको यौनशोषण गरे पनि द्रौपदीले खुलेर विरोध गर्न नसकेकीले द्रौपदीको मौनता झल्किन्छ ।

प्रेमललवा शान्तिराजालाई काठमाडौँमा भेट्न आएको बेला एउटा चियापसलेलाई पुल्चोक कता पर्छ भनी सोध्दा चियापसलेले प्रेमललवालाई फर्काएको जवाफ यस्तो रहेको छ :

> ओर्लनेबित्तिकै एउटा चियापसलेसित पुल्चोक कता पर्छ भनी सोध्यो । चियापसले दस पाउन्ड दूध फाटेको रिसमा थियो । त्यसैले आफ्नो गुप्ताङ्गतिर देखाउँदै उसले भन्यो, 'यी याँ पर्छ मुला, मर्स्या । प्रेमललवाले थप केही सोधेन । पहाडिया

रिसाएको छ भन्ने थाहा पाइहाल्यो । अर्को पसलतिर लाग्यो र पुल्चोक जाने बाटो सोध्यो । (पृ. ३८)

उपर्युक्त साक्ष्यमा प्रेमललवालाई काठमाडौँमा पहाडिया समुदायको चियापसलेले हेपेर 'मर्स्या' भन्ने गाली गर्नुका साथै चियापसलेको विभेदकारी व्यवहार झल्किन्छ, "काठमाडौँ उपत्यकावासीका लागि चिम्सा आँखा भएका जाति 'सें' (भोटे), मध्यपहाडी भागका मानिस 'खयँ' (पर्वते) तराईवासी सबै 'मर्स्या' (मधिसे) हुन्" (विष्ट, सन् २०१०, पृ.ट-ठ) । मधेसतिरबाट आउने कालो अनुहारका मधेसी समुदायका मान्छेहरूलाई यहाँका आदिवासी जनजाति नेवारहरूले असमान व्यवहार गर्दै 'मर्स्या' प्रयोग गर्ने सन्दर्भलाई यस प्रसङ्गले इङ्गित गरेको छ । मधेसी समुदायका प्रेमललवालाई काठमाडौँको नेवार समुदायको चियापसलेले 'मर्स्या' भनेर होच्याउँदासमेत उसले केही प्रतिक्रिया नजनाउनु भनेको उसको निरीहताका साथै मौनता हो ।

### (ग) दुलारी उपन्यासमा मौनता

प्रभुत्वशाली अभिजात वर्ग, गैरदलित र पुरुषका विरुद्धमा केही पनि बोल्न नसक्नु अथवा चुपचाप रहनु मौनताको अवस्था हो । *दुलारी* उपन्यासमा निम्न वर्ग, मधेसी दलित समदाय र महिलाहरू अन्याय, अत्याचार र बेथिति अनि थिचोमिचोका विरुद्धमा बोल्न नसकी सबैथोक सहेर बस्नु मौनता हो । *दुलारी* उपन्यासमा मालिक्नीले जथाभावी भन्दा पनि त्यसको विरोधमा बड्कीमाईले प्रतिक्रिया जनाउन नसकेकी अवस्थालाई यसरी प्रस्तुत गरिएको छ, "....गिरहतनीको कुरा सुनेर बड्कीमाई चुप लागिन् । बासी भात र तरकारी लिएर सबै जना निराश मन लिएर आफ्नो झुपडीतिर लागे" (पृ. २४२) । यस साक्ष्यको पूर्व प्रसङ्गमा बड्कीमाईले गिरहतनीसँग पुरी माग्दाखेरि गिरहतनीले पुरी पाहुना मात्रका लागि पकाएकी र पुरी वितरण गरेर सकिएको अनि लिने भए भात, तरकारी मात्र लिएर जाओ भन्दाखेरि केही बोल्न नसकी बासी भात, तरकारी लिएर घर फर्केकी विषयवस्तुलाई इङ्गित गरिएको छ । गिरहतनी अभिजात वर्गको प्रभुत्वशाली भएकी र बड्कीमाई सोही अभिजात वर्गको घरमा काम गर्ने श्रमजीवी वर्गको अधीनस्थ पात्र भएकीले उसले गिरहतनीको विरोधमा प्रतिक्रिया जनाउनुलाई असहज ठानी चुपचाप बसेकी देखिन्छ । अभिजात वर्गकी गिरहतनी शक्तिसम्बन्धका हिसाबले प्रभुत्वशाली भएकीले बड्कीमाई चाहेर पनि उसको विरोध गर्न नसकेकी हो भन्ने पुष्टि हुन्छ । वर्गीय सम्बन्धले सामाजिक सम्बन्धहरूमा अहम् भूमिका निर्वाह गरेको हुन्छ । वर्गीय सम्बन्धहरू र वर्गीय स्थानहरूले वैयक्तिक जीवनका

अवसरहरू र सामाजिक संस्थाका प्रकार्यहरू निर्धारण गर्दछन् (ज्याकोपोभिच, सन् २०१४, पृ. २) । यस साक्ष्यमा बड्कीमाई अधीनस्थ पात्र भएकीले उसले गिरहतनीको अप्रिय र अस्वाभाविक भनाइलाई चुपचाप सहेकी हो ।

## ५.३ प्रतिरोध

प्रतिरोधको अर्थ विरोध हो । उपन्यासमा शक्तिशाली वर्ग, जाति, लिङ्गका पात्रका विरुद्धमा कमजोर वर्ग, जाति, लिङ्गका पात्रले प्रतिक्रिया जनाउनु प्रतिरोध हो । प्रतिरोध शक्तिका विरुद्ध विरोधको स्वर हो । वर्गीय संरचना भएको समाजमा अभिजात वर्ग शक्तिशाली र निम्न वर्ग कमजोर हुन्छ । त्यसैगरी जातीय संरचनामा गैरदलितका सापेक्षमा दलित कमजोर हुन्छ र पितृसत्तात्मक विमर्शात्मक संरचनामा पुरुषभन्दा महिला कमजोर मानिन्छे । यस्तो सन्दर्भमा अभिजात वर्गको विरोधमा सर्वहारा वर्ग र निम्न वर्ग, जातीय सन्दर्भमा गैरदलितका विरोधमा दलितले अनि लैङ्गिक विमर्शात्मक संरचनामा पुरुषका तुलनामा महिला कमजोर हुन्छे । कमजोर पात्रले के कसरी प्रतिक्रिया जनाएको छ उक्त विषयवस्तुको अध्ययन प्रतिरोधअन्तर्गत गरिन्छ ।

### ५.३.१ वाचिक प्रतिरोध

उपन्यासमा कमजोर पात्रले शक्तिशालीका विरुद्ध बोलेर विरोध गर्नु वाचिक प्रतिरोध हो । यसमा शक्तिसम्बन्धसमेत गाँसिएको हुन्छ । साहित्यमा प्रतिरोधको ऐतिहासिक सन्दर्भ अध्ययन गर्दै जाँदा उपनिवेशवाद, नागरिक अधिकार प्राप्तिका आन्दोलनहरू र अधिनायकवादी शासनका विरोधमा लेखिएको पाइन्छ । यसअन्तर्गत विभिन्न प्रकारका दमनका विरोधमा सङ्घर्ष गरिएको पाइन्छ । शक्तिका समकालीन समस्याहरू, सामाजिक रूपान्तरण । असमानताको विरोधमा आख्यानको माध्यमबाट प्रतिरोध गरिएको पाइन्छ । उक्त विषयवस्तुहरू पात्रका अभिव्यक्तिका माध्यमबाट प्रयोग गरिन्छ (हार्पर, सन् २०२५) बोलेर प्रतिक्रिया जनाउनु वाचिक प्रतिरोधको अवस्था हो । यसअन्तर्गत कमजोर पात्रको अभिव्यक्तिको अध्ययन गरिन्छ । कमजोर पात्रले प्रभुत्वशाली पात्रका विरोधमा केकस्ता शब्द वा वाक्य प्रयोग गर्छ उक्त विषयवस्तुको अध्ययन वाचिक प्रतिरोधमा महत्त्वपूर्ण हुन्छ ।

#### (क) अलिखित उपन्यासमा वाचिक प्रतिरोध

वाचिक सङ्घर्षमा दमित वर्ग, जाति र लिङ्गका पात्रहरूले शक्तिशाली दमनकारी वर्ग, जाति र लिङ्गका विरुद्धमा बोलेका संवाद तथा अभिव्यक्तिलाई राख्न खोजिएको हो ।

उत्पीडित वर्ग, जाति र लिङ्गसँग सम्बन्धित पात्रका बोली केकस्तो रहेको छ ? उक्त विषयवस्तुको प्राज्ञिक अध्ययन आवश्यक रहेको छ । *अलिखित* उपन्यासमा काठमाडौँबाट बिरहिनपुर बरेवामा उत्खनन गर्न आएको टोली समूहमध्येका कर्णबहादुरले दिने गरेको न्यून ज्यालाको मधेसी समुदायका मजदुरहरूले गरेको विरोधको भाषा यसप्रकार रहेको छ, "... चार सेरकै बनिहारीमा, त्यो अपरिचित काम किन गर्ने ? खेत खनेरै किन नबस्नु ? कुरा ठीक" (पृ. ६३) । यस साक्ष्यमा कर्णबहादुरले थोरै ज्याला दिएर उत्खननको काममा लगाउँदा मधेसी समुदायका मजदुरहरूले त्यसको विरोध गरेको देखिन्छ । यस प्रसङ्गमा मजदुरहरूले वाचिक सङ्घर्ष गरेको पुष्टि भएको छ ।

विवेच्य उपन्यासमा जमिनदार विश्वनाथप्रसाद सिंहका कारिन्दा नथुनी साह तेलीका विरुद्धमा गरिब वर्गको शिवगुलामको अभिव्यक्ति यसप्रकार रहेको छ, "....गाँजा तानेर बसिरहेको शिवगुलाम जुरुक्क उठ्यो । हातमा आफ्नो बामे सर्ने बच्चा च्याप्यो र भन्न थाल्यो-तोहर बाप के का धरले रहनि हम जे जाके अपना बापके चुक्ली लगौलेह रे तोरी बहिन" (पृ. ९२) ।

उपर्युक्त साक्ष्यमा नथुनी साह तेलीले आफ्ना मालिक विश्वनाथप्रसाद सिंहलाई शिवगुलामका विरोधमा जथाभावी कुरा लगाएकाले विश्वनाथप्रसाद सिंह आक्रोशित भई शिवगुलामलाई मागेजति ऋण प्रदान नगरेकाले शिवगुलामले नथुनी साह तेलीलाई कटाक्ष प्रयोग गर्दै उपर्युक्त अभिव्यक्ति दिएको स्पष्ट छ ।

**(ख) उलार उपन्यासमा वाचिक प्रतिरोध**

शक्तिसम्बन्धका हिसाबले प्रभुत्वशाली अभिजात वर्ग र लैङ्गिक कोणबाट पुरुषका विरुद्धमा निम्नवर्ग र महिलापात्रले बोलेर प्रतिक्रिया जनाएका सन्दर्भहरू *उलार* उपन्यासमा वाचिक सङ्घर्षका रूपमा आएका छन् । यहाँनेर तिनका बारेमा व्याख्या गरिएको छ । श्रमिक वर्गको कलुवा पाँच रुपियाँको नोट बोकेर यौनसम्पर्कका लागि सावित्रीकोमा जाँदाखेरि सावित्रीले कडा प्रतिक्रिया जनाउँदै भनेकी अभिव्यक्ति यस्तो छ, "पाँच रूपैयाँमा पुरी त आउँदैन, मेरो ...आउँछ ? .... उः त्यो बज्यैकहाँ जा' भनेर पैतालीसपचासकी कुन्तीलाई देखाइदिन्छे" (पृ. ४) । प्रस्तुत साक्ष्यमा सस्तो मोलमा शारीरिक सम्पर्क गर्न खोज्दाखेरि सावित्रीले कलुवालाई घुर्क्याउँदै नखरा गरेकी सन्दर्भमा सावित्रीको सशक्त स्वर अभिव्यञ्जित छ । मजदुर वर्गको कलुवा जम्मा पाँच रुपियाँ दिएर सावित्रीसँग यौन तृष्णा

मेट्न खोज्दाखेरि आफू तरुनी भएकीले त्यति सस्तोमा यौनसम्पर्क नराख्ने भन्दै अस्वीकारको भाव व्यक्त गर्दै आफूभन्दा बृद्ध पैतालीसपचासकी कुन्तीलाई देखाएकी छ । यस प्रसङ्गमा यौनकर्मी सावित्रीको कलुवाप्रतिको वितृष्णा भाव अभिव्यक्त हुनुका साथै विरोधको भावसमेत प्रकट भएको छ । लैङ्गिक दृष्टिकोणबाट कलुवा शक्तिशाली रहेको छ भने सावित्री अधीनस्थ रहेकी भए पनि सावित्रीले नै कलुवालाई हप्काउँदै यौन सम्पर्क राख्न असहमतिसमेत जनाएकी छ ।

प्रेमललवा आफ्नो घोडी विजय जुलुसमा मरेको कुरा सम्झाउने क्रममा शान्तिराजालाई भन्छ, "मालिक, जुलुसमा ओभरलोडले घोडी मरेको...?" (पृ. ३२) । विपन्न वर्गको प्रेमललवा आफ्नो मालिक राजेन्द्रराजको चिठीका बारेमा शान्तिराजाले नसम्झे पछि शान्तिराजाको विजय जुलुसमा आफ्नो घोडी मरेको स्मरण गराएको देखिन्छ । यस प्रसङ्गमा विपन्न वर्गको प्रेमललवाले प्रभुत्वशाली शान्तिराजाको सामुन्नेमा बोल्नु नै एक वाचालताको स्थिति हो किनभने उसले शान्तिराजाको विजय जुलुसमा उसको घोडी मरेको भन्नुको तात्पर्य अप्रत्यक्ष रूपमा त्यसको क्षतिपूर्तिको खोजी हो । मजदुर वर्गको प्रेमललवाले प्रभुत्वशाली नेता एवम् अभिजात वर्गको शान्तिराजालाई आँट गरेर भन्नु नै ठुलो कुरा हो भन्न सकिन्छ । प्रेमललवाको अभिव्यक्तिमा उसको मरेको घोडीको क्षतिपूर्तिको खोजीको आशय लुकेको देखिन्छ ।

### (ग) घुर उपन्यासमा वाचिक प्रतिरोध

*घुर* उपन्यासमा पात्रहरूले शासनसत्तामा रहेका प्रभुत्वशाली पर्वते समुदायका विरोधमा प्रतिक्रिया जनाएका विषयवस्तु चित्रण गरिएको छ । यस उपन्यासमा बेचनी बाँतरको अभिव्यक्ति यस्तो छ, "....'नइचलत-नइचलत' बेचनी बाँतरसहित सबैजना एकै स्वरमा कराए" (पृ.४७) । यस साक्ष्यमा बेचनी बाँतरले पर्वते समुदायको मनपरी शासनको कडा विरोध गर्दै यस्तो शासन चल्दैन चल्दैन भन्ने कडा प्रतिक्रिया जनाउँदा उसलाई धेरैले साथ दिएको प्रस्ट देखिन्छ । यस साक्ष्यको पूर्व प्रसङ्गमा अविदिता मण्डलले 'पहाडिया कानुन' उच्चारण गर्दाखेरि त्यसको जवाफमा बेचनी बाँतरले स्थानीय भाषामा 'नइचलत-नइचलत' भन्ने जवाफ दिएकी हो । बेचनी बाँतरको अभिव्यक्ति भनेको शक्तिशाली पर्वते समुदायका विरुद्धको सशक्त स्वर हो भन्न सकिन्छ ।

राज्यमा हक अधिकार नपाएका सीमान्तीकृत मधेसी समुदायका तर्फबाट अधिकारप्राप्तिका लागि आवाज बुलन्द गर्दै अविदिता मण्डलले दिएकी अभिव्यक्ति कथ्यवस्तुमा यस्तो छ, "....हामीलाई हाम्रो हकअधिकार चाहिन्छ । होइन भने हामी छुट्टै स्वतन्त्र राज्यको माग गर्न पछि नपर्न सक्छौँ । अविदिता मण्डल उग्र भई" (पृ. ६२) । यस साक्ष्यमा राज्यमा मधेसी समुदायको अधिकारको लागि माग गर्दै अधिकार नपाएको खण्डमा मधेसीले आफ्नो विशिष्ट पहिचानको छुट्टै राज्यको माग गर्न सक्ने चेतावनीपूर्ण भाषाको प्रयोग गरिएको छ ।

प्रस्तुत भाष्यमा राज्यप्रति अविदिताको आक्रोशपूर्ण अभिव्यक्तिका साथसाथै कडा चुनौतीको अभिव्यक्ति दिएकी प्रस्ट देख्न सकिन्छ । यहाँनेर राज्यको विद्यमान संरचनाको ठुलो विरोध गरेको देखिन्छ । प्रतिरोध विद्यमान प्रभुत्वशाली संरचना विरुद्धको एक किसिमको लडाइँ र विद्रोह हो (सिंह, सन् २०२०, पृ. २१८) । प्रस्तुत साक्ष्यमा अविदिताको अभिव्यक्तिका माध्यमबाट राज्यप्रतिको हाँकलाई देखाउन खोजिएको छ ।

### (घ) गुलरको फूल उपन्यासमा वाचिक प्रतिरोध

*गुलरको फूल* उपन्यासमा विवाहका लागि जन्ती लिएर आएका भारतको बसडिलवाको वर अखिलेशले हिरो साइकल दाइजो माग गर्दाखेरि भुलुवा जङ्गिएर यस्तो अभिव्यक्ति दिएको छ, "ना होई सादी-ओदी । फिर्ता लेजा बराती । धोखबाज कहीं के । सादी के मुहुरत पर आके अइसन बात कइल जाला ? हमनी कहाँ से ले आएम साइकल एहबेरा ?" (पृ. १९८) । यस साक्ष्यमा जन्ती लिएर आएका वर अखिलेशले हिरो साइकलको माग राखेर अनावश्यक लफ्डा झिकेकाले भुलुवा त्यस व्यवहारबाट क्रुद्ध भएर केटालाई जन्ती फिर्ता लैजान भनेको हो । मधेसी समुदायमा वर पक्ष प्रभुत्वशाली मानिन्छ । यद्यपि यहाँनेर भुलुवाले वर पक्षलाई नै झपार्दै जन्ती फिर्ता लैजान भन्नु भुलुवाको वाचिक सङ्घर्ष हो ।

### (ङ) मालिकहरूको मधेस उपन्यासमा वाचिक प्रतिरोध

*मालिकहरूको मधेस* उपन्यासको कथ्यवस्तुको आरम्भमै मधेस आन्दोलित भएको सन्दर्भ छ । उपन्यासमा पूरै मधेस आन्दोलनमय भएको उल्लेख गरिएको छ, "आन्दोलनको उफान छ पूरै मधेस र देशभरि । बितेको एक महिनादेखि तराई मधेसका के गाउँ के शहर, प्राय सवैतिरका मानिसहरू घरघरबाट बाहिर निस्केर बिहानैदेखि नाराजुलुसमा भाग लिइरहेका छन्" (पृ. ३०) । प्रस्तुत साक्ष्यले मधेसीहरू राज्यका विरुद्धमा विद्रोह गरेको विषयवस्तुलाई

इङ्गित गर्दछ । जब शासक वर्गले दमन गर्छ तब शासित वर्ग आन्दोलित हुन्छ । यो शक्तिसम्बन्धसँग जोडिएको विषयवस्तु हो । शक्ति भएकै ठाउँमा प्रतिरोध हुन्छ । शक्ति र प्रतिरोध एउटै सिक्काका दुइटा पाटाजस्तै अभेद्य हुन्छन् ( सिंह, सन् २०२०, पृ. २१८) । प्रस्तुत प्रसङ्गमा दमित र अप्रभुत्वशाली मधेसी समुदायले राज्यको विरुद्धमा सशक्त आवाज उठाएको प्रस्ट छ ।

यस उपन्यासको कथ्यवस्तुमा मधेस आन्दोलनमा मधेसका सबै उमेर समूहका नागरिकहरू सहभागी भएको उजागर गरिएको छ :

> बच्चावालीहरु पनि बच्चा बोकेर जाओ । त्यसपछि हरौँ त कसरी लाठी चार्ज गर्दो रहेछ सरकारले ।
>
> भरिसक बच्चावाली जनानीहरुलाई जुलुसको सबैभन्दा अगाडी लगाउनु त्यस पछि लाठीवाला युवकहरु बस्नु ती बच्चा र महिलाहरुको सुरक्षाका लागि ।
>
> जव पुलिसले ती महिला र बच्चा माथि लाठी चलाउन सिट्ठी फुक्छ उत्तिखेरै महिला र बच्चालाई पछि पारेर युवकहरु अगाडी सरेर पुलिससँग भिड्नु भनेर पुलिसवालाले जुलुसमा जानेहरुलाई निर्देशन दिएका हुन्थे । (पृ. ४२)

उपर्युक्त साक्ष्यमा मधेसको आदिवासी जनजाति एवंम् गाउँको वयोवृद्ध पुलकितलालको निर्देशनमा मधेसका युवायुवती, बाल, बृद्ध, वनिता सबैजना प्रहरी शक्तिको विरोधमा डटेर मुकाविला गर्न तयार हुन थालेको प्रसङ्गलाई सङ्केत गर्न खोजिएको छ । यस साक्ष्यले मधेसका उत्पीडित र अपहेलित नागरिकहरू राज्यविरुद्ध लाठीफर्सासमेत बोकेर आन्दोलन गर्न अघि सरेका तथ्यलाई इङ्गित गर्दछ । यस प्रसङ्गमा अप्रभुत्वशाली मधेसीहरू राजकीय दमनका विरुद्ध सबैजना जुर्मुराएका विषयवस्तुलाई सजीव चित्रण गरिएको छ । प्रस्तुत सन्दर्भले मधेसका उत्पीडितहरूको वाचाल प्रतिरोधलाई पुष्टि गर्दछ ।

*मालिकहरूको मधेस* उपन्यासमा भुलुरको अभिव्यक्तिको माध्यमबाट प्रतिरोधी चेतको स्वर मुखरित भएको छ, । प्रस्तुत उपन्यासको कथ्यवस्तुमा सीमान्तीकृत मधेसी समुदायको पात्र भुलुरले शक्तिशाली पात्रका विरुद्धमा आफ्नो तीव्र अभिव्यक्ति दिएकी कथन यस प्रकार रहेको छ :

हम्रा सबके मधेसी छि, जाने नैछि तु ? तखन डिएसपीके कान फुँकेवाला पछवरिया टोलके पहडिया रहै वाहा त छि मधेसीके पिटाबेवाला । ओकर बाप कुन न पहाडसे आइवके मधेसमे बैठला कतेक वरिस भ्यागेल । आइ छिए बड धनिक ।

हमर बाबु कहेछैल उ कोनो मधेसी क आदमी नै गनैय कहैछे मधेसीसव । मुहके बात नै बुझैय लातके बात बुझैय । (पृ. ५०)

प्रस्तुत साक्ष्यमा पहाडबाट आएर मधेसमा प्रभुत्व जमाएको निश्चित पर्वतेप्रति भुलुरको तीव्र आक्रोश प्रकट भएको देखिन्छ । भुलुरलाई आफ्नो जन्मथलोमा अन्यत्रको मान्छे आएर प्रभुत्व जमाएको मन नपरेकाले उसले पटक पटक 'पहडिया' विशेषण प्रयोग गरेकी हो भन्न सकिन्छ । यसरी विद्यालय पढ्दै गरेकी भुलुरले शक्तिशालीका विरुद्धमा खुलेर बोल्न सक्नु वास्तवमा उसको वाचाल प्रतिरोध हो ।

पर्वते समुदायका शक्तिशाली मान्छेहरूले उर्वर मधेसलाई आन्तरिक उपनिवेश बनाएर दोहन गरिरहेकोप्रति भुलुरको तीव्र रोष प्रकट भएको देखिन्छ । मधेसीहरूलाई सामाजिक, राजनीतिक र आर्थिक रूपमा आन्तरिक औपनिवेशीकरणको जस्तो मारमा पारिदिएका छन् ( यादव, २०५४, पृ. ग) । प्रस्तुत साक्ष्यमा भुलुरको सामाजिक संरचनामा शक्तिशाली रहेका पर्वतेका विरुद्धको स्वर भनेको आन्तरिक उपनिवेशका विरुद्धको सशक्त स्वर हो भन्न सकिन्छ । मधेसीहरू कुराकानीबाट नबुझ्ने भएकाले तिनलाई लात्तीले हानेर ठेगानमा लगाउनुपर्छ भन्ने भाष्यमा पर्वते शक्तिको दम्भ र अहङ्कार समावेश भएको देखिन्छ ।

प्रस्तुत उपन्यासमा असर्फीलालकी छोरी सविताले त्रिचन्द्र क्याम्पसको सांस्कृतिक कार्यक्रममा आफूलाई मधेसकी छोरी भनेर चिनाएकी प्रसङ्ग छ । मधेसबाट देशको केन्द्रीय राजधानीमा पढ्न गएकी सविताले आफूलाई नेपालकी छोरीभन्दा पनि मधेसकी छोरी भनेर परिचय गराएकी सन्दर्भ छ । यस प्रसङ्गमा सविताले मधेससँग जोडिएको विशिष्ट पहिचान खोजेकी देखिन्छ, "नेपालभित्र मधेस पनि छ भन्ने कुराको बोध होस् भनेर मैले आफूलाई मधेसकी छोरी भनेर चिनाउँने गरेकी छु । के तपाईंलाई यो कुरा चित्त बुझेन र ? हुन त नेपालका युवकहरूलाई यतिखेर मधेसलाई नेपालभन्दा फरक देख्ने रोग लागेको जस्तो छ" (पृ. १४१) । यस साक्ष्यमा सविताले आफूलाई मधेसीकी छोरीको संज्ञा दिएर चिनाउने सन्दर्भले मधेसको भेगीय पहिचानलाई उजागर गर्न खोजेकी प्रस्ट छ । सांस्कृतिक विमर्शमा सीमान्तीकृत वर्ग, जाति, समुदाय र लिङ्गका पात्रले आफ्नो पहिचानको खोजी गर्छ ।

सामाजिक विमर्शात्मक संरचनामा पहिचान, प्रतिनिधित्व र शक्तिसम्बन्धसँग जोडिएको विषयवस्तु हो ।

शक्तिसम्बन्धका हिसाबले कमजोर र पहिचानविहीन, अल्पसङ्ख्यक एवम् अप्रतिनिधित्व पात्रले पहिचानको खोजी गर्दछ । पहिचान ऐतिहासिक र राजनीतिक परिप्रेक्ष्यभित्र निर्माण भएका हुन्छन् (उप्रेती, २०६८, पृ. २७८) । प्रस्तुत सन्दर्भ मधेसी समुदायको सौन्दर्यसँग अन्तर्सम्बन्धित विषयवस्तु पनि हो । मधेस भौगोलिक हिसाबले नेपालको दक्षिणी समथर भूभागमा छिमेकी देश भारतसँग सिमाना जोडिएको छ । राज्यसत्तामा बस्ने प्रभुत्वशाली जमातले मधेस र मधेसी समुदायको अस्तित्वलाई आत्मसात् नगरेकाले सविताले असहज अनुभूत गरेर आफूहरूसँग अन्यजस्तो व्यवहार गरेकोमा असन्तुष्टि व्यक्त गरेकी हो । यस साक्ष्यमा राज्यसत्तामा बस्ने युवाहरूले मधेस र मधेसीप्रति अन्यजस्तो पृथक् र असमान व्यवहार गरेको तथ्य उजागर भएको छ । अन्य व्यक्ति, जाति, समूह, समुदायसँग सम्बन्धित विषयवस्तु हो ।

'अन्य' भन्नुको तात्पर्य आफूजस्तै नठानिकन अरूको फरक र विशिष्ट पहिचान र अस्तित्व स्वीकार नगर्नु हो । अन्य दमित र बहिष्कृत समूहको सदस्य हो जसको पहिचानको अभाव हुन्छ । यो विभेदसँग सम्बन्धित विषयवस्तु हो । यो यस्तो बहिष्कृत समूह हो जुन समूहको वक्ताको अभिव्यक्ति स्वीकार गरिँदैन (मजिद, सन् २०२२, पृ. ११३) । आफ्नै देशभित्र पनि मधेस र मधेसीलाई हेर्ने फरक विश्वदृष्टिप्रति सविताको कटाक्ष मुखरित भएको छ । यस कथनमा राज्यको प्रभुत्वशाली सत्ताशक्तिमा रहेका युवाहरूको मनपरी र विभेदकारी व्यवहारप्रति मधेसी समुदायको असन्तुष्टि र आक्रोशको भाव अभिव्यञ्जित भएको छ ।

प्रस्तुत साक्ष्यमा राज्यले मधेसलाई आफ्नो अङ्गको रूपमा गणना नगरेर उपेक्षित व्यवहार गर्दै आएकोप्रति सविताले कडा प्रतिरोध जनाएकी छ । यस सन्दर्भमा केन्द्रीय सत्तासम्म मधेसीहरूको पहुँच नभएकाले मधेसले आफ्नो विशिष्ट पहिचान पाउनबाट वञ्चितीकरणको पीडा भोग्नु परेको अभिव्यक्ति छ । राज्यले मधेसलाई चिन्न नखोजेको प्रति सविताको रिस प्रकट भएको देखिन्छ । 'मधेस' नौलो शब्द होइन । नेपालको चुरे प्रदेशभन्दा दक्षिणतिरको समथर भूभाग तराई हो । यही तराईलाई नै मधेस भन्ने गरिएको छ । विगतमा मधेस शब्दले त्यति ख्याति पाउन नसक्नु भनेको केन्द्रीय सत्ता शक्तिमा

मधेसीहरूको पहुँच नभएकै हो । नेपालको समग्र भूगोललाई हिमाल, पहाड र मधेस प्रदेश भनी उल्लेख गरिएको पाइन्छ (विष्ट, सन् २०१०, पृ. ट) । सविता सीमान्तीकृत मधेसी समुदायको पात्र भएकीले उसले राष्ट्रिय स्तरमा आफ्नो छुट्टै पहिचान खोजेकी हो ।

नेपालका युवाहरूको मनोविज्ञानमा मधेसलाई नेपालभन्दा फरक देख्ने रवैयाप्रति सविताले रोष प्रकट गरेकी छ । नेपालको राष्ट्रिय इतिहासमा मधेसीलाई सम्मानपूर्वक समावेश गरी अभिलेखन नगरिएकाले सविताको तीव्र प्रतिरोध प्रकट भएको देखिन्छ :

> 'राष्ट्रिय इतिहास' को धारणा पनि विवादरहित छैन । मधेसी तथा जनजाति समूहकाहरूले भनिरहेकै छन्-नेपालको आधिकारिक 'वीर' इतिहासमा हामी अटाएका छैनौं । खोइ त हाम्रा नायक, लेखक, नेता र अन्य 'वीर'हरू इतिहासका पानामा ? के देशको साझा इतिहासले सबै जाति र समूहका मानिसका इतिहास(हरू)लाई प्रतिबिम्बित गर्नुपर्ने होइन र ? (उप्रेती, २०७१, पृ. ३०१)

नेपालको राष्ट्रिय इतिहासमा मधेसी समुदायको विशिष्ट अस्तित्व र पहिचान नसमेटिएकाले सविताले आफूलाई 'मधेसकी छोरी' भनेर आफ्नो मधेसी पहिचानमाथि जोड दिँदै सशक्त प्रतिरोधी स्वर व्यक्त गरेकी छ । *मालिकहरूको मधेस* उपन्यासमा संविधान घोषणाको विरोधमा मधेसी समुदायले विद्रोह गरेको कथ्यवस्तु छ । दसवर्ष जनयुद्धको परिणामस्वरूप जारी गरिएको नेपालको संविधान २०६२ मा मधेसी समुदायलाइ समान र सम्मानजनक तवरले नसमेटिएकोले सीमान्तीकृत मधेसी समुदाय भड्किएको देखिन्छ :

> 'देश हाम्रो पनि हो, त्यसकारण राज्यमा हाम्रो पनि अधिकार हुनुपर्दछ' भनेर मधेसका प्रतिनिधिहरूले आवाज उठाउँदा उठाउँदै संविधान सभाले आवश्यक बहुमत जुटाएर संविधान जारीगरेपछि मधेसमा विद्रोहको आगो बल्न थाल्यो पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका जिल्लाहरूमा एकनासले विरोध सुरू भयो । संविधानका प्रतिहरू जल्न जाले (?) त्यति हुँदा पनि आन्दोलनरत मानिसहरू हिंसामा उत्रिएका थिएनन" तर सरकारले गोली चलाउन थाल्यो । मानिस भकाभकी मर्न थाले । यसैकारण मधेस आन्दोलनको अबको कार्यदिशा र रणनीतिका बारेमा छलफल गर्न पुलकितलालको वसघरामा आज ठूलो बैठक बस्यो । मधेसका मुख्य मुख्य स्थानहरूमा विशाल जुलुस निकालेर संविधानको विरोधमा पूरै मधेस बन्द गर्ने निर्णय भयो । (पृ. १६४–१६५)

प्रस्तुत साक्ष्यमा जारी संविधानमा मधेसीको पहिचान र हक-अधिकार सुनिश्चित नगरिएकाले उपेक्षित मधेसी समुदायले राज्यप्रति तीव्र प्रतिरोधस्वरूप विद्रोह गरेको देखिन्छ । राज्यले सङ्ख्यात्मक हिसाबले कम उपस्थिति भएका मधेसी सभासदका गुनासा र स्वरलाई नजरअन्दाज गरेकाले जारी संविधानप्रति मधेसी समुदायले वितृष्णा भाव व्यक्त गरेको देखिन्छ । मधेसी समुदायले राज्यको असमान व्यवहारप्रति असन्तुष्टि र असहमति प्रकट गरेको प्रष्ट देखिन्छ । राज्यमा मधेसी समुदाय लामो समयदेखि अपमानजनक पीडा भोग्दै आएकाले संविधानमा व्यक्त असमान व्यवहारप्रति मधेसी समुदाय आक्रोशित भएर नाराजुलुस र आन्दोलन गरेको देखिन्छ ।

राज्यले धेरै पहिलेदेखि दबाउँदै आएको मधेसी समुदायको दमित स्वर एकैचोटी विष्फोटन भएको तथ्यलाई यस साक्ष्यले इङ्गित गर्दछ । यस उपन्यासमा पुलकितलाललाई गोली लागेर ढलेपछि आन्दोलन चर्किएर सशक्त प्रतिकारस्वरूप 'मधेस जिन्दावाद' को नारासमेत लगाइएको कथ्यवस्तु छ :

> पुलकितलालको ज्यान गएको कुरा त त्यो मानव सागरमा कतिलाई त थाहा पनि भएन । तर जुलुस तितरवितर भएजस्तो मात्र भयो, मानिसहरू फेरि पहिले जस्तै गरेर भेला भए । पुलकितलालको रक्ताम्य लाशलाई जुलुस आयोजकहरूले 'मधेस जिन्दावाद' भनेर रातो अक्षरले लेखिएको सेतो ब्यानरले ढाकिदिए । (पृ. १७०)

उपर्युक्त साक्ष्यमा राज्यपक्षको गोलीबाट पुलकितलालको मृत्यु भएपश्चात् आन्दोलनकारीहरू आक्रोशित भएको देखिन्छ । आफ्नो अगुवा व्यक्तित्वको हत्या भएको खबरबाट मधेसी आन्दोलनकारीहरू झन् बढी आवेगमा आएर कडा प्रतिरोधस्वरूप 'मधेस जिन्दावाद'को नारा लगाएको पुष्टि हुन्छ । यस सन्दर्भमा राज्यको दमनका विरुद्धमा आन्दोलनकारीहरू एकताबद्ध भएर कडा प्रतिरोध जनाएको देखिन्छ । प्रस्तुत साक्ष्यमा आन्दोलनकारी मधेसीहरूको वाचाल प्रतिरोधको स्वर प्रस्ट देखिन्छ जहाँ शक्ति हुन्छ त्यहाँ प्रतिरोध हुन्छ । यहाँ राजकीय शक्तिको प्रयोग गरेर आन्दोलनलाई दबाउन खोजिएकाले आन्दोलनकारी मधेसीहरूले मधेस जिन्दावादको नारासहित सशक्त प्रतिरोध गरेका हुन् भन्न सकिन्छ ।

विवेच्य उपन्यासमा सविताले राज्यको मधेस माथिको प्रभुत्वको डटेर विरोध गरेकी छ । राज्यको मधेस र मधेसीप्रतिको रवैया देखेर चेतनशील सविता क्षुब्ध भएर यस्तो अभिव्यक्ति दिएकी छ :

> पुस्ता दरपुस्तादेखि चल्दै आएको यो प्रथालाई हामी मधेसीहरू बदल्न चाहन्छौँ तर तिमीहरू यसै प्रथालाई यथावत् राख्न चाहन्छौ । हो न हो तिमीहरूलाई ईश्वरले हामीमाथि शासन गर्न र हामी मधेसीहरूलाई भने तिमीहरूको चाकरी गर्न पठाएका हुन् । यसको उल्लंघन दुवैतर्फकाले गर्नु हुँदैन । यदि गरियो भने ईश्वरले सजाय दिन्छन् ।' सविताले तीतो र रूखो स्वरमा एक सासमा भनी । (पृ. १७९)

उपर्युक्त साक्ष्यमा सविताले राजकीय व्यवस्था र स्वरूपको विरोध गर्न खोजेकी हुन् । उत्पीडित र शासित मधेसी समुदायका मान्छेहरूले पर्वते समुदायको आधिपत्यप्रति असहमति जनाउन खोजेको स्पष्ट छ । मधेसी समुदायको मनोदसाको विषयवस्तुलाई सविताले संवादको माध्यमबाट प्रकट गरेकी छ । उसले सम्भ्रान्त वर्गका पर्वते युवक कोकिल बाबुलाई मधेसको पीडाबारे सुनाउन खोजेकी छ ।

उपर्युक्त साक्ष्यमा सविताको अभिव्यक्तिमा विद्रोहको स्वर इङ्गित छ । सविताले राज्यको संरचना र त्यसको प्रभुत्वप्रति आफ्नो विरोध जनाएकी प्रस्ट छ । यसमा राजकीय दमन विरुद्ध प्रतिकारको आवाज मुखरित छ । प्रतिरोधअन्तर्गत दमन, उत्पीडन, पराधीनता, सीमान्तीयताजस्ता विषयवस्तुको उठान गरिन्छ (सिंह, सन् २०२०, पृ. २२०) । प्रस्तुत साक्ष्यमा राज्यको मधेसमाथि थोपरिएको आधिपत्य, शोषण र दमनप्रति रोष प्रकट गरिएको छ ।

कप्रस्तुत उपन्यासको कथ्यवस्तुमा सविताले नारीत्वको रक्षार्थ पितृसत्ताको घोर विरोध गरेकी प्रसङ्ग छ । विवेच्य उपन्यासमा कोकिल बाबुको गर्भधारण गरेकी सविताले आफ्नो गर्भाशयमा बढ्दै गरेको भ्रुणको स्वामित्वका बारेमा बहस गरेकी छ, “होइन, विल्कुलै होइन । मेरो पेटमा तिम्रो बच्चा छ भन्ने बित्तिकै मेरो शरीरमाथि तिम्रो अधिकार स्वतः कायम हुन्छ भन्ने सोचमा छौ भने तिमी सरासर गलत सोच्दै छौँ” (अधिकारी, २०७५, पृ. १८६) । यस साक्ष्यमा सविताले पितृसत्तात्मक पुरुषप्रधान सोचाइलाई नै हाँक दिएकी छ । उसले नारीको शरीरमाथि हुने पुरुषको एकाधिपत्यको सशक्त विरोध गरेकीले उसको वाचाल प्रतिरोध स्पष्ट

छ । पुरुषप्रधान समुदायमा महिलाले गर्भधारण गर्दाखेरि पुरुषको स्वामित्व कायम हुने प्रति असहमति जनाइएको मात्र नभई सशक्त विरोधसमेत गरिएको छ ।

### (च) दुलारी उपन्यासमा वाचिक प्रतिरोध

मालिकको घरमा सेवाटहल गर्ने दुलारी त्यहाँबाट मजदुरी नपाएपछि आफू त्यहाँ काम गर्न नजाने मानसिकता बनाउँछे । मालिकको घरमा सित्तैमा काम गर्न जाने उसलाई जाँगर चलेको देखिँदैन अनि ऊ भन्छे, "कथियौ देतै तैयौ ने हम जेबै । (जेसुकै देओस् । म जान्नँ । ओसरामा बसेर खुट्टाले आँगनको माटो कोट्याउँदै भने" (पृ. १८६) । यस साक्ष्यमा मालिकको घरमा लामो समयसम्म सेवाटहल गरेपनि पारिश्रमिकका रूपमा नगदी वा जिन्सी केही नपाएकीले दुलारी मालिकको घरमा काम गर्न नजाने मानसिकतामा देखिन्छे । यस सन्दर्भलाई केलाएर हेर्दा उसमा श्रमको मूल्य पाउनु पर्ने चेतनाको विकास भएको देखिएकाले उसले जेसुकै दिए पनि अबउप्रान्त मालिकको घरमा काम गर्न नजाने भनी अड्डी कसेकी देखिन्छ । आफ्नी आमालाई मालिकको घरमा काम गर्न नजाने भन्ने दुलारीको आँट भनेको उसको वाचिक प्रतिरोधको अवस्था हो भन्न सकिन्छ ।

*दुलारी* उपन्यासमा लहानमा आन्दोलन हुँदाखेरि त्यहाँ पर्वते समुदाय र मधेसी समुदाय बिच चर्काचर्की परेको विषयवस्तुलाई वस्तुपरक  चित्रण गरिएको छ । आन्दोलनका क्रममा एउटा समुदायले अर्को समुदायलाई हेप्ने र दबाउने अनि होच्याउने हिसाबले तथानाम गालीगलौज गरेको देखिन्छ । प्रस्तुत वाचिक तहमा गरिएको विरोधको स्वर यसप्रकार रहेको छ :

> फेरि सुनियो, मार साले पहाडेलाई, हान् न हान् । नछोड त्यसलाई । 'ए ! काले मधेसी साला कुत्ता, कता भाग्छस् ? तँलाई नकुटी छोड्दिन । अर्कोले भन्यो, रै सार, कुत्ता पहरिया ! आई के तोहर लास गिर्‍या देबौ । (साला, कुकुर पहाडे ! आज तेरो लास झार्दिन्छु ) । (पृ. २३१)

उपर्युक्त साक्ष्यमा लहानमा आन्दोलन हुँदाखेरि पर्वते समुदायका मानिसहरूले त्यहाँको मधेसी समुदायका मानिसहरूलाई जथाभावी गाली गरेको सन्दर्भ उद्घाटित छ । यस प्रसङ्गमा  प्रतिकारमा मधेसी समुदायका मानिसहरूले समेत गैरमधेसी समुदायका मानिसहरूलाई फोहोर फोहोर गाली गरेको तथ्य उजागर गरिएको छ । प्रस्तुत साक्ष्यमा मधेसी र गैरमधेसी दुवै समुदायमा विद्वेषको भावना फैलिई एकार्काको समुदायप्रति कडा

स्वरमा विरोध जनाएको स्पष्ट देखिन्छ । यस प्रसङ्गमा राज्यको मूलधारमा रहेका प्रभुत्वशाली गैरमधेसी  समुदायका विरोधमा राज्यमा बहिष्करणमा पारिएको सीमान्तीकृत मधेसी समुदायले राजनीतिक हक अधिकारका लागि कडा प्रतिक्रिया व्यक्त गरेको पुष्टि हुन्छ । यस प्रसङ्गमा राज्य पक्षधर सेनाले अप्रभुत्वशाली मधेसी समुदायका मानिसहरूलाई 'काले' भनी गाली गर्नुका साथै तर्साएको अभिव्यञ्जित छ ।

प्रस्तुत सन्दर्भमा लहान आन्दोलनमा उत्पीडित मधेसी समुदायले असमानता र अन्यायका विरोधमा गाली गरेर प्रतिरोध गरेको देखिन्छ । यहाँनेर राज्यको प्रभुत्वशाली संरचनाको विरुद्धमा उत्पीडित मधेसी समुदायले कडा शब्द प्रहार गरेर कडा प्रतिक्रिया जनाएको प्रस्ट छ, । प्रतिरोधमा प्रभुत्वशाली सरकारी संरचनाका विरोधमा प्रतिक्रिया जनाइन्छ (बटलर, सन् २०१७, पृ. ८) । यस सन्दर्भमा उत्पीडित मधेसी समुदाय र प्रभुत्वशाली गैरमधेसी समुदायका वाचिक प्रतिरोधको स्वर अभिव्यञ्जित भएको स्पष्ट छ ।

### ५.३.२ कायिक प्रतिरोध

उपन्यासमा प्रयुक्त पात्रहरूमध्ये कमजोर पात्रले शक्तिशाली पात्रलाई हात हाल्नु, शारीरिक आक्रमण गर्नु, कडा प्रतिक्रियास्वरूप घचेट्नु आदिलाई कायिक प्रतिरोध भन्न सकिन्छ । स्कट केम्पबेल जेम्सले प्रतिरोधअन्तर्गत खुला प्रतिरोधको अवधारणा अघि सारेको पाइन्छ । यसअन्तर्गत अधीनस्थले प्रभुत्वशालीका विरोधमा खुला अन्तरक्रिया गर्नुका साथै भीडन्तसमेत गर्छ (सन् १९९०, पृ. २–२७) । समाजमा शक्तिशाली वर्ग, जाति र लिङ्गका पात्रले अन्याय, अत्याचार, असमान व्यवहार र मनपरी व्यवहार गर्दाखेरि कमजोर वर्ग, जाति र लिङ्गका पात्रले त्यस्ता गतिविधिका विरोधमा शारीरिक आक्रमण गर्न खोज्नु कायिक प्रतिरोधको अवस्था हो । यस्तो अवस्थाका शक्तिशालीका विरोधमा प्रदर्शन गरिन्छ ।

### (क) उलार उपन्यासमा कायिक प्रतिरोध

*उलार* उपन्यासमा पात्रका बाह्य द्वन्द्वका विषयवस्तुको सटीक चित्रण गरिएको छ । यस उपन्यासमा कमजोर पात्रहरू प्रभुत्वशाली पात्रका विरुद्धमा सङ्घर्ष गरेका विषयवस्तुबारे यथार्थपरक चित्रण गरिएको छ । आफ्नो मालिक राजेन्द्रराज चुनावमा पराजित भएपछि रिक्सा, टाँगावाला र वादी संस्थाका सबैले धोका दिएको भनी गाली गरेपछि प्रेमललवा रन्थनिएर द्रौपदीलाई भेट्न आउँदा उसले प्रेमललवालाई भौतिक आक्रमण गरेकी सन्दर्भ उपन्यासमा यसरी प्रस्तुत भएको छ, "...द्रौपदीले उसको कालो मैलो अनुहारमा प्याच्च

थुकी । .... उसले म्वाइँ खान खोज्दा 'दुलत्ती' दिएर भुइँमा लडाइदिई । र उसकै छातिमाथि चढेर 'साला, रँडुवा । एउटी मेहारू (स्वास्नी) ल्याउन नसक्नेले मलाई भुत्राको हात हाल्छस् ?" (पृ. २) । प्रस्तुत साक्ष्यमा द्रौपदीले प्रेमललवालाई जथाभावी गाली गर्दै भौतिक आक्रमण गरेकी प्रस्ट छ ।

प्रेमललवाको व्यवहारबाट आजित भएकी द्रौपदीले उसप्रति आक्रोश पोख्तै अनुहारमा थुक्नुका साथै लाडप्यारका साथ म्वाइँ खानखोज्दा द्रौपदीले लात्तीले हिर्काएकी सन्दर्भ उजागर भएको छ । द्रौपदीले प्रेमललवालाई लात्तीले हिर्काउँदै उसको छातिमाथि चढेर साला विधुर भनेर कडा गालीसमेत दिएकी शारीरिक क्रियाकलापबाट उसको भौतिक आक्रमण छर्लङ्गिएको छ ।

सर्वहारा वर्गको प्रेमललवा अभिजात वर्गको गैरमधेसी राजेन्द्रराजको पिछलग्गु भएर धाकधक्कु लगाउँदै सवर्गीय मान्छेहरूप्रति अपमानजनक व्यवहार गरेकोप्रति द्रौपदीले आक्रोश पोख्नु भनेको द्रौपदीको आत्मसम्मान र स्वाभिमानमा ठेस लागेको विषयसन्दर्भलाई प्रस्ट्याउँदछ । प्रतिरोधले मान्छे र समुदायका शत्रुतापूर्ण र अपमानजनक व्यवहारका विरुद्धको सङ्घर्षको प्रवृत्तिलाई जनाउँछ (सिंह, सन् २०२०, पृ. २१८) । श्रमिक वर्गको प्रेमललवाले धनी वर्गको राजेन्द्रराजको पछि लागेर आफ्नै वर्गका निरीह मान्छेहरूप्रति मानवद्वेषी व्यवहार गरेकाले द्रौपदीले प्रतिरोध गर्दै उसमाथि भौतिक आक्रमण गरेकी स्पष्ट छ । यहाँनेर शक्तिसम्बन्धका हिसाबले अधीनस्थ द्रौपदीको कायिक सङ्घर्ष इङ्गित भएको छ ।

### (ख) घुर उपन्यासमा कायिक प्रतिरोध

प्रभुत्वशाली शासक, वर्ग, जाति र लिङ्गका विरोधमा शारीरिक प्रदर्शन, नाराजुलुस अथवा शारीरिक आक्रमण, प्रत्याक्रमण कायिक प्रतिरोधको अवस्था हो । *घुर* उपन्यासमा कायिक प्रतिरोधको यस्तो प्रयोग गरिएको छ, "...भर्खरै जारी भएको अन्तरिम संविधानमा मधेसी जनताको हक र अधिकार सुनिश्चित नभएको भनी केही नेता-कार्यकर्तालाई त्यही आरोपमा गिरफ्तार गरिएछ" (पृ. १७) । यस साक्ष्यमा लोकतान्त्रिक गणतन्त्रको घोषणापश्चात् जारी गरिएको 'नेपाल अधिराज्यको अन्तरिम संविधान २०६३' मा मधेसी समुदायको हकहित र अधिकार सुनिश्चित नगरिएकाले मधेसी अधिकारकर्मीहरूले जारी

संविधान तत्काल काठमाडौँको माइतीघर मण्डलामा जलाएका सन्दर्भमा प्रतिरोध जनाउने आन्दोलनकर्मीलाई राज्य पक्षले गिरफ्तार गरेको विषयवस्तुलाई यहाँ उद्धृत गरिएको छ :

> कसैले संविधानको ड्राफ्ट जलाए त केहीले धारा जलाए । तर मधेसी जनअधिकार फोरमले सिङ्गो संविधान जलायो । संविधान संसद्बाट पारित भैसकेको अवस्थामा संविधान जलाइएको कार्यलाई गैरकानुनी भन्दै जनअधिकार फोरमको अध्यक्ष उपेन्द्र यादवसहित २८ जना प्रदर्शनकारीहरूलाई गिरफ्तार गरियो । (यादव, २०६९, पृ. ७९–८०)

उपर्युक्त सन्दर्भमा राज्यको दमनकारी व्यवहार भएको तथ्यलाई उद्घाटन गरिएको छ । माथिको साक्ष्यमा राज्यबाट जारी भएको 'नेपाल अधिराज्यको अन्तरिम संविधान २०६३' प्रति उत्पीडित मधेसीलगायतका समुदायले आगजनी गरी प्रतिरोध गर्दाखेरि राज्य पक्षले बलको प्रयोग गरेर धरपकड गर्नु र आन्दोलनकारी मधेसी समुदाय र राज्यपक्ष बिच उत्पन्न मुठभेडको अवस्था भनेको कायिक प्रतिरोधको परिचायक हो भन्न सकिन्छ । यस साक्ष्यको माध्यमबाट उत्पीडित र सीमान्तीकृत एवम् वञ्चितीकृत मधेसी समुदायको कायिक प्रतिरोधको सन्दर्भलाई प्रतिनिधित्व गराइएको देखिन्छ ।

काठमाडौँमा मधेसी जनअधिकार फोरमका नेता तथा कार्यकर्ताहरूले 'नेपाल अधिराज्यको संविधान २०६३'को प्रति जलाएपछि प्रदर्शनकारी नेताकार्यकर्तामाथि राजकीय दमनका विरुद्धमा मधेसमा अनिश्चितकालीन बन्द आह्वान गरिएको र उक्त बन्द हडतालमा बन्दकर्ताहरू सशस्त्र रूपमा सडकमा निस्किएका विषयवस्तुलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> साँझ ढल्किन नपाउँदै हातमा मसाल बोकेको एउटा समूह आयो । उग्र र उन्मत्त व्यवहार प्रदर्शन गरिरहेका जुलुसका सहभागी राष्ट्रिय स्वाभिमानमा सीधै ठेस पुग्ने उग्र नारा लगाइरहेका थिए । तीसँग धारिला हतियार थिए । कसैकसैसँग पड्काउँदा पड्किने हतियार थिए । टाढैबाट ती विस्फोटको आवाजसाथ अगाडि बढ्दै थिए । (पृ. २०)

उपर्युक्त साक्ष्यमा मधेस आन्दोलन चर्किएर हिंसात्मक र अनियन्त्रित बन्दै गएकाले आन्दोलनकारीहरूले राज्यका विरुद्धमा हातहतियारसहित नाराजुलुस गर्दै सडकमा निस्किएका विषयवस्तुलाई उजागर गरिएको छ । सदियौँदेखि राज्यबाट बहिष्करणको पीडा

भोग्दै आएका उत्पीडित मधेसी समुदायका मानिसहरू ज्यानको पर्वाह नै नगरिकन सशस्त्र आन्दोलन गर्न थालेको तथ्यलाई यस सन्दर्भमा प्रस्तुत गरिएको छ ।

मधेस आन्दोलनकारीमाथि राजकीय दमनपश्चात् आन्दोलनकारीहरू झन् बढी आक्रोशित भएर सशक्त विरोधस्वरूप हिंसात्मक दङ्गा भड्काउन उद्दत भएको देखिन्छ, "प्रहरीको गोली चलेपछि यसले व्यापक रूप धारण गऱ्यो । पूर्वी तराईका प्रायः सबै सहर-बजारहरू तातिन थाले भने गाउँ-गाउँको जनतामा आक्रोशको लहर फैलियो" (यादव, २०६९, पृ. ८१) । यस साक्ष्यको माध्यमबाट उत्पीडित मधेसी समुदायको सशस्त्रसहित नारा जुलुस गर्दै राज्यको प्रतिकारमा निस्किएको विषयवस्तु देखाउन खोज्दै आन्दोलित मधेसी समुदायको कायिक प्रतिरोधलाई प्रस्तुत गरिएको छ ।

### (ग) गुलरको फूल उपन्यासमा कायिक प्रतिरोध

*गुलरको फूल* उपन्यासमा भुलुवाले कायिक विरोध गरेको देखिन्छ । उपन्यासमा उक्त विषयवस्तुलाई यसरी उल्लेख गरिएको छ, "....भुलुवा जङ्गियो । खुट्टा बजारेर डुक्रिन थाल्यो" (पृ. १९७) । यस साक्ष्यमा भारतको बसडिलवाबाट बहिनी कलौतियाको विवाहका निम्ति जन्ती लिएर आएको बेहुला अखिलेश खाना नखाई चुपचाप बसी मण्डपमा जान नमानेकाले भुलुवाले क्रुद्ध भएर खुट्टा बजारेको हो । बेहुला तीन घण्टादेखि घोसेमुन्टो लगाएर बसेकाले भुलुवा बेहुलाको उक्त व्यवहारबाट आक्रोशित भई रिसले चुर भएर लगलग काम्दै खुट्टा बजार्दै ठुलठुलो स्वरमा बोल्नु स्वाभाविक देखिन्छ । यस सन्दर्भमा केटीपट्टिका भुलुवाले खुट्टा बजार्दै ठुलो स्वरले जथाभावी बोल्नु उसको कायिक प्रतिरोध हो भन्न सकिन्छ ।

*गुलरको फूल* उपन्यासमा कलौतियालाई बुढ्यौलीले छोपेपछि उसको पति अखिलेश आइपुगेर कलौतियालाई अङ्कमाल गर्न खोज्दा कलौतिया रिसाएर कडा प्रतिक्रिया जनाएकी छ । उसको प्रतिक्रिया यसप्रकार उल्लेख गरिएको छ, "....उसको बाहुपाशबाट उम्किन खोजिछ । कलौतियाले उल्टै उसको हात समातेर झड्कालिदिइछ । उसको मुखमण्डलमा घृणा र आवेश झल्केछ" (पृ. २९७) । यस साक्ष्यमा आफ्नो जवानीको समयमा गौना गर्न नआई त्यसै बसेका आफ्ना बेहुला बुढेसकालमा आइपुग्दा कलौतिया आवेगमा आई आफ्नो पति अखिलेशप्रति त्यस्तो विरोधपूर्ण व्यवहार गरेकी हो । आफ्नो जीवनको उत्तरार्धमा आइपुग्दा कलौतियाको जीवनप्रतिको रागभाव नै समाप्त भइसकेकोले ऊ क्रुद्ध भएर आफ्नो पतिको आलिङ्गनबाट मुक्त हुनका निम्ति उम्किन खोजेकी हो । त्यतिमात्र नभएर

कलौतियाले आफ्ना पतिको हात समातेर झड्कालिदिनु भनेको आफ्ना पतिप्रतिको घृणा, आवेग र रिस पनि हो भनी अर्थ्याउन सकिन्छ । आजीवन पतिसुखबाट वञ्चित कलौतियाले वृद्धावस्थामा आएका आफ्ना पतिप्रति त्यस्तो प्रतिक्रिया जनाउनु स्वाभाविक देखिन्छ । यस सन्दर्भमा कलौतियाको कायिक प्रतिरोध खरो रूपमा प्रस्तुत भएको हो ।

**(घ) मालिकहरूको मधेस उपन्यासमा कायिक प्रतिरोध**

पुलकितलाल चौधरी राज्य संयन्त्रको प्रहरी प्रशासनको अन्याय, अत्याचार, उत्पीडन र दमनका विरुद्ध सशक्त प्रतिरोध गरेको सन्दर्भलाई उपन्यासकारले सटीक चित्रण गरेका छन् । *मालिकहरूको मधेस* उपन्यासमा पुलकितलालले प्रहरी यातनाका विरुद्ध सशक्त प्रतिकार गरेको विषयवस्तु यसप्रकार अभिव्यक्त गरिएको छ :

> मैले बरू आक्रोशलाई पनि सम्झैं । त्यो आक्रोशले मेरो शरीरमा तागत दिइरहेको थियो कि मलाई पाता कसेको डोरी चुँडाल्न म सफल भएँ ... त्यसपछि मलाई कुट्दै गरेको पुलिसलाई मैले एक हातले घाँटीमा समातेर अर्को हातले यति जोडले मुक्का हानेँ कि त्यो पाँच हात पर पुगेर ढल्यो र त्यसको मुख हो या नाकबाट भल्भल्ती रगत आउन थालेको पनि देखेँ मैले । त्यसपछि रकमे हवल्दारतिर मैले झम्टेपछि त्यहाँ जम्मा भएका ठूलाठालुहरूको भागाभाग भयो । (पृ. ९८–९९)

उपर्युक्त साक्ष्यमा पुलकितलाल चौधरीलाई प्रहरीले पाता कसेर थाना लैजान खोज्दा पुलकितलाल चौधरीले प्रतिकार गरेको हो । यस साक्ष्यमा उसको आत्मसम्मान र स्वाभिमानमा ठेस पुगेकाले ऊ क्रोधित भई प्रहरीले बाँधेको पाता चुडाल्न सफल भएको सन्दर्भलाई उजागर गरिएको छ । पुलकितलाल चौधरीले आफूलाई कुट्दै गरेको प्रहरीको घाँटी समातेर हातले मुक्का प्रहार गरी सशक्त प्रतिरोध गरेको स्पष्ट छ । पुलकितलालले प्रहरीमाथि हातपात गर्दाखेरि प्रहरी घाइते भई प्रहरीको नाकबाट रगत बग्न थालेको हुन्छ । प्रहरी हबलदार रकमबहादुर बस्नेतमाथि जाइलाग्दा प्रभुत्वशाली व्यक्तित्वहरू भागाभाग भएको सन्दर्भले पुलकितलाल चौधरीको कायिक प्रतिरोधको अवस्थालाई इङ्गित गर्दछ । कमजोर र शासित पुलकितलाल चौधरीले प्रहरीको घाँटी समात्नु, उसलाई मुक्का प्रहार गर्नु अनि प्रहरी हबलदार रकमबहादुर बस्नेतलाई समेत झम्टिनुले पुलकितलाल चौधरीको कायिक प्रतिरोधलाई उजागर गरेको छ । शक्तिसम्बन्धका हिसाबले कमजोर पुलकितलाल

चौधरीले राज्यको प्रहरी प्रशासनका कर्मचारीमाथि शारीरिक आक्रमण गर्ने कर्म वास्तवमा सशक्त विरोधको उदाहरण हो ।

### (ङ) दुलारी उपन्यासमा कायिक प्रतिरोध

*दुलारी* उपन्यासमा प्रभुत्वशाली राज्य पक्षधर प्रहरी र आन्दोलनकारी मधेसी समुदायका बिच हानाहान भएको विषयवस्तुको चित्रण गरिएको छ । लहानमा आन्दोलन हुँदाखेरि प्रहरीहरूले आन्दोलन दबाउन खोज्दा त्यसको प्रतिकारमा आन्दोलनकारीहरूले प्रहरीहरूमाथि प्रहार गरेको विषयवस्तुको वस्तुपरक वर्णन गरिएको छ । यस उपन्यासमा प्रभुत्वशाली प्रहरी र उत्पीडित मधेसी आन्दोलनकारी बिच भएको झडपलाई यसरी प्रस्तुत गरिएको छ, "आन्दोलनकारीहरू जुलुस लिएर हटियामै छिरेछन् । प्रहरीहरू उनीहरूलाई रोक्न खोज्दै थिए । प्रहरीले लाठीचार्ज गरिरहेको थियो । आन्दोलनकारीहरू ढुङ्गामुढा गर्दै थिए" (पृ. २३०) । यस साक्ष्यमा आन्दोलकारीका जुलुसलाई प्रहरीहरूले बलपूर्वक रोक्न खोज्दा आन्दोलनकारीहरू झन् बढी आक्रोशित भएर प्रहरीहरूमाथि नै ढुङ्गामुढा प्रहार गरेको विषयवस्तुलाई छर्लङ्ग्याउन खोजिएको छ ।

मधेसी समुदायका आन्दोलनकारीहरू राज्यको अन्याय, अत्याचारका विरुद्धमा सङ्गठित भएर आन्दोलन गरिरहेका बेला राज्य समर्थक प्रहरीहरूले बलपूर्वक दमन गर्न खोजेपछिको अवस्थामा दुई पक्ष बिच तनाव उत्पन्न भएको हो । प्रहरीद्वारा लाठीचार्ज गरेर राजकीय बलको प्रयोग गर्न थालेपछि आन्दोलनकारीहरूद्वारा प्रतिकारस्वरूप ढुङ्गामुढा प्रहार गर्ने काम भएको देखिन्छ । प्रस्तुत साक्ष्यमा आन्दोलनकारी मधेसी समुदाय सीमान्तीकृत रहेको छ भने दमनकारी प्रहरीहरू प्रभुत्वशाली रहेका छन् । औपचारिक रूपमा प्रतिरोध सीमान्तीकृतले गर्ने हो । शक्तिको अभ्यासका विरुद्ध प्रतिरोध गरिन्छ । प्रतिरोध विद्यमान व्यवस्थाप्रतिको असहमति हो (डेमिरोभिक, सन् २०१७, पृ. ३२–३३) । प्रस्तुत साक्ष्यमा आन्दोलनकारी मधेसी समुदाय उत्पीडित र सीमान्तीकृत रहेकाले प्रभुत्वशाली राज्यपक्षधर प्रहरीका विरोधमा कायिक सङ्घर्षमा उत्रेको देखिन्छ ।

## ५.४ निष्कर्ष

प्रस्तुत शोधप्रबन्धका लागि चयन गरिएका उपन्यासहरूमा सीमान्तीकृत मधेसी समुदायका निम्नवर्ग, मधेसी तथा दलित समुदाय र महिलाका आवाज र प्रतिरोधी सङ्घर्षका सन्दर्भहरू प्रस्तुत गरिएका छन् । तिनले प्रभुत्वशाली अभिजात वर्ग, गैरमधेसी र मधेसी

समुदाय तथा पुरुषका आवाज एवम् सङ्घर्षका प्रसङ्गहरू उजागर गरेका छन् । *अलिखित* उपन्यासमा गाउँका जमिनदार विश्वनाथप्रसाद सिंहका विश्वास पात्र नथुनी साहलाई जमिनदारका खतुका शिवगुलामले तथानाम गाली गरेबाट शिवगुलामको वाचालता प्रस्ट भएको छ ।

*अलिखित* उपन्यासमा काठमाडौँबाट उत्खननका लागि बिरहिनपुर बरेवा पुगेको टोली समूहमध्ये कर्णबहादुरले न्यून ज्याला दिएर काममा लगाउन खोज्दा कम पारिश्रमिकमा काम नगर्ने भनी मजदुरहरूको वाचालता अभिव्यञ्जित छ । *उलार* उपन्यासमा राजेन्द्रबाबुको धक्कु लगाउने प्रेमललवालाई द्रौपदीले हप्काउँदै गाली गरेकी सन्दर्भमा द्रौपदीको कडा स्वर मुखरित भएको छ । लाचार भएर देहव्यापार पेसा गर्ने द्रौपदीले आफू स्वयम्लाई 'रन्डी' शब्द प्रयोग गर्नुमा पनि वाचालता इङ्गित भएको छ । *घुर* उपन्यासमा मधेस आन्दोलनमा अगुवाई गरेकी अविदिता मण्डलले जुलुसको अग्रपङ्क्तिमा रहेर 'पडाडिया कानुन' भन्दै ठुलो स्वरमा कुर्लेकी सन्दर्भमा अविदिता मण्डल वाचाल देखिएकी छ ।

*गुलरको फूल* उपन्यासमा रामाज्ञाकी बहिनी ज्वाइँले दाइजोको कुरा झिकेर लफडा गर्दा उसको जेठान दाइ रामाज्ञाले आफ्ना ज्वाइँ अखिलेशलाई कडा जवाफ दिएबाट रामाज्ञाको वाचालता अभिव्यञ्जित भएको छ । *मालिकहरूको मधेस* उपन्यासमा पुलकितलाल चौधरीले राज्य संरचनाका विभिन्न निकायलाई फरेब र झुठ भनेर ठुलो स्वरमा कुर्लने सन्दर्भमा वाचालता देखिन्छ । *दुलारी* उपन्यासमा दुलारीले मालिक्नीकोमा सित्तैमा काम नगर्ने भनी आफ्नी आमा समक्ष आफ्नो अभिव्यक्ति दिएबाट उसको वाचालता मुखरित भएको छ ।

शोध्य उपन्यासहरूमा शक्तिसम्बन्धका हिसाबले कमजोर पात्रहरू प्रभुत्वशाली पात्रका सामुन्ने गालीगलौज, अपहेलना, अपमान, तिरस्कार सुनेर पनि केही जवाफ फर्काउन नसक्ने मौनताका सन्दर्भहरू अभिव्यञ्जित छन् । *अलिखित* उपन्यासमा नदी किनारमा बाँध बाँध्न गएका विपन्न वर्गीय लछुमना शारीरिक अशक्तताका कारण माटो खन्न र भारी बोक्न असमर्थ हुँदाखेरि जमिनदार विश्वनाथप्रसाद सिंहले आमाचकारी गाली गर्दासमेत केही प्रतिक्रिया जनाउन नसक्नुले लछुमनाको मौनताको अवस्थालाई इङ्गित गर्दछ ।

*उलार* उपन्यासमा प्रेमललवाले आफ्ना मालिक राजेन्द्रराज चुनावमा पराजित भएको झोंकमा द्रौपदीलाई 'साली रन्डी' भनेर हेपेर गाली गर्दा पनि द्रौपदीले केही जवाफ फर्काउन

नसक्ने सन्दर्भले उसको लाचारीपन र निरीहतालाई जनाएको छ । आफूकहाँ निःशुल्क शारीरिक सम्पर्क गर्न आउने असइ विष्णुको संसर्ग मन नपरे पनि द्रौपदीले असइ विष्णुलाई केही भन्न नसक्ने अवस्थाले द्रौपदीको मौनतालाई उजागर गर्दछ ।

कथ्यवस्तुमा चुनाव जितेका शान्तिराजालाई काठमाडौँ भेट्न गएका प्रेमललवाले एकजना चियापसलेलाई पुल्चोकको ठेगाना सोध्दाखेरि नेवार चियापसलेले आफ्नो गुप्ताङ्ग देखाउँदै 'मुला मर्स्या' भनी गाली गर्दासमेत प्रेमललवाले चुपचाप सुनेर बसी केही नबोल्ने प्रसङ्गमा प्रेमललवाको मौनता मुखरित भएको छ । *गुलरको फूल* उपन्यासमा रुदल सहनीका ज्वाइँ अखिलेशको मौनता देखाइएको छ । *दुलारी* उपन्यासमा दुलारीकी बड्कीमाईलाई दुलारीकी गिरहतनीले हेपेर बासी भात र तरकारी दिँदा पनि उसले केही नभनिकन चुपचाप आफ्नो घरतिर लाग्नुले उसको मौनताको अवस्थालाई इङ्गित गर्दछ ।

शोध्य उपन्यासहरूमा वाचिक र कायिक प्रतिरोधका स्वरहरू मुखरित भएका छन् *अलिखित* उपन्यासमा उत्खनन टोलीसमूहमध्येका कर्णबहादुर र उत्खनन टोलीमा संलग्न मजदुरका बिचमा वाचिक सङ्घर्ष हुनुका साथै जमिनदार विश्वनाथप्रसाद सिंहका खतुका शिवगुलामले जमिनदारकै विश्वासपात्र नथुनी साहलाई तथानाम गाली गरेर वाचिक सङ्घर्षको अवस्था सिर्जना भएको छ ।

*उलार* उपन्यासमा पाँच रूपियाँ लिएर सावित्रीकहाँ शारीरिक सम्पर्क गर्न पुगेका कलुवालाई सावित्रीले गाली गर्नुका साथै अधबैँसे कुन्तीलाई देखाई दिएबाट सावित्रीको वाचिक प्रतिरोध प्रस्ट देखिन्छ । प्रेमललवाले चुनाव जितेका शान्तिराजालाई आँट गरेर मालिक जुलुसमा ओभरलोड भएर घोडी मरेको भन्नुबाट पनि वाचिक प्रतिरोध प्रस्ट छर्लङ्गिएको छ । *घुर* उपन्यासमा बेचनी बाँतरलगायतका मधेसी आन्दोलनकारीहरूले पहाडिया कानुन चल्दैन, चल्दैन भन्ने नाराले राज्य विरुद्धका प्रतिरोधी स्वरलाई दर्शाएको छ । त्यसैगरी मधेसी समुदायको माग पूरा नभए स्वतन्त्र राज्यको माग गर्न सक्ने कथनले अविदिता मण्डलको वाचिक प्रतिरोधको अवस्थालाई जनाउँछ ।

*गुलरको फूल* उपन्यासमा बेहुला अखिलेशले हिरो साइकल माग गर्दाखेरि रुदल सहनीका कान्छा छोरा भुलुवाले रिसाएर जन्ती फिर्ता लान भनेको सन्दर्भमा वाचिक प्रतिरोध अभिव्यक्त भएको छ । *मालिकहरूको मधेस* उपन्यासमा मधेस आन्दोलनमा सहभागी भएका महिला, युवायुवती सबैजनाले राज्यका विरुद्धका नारा लगाउनुबाट वाचिक प्रतिरोध

अभिव्यञ्जित भएको छ । *दुलारी* उपन्यासमा मालिकका हेपाहा व्यवहारबाट आजित भएकी दुलारी मालिकले पारिश्रमिकका रूपमा जेसुकै दिए पनि त्यहाँ काम गर्न नजाने अभिव्यक्तिबाट दुलारीको बोलीमा विरोधको स्वर मुखरित भएको छ ।

*उलार* उपन्यासमा आफ्ना मालिक राजेन्द्रराज चुनावमा पराजित भएर आफ्नी प्रेमिका द्रौपदीलाई भटेर म्वाइँ खान खोज्दा द्रौपदीले प्रेमललवालाई लात्तीले हिर्काउने सन्दर्भले उसको कायिक प्रतिरोधलाई इङ्गित गर्दछ । *गुलरको फूल* उपन्यासमा अखिलेश खाना नखाई विवाह मण्डपमा जान अन्कनाउँदाखेरि जङ्गिएर भुलुवाले खुट्टा बजार्ने प्रसङ्गले कायिक प्रतिरोधलाई उजागर गरेको छ । यस उपन्यासमा लामो समयसम्म गौना गर्न नआई बुढेशकालमा गौना गर्न आएको बेला अखिलेशलाई आफ्नी पत्नी कलौतियालाई आलिङ्गनमा बेर्न खोज्दा कलौतियाले झट्कारेर कायिक प्रतिरोध गरेकी हो ।

*मालिकहरूको मधेस* उपन्यासमा पाता कसेर लैजान लागेका प्रहरी तथा हवलदारहरू माथि पुलकितलालले मुक्का प्रहार गरेर आक्रमण गर्ने प्रसङ्गले कायिक प्रतिरोधलाई अभिव्यञ्जना गरेको प्रस्ट छ । *दुलारी* उपन्यासमा मधेसी आन्दोलनकारीहरूले प्रहरीमाथि आक्रमण गर्नु र प्रहरीले जवाफी कारवाहीमा ढुङ्गामुढा गर्ने प्रसङ्गले कायिक प्रतिरोधको अवस्थालाई जनाउँछ । उपन्यासहरूमा वाचालता, मौनता, कायिक प्रतिरोध र वाचिक प्रतिरोधको सशक्त प्रतिनिधित्व भएका छन् ।

## छैटौं परिच्छेद

## आधुनिक नेपाली उपन्यासमा अर्थ र भाषिक पद्धतिका दृष्टिले मधेसी समुदायको प्रतिनिधित्व

### ६.१ विषयपरिचय

उपन्यासमा भाषाको माध्यमबाट निश्चित संस्कृतिको द्योतन गरिएको हुन्छ । भाषा अर्थ उत्पादनको माध्यम हो र भाषाका माध्यमबाट संस्कृतिसमेतको उत्पादन र सम्प्रेषणको काम हुन्छ । उपन्यासकारले सीमान्तीकृत मधेसी समुदायका विषयवस्तुको चित्रणका निम्ति के कस्तो भाषाको प्रतिनिधित्व गराएका छन् । यसमा लेखकीय भाषाले पात्रका कस्ता जीवनशैली, मनोदशा, शक्तिसम्बन्धलाई इङ्गित गरेको छ उक्त कुराहरू प्रतिनिधित्वको भाषिक पद्धतिको सन्दर्भले सङ्केत गर्छ । यस अनुसन्धानका लागि छनोट गरिएका उपन्यासमा उपन्यासकारले के कस्तो भाषा कसको प्रतिनिधित्वको लागि कसरी प्रयोग गरेका छन् सोको विस्तृत अध्ययन हुनु आवश्यक देखिन्छ ।

उपन्यासकार सीमान्तीकृत मधेसी समुदायमैत्री छ वा उत्पीडक पक्षधर छ प्रतिनिधित्वको भाषिक पद्धतिको सम्बन्धबाट सो कुराको निर्क्यौल निकाल्न सकिन्छ । सर्जकले सीमान्तीकृत समुदायका विषयवस्तु एवम् जीवनावस्थालाई कसरी हेरेको छ, कसरी अर्थ्याएको छ । त्यस विषयवस्तुलाई अर्थ उत्पादनको दृष्टिकोणबाट अध्ययन गरी वस्तुपरक निष्कर्ष निकालिएको छ ।  यसका साथै सीमान्तीकृत पात्रले प्रभुत्वशाली पात्रका विषयवस्तु, चिन्तन, जीवनदृष्टि र व्यवहार आदिलाई कसरी ग्रहण गरेको छ ? उक्त विषयसन्दर्भको प्राज्ञिक विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### ६.२ अर्थ उत्पादनको पद्धति

साहित्यिक कृतिका माध्यमबाट सर्जकले सामाजिक विषयवस्तुको उठान गरेको हुन्छ । पाठमा प्रयुक्त विषयवस्तु स्वयम्ले अर्थ निष्पन्न नगर्ने भएकाले अर्थ उत्पादनका लागि सर्जकले विशेष खालको भाषाको प्रयोग गर्दछ । उपन्यासकारले सामाजिक विषयवस्तुलाई सटीक प्रतिविम्बन गरेर उपन्यासमा उतार्ने काम गर्दछ । उपन्यास विधामा मानव जीवनका विविध पक्षबारे उद्घाटन गरिन्छ । उपन्यासले जीवनीका साथसाथै जीवनको एउटा प्याटर्नबारे खोलुवा गर्छ (राई, २०६७, पृ. बे.) । मानव समुदायका सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक विषयवस्तुलाई उपन्यासमा चित्रण गर्दाखेरि

कहिलेकाहीँ हुबहु चित्रण गरिएको हुन्छ भने कहिलेकाहीँ निश्चित आशयका साथ लेखिएको हुन्छ अनि कहिलेकाहीँ त विशेष अर्थ उत्पादनका निम्ति रचना गर्ने काम हुन्छ । सर्जकले सामाजिक विषयवस्तुलाई भाषाको माध्यमबाट संस्कृतिको रूपमा उत्पादन गर्दछ । सर्जकले भाषाका माध्यमबाट सामाजिक एवम् सांस्कृतिक सन्दर्भको सम्प्रेषणका लागि विशेष खालको अर्थको उत्पादन गर्दछ । अर्थ उत्पादनको भाषिक पद्धतिलाई स्टुआर्ट हलका प्रतिनिधित्व सिद्धान्तका प्रकारका आधारमा अध्ययन गरिएको छ । उनले परावर्तक पद्धति, आशयपरक पद्धति र निर्माणवादी पद्धति भनेर चर्चा गरेका छन् । यहाँ हलका उपर्युक्त तीनवटा पद्धतिका आधारमा छनोट गरिएका उपन्यासको विश्लेषण गरिएको छ ।

### ६.२.१ परावर्तक पद्धति

उपन्यासमा सामाजिक गतिविधि, क्रियाकलाप, जीवनशैलीलाई जस्ताको तस्तै प्रतिविम्बन गर्ने काम परावर्तक पद्धति हो । यस्तो पद्धतिमा समाजका विविध पाटालाई नबङ्ग्याइकन हुबहु प्रस्तुत गरिन्छ । परावर्तक पद्धतिमा पात्रका क्रियाकलापहरूलाई यथार्थपरक किसिमले व्यक्त गरिएको हुन्छ । त्यसका निम्ति संवाद, शारीरिक हाउभाउ चेष्टा, विभिन्न चिन्ह, विम्ब, प्रतीक आदिको कलात्मक प्रयोग गरिएको हुन्छ ।

#### (क) अलिखित उपन्यासमा परावर्तक पद्धति

*अलिखित* उपन्यासमा मतियाको विषयवस्तुलाई समाख्याताले वस्तुपरक किसिमबाट प्रस्तुत गर्न खोजेको देखिन्छ । उसको आर्थिक पछौटेपनलाई उपन्यासकार ध्रुवचन्द्र गौतमले कलात्मक रूपमा प्रस्तुत गरेको पाइन्छ । कथ्यवस्तुमा मतियाले आफूकहाँ खाना खाने गैरमधेसी ऋषिराम भुर्तेललाई निम्न स्तरको खाना खान दिएकी वास्तविकता यसरी अभिव्यक्त गरिएको छ, "त्यस्तै केही बेरपछि मतियाले दुइटा थालमा दुई दुईवटा मडुवाको ढसरो तर बाफ निस्किँदै गरेको रोटी र छेउमा अलिकति रससहितको घुडीको तरकारी लिएर आई" (पृ. २६) । प्रस्तुत साक्ष्यले मतियाको परिवारको आर्थिक पछौटेपनलाई इङ्गित गर्दै उनीहरूका दुरुह जीवनशैलीलाई अभिव्यञ्जित गरेको छ । प्रशस्त धान फल्ने मधेसमा मडुवा अर्थात् कोदोको बाक्लो रोटी र घुडी खानु भनेको विपन्नताको परिचायक हो । मतियाले थालमा कोदोको पिठोको दुइटा रोटी र घुडीको तरकारी आफ्ना अतिथि ऋषिराम भुर्तेललाई खुवाउनुबाट मतियाको परिवारको सामाजिक आर्थिक अवस्थालाई दर्शाउन खोजिएको छ । यस सन्दर्भबाट मतियाको परिवारको सीमान्तीकृत आर्थिक अवस्था रहेको

प्रस्ट उजागर हुन्छ । तत्कालीन समयमा मधेसमा अस्पताल र चिकित्सक नभएको तथ्यलाई यस साक्ष्यले प्रस्टसँग उजागर गरेको देखिन्छ :

> ऊ अस्पताल कहिल्यै गएन । त्यसको एउटा ठोस कारण के भने, त्यताहुँदो अस्पताल थिएन । अलिक परतिर एउटा रित्तो र चिसो हेल्थपोस्ट थियो, जहाँको असिस्टेन्ट सम्पूर्ण क्लिनिक पिउनलाई जिम्मा लगाएर प्रत्येक महिना स्वास्नी भेट्न जान्थ्यो । कहिले औषधि लिन भनेर उड्थ्यो । कहिले मन्त्रालयमा सरुवा माग्न भनेर चिप्लिन्थ्यो । कहिले रोगी जाँच्न भनेर कुद्थ्यो । अन्त्यमा आफैँ बिरामी भनेर हिँड्थ्यो । (पृ. ३८)

उपर्युक्त साक्ष्यमा सरजुका बुबा औषधिउपचारका लागि कहिल्यै स्वास्थ्यचौकी र अस्पताल नपुगेको यथार्थ उद्घाटित छ । प्रस्तुत साक्ष्यमा मधेसमा रहेका अस्पताल तथा स्वास्थ्यचौकीमा कार्यरत कर्मचारीका गैरजिम्मेवार मनोविज्ञानलाई इङ्गित गर्दै तिनका लापरवाहीका कारण त्यहाँ रोगीहरू उपचार पाउनबाट वञ्चित रहेका वास्तविकतालाई उजागर गर्दछ । एक त स्वास्थ्यचौकीको भौतिक संरचना नै जीर्ण देखिन्छ त्यसमाथि त्यहाँको अख्तियारवाला कर्मचारी आफ्नो पदीय दायित्ववाट पन्छिएर पिउनलाई आफ्नो काम जिम्मा लगाई आफूखुसी स्वास्थ्यचौकी बाहिर जाने गरेको तथ्यलाई यस साक्ष्यले यथार्थपरक ढङ्गबाट चित्रण गरेको छ ।

### (ख) उलार उपन्यासमा परावर्तक पद्धति

*उलार* उपन्यासमा उपन्यासकार पाण्डेले समुदायको सर्वहारा वर्गको आर्थिक पछौटेपन, आर्थिक शोषण, उत्पीडन तथा वर्गीय असमान व्यवहार एवम् श्रमिक वर्गको पिछलग्गुपनलाई दुरुस्तै चित्रण गरेका छन् । सानैमा आमाबुबा गुमाएका प्रेमललवाले राजेन्द्रराजबाट मायास्नेह र अभिभावकत्व पाए पनि सोही राजेन्द्रराजले प्रेमललवाको आर्थिक शोषण गरेको विषयवस्तुलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, “आफ्नो बाबुलाई मार्ने ट्रकको मालिकबाट आठ हजार प्रेमललवालाई उनैले दिलाइदिए । कसैकसैले राजेन्द्रराजले आफूले अठार लिएर प्रेमललवालाई आठ पकडाए भन्ने हल्ला पनि चलाए” (पृ. ६) । प्रस्तुत साक्ष्यमा गैरमधेसी समुदायको प्रभुत्वशाली राजेन्द्रराजले प्रेमललवाको हत्यारा ट्रकमालिकबाट अठार हजार असुलउपर गरेर आफूले दश हजार रुपियाँ कमिसन खाएर पीडित प्रेमललवालाई जम्मा आठ हजार मात्र दिएर राजेन्द्रराजले आर्थिक अपचलन गरेको

तथ्य प्रस्ट छ । धनी वर्गको राजेन्द्रराजले प्रेमललवालाई माया गरेजस्तो गर्नुमा पनि उसको निजी स्वार्थ लुकेको तथ्य उजागर भएको छ । समुदायमा अभिजात वर्गका टाठाबाठाहरूले गरिब गुरुवाको पैसा खाइदिने तथ्यलाई प्रस्तुत साक्ष्यले दुरुस्त चित्रण गर्नुका साथै वर्गीय संरचना भएको समुदायमा धनीले गरिबको शोषण गर्ने सन्दर्भ इङ्गित छ । प्रतिनिधित्वको परावर्तक पद्धतिमा सामाजिक सत्यको दुरुस्त चित्रण गर्ने काम हुन्छ । यस सन्दर्भमा सामन्त वर्गले सर्वहारा वर्गको शोषण गरेको चित्र सार्वजनिक गरिएको छ ।

समुदायमा दरिद्र जीवन बाँचिरहेको प्रेमललवाको अवस्था उपन्यासको कथ्यवस्तुमा यसरी प्रकट भएको छ :

> घर ? यस्तो पनि घर हो ? एउटा खाट, गिल्टीका दुईचार ओटा भाँडा, कोठाभित्रै आफ्नो खाट र घोडीबिच छेकबार लगाएर ऊ सुत्छ । भुसाहरू, लादीको गन्ध । कलुवाले ल्याएर टाँसिदिने सिनेमाका पोस्टर । एकदुई बर्सातपछि ढल्न तम्तयार भित्ता । चुहिएर बर्सातमा सताउनु सताउने छत । र एउटा नमीठो, एकदमै नमीठो शून्यता । घर यही हो ? साला, घर यही हो ? (पृ. १५)

कमजोर भौतिक संरचना भएको प्रेमललवाले आफू स्वयम्लाई धिक्कार्दै उपर्युक्त साक्ष्यको प्रयोग गरेको देखिन्छ । गोठमा ऊ बस्न बाध्य भएको विषयसन्दर्भले उसको निरीह जीवनशैलीलाई अभिव्यक्त गर्नुका साथै उसको गरिबीले आक्रान्त अवस्थाको द्योतन गरेको छ । यस साक्ष्यमा आधारभूत आवश्यकताको परिपूर्ति गर्नसमेत असमर्थ प्रेमललवा सीमान्तीकृत जीवन बाँच्न बाध्य भएको तथ्यलाई उद्घाटन गरिएको छ । उत्पादनका साधनस्रोतमाथि पहुँच नभएको श्रमजीवीले सर्वहारा वर्गको प्रतिनिधित्व गर्दछ (मार्क्स र एङ्गेल्स, सन् १९८८, पृ. १५) । यस प्रसङ्गले सर्वहारा वर्गको प्रेमललवाको सामाजिक र आर्थिक सीमान्तीयतालाई इङ्गित गरेको छ ।

नेपालको चरणवद्ध राजनीतिक परिवर्तनका लागि पटक पटक आन्दोलनमा सहभागी भएको एकजना बुढोको नेपाली राजनीति र राजनीतिकर्मीप्रतिको उपेक्षा भाव उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, “त्यति भनेर सात सालको क्रान्तिमा तिघ्रामा गोली लागेको, सत्र सालमा देश छाडेर भागेको, छत्तीस र छयालीस सालमा जेलमा मरणासन्न हुने गरी पिटिएको त्यो बूढो खुट्टा खोच्याउँदै, दुईचार जनाको नमस्कार थाप्दै चुरोट खोज्न पार्टीअफिसबाट बाहिरियो” (पृ. ४८) । प्रस्तुत साक्ष्यमा वि.सं.२००७ सालमा स्वतन्त्रता

सेनानीका रूपमा, सत्र सालमा प्रजातन्त्र जोगाउनका लागि, छत्तीस सालमा बहुदलीय व्यवस्थाको पक्षधरता अनि छयालीस सालमा प्रजातन्त्र पुनर्बहालीका निम्ति दिलोज्यानले लागेर आन्दोलन गरेको बुढो नेपाली राजनीतिमा उपेक्षित भएको र राजनीतिमा स्वार्थी तथा अवसरवादी चरित्रका भ्रष्ट मान्छेहरूका प्रविष्टि एवम् हालीमुहाली भएकाले उत्पीडित अनि उपेक्षित बुढोमा नेपाली राजनीतिप्रति नै वितृष्णा र नैराश्य भाव उत्पन्न भएको छ ।

उक्त बुढोले नेपाली राजनीतिमा गरेको समर्पण तथा निष्ठाको कुनै मूल्याङ्कन एवम् कदर नभएको तथ्य यस साक्ष्यको माध्यमबाट चित्रण गरिएको छ जुन नेपाली राजनीतिको वास्तविक छायाचित्र हो । आफ्नो जीवनको उर्वर समय राजनीतिक परिवर्तन र सामाजिक रूपान्तरणका लागि बलिदानी दिएका बुढो जीवनको उत्तरार्धमा तिरस्कृत एवम् उपेक्षित जीवन बाँच्न बाध्य भएको प्रस्तुत साक्ष्यमा नेपाली राजनीतिको जीवन्त प्रतिविम्बन पाइन्छ ।

कथावस्तुको अन्त्यतिर विपन्न वर्गीय यौनकर्मी वदिनी द्रौपदीको परिवारमा विपत्ति आइलागेको तथ्यलाई यसरी प्रकट गरिएको छ, “दरौपदीकी आमा सिफलिसले मरिछ । सीता पनि बिरामी रहिछ । व्यापार चौपट रहेछ । उसको बाउले त सीतालाई पनि धन्धामा लगाउने विचार गरेको छ रे” (पृ. ५७) । यस साक्ष्यमा यौनपेसामा संलग्न वदिनी द्रौपदीकी आमालाई छालासम्बन्धी सिफिलिस रोग लागेर मृत्यु भएको सन्दर्भले तिनको कष्टकर जीवनको उद्घाटन गर्दै सीमान्तीकृत आर्थिक अवस्थाको यथार्थ चित्रण गरिएको छ । यौनपेसा पनि चौपट भएको अनि द्रौपदीकी छोरी बिरामी भए पनि उसको बाबुले अशक्त छोरीलाई यौन व्यवसायमा धकेल्ने सन्दर्भले आर्थिक हिसाबले सीमान्तीकृत वदिनी परिवारको असहज जीवनशैलीलाई इङ्गित गरेको छ । यस सन्दर्भमा विपन्न वर्गको वादी समुदायका महिलाका शरीरलाई यौनतुष्टि प्राप्तिका लागि वस्तु अथवा मालका रूपमा प्रयोग गरिएको प्रस्ट छ ।

उपभोक्तावादी संस्कृतिमा समाजका हरेक वस्तुलाई उपभोग्य सामग्रीका रूपमा हेरिन्छ र सोहीअनुसार व्यवहारसमेत गरिन्छ । उपभोक्तावादी चिन्तनको जगमा निर्मित संस्कृतिमा मानिसलाई वस्तुकरण गर्दै बजारमा बिकाउ वस्तुको रूपमा प्रस्तुत गरिन्छ (पौड्याल, २०७७, पृ. २८) । यहाँनेर वादी परिवारका महिला सदस्यहरूलाई आय आर्जन गर्ने स्रोतको रूपमा प्रयोग गरिएको छ जुन शरीर राजनीति पनि हो । प्रस्तुत सन्दर्भमा वादी समुदायका महिला सदस्यहरू वर्गीय अनि पितृसत्तात्मक प्रभुत्वको सिकार हुँदै लैङ्गिक उत्पीडन भोग्न

बाध्य भएका तथ्य उद्घाटन गरिएको छ । यस सन्दर्भमा वदिनी महिलाहरूलाई केवल यौन सन्तुष्टिको साधन मात्रको रूपमा प्रस्तुत गर्नुले उनीहरूको सीमान्तीकृत जीवनावस्थाको द्योतन गरेको छ ।

प्रतिनिधित्वको परावर्तक पद्धतिमा सीमान्तीकृत मधेसी समुदायको विपन्न वर्गीय पात्रहरू प्रेमललवा, कलुवा र ननकउका चरम गरिबीको यथार्थ प्रस्तुति छ । यस उपन्यासमा नेपाली राजनीतिकर्मीका भ्रष्ट आचरण, अनैतिकता, सिंहदरबारमा प्रभुत्वशाली र पहुँचवाला व्यक्ति मात्रले प्रवेश पाउने तथ्य उद्घाटन गरिएको छ । प्रस्तुत उपन्यासमा वादी परिवारका महिलाहरू गुजारा चलाउनका निम्ति समुदायमा घृणित मानिएको यौनधन्दाको पेसा अपनाउनु परेको जीवन्त तस्बिर सार्वजनिक गरिएको छ । यसमा नेपाली समुदायमा असमान वर्गीय संरचना, वर्गीय शोषण, लैङ्गिक उत्पीडन, प्रशासनिक प्रभुत्व, सर्वसाधारणको सीमान्तीकृत अवस्थाजस्ता विषयवस्तु विद्यमान रहेको तथ्य चित्रण गरिएको छ ।

**(ग) घुर उपन्यासमा परावर्तक पद्धति**

*घुर* उपन्यासमा मधेस आन्दोलनको संवेदनशील विषयवस्तुलाई कलात्मक तरिकाले प्रस्तुत गरिएको छ । यस उपन्यासमा मधेस आन्दोलन हुनुका कारक तत्त्वलाई केलाउनुका साथै त्यसको परिणामसमेतको चित्रण गरिएको छ । उपन्यासको आरम्भमै मधेस आन्दोलनका कारण बस यात्रामा अवरोध उत्पन्न भएको विषयवस्तुलाई समाख्याताले कथ्यवस्तुमा यसरी प्रस्तुत गरेका छन्, “पहिलो गाँसमै ढुङ्गा लाग्यो । जारी भएको मसी सुक्न नपाउँदै नवजात संविधानको विरोधको शृङ्खला सुरु भयो । मधेसी मात्र होइन आदिवासी जनजाति र थारूहरू पनि असन्तुष्ट थिए । सरोकारवालाहरूको आवाजलाई बेवास्ता गरिँदा मधेसबाट फिलिङ्गो सल्कियो” (पृ. १८) । यस साक्ष्यमा समाख्याताले बस यात्रा आरम्भ गरेकै दिन संविधानको विरोधमा मधेसका विभिन्न असन्तुष्ट समुदायहरू जारी अन्तरिम संविधानप्रति असहमति जनाउँदै विरोध गर्न थालेको तथ्यलाई प्रस्तुत गर्न खोजिएको छ । ‘नेपाल अधिराज्यको अन्तरिम संविधान २०६३’ जारीपश्चात् मधेसमा उत्पन्न असहज परिस्थितिलाई उपन्यासकार श्रेष्ठले यथार्थपरक चित्रण गरेका छन् । ऐतिहासिक जनआन्दोलनपश्चात् जारी गरिएको संविधानमा राज्यमा उपेक्षित रहेका वर्ग, जातजाति, आदिवासी जनजाति एवम् समुदायका हकअधिकार सुनिश्चित नगरिएकाले सीमान्तीकृत र असन्तुष्ट भएका सन्दर्भलाई यहाँनेर उजागर गर्न खोजिएको छ । राज्यमा

आदिवासी जनजाति, दलित, मधेसीका समस्यालाई उचित तवरबाट सम्बोधन नगरिएकाले जारी संविधानको विरोध हुनु स्वाभाविक थियो (यादव, २०६९, पृ.७९) । यस साक्ष्यको माध्यमबाट अन्तरिम संविधान जारीपश्चात् मधेसका उपेक्षित विभिन्न वर्ग एवम् समुदायका मान्छेहरूको संविधानप्रतिको व्यापक असन्तुष्टि र असहमतिको भावलाई उजागर गर्न खोजिएको छ ।

मधेस आन्दोलनका कारण राजविराज निकै अशान्त भएको विषयवस्तुलाई उपन्यासमा यसरी चित्रण गरिएको छ :

> ड्वाङ्ङ बम पड्कन्थ्यो । विस्फोटक आवाज कति शक्तिशाली हुन्थ्यो भने टाढाटाढा स्पष्ट सुनिन्थ्यो । केही दिन अघिको सुन्दर, शान्त र आकर्षक राजविराज, राजविराज थिएन । लाग्थ्यो, युद्धमोर्चाको अग्र पङ्कतिमा उभिएको छ राजविराज । आगाहरूको धकधकाउँदो ज्वालामा भकभक उम्लिएको छ राजविराज । रात-बिरात जतिसुकै बेला निर्बन्ध-निर्धक्क हिँड्न मिल्ने राजविराज, राजविराज थिएन । बिरानो थियो । राजविराजले राजविराजलाई नचिन्ला भन्ने पीर थियो । ( पृ. ३९)

उपर्युक्त साक्ष्यमा राजविराजको आततायी र बर्बर परिस्थितिलाई सङ्केत गर्दै पहिलेको सुन्दर, शान्त राजविराज युद्ध विभीषिकामा होमिएको तथ्यलाई उजागर गरिएको छ । राजविराज मधेस आन्दोलनका कारण पूरै आतङ्कित र आन्दोलित भएकाले सबैतिर असुरक्षा र त्रासदीपूर्ण वातावरण सिर्जना भएको वास्तविकतालाई यस उद्धरणमा प्रस्तुत गर्दै त्यहाँ कोही कसैबाट सुरक्षित नरहेको सन्दर्भलाई चित्रण गरिएको छ । उपर्युक्त साक्ष्यको माध्यमबाट उपन्यासकारले आन्दोलित राजविराजको सटीक तस्बिर प्रस्तुत गरेका छन् जुन तत्कालीन राजविराजको यथार्थको प्रतिविम्बन पनि हो । परावर्तक पद्धतिमा वस्तु, व्यक्ति, विचार वा घटनाका माध्यमबाट वास्तविक समुदायको अर्थ निष्पन्न गरिन्छ (हल, सन् १९९७, पृ. ११) । यस साक्ष्यको माध्यमबाट आन्दोलित राजविराजको वास्तविक छविचित्र प्रस्तुत गर्न खोजिएको छ ।

### (घ) गुलरको फूल उपन्यासमा परावर्तक पद्धति

*गुलरको फूल* उपन्यासमा उपन्यासकार प्याकुरेलले मधेसी समुदायको चित्रण गरेका छन् । यस उपन्यासमा मधेसी समुदायका जीवनशैलीलाई कलात्मक तरिकाले प्रस्तुत

गरिएको छ । नेपाल र भारतका सीमावर्ती इलाकाहरूलाई कार्यपीठिकाको आधार बनाइएको प्रस्तुत उपन्यासमा गण्डक नदीको छेउछाउमा बस्ने मल्लाह जातिका जीवनशैलीबारे उपन्यासमा यस्तो उल्लेख गरिएको छ :

> गण्डक छेउमा लमतन्न परेको एउटा बस्ती छ । गाडा हिँड्ने मूल बाटोबाट गोरेटो बाटो छुट्टिन्छ र यहीँ आएर ठोकिन्छ । बस्तीमा तीस चालिसवटा खरका सानासाना छाप्रा छन् । सबैका जहान केटाकेटी त्यसैमा अटाउँछन् । नदी किनारको यो बस्तीलाई सबैले मछुवार टोल भनेर चिन्दछन् । धेरैको पेसा भनेको माछा मारेरै जीविका चलाउनु हो । यहाँका मानिसको खानलाउने अवस्था दयनीय छ । निर्धनताले भरिएको साधा जीवन छ । खोला, बगरका बालुवा र माछा उनीहरूका साथी हुन् । (पृ. ११)

उपर्युक्त साक्ष्यमा गण्डक नदीको बगरमा बस्ने भूमिहीन मल्लाह जातिका मानिसहरूको कमजोर संरचना भएको बस्तीको बारेमा उजागर गरिएको छ । तिनका आफ्ना जग्गा नभएकाले तिनीहरू गण्डक नदीका बगरमा बस्ती बसाउन बाध्य भएका यथार्थ अभिव्यञ्जित छ । प्रस्तुत उपन्यासमा माछा मारेर आजीविका चलाउने मछुवार जातिको कष्टकर जीवनशैलीलाई यस साक्ष्यमा वर्णन गरिएको छ । यस उपन्यासमा खोला, बगरका बालुवा र माछा नै साथी बनेका यिनका दुरुह जीवनशैलीको सटीक प्रतिविम्बन गरिएको छ । यस साक्ष्यमा मछुवार बस्तीका मानिसहरूको यथार्थपरक जीवनबारे प्रकाश पारिएको छ । परावर्तक पद्धतिमा सामाजिक वस्तु, व्यक्ति, विचार वा घटनालाई दर्पणले जस्तै छ्याङ्ङै देखाउने काम गरिएको हुन्छ । प्रतिनिधित्वको यस्तो पद्धतिमा समुदायमा पहिलेदेखि अस्तित्ववान् विषयवस्तुलाई कलात्मक तरिकाले प्रस्तुत गरिन्छ (हल, सन् १९९७, पृ. १०) । यस साक्ष्यमा गण्डक नदीको बगरमा बस्ती बसाएका भूमिहीन र तन्नम मछुवारहरूको चरम गरिबीले आक्रान्त जीवनशैलीको वर्णन गरिएको छ ।

*गुलरको फूल* उपन्यासमा नेपालको सीमावर्ती इलाकामा भारतीय नर्तकीहरूलाई बोलाएर मेला लगाउने र सस्तो मनोरञ्ज प्रदर्शन गर्ने सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

> ....बाइजीहरू एकातिर अखडा जमाएर नाच देखाउँछन् र पैसा असुल्छन् । ग्याँसवाला सप्तरङ्गी बेलुन बेच्न राखिन्छ । माथिसम्म फिरफिराउँदै उडेकाले

बच्चाले परैबाट देख्छन् । आफ्ना आमा बाबुलाई किनिदिन आग्रह गर्छन् । नकिनी सुखै पाइँदैन । बेलुनवाला बेलुनमा ग्याँस भर्न तल्लिन छन् । (पृ. १६९)

प्रस्तुत साक्ष्यमा नेपालको सीमावर्ती क्षेत्रमा भारतीय नर्तकीहरू आएर सस्तो मनोरञ्जन प्रदान गरेर पैसा कमाउने यथार्थ अभिव्यञ्जित छ । छिमेकी देश भारतका विहार तथा उत्तरप्रदेशतिर विभिन्न सहरहरूमा गई गीत, नृत्यका माध्यमबाट पुरुषहरूलाई मनोरञ्जन गराई पैसा कमाउने पेसा भएका आइमाईहरूलाई 'बाइजी' भन्ने गरिन्छ । तिनले विभिन्न मेला तथा मञ्चहरूमा अश्लील र भड्किला खालका गीत गाएर एवम् नृत्य गरेर पुरुषहरूलाई मनोरञ्जन प्रदान गरी मनग्य आम्दानी गर्दछन् ।

उपर्युक्त साक्ष्यमा भारततिरका ससाना पेसाव्यवसाय गर्ने बेलुन व्यापारीहरू ग्याँस भरेर बेलुन बिक्री वितरण गरी पैसा कमाउने तथ्य उद्घाटित छ । यस उद्धरणमा सीमावर्ती नेपालमा सीमावर्ती भारततिरका नर्तकी एवम् साना व्यापारीहरू आएर विभिन्न गतिविधिका माध्यमबाट नेपाली भूभागबाट पैसा कुम्ल्याई भारत लैजाने सामाजिक यथार्थलाई उजागर गरिएको छ । प्रस्तुत साक्ष्यका माध्यमबाट नेपालको सीमावर्ती इलाकामा सीमावर्ती भारतीय क्षेत्रबाट नर्तकी एवम् ससाना व्यापारीहरू आउने र अनेक खालका कार्यक्रम गरेर नेपाली रुपियाँ कुम्ल्याएर भारततिर जाने गरेको वास्तविकतालाई प्रस्ट पारिएको छ ।

### (ङ) मालिकहरूको मधेस उपन्यासमा परावर्तक पद्धति

*मालिकहरूको मधेस* उपन्यासमा मधेसी समुदायका सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक गतिविधिहरूलाई यथार्थपरक ढङ्गबाट प्रस्तुत गरिएको छ । यस उपन्यासमा नेपाल भारतका बिच खुला सिमानाका कारण भारतीय नागरिकहरू नेपाल प्रवेश गरेर यहाँ प्रभुत्व जमाएर बसेका सन्दर्भहरूलाई प्रस्टसँग उजागर गरिएको छ । कथ्यवस्तुमा भारतीय नागरिक नेपाल आएर पुलकितलाल चौधरीका पितापुर्खाको जमिनदारी खरीद गरी यहीँ बसेको तथ्यलाई यसरी प्रस्तुत गरिएको छ, "जिम्दार त छदै थियो । हुन त त्यो जिम्दार मधेसी नै थियो । तर त्यसका बाबुबाजेहरू उसपारबाट आएर हाम्रै जमिनको मालपोत सकारेर लिईजमिन्दार बनेर बसेका थिए । उसको त टोलभरिका सबै केटाहरू उसका नोकरचाकर थिए" (पृ. ९६) । यस साक्ष्यमा खुला सिमानाका कारण छिमेकी देश भारतबाट भारतीय नागरिकहरू बेरोकटोक नेपाल प्रवेश गरी यहाँ हैकम जमाएर बस्ने तथ्यको खुलासा गर्दै मधेसमा भारतीय नागरिकहरूको आप्रवासनको तथ्यलाई उजागर गरिएको छ । यस

साक्ष्यमा भारतीय पुँजीपति वर्गका मानिसहरूले नेपालको मधेसमा आई जमिनदारी खरीद गरेर प्रभुत्व कायम गरी बसेका र यहाँका स्थानीय मधेसी युवकहरूलाई सेवकका रूपमा काम दिएका विषयवस्तुको प्रस्तुति छ । नेपाल भारत बिच रहेको खुला सिमानाका कारण सम्भ्रान्त वर्गीय भारतीयहरू मधेसी समुदायमा हैकम जमाएर बसेको वास्तविकतालाई प्रकट गरेको छ ।

### (च) दुलारी उपन्यासमा परावर्तक पद्धति

*दुलारी* उपन्यासमा उपन्यासकार मुना चौधरीले माओवादी जनयुद्ध कालमा सिराहा जिल्लामा घटेका विविध घटनाक्रमहरूलाई इमानदारितापूर्वक वर्णन गरेकी छन् । यस उपन्यासमा तत्कालीन समयको युद्ध विभीषिकाको भय, लुट, आतङ्क, हत्या, बलात्कार, आगजनीजस्ता विषयवस्तुको वस्तुपरक चित्रण गर्दै कालिक यथार्थको तस्बिर खिच्ने काम गरिएको छ । प्रस्तुत उपन्यासमा मूलधारीय गैरमधेसी समुदाय अर्थात् पहाडे समुदाय र अधीनस्थ एवम् उत्पीडित आन्दोलनकारी मधेसी समुदाय बिच बढेको तनाव र विद्वेषपूर्ण व्यवहारलाई चित्रण गरिएको छ । यस उपन्यासमा मधेसमा विद्यमान जातीय भेदभाव र छुवाछुतको अमानुषिक व्यवहारलाई यसरी प्रस्तुत गरिएको छ :

> हाम्रो पानी गिरहतको घरमा नचल्ने रहेछ । मलाई त्यो कुरा थाहा थिएन । माई गिरहतको घरमा सतर्क भएर बस्थिन् । उनको मनमा केही छोइएला भन्ने डर रहेछ । गिरहत बसघरामा बसिरहेका थिए । गिरहतनीलाई पखाला लागेको थियो । गिरहतले माईलाई देखेर भने, गै दुलारी के माई, चन्द्रु के महताइर के पेट झरै छै । थारीबाटी माइज दहै ।' (दुलारीकी माई चन्द्रुकी आमालाई पखाला लागेको छ भाँडाकुँडा मस्काईदे । (पृ. ८२)

उपर्युक्त साक्ष्यमा मधेसमा जातीय भेदभाव विद्यमान रहेकाले *दुलारी* उपन्यासमा थारू समुदायको मालिकले त्यहाँको मुसहर (सदा) समुदायका दुलारीका परिवारप्रति विभेदकारी व्यवहार गरेको प्रस्ट देखाउन खोजिएको छ । थारू समुदायका मालिकको घरमा काम गर्न जाँदा दुलारीकी आमाले सतर्कता अपनाउँदै काम गर्नुपर्ने यथार्थ पक्षलाई चित्रण गर्दै मधेसमा विद्यमान जातीय छुवाछुतको असमान र अमानवीय व्यवहारलाई इङ्गित गर्न खोजिएको छ । थालीबाटी मस्काउँदा चोखो हुने र त्यही मानिसले उक्त पखालिराखेको थालीबाटी छुँदा अछुतो हुने विभेदकारी मानसिकतालाई यस सन्दर्भमा उजागर गरिएको छ ।

प्रस्तुत सन्दर्भमा मधेसी दलित मुसहर समुदायले भोग्नु परेको विभेदकारी व्यवहारको जीवन्त तस्बिरको चित्रण गरिएको छ, । यस सन्दर्भले दलितको सीप, श्रम र शरीर चल्ने तर उसले छोएको खानेकुरा नचल्ने शासक र शासित वर्गको विभेदलाई राम्रोसँग दर्शाएको छ । यस साक्ष्यमा मधेसका प्रभुत्वशाली थारू समुदायले अधीनस्थ मधेसी दलित मुसहर समुदायको दुलारीका परिवारप्रति गरेको असमान र अमानुषिक व्यवहारको सटीक चित्रण गरिएको छ ।

*दुलारी* उपन्यासमा कमाउनका निम्ति विदेशिएका युवाका पत्नी परपुरुषसँग सल्किएर पोइल गएकी विषयवस्तुको उठान गरिएको छ । यसले गरिबीको दुश्चक्रमा परेर परदेश गएका युवाका घरव्यवहार बिग्रने विषयवस्तुको यसरी उदाङ्गो पारेको छ, "…. रामखेलौन दाइ कमाउन लुधियाना गएका थिए । रामखेलौन दाइको घर अगाडि मुतना दाइको घर थियो । मुतना दाइसँग भौजीको चक्कर चलेको टोलभरि हल्ला थियो" (पृ. १९३) । यस साक्ष्यमा रोजगारीको खोजीमा विदेश गएका मुसहरी टोलको रामखेलौनको घरव्यवहार बिग्रन थालेको सन्दर्भमाथि प्रकाश पारिएको छ । रामखेलौन रोजगारीको खोजीमा छिमेकी देश भारतको लुधियाना गएको मौका पारी उसकै छिमेकी मुतनाले रामखेलौनकी पत्नी भौजीसँग लसपस गरी रामखेलौनको घर बिगारेको तथ्य उद्घाटित छ । पैसा कमाउन विदेश जाने रामखेलौन विपन्न वर्गीय नेपाली समुदायको प्रतिनिधि पात्र हो । यस साक्ष्यमा रोजगारीको खोजीमा विदेसिने नेपाली युवाका वास्तविक जीवनचित्र प्रस्तुत भएको छ ।

### ६.२.२ आशयपरक पद्धति

साहित्यमा प्रयुक्त भाषा स्वयम्‌ले अर्थ निष्पन्न गर्दैन । उपन्यासकारले समाजका विविध प्रसङ्गहरूलाई कुनै निश्चित प्रयोजनका लागि प्रस्तुत गरेको हुन्छ । लेखकले पाठकलाई निश्चित आशयका साथ साहित्यिक कृतिको प्रस्तुतीकरण गरेको हुन्छ । पाठक र भावक बिच तादात्म्य भयो भने मात्र आशयपरक पद्धति सार्थक हुन सक्तछ । यसका लागि पाठक र भावकका बिच चेतनास्तरको मिलान हुनु आवश्यक छ अनि मात्र पाठमा प्रयुक्त शब्दावलीको आशय पाठकले सहजताका साथ बोध गर्न सक्तछ ।

#### (क) अलिखित उपन्यासमा आशयपरक पद्धति

*अलिखित* उपन्यासमा गाउँका विपन्न वर्गीय एवम् कमजोर पात्र सरजुलाई उसको वास्तविक नामबाट नबोलाएर बिगारेर बोलाइने सन्दर्भलाई उपन्यासमा प्रस्ट चित्रण

गरिएको छ । समुदायमा आर्थिक रूपले विपन्न हुँदाखेरि सबैले हेपेर नामसमेत बिगारेर बोलाइने चलनलाई उपन्यासले यसरी अभिव्यक्त गरेको छ, "नाउँ रहेछ सरजु । गाउँमा सरजुगवा । अब गाउँबाहिर सरेकाले पछिल्तिर मात्र सरजुगवा भनिन्छ, जुन अलि हेय किसिमको सम्बोधन गाउँमा मानिन्थ्यो" (पृ. ३६) । यस साक्ष्यमा सरजु मधेसी समुदायको गरिब वर्गको पात्र भएकाले उसलाई गाउँलेहरूले हेपेर, होच्याएर सरजुगवा भनी सम्बोधन गरेको हो ।

मधेसी समुदायमा मानिसको सामाजिक आर्थिक हैसियतका आधारमा सम्बोधन गर्ने चलन रहेको छ । धनसम्पत्ति धेरै हुँदाखेरि नामका पछाडि ससम्मान 'बाबु' जोडिन्छ भने धनसम्पत्ति नहुँदाखेरि भएको राम्रो नामसमेतलाई बिगारेर हेपेर दुर्व्यवहार गरी बोलाइने तथ्यलाई यस साक्ष्यले प्रकाश पारेको छ । सरजु मधेसी समुदायको अतिविपन्न परिवारको पात्र भएकोले गाउँटोलका सबैले उसको वास्तविक नाम बिगारेर सरजुगवा भनी बोलाएको प्रस्ट छ । यहाँनेर लेखकीय आशय अभिव्यक्त भएको छ । आशयपरक पद्धतिमा लेखकले भाषाको माध्यमबाट उसको अनौठो अर्थको उत्पादन गर्दछ (हल, सन् १९९७, पृ. १०) । यस प्रसङ्गमा सरजु मधेसी समुदायको अति सीमान्तीकृत पात्र भएकोले उसको नाम बिगारेर उसलाई होच्याएर सरजुगवा भनी सम्बोधन गर्न खोजिएको स्पष्ट छ ।

**(ख) उलार उपन्यासमा आशयपरक पद्धति**

भाषाको माध्यमबाट अर्थको उत्पादन हुन्छ । समान संस्कृतिका सदस्यका बिचमा भाषिक अभिव्यक्तिका माध्यमबाट अर्थको आदानप्रदान हुन्छ । सामाजिक यथार्थवादी उपन्यासकार नयनराज पाण्डेले निश्चित अर्थका विषयवस्तुको विम्ब तथा प्रतीकहरूको प्रयोग गर्दै संस्कृतिको निर्माण गरेका छन् । विपन्न वर्गीय प्रेमललवाको एक लाख पर्ने जग्गा शान्तिराजाले जम्मा तीस हजार रुपियाँ दिएर शिलाबाबुलाई एक लाख भन्नु परेको भनी सिकाएको कथ्यवस्तु उपन्यासमा यसरी प्रयुक्त छ :

> जम्मा तीस हजारमा प्रेमललवाले आफ्नो घरजग्गा बेच्यो । शिलाबाबुले दाम सोधे एक लाख भन्नू भनेर राजेन्द्रराजले पहिले नै सम्झाएका थिए । उसले त्यसै भनेको थियो । तर राजेन्द्रराजले किन झूटो बोल्न लगाए, उसले बुझेन । उसले एक लाखको कागजमा ल्याप्चे लगायो र तीस हजार बुझ्यो । बाँकी रकम कसले

> बुझ्यो, त्यतातिर सोच्ने उसको क्षमता नै कहाँ थियो र । जेहोस्, त्यो जग्गा शिलाबाबुले किने र त्यहाँ पार्टी अफिस खोले । (पृ. ८-९)

प्रस्तुत साक्ष्यमा अभिजात वर्गको राजेन्द्रराजले सर्वहारा वर्गको प्रेमललवाको एक लाख मूल्य पर्ने जग्गा सस्तोमा बेच्न लगाएर प्रेमललवालाई जम्मा तीस हजार मात्र दिएबाट प्रेमललवाको आर्थिक शोषण भएको आशयलाई व्यक्त गरिएको छ । राजेन्द्रराजले एउटा कामबाट दुई किसिमको फाइदा लिएको देखिन्छ । उसले एकातिर गरिब वर्गको प्रेमललवाको आर्थिक शोषण गरेको छ भने अर्कोतिर आफ्नै दलका नेता शिलाबाबुबाट सोही जग्गा किनाइदिए वापत कमिसन खाएको प्रस्ट हुन्छ । राजेन्द्रराजले विपन्न वर्गको प्रेमललवाको जग्गामा खाएको कमिसन अश्लील किसिमको व्यवहार हो भन्न सकिन्छ (श्यामल, २०६५, पृ. बे.) । नेपालमा प्रजातन्त्र पुनर्बहालीपश्चात् राजनीतिकर्मीहरू आर्थिक आर्जनका निम्ति जस्तोसुकै काम गर्न पनि पछि नपर्ने तथ्यलाई प्रस्तुत साक्ष्यले उजागर गरेको छ । यस प्रसङ्गको माध्यमबाट उपन्यासकार पाण्डेले प्रभुत्वशाली नेपाली राजनीतिकर्मीका कमिसनखोर चरित्र उदाङ्गो पारेका छन् ।

द्रौपदी पेसाले देह व्यापारी भएकीले उसकोमा विभिन्न ओहोदाका मान्छेहरू आएर शारीरिक सम्पर्क राख्ने प्रसङ्ग उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> द्रौपदीको बाउ छ । आमा छे । नौदस वर्षकी छोरी छे । छोरी कसबाट जन्मिई, उसलाई थाहा छैन । कहिलेकाहीँ उसलाई आफ्नी छोरीको अनुहार असइ कृष्णबहादुरको जस्तो लाग्छ । कहिले असइ जगतमानको जस्तो लाग्छ । कहिले भूतपूर्व प्रधानपञ्च हर्कमानको जस्तो लाग्छ । कहिले बहराइचको कबडिया असलमको जस्तो लाग्छ । कुनै निर्क्योलमा पुग्न नसक्ने भएपछि 'कसकी छोरी' भन्ने कुरा नै उसले सोच्न छाडिसकेकी छ । छोरीलाई उसले आफ्नै पुरानो नाम दिएकी छ, सीता । (पृ. ११)

प्रस्तुत साक्ष्यमा विपन्न वर्गीय द्रौपदीले जीविकोपार्जनका निम्ति यौनव्यवसाय चलाउनु परेकीले उसकोमा विभिन्न उच्च ओहोदाका कर्मचारी, राजनीतिकर्मीदेखि निम्न वर्गको मान्छेसमेत शारीरिक सम्पर्कका लागि आउने गरेको तथ्य उद्घाटित छ । द्रौपदीसँग विभिन्न मान्छेहरूले यौनसम्पर्क गरेकाले उसले कसको गर्भधारण गरेकी भन्ने छुट्याउन असमर्थ भई विभिन्न मान्छेका नाम आएको हो ।

उपर्युक्त प्रसङ्गबाट उसको यौनव्यवसायको पेसा प्रस्टिँदै उसको चरम आर्थिक अभावसमेत पुष्टि हुन्छ । आफूकहाँ धेरै पुरुषहरू समागमका लागि आउने भएकाले आफूले कसको गर्भधारण गरेकी भन्ने भेउ पाउन नसकेकी वदिनी द्रौपदीले त्यस विषयमा ध्यान दिनै छाडेकी छ । आफू रामायणको मिथकीय पात्र सीताजस्ती पवित्र भए पनि पितृसत्तात्मक पुँजीवादी समुदायले आफूलाई बिटुल्याएर अपवित्र बन्न बाध्य तुल्याएको वास्तविकता छर्लङ्ग भएको छ । सुरू सुरूमा आफू पवित्र भए पनि पछि पछि घरपरिवार पाल्नका निम्ति देह व्यापारजस्तो अनैतिक र घटिया पेसा अपनाएर सीता नाम परिवर्तन गरी द्रौपदी राखेकीजस्तै आफ्नो छोरीको नाम सीता राख्नुले व्यङ्ग्य भावलाई अभिज्यञ्जित गरेको छ ।

महाभारतको चर्चित मिथकीय पात्र द्रौपदीको चीरहरण भएजस्तै सीमान्तीकृत मधेसी समुदायको वदिनी द्रौपदीलाई कामुक पुरुषहरूले पटक पटक अस्मिता हरण गरेर अपवित्र बनाएको सन्दर्भ इङ्गित छ । पितृसत्तात्मक समुदायमा नारीको इज्जत प्रतिष्ठासँग यहाँका पुरुषहरूले खेलवाड गर्ने तथ्यलाई उपर्युक्त साक्ष्यले उजागर गरेको  छ । वर्गीय असमानता भएको पितृसत्तात्मक सामाजिक संरचनामा द्रौपदीले सम्मानजनक जीवन बाँच्न नपाएकी तथ्यलाई उपर्युक्त साक्ष्यले पुष्टि गरेको छ ।

देहव्यापार गर्ने द्रौपदीकोमा प्रहरी प्रशासनका व्यक्तित्वहरू आएर निःशुल्क संसर्ग गर्ने सन्दर्भमा द्रौपदीको मानसिकता यसरी उजागर भएको छ, "....यस्तै बेहोराको सोचविचार गरिरहेकै बेलामा असइ विष्णु आयो र उसलाई गिजोल्न थाल्यो । 'साला, फिरीमा दिनुपर्छ, त्यो पनि दुखाइ सहेर, उसले मनमनै विष्णुलाई गाली गरी । 'विष्णुप्रसाद' आफू फटाफट नाङ्गियो र द्रौपदीमाथि पोखियो" (पृ. ३३) । यस साक्ष्यमा नागरिकको जिउधनको सुरक्षा कायम गर्नुपर्ने, समुदायमा नीतिनियम र कानुनको परिपालनाका निम्ति दत्तचित्त भएर खट्नुपर्ने प्रहरीका अधिकृतहरूले नै शक्तिको आडमा द्रौपदीको यौनशोषण गर्नु भनेको अख्तियारको दुरूपयोग भएको हो ।  यस साक्ष्यमा शक्तिका अगाडि यौनकर्मी द्रौपदी अधीनस्थ भएकीले उसले प्रतिकार गर्न नसकी निःशुल्क समागम गरेकी यथार्थ पक्ष अभिव्यक्त छ । यहाँनेर कानुनका रक्षक नै भक्षक भएका देखिन्छन् । यस प्रसङ्गमा द्रौपदीले प्रभुत्वशाली असइ विष्णेको धम्कीलाई संस्कृति मानेर स्वीकार गरेकीले उसले त्यसको सहजै प्रतिकार गर्न नसकेकी हो भन्ने तथ्य प्रस्टिन्छ (क्षितिज, २०७१, पृ. ७-८) । यहाँनेर प्रभुत्वशाली असइको पदीय दुरूपयोग र द्रौपदीको यौनपेसा अवैध भएकोले ऊ असइको अगाडि निरीह देखिई प्रतिरोध जनाउन असमर्थ भएकी तथ्य सार्वजनिक गरिएको छ ।

**(ग) घुर उपन्यासमा आशयपरक पद्धति**

*घुर* उपन्यासमा कथ्यवस्तुलाई विशेष आशयका साथ चित्रण गरिएको छ । प्रतिनिधित्वअन्तर्गतको आशयपरक पद्धतिमा भाषालाई विशिष्ट आशयका साथ प्रयोग गरिन्छ । *घुर* उपन्यासमा कथ्यवस्तुलाई विशेष आशयका निम्ति प्रयोग गरिएको सन्दर्भ यस्तो रहेको छ, "चारकोसे झाडी पातलो भएपछि जङ्गली जनावरहरू गाउँसहर पसिसके । तिनलाई भेट्ने रहर भए कि त सहरबजार जानुपर्छ कि त चिडियाखाना" (पृ. २५) । यस साक्ष्यमा प्राकृतिक जङ्गल चारकोसे झाडी मानवका अतिक्रमणका कारण जङ्गली जनावरका बासस्थान उजाड भएकाले ती आफ्ना सुरक्षाको खोजी गर्दै, भौतारिँदै मानव बस्ती र सहरमा पस्न थालेका सन्दर्भलाई उजागर गर्न खोजिएको छ । मूक पशुका बासस्थान मानवबाट उजाडिएकाले ती कि त मानव बस्तीमा भेटिन्छन् कि त चिडियाखानामा भेटिन्छन् भन्ने सन्दर्भले मान्छेका जनावर माथिका ज्यादतीपूर्ण क्रियाकलापको आशयलाई सङ्केत गर्दछ । आशयपरक पद्धतिमा लेखकले भाषाका माध्यमबाट निश्चित आशयको अभिव्यक्ति दिन खोजेको हुन्छ (हल, सन् १९९७, पृ. ११) । यस साक्ष्यको माध्यमबाट उपन्यासकार श्रेष्ठले जङ्गली जनावरको प्राकृतिक बासस्थान माथि मान्छेको स्वार्थीपूर्ण अतिक्रमणको भावलाई इङ्गित गरिएको छ ।

*घुर* उपन्यासमा मधेस आन्दोलन स्वतःस्फूर्त नभई त्यसलाई कुनै पक्षले भड्काएर आन्दोलित गराएको आशयका सन्दर्भमा कथ्यवस्तु यस्तो रहेको छ :

> मधेसी आन्दोलनमा घुसपैठ गरी देशमा अराजकता र अशान्ति फैलाई समयमा संविधानको निर्वाचन नहोस् भनी चाहने असामाजिक महत्त्वले यस्ता दुईओटा सिडी बनाएका छन् । एउटा, मधेसीलाई उक्साएर उत्तेजक बनाउने र दोस्रो, मधेसी मधेसी । मधेसी समुदायमा पहाडी विरोधी र पहाडी समुदायमा मधेसी विरोधी सिडी निशुल्क बाँडेर एक अर्काका विरुद्ध हिंसा भड्काउने प्रयास गरिएको छ । (पृ. ७७)

उपर्युक्त साक्ष्यमा उपन्यासकारले मधेस आन्दोलनको अन्तर्य  मधेसी समुदायको उपेक्षा, उत्पीडनभन्दा पनि कुनै पक्षले सिडी निर्माण गरेर अफवाह फैलाएको भन्नेमा जोड दिन खोजेको देखिन्छ । मधेसमा सदियौँदेखि राजकीय विभेद, असमान व्यवहार र सीमान्तीकरण गरिएको विषयवस्तुभन्दा पनि कुनै महत्त्वले शान्त मधेसमा विद्वेष फैलाएर

सामाजिक सद्भावमा खलल पुऱ्याउन खोजेको आशयलाई सङ्केत गर्न खोजिएको छ । कुनै असामाजिक तत्त्वले मधेसमा लामो समयदेखि मिलेर बसेका मधेसी र पर्वतेका बिचमा फाटो ल्याई यहाँको शान्ति सुव्यवस्था र आपसी सद्भाव अनि भाइचारामा खलल पुऱ्याउने नियतले मधेस आन्दोलन नियोजित तरिकाले सम्पन्न गराएको आशय यहाँ उद्धृत गर्न खोजिएको छ । यस सन्दर्भलाई उपन्यासकारले विशेष आशयका साथमा प्रयोग गरेका छन् ।

**(घ) गुलरको फूल उपन्यासमा आशयपरक पद्धति**

सर्जकले निश्चित आशयका साथ उपन्यास लेखेको हुन्छ । उसको आशय समुदायमा विद्यमान विभिन्न समस्यका चित्रणका साथै उक्त समस्याको निराकरण पनि हुन्छ । उपन्यासकारले औपन्यासिक कथ्यका माध्यमबाट निश्चित उद्देश्यको प्राप्तिको आकाङ्क्षा राखेको हुन्छ । यसमा तथ्यको प्रकटीकरणसँगै उक्त सन्दर्भ उत्तरवर्ती पाठक एवम् भावकलाई हस्तान्तरण गर्नु पनि रहेको हुन्छ । *गुलरको फूल* उपन्यासमा राणाशासनको अन्त्य भई प्रजातन्त्रको आगमनपछिको विषयसन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

> एक सय चारबर्से जहानियाँ राणा शासनको पतनपछि २००७ सालमा प्रजातन्त्र आएको थियो । प्रजातन्त्र आए पनि प्रजातान्त्रिक संविधान बनेको थिएन । प्रधानमन्त्रीहरू फेरिँदै जान्थे । मन्त्रीमण्डलमा पनि हेरफेर हुँदै जान्थ्यो । तैपनि संविधान बनेको थिएन । देशमा आम निर्वाचन हुन सकेको थिएन । देश अझै अन्यौलमै थियो । (पृ. १९)

उपर्युक्त साक्ष्यमा वि.सं.२००७ पछिको अन्यौलपूर्ण परिस्थितिलाई इङ्गित गर्दै तत्कालीन अस्तव्यस्त अवस्थाको उजागर गरिएको छ । वि. सं.२००७ मा १०४ वर्षे राणाशासनको अन्त्यपछि उत्पन्न असहज परिस्थितिको आशयलाई यहाँनेर इङ्गित गर्न खोजिएको छ । त्यतिबेला राणाहरूको १०४ वर्षे शासनसत्ताको अन्त्य भई नयाँ संविधान बनिनसकेको अवस्थामा पुराना सत्तापक्षधर राणाशासक र परिवर्तनकामी राजनीतिक शक्ति बिचका मनोमालिन्यको अवस्थालाई यस साक्ष्यले सङ्केत गरेको छ । जहानियाँ राणाशासनको अन्त्यपश्चात् उत्पन्न असहज परिस्थितिको प्रतिविम्बन उपन्यासकारको मुख्य आशय रहेको प्रस्ट हुन्छ । लेखकले भाषाको माध्यमबाट विशिष्ट विषयवस्तुको आशयको अभिव्यक्ति दिन्छ (हल, सन् १९९७, पृ. ११) । यस साक्ष्यको माध्यमबाट राणाशासनको

अन्त्य र प्रजातन्त्रको घोषणासँगै नेपाली राजनीतिमा छाएको अन्यौलपूर्ण अवस्थालाई उजागर गर्न खोजिएको छ ।

**(ङ) मालिकहरूको मधेस उपन्यासमा आशयपरक पद्धति**

*मालिकहरूको मधेस* उपन्यासमा मधेसका आदिवासी जनजातिका जीवनशैली र तिनका अवस्थाबारे सटीक चित्रण गरिएको छ । कथ्यवस्तुमा मधेसका आदिवासी जनजातिहरू आफ्ना जातीय संस्कार संस्कृति मान्नका लागि महाजनसँग ऋण काढ्ने सन्दर्भलाई समेत प्रस्तुत गरिएको पाइन्छ । यस उपन्यासमा विपन्न वर्गीय मधेसी आदिवासी जनजातिहरू आफ्ना जातअनुसारका रीतभाँत मान्नका लागि स्थानीय गैरमधेसी समुदायका मानिसहरूसँग ब्याजमा ऋण लिने सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> आफ्नो जातअनुसारको परम्परा धान्नुपर्दा पैसाको आवश्यकता पर्थ्यो । सो पूरा गर्न त्यस्ता मानिसहरूकोमा जानुपर्थ्यो जो सरकारी जागिर खाएर पैसा कुस्त कमाएर बसेका हुन्थे । उनीहरूसँग लिएको ऋणको व्याज एकदमै चर्को हुन्थ्यो । कुनै खेत डिक राखेर लिएको थोरै पैसामा पनि केही वर्षपछि सो खेत त्यसै साहुका नाममा पासि गरिदिन बाध्य हुनुपर्थ्यो । यस्ता कुरा त पुलकितलालकै जीवनमा पनि धेरै पटक आइलागेका हुन् । (पृ. ५५)

उपर्युक्त साक्ष्यमा मधेसका रैथाने थारूहरू आर्थिक रूपले कमजोर र बेरोजगारसमेत हुने भएकाले तिनले घरव्यवहार चलाउनेदेखि लिएर संस्कार, संस्कृति मान्नका लागि स्थानीय गैरमधेसी कर्मचारी तथा साहुकहाँ ऋण लिने गरेका तथ्यलाई उजागर गरिएको छ । यस साक्ष्यको पूर्वापर प्रसङ्गलाई अध्ययन गर्दा के देखिन्छ भने राज्यमा पहुँच नभएका मधेसी आदिवासी जनजाति थारूहरू विवश भई कर्मचारी भएर अकुत पैसा कमाएका गैरमधेसी साहुकहाँ जाने गरेका प्रसङ्गलाई इङ्गित गरिएको छ । यस सन्दर्भमा गरिबीले आक्रान्त र पहुँचविहीन मधेसी आदिवासी थारूहरू संस्कार मान्नका लागि गैरमधेसी समुदायका कर्मचारी भएर पैसा आर्जन गरेका साहुकामा भर पर्न बाध्य रहेका प्रस्तुत गरिएको छ ।

**(च) दुलारी उपन्यासमा आशयपरक पद्धति**

*दुलारी* उपन्यासमा मधेसमा हुने चुनावी राजनीतिक गतिविधिलाई यथार्थपरक ढङ्गबाट प्रस्तुत गरिएको छ । राजनीतिमा सम्भ्रान्त वर्गका मानिसहरूले उम्मेदवारी दिने अनि तिनले आफ्नो चुनावक्षेत्रका मतदातालाई पैसाको प्रलोभन देखाएर मत बटुल्ने

गैरलोकतान्त्रिक क्रियाकलापलाई कथ्यवस्तुमा छर्लङ्ग देखाइएको छ । चुनावताका आफ्ना मतदाताहरूका मत किनबेच गर्नका लागि गाउँटोलका अगुवा तथा नाइकेहरूलाई दलका नेताहरूले अभिकर्ताका रूपमा प्रयोग गर्ने सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> अर्को दिन कुन्नि कुन पार्टीले पाँच-पाँच किलो चामल र एक-एक किलो खसीको मासु दिएको थियो त्यो दिन घरमै मासुभात पाक्यो । अर्को दिन माइनजनले टोलमा प्रत्येक घरलाई पाँच-पाँच सय रूपियाँ बाडे । हाम्रो काम खाने मात्रै थियो । कुन पार्टीले पैसा दियो भन्ने माइनजनलाई मात्र थाहा हुन्थ्यो । (पृ. १२४)

उपर्युक्त साक्ष्यमा देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था आइसक्ता पनि यहाँका राजनीतिक दलका उम्मेदवारहरूले नगद र जिन्सीका भरमा लाटासोझा मतदाताका अमूल्य मत आफ्नो पक्षमा पार्दै आएको तथ्यलाई उजागर गरिएको छ । यस साक्ष्यमा गरिब तथा निमुखा मतदाताका मत लिनका लागि कतै गरिष्ट भोजन त कतै गाउँटोलका मुखियालाई माध्यम बनाएर मत लिँदै आएको सन्दर्भले लोकतान्त्रिक निर्वाचन प्रणालीकै उपहास गरेको आशयलाई इङ्गित गर्न खोजिएको छ । बहुसङ्ख्यक विपन्न र निरक्षर मुसहर समुदायमा 'माइनजन'ले भनेका कुरा मातहतका मानिसहरूले मान्ने भएकाले दलका टाठाबाठा नेताहरूले माइनजनहरूलाई नै प्रयोग गरेको प्रस्ट छ ।

मधेसी दलित मुसहर समुदायमा माइनजन भनेको तिनका अगुवालाई बुझाउँदछ । मुसहरहरू आफ्ना सामुदायिक समस्या समाधान र नेतृत्व गर्नका लागि एकजना माइनजनको चयन गरेका हुन्छन् र उक्त माइनजन नै उनीहरूको मुखिया हुने प्रावधान रहेको छ (चौधरी, सन् २०१५, पृ. १४०) । यस साक्ष्यमा राजनीतिक दलका उम्मेदवारहरूले आफ्ना चुनावी स्वार्थपूर्तिका लागि विपन्न वर्गीय मधेसी दलित मुसहर समुदायमा रूपियाँपैसा, अन्न, मासुभातका साथै तिनका अगुवालाई नै आर्थिक प्रलोभन दिएर आफ्नो नियन्त्रणमा राख्ने आशयलाई अभिव्यक्त गर्न खोजिएको छ ।

### ६.२.३ निर्माणवादी पद्धति

उपन्यासमा प्रयुक्त भाषा स्वयम्ले अर्थ नदिने भएकाले पाठकले अर्थ निर्माण गरेर बोध गर्नुपर्ने हुन्छ । भाषाको माध्यमबाट प्रयुक्त पाठमा निहित अर्थबोध गर्नका लागि पाठकले भाषाको अर्थ निर्माण गर्दै बुझ्नुपर्ने हुन्छ । सामान्य पाठकले सहजै अर्थ निर्माण

नगर्न पनि सक्छ । यसको लागि विशेष खालको बौद्धिक क्षमताको आवश्यकता पर्न सक्छ । समाजका सामान्य विषयवस्तुभन्दा पनि जटिल सन्दर्भहरूलाई निर्माणवादी पद्धतिका माध्यमबाट बुझ्नुपर्ने हुन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भका मुद्दाका बारेमा निर्माणवादी पद्धतिका माध्यमबाट अर्थ सम्पादन गर्नुपर्ने हुन्छ ।

**(क) अलिखित उपन्यासमा निर्माणवादी पद्धति**

उपन्यासमा समुदायको प्रतिविम्बन हुने भएकाले उपन्यासकारले विभिन्न सामाजिक सन्दर्भहरूलाई भाषाको माध्यमबाट विषयवस्तुका रूपमा निर्माण गरेर पाठक एवम् भावकका माझ प्रस्तुत गर्दछ । *अलिखित* उपन्यासमा उपन्यासकार गौतमले मधेसी समुदायका विभिन्न विषयवस्तु एवम् सन्दर्भहरूलाई सांस्कृतिक विषयवस्तु बनाएर सार्वजनिक गरेको पाइन्छ । प्रस्तुत उपन्यासमा प्रभुत्वशाली धरमपुरबासीहरूले कमजोर बिरहिनपुर बरेवा गाउँप्रति गरेको अत्याचारलाई यसरी अभिव्यक्त गरिएको छ :

> धरमपुरका मानिस, डाँका आउने अनौठोअनौठो हल्ला ल्याएर बिरहिनपुर बरेवामा चारैतिर झुन्ड्याइदिन्थे, जसको घेरामा, एक दिन तिनीहरू नै त्यहाँ आएर गाउँलाई लुट्न थाल्न पनि सक्थे । नियम के थियो भने, लुटेपछि लुटको गुनासो गरिनु हुँदैन । डाँकु चिनेका छौ भने पनि चुप लाग, त्यति मात्र होइन, भोलिपल्टदेखि लुट्ने र लुटिनेको सारा सम्बन्ध पूर्ववत् नै हुनुपर्दछ, नत्रभने ...सजायमा पुनः लुटिने त्यतिकै खतरा छ । (पृ. १६१)

उपर्युक्त साक्ष्यमा शक्तिशाली गाउँ धरमपुरका मानिसहरूले विभिन्न किसिमका अफवाह फैलाएर शक्तिसम्बन्धका हिसाबले कमजोर बिरहिनपुर बरेवाका मानिसहरूलाई तर्साउँदै शासन गरिरहेको तथ्य उद्घाटन गरिएको छ । यस सन्दर्भमा धरमपुरका मानिसहरूको मनपरीतन्त्र उजागर गर्दै बिरहिनपुर बरेवाका बासिन्दाका कायर प्रवृत्तिलाई प्रस्ट्याइएको छ । धरमपुरका गाउँलेहरूले लुटआतङ्क मच्चाउनु पूर्व नै त्यस्तो किसिमको सनसनीपूर्ण खबर फैलाएर नेपालको नक्सामा उल्लेख नभएको गाउँ बिरहिनपुर बरेवाका सीमान्तीकृत बासिन्दाको सन्दर्भलाई उजागर गरिएको छ । बिरहिनपुर बरेवाका गाउँलेहरूले धरमपुरका गाउँलेहरूका सारा कुरा मान्नुपर्ने अन्यथा चोरी, डकैती हुन सक्ने भावलाई उपर्युक्त साक्ष्यले प्रस्ट पारेको देखिन्छ । उपन्यासकार गौतमले बिरहिनपुर बरेवाको कमजोरीलाई यथार्थपरक ढङ्गबाट प्रस्तुत गरेका छन् ।

**(ख) उलार उपन्यासमा निर्माणवादी पद्धति**

नेपाली समुदायमा विद्यमान राजनीतिक गतिविधि, नेताका दैनन्दिनी तथा कार्यकर्ताका मनोविज्ञानलाई *उलार* उपन्यासमा यथार्थपरक ढङ्गबाट चित्रण गरिएको छ । शान्तिराजालाई भेट्नका निम्ति पार्टी कार्यालय पुग्दाखेरिको दृश्यबारे प्रेमललवाको अनुभूति यस्तो छ, “पार्टी अफिसभित्र देशको भूत, भविष्य, वर्तमानबारे बहस भइरहेको थियो । तर देशभन्दा बढी सत्ता, कुर्सी र षड्यन्त्रका कुराहरू । कार्यकर्ताहरू बाहिर बसेर निर्णयलाई पर्खिरहेका थिए तर त्यो पर्खाइ खासमा पद, प्रतिष्ठा र पैसाको पर्खाइ जस्तो देखिइरहेको थियो” (पृ. ४७) । यस साक्ष्यमा राजनीतिक दलका कार्यालयमा देशको विकास र जनताको सुख समृद्धिको योजनाभन्दा पनि नेताका व्यक्तिगत उन्नतिका कुरा बढी हुने गरेको तथ्यलाई इङ्गित गर्दै नेपाली राजनीति नागरिकको सेवाभन्दा पनि बढी नेताको स्वार्थप्राप्तिमा केन्द्रित रहेको तथ्य उद्घाटित छ ।

नेपाली राजनीतिक दलका कार्यालयमा नेता तथा कार्यकर्ताहरूले सत्ता तथा कुर्सी प्राप्तिका लागि विभिन्न योजना तथा षड्यन्त्रका तानाबाना बुन्ने गरेका तथ्य स्पष्ट गर्दै नेपाली राजनीति नीतिकेन्द्रीभन्दा पनि नेताकेन्द्री सेवामुखीभन्दा पनि अवसरवादी प्रवृत्ति हावी बन्दै गएकाप्रति उपन्यासकारले यी पङ्कतिका माध्यमबाट कटु व्यङ्ग्य प्रहार गरेको देखिन्छ । राजनीतिक दलका कार्यकर्ता व्यक्तिगत र दलगत स्वार्थभन्दा माथि उठेर देश र नागरिकका लागि राजनीति गर्न नसकेका तथ्यलाई यस साक्ष्यले प्रस्ट पार्दै नेपाली राजनीतिमा दलका नेता तथा कार्यकर्ताका स्वार्थलिप्सा बढ्दै गएकाले राजनीति क्रमशः फोहोरी र अपवित्र बन्दै गएकोप्रति उपन्यासकारको आक्रोश भाव व्यक्त भएको छ । उपन्यासकार पाण्डेले उपर्युक्त साक्ष्यका माध्यमबाट नेपाली राजनीतिक दलका नेता तथा कार्यकर्ता क्रमशः भ्रष्ट र अनैतिक बन्दै देश र समुदायलाई नै ठग्दै गरेकाप्रति आपत्ति जनाउँदै यस्तो स्वार्थी प्रवृत्ति तत्काल सच्चिनु आवश्यक रहेको आशय अभिव्यक्त गरेका छन् । प्रस्तुत साक्ष्यमा नेपाली राजनीतिकर्मीका छद्मभेषी चरित्र उदाङ्गो पार्दै तिनमा सुधारको अपेक्षा गरिएको देखिन्छ ।

नेपाली राजनीतिमा भ्रष्ट आचरणका व्यक्तिको पदबहाली भएको विषयवस्तुलाई उपन्यासकारले यसरी प्रस्तुत गरेका छन् :

यातायातमन्त्री क्रुद्ध थिए । उनी सञ्चारमन्त्री हुन चाहन्थे । किनभने उनलाई सञ्चार क्षेत्रको गहिरो ज्ञान थियो । उनी एकताका टेलिफोन अपरेटर थिए । भ्रष्टाचार लाग्यो । व्यापारीहरूसित मिलेर उनीहरूको ट्रङ्कल बिलमा 'घपला' गरेको आरोप लाग्यो र भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी जागिरबाट बर्खास्त गरिए । त्यसपछि उनले दाह्री पाले । दाह्रीसहित राजनीतिमा लाग्ने निश्चय गरे । उनले जे गरे मौकामा गरे, र त मन्त्री भए । तर आफ्नो ज्ञानको सदुपयोग गर्ने मन्त्रालय नपाएकाले उनी प्रधानमन्त्रीसित क्रुद्ध थिए । (पृ. ५०–५१)

उपर्युक्त साक्ष्यमा कुनै बेला कर्मचारी छँदा आर्थिक अनियमितताको कसुरमा राज्यबाट सजाय पाएको पूर्व टेलिफोन अपरेटर कर्मचारी नै आफ्नो हुलिया परिवर्तन गरेर राजनीतिमा प्रवेश गरी आफ्नो स्वार्थसिद्ध गर्न खोजेको विषयवस्तुलाई उठान गरिएको छ । नेपाली राजनीतिमा यस्तै भ्रष्ट आचरणका व्यक्तिहरू प्रवेश गरेकाले तिनले मन्त्री हुँदा पनि रकम आर्जन गर्न सकिने, कमिसन खान सकिने मन्त्रालयको खोजी गरेबाट राजनीतिकर्मीका भ्रष्ट चरित्रको उदाङ्गो भएको देखिन्छ । विगतमा टेलिफोन अपरेटरको सानो पदमा काम गरेका बहालवाला यातायात मन्त्रीको व्यापारीहरूसँग अदृश्य र अपवित्र साँठगाँठ रहेको छ । उसले आफूले कार्य गरेकै क्षेत्रको मन्त्रालय पाएको भए पूर्व परिचित व्यापारी तथा ठेकेदारहरूको मिलेमतोमा राम्रो आय आर्जन गर्ने सम्भावना भएको थाहा पाई आफ्नो रोजाइको मन्त्रालय आफ्नो भागमा नपरेको हुँदा यातायातमन्त्री प्रधानमन्त्रीप्रति आक्रोशित बनेको देखिन्छ । यस साक्ष्यमा यातायातमन्त्रीको सञ्चारमन्त्री बनेर धेरै रकम हात पार्ने अभीष्ट पूरा नहुने भएकाले ऊ प्रधानमन्त्रीका विरुद्धमा रिसाएको छ । नेपाली राजनीतिमा यस्तै प्रवृत्ति हावी भएको विषयवस्तुलाई उपन्यासकारले प्राथमिकता प्रदान गरेर यहाँ समावेश गरेको छर्लङ्ग छ । आर्थिक अपचलनको मुद्दामा कर्मचारी नियमावली बमोजिम कसुर सजाय भोगेको पूर्व कर्मचारी समुदाय र राजनीति दुवै ठाउँमा तिरस्कृत र बहिष्कृत हुनुपर्ने हो । त्यसो नभएर उल्टै पुरस्कृत भई राज्य सञ्चालनको मुख्य क्षेत्र राजनीतिमा नै प्रवेश गरी राजनीतिलाई धमिल्याई देशविकासमा अवरोध पुऱ्याएको वास्तविकतालाई यस साक्ष्यको माध्यमबाट प्रस्तुत गर्न खोजिएको छ । उपन्यासकार पाण्डेले यातायातमन्त्रीलाई नेपाली राजनीतिको एउटा प्रतिनिधि पात्रका रूपमा चित्रण गर्दै नेपाली राजनीतिमा संलग्न व्यक्तित्वहरूको छविचित्र प्रस्तुत गरेका छन् ।

उपन्यासकार स्वयम् एउटा सचेत पाठक अनि सामाजिक भोक्ता पनि हो । ऊ सामाजिक तथा राजनीतिक विकृति विसङ्गतिबाट वाक्कदिक्क भएर लेखनीको माध्यमबाट कटाक्ष प्रयोग गर्दै सर्वसाधारणलाई झक्झक्याउनका निम्ति विशिष्ट अर्थको उत्पादन गर्छ । प्रस्तुत साक्ष्यको माध्यमबाट उपन्यासकार पाण्डेले राजनीतिक भ्रष्टताका विरुद्ध सर्वसाधारणलाई जगाउनका निम्ति एउटा प्रतिरोधी सङ्कथन निर्माण गरेको देखिन्छ । प्रतिरोधमा मानवद्वेषी र समुदायद्वेषी व्यवहारका विरुद्धमा सङ्घर्ष गरिन्छ (सिंह, २०२०, पृ. २१८) । प्रस्तुत साक्ष्यको माध्यमबाट राजनीतिमा कुनै पनि कसुरमा दण्ड, सजाय भोगेका भ्रष्ट आचरणका व्यक्तिहरूले प्रवेश पाउनु हुँदैन भन्ने आशय व्यक्त गर्दै यस क्षेत्रमा स्वच्छ छविका नैतिकवान्, इमानदार तथा देश र नागरिकको सेवाभावले ओतप्रोत व्यक्तिको प्रविष्टि आवश्यक रहेको तथ्य प्रस्तुत गरिएको छ ।

**(ग) घुर उपन्यासमा निर्माणवादी पद्धति**

*घुर* उपन्यासमा उपन्यासकार श्रेष्ठले विशेष सन्दर्भहरूलाई प्रस्तुत गर्नका निम्ति विशेष अर्थको निर्माण गरेका छन् । नेपाली राजनीतिमा विद्यमान परिस्थितिबारे सम्प्रेषण गर्नका लागि उपन्यासकारले यस्तो भाष्य निर्माण गरेका छन् :

> सानाभन्दा साना कुरामा कोकोहोलो गरी बाझ्न बेर नलाउने र भागबन्डा मिलेपछि रामलक्ष्मण हुन बेर नलाउने पीपलपाते राजनीतिक चरित्रका कारण तालिकाबद्ध समयअनुसार कुनै काम भएन । विश्वमा शान्तिस्थापनाको नयाँ मोडेल प्रस्तुत गर्न सक्ने देश अन्तरिम संविधान निर्माणका चरणमा दलदलमा भासियो । त्यसैको प्रत्यक्ष सिकार हामी भयौँ । (पृ. १९)

उपर्युक्त साक्ष्यमा यहाँका राजनीतिक दलका प्रवृत्तिबारे चित्रण गर्दै तिनका स्वार्थी चरित्रलाई उदाङ्गो पारिएको छ । नेपालका राजनीतिक दलका बिच लेनदेन तथा भागबण्डा नमिलुन्जेल एकापसमा हानाथाप र मारामार हुने अनि भागबण्डा मिलेपछि एकैछिनमा सामसुम हुने तिनका दलीय स्वार्थलाई यहाँ उजागर गरिएको छ । राजनीतिमा इमानदारिता र विश्वसनीयता नभएकाले यहाँका राजनीतिक दलमा निष्ठाको कमी हुनुका साथै तिनीहरू जतिबेला पनि जतासुकै ढल्किन सक्ने ढुलमुले चरित्रका हुने प्रतीकीकरण गरिएको छ ।

समुदायमा शान्ति स्थापनाको नयाँ मोडेल प्रस्तुत गर्न सक्ने नेपाल यहाँका राजनीतिक दलका स्वार्थ एवम् तिनका अस्थिर चरित्रका कारण अन्तरिम संविधानको निर्माण

कार्य नै दलदलमा भासिएको विशेष अर्थलाई उपन्यासकारले कलात्मक तरिकाले प्रस्तुत गरेका छन् । विषयवस्तु स्वयम्ले अर्थ नदिई  विभिन्न अवधारणा र सङ्केतका माध्यमबाट अर्थको निर्माण गरिन्छ (हल, सन् १९९७, पृ. ११) । यस साक्ष्यको माध्यमबाट यहाँका राजनीतिक दलका स्वार्थी एवम् ढुलमुले प्रवृत्तिका कारण शान्ति तथा स्थायित्व कायम हुन नसकी अन्तरिम संविधान निर्माण समेतमा बाधा पुगेको अर्थलाई इङ्गित गर्न खोजिएको छ ।

*घुर* उपन्यासमा राज्यको शासकीय चरित्रको कुटनीतिलाई राम्ररी चित्रण गरिएको छ । राज्यले यहाँका फरक फरक भूगोलका मानिसहरूलाई एकापसमा मिल्न नदिई फुटपरस्त राजनीति गर्दै एकछत्र राज्य सञ्चालन गरेको तथ्यलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> एउटा सत्य केचाहिँ हो भने राष्ट्रिय अखण्डताको हवाला दिएर जहिले पनि शासकहरूले एक अर्कालाई टाढा राखी शासन गरिरहे । राष्ट्रिय अखण्डताको हौवा खडा गरेर जहिले पनि हिमाल, पहाड र तराईलाई एक अर्काबाट पृथक् राखे । जुट्न दिएनन् । जुटे भने आफ्नो प्रभुत्व समाप्त हुन्छ भन्ने भयले जहिले पनि तिनीहरूलाई सताइरह्यो । यही कारण समग्र देशले समन्याय पाएन । समानुपातिक विकास गर्न सकेन । असमानता यहीँबाट सुरु गरियो । (पृ. ५९)

उपर्युक्त  साक्ष्यको माध्यमबाट राज्यले  कुटिल नीति अख्तियार गरेर हिमाल, पहाड र तराईलाई बेमेल गराई  निष्कण्टक राज्य सञ्चालन गरेको कुटनीतिक चरित्रलाई उजागर गरिएको छ । राज्यले राष्ट्रिय अखण्डताको प्रतिमान कायम गरेर यहाँका फरक फरक भूगोल हिमाल, पहाड र तराई/मधेसका नागरिकलाई पारस्परिक संवाद गर्ने अवसर नदिई एकअर्कालाई विमुख गराएर शासन सञ्चालन गरेको तथ्यलाई उपन्यासकारले विशेष अर्थमा प्रयोग गरेका छन् । निर्माणवादी पद्धतिमा समुदायमा प्रतीकात्मक प्रक्रिया र अभ्यासका माध्यमबाट विशिष्ट अर्थको निर्माण गर्दै प्रतिनिधित्व गराउन सकिन्छ (हल, सन् १९९७, पृ. १०) । उपन्यासकारले यहाँको राज्यले  नागरिकलाई एकापसमा बेमेलको सम्बन्ध विकसित गरेर  मिल्न नदिइएको कुटनीतिलाई सटीक भाषाको प्रयोग गरेर विशेष अर्थ निर्माण गरेका छन् ।

### (घ) गुलरको फूल उपन्यासमा निर्माणवादी पद्धति

निर्माणवादी पद्धतिमा लेखकले विशेष खालको अर्थको निर्माण गरेर सार्वजनिक गर्दछ । *गुलरको फूल* उपन्यासमा चुनावको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

> पहँलो र नीलो रङको पोस्टरले रङ्गियो गाउँ टोलमा । नेपाली मात्र होइनन्, इन्डियाबाट आएकाले पनि भोट हाल्न पाउँछन् । इन्डियनको पनि भोटर लिस्टमा नाम चढेको छ । नीलो रङ बहुलयीय र पहँलो रङ सुधारिएको पञ्चायती व्यवस्था मान्नेका लागि हो । आफूले रोजेको रङमा लगाउनुपर्छ स्वस्तिक छाप । (पृ.२०१)

उपर्युक्त साक्ष्यमा वि.सं २०३७ सालमा नेपालमा सम्पन्न भएको बहुदल र निर्दलसम्बन्धी जनमतसङ्ग्रहको सन्दर्भलाई इङ्गित गरिएको छ । यस प्रसङ्गमा नेपाल भारत खुला सिमानाका कारण बेरोकटोक नेपाल प्रवेश गर्ने भारतीय नागरिकका नामसमेत नेपालको मतदाता नामावली सूचीमा समावेश गरिएको तथ्यलाई उद्घाटन गरिएको छ । त्यतिबेला बहुदलीय व्यवस्था पक्षधरको नीलो रङ र निर्दलीय पक्षधरको पहँलो रङको चुनाव चिन्ह भएको ऐतिहासिक सन्दर्भलाई उपन्यासकार प्याकुरेलले यस साक्ष्यमार्फत उजागर गर्न खोजेका छन् ।

उपर्युक्त सन्दर्भमा उपन्यासकारले नेपाल भारत खुला सिमानाका कारण भारतका नागरिकहरू नेपालमा निर्वाध प्रवेश गरी यहाँका नागरिकसरह मतदानमा सहभागी हुने तथ्यलाई कलात्मक तरिकाले प्रस्तुत गरेका छन् । निर्माणवादी पद्धतिअनुरूप वस्तु स्वयम्ले अर्थ निष्पन्न गर्दैन । प्रतिनिधित्व प्रणालीको सहायताले अवधारणा र सङ्केतहरूको प्रयोग गर्दै अर्थको निर्माण गरिन्छ (हल, सन् १९९७, पृ. ११) । यस उद्धरणमा प्रयुक्त पहँलो र नीलो रङको सङ्केतले तत्कालीन जनमतसङ्ग्रहका बखत प्रयुक्त बहुदल र निर्दल पक्षधरताको सन्दर्भलाई विमर्श गरिएको छ ।

### (ङ) मालिकहरूको मधेस उपन्यासमा निर्माणवादी पद्धति

*मालिकहरूको मधेस* उपन्यासमा उपन्यासकारले मधेसका कतिपय विषयवस्तु समाख्याताका माध्यमबाट अभिव्यक्त गराएका छन् भने कतिपय सन्दर्भहरूको आख्यानीकरण गरेका छन् । यस उपन्यासमा राज्यमा मधेसी समुदायको पहुँच नभएकाले तिनीहरू निरीह र निरूपाय बसेका विषयवस्तुको उद्घाटन गरिएको छ । मधेसमा बसोबास गर्ने प्रभुत्वशाली

गैरमधेसी समुदायका मानिसहरूले त्यहाँका कमजोर मधेसी समुदायका मानिसहरूप्रति गर्ने दमनकारी व्यवहारलाई यसरी प्रस्तुत गरिएको छ :

> आज पुलकितलाई फसाउने काममा पनि कामतमा जिम्दारले पहाडिया टोलका गैरापिप्ली बाजेको विशेष सहयोग लिएको मात्र होइन त्यस टोलबाट उठाएको पैसा थानाको रकमबहादुर हबल्दारसम्म पुऱ्याएको थियो । उसले लहै हल्दारसाप मुद्दाचाहिँ त्यसै अनुसार तयार गर्नुहोला पनि भनेको थियो । (पृ. ८५)

उपर्युक्त साक्ष्यमा समुदायका प्रभुत्वशाली व्यक्तिहरू कामतको जमिनदारले पहाडिया टोलका गैरापिप्ली बाजेको सहयोगमा टोलबाट रकम सङ्कलन गरी सङ्कलित रकम थानाको हबलदार रकमबहादुरसम्म पुऱ्याउनुका साथै तिनले भनेअनुसार पुलकित चौधरीमाथि जालसाझीको मुद्दा लगाएरै भए पनि पुलकित चौधरीलाई दुःख दिने भाष्य उजागर गरिएको छ । यस सन्दर्भमा कामतवाला धनी भएकाले उसले गैरमधेसी समुदायका गैरापिप्ली बाजे र रकमबहादुर हबलदारका साठगाँठमा पुलकित चौधरीमाथि फरेबी मुद्दा दायर गराउने साक्ष्यले प्रस्ट्याएको छ । यस सङ्कथनमा शक्तिसम्बन्धका हिसाबले प्रभुत्वशाली व्यक्तिहरू एकजुट भई कमजोर पुलकित चौधरीलाई सताउने मनसायलाई इङ्गित गर्न खोजिएको छ ।

### (च) दुलारी उपन्यासमा निर्माणवादी पद्धति

*दुलारी* उपन्यासमा मधेसका विषयवस्तुको प्रतिविम्बन भएको सन्दर्भलाई कलात्मक तरिकाले प्रस्तुत गरिएको छ । समाख्याताले कतिपय सन्दर्भहरूलाई साहित्यिक पाराले अभिव्यक्त गर्दै त्यहाँको जनजीवनको यथार्थ चित्रण गरेका छन् । उनले मधेसका कतिपय समस्यालाई घुमाउरो पाराले प्रस्तुत गर्दै तिनको उद्घाटनसमेत गरेको देखिन्छ । भाषा सामाजिक विषयवस्तु प्रस्तुत गर्ने भरपर्दो माध्यम हो । यस उपन्यासमा मधेसका विमातृक नेपालीभाषी विद्यार्थीहरूले नेपाली भाषामा पढ्नुपर्दा दुर्बोध्य भएर पढ्न असहज भएको तथ्यलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> सबै किताबहरू नेपाली भाषामा पढ्नुपर्थ्यो । म नेपाली भाषा बुझ्दिनथेँ । मेरा कक्षामा नेपाली भाषा नबुझ्ने म मात्र थिइनँ । अरू पनि थिए । थारूगाउँमा बसेकीले म थारू बोल्थेँ । थारू भाषा मात्र बुझ्थेँ । शिक्षकले थारू भाषामा उल्था गरेर पाठ पढाए भने बल्ल बुझ्थेँ । नेपाली भाषा मेरा लागि टाउको दुखाइ थियो ।

> एक त ढिलो गरी स्कुल भर्ना भएकी थिएँ, अर्कोतिर नबुझ्निने भाषामा पढ्नुपर्ने । शिक्षकले नेपालीमा भाषामा केही बोले भने म ट्वाल्ल परेर तिनको अनुहार हेरिरहन्थेँ । (पृ.८६)

उपर्युक्त साक्ष्यमा स्थानीय थारू भाषा मात्र बुझ्ने दुलारीका निम्ति नेपाली भाषा बुझ्न असहज हुनुका साथसाथै टाउको दुखाइको विषय बनेको तथ्यलाई उजागर गरिएको छ । दुलारीका निम्ति आफूले नबुझ्ने नेपाली भाषामा पढ्नुपर्दा अप्ठ्यारो महसुस भएकोले स्थानीय मातृभाषामै पढाइ हुनुपर्ने साक्ष्यलाई उपन्यासकारले अगाडि सार्न खोजेकी हुन् । विद्यालयका बालबालिकाहरूले सहजै बुझ्न नसक्ने भाषामा नपढाइकन उनीहरूले सजिलै बोध गर्न सक्ने तिनका स्थानीय एवम् मातृभाषामा शिक्षा दिनु उपयुक्त हुने कथनलाई उपन्यासकारले भाषिक निर्माण पद्धतिका माध्यमबाट प्रस्तुत गर्दै बालमनोविज्ञानलाई प्रकाश पार्न खोजेकी छन् । यस साक्ष्यमा विद्यालय स्तरमा पढाइका निम्ति माध्यम भाषाको रूपमा या त स्थानीय मातृभाषालाई प्राथमिकता दिनुपर्ने या नेपाली भाषालाई स्थानीय मातृभाषामा उल्था गरेर पढाउन सक्ने दोभाषे शिक्षकको व्यवस्था गर्नुपर्ने वास्तविकतालाई यहाँ उजागर गर्न खोजिएको छ ।

### ६.३ अर्थग्रहणको पद्धति

अर्थग्रहण उत्पीडित वर्ग, जाति र लिङ्गका पात्रसँग सहसम्बन्धित विषयवस्तु हो । पाठमा सीमान्तीकृत वर्ग, जाति एवम् लिङ्गका पात्रले शक्तिशाली वर्ग, जाति र लिङ्गका विषयवस्तुलाई कुन रूपमा कसरी ग्रहण गर्दछ भन्ने सन्दर्भ नै यसअन्तर्गत विशेष अध्ययनीय हुन जान्छ । पाठमा प्रभुत्वशाली अभिजात वर्ग, गैरदलित र पुरुषले अधीनस्थ निम्न वर्ग, दलित र महिलाका सन्दर्भमा बोलेका संवाद एवम् तिनका भूमिकाका आधारमा अर्थग्रहण पद्धतिलाई तीन प्रवर्गमा वर्गीकरण गरी अध्ययन गरिन्छ ।

### ६.३.१ प्रभुत्वशाली मानसिकता

प्रभुत्वशालीको सामान्य अर्थ शक्तिशाली हो । उपन्यासमा प्रयुक्त पात्रका विभिन्न परिचायक पक्ष हुन्छन् जस्तै वर्गीय, जातीय, लैङ्गिक र शक्तिसम्बन्धका आधारमा तिनका मानसिकताको अध्ययन गरिन्छ । औपन्यासिक पात्रले अर्थलाई कसरी ग्रहण गरेको छ सोको अध्ययन आवश्यक रहेको छ । प्रभुत्वशालीको अर्थ आफूभन्दा शक्तिशाली पात्रले बोलेका

कुरा, गरेका सामाजिक, आीर्थक, सांस्कृतिक र राजनीतिक क्रियाकलाप सहजै स्वीकार गर्नु हो । विरोध नजनाउनु हो ।

**(क) अलिखित उपन्यासमा प्रभुत्वशाली मानसिकता**

प्रभुत्वशाली अर्थग्रहण पद्धतिअन्तर्गत प्रभुत्वशाली वर्ग, जाति र लिङ्गका विषयवस्तुलाई बेरोकटोक स्वीकार गर्नु हो भन्ने अर्थ अभिव्यञ्जित हुन्छ । *अलिखित* उपन्यासमा मधेसी समुदायको राजपुत जातिको अनुप सिंह राजपुतले इतर बिन जातिकी केटी भगाएर बिहे गर्दा उसलाई जातिबाट बहिष्कार गरिएको सन्दर्भ छ । पञ्चायत बसेर उसलाई जातिबाट बहिष्कार गर्नुका साथै अबउप्रान्त उसको पानीसमेत नचल्ने प्रसङ्ग उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ, "अनुप पहिले कुनै काठको कारखानामा काम गर्थ्यो । भनिन थाल्यो, अनुप मिस्तिरी । तर मानिसले थाहा पाए जब, गृहलक्ष्मी त जातकी बीन हो, पञ्चैती बस्यो गाउँमा । ठहर यही भयो, अनुपको पानी चल्दैन" (पृ. १२९) । यस साक्ष्यमा अनुप सिंहले आफूभन्दा इतर जातिकी केटी भगाएर बिहे गरेपछि सबै गाउँलेहरू मिलेर पञ्चायत बसी उसलाई जातिबाट बहिष्करण गर्नुका साथै पानीसमेत बार्ने निर्णय गरिएको तथ्यलाई प्रस्ट पारिएको छ । यस प्रसङ्गमा एक्लो अनुप सिंह एकातिर र सारा गाउँले अर्कोतिर भई अनुप सिंहलाई दण्डित गरेपछि ऊ गाउँलेहरूको सर्वसम्मतको निर्णय मान्न बाध्य भएको हो । शक्तिसम्बन्धको हिसाबले  गाउँलेहरू शक्तिशाली देखिन्छन् भने अनुप सिंह कमजोर देखिन्छ तसर्थ अनुप सिंहले गाउँलेका प्रभुत्वशाली निर्णय आत्मसात् गर्न बाध्य भएको हो ।

जमिनदारले गाउँमा बाँध बाँध्न र इनार खनाउनका लागि चन्दा सङ्कलन गरेका विषयमा गाउँलेहरूले आशङ्का व्यक्त गरेपछि जमिनदार विश्वनाथप्रसाद सिंहको वाक्पटुतापूर्ण प्रवचन सुनेर गाउँका सबैजनाले जमिनदारलाई विश्वास गरी उसको प्रभुत्व स्वीकार गरेको सन्दर्भ उपन्यासमा यसरी प्रयुक्त छ, "....तुरून्त तिनीहरूले, मालिक हाम्रा ठुला सेवक हुन् भन्ने विश्वास प्रकट गरिहाले र भने आयन्दादेखि यस्तो हुँदैन" (पृ. २२३) । यस उद्धरणमा जमिनदारको आर्थिक क्रियाकलापप्रति असन्तुष्टि व्यक्त गरेका सोझासाझा गाउँलेहरू जमिनदारको चलाखीपूर्ण अभिव्यक्ति सुनेर मन्त्रमुग्ध भई मालिकलाई साँच्चिकैको सेवक मानेको पुष्टि हुन्छ । विश्वनाथप्रसाद सिंहलाई आफ्ना सेवक ठान्ने मानसिकताले गाउँलेहरूले उसको स्वामित्व ग्रहण गरेको तथ्यलाई अभिव्यञ्जित गर्दछ । यस प्रसङ्गमा सारा गाउँलेहरूले धनी विश्वनाथप्रसाद सिंहको प्रभुत्वलाई अङ्गीकार गरेको तथ्य स्पष्ट छ ।

साहित्यकारले भाषाको माध्यमबाट सामाजिक सन्दर्भहरूको सङ्केतनको काम गर्दछ । जे.एल. अस्टिनको वाक्क्रिया सिद्धान्तलाई अघि सार्दै आइसर उद्धृत गर्दछन्, लेखकका शब्दहरूले पाठकलाई निर्देशन गरिरहेको हुन्छ (सि, सन् २०१३, पृ. ९८४) । यस प्रसङ्गमा उपन्यासकारको कलात्मक भाषिक अभिव्यक्तिका माध्यमबाट समुदायको शक्तिशाली पात्र जमिनदारको प्रभुत्वशाली अर्थग्रहण पद्धति छर्लङ्गिएको छ ।

**(ख) उलार उपन्यासमा प्रभुत्वशाली मानसिकता**

उत्पादनका साधनस्रोतमा पकड भएको अभिजात वर्ग प्रभुत्वशाली हुन्छ । शक्तिसम्बन्धको हिसाबले यो वर्ग सर्वहारा वर्गभन्दा प्रभुत्वशाली हुनुका साथै समुदायदेखि लिएर राज्यका निकायमा यसै वर्गको प्रभुत्व कायम रहन्छ । पाठमा अधीनस्थ पात्रले प्रभुत्वशालीलाई कसरी ग्रहण गरेका छन् सोको सूक्ष्म र वस्तुपरक अध्ययन महत्त्वपूर्ण हुन्छ । सानै उमेरका प्रेमललवा टाँगा चलाउँदाखेरि प्रहरीहरूले हकारेर गाली गरेको सन्दर्भ उपन्यासमा यसरी उल्लेख गरिएको छ, “साला बित्ताभरिको भएर टाँगा चलाउँछस् ? भनी हकार्थे । कसैकसैले त गाँडमा बाल उम्रेको छैन, बडा टाँगा हाँक्छ’ सम्म भन्थे” (पृ. ९) । प्रस्तुत साक्ष्यमा प्रेमललवा निम्छरो भएकोले प्रहरी प्रशासनको अगाडि बोल्न असमर्थ भएको पुष्टि हुन्छ । प्रहरी प्रशासन आफैँमा प्रभुत्वशाली भएको र त्यसको अगाडि प्रेमललवा निरीह भएकोले उसले प्रहरीका गाली सुनेर चुप लाग्नु सिवाय विकल्प नदेखिएकोले ऊ अधीनस्थ पात्र हो । यस सन्दर्भमा प्रेमललवाले राज्यको शक्तिशाली प्रहरी प्रशासनको प्रभुत्वलाई चुपचाप सहेको प्रस्ट छ । प्रेमललवा मजदुर भएकोले प्रहरीले उसलाई ‘साला’ भन्ने गाली प्रयोग गर्दासमेत उसले प्रतिरोध जनाउन असमर्थ भएको हो ।

**(ग) घुर उपन्यासमा प्रभुत्वशाली मानसिकता**

प्रभुत्वशाली अर्थ ग्रहणको तात्पर्य सीमान्तीकृत वर्गका पात्रले शासक वर्गीय प्रभुत्वशालीका विचारधारालाई बोध गरेर अभिव्यक्ति दिनु हो । *घुर* उपन्यासमा प्रभुत्वशाली अर्थको ग्रहण यसरी गरिएको देखिन्छ, “सबै ठाउँमा पहडियाले आफ्नो प्रभुत्व कायम गरेका छन् । सबै सेवा आयोगका जाँच र पाठ्यक्रम पहडियाले मात्र पास गर्न सक्ने गरी डिजाइन गरिएका छन् । कुनै मधेसीले पास गर्न सक्तैन” (पृ. ५०) । यस साक्ष्यमा राज्यका सबै निर्णायक तहमा पर्वते समुदायका शासक वर्गीय मानिसहरूको एकल प्रभुत्व कायम रहेको प्रभुत्वशाली उपस्थितिलाई उजागर गर्दै तिनका बलशाली शासनको भावलाई इङ्गित गरिएको छ ।

राज्यमा पर्वते समुदायका मानिसहरूकै एकल शासन कायम रहेकाले तिनले आफूलाई सहज हुने गरी राज्यका नीतिनियम तथा पाठ्यक्रम आदि निर्माण गरेको सन्दर्भलाई उद्धृत गर्दै राज्यमा पर्वते समुदायकै बलियो पकड रहेको तथ्यमाथि प्रकाश पार्न खोजिएको छ । शक्तिसम्बन्धको नियमअनुसार शासनसत्तामा रहने वर्ग, जाति, समुदाय र लिङ्ग शक्तिशाली हुन्छ र उसले आफ्नो अनुकूल नीतिनियम बनाएर अरूमाथि लागु गरेको हुन्छ । शक्ति राज्यका संयन्त्र र सामाजिक संरचनामा छरिएर रहेको हुन्छ । फुकोले व्यक्तिगत र संस्थागत सम्बन्धका बिचमा शक्ति सञ्चालन हुने अवधारणा अघि सारेका छन् (फुको, सन् २००३, पृ. ३३) । यस साक्ष्यको माध्यमबाट राज्यसत्तामा विराजमान पर्वते समुदाय शक्तिशाली रहेकोले उक्त समुदायले आफ्नो अनुकूलको राज्यनीति अख्तियार गरेर प्रभुत्व जमाइराखेको विषयवस्तुलाई छर्लङ्ग पार्न खोजिएको छ ।

### (घ) गुलरको फूल उपन्यासमा प्रभुत्वशाली मानसिकता

अर्थ ग्रहणको पद्धतिमा सामाजिक संरचनामा वर्गीय हिसाबले अभिजात वर्ग, जातीय हिसाबले गैरदलित र लैङ्गिक कोणबाट पुरुष शक्तिशाली हुने भएकाले तिनका संवाद, अभिव्यक्ति आदि प्रभुत्वशाली हुन्छ । प्रस्तुत उपन्यासमा अधीनस्थ वर्ग, जाति र लिङ्गका मान्छेले प्रभुत्वशाली वर्ग, जाति र लिङ्गका विषयवस्तु सहज स्वीकार गर्नु प्रभुत्वशाली गाउँलेहरूले स्वीकार गरेको कथ्यवस्तु यस्तो रहेको छ :

> गण्डक सम्झौता भएको भोलिपल्ट २०१६ साल मङ्सिर २० गते शनिबार । रुदल सबेरै उठे । दत्नि नै नगरी जमिनदारको घर पुगे । जमिनदार आफ्नो आँगनको बेन्चीमा बसेका रहेछन् । उनीपट्टि फर्काएर ओसाराको चौकीमा रेडियो । हिन्दी भाषामा के के कुरा बोल्दै रहेछ । वरिपरिका गाउँले पनि रेडियो सुन्न आएका छन् । जमिनदारको आँगनमा टक्रयाकटुक्रुक बसेका छन् । रुदल पनि त्यसैमा गएर मिसिए । (पृ. १३)

उपर्युक्त साक्ष्यमा गाउँलेहरूले जमिनदारको प्रभुत्वलाई स्वीकार गरेर उसको आँगनमा गएर रेडियोमा समाचार सुन्न थालेका विषयवस्तु उजागर गरिएको छ । प्रस्तुत सन्दर्भमा जमिनदार आर्थिक रूपले सम्पन्न रहेका र उनीसँग समाचार सुन्ने रेडियोसमेत भएकाले उनी प्रभुत्वशाली रहेको पुष्टि गरिँदै गाउँलेहरूले प्रभुत्व ग्रहण गरेर तिनका आँगनमा समाचार सुन्न गएको प्रस्ट हुन्छ ।

**(ङ) मालिकहरूको मधेसमा प्रभुत्वशाली मानसिकता**

*मालिकहरूको मधेस* उपन्यासमा कमजोर पात्रहरूले शक्तिशालीका शक्तिसन्दर्भलाई स्वीकार गरेका प्रसङ्गहरू प्रयुक्त छन् । सामाजिक संरचनामा शक्तिशाली भएका पात्रका क्रियाकलाप तथा तिनका भूमिका शक्तिशाली हुने गरेको पाइन्छ । यस उपन्यासमा पनि शक्तिशाली वर्ग, जाति र लिङ्गका प्रभुत्वशाली अभिव्यक्ति प्रयोग भएका छन् । प्रस्तुत उपन्यासमा कमजोर वर्गका पुलकितलाल चौधरीले प्रभुत्वशालीको विषयवस्तुलाई ग्रहण गरेको सन्दर्भ यसरी प्रयुक्त छ :

> तर यसो गरेर त्यहाँ केही पार लाग्नेवाला थिएन र यो अदालत थियो । यहाँ न्यायाधीश बसेको थियो उसको कुर्सीमा वरिपरि राज्यका सुरक्षा जवानहरू बसेका थिए । उनलाई लाग्यो त्यो अदालत उनको होइन । त्यो त तिनै जिम्दार र पहाडियाहरूको हो । त्यसले उसको पक्षमा न्याय दिँदैन । (पृ. ११४)

उपर्युक्त साक्ष्यमा राज्यका प्रभुत्वशाली संयन्त्रका अगाडि निम्न वर्गको र पहुँचविहीन पुलकितलाल चौधरी निरीह र निरुपाय देखिन्छ । उपर्युक्त साक्ष्यमा राज्यको शक्तिशाली न्यायिक अङ्ग अदालतमा न्यायाधीश र न्यायाधीशको सुरक्षार्थ खटिएका प्रहरी जवानका अघिल्तिर डकैतीका अभियुक्त पुलकितलाल चौधरीको केही सीप नचल्ने विषयवस्तुमाथि प्रकाश पारिएको छ । राज्य आफैँमा शक्तिशाली हुन्छ र प्रहरी, सेना, अड्डा तथा अदालत राज्यका शक्तिशाली संयन्त्रअन्तर्गत पर्दछन् (आल्थुसर, सन् १९७०, पृ. १४) । राज्य मधेसका शक्तिशाली जमिनदार र गैरमधेसी वर्गका पक्षधर भएकाले आफ्नो कुरा सुनवाई नहुने ठानी पुलकितलालले  प्रभुत्वशाली राजकीय संरचनाको भाष्यलाई स्वीकार गरेको देखिन्छ । यस सन्दर्भमा शक्तिसम्बन्धका हिसाबले कमजोर पुलकितलाल चौधरीले अदालत, न्यायाधीश र न्यायाधीशका सुरक्षार्थ खटिएका प्रहरी जवानहरू एवम् राज्यका संयन्त्रसँग साँठगाँठ राखेका मधेसका प्रभुत्वशाली जमिनदार तथा पहुँचवाला गैरमधेसीलाई प्रभुत्वशाली शक्तिका रूपमा रहेकाले त्यहाँनेर आफूले न्याय नपाउने तथ्यलाई उजागर गर्न खोजिएको छ ।

**६.३.२ अधीनस्थ मानसिकता**

अधीनस्थता शक्तिविमर्शसँग जोडिएको हुन्छ । अधीनस्थको अर्थ आफूलाई अरूको अधीनमा राखेको महसुस गर्नु वा स्वीकार गर्नु हो ।  सामाजिक संरचनामा पात्रले आफूलाई

अरूभन्दा कमजोर, निर्बलिया र निम्छरा सोचेर प्रतिकार गर्न नसक्ने अनुभूत गर्दछ भने त्यो उसको अधीनस्थताको अवस्था हो । अधीनस्थता सामाजिक सम्बन्धसँग जोडिएको हुन्छ यसका साथै शक्तिसम्बन्धसँग पनि गाँसिएको हुन्छ ।

**(क) उलार उपन्यासमा अधीनस्थ मानसिकता**

शान्तिराजाको बारेका पहिले पहिले टिकाटिप्पणी गर्ने मान्छेहरू चुनाव जितेपछि उसलाई मान्न थालेका विषयवस्तु यसरी प्रस्तुत भएको छ, “शान्तिराजाकहाँ हुल थियो । हिजोअस्तिसम्म शान्तिराजाका दिन गए भन्नेहरू पनि शान्तिराजाको दरबारमा हाजिरी बजाइरहेका थिए । ननकउ पनि हूलमा थियो । सांसद भएपछि शान्तिराजाको अनुहारै अर्कै भइसकेको छ” (पृ. २८–२९) । यस साक्ष्यमा शान्तिराजाले चुनाव जितेर शक्ति आर्जन गरेपछि उसको मातहतका सबै नागरिकहरूले उसको प्रभुत्वलाई स्वीकार गर्दै उसको घरमा भेट्न जाने, आफ्ना कुरा राख्ने गरेको सन्दर्भलाई उजागर गरिएको छ ।

पहिले पहिले सामान्य भए पनि शान्तिराजाले चुनाव जितेपछि शक्तिआर्जनको भव्यता एवम् तामझामले गर्दा अभिजात वर्गको गैरमधेसी नेता शान्तिराजाको घर नै दरबारतुल्य भएको विषयवस्तुलाई उपन्यासकारले विशिष्ट अर्थ उत्पादन गरेको देखिन्छ । शान्तिराजाले चुनावको माध्यमबाट शक्ति आर्जन गरेको विषयवस्तु साङ्केतिक अभ्यास हो । साङ्केतिक अभ्यास र प्रक्रियाका माध्यमबाट भाषाले अर्थको प्रतिनिधित्व गर्छ । यस उपागमले भाषाको माध्यमबाट अर्थ निर्माण गर्ने र त्यसले प्रतिनिधित्व गर्ने सन्दर्भलाई जनाउँछ (हल, सन् १९९७, पृ. ११) । प्रस्तुत साक्ष्यमा विपन्न वर्गको ननकउसमेत सम्भ्रान्त वर्गको शान्तिराजाको दरबारमा चाकडी गर्न पुगेको देखिनुले उनीहरू आफूहरूलाई शक्तिशाली शान्तिराजाको अधीनस्थ भई त्यसको प्रभुत्वलाई स्वीकार गरेको पुष्टि हुन्छ ।

*उलार* उपन्यासमा यौनकर्मी वदिनी द्रौपदीलाई बहालवाला प्रहरी अधिकृत विष्णुले निःशुल्क यौनसम्पर्क गरेको कथ्यवस्तु यसरी प्रस्तुत गरिएको छ, “....यस्तो बेहोराको सोचविचार गरिरहेकै बेलामा असइ विष्णु आयो र उसलाई गिजोल्न थाल्यो । ‘साला’ फिरीमा दिनुपर्छ, त्यो पनि दुखाइ सहेर, उसले मनमनै विष्णुलाई गाली गरी । विष्णुप्रसाद आफू फटाफट नाङ्गियो र द्रौपदीमाथि पोखियो” (पृ. ३३) । यस साक्ष्यमा प्रहरी प्रशासनको सहायक निरीक्षक विष्णुसँग राजकीय शक्ति भएकोले विपन्न वर्गकी यौनकर्मी द्रौपदीले

असइको ज्यादतीको खुलेर प्रतिरोध गर्न नसकेकी हो । असइ विष्णु राज्यको दमनकारी अङ्ग प्रहरी प्रशासनमा बहालवाला सहायक निरीक्षक भएकोले ऊ शक्तिसम्पन्न रहेको छ ।

सामाजिक संरचनामा अप्रभुत्वशाली द्रौपदीले असइ विष्णुको जबर्जस्ती शारीरिक शोषणको कर्मलाई विरोध गर्न असमर्थ भई मौन बसेकी यथार्थ छर्लङ्गिएको छ । राज्यका दमनकारी अङ्गअन्तर्गत सरकार, प्रशासन, सेना, प्रहरी, अदालत जेल पर्दछन् (आल्थुसर, सन् १९७०, पृ. १५) । असइ विष्णुले आफ्नो पदको दुरूपयोग गरेर द्रौपदीको यौनशोषण गरेको स्पष्ट छ । विष्णुले निःशुल्क सम्भोग गरेकोप्रति द्रौपदीको सहमति नभएपनि ऊ बोल्न असमर्थ भएकीले मनमनै गाली गर्नुले द्रौपदीको अधीनस्थताको अवस्थालाई इङ्गित गरेको छ । प्रस्तुत प्रसङ्गमा सीमान्तीकृत मधेसी वादी समुदायकी द्रौपदीले असइ विष्णुको प्रभुत्वलाई स्वीकार गरेकी छ ।

विपन्न वर्गको ननकउ लौटनसिंह थारूको पछिपछि लागेर रुपियाँपैसा कमाएको विषयवस्तुलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, "पञ्चायतका पालामा ननकउले लौटनसिंह थारूको पछिपछि लागेर पक्की घर ठड्याएको कुरा उसलाई थाहा छ । लौटनसिंह त्यतिखेर राष्ट्रिय पञ्चायतमा जितेर मन्त्री भएको थियो" (पृ. ३९) । प्रस्तुत साक्ष्यमा विपन्न वर्गको ननकउले राजनीतिकर्मी लौटनसिंह थारूको पछिपछि लाग्नु भनेको उसको प्रभुत्व स्वीकार गर्नु हो । ननकउ आफू विपन्न वर्गको भए पनि शक्तिशाली लौटनसिंहको पछि लागेर अर्थ आर्जन गरे पनि यसमा ननकउले लौटनसिंह थारूको प्रभुत्व स्वीकार गरेको प्रस्ट छ ।

### (ख) मालिकहरूको मधेसमा अधीनस्थ मानसिकता

*मालिकहरूको मधेस* उपन्यासमा राज्य संरचनामा पहुँच नभएका थारू समुदायका मानिसहरूले आफूहरू कमजोर र पराधीन रहेको विषयवस्तुको अभिव्यक्ति पाइन्छ । राज्य संरचनामा मधेसका गैरमधेसी (पर्वते) समुदायको पहुँच र प्रभुत्व कायम रहेकाले मधेसका आदिवासी जनजाति थारूहरू उपेक्षित र उत्पीडित हुनुपरेको भाष्यलाई उपन्यासमा प्रयोग गरिएको छ । पुलकितलाल चौधरीको निम्न अभिव्यक्तिबाट तिनका अधीनस्थताको अवस्थाको उजागर भएको देखिन्छ :

> यिनीहरूले हाम्रो सबैथोक खोसिसकेका छन् । जुन आधारमा हामी उभिएका थियौं अथवा जमिन, सबैभन्दा पहिले हामीबाट त्यो खोसियो । त्यसपछि हामिलाई लुट्न

> एकदम सजिलो भएको छ । हामी लगातार लुटिएका छौँ । अब हामीहरूसँग केवल कछाड, गम्छा र लाठी बाहेक के पो छ र ? हामी सबै नोकर उनीहरू सबै मालिक । यो देश नै मालिकहरूको । (पृ. ११६)

उपर्युक्त साक्ष्यमा कमजोर पुलकितलाल चौधरीको अतिसीमान्तीकृत अवस्थाको चित्रण गर्दै उसको परचक्रीपनको यथार्थलाई उद्घाटन गरिएको छ । राज्यसत्तामा प्रभुत्वशाली गैरमधेसी समुदायको पहुँच र पकड भएका मधेसका रैथाने थारू समुदायसँग रहेको जग्गा जमिन पहिले नै खोसिसकिएकाले अब उनीहरूसँग सम्पत्तिका नाउँमा केवल कछाड, गम्छा र लाठी मात्र बाँकी रहेको तथ्यमाथि प्रकाश पारिएको छ ।

उपर्युक्त सन्दर्भले उत्पीडित थारू समुदायका लाचारीपनलाई इङ्गित गर्दै गैरमधेसी समुदाय मालिक भई आफूहरू तिनका मातहतमा काम गर्ने केवल सेवक मात्र रहेको यथार्थलाई उजागर गरिएको छ । प्रस्तुत साक्ष्यको माध्यमबाट थारू समुदायका पुलकितलालको अधीनस्थ मानसिकतबाारे प्रकाश पार्न खोजिएको छ । पुलकितलालले शक्तिसम्बन्धका हिसाबले आफूहरूलाई कमजोर ठानेकाले उसको स्वत्व र आत्मसम्मान एवम् स्वाभिमानमा ठेस पुगी उसले राज्यमा प्रभुत्वशाली समुदायका गैरमधेसीहरूलाई शक्तिशाली मालिकको संज्ञा दिनुका साथै आफूहरू लाचार, विवश अधीनस्थ पात्र मानेबाट उसको अधीनस्थ भावको अभिव्यक्ति प्रस्तुत गरिएको छ ।

### ६.३.३ सहमतीय मानसिकता

सहमतीयको अर्थ सहजै स्वीकार गर्नु हो । आफूभन्दा बलशाली पात्रले बोलेका संवाद, तिनले खेलेका भूमिका अनि सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक सबै गतिविधिलाई सहजै स्वीकार गर्ने अवस्था सहमतीय भाव हो । यस्तो अवस्थामा सीमान्तीकृत पात्रको प्रतिरोधी चेत लोप भएको हुन्छ भन्न सकिन्छ । शक्तिशाली पात्रका अगाडि केही सीप नलागेर बाध्य भएर स्वीकार गर्ने परिस्थिति पनि उत्पन्न हुन सक्तछ । डर, त्रास, धाक, धम्कीका भरमा पनि सहमतीय भाव अभिव्यञ्जित हुन सक्तछ ।

#### (क) अलिखित उपन्यासमा सहमतीय मानसिकता

सांस्कृतिक अध्ययनअन्तर्गत सहमतीयको अर्थ हुन्छ शक्तिशाली पात्रका संवाद, भूमिका एवम् क्रियाकलापप्रति अधीनस्थ एवम् सीमान्तीकृत पात्रको सहमति । यस्तो पद्धतिमा सीमान्तीकृत पात्रहरू स्थापित र शासक वर्गीय पद्धतिको विरोध गर्न नसकी सहजै

स्वीकारोक्तिको भाव अभिव्यक्त गर्छन् । *अलिखित* उपन्यासमा अर्थग्रहणको सहमतीय भावको प्रस्ट प्रयोग भएको पाइन्छ । उपन्यासमा भूमिपति विश्वनाथप्रसाद सिंहले आफूलाई मन नपर्ने बिननीलाई बोक्सीको आरोप लगाउँदा गाउँटोलका सबैले सहमति जनाएका विषयवस्तु उपन्यासमा यसरी अभिव्यक्त छ, " अनि मालिक आज्ञा गर्छन्, जसको भाव हुन्छ- मैले एक दिन धान दिइनँ भनी रिसाएर गएकी थिई । हेर्, मेरी छोरीलाई लगाइदी जस्तो छ । मालिकको निर्णय, सारा गाउँको निर्णय : अब गाउँमा जो पनि बिरामी पर्छ, पहिले बिननीलाई सराप्छ, त्यसपछि झारफुक गराउँछ" (पृ. १३१) । यस साक्ष्यमा गाउँको चल्तापुर्जा मान्छे जमिनदार विश्वनाथप्रसाद सिंहले अनुप मिस्तिरीकी पत्नीलाई मन नपराएपछि गाउँका साराले मन नपराउनुपर्ने तथ्यले विश्वनाथप्रसाद सिंहको रायप्रति सबैको सहमतीय भावलाई इङ्गित गर्दछ । विश्वनाथप्रसाद सिंहले बिननीले आफ्नी छोरीलाई लगाइदी जस्तो छ भन्ने आशयले बिननीलाई बोक्सीको आशङ्का गरिएको अभिप्रायलाई जनाउँछ । जमिनदार प्रभुत्वशाली भएकाले उसले बिननीलाई लगाएको आरोप गाउँटोलका सबैले सहमति जनाएको स्पष्ट छ । यहाँनेर शक्तिसम्बन्धले प्रत्यक्ष काम गरेको देखिन्छ किनभने जमिनदार आर्थिक रूपले सम्पन्न भई गाउँमा उही बोलबाला भएपछि गाउँका सबैले उसको कुराका सही थापेको हो ।

**(ख) उलार उपन्यासमा सहमतीय मानसिकता**

सहमतीय शब्दले ऐक्यभावलाई जनाउँछ । *उलार* उपन्यासको सन्दर्भमा सहमतीय शब्दले सर्वहारा वर्गका पात्रहरूले अभिजात वर्गका पात्रहरूका अघिपछि लागेर तिनका विचार एवम् काममा सहमति जनाउनुलाई इङ्गित गर्दछ । विपन्न वर्गको प्रेमललवाले आफ्ना मालिक राजेन्द्रराजको इसारामा एक लाख पर्ने जग्गा जम्मा तीस हजारमा बिक्री गरेको सन्दर्भ उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> जम्मा तीस हजारमा प्रेमललवाले आफ्नो घरजग्गा बेच्यो । शिलाबाबुले दाम सोधे एक लाख भन्नू भनेर राजेन्द्रराजले पहिले नै सम्झाएका थिए । उसले त्यसै भनेको थियो तर राजेन्द्रराजले किन झुटो बोल्न लगाए, उसले बुझेन । उसले एक लाखको कागजमा ल्याप्चे लगायो र तीस हजार बुझ्यो । (पृ. ८)

उपर्युक्त साक्ष्यमा प्रेमललवाले आफ्नो महँगो मूल्यमा बिक्री हुने जग्गा आफ्ना मालिक राजेन्द्रराजको इसारामा तीस हजारमा बिक्री गर्नुमा श्रमिक प्रेमललवाको सहमति देखिन्छ ।

राजेन्द्रराजले प्रेमललवालाई शिलाबाबुले सोध्दा एक लाख रुपियाँ भन्नु भन्ने थाहा पाउँदा पाउँदै पनि उसले विरोध नगर्नु भनेको प्रेमललवाको सहमतीय भावलाई इङ्गित गर्दछ । राजेन्द्रराजले आफूप्रति गुण लगाएकोले प्रेमललवाले राजेन्द्रराजले आफूलाई नठग्ने भन्ठानेर तीस हजार रुपियाँ लिएर एक लाखको कागजमा राजीखुसीले सहीछाप गरिदिएको प्रस्ट छ ।

### (ग) गुलरको फूल उपन्यासमा सहमतीय मानसिकता

प्रभुत्वशाली पक्षसँग अधीनस्थ पक्षले सहमति सम्झौता कायम गर्नु सहमतीय अर्थ ग्रहणको पद्धति हो । यसअन्तर्गत राज्य पक्ष, अभिजात वर्ग, शक्तिशाली गैरदलित जाति एवम् समुदाय तथा पुरुष शक्तिशाली पक्षधरतामा पर्दछन् भने राज्यका विरुद्ध आन्दोलनरत दल एवम् समूह, निम्न वर्ग, दलित तथा महिला अधीनस्थ पक्षधरताअन्तर्गत पर्दछन् । *गुलरको फूल* उपन्यासमा वि.सं.२०५२ सालदेखि जनयुद्धमा संलग्न माओवादी दल र नेपाल सरकार बिच बाह्र बुँदे सहमति कायम भएको विषयवस्तुलाई यसरी प्रस्तुत गरिएको छ :

> २०६३ मङ्सिर ५ गते नेपाल सरकार र नेकपा (माओवादी) बीच बाह्रबुँदे विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको छ । देश र जनताप्रति जिम्मेवारी बोध गर्दै र यस विस्तृत शान्ति सम्झौताप्रति पूर्ण प्रतिबद्ध हुँदै हामी नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी ( माओवादी) का तर्फबाट हस्ताक्षर गरी विस्तृत शान्ति सम्झौता सार्वजनिक गर्दछौँ भनी नेपाल सरकारका तर्फबाट तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का तर्फबाट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले शान्ति सम्झौतामा हस्ताक्षर गरेका छन् । ( पृ. २७९)

उपर्युक्त साक्ष्यमा उपर्युल्लिखित समयमा राज्य पक्षका तर्फबाट तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र जनयुद्धमा संलग्न नेकपा माओवादीका तर्फबाट पुष्पकमल दाहाल (प्रचण्ड)ले बाह्रबुँदे विस्तृत शान्ति सम्झौतामा पारस्परिक सहमतिका आधारमा सहमति कायम भएको तथ्यलाई उजागर गरिएको छ । यस सन्दर्भमा दुवै पक्ष सहमतिका लागि तयार भएको तथ्यमाथि प्रकाश पार्न खोजिएको छ ।

## ६.३.४ अस्वीकारजन्य मानसिकता

उपन्यासमा शक्तिशाली पात्रले बोलेका संवाद, तिनले लाएअह्राएका काम आदि मन नपरी असहमति जनाउनु अस्वीकारजन्यको अवस्था हो । अस्वीकारजन्य भनेको असहमति र

फरक विचारको प्रस्तुति पनि हो । यो पात्रको चेतना अनि उसको सामाजिक आर्थिक सम्बन्धसँग पनि जोडिएको हुन्छ । मन नपरेर अथवा आफ्नो वर्गीय, जातीय र लैङ्गिक विद्वेषी भाव, विचार एवम् गतिविधि भएर पनि अस्वीकारजन्यको अवस्था सिर्जना हुन सक्तछ ।

### (क) अलिखित उपन्यासमा अस्वीकारजन्य मानसिकता

सांस्कृतिक अध्ययनअन्तर्गतको अस्वीकारजन्य मानसिकताले सीमान्तीकृत पात्रहरूले शक्तिशाली पात्रका गतिविधि एवम् भूमिका तथा संवादप्रति विमति प्रकट गर्नुलाई इङ्गित गर्दछ । *अलिखित* उपन्यासमा प्रभुत्वशाली जमिनदारले बाँध बाँध्नका लागि चन्दा असुल गरेको सन्दर्भमा गाउँलेहरूले चित्त नबुझेको भन्दै यस्तो अभिव्यक्ति दिएका छन्, “त्यस दिन सबैले निर्णय गरे, जिम्दारसँग सोध्ने र चन्दा फर्काउन लगाउने, जुन केही जनाको विचारमा गरिब जतिहरूको रगतपसिना मिलेजुलेको परिणाम थियो” (पृ. २२२) । यस साक्ष्यमा धरमपुर गाउँका धनीमानी व्यक्ति विश्वनाथप्रसाद सिंहले नदीमा बाँध बाँध्नका निम्ति गरिब गाउँलेहरूसँग चन्दा असुलउपर गरी काममा आलटाल गरेकाले गाउँलेहरू रुष्ट भई जमिनदारबाट चन्दा रकम फर्काउनका निम्ति अस्वीकारको भाव अभिव्यक्त भएको देखिन्छ । शक्तिसम्बन्धका हिसाबले गरिब गाउँलेहरूमा प्रतिरोध चेतनाको विकास हुन गई अस्वीकृतिको भाव उत्पन्न भएको हो ।

### (ख) उलार उपन्यासमा अस्वीकारजन्य मानसिकता

पाठअन्तर्गतका शक्तिशाली पात्रका विरुद्धमा अधीनस्थ पात्रहरूले असहमतिको भाव जनाउनुलाई यहाँनेर अस्वीकारजन्य मानसिकता भन्न खोजिएको हो । अप्रभुत्वशाली पात्रहरू आफ्ना अन्याय, अत्याचारका विरोधमा शक्तिशाली पात्रप्रति के कस्ता विमति प्रकट गरेका छन् । तिनका बारेमा अध्ययन गर्नु महत्त्वपूर्ण हुने देखिन्छ । *उलार* उपन्यासमा प्रभुत्वशाली वर्गका पात्रहरूले अधीनस्थ वर्गका पात्रहरूमाथि ज्यादती गर्दाखेरि तिनले के कसरी ग्रहण गरेका छन् उक्त विषयवस्तुको अध्ययन महत्त्वपूर्ण हुन्छ ।

*उलार* उपन्यासमा प्रभुत्वशाली वर्गबाट प्रेमललवा पटक पटक पीडित भएपछि उसले आफ्नो मालिक राजेन्द्रराजप्रति असहमति जनाएको विषयवस्तु यसरी उल्लेख गरिएको छ, “अबदेखि उसले राजेन्द्रराज र उसको परिवारलाई फिरीमा टाँगामा बसाउनेछैन । शान्तिराजा जस्ताको बोझलाई, ओभरलोडलाई टाँगामा स्विकार्नेछैन । र टाँगालाई उलार

हुन दिने छैन" (पृ. ५९) । उपर्युक्त साक्ष्यमा प्रेमललवाले आफूले मान्दै आएको राजेन्द्रराज र उसको परिवारका सदस्यलाई आफ्नो टाँगामा निःशुल्क नचलाउने सङ्कल्प लिएको देखिन्छ । श्रमिक वर्गको प्रेमललवा शोषक वर्गको शान्तिराजाको भारीलाई आफ्नो टाँगामा स्वीकार नगर्ने तथ्यले प्रेमललवाले शासक वर्गका राजेन्द्रराज र शान्तिराजाका ज्यादतीप्रति असहमति जनाएको भाव अभिव्यञ्जित भएको छ । यस प्रसङ्गमा अभिव्यक्त कथनले ढिलै भए पनि प्रेमललवामा चेत पलाएको देखिनुका साथै उसमा सुषुप्त रूपमा नै भए पनि विद्रोहचेत पलाएको पुष्टि हुन्छ । प्रेमललवाको अस्वीकृतिको भावलाई सम्भ्रान्त वर्गका राजेन्द्रराज र शान्तिराजाका विरुद्धको असहमतिको भाव हो ।

*उलार* उपन्यासमा सीमान्तीकृत पात्रहरू प्रभुत्वशाली गैरमधेसी समुदायका पात्रबाट शोषित, पीडित भए पनि तिनले असहमतिको भाव व्यक्त गरेको देखिँदैन । यस सन्दर्भमा श्रमिक वर्गका पुरुष पात्र प्रेमललवा, कलुवा र ननकउहरूले अभिजात वर्गका अन्याय, अत्याचार र आर्थिक शोषणका विरुद्धमा सशक्त विरोध गर्न नसकेकाले असहमतिको भाव प्रकट भएको छैन । त्यसैगरी लैङ्गिक दृष्टिकोणबाट भन्नुपर्दाखेरि वादी समुदायका यौनकर्मी द्रौपदी र सावित्री, द्रौपदीकी आमा, द्रौपदीकी छोरी सीता प्रहरी प्रशासन, प्रधानपञ्च र अन्य पुरुष ग्राहकका विरोधमा असहमति जनाउन नसकेको तथ्य उद्घाटित छ ।

**(ग) घुर उपन्यासमा अस्वीकारजन्य मानसिकता**

प्रभुत्वशाली वर्ग, जाति, जनजाति, लिङ्गका विरुद्ध विमतिको भाव प्रकट गर्नु असहमतीय अर्थ ग्रहणको पद्धति हो । *घुर* उपन्यासमा मधेसी आन्दोलनका अगुवा व्यक्तित्व अविदिता मण्डलले असहमतीय भाव यसरी व्यक्त गरेकी छन्, "आजसम्म तपाईंहरूले देख्नुभएको छ देशका महत्त्वपूर्ण पदमा कुनै मधेसी पुगेको ? यत्रा सचिव छन् कोई मधेसी छ ? सेना पुलिसका ठूला पदमा कुनै मधेसी छ ? मधेसीले आफ्नो निर्णय आफैँ गर्न पाउनुपर्छ । पहडियाले बनाएको कानुनबाट मधेसीले शासित हुने होइन" (पृ. ५२) । यस साक्ष्यमा अविदिता मण्डलले राज्यका नीतिनिर्माण गर्ने निर्णायक तहमा केवल शासक वर्गीय पर्वते समुदायका मानिसहरूको एकल हैकम भएकाले मधेसीहरू निर्णायक तहका उच्च ओहोदामा पुग्न नसकेका हुन् भन्ने तथ्यलाई उजागर गर्न खोजिएको छ ।

प्रस्तुत साक्ष्यमा पर्वते समुदायले एकल प्रभुत्व कायम गरेर बनाएको कानुन मधेसी समुदायले मान्नु हुँदैन भन्ने तीव्र विरोध गर्दै असहमतीय भाव प्रकट गरेको प्रस्ट छ ।

राज्यको रवैया र चालामाला देखेर त्यसको अर्थबोध गरी *घुर* उपन्यासको केन्द्रीय चरित्र अविदिता मण्डलले पर्वते समुदायबाट निर्मित मौजुदा कानुनको बर्खिलापमा असहमतीय भाव प्रकट गरेकी हो । होलबले 'ग्रहण सिद्धान्त' पठन प्रकार्यको रचनात्मक प्रक्रिया हो भनेका छन् (किनोसिता, सन् २००४, पृ. २) । यस साक्ष्यको माध्यमबाट उपेक्षित र उत्पीडित मधेसी समुदायको तर्फबाट प्रतिनिधित्व गरेकी अविदिता मण्डलको पर्वते समुदाय निर्देशित राज्यको कानुनप्रति विमति राखिँदै असहमतीय भाव अभिव्यञ्जित भएको छ ।

### (घ) मालिकहरूको मधेस उपन्यासमा अस्वीकारजन्य मानसिकता

*मालिकहरूको मधेस* उपन्यासमा प्रभुत्वशाली पात्रका विषयवस्तुलाई स्वीकार नगर्नु अस्वीकारजन्य भाव हो । यस उपन्यासमा पुलकितलाल चौधरीले मधेसका जमिनदार र गैरमधेसी पात्रका बिचको अपवित्र साँठगाँठलाई अस्वीकार गरेको कथ्यवस्तुलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ । पुलकितलालले आफूमाथि लागेको डकैतीको अभियोगलाई कडा प्रतिवाद गर्दै अस्वीकार गरेको सन्दर्भ उपन्यासमा यसरी प्रयुक्त छ :

> पुलकितलालले अर्को जिकिर गरे, श्रीमान् पहिलो कुरा त मलाई लाग्छ यो डकैती नै भएको होइन । यदि भएकै हो भने पनि त्यसको जिम्मेवार त्यो रात वारदात भएको भनिएको ठाउँमा गएको कपिल गैरापिप्ली हुनुपर्ने हो । यो शंकास्पद कुराहरूको छानविन नभएसम्म सिधै म कसरी डाँका हुन सक्छु श्रीमान् । (पृ. १२४)

उपर्युक्त साक्ष्यमा आफूमाथि डकैतीको झुटो आरोप लगाइएकोमा पुलकितलालले न्यायाधीश समक्ष वारदात भएको बखत त्यहाँ उपस्थित कपिल गैरापिप्लीमाथि कानुनबमोजिम कारबाही हुनुपर्ने हो न कि अनुपस्थित आफूमाथि भन्ने अभिव्यक्ति प्रस्तुत गरिएको छ । यस साक्ष्यमा आफू निर्दोष भएकाले डाँका नभएको अस्वीकारोक्तिको भाव अभिव्यञ्जित भएको छ । प्रस्तुत साक्ष्यको माध्यमबाट पुलकितलाल निर्दोष भएकाले निर्भीक भई अदालतमा न्यायाधीशका समक्ष आफू डाँका नभएको स्पष्टोक्ति दिएको छ । यस सन्दर्भमा शक्तिसम्बन्धका हिसाबले कमजोर पुलकितलालको अस्वीकारजन्य भाव अभिव्यञ्जित भएको छ ।

## ६.४ निष्कर्ष

प्रतिनिधित्वमा भाषिक अभिव्यक्तिका माध्यमबाट सामाजिक सन्दर्भहरूको प्रतिविम्बन गरिन्छ । *अलिखित* उपन्यासमा व्यक्त मडुवाको ढसरो र घुङीको तरकारीले मधेसी समुदायको आर्थिक पछौटेपनलाई इङ्गित गर्दछ । त्यसैगरी रित्तो र चिसो हेल्थपोस्ट जस्ता विम्बले नाम मात्रको हेल्थपोस्ट र चिकित्सक तथा पर्याप्त औषधि  नपाइने यथार्थलाई इङ्गित गर्दछ । मधेसी समुदायमा विपन्न वर्गका मानिसको नाम हेय तरिकाबाट लिइने प्रसङ्गलाई *अलिखित*मा सरजुलाई सरजुगवा नामबाट बोलाइने सन्दर्भले प्रस्ट पार्दछ । शक्तिशालीहरूले अधीनस्थलाई डर, त्रास, धाकधम्की देखाएर जहिल्यै आफ्नो मातहतमा राख्ने सन्दर्भलाई *अलिखित*ले प्रस्ट उजागर गरेको छ । यस उपन्यासमा धरमपुरका मानिसहरूले बिरहिनपुर बरेवाका मानिसहरूलाई विभिन्न अफवाह फैलाएर जहिले डर देखाउने प्रसङ्गलाई प्रस्तुत गरेको छ । *उलार* उपन्यासको प्रभुत्वशाली पात्र राजेन्द्रराजले ट्रक मालिकबाट अठार हजार असुलेर प्रेमललवालाई जम्मा आठ हजार थमाएबाट राजनीतिकर्मी नेताको शोषक प्रवृत्ति र दलालीपनलाई मुखरित गरेको छ ।

*उलार* उपन्यासमा प्रयुक्त एउटा खाट, गिल्टीका दुईचार ओटा भाँडा, कोठा भित्रै आफ्नो खाट र घोडा बाँध्ने तबेलामा सुत्नुपर्ने दयनीय अवस्थाले प्रेमललवाको चरम गरिबीलाई उजागर गरेको छ ।  द्रौपदीले देहव्यापार गरेर परिवार पाल्नुपर्ने सन्दर्भले उसको चरम आर्थिक अभावलाई जनाउँछ । अहिलेको युगमा समेत मान्छेले परिवार पाल्नका लागि यौनकर्मीका रूपमा अपहेलित जीवन बाँच्नुपर्ने कथ्यवस्तुले गरिबी र अशिक्षाको मारमा परेका वादी समुदायको वास्तविकतालाई प्रस्ट्याएको छ ।

प्रेमललवाको जमिनको रकम शिलाबाबु र राजेन्द्रबाबुले आपसमा बाँडफाँड गरेर कमिसन लिएबाट राजनीतिकर्मी नेताका कमिसनतन्त्रलाई इङ्गित गर्दछ । समुदायका राजनीतिकर्मी, प्रहरी, प्रशासनका जिम्मेवार व्यक्ति गैरकानुनी हिसाबले यौनकर्मीकहाँ संसर्ग गर्न जाने यथार्थलाई उपन्यासले सटीक तवरले प्रस्तुत गरेको छ । आर्थिक अपचलन प्रमाणित भई जागिर बर्खास्त भएका कर्मचारीले राजनीतिक नेतालाई घुस खुवाएर चुनाव जिती मन्त्री पदसम्म पुगेको भाषिक सन्दर्भले यहाँका भ्रस्ट कर्मचारीको चरित्रलाई उदाङ्गो पारिदिएको छ ।

*घुर* उपन्यासमा राज्यले 'नेपाल अधिराज्यको संविधान २०६३' जारी गरेलगत्तै आफ्ना हक अधिकार सुनिश्चित नभएको असन्तुष्टि पोख्तै थारू र मधेसी समुदाय आक्रोशित भई मधेस आन्दोलन भएको वास्तविकताको प्रकटीकरण भएको छ । प्रभुत्वशाली व्यक्तित्वहरूले चारकोसे झाडीको अनियन्त्रित फँडानी गरेपछि वन्यजन्तुहरू असुरक्षित भई आश्रय र आहाराको खोजीमा मानव बस्तीमा पस्न थालेका तथ्यको प्रस्तुति छ । अनियन्त्रित वन फँडानीले पर्यावरणमा प्रतिकूल प्रभाव पर्नुका साथै वन्यजन्तुका बासस्थान उजाडिएको र आदिवासी जनजातिका जीविकोपार्जनमा समेत असर गरेका सन्दर्भलाई इङ्गित गर्दछ ।

सूचना प्रविधिको दुरूपयोग गरी सिडी बनाएर पर्वते र मधेसी समुदाय बिच साम्प्रदायिकता भड्काउन खोजेको सामाजिक यथार्थको चित्रण गरिएको छ । यहाँका राजनीतिक दल ससाना कुरामा बाझ्ने र भागवण्डा मिलेपछि एकैछिनमा मिल्ने राजनीतिक दलका अवसरवादी र स्वार्थी  यथार्थ पक्षको उद्घाटन गरिएको छ । *घुर* उपन्यासमा राज्यले हिमाल, पहाड र तराईका नागरिकलाई एकअर्काबाट अलग गरेर आपसमा मिल्न नदिने स्वार्थी राजनीति गर्दै आएको रहस्योद्घाटन गरिएको छ ।

*गुलरको फूल* उपन्यासमा गण्डक छेउछाउमा बस्ने मलाहा (माझी)हरूले गण्डक नदीमा माछा मारेर जीविकोपार्जन गर्ने तथ्यको पुष्टि गरेको छ । प्रस्तुत उपन्यासमा देशमा पटक पटक राजनीतिक व्यवस्था परिवर्तन भए पनि समृद्धि हासिल गर्न नसकेको प्रसङ्गलाई प्रकाश पारिएको छ । पहेँलो र नीलो रङको भाष्यले २०३७ मा जनमतसङ्ग्रह सम्पन्न भएको कालखण्डलाई जनाएको छ । खुला सिमानाका कारण उसपार अर्थात् छिमेकी राष्ट्र भारतबाट आएका मधेसीले नेपालमा जमिन खरीद गरेर यहाँ हैकम जमाउने यथार्थको प्रकटीकरण भएको छ । मधेसका टाठाबाठा धनी वर्गले गरिबका जग्गा धितो पास गराएर चर्को व्याज असुल्दै आर्थिक शोषण गर्ने सन्दर्भलाई कलात्मक तरिकाले प्रस्तुत गरेको छ । मधेसमा बस्ने गैरमधेसी समुदायका मानिसहरूले प्रहरी प्रशासनसँग अपवित्र साँठगाँठ गरेर मधेसी समुदायका निमुखा मानिसहरूलाई अनावश्यक दुःख दिने सामाजिक यथार्थलाई उजागर गरेको छ ।

*दुलारी* उपन्यासमा मधेसी गैरदलितका घरमा मधेसी दलित सदा समुदायको पानी नचल्ने छुवाछुत प्रथालाई प्रस्ट पारिएको छ । मधेसमा गाउँटोलका अगुवाले राजनीतिक दलका उम्मेदवारसँग मोटो रकम असुली आफ्ना मातहतका मानिसहरूलाई चामल र मासु

वितरण गर्ने संसदीय राजनीतिको कुप्रवृत्तिलाई *दुलारी* उपन्यासले उदाङ्गो पारेको छ । मधेसी समुदायमा स्थानीय मातृभाषामा पठनपाठन नहुँदाखेरि गैरनेपाली मातृभाषीलाई पढ्न र बुझ्न असहज हुने सामाजिक यथार्थलाई *दुलारी* उपन्यासले उजागर गरेको छ । मधेसमा कथित माथिल्लो जातिको केटाले कथित तल्लो जातिकी केटीसँग बिहे गर्दा केटालाई जातबाट बहिष्कार गर्नुका साथै समुदायमा समेत स्थान नदिने सन्दर्भलाई *अलिखित* उपन्यासको अनुप मिस्तिरीको कारवाहीले प्रस्ट पार्दछ ।

अधीनस्थ व्यक्ति आफूलाई आफ्नो नेता वा मालिकसरह शक्तिशाली ठान्ने वास्तविकतालाई *उलार*को ननकउले चरितार्थ गरेको छ । शान्तिराजाको विजय जुलुसमा ओभरलोडका कारण घोडी मरेकाले प्रेमललवाले अवउप्रान्त शान्तिराजा जस्तालाई सित्तैमा टाँगामा नबसाउने अस्वीकारोक्तिको भाव अभिव्यञ्जित भएको छ । मधेसी समुदायले आत्मनिर्णयको हक पाउनु पर्छ-पहाडियाले बनाएको कानुनबाट मधेसी शासित हुनुहुँदैन भन्ने भावको अभिव्यक्ति *घुर* उपन्यासमा छ । सीमावर्ती गरिब भारतीय नागरिक रोजगारीको खोजीमा नेपालको सीमावर्ती इलाकामा आई बसोबास गर्ने सामाजिक यथार्थलाई *गुलरको फूल* उपन्यासको रुदल सहनीको जीवनले पुष्टि गरेको छ । यस उपन्यासमा २०६३ मङ्सिर ५ गते नेपाल सरकार र नेकपा (माओवादी) बिच बाह्र बुँदे विस्तृत शान्ति सम्झौता भएको ऐतिहासिक सन्दर्भको चित्रण गरिएको छ ।

राज्यका अड्डा, अदालतमा न्यायाधीश पदमा गैरमधेसी समुदायका पर्वते रहेका सन्दर्भलाई *मालिकहरूको मधेस* उपन्यासले चित्रण गरेको छ । राज्य संरचनामा जग्गाजमिन खोसिएका मधेसी आदिवासी जनजाति थारूहरू निरीह र केवल परचक्री रहेका सन्दर्भलाई *मालिकहरूको मधेस* उपन्यासले उजागर गरेको छ । मधेसी आदिवासी जनजाति थारू समुदायका पुलकितलाल चौधरीलाई झोसपोल गरी डकैती मुद्दामा फसाइएको प्रपञ्चको पर्दाफास गरिएको छ । उपन्यासहरूमा परावर्तक पद्धति, आशयपरक पद्धति र निर्माणवादी पद्धतिका माध्यमबाट मधेसी समुदायका विविध सामाजिक सन्दर्भहरूको यथार्थपरक चित्रण भएको छ । भाषाको माध्यमबाट मधेसी समुदायको वर्णनात्मक प्रतिनिधित्व भएको छ । शक्तिसम्बन्ध र भूमिकाका हिसाबले मधेसी समुदायको अल्प प्रतिनिधित्व भएको पुष्टि हुन्छ ।

# सातौँ परिच्छेद

## सारांश, प्राप्ति र निष्कर्ष

प्रस्तुत शोधप्रबन्धमा आधुनिक नेपाली उपन्यासहरूमध्ये छनोट गरिएका छ ओटा उपन्यासमा मधेसी समुदायको सांस्कृतिक अध्ययनअन्तर्गतको प्रतिनिधित्व सिद्धान्तको आधारमा अध्ययन गरिएको छ । प्रस्तुत शोधका लागि छनोट गरिएका उपन्यासहरूलाई भाषाको माध्यमबाट मधेसी समुदायको प्रतिनिधित्व गरिएको सन्दर्भलाई गहन अनुसन्धान गरी अर्थापन तथा निष्कर्षणको सहजताका लागि यस शोधकार्यलाई सात वटा परिच्छेदमा विभाजन गरी सङ्गठन गरिएको छ । त्यसै क्रममा रहेको प्रस्तुत सातौँ परिच्छेदमा सुरुका परिच्छेदगत सारांशलाई क्रमशः प्रस्तुत गर्ने काम भएको छ र यस परिच्छेदको अन्तमा शोध समस्यागत सारांश, प्राप्तिका साथै साधारणीकृत निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

### ७.१ सारांश

प्रस्तुत शोधप्रबन्धको पहिलो परिच्छेद शोधपरिचयका रूपमा रहेको छ । यस परिच्छेदमा क्रमैसँग विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधविधि र यसअन्तर्गत सामग्री सङ्कलनविधि एवम् सैद्धान्तिक विश्लेषणको आधार तथा ढाँचा, सीमाङ्कन तथा शोधप्रबन्धको रूपरेखा प्रस्तुत गरिएको छ । शोधप्रबन्धको दोस्रो परिच्छेदमा शोधकार्यका निमित्त निर्धारित उपन्यासहरूको विश्लेषणार्थ अवलम्बन गरिएको प्रतिनिधित्व सिद्धान्तबारेको अध्ययन प्रस्तुत छ ।

छनोट गरिएका उपन्यासहरूमा अभिव्यञ्जित मधेसी समुदायका सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक विषयवस्तुहरूलाई भाषाका माध्यमबाट अभिव्यक्त गरिएको छ । ती विषयवस्तुले पात्रका वर्गगत, जातीय, लैङ्गिक अवस्थाका द्योतन गरेका छन् । यसका साथसाथै पात्रका विचारधारासमेत अभिव्यञ्जित भएको पाइन्छ । सामाजिक संरचनामा विद्यमान वर्गीय, जातीय र लिङ्गीय अध्ययनका निम्ति सांस्कृतिक अध्ययनमा प्रचलित स्टुआर्ट हलको 'प्रतिनिधित्व' सिद्धान्तलाई आधार बनाइएको छ । पात्रका वर्गीय अध्ययनका निम्ति मार्क्सवादी सौन्दर्यचिन्तक कार्ल मार्क्सको वर्ग विश्लेषणको सिद्धान्तलाई अङ्गीकार गरिएको छ भने जातीय र लिङ्गीय विश्लेषणका निम्ति सांस्कृतिक अध्ययनका सन्दर्भहरूको उपयोग गरिएको छ । शोधप्रबन्धको यस परिच्छेदमा पात्रका आधार अधिरचनासँगका सहसम्बन्धका

आधारमा निर्मित समुदाय मनोविज्ञान, सामूहिक चिन्तन एवम् जीवनपद्धति तथा लोकविश्वासलाई विचारधाराको रूपमा अध्ययन गरिएको छ ।

भाषाको माध्यमबाट सांस्कृतिक अर्थको निर्मितिले प्रतिनिधित्वलाई जनाउँछ । यसअन्तर्गत साहित्यिक कृतिलाई सांस्कृतिक उत्पादन भन्ने गरिन्छ । उपन्यास पनि साहित्यकै एउटा विधा भएकाले यो सांस्कृतिक उत्पादन हो । विचारधाराअन्तर्गत शासक वर्गको विचारधारालाई प्रभुत्वशाली र शासित वर्गको विचारधारालाई अधीनस्थ विचारधाराको रूपमा अवधारणा बनाई छनोट गरिएका उपन्यासहरूमा विचारधाराको खोजी गर्ने काम भएको छ । यसअन्तर्गत घरपरिवार तथा समुदायमा पुरुषसत्ताको प्रभुत्व कायम रहेको विचारधारालाई पितृसत्तात्मक विचारधाराका रूपमा र धामीझाँक्री, चाडपर्व तथा पारलौकिक दैवी सत्ताप्रतिका समुदाय विशेषका लोकचिन्तनलाई आदर्शवादी विचारधाराका रूपमा सैद्धान्तिकीकरण गरिएको छ । यस परिच्छेदमा पात्रका आवाज र प्रतिरोधी सङ्घर्षको अवधारणागत ढाँचा निर्माण गरिएको छ ।

सीमान्तीकृत पात्र बोल्नुलाई वाचालताका रूपमा अध्ययन गरिएको छ । प्रभुत्वशाली वर्ग, जाति र लिङ्गका विरुद्ध बोल्न नसक्ने र तिनका अन्याय, अत्याचार चूपचाप रहेर बस्ने परिस्थितिलाई मौनता भनेर अध्ययन गरिएको छ । प्रभुत्वशाली वर्ग, जाति र लिङ्गका विरोधमा बोलेर प्रतिक्रिया जनाउनुलाई वाचिक प्रतिरोधका रूपमा अध्ययन गरिएको छ । त्यसैगरी प्रभुत्वशाली पात्रका विरुद्धमा सीमान्तीकृत पात्रले शारीरिक आक्रमण गर्नु, हातगोडा चलाउनु, धकेल्नु आदिलाई कायिक प्रतिरोधका रूपमा अवधारणा बनाइएको छ ।

शोधप्रबन्धको सिद्धान्तसँग सम्बन्धित प्रस्तुत परिच्छेदमा हलका प्रतिनिधित्वका परावर्तक, आशयपरक र निर्माणवादी पद्धतिका आधारमा भाषिक अर्थ उत्पादनको पद्धतिहरूको बारेमा चर्चा गरिएको छ । अर्थ ग्रहणका लागि प्रभुत्वशाली मानसिकता, अधीनस्थ मानसिकता, सहमतीय मानसिकता, अस्वीकारजन्य मानसिकताका आधारमा विश्लेषण गरिएको छ । शक्तिशाली वर्ग, जाति र लिङ्गका विषयवस्तुलाई चुप लागेर सुन्नु प्रभुत्वशाली अर्थग्रहण, उक्त वर्ग, जाति र लिङ्गले बोलेका प्रसङ्गलाई आत्मसात् गरेर सहजै स्वीकार गर्नुलाई सहमतीय र तिनका विषयवस्तु एवम् विचारमा अस्वीकारोक्तिको भाव अभिव्यक्त गर्नुलाई अस्वीकारजन्य अर्थग्रहणका रूपमा व्याख्या गरिएको छ । प्रस्तुत परिच्छेद प्रतिनिधित्वको सैद्धान्तिक विमर्शमा केन्द्रित रहेको छ ।

तेस्रो परिच्छेदमा शोधकार्यका निमित्त छनोट गरिएका उपन्यासहरूमा मधेसी समुदायको भौतिक प्रतिनिधित्वका बारेमा विश्लेषण गरिएको छ । यसअन्तर्गत मधेसी समुदायका वर्गीय, जातीय र लिङ्गीय प्रतिनिधित्वबारे व्याख्या गरिएको छ । यस शोधका लागि छनोट गरिएका उपन्यासका सामाजिक संरचनामा विद्यमान वर्गीय, जातीय र लिङ्गीय सन्दर्भहरूलाई क्रमशः अभिजात वर्गीय र निम्न वर्गीय प्रतिनिधित्व, मधेसी आदिवासी जनजाति समुदाय, मधेसी समुदाय, मधेसी दलित समुदाय र मधेसी मुस्लिम समुदायका प्रतिनिधित्वबारे विश्लेषण गरिएको छ । त्यसैगरी सामाजिक लिङ्गको प्रतिनिधित्वअन्तर्गत पुरुषको प्रतिनिधित्व र महिलाको प्रतिनिधित्वबारे प्राज्ञिक अध्ययन गरी अर्थापन गरिएको छ ।

मधेसमा परापूर्व कालदेखि बस्दै आएका, पुर्ख्यौली थातथलो भएका, विशिष्ट पहिचानको आफ्नो मातृभाषा भएका, सामूहिक जीवनपद्धतिमा विश्वास राख्ने प्रकृतिपुजक समुदायलाई मधेसी आदिवासी जनजाति समुदायका रूपमा व्याख्या गरिएको छ । थ्यवस्तुमा गैरमधेसी आदिवासी जनजाति, गैरदलित हिन्दु धर्मावलम्बी समुदायलाई मधेसी समुदायका रूपमा र मधेसमा पानी नचल्ने बनाइएका जाति समुदायलाई मधेसी दलितका रूपमा तथा मधेसमा बसोबास गर्ने एवम् पैगम्बर मुहम्मदका अनुयायीहरूलाई नेपालका सन्दर्भमा धार्मिक अल्पसङ्ख्यक समुदायलाई मधेसी मुस्लिम समुदायका पात्र भनी विश्लेषण गरिएको छ ।

प्रस्तुत परिच्छेदमा शोधमा विश्लेषण गरिएका उपन्यासहरूमा मधेसका गैरमधेसी समुदाय र स्थानीय मधेसी तथा छिमेकी देश भारतका सीमावर्ती क्षेत्रबाट आई नेपालमा भूमिपति एवम् ठुला व्यापारी भएर बसेका पात्रलाई अभिजात वर्गका रूपमा व्याख्या गरिएको छ । यसका साथै नेपाल सरकारका उच्च पदस्थ कर्मचारीहरू समेतलाई अभिजात वर्गको पात्रका रूपमा व्याख्या गरिएको छ । यी औपन्यासिक कथ्यवस्तुमा धनी वर्गका मालिकका घरमा हली गोठालो गर्ने, अधिया तथा ठेक्कामा खेतीपाती गर्ने, मजदुरी गर्ने सीमान्तीकृत पात्रहरूलाई निम्न वर्गीय पात्रका रूपमा व्याख्या गरी अर्थापन गरिएको छ ।

वर्गीय प्रतिनिधित्वका दृष्टिकोणबाट हेर्दा शोध्य उपन्यासहरूमा स्थानीय मधेसी भूमिपतिको प्रभुत्व र निम्न वर्गको सीमान्तीकृत आर्थिक अवस्थाको चित्रण पाइन्छ । मधेसका अभिजात वर्ग र निम्न वर्गका बिचमा ठुलो अन्तराल कायम रहेको अध्ययनबाट

थाहा पाइएको हो । वर्ण व्यवस्थाको पृष्ठभूमिमा निर्मित जात व्यवस्थाका सन्दर्भमा मधेसका आदिवासी जनजाति तथा मधेसी समुदायका मानिसहरू त्यहाँका मधेसी दलितप्रति असमान, असामाजिक छुवाछुतका व्यवहार गर्ने भएकाले तिनीहरू मधेसी दलितप्रति विभेदकारी र अनुदार रहेका छन् । लैङ्गिक दृष्टिकोणबाट सामाजिक संरचनामा पुरुष पात्र र महिला पात्रका स्थान एवम् भूमिकाका आधारमा लैङ्गिक प्रतिनिधित्वको व्याख्या गरिएको छ ।

पितृसत्तात्मक सामाजिक संरचना भएको मधेसी समुदायमा त्यहाँका पुरुष पात्रका गतिविधि महिलाप्रति उदार भएको देखिँदैन । महिलाहरू स्वतन्त्रता प्राप्तिबाट वञ्चित रहेका विषयसन्दर्भहरूलाई छनोट गरिएका उपन्यासमा उठान गरिएको छ । शोधप्रबन्धको चौथो परिच्छेद शोध्य उपन्यासका विचारधारा अध्ययनमा केन्द्रित रहेको छ । सामाजिक संरचनामा शासक वर्गीय गतिविधि एवम् तिनले निम्न वर्गप्रति गरेका व्यवहारले अभिजात वर्गीय प्रभुत्वशाली विचारधाराको द्योतन गरेको छ । अभिजात वर्गको विचारधारालाई प्रभुत्वशाली विचारधाराका रूपमा र सामाजिक संरचनामा श्रमजीवीका रूपमा शासित वर्गीय पात्रका विचारधाराहरूलाई अधीनस्थ विचारधाराका रूपमा विश्लेषण गरिएको छ ।

वर्गीय संरचना विद्यमान भएको मधेसी समुदायमा गरिब वर्ग दबिएर बस्नु पर्ने जीवनपद्धतिका माध्यमबाट अधीनस्थ विचाराधाराको सम्प्रेषण भएको छ । सामाजिक संरचनामा पुरुषको हैकम चल्ने सन्दर्भहरूलाई पितृसत्तात्मक विचारधाराका रूपमा अध्ययन गरिएको छ । छनोट गरी विश्लेषण गरिएका उपन्यासहरूमा विभिन्न समुदायका पात्रहरूले मनाउने चाडपर्व, तिनले विश्वास गर्ने झारफुक तथा अलौकिक देवीदेवताप्रतिका निष्ठा, आस्था अनि विश्वासबाट अभिव्यञ्जित सामूहिक विचार आदर्शवादी विचारधाराका रूपमा रहेको गहन विश्लेषणबाट प्राप्त भएको छ ।

पाँचौं परिच्छेदमा शोधकार्यका निम्ति छनोट गरिएका उपन्यासहरूमा पात्रका आवाज र प्रतिरोधी सङ्घर्षका बारेमा प्राज्ञिक विश्लेषण गरिएको छ । यसअन्तर्गत आवाजको अध्ययनका क्रममा पात्रका वाचालता र मौनताको बारेमा गहन विश्लेषण गरिएको छ । प्रतिरोधी सङ्घर्षअन्तर्गत पात्रका वाचिक तथा कायिक क्रियाकलापका आधारमा वाचिक प्रतिरोध र कायिक प्रतिरोधको विश्लेषण गरिएको छ । सीमान्तीकृत पात्रहरूले शक्तिशाली वर्ग, जाति र लिङ्गका पात्रका विरोधमा बोलेर कडा प्रतिक्रिया जनाउनुलाई वाचिक प्रतिरोधका रूपमा विश्लेषण गरिएको छ भने शक्तिशाली अभिजात वर्ग, मूलधारीय

गैरदलित तथा पुरुषका विरुद्धमा सीमान्तीकृत निम्न वर्ग, किनारीकृत जाति एवम् समुदाय तथा महिला पात्रले कड्केर बोली प्रतिक्रिया जनाउनुलाई वाचिक प्रतिरोधका रूपमा व्याख्या गरिएको छ । यसैगरी शक्तिशाली अभिजात वर्ग, गैरमधेसी, मधेसी आदिवासी जनजाति, मधेसी समुदायका विरोधका सीमान्तीकृत पात्रले शारीरिक आक्रमण गर्नु, कुटपिट गर्नु तथा साङ्घातिक हमला गर्नुलाई कायिक प्रतिरोधका रूपमा अध्ययन गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको छैटौँ परिच्छेद आधुनिक नेपाली उपन्यासमा अर्थ र भाषिक पद्धतिका दृष्टिले मधेसी समुदायको प्रतिनिधित्वको अध्ययनमा केन्द्रित रहेको छ । यसअन्तर्गत शोध्य उपन्यासका विषयवस्तुलाई अर्थ उत्पादनको भाषिक पद्धति र अर्थ ग्रहणको पद्धतिका रूपमा विश्लेषण गरिएको छ । अर्थ उत्पादनको भाषिक पद्धतिको अध्ययनका निम्ति हलद्वारा प्रतिपादित परावर्तक, आशयपरक र निर्माणवादी पद्धतिका आधारमा छनोट गरिएका उपन्यासहरूको विश्लेषण गरी सत्यापन र अर्थापन गरिएको छ ।

प्रस्तुत शोधमा प्रयुक्त उपन्यासहरू क्रमशः *अलिखित, उलार, घुर, गुलरको फूल, मालिकहरूको मधेस* र *दुलारी*मा प्रतिबिम्बित मधेसी समुदायका वस्तुपरक चित्रणलाई परावर्तक पद्धतिका रूपमा अध्ययन गरिएको छ भने पात्र एवम् समाख्याताले प्रयोग गरेका भाषाका विशिष्ट आशयलाई बोध गरेर आशयपरक पद्धतिको अध्ययन गरिएको छ । त्यसैगरी शोधका लागि प्रयुक्त उपन्यासका पात्र एवम् समाख्याताका संवादलाई अर्थ निर्माण गरी प्रस्तुत गरिएका विषय सन्दर्भहरूलाई निर्माणवादी पद्धतिको रूपमा विश्लेषण गरिएको छ । शोध्य उपन्यासका सीमान्तीकृत पात्रले ग्रहण गर्ने अर्थलाई प्रभुत्वशाली, सहमतीय र अस्वीकारजन्यका रूपमा विश्लेषण गरिएको छ ।

## ७.२ प्राप्ति

प्रस्तुत शोधमा सांस्कृतिक अध्ययनअन्तर्गतको आधुनिक नेपाली उपन्यासमा मधेसी प्रतिनिधित्वको विश्लेषण सांस्कृतिक अध्ययनको विश्लेषणबाट निम्नानुसारका प्राप्ति भएका छन् ।

(अ) आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायको भौतिक प्रतिनिधित्व के कस्तो छ ? भन्ने शोधप्रश्नको समाधानबाट निम्नानुसारका प्राप्ति भएका छन् :

(क) विश्लेषण गरिएका उपन्यासमा स्थानीय मधेसी जमिनदार र स्थानीय तथा केन्द्रीय तहमा रहेका गैरमधेसी जमिनदारहरूलाई  प्रभुत्वशाली अभिजात वर्गको रूपमा प्रतिनिधित्व गराइएको छ । आधार र अधिरचनामा अभिजात वर्गको बलियो पकड रहेकाले यस वर्गले सम्पत्तिकै आडमा त्यहाँका निम्न वर्गमाथि आर्थिक शोषण गरेको यथार्थको चित्रण गरिएको छ ।  स्थानीय अभिजात वर्गको मधेसी समुदायका घरमा हलीगोठालो, भैँसी गोठालो, बाख्रा चराउने, माटो खन्ने श्रमजीवी  मधेसीहरूलाई निम्न वर्गको पात्रका रूपमा उपस्थापन गरिएको छ । निम्न वर्गका पात्रहरूले बासी भातका भरमा र  अतिन्यून ज्यालामा काम गर्नुपरेकाले तिनका श्रमशोषण मुखरित भएको छ । अभिजात वर्गको मधेसी तथा गैरमधेसी समुदायका पात्रका दमनकारी व्यवहार, आर्थिक शोषण, चर्को व्याजदर असुलीका कारण त्यहाँका निम्न वर्गको पात्रका आर्थिक पछौटेपन, चरम गरिबी र अभावका कारण समस्या बेहोरेर कष्टकर जीवन बाँच्न बाध्य रहेका तथ्यहरूको सामाजिक यथार्थको प्रतिविम्बन भएको छ ।

(ख) मधेसी दलित समुदायका पात्रहरू सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक हिसाबले निकै नै कष्टकर जीवनका साथै सीमान्तीकृत अवस्थामा बाँचिरहेका यथार्थको मार्मिक प्रस्तुति छ । यसका साथै मधेसी दलित समुदायका मानिसप्रति प्रभुत्वशाली गैरदलित समुदायका मानिसहरूले गर्ने विभेदकारी व्यवहार, छोइछिटो गर्ने तथ्यको अभिव्यक्ति छ । गैरदलित समुदायका केटाहरूले मधेसी दलित समुदायका केटीलाई हेप्ने, जिस्काउने, दुर्व्यवहार गर्नेजस्ता असामाजिक क्रियाकलापको प्रस्ट वर्णन गरिएको छ ।

(ग) मधेसी समुदायमा लैङ्गिक भेदभाव विद्यमान रहेको तथ्यको वर्णन गर्नुका साथै त्यहाँ पितृसत्तात्मक सामाजिक विमर्शात्मक संरचनामा मधेसी पुरुषहरू परिवारका नेतृत्वदायी भूमिकामा अनि निर्णायक स्थानमा उपस्थापन गराइएका छन् । पुरुष पात्रहरूलाई नायकत्व प्रदान गरिएको छ भने महिला पात्रहरूलाई सहयोगी र गौण भूमिकामा प्रतिनिधित्व गराइएको छ । मधेसी पुरुषहरू आफूखुसी केटी हेर्न जाने र वरण गर्न पाउने प्रावधान भए पनि मधेसी महिलाहरूलाई उक्त अवसरबाट वञ्चित गरिएको तथ्यको उद्घाटन गरिएको छ ।  मधेसी समुदायमा बिहेका सन्दर्भमा केटीपट्टिकाले केटालाई दाइजो दिनुपर्ने सांस्कृतिक प्रचलनले केटा पक्षको सर्वेसर्वापनलाई इङ्गित गर्दछ । दाइजोप्रथा मधेसी आदिवासी जनजाति, मधेसी दलित तथा मधेसी मुस्लिम समुदायमा नभए पनि मधेसी समुदायमा यो

प्रथा विकराल रूपमा प्रचलनमा रहेको वास्तविकता उजागर गरिएको छ । पुरुष पात्रको अधिक प्रतिनिधित्व भएको छ भने महिला पात्रको न्यून प्रतिनिधित्व भएको छ ।

मधेसी समुदायमा विवाह सम्पन्न भएपश्चात् पनि केटा पक्षकाले केटी पक्षसँग पटक पटक नगद तथा जिन्सी दाइजो माग्ने र केटी पक्षकाले केटा पक्षका मागबमोजिमका दाइजो दिन नसकेको खण्डमा केटा पक्षले गौनाका लागि आलटाल गर्ने र कतिपय अवस्थामा गौना नै नगर्ने कुप्रथाको यथार्थ प्रस्तुति छ । विवेचना गरिएका उपन्यासमा मधेसी महिलाहरूले भोग्नु परेका असमान व्यवहार, लैङ्गिक उत्पीडनको यथार्थ प्रस्तुति छ । मधेसमा दाइजोप्रथा र गौनाप्रथा कुसंस्कृतिका रूपमा जरो गाडेर बसेका निष्कर्ष प्राप्त भएको छ । यी दुइटै प्रथाहरू आर्थिक पक्षसँग सम्बन्धित भएकाले यो सामन्तवादी समाजव्यवस्थाको अवशेष हो ।

(आ) आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायका विचारधाराका रूप के कस्तो छ भन्ने शोधप्रश्नको प्राज्ञिक समाधानका सन्दर्भमा निम्नानुसारका प्राप्ति भएका छन् :

(क) सामाजिक संरचनामा शासक वर्गको स्थानमा रहेका अभिजात वर्गको विचारधारा प्रभुत्वशाली रहेको छ । यस वर्गले सामाजिक क्रियाकलाप, न्याय तथा प्रहरीप्रशासनमा पकड र प्रयोगका माध्यमबाट अधीनस्थ निम्न वर्गमाथि प्रभुत्व जमाएको तथ्यको प्रस्तुति छ । सामाजिक संरचनामा आधार पक्षमा पकड र नियन्त्रण नभएका निम्न वर्ग र महिला अनि दलितका विचारधारालाई अधीनस्थ विचारधाराका रूपमा उपस्थापन गरिएको छ ।

(ख) सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक सबै क्षेत्रमा पुरुषहरूकै बोलबाला र अगुवाई अनि महिलाहरूलाई अवसर नदिई वञ्चित गरिएकाले मधेसी समुदायमा पितृसत्तात्मक वैचारिकताले प्रश्रय पाएको स्पष्ट प्रतिनिधित्व भएको छ । विश्लेषण गरिएका उपन्यासमा महिला पात्रका विभिन्न भूमिकालाई सीमित गरिएकाले मधेसी समुदायमा पितृसत्तात्मक विचारधारा शक्तिशाली रूपमा विद्यमान रहेको पुष्टि भएको छ ।

(ग) मधेसी समुदायमा आफू माथि आइपरेका दु:ख कष्ट निवारणका लागि पारलौकिक दैवी सत्ता र शक्तिमाथि आस्था राख्ने, विश्वास गर्ने आदर्शवादी विचारधाराको संवहन भएको छ । यस सन्दर्भमा तिनका जीवनजगत्लाई हेर्ने दृष्टिकोण र चेतनाको तहसमेत मुखरित भएको छ । पारलौकिक ईश्वरीय शक्तिकै इसारामा संसार सञ्चालित रहेको आदर्शवादी वैचारिकताको उपस्थापन भएको छ । रोगव्याधिबाट छुट्कारा पाउनका लागि धामीझाँक्री,

टुनामुना, मठमन्दिरमा गई पूजाअर्चना गर्ने एवम् झारफुक गराउने आदर्शवादी विचारधारा अभिव्यञ्जित भएको छ ।

(इ) आधुनिक नेपाली उपन्यासमा सीमान्त मधेसी समुदायको आवाज र प्रतिरोधी सङ्घर्ष शोधप्रश्नको समस्या समाधानका लागि निम्न अनुसारका प्राप्ति भएका छन् :

(क) प्रस्तुत शोधमा विश्लेषण गरिएका उपन्यासमा मधेसी पात्रका आवाजको प्रतिनिधित्वलाई दृष्टिगत गर्दा तिनमा वाचालताको अवस्था निकै कम रहेको छ भने मौनताको अवस्था बढी रहेको छ । सामाजिक संरचनामा शक्तिसम्बन्धका आधारमा प्रभुत्व जमाएर बसेका वर्गीय दृष्टिकोणबाट अभिजात वर्ग, जातीय विमर्शका कोणबाट गैरदलित र लैङ्गिक विमर्शका आधारमा पुरुष पात्रहरू शक्तिशाली देखाइएका छन् ।

(ख) निम्न वर्ग, दलित समुदाय र महिलाहरू कमजोर, पराश्रयी अनि विगत लामो समयदेखि दमित भएकाले तिनमा वाचालताको प्रखरचेत मुखरित हुन नसकेको हो । शक्तिसम्बन्धका हिसाबले कमजोर वर्ग, जाति र लिङ्गका पात्रमा आफू माथि अन्याय, अत्याचार, दुर्व्यवहार र असमान व्यवहार हुँदा पनि एकाध पात्रमा विद्रोह चेत भएर विद्रोह गरेको देखाइए पनि बहुसङ्ख्यक पात्रमा सशक्त विद्रोह चेत हुन नसकी मौनताको अवस्था नै प्रबल रहेको छ ।

(ई) आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायको प्रतिनिधित्वको भाषिक पद्धति शोधप्रश्नको अध्ययनबाट निम्न अनुसारका प्राप्ति भएका छन् :

(क) प्रस्तुत शोधमा विवेचना गरिएका उपन्यासमा भाषिक अभिव्यक्तिका माध्यमबाट त्यहाँका अभिजात वर्ग, पुरुष सामाजिक विमर्शात्मक संरचनामा प्रभुत्वशाली अवस्थामा रहेका र सीमान्तीकृत निम्न वर्ग, दलित समुदाय र महिलाका कमजोर एवम् अधीनस्थ अवस्थाको प्रस्तुतीकरण भएको छ । नेपालमा पटक पटक राजनीतिक व्यवस्था परिवर्तन भए पनि सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरण हुन नसकी नागरिकका जीवन कष्टकर भएको तथ्यको उद्घाटन गरिएको छ । नेपाल भारत खुला सिमानाका कारण दुवैतिरका विपन्न वर्गीय मजदुरहरू रोजगारीको खोजीमा दुवै देशमा बेरोकटोक आवतजावत गर्ने तथ्यको खोलुवा गरिएको छ । व्यापार गर्न नेपाल प्रवेश गरेका अभिजात वर्गीय भारतीय नागरिकहरू सत्ताशक्तिमा पहुँच र सम्पत्तिका आडमा नेपालमा सहजै नागरिकता प्राप्त गरिरहेका यथार्थको प्रस्तुति छ । सोही स्थानमा पहुँचविहीन विपन्न वर्गका मधेसीहरू

पुस्तौँदेखि बस्दै आए पनि तिनीहरू नेपाली नागकिता पाउनबाट वञ्चित रहेका तथ्य उजागर गरिएको छ ।

(ख) विवेचना गरिएका उपन्यासमा राजनीतिक दलका नेताहरूले मधेसी समुदायमा विभिन्न जातिका अगुवाहरूलाई पैसा बाँडेर आफूहरू चुनाव जित्ने गरेका विकृत चुनावी संस्कृतिको बारेमा उजागर गरिएको छ । मधेसी आदिवासी जनजाति समुदायमाथि गैरमधेसी समुदायका जमिनदार र प्रहरी प्रशासन अनि अदालतको अर्दलीबाट ज्यादती भएकाले उत्पीडित मधेसी आदिवासी जनजाति समुदायका पात्रले प्रतिरोधस्वरूप कायिक आक्रमण गरेका विषयवस्तुको अभिव्यक्ति छ । राज्यले विद्यालय तहमा स्थानीय मातृभाषा ( राष्ट्रभाषा) मा पठनपाठन नगराउँदा विभिन्न मातृभाषी समुदायका बालबालिकाहरू नेपाली भाषामा विषयवस्तु बोध गर्न असमर्थ भई पठनपाठन प्रभावकारी हुन नसकेको सामाजिक यथार्थमाथि प्रकाश पारिएको छ । यसका साथै स्थानीय मातृभाषा (राष्ट्रभाषा) पठनपाठन हुनुपर्ने अपेक्षा गरिएको छ ।

(ग) सीमान्तीकृत मधेसीहरूले विगत लामो समयदेखि राज्यका विभिन्न निकायमा सम्मानजनक र समानुपातिक प्रवेश नपाएका तथा तिनका हकअधिकारका मुद्दाहरू 'नेपाल अधिराज्यको संविधान २०६३' मा समावेश नगरिएकाले ..मधेस आन्दोलन' भएको सामाजिक यथार्थको प्रस्तुतीकरण भएको छ । मधेसमा रहेको चारकोसे झाडीलाई प्रभुत्वशाली गैरमधेसी समुदायले अनियन्त्रित फँडानी गर्दा त्यहाँका जङ्गली जनावरका प्राकृतिक बासस्थान उजाडिएर जनावरहरू मान्छेका गाउँवस्तीमा पस्न थालेका यथार्थको कलात्मक प्रस्तुति छ । यसका साथै पर्यावरणमा समेत ह्रास आएको तथ्यको पुष्टि भएको छ ।

(घ) यहाँका नेतृत्व वर्गमा रहेका नेताहरूले छिमेकी राष्ट्रसँग नदीसम्बन्धी द्विपक्षीय सन्धिका बखत नेपाललाई अहित हुने गरी असमान सन्धि गरेका ऐतिहासिक तथ्यको उद्घाटन गरिएको छ । मधेसी र गैरमधेसी समुदायका बिच असमझदारी बढेर साम्प्रदायिक दङ्गा भड्किएको बेला गैरमधेसी समुदायले प्रहरी प्रशासनको आडमा सीमान्तीकृत मधेसी समुदायमाथि शक्तिको प्रयोग गरेको तथ्यको प्रस्तुति छ । रकम हिनामिना गरी भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी कारबाहीमा परेका भ्रष्ट कर्मचारी राजनीतिमा सक्रिय

भई यातायात मन्त्रीसम्म बन्न सफल भएको भ्रष्ट राजनीतिक गतिविधिको प्रतिविम्बन भएको छ ।

(ङ) शासकहरूले सधैँभरि शासन गर्नका लागि विभिन्न भेगका नागरिकहरूलाई परस्परमा मिल्न नदिने नीतिको प्रयोग गर्दै हिमाल, पहाड र तराईलाई एकताबद्ध हुन नदिएको विकृत स्वार्थी प्रवृत्तिको रहस्योद्घाटन गरिएको छ । सामाजिक संरचनामा शक्तिसम्बन्धका हिसाबले प्रभुत्वशाली रहेका स्थानीय प्रधानपञ्च तथा प्रहरी अधिकारीहरू आफ्ना पद र शक्तिको दुरुपयोय गर्दै वादी समुदायको सीमान्तीकृत महिला द्रौपदीको घरमा गई पटक पटक अस्मिता लुटेका सामाजिक यथार्थको अभिव्यञ्जना छ ।

## ७.३ निष्कर्ष

प्रस्तुत शोधमा सामाजिक-आर्थिक दृष्टिकोणबाट वर्गीय अवस्थाको चित्रण गरिएको छ । शोधमा  मधेसी समुदायमा असमान आर्थिक वितरणका कारण अभिजात वर्ग र निम्न वर्गका बिचमा ज्यादै ठुलो अन्तराल रहेको पुष्टि भएको छ । शोधमा वर्णित उपन्यासमा निम्न वर्गका मधेसीहरू स्थानीय अभिजात वर्गका मधेसी र केन्द्रीय शासक वर्गका गैरमधेसी दुवैबाट शोषित पीडित रहेका तथ्यको प्रकटीकरण भएको छ । विश्लेषण गरिएका उपन्यासमा मधेसी जमिनदार, ठुला व्यापारी, गैरमधेसी समुदायका प्रमुख जिल्ला अधिकारी, प्रहरी इन्सपेक्टर, अदालतको न्यायाधीशलाई अभिजात वर्गको रूपमा प्रतिनिधित्व गराइएको छ । नोकरचाकर, हलीगोठालो, श्रमजीवी वर्ग, निम्न वर्गको किसानलाई निम्न वर्गको रूपमा प्रतिनिधित्व गराइएको छ । यस अध्ययनले निम्न वर्गीय मधेसी पात्रका श्रमशोषण र आर्थिक शोषणका सन्दर्भबारे उजागर गरेको छ ।

हिन्दु वर्णव्यवस्थाको पृष्ठभूमिमा निर्मित जातव्यवस्थाको श्रेणीकरण मधेसी समुदायमा विद्यमान रहेको छ । यस अध्ययनमा मधेसी आदिवासी समुदायअन्तर्गतको थारू समुदायको अल्प प्रतिनिधित्व भएको तथ्य पुष्टि भएको छ । त्यसैगरी मधेसी समुदायअन्तर्गत पर्ने कानु, कायस्त, कुर्मी, कोइरी, घँसियारा, तेली, मल्लाह, यादव र राजपुत जातिका पात्रहरूको अधिक प्रतिनिधित्व गराइएको छ । यस शोधमा मधेसी दलित समुदायअन्तर्गत पर्ने खत्वे, चमार, दुसार, मुसहर (सदा) जातिका पात्रहरूको अल्प प्रतिनिधित्व भएको छ र मधेसी मुस्लिम समुदायका पात्रको अल्प प्रतिनिधित्व भएको छ । प्रस्तुत शोधमा लैङ्गिक

दृष्टिकोणबाट पुरुष पात्रको प्रभुत्वशाली र अधिक प्रतिनिधित्व भएको छ भने महिला पात्रको अधीनस्थ र अल्प प्रतिनिधित्व भएको छ ।

प्रस्तुत शोधमा समाज-राजनीतिक दृष्टिकोणबाट विचारधाराको प्रतिविम्बन भएको छ । सामाजिक संरचनामा अभिजात वर्गका जमिनदार, ठुला व्यापारी, प्रमुख जिल्ला अधिकारी, प्रहरी निरीक्षक र अदालतको न्यायाधीशका शासक वर्गीय विचारधारा प्रभुत्वशाली विचारधाराको रूपमा प्रकट भएको छ । त्यसैगरी निम्न वर्गका नोकरचाकर, श्रमिक, निम्न वर्गका किसानका शासित वर्गीय विचारधारा अधीनस्थ विचारधाराको रूपमा अभिव्यक्त भएको छ । सामाजिक सांस्कृतिक निर्मिति एवम् शक्तिविमर्शका दृष्टिकोणबाट घरपरिवारदेखि सामाजिक संस्थानका सबै एकाइमा पुरुषका प्रभुत्वशाली र नेतृत्वदायी भूमिका एवम् महिलाका अधीनस्थ तथा पुरुषाश्रित भूमिका पितृसत्तात्मक विचारधाराको रूपमा प्रकट भएको छ । औपन्यासिक सन्दर्भमा पात्रका पारलौकिक दैवीसत्ताप्रतिको आस्था, विश्वास, भाकल, झारफुकजस्ता क्रियाकलाप आदर्शवादी विचारधाराको रूपमा पुष्टि भएको छ ।

प्रस्तुत शोधमा सीमान्तीकृत मधेसी पात्रका बोली र तिनका विरोधका भाव एवम् व्यवहारहरू आवाज र प्रतिरोधी चेतनाका रूपमा प्रकट भएका छन् । *अलिखित* उपन्यासमा शिवगुलामको बोली र कर्णबहादुरका अगाडि मजदुरहरूले बढी पारिश्रमिक मागेका सन्दर्भमा वाचालताको भाव व्यक्त भएको छ । *उलार* उपन्यासमा द्रौपदीको अभिव्यक्तिमा, *घुर* उपन्यासमा अविदिता मण्डलको बोलीमा र *गुलरको फूल* उपन्यासमा रामाज्ञाको अभिव्यक्तिमा वाचालता अभिव्यक्त भएको छ । *दुलारी* उपन्यासमा दुलारीको बोलीका माध्यमबाट वाचालताको अवस्था मुखरित भएको छ । *अलिखित* उपन्यासमा लछुमनाले जमिनदारको आमाचकारी गाली चुपचाप सहनु, *उलार* उपन्यासमा द्रौपदीले प्रेमललवाको अपमानजनक गाली सहेर बस्नु, काठमाडौँको चियापसलेले प्रेमललवालाई ...मुला मर्स्या' भन्दा जवाफ नदिइकन बस्नुमा मौनताको भाव मुखरित भएको छ ।

*अलिखित* उपन्यासमा शिवगुलामको बोलीमा, *उलार* उपन्यासमा सावित्री र प्रेमललवाको संवादमा वाचिक प्रतिरोधको स्वर व्यक्त भएको छ । त्यसैगरी *घुर* उपन्यासमा बेचनी बाँतरलगायत आन्दोलनकारीका बोलीमा वाचिक प्रतिरोधको भाव प्रकट भएको छ । *गुलरको फूल* उपन्यासमा भुलुवाको अभिव्यक्तिमा र *मालिकहरूको मधेस* उपन्यासमा

पुलकितलाल चौधरीलगायत मधेस आन्दोलनमा सहभागी युवायुवतीका बोलीका माध्यमबाट वाचिक प्रतिरोधको स्वर अभिव्यञ्जित भएको छ । *उलार* उपन्यासमा द्रौपदीले प्रेमललवालाई लात्तीले हिर्काएकी सन्दर्भ, *गुलरको फूल* उपन्यासमा भुलुवाले खुट्टा बजारेको प्रसङ्ग, यसै उपन्यासमा अखिलेशले अङ्कमाल गर्न खोज्दा कलौतियाको झट्कार्ने व्यवहारका माध्यमबाट कायिक प्रतिरोधको भाव प्रकट भएको छ । *मालिकहरूको मधेस* उपन्यासमा पुलकितलाल चौधरीले प्रहरी हबलदारलाई मुक्का प्रहार गर्ने सन्दर्भमा कायिक प्रतिरोधको अवस्था प्रकट भएको छ ।

प्रस्तुत अध्ययनमा मधेसी समुदायमा विद्यमान दाइजो प्रथा र गौनाको समस्या तथा नेपाल र भारत दुवैतिरका विपन्न वर्गका मानिसहरू रोजगारीको खोजीमा सीमा वारिपारि आवतजावत गर्ने सन्दर्भहरू परावर्तक पद्धतिका रूपमा प्रतिविम्बित भएका छन् । यस अध्ययनमा प्रहरी प्रशासनका पदाधिकारीहरूले सीमान्तीकृत मधेसी समुदायका मानिसहरूलाई अनावश्यक दुःख दिने गरेका र गैरमधेसी समुदायका मानिसहरूले मधेसी समुदायका मानिसहरूप्रति विभेदकारी व्यवहार गर्ने सन्दर्भहरू आशयपरक पद्धतिका रूपमा व्यक्त भएका छन् । चुनावका बेला विपन्न वर्गका मत खरीदबिक्री गर्ने अनैतिक गतिविधि, पहुँचवाला र धनी व्यक्तिले सहजै नागरिकता प्राप्त गर्न सक्ने तथा पहुँचविहीन र निम्न वर्गका मानिसहरू नागरिकता पाउनबाट वञ्चित हुनुपर्ने तथ्य, स्थानीय तहमा नेपाली भाषामा पठनपाठन हुँदा गैरनेपाली मातृभाषीहरू बुझ्न असमर्थ रहेका सन्दर्भ एवम् असमान राष्ट्रिय सन्धिका विषयवस्तुहरू निर्माणवादी पद्धतिका रूपमा अभिव्यक्त गरिएको छ ।

वर्णित उपन्यासमा सामाजिक सांस्कृतिक विमर्शका दृष्टिकोणबाट सीमान्तीकृत निम्न वर्ग, कथित दलित समुदाय र महिला पात्रहरूले प्रभुत्वशाली अभिजात वर्ग, गैरदलित समुदाय र पुरुष पात्रका ओहोदा, बोली र व्यवहारलाई शक्तिशाली रूपमा आत्मसात् गर्ने प्रसङ्ग प्रभुत्वशाली मानसिकताका रूपमा तथा सीमान्तीकृत वर्ग, जाति र लिङ्गका पात्रहरूले आफूहरूलाई प्रभुत्वशाली वर्ग, जाति र लिङ्गका पात्रहरूका अधीनमा ठान्ने सन्दर्भले पात्रका अधीनस्थ मानसिकताको द्योतन गरेको छ ।

प्रभुत्वशाली वर्ग, जाति र लिङ्गका पात्रले बोलेका बोली, गरेका व्यवहार तिनका आदर्शवादी चिन्तनलाई अधीनस्थ वर्ग, जाति र लिङ्गका पात्रले सहजै स्वीकार गर्ने

प्रसङ्गहरू स्वीकारजन्य मानसिकताका रूपमा प्रकट भएका छन् । त्यसैगरी प्रभुत्वशाली वर्ग, जाति र लिङ्गका पात्रले बोलेका अपमानजनक कथन, तिनले गरेका असमान, असामाजिक र अमानवीय गतिविधिप्रति सीमान्तीकृत वर्ग, जाति एवम् लिङ्गसम्बद्ध पात्रका अस्वीकारोक्तिको भाव अस्वीकारजन्य मानसिकताको रूपमा अभिव्यञ्जित भएको छ ।

शोधमा प्रयुक्त उपन्यासमा मधेसी समुदायका चरम गरिबी, त्यहाँका कृषकका समस्या, उखु किसानले आफ्नो उखु बेचेको भुक्तानी लिन मिल मालिकका विरुद्ध आन्दोलन गर्नु परेका सन्दर्भ अझै उठान भएको छैन । सीमान्तीकृत मधेसी समुदायका मानिसहरूले सरकारी कार्यालयमा आफ्ना काम सम्पन्न गर्न गराउन अनेकौं प्रशासनिक सास्ती खेप्नु परेका तथ्यको प्रकटीकरण भएको छैन । वर्ण, भाषा र बोलीका आधारमा मधेसी समुदायका मानिसहरूले गैरमधेसी समुदायबाट झेल्नु परेका अनेकौ सामाजिक-राजनीतिक अन्यायका सन्दर्भहरू आधुनिक नेपाली उपन्यासमा प्रकट भएको देखिएन ।

रोजगारीको खोजीमा खाडी मुलुकतिर जाने विपन्न वर्गीय मधेसीका घरबार बिग्रेका सन्दर्भ र तिनले नेपाली अर्थतन्त्रमा विप्रेषणका माध्यमबाट पुऱ्याउँदै आएका आर्थिक योगदानको बारेमा चर्चा गरेको देखिएन । राज्यको अर्थतन्त्रमा मधेसी समुदायको ठुलो मात्रामा योगदान भए पनि त्यहाँका नागरिकले सोही अनुपातमा राज्यबाट लाभ हासिल गर्न असमर्थ रहेका सन्दर्भलाई नेपाली उपन्यासमा विषयवस्तु बनाएको देखिएन । राज्यको डाक्टर, इञ्जिनियर, प्रोफेसर, वकिलजस्ता प्राविधिक एवम् बौद्धिक क्षेत्रका पदहरूमा मधेसी समुदायका मानिसहरूको उल्लेख्य प्रविष्टि भए पनि निजामती सेवा, प्रशासनिक क्षेत्र, प्रहरी प्रशासन र सेनाका क्षेत्रमा तिनका आनुपातिक प्रवेश हुन नसकेका तथ्यको प्रकटीकरण भएको छैन ।

खुला सीमानाका कारण विभिन्न पेसा व्यवसाय गर्न नेपालका विभिन्न गाउँ तथा सहरमा प्रवेश गरेका भारतीय नागरिकहरूले सहजै नेपाली नागरिकता प्राप्त गरी यहाँको राजनीतिसमेतमा प्रभुत्वशाली ओहोदा प्राप्त गर्ने तथ्यको चित्रण भएको छैन । नेपालको पूर्वी दिशातिरबाट प्रवासी नेपालीहरू पहाडी भूभाग हुँदै क्रमशः मधेसतिर बसाइसराइ गरी बस्ने र यतैका नागरिक हुने तथ्यको यथार्थपरक वर्णन भएको देखिएन । मधेसी समुदायका मानिसहरूले आफ्नो देशभित्रै विगत लामो समयदेखि आन्तरिक औपनिवेशीकरणको पीडा भोग्दै आएका तथ्यको यथेष्ट चित्रण भएको छैन । मधेसी समुदायका विविध सन्दर्भहरूबारे

उपन्यासमा आख्यानीकरण गरेर समस्याहरूको समाधान खोज्दै मधेसी र गैरमधेसी समुदायका बिचमा मैत्रीपूर्ण सम्बन्ध स्थापित गर्न सकिन्छ ।

## ७.४ ज्ञानका क्षेत्रमा योगदान

वस्तुतः विवेचना गरिएका आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायको प्रतिनिधित्व राम्ररी भएको पुष्टि भएको छ । यसले प्राज्ञिक क्षेत्रमा ज्ञानको नयाँ प्राप्ति भएको प्रस्ट छ । प्रस्तुत शोधमा नेपाली उपन्यासमा वर्णित क्षेत्रीय (मधेस-मधेसी) प्रतिनिधित्वको विश्लेषण गरी सीमान्तीय अनुभूतिमा रहेका मधेसी समुदायको आख्यानात्मक विश्लेषण मधेसी प्रतिनिधित्वको उपस्थितिबाट चेतनात्मक उपस्थितितर्फ सरेको छ । यसका साथै यस शोधमा परम्परागत मधेसी छविलाई पहिचान र प्रतिनिधित्वको क्रमिक रूपान्तरणको चित्रणको विश्लेषण हुनु, नेपाली उपन्यासमा आन्तरिक औपनिवेशीकरणको साहित्यिक विश्लेषण हुनु, मधेसी पहिचान र प्रतिनिधित्व स्थिर नभई गतिशील भएको पुष्टि हुनु नै यस अध्ययनको नवीन प्राप्ति हो ।

प्रस्तुत अध्ययनले मधेसी समुदायको पात्रका भौतिक प्रतिनिधित्वअन्तर्गतका वर्गीय, लैङ्गिक र जातीय सन्दर्भका अवस्थाको बारेमा स्पष्ट पारेको छ । यसका साथै मधेसी समुदायका समाज-राजनीतिक अवस्थाको द्योतन गरेको छ । प्रस्तुत अध्ययनमा आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायका स्थानीय तह र केन्द्रीय तहसँगका शक्तिसम्बन्ध, प्रतिरोधी चेतना तथा मधेसका  मैथिली, भोजपुरी र थारू राष्ट्रभाषाहरूको कलात्मक प्रस्तुति रहेको छ भन्ने तथ्य पत्ता लगाइएको छ । यही नै यस शोधको नव प्रवर्तन हो ।

## ७.५ भावी शोधकार्यका लागि सम्भावित शीर्षकहरू

(१) आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायको शक्तिसम्बन्ध

(२) आधुनिक नेपाली उपन्यासमा मधेसी समुदायको सीमान्तीयता

# परिशिष्ट

## पारिभाषिक शब्दावली

| **अङ्ग्रेजी शब्द** | **नेपाली अर्थ** |
|---|---|
| Abstract/Concrete | अमूर्त/ठोस |
| Approach | पद्धति |
| Base | आधार |
| Bisexual | द्विलिङ्गी |
| Centre for contemporary cultural studies | समकालीन सांस्कृतिक अध्ययन केन्द्र |
| Circuit of culture | संस्कृति परिपथ |
| Colonial | औपनिवेशिक |
| Colonialism | उपनिवेशवाद |
| Condition/Regulations | अवस्था/बन्दोबस्त |
| Constructive Approach | निर्माणवादी पद्धति |
| Consumption | उपभोग |
| Counter culture | प्रतिरोधी संस्कृति |
| Cultural change | सांस्कृतिक परिवर्तन |
| Cultural institutions | सांस्कृतिक संस्थाहरू |
| Cultural paradigm | सांस्कृतिक प्रतिमान |
| Cultural policy | सांस्कृतिक नीति |
| Cultural politics | सांस्कृतिक राजनीति |
| Cultural studies | सांस्कृतिक अध्ययन |
| Cultural value | सांस्कृतिक मूल्य |
| Cyber culture | साइबर संस्कृति |
| Descriptive representation | वर्णनात्मक प्रतिनिधित्व |
| Dichotomies | द्वैभाजन |
| Discourse | सङ्कथन |
| Dominant ideologies | प्रभुत्वशाली विचारधाराहरू |
| Dominated Groups | अप्रभुत्वशाली समूहहरू |
| Ethnic group | जनजाति समूह |

| | |
|---|---|
| Ethnicity | जनजातीयता |
| Feminist ideology | नारीवादी विचारधारा |
| Gay | पुरुष समलिङ्गी |
| Gender | लैङ्गिक |
| Global culture | वैश्विक संस्कृति |
| Globalization | भूमण्डलीकरण |
| Heaven | स्वर्ग |
| Hegemony | प्रभुत्व |
| Hell | नर्क |
| Identity | पहिचान |
| Ideology | विचारधारा |
| Image | प्रतीक |
| Imaginative Representation | परिकल्पनात्मक प्रतिनिधित्व |
| Intentional Approach | आशयपरक पद्धति |
| Issues | मुद्दाहरू |
| Lesbian | महिला समलिङ्गी |
| Lived cultures/Social relations/identity | जीवन्त संस्कृतिहरू /सामाजिक सम्बन्धहरू/पहिचान |
| Marginalized caste | सीमान्तीकृत जाति |
| Marginalized social group | सीमान्तीकृत सामाजिक समूह |
| Myrtre | सहिद |
| Media culture | सञ्चार संस्कृति |
| Mimesis and Realism | अनुकरण र यथार्थवाद |
| Mis Representation | मिथ्या प्रतिनिधित्व |
| Mixed culture | मिश्रित संस्कृति |
| Modernity | आधुनिकता |
| Multidisciplinary | बहुअनुशासनात्मक |
| Nation-state | राष्ट्र-राज्य |
| Nature and Truth | प्रकृति र सत्य |
| Observation | अवलोकन |

| | |
|---|---|
| Oppressed (the working class) | दमित (श्रमजीवी वर्ग) |
| Oppression and subordination | यातना र अधीनस्थता |
| Oppressor (the ruling class) | दमनकारी (शासक वर्ग) |
| Over Representation | अधिक प्रतिनिधित्व |
| Patriarchy | पितृसत्ता |
| Pictorial representation | चित्रात्मक प्रतिनिधित्व |
| Popular culture | लोकप्रिय संस्कृति |
| Post colonial | उत्तर औपनिवेशिक |
| Post modernity | उत्तर आधुनिकता |
| Power and Language | शक्ति र भाषा |
| Production | उत्पादन |
| Production/Construction | उत्पादन/निर्माण |
| Public/Private | सार्वजनिक /निजी |
| Readings/Consumptions | पठन/उपभोग |
| Reflective Approach | परावर्तक पद्धति |
| Regulation | नियमन/बन्दोबस्त |
| Representation | प्रतिनिधित्व |
| Representation And Non Representation | प्रतिनिधित्व/अप्रतिनिधित्व |
| Ruling idea | शासकीय विचार |
| Sex | लिङ्ग |
| Sexuality | यौनिकता |
| Social class | सामाजिक वर्ग |
| Subculture | उपसंस्कृति |
| Super structure | अधिरचना |
| Symbol | चिन्ह |
| Text | पाठ |
| Texts/Form/Representation | पाठहरू/स्वरूप/प्रतिनिधित्व |
| Transgender | पारलैङ्गिक |
| Under Representation | अल्प प्रतिनिधित्व |
| Warfield | युद्धभूमि |

## सन्दर्भ सामग्रीसूची

### (क) देवनागरी लिपिका सामग्री


अधिकारी, गणेश (२०७५). *मालिकहरूको मधेस.* काठमाडौँ : शिखा बुक्स ।

अधिकारी, रेशराज र घिमिरे, हरिहर (२०६७). *नेपालमा समुदाय र संस्कृति.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हरि (२०७५). मालिकहरूको मधेस : मधेसी जनजीवनको मार्मिक चित्र, *मालिकहरूको मधेस.* काठमाडौँ : हजुरको प्रकाशन ।

आचार्य, नन्दलाल (२०६५). मधेस आन्दोलनले जन्माएको उपन्यास घुर : एक विश्लेषण, *अभिव्यक्ति.* ३९(४), पृ. १३८ ।

आचार्य, नन्दलाल (२०७७). पूर्वीय कोणबाट 'घुर' उपन्यासको सामाजिक विमर्श, *सुलेख.* वर्ष-९ (४)९५, पृ. ४९–६३ ।

आचार्य, बलराम (२०६१). *लैङ्गिक अध्ययन.* काठमाडौँ : नेशनल बुक सेन्टर ।

*आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन* (२०५८) ।

आशुतोष, रामगोपाल (२०७२). यथार्थवादी उपन्यास, *नेपाल राष्ट्रिय साप्ताहिक.* १५(४७) ।

आहुति (२०६७). मधेसी दलित मुक्तिको प्रश्न, *नेपालमा वर्णव्यवस्था र वर्ग-सङ्घर्ष.* ललितपुर : समता फाउन्डेसन पृ. १८५–१९२ ।

उप्रेती, अरुणा (२०७६). दुई किताब : महिलाका व्यथा, https://breaknlinks.com/nepali/news/35119204.

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा* (तेस्रो संस्क.). काठमाडौँ : अक्षर क्रियसन्स ।

उपाध्याय, गोपीरमण (२०७६). *प्रगतिवादी समालोचना.* रूपन्देही : टुकुमारी उपाध्याय ।

एङ्गेल्स, फेडरिक (२०७५). *परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति.* (अनु.) राजेन्द्र मास्के, काठमाडौँ : प्रगति पुस्तक सदन ।

कार्की, महेश (२०७२). *नयनराज पाण्डेका उपन्यासमा सबाल्टर्न.* (अप्रकाशित दर्शनाचार्य शोधपत्र) केन्द्रीय नेपाली विभाग, कीर्तिपुर ।

किरण, वैद्य, मोहन (२०६७). *मार्क्सवादी दर्शन.* काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

किरण, वैद्य, मोहन (२०७७). *मार्क्सवादी समालोचना.* काठमाडौँ : शमी साहित्य प्रतिष्ठान ।

कोइराला, कुमारप्रसाद (२०६८). घुर : मधेस आन्दोलनको अभिलेखन, *आख्यान विमर्श.* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन, पृ. १२९–१३६ ।

क्षितिज, महेश (२०७१). *व्यावहारिक समालोचनाका केही आयाम.* काठमाडौँ : दीक्षान्त प्रकाशन ।

खान, सलाम अब्दुल (२०७१). *नेपाल र नेपाली मुस्लिम.* कपिलवस्तु : लेखक स्वयम् ।

गिरी, अमर (२०७०). सांस्कृतिक अध्ययनका सैद्धान्तिक पर्याधार, *भृकुटी.* १९, पृ. ११–४६ ।

गुरुङ, सुशान्त (२०७०). भूमण्डलीकरण र सांस्कृतिक अध्ययन, *भृकुटी.* १९, पृ. १०३–११२ ।

गुरुङ, हर्क (सन् २००३). त्रिशूल र दोर्जे, *नेपाली राजनीतिमा सामाजिक परिवेश.* ललितपुर : सोसल साइन्स बहाः ।

गौतम, कृष्ण (२०७५). *मार्क्सवाददेखि उत्तर मार्क्सवादसम्म.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, ध्रुवचन्द्र (२०४०/२०७५). *अलिखित.* (नवौँ संस्क.), काठमाडौँ : फिनिक्स बुक्स ।

गौतम, भास्कर (२०६९). *मधेस विद्रोहको नालीबेली.* काठमाडौँ : मार्टिन चौतारी, पृ. १–३६ ।

गौतम, लक्ष्मणप्रसाद (२०७०). कृतिविश्लेषणमा सांस्कृतिक समालोचनाका सैद्धान्तिक पर्याधार, *भृकुटी –१९.* पृ. ३६५–३७७ ।

चन्द्र, जगदीश (२०८०). आदिवासी जनजाति साहित्य र यसको स्वरूप, *आदिवासी जनजाति सन्देश.* वर्ष ६ (२) पृ. ४१– ४३ ।

चालिसे, नारायण (२०७३). मानव आस्थामा बादलको छाया, *लुना राष्ट्रिय मासिक.* ५(६), पृ. ५०–५३ ।

चैतन्य (२०७०). समकालीन बुर्जुवा दर्शन र सांस्कृतिक अध्ययन, *भृकुटी भाग १९.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स पृ. १४२–१६५ ।

चौधरी, दीपक (२०१५/२०१७). *रूपान्तरण.* (दोस्रो संस्क.), ललितपुर : ओरिएन्टल पब्लिकेसन हाउस प्रा.लि. ।

चौधरी, मुना (२०७६). *दुलारी.* काठमाडौँ : साङ्ग्रिला बुक्स प्रा. लि. ।

जोशी, कुमारबहादुर (२०३८/२०५४). आदर्शवाद, *पाश्चात्य साहित्यका प्रमुख वाद.* (तेस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन पृ. २७–३३ ।

झा, चन्द्रकिशोर (२०६५). राष्ट्रिय सन्दर्भमा मधेशी मुद्दा, *संवैधानिक तथा राजनीतिक प्रकृयाबारे मधेशीका आवाजहरू.* काठमाडौँ : मानव अधिकार तथा प्रजातान्त्रिक चेतना केन्द्र पृ. १–१० (असार) ।

झा, भोगेन्द्र (२०६५). तराई/मधेशका मुद्दाहरू र भविष्यको अपेक्षा, *संवैधानिक तथा राजनीतिक प्रकृयाबारे मधेशीका आवाजहरू.* काठमाडौँ : मानव अधिकार तथा प्रजातान्त्रिक चेतना केन्द्र पृ. १–६ (असोज) ।

झा, राजेश (२०६५). *मधेश आन्दोलन र मधेशवादको विकासक्रम.* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, कीर्तिपुर ।

ठाकुर, गोपाल (२०७९). अलिखित : शासकीय साहित्य में मधेशिअन पर दुराचार, *उत्पीडित मधेस आ भोजपुरी.* काठमाडों : भोजपुरी प्रज्ञा प्रतिष्ठान पृ. १२–२१ ।

ढकाल, रजनी (२०७०). सांस्कृतिक अध्ययनमा लैङ्गिकता, *भृकुटी भाग १९.* पृ. ३२६–३३३ ।

ढकाल, रजनी (२०७२). *नेपाली नारी उपन्यासमा लैङ्गिकता.* काठमाडौँ : दोभान प्रकाशन ।

ढकाल, रजनी (२०७७). *समकालीन नेपाली कथामा वैचारिकता.* काठमाडौँ : नेपाल-प्रज्ञा प्रतिष्ठान ।

तामाङ, सीताराम (२०६१/२०८०). *नेपाल समाज विकासको ऐतिहासिक भौतिकवादी निरूपण.* (चौथो संस्क.), काठमाडौँ : जागरण बुक हाउस ।

त्रिपाठी, वासुदेव (२०५४). समुदायपरक समालोचना, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २.* पुलचोक : साझा प्रकाशन, पृ. १४८–१६९ ।

त्रिपाठी, सुधा (२०६८). *नारीवादी सौन्दर्य चिन्तन.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स

त्रिपाठी, सुधा (२०७६). पाश्चात्य नारीवाद र त्यसको स्वरूप, *रत्न बृहत् नेपाली समालोचना.* (सिद्धान्त खण्ड) (दोस्रो संस्क.), राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), काठमाडौँ : रत्न पुस्तक भण्डार पृ. २०८–२२३ ।

नीरव, थापा, रोशन (२०६५). मधेस आन्दोलनमा आधारित उपन्यास, *मधुपर्क.* वर्ष ४० (१२), पृ. ३१–३२ ।

नेपाल, प्रदीप (२०७२). सिमानाको कथा, *नेपाल राष्ट्रिय साप्ताहिक.* १५ (४७) ।

न्यौपाने, अनिता (२०७६). दुलारी : मधेसी दलितको दारुण, https://annapurnapost.com/news/148602/.

पराजुली, शारदा (२०७३). गौनामा अड्केको गुलरको फूल, *शब्दसंयोजन.* १३ (३), पृ. ५९–६२ ।

प्रसाद, माता (सन् २००१). *भारतीय साहित्य में दलित एवं स्त्री.* चमनलाल (सम्पा.) दिल्ली : उत्तर क्षेत्र सांस्कृतिक केन्द्र और सारांश प्रकाशन प्राइभेट लिमिटेड ।

पाण्डे, ज्ञानु (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

पाण्डे, नयनराज (२०५६/२०६५). *उलार* (दोस्रो संस्क.). काठमाडौँ : फाइनप्रिन्ट प्रा.लि. ।

पाण्डेय, मैनेजर (२०६७). साहित्य र सर्वहारा, *मार्क्सवादी साहित्य चिन्तन.* निनु चापागाई (सम्पा.). ललितपुर : साझा प्रकाशन, पृ. १४७–१६२ ।

पोखरेल, डी.आर. (२०७४). *नेपाली उपन्यासमा गणतान्त्रिक चेत.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पौड्याल, षडानन्द (२०७७). *नेपाली आख्यानमा शरीर राजनीति.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

प्याकुरेल, माधव (२०७१). *गुलरको फूल.* काठमाडौँ : ओरिएन्टल प्रकाशन गृह ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* ललितपुर : साझा प्रकाशन ।

भगत, सन्तोषकुमार (२०७०). मुसहरजातिको सामाजिक संस्कार, *नेपालका जातीय संस्कार* (खण्ड दुई). प्रेम खत्री (सम्पा.) काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. २०९–२२३ ।

भट्टराई, बाबुराम (२०७७). तराई/मधेस किन छटपटिरहन्छ ?, *अर्थ-राजनीतिक विमर्श.* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि. पृ. १३३–१४३ ।

भट्टराई, रमेश (२०६८). सांस्कृतिक अध्ययनको परिचय र विकास, *समकालीन साहित्य.* १ ( ६७), पृ..६१–७१ ।

भट्टराई, रमेश (२०७०). *नेपाली साहित्य : पहिचान र प्रतिनिधित्व.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

भट्टराई, रमेश (२०७३). *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक अध्ययन.* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, कीर्तिपुर ।

भट्टराई, रमेशप्रसाद (२०७६). लैङ्गिक समालोचना, *रत्न बृहत् नेपाली समालोचना-सैद्धान्तिक खण्ड. भाग– १.* राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. ३३४–३६४ ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भण्डारी, जगदीश चन्द्र (२०७५). इतिहास चेतना र मार्क्सवादी समालोचना, *सौन्दर्यको अन्वीक्षण.* काठमाडौँ : मुन्नी भण्डारी, पृ. १–११ ।

भण्डारी, जगदीश चन्द्र (२०७६). प्रगतिवादको सैद्धान्तिक पृष्ठभूमि, *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड* दोस्रो संस्क. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम ( सम्पा.), काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. २७४–२९३ ।

भण्डारी, जगदीश चन्द्र (२०७९). वर्ग, जाति र जातीय चेतना, *प्रवर्तक.* ८, पृ. ९०–९८ ।

भद्रा, चन्द्रा (२०६६). *लैङ्गिक अध्ययन (जेन्डर स्टडिज).* काठमाडौँ : अक्सफोर्ड इन्टरनेस्नल पब्लिकेसन प्रा.लि. ।

भुसाल, घनश्याम (२०६४). *आजको मार्क्सवाद र नेपाली क्रान्ति.* काठमाडौँ : नेपाली अध्ययन केन्द्र ।

मधिकर्मी, ध्रुव (२०६६). उपन्यासमा तराई आन्दोलनको घुर, *पुनर्जागरण.* २८(२१) ६ ।२ ।

मधेसी आयोग (२०७८). *नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन.* ललितपुर ।

मिश्र, विजयप्रसाद (२०७४). *नेपालमा मधेस आन्दोलन (वि.सं.२०५४ देखि राजतन्त्रको अन्त्यसम्म).* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, कीर्तिपुर ।

यादव, उपेन्द्र (२०५४). *नेपालको मधेसी समुदाय : एक विवेचना.* विराटनगर : आदिवासी-जनजाति विकास तथा अनुसन्धान केन्द्र ।

यादव, रामरिझन (२०६९). मधेस विद्रोहमा सिरहा-सप्तरी, *मधेस विद्रोहको नालीबेली.* भास्कर गौतम (सम्पा.). काठमाडौँ : मार्टिन चौतारी, पृ. ७५–१०२ ।

यादव, रामावतार (सन् २००६/सन् २००७). मधेसी हुँदा, *मधेस समस्या र सम्भावना* पुनर्मुद्रण. वसन्त थापा र मोहन मैनाली (सम्पा.), ललितपुर : सोसल साइन्स बहाः पृ. १–८ ।

रसाइली, मेघराज (२०७६). अनुसूची-मधेसी दलित, *आन्तरिक विभेदको वृत्तान्त.* राजेन्द्र महर्जन र अर्जुन विश्वकर्मा (सम्पा.), ललितपुर : समता फाउन्डेसन, पृ. २६७–३१०।

राई, इन्द्रबहादुर (२०३१/२०६७). पारिचयिक, *नेपाली उपन्यासका आधारहरू* (चौथो संस्क.). ललितपुर : साझा प्रकाशन ।

राई, भक्त, जोशी, दिव्येश्वरी, पुन, प्रतिभा र महतो, वीरबहादुर (सम्पा.२०७९). *नेपाली लोकवार्ताकोश.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

राउत, सी.के. (२०७०/२०७५). *मधेस का इतिहास* (दोस्रो संस्क.). जनकपुर : गैर आवासीय मधेसी मंच ।

राकेश, रामदयाल (२०५५). अलिखितभित्र डुबुल्किंदा, *नेपाली साहित्य : विभिन्न आयाम.* काठमाडौं : साझा प्रकाशन, पृ. १४२–१४७ ।

राष्ट्रिय दलित आयोगको मिति २०८०/०१/३१ को निर्णयसँग सम्बन्धित *दलित समुदायको जात थर सूचीकरणसम्बन्धी विवरण.* ।

लामिछाने, यादवप्रकाश (२०६३). *आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

वर्मा, धीरेन्द्र (२०१२). *मध्यदेश ऐतिहासिक तथा सांस्कृतिक सिंहावलोकन.* पटना : बिहार–राष्ट्रभाषा परिषद् ।

विष्ट, डोरबहादुर (सन् २०१०). प्रकाशकीय, *सबै जातको फूलबारी* (पुनर्मुद्रण). काठमाडौ : काठमाडौं : हिमाल किताब प्रा.लि. ।

शर्मा, कमलराज (२०६४). *सामाजिक संस्था र प्रक्रिया : समुदायशास्त्रीय तथा मानवशास्त्रीय प्रक्रिया.* काठमाडौं : एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

शर्मा, कृष्णचन्द्र (२०७४). मिसेल फुको : जीवनी, लेखन र मुख्य अवधारणाहरू, *पाश्चात्य समकालीन समालोचना सिद्धान्तका प्रणेताहरू.* ज्ञानु पाण्डे (सम्पा.) काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. ३१–६९ ।

शर्मा, व्यञ्जना (२०७३). गुलरको फूल मेरा आँखामा, *हिमाली गुराँस.* वर्ष २०(६१), पृ. ४९–५२ ।

श्यामल (२०५५/२०६५). सीमान्त तहका जनताको सङ्घर्ष कथा, *उलार.* काठमाडौं : फाइनप्रिन्ट प्रा.लि. ।

श्रेष्ठ, केशवकुमार, चौलागाईं, तिलकप्रसाद र सापकोटा, केशवराज (२०६०/२०६६). *लैङ्गिक अध्ययन* (तेस्रो संस्क.), काठमाडौं : एकेडेमिक बुक सेन्टर ।

श्रेष्ठ, कृष्णप्रकाश (२०४४). *स्थान नामकोश.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा सबाल्टर्न.* काठमाडौं : डिस्कोर्स पब्लिकेसन ।

श्रेष्ठ, दयाराम (२०६३). *नेपाली साहित्यका केही पृष्ठ.* ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, धीरकुमार (२०६४). *घुर.* काठमाडौं : भवानी श्रेष्ठ ।

साह, रीता (२०८०). मधेसी समुदायमा पितृसत्ता, https:// www. asmitamagazine.com

सुवेदी, अभि (२०७६). सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास, *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड.* राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.) काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. १२४–१३९ ।

सुवेदी, धनप्रसाद (२०५६). *नेपाली उपन्यासमा आञ्चलिकता.* खोटाङ : यादेवी ढकाल ।

सुवेदी, धनप्रसाद (२०७५). नेपाली उपन्यासमा आञ्चलिकता : परम्परा र प्रवृत्ति, *समकालीन साहित्य.* पूर्णाङ्क ८४, पृ. १३२–१४१ ।

सुवेदी, राजेन्द्र (२०५४). *सृजनविधाका परिधिभित्र ध्रुवचन्द्र गौतम.* काठमाडौँ : साझा प्रकाशन पृ. ५७–६७ ।

सुवेदी, राजेन्द्र (२०६८). समसामयिक नेपाली उपन्यास : सांस्कृतिक र सीमान्तीय अध्ययन, *रत्न बृहत् नेपाली समालोचना* (प्रायोगिक खण्ड). राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. १९५–२२१ ।

स्टालिन, जोसेफ (२०५८). *मार्क्सवाद र जातीय सवाल.* अनु. कृष्णदास श्रेष्ठ, काठमाडौँ : प्रगति पुस्तक सदन ।

ह्योमे, के (सन् २००६/सन् २००७). मधेसप्रतिको विभेद र समानता आन्दोलन, *मधेस समस्या र सम्भावना* पुनर्मुद्रण. वसन्त थापा र मोहन मैनाली (सम्पा.), ललितपुर : सोसल साइन्स बहाः पृ. ११२–१२६ ।

**(ख) रोमन लिपिका सन्दर्भसामग्री**

Abrams, M. H. & Geoffery, G. H. (2011) *A glossary of literary terms (10th ed.).* USA : Michael Rosenberg.

Althusser, L. (1970). Ideology and ideological states apparatuses, Lenin and philosophy and other essay. *Monthly Review 1971*. 1–52.

Amer, E.S., Naser, A. A. & Abdulmajeed, R.K. (2019). Silence as a tactic of communication in pragmatics, novel, and poetry, *Arab World English Journal.* 13 (3.4), 51–67.

Awitor, F. E. (2022). Could the subaltern speak ? patriarchy and gender–based violence in Ben okri{'s dangerous love. *Journal of Gender, Ethnic, and cross–cultural studies.* 1 (1) 4, 40–58.

Barker, C. (2004). *The SAGE dictionary of cultural studies*. London, Thousand oaks, NewDelhi : SAGE publication .

Barker C. (2005). *Cultural Studies : theory and practice.* Retrieved from *https://search.worldcat.org>title>oclc.*

Barker, C. (2012). *Cultural studies : theory & practice* (5th ed.). Taylor & Francis.

Beker, M. (1999). Patriarchy and inequality : Towards a substantive feminism, *University of Chicago legal Forum.* 1 (3), 21–28.

Brooker, P. (2003). *A glossary of cultural theory*. New York : Oxford University Press Inc.

Butler, J. (1993). *Bodies that matter*. London And Newyork : Routledge.

Butler, J. (1990). *Gender trouble feminism and the identity*. New York & London : Routledge.

Bhasin, K. (2021). What is patriarchy ? Retrieved from https://www.pria.org/knowledge_resourse/1632826588.S

Bottomore, T. (1983/2001). Ideology, *A dictionary of marxist thought* (2nd ed.). UK : Blackwell Publishers ltd, 247—252.

Chaudhary, D. (2011÷2015) . *Terai/madhesh of Nepal* (upgraded version). Kathmandu : Ratna pustak Bhandar .

Chow, R. (2020). *Gender and representation : Feminist consequences*. Elizabeth, B. & Misha, K. (ed). Columbia University Press.

Connolly, N. (2022). Fictional resistance and read feelings, *Thought : A Journal of Philosophy*. 11(2), 106–113. Retrieved from https://doi.org/10.5840/tht202322810.

Demirovic, A. (2017). More than resistance. *Resistance subjects, representations, contexts*. Butler, M., Mecheril, P. & Brenningmeyer (ed.). Blelefeld : transcript veriag.

Daniel, J. (2014). *The concept of class*. Retrieved from https://www. Sociology.com.ac.uk>documents PDF.

Dijk, T. A. V. (1998). *Ideology a multidisciplinary approach.* London : Sage publications ltd.

Edger, A. & Peter, S. (2004). *Gender : Key concepts in cultural theory*. London and Newyork : Routledge, Taylor and Francis.

Enami, M. (2017). Resistance-existential and linguistic : A personal perspective, *Retextualizing resistance*. Loubana, Y.& Golson, E. (ed.), UK : Cambridge Scholars publishing, 11–30.

Foucault, M. (2003). *Michel foucault*. Sara Mills (ed). London : Routledge, 54–55.

Foucault, M. (2003). Power and institutions. *Routlege Critical Thinkers* : Sara Mills (ed.). London : Routledge Taylor and Fransis Group, 33-51.

Foucault, M. (2003). Power and knowledge. *Routlege Critical Thinkers* : Sara Mills (ed.), Routledge Taylor and Fransis Group, 67-79.

Gramsci, A. (1999). *Selections from the prison notebooks*. (Hoare,Q. & Smith, G. N. ed.& Trans.). UK : The Electric Book Company Ltd.

Hall, S. (1997). *Representation cultural representations and signifying practices*. London : SAGE publications.

Harper, E. (2025). The theme of resistance in literature : voices against oppression, Retrieved from https//: readerscafe.org/the-theme-of-resistance-in-literature-voice-against-oppression.

Haslanger, S. (2000). Gender and race. (what) are they ? what do we want them to be *?, Nous*43. (1) 31-55.

Howie, G. (2007). Patriarchy, the women's movement today, *An encyclopedia of third wave feminism vol. one. ed*. Hey wood.

Jacopovich, D. (2014). The concept of class, *Cambridge Studies in Social Research.* no.14.1—29.

Kellner, D. (2019). Representation of class, Retrieved from https://www.researchgate.net>publication>33298952…

Kinosita, Y. (2004). *Reception theory*. University of California Santa Barbara-1-10.

Koester, D. (2015). Gender and power*, DLP Concept Brief,* 4, 1—7.

Larasati, C. D. (2017). *The class struggles of the bourgeoisie and proletariat in defending and destroying the dictatorship in Pramodaya's this earth of mankind English language and literature faculty of language of arts Universitas Kristen Satya Wacana Salatiga.*

Lerner, G. (1987). *The creation of patriarchy*. Newyork : Oxford University Press.

Lilja, M. & Stellan, V. (2024). *Sovereign power, disciplinary power and bio power : resisting what power with resistance,* Retrieved from https://doi.org/10.1080/2158379x.2014.889403.

Leve, A. M. (2012). *The circuit of culture as a generative tool of contemporary analysis : examining the construction of an education commodity*. Retrieved from https://files.eric.ed.gov>fulltext . –use main reference _

Lo, A. (2020). Race, language and representation, *De gruyter mouton* 263, 77-83.

Lorber, J. (2005). *Gender Inequality.* California : Roxbury publishing company.

McGowen, K. (2008). Getting into character : finding voice in realistic fiction*, Yale National Initiative*. 11,1–16.

McLean, I. & Alistair, M. (2009). *The concise oxford dictionary of politics* ( 3rd ed.). Oxford : Oxford University Press.

Majied, S. A. A. (2022). Othering, identity, and recognition : the social exclusion of the construct …otherÚ, *Future Journal Of Social Science*. 1 (1) 5, 111—128.

Martin, B., Paul, M. & Lea, B. (ed) (2017). *Resistance subjects, representation, context,.* transcript veriag, Bielefeld.

Marx, k. & Engels, F. (1848/1988). *The Communist Menifesto*. Samuel, H.B.(ed.), Paris : Century crofts Inc.

Masse, K. (2017). Popular culture, …resistanceÚ, …cultural radicalismÚ, …self–formation Ú, (Martin, B., Paul, M., Lea, B. -eds._ *Resistance subjects, representation, contexts.* transcript veriag, Bielefeld. 45—70.

Miller, J.B. (2024). Domination and subordination towards a new psychology for women by Jean Baker Miller, *Dip HE Rehabilitation work*. 1–8 .

Moscovici, (1988). Notes towards a description of a social representation, *European .journal of Psychology*. (18), 211—250.

Mosse, J. C. (1993). *Half the world half a chance : an introduction to gender development*. UK : Oxfam Publication.

Mustafa, F.F.M. (2024). Voices from the margins : the representation of identity in Afro–American fiction, *Journal of Social Research and Development*. 6 (2), 14—17.

Nirwana, P. (2018). *Women subordinate position in patriarcy system depicted in Anna Jacob's an independent women.* Universitas Brawijaya.

Palacios, F.F. & Oswald, S.E.S. ( 2019). Social representations, gender and identity : interactions and practices in a context of vulnerability. *Papers on Social Representations*. 28 (2), 3.1—3.41.

Piyakulchaidech, W. (2021). *The concept of ideology in Marx, Engels and Lenin. Adelaide.* South Australia : Flindefs University.

Richardson, D. & Robinson, V. (1993/2020). *Introducing gender and women's studies* (5th ed.), United Kingdom : RED GLOBE PRESS.

Scott, J. C. (1990). *Domination and art of resistance : hidden trincript*. London : Yale University Press.

Scott, J. & Gordon, M. (2009). *A dictionary of sociology*. (3rd ed.), Newyork : Oxford University Press.

Selden, R. (1988). Language and representation, *The theory of criticism from Plato to present.* London and Newyork : Longman Ink, 95–122.

Selvi, S.T. T. (2015). Role of class, caste, race and gender in literature. *Notions* 6 (1), 32–40.

Sharma, P. (2009). *The rat hunters.*( A film based on Dalit mushar community).

Shi, Y. (2013). Review of wolfgang Iser and his reception theory. *Theory and Practice in Language Studies*. 3 (6),982-986.

Singh, H. -2020_. Aspects of resistance. *Language in India*. 20 (12), 218 –224_.

Singh, P. (2021). Representation of resistance : subalternity in the novels of Roy and Desai. *Literary Druid*. 3 (1) ,117–125.

Smith, K. (2010). Gramsci at the margins : Subjectivity and subalternity in the theory of hegemony. *International Gramsci Journal* N0.2, April, 39—50.

Spacy, J. (2020). *Characteristics of ideology*. Retrieved from https://simplicable.com>societyideology-characteristics.

Spencer, S. (2006). *Race and ethnicity, culture, identity and representation*. London and Newyork : Routledge .

Spivak, G. C.(1988).*Can the subaltern speak* ?, Retrieved from https://abahlali.org/files/ can_the_subaltern_speak.PDF.

Stephen, S. (2006). *Race and ethnicity, culture, identity and representation*. London and New York : Routledge and Fransis Group.

Stoddart, M.C.J. (2007). *Ideology, hegemony, discourse : A critical review of theories of knowledge and power*. Retrieved from https.//www.academia.edu>stodd… .

Tayler, M.C.(2024). Why representation in literature matters. Retrieved from https://mollychristiantyler.com>representation-in-literature.

Turanli, A. (2018). Literary representation, make-believe and mimesis, *researchgate.* Retrieved from https://researchgate.net/publication/334611872_Literary_Representation_Make-Believe-and-Mimesis, 216—227.

Turner, G. (1990/2003). *British cultural studies an introduction* ( 3rd ed.), London : Routledge.

William, R. (1960). *Culture and society*. U.S.A. : Columbia University Press.

Williams, R. (1997/2021). The analysis of culture, *Cultural theory and popular culture*. (9th ed.), John, S. (ed.), London and Newyork : Routledge Taylor & Francis Group, 44—48.

Young, O. J. (1999). Representation in literature, *Literature and Aesthetics*. (9), 127—143.